# विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी

# ऐतिहासिक पुस्तकहरूको टिप्पणी

(यहोशूको पुस्तकदेखि एस्तरको पुस्तकसम्म)

विलियम म्याक डोनाल्ड

# ऐतिहासिक पुस्तकहरूको भूमिका

लाखौं मानिसहरू छन्, जसले चाखलाग्दा रोचक कथाहरू मन पराउँछन्, विशेष गरी सत्य कथाहरू मन पराउँछन्। तिनीहरूको निम्ति 'ऐतिहासिक पुस्तकहरू' नामक पुरानो नियमको दोस्रो खण्डमा विशेष आकर्षण छ। व्यवस्थाको पुस्तकमा जहाँ परमेश्वरका जन-हरूको इतिहास टुङ्गियो, त्यहाँबाट यस खण्डले कुरा उठाएर पुरानो नियमको एक हजार वर्षको इतिहास प्रस्तुत गर्छ, त्यसपछि पुरानो नियमको इतिहास सिद्धिन्छ। काव्य पुस्तकहरू र भविष्यवाणीहरूका पुस्तकहरू पनि यस समय-रेखाभित्र पर्छन्, तर न काव्य पुस्तकहरूबाट, न भविष्यवाणीका पुस्तक-हरूबाट इस्राएलीहरूको इतिहासको सम्बन्धमा थप जानकारी प्राप्त गरिन्छ।

यस्ता मानिसहरू पनि छन्, जसले इतिहास मन पराउँदैनन्। यसको गल्ती कसको होला, कुन्नि? तिनीहरूलाई हामी केवल यति भन्न सक्छौंः क) यहाँ, यी पुस्तकहरूमा पेश गरिएको इतिहास अद्वितीय हो; किनभने पवित्र बाइबलको इतिहास परमेश्वरले लेख्नु-भएको इतिहास हो (history is His story)। इस्राएलीहरूको इतिहासको एक-एक अवधिको सम्पूर्ण वृत्तान्त दिन यस खण्डको उद्देश्य नै होइन, तर यस खण्डमा परमेश्वरले छान्नुभएका अविरल कथाहरूको सङ्ग्रह छ। ख) यहाँ प्रस्तुत गरिएको इतिहासमा दिव्य उद्देश्य छ। उहाँले यस खण्डमा हामीलाई शिक्षा दिन वा हाम्रो मन प्रसन्न तुल्याउन चाहनुभएन, तर हामीलाई असल ख्रीष्ट-विश्वासीहरू तुल्याउन चाहनु-हुन्छ। नयाँ नियममा प्रेरित पावलका लिखित शब्दहरूमा भन्नु हो भने, *'किनकि जे-जे कुराहरू पहिल्यै लेखिए, ती कुराहरू हाम्रै शिक्षाको निम्ति लेखिए'* (रोमी १५:४)।

यस खण्डमा उल्लेख गरिएका सबै घटनाहरू इतिहासमा साँच्चै घटेका थिए; तर परमेश्वरले यी घटनाहरू छान्नुभयो र यस खण्डमा आफ्ना लेखकहरूद्वारा प्रस्तुत गर्नुभयो, जुन लेखकहरूले जे लेखे, त्यो सबै उहाँको आत्माको प्रेरणाअनुसार लेखे। यसरी नै मनन-चिन्तन गर्ने पाठकहरूले परमेश्वरद्वारा तयार गरिएका, हामीले सिक्नु-पर्ने पाठहरू के-के हुन्, सो सजिलोसँग जान्न सक्छन्। दाऊदको जीवनबाट, राज्यको विभाजनबाट वा यहूदी जातिको बाँकी भाग मानिसहरू कैदबाट फर्केर आएको घटनाबाट हाम्रो निम्ति हामीले सिक्नुपर्ने पाठहरू छन्।

## क) ऐतिहासिक पुस्तकहरूको कालक्रम

यी ऐतिहासिक पुस्तकहरू ख्रीष्टपूर्व १४०० साल र ख्रीष्टपूर्व ४०० सालको

बीचमा लेखिए। यसो हो भने, यी पुस्तकहरूमा इस्राएलीहरूको एक हजार वर्षको इतिहास समावेश गरिएको छ। अनि यो लामो अवधि तीनवटा खण्डहरूमा छुट्टिन्छः ईश्वर-तन्त्र चलेको अवधि (ख्रीष्टपूर्व १४०५-१०४३), राजाहरूले राज्य गरेको अवधि (राजा शाऊलदेखि यरूशलेमको विनाशसम्म अर्थात् ख्रीष्टपूर्व १०४३-५८६) र पुनर्स्थापनाको अवधि (ख्रीष्टपूर्व ५३६-४२०)।

## ख) ईश्वर-तन्त्र चलेको अवधिमा लेखिएका पुस्तकहरू

प्रजा-तन्त्रचाहिँ मानिसहरूले शासन गर्ने प्रणाली हो भने, ठीक त्यस्तै ईश्वर-तन्त्रबाट परमेश्वरले शासन चलाउने प्रणाली बुझिन्छ। यहोशूको समयदेखि राजा शाऊलको समयसम्म अर्थात् ख्रीष्टपूर्व १४०५-१०४३ सालसम्म परमेश्वरले इस्राएलीहरूमाथि शासन गर्नुहुन्थ्यो।[1)]

अनि यस ईश्वर-तन्त्र चलेको अवधिमा यहोशूको पुस्तक, न्यायकर्ताहरूको पुस्तक र रूथको पुस्तक लेखिए; यी तीनवटा पुस्तकहरू यो अवधि समेटेका छन्।

### अ) यहोशूको पुस्तक

यस पुस्तकको सन्दर्भ मोशाको मृत्युदेखि यताको इतिहास र उनको स्थानमा यहोशू आएको वृत्तान्त हो। यहोशू तिनीहरूको सेनापति हुनाको साथै तिनीहरूको आत्मिक अगुवा पनि थिए। किनकि यहोशूले इस्राएलीहरूलाई प्रतिज्ञाको देश आफ्नो अधिकारमा लिने हौसला दिए, साथै तिनीहरूलाई परमप्रभुको पछि लाग्ने आह्वान पनि दिए। यस पुस्तकको पहिलो भागमा प्रतिज्ञाको देशको कब्जा यसको सन्दर्भ हो भने, यसको दोस्रो भागमा इस्राएली जातिका बाह्र कुलहरूमा यो देश भाग-भाग गरिएको बेलीबिस्तार उल्लेख गरिएको छ।

### आ) न्यायकर्ताहरूको पुस्तक

इस्राएलीहरूले परमेश्वरका आदेशहरू शिरोपर गरेनन्, पालन गरेनन्, तर कनान देशभरि जताततै अन्यजातिहरूका अन्तर-निवाशहरू छोड़े। यसकारण तिनीहरू एक तरङ्गपछि अर्को गर्दै सात पल्ट अन्यजाति अत्याचारीहरूको सतावटमा परे।

न्यायकर्ताहरूको पुस्तकमा केही विकट वृत्तान्तहरू हालिएका छन्, अनि एक-दुईवटा साह्रै क्रूर कथाहरू पनि यसमा समावेश गरिएका छन्। किन? किनकि परमेश्वरको वचन उल्लङ्घन गर्दा यसको नतिजा के हुने रहेछ, सो कुरा सफासँग देखाउन यी वृत्तान्त-हरू हालिएका छन्।

### इ) रूथको पुस्तक

यस सानो पुस्तकले हामीलाई मोहित पार्छ। कालक्रमअनुसार यसको वृत्तान्तले न्यायकर्ताहरूको पुस्तकको पछि हुने इतिहास प्रस्तुत गर्दैन, तर न्यायकर्ताहरूको आत्मिक घोर अँध्यारो अवधिमा घटेका घटनाहरू वर्णन गर्छ। ठूलो आत्मिक पतन र अवनति भएको बेलामा पनि बाँकी रहेका भक्त जनहरूले परमेश्वरको ग्रहणयोग्य र मनपर्दो सेवा गर्न सक्दा रहेछन् भन्ने कुरा यस पुस्तकमा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ।

## ग) राजाहरूले राज्य गरेको अवधिमा लेखिएका पुस्तकहरू

राजाहरूले राज्य गरेको अवधि समेट्न अरू तीनवटा पुस्तकहरू छन् (ख्रीष्टपूर्व १०४३-५८६)। तर हाम्रो सुविधाको निम्ति

यी तीनवटा पुस्तकहरू छवटा पुस्तकहरूमा छुट्टिए। वर्तमान समयका सबै बाइबल-संस्करणहरूमा यी तीनवटा पुस्तकहरू छवटा पुस्तकहरूको रूपमा प्रस्तुत गरिएका छन्।

### अ) शमूएलका दुईवटा पुस्तकहरू

पहिलो शमूएल र दोस्रो शमूएल – यी दुवै पुस्तकहरूको सार तीनवटा नामहरूले गर्छन्: शमूएल, शाऊल र दाऊद। यी पुस्तकहरूले भविष्यवक्ता शमूएलको नामअनुसार आफ्नो नाम पाए; किनभने तिनले शाऊललाई इस्राएली जातिको प्रथम राजाको रूपमा अभिषेक गरे; अनि तिनले दाऊदलाई पनि अभिषेक गरे, जो शाऊलको पछि उनको स्थानमा राजा भए। यी दुवै पुस्तकहरूमा दाऊदमाथि आइपरेका परीक्षाहरू र यिनले प्राप्त गरेका सफलताहरूको विस्तृत बेली-बिस्तार गरिएको छ।

### आ) राजाहरूका दुईवटा पुस्तकहरू

राजा सुलेमान दाऊदको छोरा थिए; तिनी बुद्धिले र वैभवले सुसम्पन्न शासक थिए। तर तिनले प्रशस्त अन्यजाति स्त्रीहरूलाई विवाह गरेर आफ्नो आत्मिक शक्ति गुमाए। तिनको छोरा रहबामले राज्यमा फुट ल्याए; यसले गर्दा दक्षिण राज्य यहूदा भयो र उत्तर राज्य इस्राएल भयो। यहूदामाथि असल र खराब राजाहरूले शासन गरे, तर इस्राएलमाथि केवल दुष्ट राजाहरूले शासन गरे। ख्रीष्टपूर्व ७२२ सालमा उत्तरीय राज्यका मानिसहरू कैदमा लगिए, अनि ख्रीष्टपूर्वा ६०५ र ५८६ सालको बीचमा दक्षिणी राज्य पनि कैदमा लगियो।

### इ) इतिहासका दुईवटा पुस्तकहरू

यहूदीहरूको बाइबलमा यी दुईवटा पुस्तकहरू एकै किताब हुन्, अँ, तिनीहरूको बाइबलको अन्तिम पुस्तक पनि हो। एउटै पुस्तकबाट दुईवटा किताबहरू भएको पुस्तकमा यहूदीहरूको इतिहास आदमदेखि यता वंशावलीहरूको रूपमा प्रस्तुत गरिएको छ; अनि तिनीहरूको इतिहासको यो बयान दक्षिणी राज्यको पतन भएको बेलासम्म जान्छ र त्यहाँ टुङ्गिन्छ। इस्राएली जातिको इतिहास आत्मिक दृष्टिकोणले दोहोरिएको कारणले यसमा सकारात्मक कुराहरू बढ़ी भएका छन्। दाऊदको ठूलो पाप छोड़िएको छ, साथै द्रोही उत्तरीय राज्यको बयान पूरा छोड़िएको छ।

## घ) पुनर्स्थापनाको अवधिमा लेखिएका पुस्तकहरू

बेबिलोनमा सत्तरी वर्षसम्म कैदमा बसेपछि इस्राएली जाति ईश्वरतान्त्रिक देश होइन, राजशाही देश पनि होइन, तर अन्यजातीय साम्राज्यहरूको प्रदेश पो भएछ, पहिले फारसको, त्यसपछि ग्रीसको अनि अन्तमा रोमको प्रान्त भयो। यी पुस्तकहरूमा ख्रीष्टपूर्व ५३६-४२० सालको इतिहास प्रस्तुत गरिएको छ।

### अ) एज्राको पुस्तक

ख्रीष्टपूर्व ५३६ सालमा फारसका राजा कोरेसले उर्दी गरे र यहूदीहरूलाई तिनीहरूको स्वदेशमा फर्कने अनुमति दिए। लगभग पचास हजार यहूदीहरू जरूबाबेलको नेतृत्वमा फर्के, र तिनीहरूले मन्दिर पुनर्निर्माण गरे। अनि एज्राचाहिँ ख्रीष्टपूर्व ४५८ सालमा प्रायः दुई हजार यहूदी मानिसहरूलाई लिएर यरूशलेममा आए।

### आ) नहेम्याहको पुस्तक

ख्रीष्टपूर्व ४४४ सालको कुरा होः नहेम्याहले फारसका राजा अर्तक्जर्जेसबाट

यरूशलेमका पर्खालहरू पुनर्निर्माण गरेर त्यहाँ भएको पुनर्निर्मित मन्दिर सुरक्षित राख्ने अनुमति पाए। अनि जब तिनीहरूले यरूशलेम शहरका पर्खालहरू पुनर्निर्माण गरिसके, तब एज्रा र नहेम्याहचाहिँ यस यहूदी प्रशासनमा रहेको प्रान्तमा धर्मसुधार र जागृति ल्याउन अग्रसर भए।

**इ) एस्तरको पुस्तक**

कालक्रमअनुसार एस्तरको पुस्तक पुनर्स्थापनाको अवधिमा लेखिएका पुस्तक-हरूमा अन्तिम होइन; किनकि यस पुस्तकमा बयान गरिएका घटनाहरू एज्रा ६-७ अध्यायको बीचमा परेका हुन्। यस पुस्तकमा ती यहूदीहरूको कुरा गरिएको छ, जुन यहूदीहरूले आफ्नो पवित्र भूमिमा फर्कने मौका हुँदा पनि आफ्नो स्वदेशमा फर्कने पर्बाह गर्दैनथिए; यही कारणले हुन सक्छ, यो पुस्तक अन्तमा राखियो। एस्तरको पुस्तकमा परमेश्वरको नाम एकैपल्ट पनि लिइएको छैन; यसकारण परमेश्वरले कसरी अदृश्य रूपले प्राचीनकालदेखि उहाँको प्रजा भएका आफ्ना जनहरूको पक्षमा काम गर्नुभयो, सो देखाउने सुस्पष्ट उदाहरण हो; किनभने उहाँले तिनीहरूलाई यहूदीहरूको विरोधमा मच्चि-रहेको सतावटबाट, अँ, तिनीहरूलाई जाति-हत्याबाट बचाउनुभयो। तिनीहरूको बचाउको निम्ति उहाँले यी सुन्दरी र साहसी रानी एस्तरलाई, साथै यिनको बुद्धिमान् भान्जा दाजु मोर्दकैलाई प्रयोग गर्नुभयो।

**1)** Calvin´s Geneva (1500´s) and Puritan New England (1600´s) were basically Reformed Protestant attempts at theocracy.

# यहोशूको पुस्तकको टिप्पणी

# यहोशूको पुस्तकको भूमिका

*'यहोशूको पुस्तकको नाममा पवित्र धर्मशास्त्र बाइबलले हाम्रो निम्ति एउटा इतिहासको पुस्तक र यससित इतियास-विद्याको कला समेत प्रस्तुत गर्छ। हाम्रो पुस्ताका मानिसहरूमा इतिहास लेख्ने सोख त छ, तर तिनीहरूमा ऐतिहासिक तत्त्वहरू बुझ्ने र तिनको महत्त्व जान्ने क्षमता कम भएको हुनाले तिनीहरूलाई यहोशूको पुस्तक झन् बढ़ी आवश्यक पर्छ।'*

*श्री पोलुस कस्सल*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

यहोशूको पुस्तकचाहिँ मोशाले लेखेका पाँचवटा पुस्तकहरू र इस्राएली जातिको कनान देशको इतिहासका पुस्तकहरूको बीचमा सम्बन्ध जोड्ने महत्त्वपूर्ण र अनिवार्य भूमिका खेल्छ। हिब्रू बाइबलको पुस्तक-अनुक्रममा र वर्तमान इसाईहरूको बीचमा चल्ती भएको बाइबलका पुस्तकहरूको अनुक्रमअनुसार यहोशूको पुस्तक पुरानो नियमको पाँचौं पुस्तक हो। इसाईहरूको निम्ति यहोशूको पुस्तक बाह्रवटा 'ऐतिहासिक पुस्कहरू'मध्ये प्रथम हो भने, यहूदीहरूको निम्ति यो पुस्तक 'अघिका भविष्यवक्ताहरू' नाम गरेका पुस्तकहरूको खण्डको पहिलो पुस्तक हो। 'ऐतिहासिक पुस्तकहरू' यिनै हुन्ः यहोशूको पुस्तकदेखि एस्तरको पुस्तक-सम्म। अनि 'अघिका भविष्यवक्ताहरू'को खण्डमा यहोशूको पुस्तकदेखि एज्रा-नहेम्याहको पुस्तकसम्म सबै पुस्तकहरू समावेश गरिएका छन् भने, रूथको पुस्तक अनि पहिलो र दोस्रो इतिहासका पुस्तकहरू यस खण्डदेखि बाहेक गरिएका छन्, तर हिब्रू पुरानो नियमको अन्तमा 'लेखोटहरू' नामक खण्डमा राखिएका छन्। श्री रोबर्ट जेन्सनले यहोशूको पुस्तकको महत्त्व निम्न जोड़दार शब्दद्वारा व्यक्त गरेका छन्ः

> 'वास्तवमा यहोशूको पुस्तक लगातार बगिरहेको इतिहासको चरमसीमा मान्नु उचित छ, साथै इस्राएली जातिको निम्ति यो पुस्तक एउटा नयाँ अनुभवको शुरुआत पनि गनिन्छ। यसकारण यस पुस्तकको महत्त्वपूर्ण एक इतिहास अर्को इतिहाससित जोड्ने सम्बन्धले यस पुस्तकलाई धर्मशास्त्रको पुरानो नियममा एउटा अनुकूल र उपयोगी स्थान प्रदान गर्छ।'[1)]

## ख) यस पुस्तकको लेखक को हुन् ?

यो पुस्तक बेनामी रचना हो। तर एउटा पत्यारलाग्दो प्राचीन परम्परा छ, जुन परम्पराअनुसार यस पुस्तकको बढ़ी भाग यहोशू आफूले लेखे; अनि यहोशूको मृत्युपछि महापूजाहारी एलाजार र तिनको छोरा पीनहासले यो पुस्तक लेखिसिद्ध्याए। यहोशूको पुस्तकमा कतिवटा सजीव लेखहरू छन्, जुन लेखरूपी सामग्रीले यस पुस्तकको लेखक प्रत्यक्ष साक्षी भएको हुनुपर्छ भन्ने सुझाउ दिन्छ। यसको केही भाग 'हामी' भनेर प्रथम पुरुषको शैलीमा लेखियो, जस्तैः

यहोशू ५:१ र ६ पद (अङ्ग्रेजी-बाइबल र नेपाली टी० बी० एस० बाइबलअनुसार)। अनि यसबाहेक यहोशू आफैले केही लेखहरू लेखे भन्ने विशेष वृत्तान्तहरू पनि छन्, जस्तैः यहोशू १८:९ र २४:२६। अनि यहोशू ६:२५ पदअनुसार यो पुस्तक लेखिएको समयसम्म राहाबचाहिँ अझ जीवितै रहेकी तथ्यले यहोशू नै यस पुस्तकका मूल-लेखक हुन् भन्ने कुरा पुष्टि गर्छ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

यहोशूको पुस्तकको लेख्ने मितिचाहिँ सुनिश्चित गर्न केही मात्रामा प्रस्थानको पुस्तकको लेख्ने समयमाथि निर्भर गर्छ, जुन प्रस्थानको पुस्तक कि त ख्रीष्टपूर्व पन्ध्रौं शताब्दीमा, कि त ख्रीष्टपूर्व तेह्रौं शताब्दीमा लेखिएको थियो; तर सबै यथार्थ तथ्य-हरूमाथि नजर राख्दाखेरि यसको लेख्ने मिति ख्रीष्टपूर्व चौधौं शताब्दीको मध्य-भागतिर भएको हुनुपर्ला र यसको निम्ति पूर्वकालिन मिति उपयुक्त ठहर्छ। यहोशूको पुस्तक लेखिएको समय ख्रीष्टपूर्व १४०० र १३५० सालको बीचमा भएको थियो होला; यसको प्रमाण-स्वरूप निम्न कारणहरू पेश गरिन्छन्, जस्तैः यहोशू १६:१० पद १ राजा ९:१६ पदसित तुलना गर्दा यो पुस्तक राजा सुलेमानको समयभन्दा अघि र तिनको पिता दाऊदको समयभन्दा अघि लेखिएको हुनुपर्छ (यहोशू १५:६३ पद २ शमूएल ५:५-९ पदहरूसँग तुलना गर्नुहोस्)। अनि यहोशू १३:४-६ पदको खण्डमा फोनिसिया-वासीहरूलाई 'सिडोनी' भनिएको तथ्यले त्यहाँ लेखिएको घटना ख्रीष्टपूर्व ११०० सालभन्दा अघि नै भएको हुनुपर्छ, जुन समयमा टायरले सिडोनलाई आफ्नो अधीनतामा ल्यायो। अनि यस पुस्तकको लेख्ने समय ख्रीष्टपूर्व १२०० सालभन्दा पहिले हुनुपर्छ; किनभने त्यसपछि मात्र पलिस्तीहरूले कनान देशलाई आक्रमण गरे; यहोशूको समयमा इस्राएली जातिको निम्ति पलिस्तीहरू समस्या थिएनन्।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

प्रस्थानको पुस्तकचाहिँ परमेश्वरले आफ्ना जनहरूलाई मिस्र देशदेखि निकालेर ल्याउनुभएको वृत्तान्त हो भने यहोशूको पुस्तकचाहिँ परमेश्वरले आफ्ना जनहरूलाई प्रतिज्ञा गरिएको देशभित्र ल्याउनुभएको वृत्तान्त हो। इस्राएली जाति अविश्वासी रहे तापनि उहाँले शुरु गर्नुभएको आफ्नो असल काम सिद्ध्याउनुभयो। हामी यस पुस्तकमा हेर्दै जान्छौंः इस्राएलीहरूमा परिवर्तन आएको थिएन। तिनीहरू अझ पनि विश्वासहीन थिए। तर परमप्रभुको वचन अवश्य पूरा हुनेथियो; अनि अब्राहामको वंश प्रतिज्ञाको देशमा रोपिनेथियो, त्यसमा बसेर जरा हाल्दै र बढ्दै जानेथियो।

व्यवस्थाको पुस्तकको अन्तिम अध्यायमा बयान गरिएका घटनाहरूपछि यहोशूको पुस्तकमा लेखिएका घटनाहरू शुरु हुन्छन्। व्यवस्थाको पुस्तकको वृत्तान्तअनुसार इस्राएलीहरू यर्दन नदीको पूर्वपट्टि मोआबका मैदानहरूमा पाल टाँगेर बसेका थिए। अनि मोशाको मृत्यु भएको थियो; अनि यहोशू उनको बदलीमा इस्राएलीहरूको मुख्य अगुवा बनेका थिए। तिनले मानिसहरूलाई अघि बढ़ाएर र तिनीहरूलाई यर्दन पार गराएर प्रतिज्ञाको देशमा ल्याइपुर्‍याउन लागेका थिए। यसको आत्मिक व्याख्या यस प्रकारको छः मोशाले यहाँ व्यवस्थालाई सङ्केत गर्छन्; अनि व्यवस्थाले परमेश्वरका जनहरूलाई तिनीहरूको अधिकारको भाग हासिल गराउन सक्दैन। केवल बौरि-उठ्नुभएको ख्रीष्ट येशूले यो काम गर्न

सक्नुहुन्छ, जसलाई यहोशूले यहाँ चित्रण गर्छन् ।

यहोशूको विषयमा केही महत्त्वपूर्ण तथ्यहरू पुनर्विचार गर्न हामी यहाँ, यस ठाउँमा केही क्षणको निम्ति विराम लगाउनु उचित छ। मोशाले तिनको नाम होशेदेखि परिवर्तन गरेर यहोशू राखिदिएका थिए (गन्ती १३ः१६) । तिनी एप्रैम कुलका मानिस थिए (गन्ती १३ः८), र मोशाको व्यक्तिगत सेवक थिए (यहोशू १ः१) । तिनी अघिदेखि परमप्रभुका लड़ाइँहरूमा भाग लिने मानिस थिए। अमालेकीहरूको विरुद्धमा चलेको लड़ाइँमा तिनले इस्राएलीहरूलाई अगुवाइ गरेका थिए (प्रस्थान १७); अनि मिस्र देशदेखि निस्केर आएको समयदेखि यता तिनीहरूले चिनेका एकमात्र सेनापति तिनी नै थिए। तर मोशाको बदलीमा यस जातिको अगुवा बन्नको योग्य गुण तिनमा भएको सैनिक पराक्रम होइन, तर तिनको आत्मिक बल र तिनको विश्वास थियो । जवान मानिस भएको बेलामा तिनले निरन्तर परमप्रभुको भेट हुने पालको देखरेख गर्थे (प्रस्थान ३३ः११) । तिनी मोशासँग सिनाई पर्वतमाथि थिए (प्रस्थान ३२ः१७) । अठतीस वर्ष अगाड़िको कुरा हो, जब इस्राएलीहरू अझै पनि कादेश-बर्नेअमा बसेका थिए, तब यहोशू र कालेब – केवल यी दुईजनाले कनान देश विश्वासका आँखाहरूले देखे । मोशाले तिनलाई तालिम दिए; अनि अब तिनको नब्बे वर्षभन्दा बढ़ी उमेरमा, परमप्रभुले तिनलाई नियुक्त गरेर तिनलाई तिनको कार्यभार सुम्पनुभयो ।

# रूपरेखाः

**खण्ड १) यहोशू १-१२ः प्रतिज्ञाको देश कब्जा गरिएको**

- **क) यहोशू १ः** यर्दन नदी पार गर्ने तयारी
- **ख) यहोशू २ः** यरिहोमा दुईजना जासुसहरू पठाइए
- **ग) यहोशू ३ः१-५ः१ः** यर्दन नदी पार गरिएको
- **घ) यहोशू ५ः२-१२ः** गिल्गालमा धार्मिक विधिहरू पालन गरिएका
- **ङ) यहोशू ५ः१३-६ः२७ः** यरिहोमाथिको विजय
- **च) यहोशू ७ः१-८ः२९ः** ऐ शहरमाथि चढ़ाइ गर्ने सैनिक अभियान
- **छ) यहोशू ८ः३०-३५ः** शेकेममा करार पुष्टि गरिएको
- **ज) यहोशू ९ः** गिबोनीहरूसँग भएको सन्धि
- **झ) यहोशू १०ः** दक्षिणी इलाकामाथि चढ़ाइ गरेको सैनिक अभियान
- **ञ) यहोशू ११ः** उत्तरीय इलाकामाथि चढ़ाइ गरेको सैनिक अभियान
- **ट) यहोशू १२ः** विजयहरूको संक्षिप्त विवरण

**खण्ड २) यहोशू १३-२४ः प्रतिज्ञाको देशमा बसोबास भएको**

- **क) यहोशू १३ः१-७ः** कब्जा गर्न बाँकी रहेका इलाकाहरू
- **ख) यहोशू १३ः८-१९ः५१ः** कुलहरूको बीचमा देश भाग-भाग गरिएको
  - **अ) यहोशू १३ः८-३३ः** रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग
  - **आ) यहोशू १४-१५ः** यहूदा कुलको अधिकारको भाग
  - **इ) यहोशू १६-१७ः** यूसुफको अधिकारको भाग
  - **ई) यहोशू १८-१९ः** बाँकी कुलहरूको अधिकारको भाग
- **ग) यहोशू २०ः** शरण-नगरहरू
- **घ) यहोशू २१ः** लेवीहरूका शहरहरू
- **ङ) यहोशू २२ः** यर्दन नदीको पूर्वपट्टि खड़ा गरिएको वेदी
- **च) यहोशू २३ः** इस्राएली अगुवाहरूको निम्ति यहोशूको बिदाइको सन्देश
- **छ) यहोशू २४ः१-१५ः** इस्राएली मानिसहरूको निम्ति यहोशूको बिदाइको सन्देश
- **ज) यहोशू २४ः१६-२८ः** शेकेममा करारको पुनर्स्थापना
- **झ) यहोशू २४ः२९-३३ः** यहोशूको मृत्यु

# यहोशूको पुस्तकको टिप्पणी

## खण्ड १

## यहोशू १-१२ः

### प्रतिज्ञाको देश कब्जा गरिएको

#### क) यहोशू १ः यर्दन नदी पार गर्ने तयारी

**यहोशू १ः१-९ः** सबैभन्दा पहिले परमप्रभुले औपचारिक रूपले नूनका छोरा यहोशूलाई आउँदा दिनहरूमा तिनको जिम्मामा रहेको कार्यभार सुम्पनुभयो। त्यो देश अघि इस्राएली जातिलाई प्रतिज्ञा गरिएको थियो; तर अब तिनीहरूले त्यो आफ्नो अधिकारमा लिनुपरेको थियो, दक्षिणदेखि उत्तरसम्म अर्थात् नेगेवदेखि लेबानोनसम्म, अनि पश्चिमदेखि पूर्वसम्म अर्थात् भूमध्य-सागरदेखि यूफ्रेटिस नदीसम्म (यहोशू १ः३-४ पदहरू हेर्नुहोस्!)। यहोशू बलियो, खूब साहसी र आज्ञाकारी हुन आवश्यक थियो। हामी आफ्नो हृदय र मन परमेश्वरको वचनले भरिदियौं र यसको आज्ञापालन गर्‍यौं भने, यहोशूको समयमा जस्तै आजको दिनमा पनि हाम्रो निम्ति सुसफलता सुनिश्चित छ (यहोशू १ः८)।

परमप्रभुले यहोशूलाई तीन पल्ट 'खूब बलियो र साहसी होऊ' भन्ने आज्ञा दिनुभयो (यहोशू १ः६, ७, ९)। हुन सक्छ, तिनको सामु राखिएको बृहत् कार्यभार र त्यसको लामो अवधि तिनको हृदयमा गह्रौं बोझ भइरहेको थियो होला; एकतिर यी हठी मानिसहरू थिए, जसलाई तिनले अगुवाइ गर्नुपर्नेथियो; अनि अर्कोतिर मोशा थिएनन्, जसले अघि तिनलाई आत्मिक सरसल्लाह दिने गर्थे। यस प्रकारका तनाउमा परेको बेलामा निराश हुन स्वाभाविक कुरा हो। तर तिनलाई बोलाउनुभएको परमप्रभुले तिनलाई बलियो तुल्याउनु पनि भयो। उहाँले तिनलाई सक्षम तुल्याउनुभयो। अनि यहोशू बलियो हुनुपर्ने उचित कारणहरू पनि थिए, जस्तैः

**क)** परमेश्वरको प्रतिज्ञाअनुसार तिनको विजय सुनिश्चित थियो (यहोशू १ः५-६);

**ख)** परमेश्वर वचनले तिनलाई सुरक्षित मार्ग-दर्शन दिन्थ्यो (यहोशू १ः७-८);

**ग)** परमेश्वरको उपस्थितिचाहिँ तिनको निम्ति सम्हालिराख्ने तिनको शक्ति थियो (यहोशू १ः९)।

यसको विषयमा श्री टी. अस्टिन स्पार्क्सले यसो लेखेका छन्ः

> 'वास्तवमा यहाँ, यस ठाउँमा विश्वासको लड्न्त शुरु हुन्छ। हामी के हौं, यसको केही मतलब छैन, तर उहाँ को हुनुहुन्छ, सबका सब यसैमा निर्भर गर्छ। हामीलाई कस्तो लाग्छ, त्यो पनि महत्त्वपूर्ण होइन, तर उहाँले प्रस्तुत गर्नुभएका तथ्यहरू मुख्य हुन्।'[2)]

**यहोशू १:१०-१८:** इस्राएलीहरूले कनान देशभित्र प्रवेश गर्ने यात्राको निम्ति खानेकुराहरूको प्रबन्ध गर्नुपरेको थियो। यहोशूले यर्दनको पूर्वतिर स्थायी रूपले बसोबास गर्न लागिरहेका अढ़ाइ कुलहरूका पुरुषहरूलाई सम्झना दिलाए, कि तिनीहरूले देश कब्जा गर्न सहायता पुऱ्याउनैपर्छ; त्यसपछि तिनीहरू आ-आफ्ना परिवारकहाँ फर्कन सक्नेथिए (यहोशू १:१२-१५)। यहोशूले भनेको कुरा मात्र तिनीहरू पूरा राजी थिए (यहोशू १:१६-१८)। तिनीहरूमध्ये यस कर्तव्यबाट चुक्ने हरेक पुरुषको निम्ति मृत्युदण्ड सुनिश्चित थियो।

अङ्ग्रेजी इसाईजगत्मा कति भजनहरू छन्, जुन भजनहरूअनुसार यर्दन नदी तर्ने कुराले मृत्यु सङ्केत गर्छ र कनान देशले स्वर्ग चित्रण गर्छ। तर यस चित्रणमा कति कुरा मिल्दैनन्, जस्तैः कनान देशमा लड़ाइँ चल्छ भने स्वर्गमा हाम्रो लड़ाइँ हुनेछैन। यसकारण बुझ्नुहोस्ः वास्तवमा कनान देशले हाम्रो वर्तमान आत्मिक अधिकारको भाग चित्रण गर्छ। प्रतिज्ञाअनुसार यो अधिकारको भाग हाम्रो भइसक्यो; तर परमेश्वरको वचन पालन गरेर हामीले यो आफ्नो अधिकारमा लिनुपर्छ। हामीले उहाँका प्रतिज्ञाहरू दाबी गर्नुपर्छ र विश्वासको उत्तम लड़ाइँ लड़्नुपर्छ।

### ख) यहोशू २: यरिहोमा दुईजना जासुसहरू पठाइए

**यहोशू २:१क:** देशको चढ़ाइको तयारीमा नूनका छोरा यहोशूले शित्तीमबाट दुईजना जासुसहरू यरिहोमा पठाए। यस कुराले तिनमा विश्वासको कमी भएको सङ्केत गर्दैन; तर यसमा हामी तिनको सैनिक रणनीति देख्नुपर्छ। यी दुईजना जासुसहरूले सम्पूर्ण देशको चेवा गर्नुपर्दैनथियो; किनकि त्यो त वर्षौं पहिले गरिएको थियो; तर तिनीहरूले केवल चाल्न लागेको एकै कदमको निम्ति चियो गर्नुपरेको थियो।

**यहोशू २:१ख-२४:** संयोगवश यी दुईजना जासुसहरूले वेश्या राहाबको घरमा वास बस्न पाए। जसरी श्री कैल र श्री डेलिजले यसको विषयमा यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'ती जासुसहरूले यस्ती स्त्रीको घरमा पसेको कुराले यरिहोका बासिन्दाहरूमा कम शङ्का पैदा गऱ्यो।'[3)]

यहाँ प्रस्तुत गरिएको वृत्तान्तबाट यो स्पष्ट छ, कि राहाबले अघिबाट यहूदीहरूले हासिल गरेका अद्भुत र उदेकका विजयहरूको विषयमा सुनिसकेकी थिई, जुन विजयहरू परमप्रभुले तिनीहरूलाई दिनुभएको थियो (यहोशू २:८-११)। अनि ऊ यस निष्कर्षमा पुगी, कि 'इस्राएलीहरूका परमेश्वर एकमात्र सत्य परमेश्वर हुनुपर्छ।' यसैकारण उसले परमेश्वरमाथि भरोसा गरी, र यसरी नै ऊ एउटी साँचो विश्वासी बनी। राहाबले आफ्नो विश्वासको प्रमाण दिईः उसले यी दुईजना जासुसहरूलाई सुरक्षा दिई; यद्यपि यसो गरेर ऊ आफ्ना मानिसहरूको दृष्टिमा विश्वास-घाती देशद्रोही ठहरिई।

यी जासुसहरूले राहाब र उसको परिवारलाई एउटै सर्तमा जीवितै राख्ने प्रतिज्ञा गरेः उसले आफ्नो घरको झ्यालमा सिन्दूरे रङ्गको धागोको सूत बाँधेर राख्नु थियो र यरिहोमाथि आक्रमण हुँदा उसको सारा परिवार उसको घरभित्र भेला भएको आवश्यक थियो (यहोशू २:६-१२)। सिन्दूरे रङ्गको धागोको सूतले हामीलाई निस्तारको आलो सम्झना दिलाउँछ, जुन बेलामा रगतको छिटकाउद्वारा घरभित्र रहनेहरू सुरक्षित रहे (प्रस्थान १२)।

जब यरिहोका राजाद्वारा राहाबकहाँ पठाइएका सन्देशवाहकहरूले यी जासुस-हरूको विषयमा सोधपुछ गरे, तब राहाबले

जवाफमा 'तिनीहरू त अघि नै शहर छोड़ेर गइसके' भन्ने कुरा गरी (यहोशू २:५)। अनि यरिहोका मानिसहरूले यर्दनको बाटोमा तिनीहरूलाई खोजिरहेको बेलामा राहाबले यी जासुसहरूलाई पश्चिम पहाड़तिर भागेर जान लगाई। ती जासुसहरू तीन दिनसम्म त्यहाँ लुकेर बसे, त्यसपछि तिनीहरू यर्दन नदी पार गरेर उम्के; तिनीहरूले यहोशूलाई आश्वस्त सन्देश सुनाए (यहोशू २:२२-२४)।

राहाबका शब्दहरूले होइन, तर उसका कामहरूले उसलाई धर्मी ठहरायो (याकूब २:२५)। पवित्र बाइबलले कहीं पनि उसको छलको तारिफ गर्दैन (यहोशू २:४-५), तर उसको विश्वासको प्रशंसा गर्छ (हिब्रू ११:३१)। अनि याकूबले उसको काम विश्वासको काम भनेका छन् (याकूब २:२५)। राहाबले यी जासुसहरूलाई बचाउन आफ्नो प्राण खतरामा हाली; किनकि उसले इस्राएली जातिका परमेश्वरको शक्तिमा र उहाँको सर्वाधिकारमा विश्वास गरी। अनि हाम्रा प्रभु येशूको समयमा पनि यस्तो थियोः इस्राएली जातिदेखि बाहिरका कतिजना मानिसहरूले बढ़ी विश्वास देखाए, अँ, उहाँको महिमाका प्रत्यक्ष साक्षीहरूको भन्दा ठूलो विश्वास देखाए (लूका ७:२-९)। जहाँ-जहाँ परमेश्वर ठूलो विश्वास भेट्टाउनुहुन्छ, त्यहाँ-त्यहाँ उहाँ त्यसको इनाम नित्य दिनुहुन्छ (यहोशू ६ अध्याय हेर्नुहोस्); किनकि विश्वास परमेश्वरलाई खुशी तुल्याउने कुरा हुन्छ (हिब्रू ११:६)।

### ग) यहोशू ३:१-५:१: यर्दन नदी पार गरिएको

**यहोशू ३:१-१३:** अब यर्दन नदी तर्ने बेला आयो। अनि यस समयमा यर्दन नदीमा बढ़ी पानी चल्ने गर्थ्यो। परमप्रभुको आदेश-अनुसार पूजाहारीहरू अग्रसर हुनुपरेको थियो। उनीहरू वाचाको सन्दुक बोकेर अघि बढ्नु थियो। (गन्ती ४:१-१५ पदको खण्डअनुसार प्रायः कोहातीहरूले वाचाको सन्दुक बोक्ने गर्थे; तर योजस्तो विशेष अवसरमा पूजाहारीहरूले यो बोक्नुपरेको थियो)। मानिसहरूले वाचाको सन्दुकमाथि आफ्ना आँखाहरू लगाएर योदेखि केही टाढ़ामा रहेर पछ्याउने आदेश पाएका थिए। वाचाको सन्दुकले ख्रीष्ट येशूलाई सङ्केत गर्छ। हामीले उहाँ र हाम्रो बीचमा सधैं श्रद्धाको भावनालाई सुहाउँदो एउटा अन्तर राख्नुपर्छ। हामीले उहाँको व्यक्तित्वको विषयमा कतिपय रहस्यमय गहिरा कुराहरू रहन दिनुपर्छ; किनभने ती रहस्यहरू मानवको दिमागदेखि बाहिरका कुराहरू हुन्; नत्रता यो हाम्रो दुःप्रयासचाहिँ अभक्ति पो ठहरिन्छ। किनकि ख्रीष्टिय इतिहासमा सबैभन्दा ठूला झूटा शिक्षाहरू बुझ्न नसक्ने कुराहरू बुझ्न चाहने मानिसहरूकै लज्जास्पद कोशिशहरूको नमीठा फल हुन्। तर हामीले सधैं ख्रीष्ट येशूमाथि आँखा लगाएर उहाँलाई ध्यानसित हेर्नुपर्छ। यस कुराले हाम्रो विजय सुनिश्चित गर्छ।

**यहोशू ३:१४-१७:** जब पूजाहारीहरूका खुट्टाले यर्दन नदीको पानी छोए, तब एउटा आश्चर्यकर्म घट्यो। तिनीहरूले नदी तर्न लागेको स्थानको उत्तरमा, यस ठाउँको केही माइल टाढ़ामा, नदीको प्रवाह आदाम शहरको छेउमा रोकियो। यर्दनको पानी त्यहीं थाक लागेर बस्यो। अनि यस नदीमा पानी जति छोड़िएको थियो, त्यो पानी क्षार समुद्रमा पुग्यो।

आदाम शहर अवस्थित भएको ठाउँमा यस किसिमको पानीको प्रवाह बन्द भएका अझै पनि दुईवटा ऐतिहासिक घटनाहरू घटे। इस्वी संवत् १२६७ सालमा यर्दन नदीको पानी दस घण्टासम्म थुनियो, अनि इस्वी संवत् १९२७ सालमा फेरि पनि एक्काइस घण्टासम्म यस नदीको पानी थुनियो। अनि यी दुवै समयमा

भुइँचालोको कारणले यसो भएको थियो ।[4) तर श्री डी. के. केम्पबेलले यसको विषयमा आफ्नो निम्न तर्क पेश गरेका छन्; तिनको विचारमा, पानीको प्रवाह ठीक समय रोकिएको कुरा मात्र कहाँ छ र? यहाँ एउटा विशेष आश्चर्यकर्म पो भएछ ! !

'यस घटनामा धेरै अलौकिक तत्त्वहरूको सङ्गम भयोः **क)** यो घटना पहिले भनिएको वचनले भनेकोजस्तैको त्यस्तै हुन आयो (यहोशू ३:१३ र १५) । **ख)** यो घटना सठीक समयमा घटियो (यहोशू ३:१५) । **ग)** यो घटना त्यस बेलामा घटियो, जुन बेलामा यर्दन नदीमा बढ़ी पानी बगिरहेको थियो (यहोशू ३:१५) । **घ)** यर्दनको थुप्रिएको पानी निक्कै घण्टासम्म रहिरह्यो, हुन सक्छ, एक दिनसम्म रहिरह्यो (यहोशू ३:१६) । **ङ)** नदीको नरम र भिजेको सतह एकैछिनमा सुक्खा भूमि भयो (यहोशू ३:१७) । **च)** मानिसहरूले नदी पार गर्नेबित्तिकै र पूजाहारीहरू नदीदेखि बाहिर निस्कनासाथ यो जमिएको पानी एक्कासी फेरि बग्न थाल्यो (यहोशू ४:१८) । सयौं वर्षहरूपछि एलिया र एलिशा नामक भविष्य-वक्ताहरूले यही यर्दन नदी सुक्खा जमिनबाट भएर उल्टो दिशामा पार गरे (२ राजा २:८) । अनि केही समयपछि एलिशा एकलै फेरि यो नदी सुक्खा जमिनबाट भएर पार गरेर फर्के । इस्राएलीहरूले यहोशूको नेतृत्वमा यर्दन नदी तरेको कुरा स्पष्ट पार्न भुइँचालोजस्तो प्राकृतिक घटनाको सहारा लिनुपर्छ भने त एलिया र एलिशाको पालोमा घटेको घटनाको विषयमा केकस्तो हो? तब तिनीहरूले नदी पार गर्न सक्नको निम्ति थोरै समयको अन्तरालमा दुईवटा भुइँचालाहरू गएको निष्कर्षमा पुग्नु अनिवार्य हो । अनि यस प्रकारको तर्क विश्वासलाग्दो देखिँदैन, तर हददेखि बाहिर गएको ठहरिन्छ ।' [5)]

यस वाचाको सन्दुकले परमेश्वरको प्रतिनिधित्व यहाँ गरेको थियो । यसो हो भने, जुन परमेश्वरले आफ्ना जनहरूलाई यर्दन नदीमा पस्न अगुवाइ गर्नुभयो, उही परमेश्वरले यर्दनको पश्चिममा तिनीहरूलाई विजयी तुल्याउन लाग्नुभएको थियो । तिनीहरूको निम्ति उहाँको सुस्पष्ट प्रदर्शन के थियो भने, उहाँको उपस्थितिले नदीको पानी तिनीहरूको सामुन्नेबाट भाग्ने तुल्याएको थियो; यसकारण उहाँको त्यही उपस्थिति नै तिनीहरूको विजयको सुनिश्चित आशा थियो । तिनीहरूमा तिनीहरूलाई विजयी तुल्याउने अरू के पो थियो र?

पूजाहारीहरू नदीको बीचसम्म हिँड़े र जबसम्म सारा इस्राएली जाति सुक्खा जमिनबाट भएर पार भएन, तबसम्म उनीहरू त्यहाँ उभिरहे ।

**यहोशू ४:१-२४:** अब परमप्रभुले निम्न आदेश दिनुभयोः 'हरेक कुलबाट एक-एक पुरुषले यर्दन नदीको सतहदेखि एक-एकवटा ढुङ्गा बोकेर लैजाऊ, र त्यस ठाउँमा एउटा स्मारकको रूपमा खड़ा गर, जहाँ यर्दनको पश्चिममा आएर इस्राएलीहरूले पहिलो पल्ट पाल टाँगेर बस्छन् ।' त्यही निर्देशनअनुसार गिल्गाल भनिने ठाउँमा एउटा स्थाही स्मारक खड़ा गरियो; किनकि इस्राएलीहरू सुक्खा जमिनबाट भएर नदी पार गर्न सकून् भन्ने हेतुले परमेश्वरले कसरी यर्दन नदी अलौकिक रीतिले रोक्नुभयो, सो अद्भुत घटना इस्राएली जातिका भावी पुस्ताहरूले सम्झना गर्नु थियो ।

रूबेन, गाद र मनस्सेको आधा कुल – जुन कुलहरूले यर्दनको पूर्वपट्टि आफ्नो अधिकारको भाग पाए, ती कुलहरूले आफ्ना हतियार भिरेका योद्धाहरूलाई कनान देश अधिकार गर्नको निम्ति आफ्ना दाजुभाइ-हरूलाई सहायता गर्न भनी पठाए । गन्ती २६ अध्यायअनुसार यी अढ़ाइ कुलका पुरुषहरूको जनसङ्ख्या एक लाखभन्दा बढ़ी भए ता पनि, तिनीहरूमध्ये केवल चालीस हजार योद्धाहरू यर्दन पार गए; सायद बाँकी

पुरुषहरू तिनीहरूका परिवारहरू र तिनीहरूका साँधसिमानाहरू रक्षा गर्न बसे होलान्।

अढ़ाइ कुलहरूका योद्धाहरू लगायत सबै इस्राएलीहरूले नदी पार गरेपछि र यस यर्दनबाट बाह्रवटा ढुङ्गाहरू निकालेपछि यहोशूले यस नदीको बीचमा, पूजाहारीहरू उभिएको ठाउँमा बाह्रवटा ढुङ्गाहरू खड़ा गरे। अनि पूजाहारीहरू वाचाको सन्दुक लिएर पश्चिमी किनारमा पुग्नासाथ यर्दन नदीको पानी फेरि अघिको जस्तै पूरा बलमा बग्न थाल्यो।

यर्दन नदीको बीचमा राखिएका ढुङ्गाहरूले हामी ख्रीष्ट येशूको मृत्युमा उहाँसँग एक भएको कुरा सङ्केत गर्छन्; अनि पश्चिमी किनारमा खड़ा गरिएका स्मारक-ढुङ्गाहरूले चाहिँ हामी ख्रीष्ट येशूको बौरिउठाइमा उहाँसँग एक भएको कुरा सङ्केत गर्छन्।

यर्दनको पानी दुई भाग गरेर परमप्रभुले यहोशूलाई सबै इस्राएलीहरूका आँखाको सामु उच्च पार्नुभयो, जसरी उहाँले पहिले मोशालाई पनि उच्च तुल्याउनुभएको थियो। त्यस बेलासम्म यहोशू मोशाको विनम्र सेवक थिए, जसले मोशाको अधीनतामा रहेर परमेश्वरका मार्गहरू सिक्दैथिए। तर अब तिनी महिमित हुने तिनको समय आइपुगेको थियो; किनकि *'हरेक जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ'* (लूका १४:११)।

पहिलो महिनाको दसौं दिनमा इस्राएलीहरूले यर्दन नदी पार गरे; यसर्थ तिनीहरूले मिस्र देशदेखि निस्केर आएको प्रस्थानको समयदेखि चालीस वर्ष पूरा हुन केवल पाँच दिन बाँकी रहेको थियो; निस्तार चाड़को तयारी गर्ने समय भएको थियो (प्रस्थान १२:२-३)।

**यहोशू ५:१:** जब कनान देशका अन्य-जातीय बासिन्दाहरूले इस्राएली जातिका भीड़ैभीड़ मानिसहरूले कसरी अलौकिक रीतिले यर्दन नदी तरे भन्ने कुरा सुने, तब ठूलो डरले तिनीहरूलाई छोप्यो, र तिनीहरू अत्यासमा परे।

### घ) यहोशू ५:२-१२: गिल्गालमा धार्मिक विधिहरू पालन गरिएका

**यहोशू ५:२-९:** यस अध्यायमा गिल्गालमा घटेका घटनाहरूको विषयमा जानकारी दिइन्छ। कनान देशमा आफ्ना खुट्टा टेकेर इस्राएलीहरूले गिल्गालमा पहिलो पल्ट छाउनी हाले। त्यस ठाउँमा पुरुषहरूको खतना गरियो (यहोशू ५:२-९)। कनान देशभित्र पसेपछि तिनीहरूले त्यहाँ प्रथम निस्तार चाड़ माने (यहोशू ५:१०)। त्यही ठाउँमा मन्ना बन्द भयो (यहोशू ५:११-१२); अनि त्यहाँ यहोशूले परमप्रभुको सेनाका कप्तानलाई भेटे, जो येशू ख्रीष्ट हुनुहुन्थ्यो (यहोशू ५:१३-१५)।

यस समयमा परमप्रभुले यहोशूलाई खतनाको विधि नवीकरण गर्ने निर्देशन दिनुभयो। मिस्र देशबाट निस्किआएका सबै पुरुषहरूको खतना भएका थियो; तर यसको बीचमा यी चालीस वर्षभित्र लड़ाइँ गर्ने मानिसहरू सबै मरिसकेका थिए (व्यवस्था २:१६)। अनि चालीस वर्षसम्म पुरुषहरूको खतना गरिएन। उजाड़स्थानको यात्राको चालीस वर्षको अवधिभित्र एउटा नयाँ पुस्ता खड़ा भयो; अनि यिनीहरूलाई नै यो विधि पालन गर्न आवश्यक थियो, र यिनीहरूको ठहर पुनर्स्थापना गर्न खाँचो थियो, नत्रता यिनीहरूले यस करारअन्तर्गत आफ्ना सबै आशिषहरू उपभोग गर्न पाउनेथिएनन्। खतनाचाहिँ यस करारमा यिनीहरूको पुनर्स्थापना भएको चिन्ह थियो। जबसम्म इस्राएलीहरूले उजाड़स्थानको यात्रा गर्दैथिए, तबसम्म मिस्रीहरूले तिनीहरूलाई ठट्टामा उड़ाउँथे; किनभने तिनीहरूले प्रतिज्ञाको देश प्राप्त गर्न सकेका थिएनन्। तर अब तिनीहरू

प्रतिज्ञाको देशभित्र आइसके, अनि तिनी-हरूबाट यो निन्दा हटिगयो (यहोशू ५ :९)। 'इस्राएलीहरूलाई दोस्रो पल्ट खतना गर' भनेर जुन कुरा यहोशू ५ :२ पदमा लेखिएको छ, त्यस कुराको अर्थ यस प्रकारको छः इस्राएलीहरूले जातिको रूपमा दोस्रो पल्ट खतनाको विधि पालन गरे।

**यहोशू ५ :१०ः** यर्दन नदी पार गरेको चार दिनपछि तिनीहरूले पहिलो महिनाको चौधौं दिनमा निस्तार चाड़ मनाए। यहोशूको विश्वास स्मरणीय छ; किनभने शत्रुहरूको सिमानामा बसेर पनि परमेश्वरप्रति आज्ञाकारी भएर तिनले आफ्ना सिपाहीहरूको खतना गराए र निस्तार चाड़ मनाए। यी दुईवटा विधिहरूमा सैनिक रणनीति के पो थियो र, तपाईं आफै भन्नुहोस्!

परमप्रभुले खतनाको विधि र निस्तार चाड़द्वारा आफ्ना जनहरूलाई फेरि उहाँसितको सम्बन्धमा जरुर हुने आधारभूत जगहरूमाथि बसाल्नुभयो। उजाड़स्थानको चालीस वर्षमा यी दुवै विधिहरूको बेवास्ता गरिएको थियो।

खतनाचाहिँ परमेश्वर र अब्राहामको बीचमा स्थापित भएको करारको चिन्ह थियो; अनि परमेश्वरले आफ्नो विश्वासयोग्यातामा अब्राहामलाई कुनै सर्तविना गर्नुभएको प्रतिज्ञा पूरा गर्नुभयो, र अब्राहामका सन्तानहरूलाई कनान देश दिनुभयो (उत्पत्ति १५ :१८-२१)। अनि खतनाचाहिँ आत्मजाँच गर्ने र शारीरिकतारूपी मैला फ्याँक्ने चित्र पनि हो, जुन आत्मजाँच गरेर र जुन शारीरिकता फालेर लड़ाइँमा विजय हासिल गर्न नितान्त आवश्यक छ।

अनि निस्तार चाड़चाहिँ? निस्तार चाड़ तिनीहरूको छुटकारा सम्झना गराउने विधि थियो। परमप्रभुले तिनीहरूलाई दाम तिरेर किन्नुभयो र तिनीहरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनुभयो। निस्तार चाड़को विधि पालन गरेर इस्राएलीहरूले परमप्रभुको वचन पालन गरे, जुन वचन उहाँले चालीस वर्षअघि तिनीहरूलाई मोशाको मुखद्वारा दिनुभएको थियो, जब तिनीहरूले पहिलो पल्ट निस्तारको विधि पालन गरेका थिए (प्रस्थान १३ :५)। आफ्ना जनहरूलाई बोलाउनुभएको र मिस्र देशदेखि निकाल्नु-भएकोमा उहाँको एउटै प्रेरणा थियोः अनुग्रह। अनि उहाँले पक्का पनि तिनीहरूलाई प्रतिज्ञाको देशभित्र ल्याइ-पुर्याउनुहुनेथियो। यसको निम्ति उहाँको वचन पक्कापक्की गर्ने एकमात्र भरपत्यार उहाँको विश्वासयोग्यता थियो।

**यहोशू ५ :११-१२ः** मन्नाले ख्रीष्ट येशू देहधारी हुनुभएको कुरा गर्छ। उहाँ स्वर्गबाट ओर्लिआउनुभएको त्यो रोटी हुनुहुन्छ, जुन जीवनको रोटी हाम्रो उजाड़स्थानको यात्राका आवश्यकताहरू पूर्ति गर्ने स्वर्गीय प्रबन्ध हुनुहुन्छ। अनि त्यस देशको उब्जनीले बौरिउठ्नुभएको ख्रीष्ट येशूको चित्रण गर्छ, जुन उब्जनी हामीले कनान देशका आशिष-हरूमा प्रवेश गरेपछि हाम्रै हुन्छ। मन्ना र देशको उब्जनी – यी दुवै कुराहरू हाम्रो आत्मिक पोषण हुन्छन्। तिनीहरूले त्यस देशको उब्जनीबाट अखमिरे रोटी र भुटेको अन्न खाएको भोलिपल्टदेखि मन्ना बन्द भयो। परमेश्वर ठीक-ठीक समय कायम राख्नुहुन्छ, र उहाँ अचम्म प्रकारले हाम्रो आवश्यकताको निम्ति जुटाउने असल प्रबन्धक हुनुहुन्छ।

### ङ) यहोशू ५ :१३-६ :२७ः यरिहो-माथिको विजय

**यहोशू ५ :१३-१४क:** *'अनि यस्तो भयोः जब यहोशू यरिहोको नजिकै थिए, तब उनले आफ्ना आँखाहरू उठाएर हेरे; अनि हेर, आफ्नो हातमा नाङ्गो तरवार खिचिरहेका एकजना पुरुष उनको सामु उभिएका रहेछन्।'* यस पदमा लेखिएका

ती 'पुरुष' परमप्रभुको दूत थिए। अनि परमप्रभुको दूतचाहिँ प्रभु येशू देहधारण हुनुभएको अघि उहाँ देखा पर्नुभएका रूप-हरूमा एक रूप हुन्। उहाँले 'परमप्रभुको सेनाको कप्तान' भनेर आफ्नो परिचय दिनुभयो। यो सुनिश्चित छ, कि ख्रीष्ट येशू हाम्रो हानि गर्नुहुन्न नै। तर निश्चय उहाँ केवल हाम्रो सहायता गर्नुहुने सहायक हुनुहुन्न पनि। जब उहाँ हाम्रो जीवनमा आउनुहुन्छ, तब उहाँ हाम्रो जीवन नियन्त्रण गर्ने प्रभु र मालिकको रूपमा आउनुहुन्छ।

**यहोशू ५:१४ख-१५:** यी पदहरूमा यहोशू परमेश्वरको उपस्थितिमा भएको र तिनलाई यसको पूरा महसुस थियो भन्ने निर्णायक प्रमाण छ। स्वर्गका दूतहरूले कहिल्यै तिनीहरूको आराधना गरेको सेवा स्वीकार गरेनन्। तर यहाँ परमप्रभुका दूतले तिनलाई आराधना गर्ने आज्ञा गर्नुभयो, र यसरी नै आफ्नो ईश्वरीय स्वभाव प्रमाणित गर्नुभयो। जुन कुरा मोशाले आफ्नो सेवकाईको शुरुमा सिक्नुपरेको थियो (प्रस्थान ३), त्यो कुरा यहोशूलाई प्रत्यक्ष रूपले सिक्न खाँचो थियो: परमप्रभु पवित्र हुनुहुन्छ, र उहाँले हाम्रो जीवनमा प्रभुत्व पाउनुपर्छ।


**यहोशू ६:१-२१:** इस्राएलीहरूले तीनवटा विभिन्न सैनिक अभियानहरूद्वारा कनान देशको कब्जा गरिसिद्ध्याउनेथिए: देशको मध्य भागको अभियान, त्यसको दक्षिण भागको अभियान र त्यसको उत्तरीय भागको अभियान। देशको मध्य भागको अभियानको उद्देश्यचाहिँ शत्रहरूलाई विभाजनद्वारा जित्नु थियो। यस अभियानमा दुईवटा मुख्य मुठभेटहरू थिए: एउटा यरिहोमा र अर्को-चाहिँ ऐ शहरमा।

यरिहोचाहिँ चारैतिरबाट पर्खालले घेरिएको एउटा बलियो शहर थियो; तर त्यसका पर्खालहरू र मूलढोकाहरूले त्यसका बासिन्दाहरूलाई न्यायको लागि भित्रै थुनिराखे। निश्चय नै यी पर्खालहरूले इस्राएलीहरूलाई त्यस शहरदेखि बाहिर राखिराख्न सकेनन्। भौगोलिक हिसाबले त्यो शहर ८०० फिटभन्दा बढ़ी समुद्रको सतहदेखि मनि अवस्थित थियो; अनि नैतिकताको हिसाबले पनि त्यसका मानिसहरू साह्रै नीच थिए। त्यो शहर विनाशको निम्ति अर्पित गरिएको शहर थियो; किनभने त्यो शहर परमेश्वरको भूमिमाथि बसालिएको थियो, अनि त्यसका वास्तविक हकदारहरू अब आफ्नो सम्पत्ति दाबी गर्न आइपुगे। हाम्रो जीवनमा यरिहोको भूमिका खेल्ने कति कुराहरू होलान्, जुन कुराहरूले हाम्रो आत्मिक प्रगति हुन दिँदैनन् र हामीलाई हाम्रो अधिकारको भाग हासिल गर्न बाधा पुर्‍याउँछन्। सायद हामीमाथि परिआएका धेरै जाँच र परीक्षाहरूको कारणले हामी निरुत्साहित भएका छौं कि? तर प्रभु येशूले हामीलाई दिन चाहनुभएको विजय हामीले केवल दाबी गर्नुपर्छ र विश्वासमा अघि बढ्नुपर्छ; सफलता प्राप्त गर्नको निम्ति हामीले आफ्ना आँखाहरू परमेश्वरमाथि लगाइराख्नुपर्छ, तब हामीले पनि आश्चर्य-कर्महरू देख्नेछौं।


इस्राएलीहरूको डरले अतालिएको यरिहो शहर आक्रमणकारीहरू आइपुग्नुभन्दा अघि मोर्चा बाँधेर बसिसकेको थियो। छ दिनसम्म इस्राएलीहरू हरेक दिनमा एकै पल्ट त्यस शहरको वरिपरि घुम्थे, अनि राति तिनीहरू गिल्गालमा फर्कन्थे। तर सातौं दिनमा तिनीहरूले सातै पल्ट त्यो शहर परिक्रमा गरे। अनि जब पूजाहारीहरूले तुरहीहरू फुके, तब इस्राएलीहरू ठूलो सोरले चिच्च्याए। अनि तब यरिहोको पर्खाल गर्लम्म ढलेर समतल भयो, र परमेश्वरका जनहरू त्यस शहरभित्र पस्न सके।

कतिजना बाइबल-विद्यार्थीहरू छन्, जसले यरिहोको पर्खाल लिफ्टजस्तै जमिन-


### देशको मध्य भागको अभियान




### देशको दक्षिणी भागको अभियान




### देशको उत्तरीय भागको अभियान




## यहोशूले कनान देशमाथि चढ़ाइ गरेका सैनिक अभियानहरू

### देशको मध्य भागको सैनिक अभियानः

१) **गिल्गालः** गिल्गाल त्यो ठाउँ थियो, जहाँबाट यहोशूले आफ्ना सबै आक्रमणहरू शुरु गरे र कनानीहरूलाई प्रतिज्ञाको देशबाट लखेटे। किनकि इस्राएलीहरूले त्यस ठाउँमा आफ्नो छाउनी हालेका थिए (यहोशू ४:१९)।

२) **यरिहोः** यरिहो शहरमाथि इस्राएली सेनाको प्रथम विजय थियो। जब इस्राएलीहरूले चिच्च्याए र आफ्ना तुरहीहरू फुके, तब त्यस शहरका पर्खालहरू गर्लम्म ढले। (यहोशू ६:२०)।

३) **ऐः** यहोशूले ढुकेर बस्ने फौज ऐको विरोधमा राखेर त्यो शहर कब्जा गरे। (यहोशू ८:१२-२९)।

४) **गिबोनः** गिबोनका राजाले यहोशूसँग एउटा सन्धि गरे। यस ठाउँमा पाँचजना कनानी राजाहरूको पराजय भयो; किनकि तिनीहरूले इस्राएली सेनामाथि आक्रमण गरे (यहोशू ९:१०)।

### देशको दक्षिणी भागको सैनिक अभियानः

१) **मक्केदा र लिब्नाः** गिबोनबाट दक्षिण लागेर यहोशू र तिनको सेनाले मक्केदा र लिब्ना शहरहरू नष्ट गरे (यहोशू १०:२८-३०)।

२) **लाकीश, एग्लोन, हेब्रोन र दबीरः** लिब्नाबाट दक्षिण लागेर यहोशू र तिनको सेनाले उक्त एक-एक शहर जिते (यहोशू १०:३१-४१)।

३) **गिल्गालः** आफ्नो दक्षिण इलाकामाथि चढ़ाइ गरेको सैनिक अभियान सकेपछि यहोशू र तिनको सेना गिल्गालमा तिनीहरूको छाउनीमा फर्के (यहोशू १०:४३)।

### देशको उत्तरीय भागको सैनिक अभियानः

१) **मेरोमको पानीः** यहोशू आफ्नो सेना लिएर कनान देशको उत्तरतर्फ लागे। मेरोमको पानी-

निर तिनले कनानका राजाहरूका संयुक्त सेनाहरूमाथि चढ़ाइ गरे, र घमासान लड़ाइँ चलियो, अनि इस्राएली सेनाले तिनीहरूलाई जित्यो (यहोशू ११:१-९)।

२) **हासोरः** पर्खालले घेरिएको बलियो शहर हासोर नाश गरेर यहोशूले कनान देशको उत्तरीय भागमाथिको विजय पक्का गरे। किनकि हासोर तिनीहरूको राजधानी थियो (यहोशू ११:१०-१२)।

भित्र पुरेको कल्पना गर्छन्; यसो हुँदा इस्राएलीहरूलाई त्यसको पर्खालमाथि टेकेर त्यस शहरभित्र पस्न सहज भयो। जेजसो भए पनि यो घटना परमेश्वरका जनहरूको विश्वासको प्रतिफल थियो (हिब्रू ११:३०)। अनि यहोशू ६:६-१२ पदहरूको खण्डमा जम्मा सात पल्ट 'वाचाको सन्दुक' भन्ने शब्द दोहोरिएको कुरा याद गर्नुहोस्!

त्यस शहरभित्र भएको हरेक थोक विनाशको निम्ति अर्पण गरिएको थियो। यसको मतलब के थियो भने, परमप्रभुद्वारा यी थोकहरू कनान देशका पहिला फलहरूको रूपमा विनाशको निम्ति ठहराइएका थिए। यसकारण राहाब र उसको परिवार छोड़ेर त्यस शहरका सबै बासिन्दाहरू र तिनीहरूको सारा पशुधन नाश गरिनु आवश्यक थियो; तर चाँदी र सुन, पित्तल र फलाम जति परमप्रभुको भण्डारमा हालिनुपर्नेथियो। कसैलाई पनि ती मालहरूबाट एउटै थोक पनि आफ्नो निम्ति राख्ने अनुमति थिएन।

यरिहो शहरभित्रका सबै पशुप्राणीहरूको सत्यानाश गर्नू भन्ने आज्ञा परमेश्वरले किन दिनुभएको हो, सो कुरा कनानीहरूको नैतिक भ्रष्टता विचार गरेर बुझ्न सजिलो हुन्छ। परमप्रभुमा दोष के छ र, जब उहाँले दुष्टहरूलाई तिनीहरूको योग्य सजाय दिनुहुन्छ? तब मानिसहरूले उहाँलाई उहाँले यरिहोमाथि पूरा गर्नुभएको न्यायको विषयमा आलोचना किन गर्ने? हामीले बरु उहाँको अनुग्रहको विषयमा अचम्म मान्नुपर्छ; किनभने उहाँले आफ्नो ठूलो दयामा राहाब र उसको परिवारलाई यरिहोको सत्यानाशबाट बचाउनुभयो।

**यहोशू ६:२२-२७ः** जुन विश्वास यरिहोका पर्खालहरू भत्काउन सक्षम भयो (हिब्रू ११:३०), त्यही विश्वासले राहाब र उसको परिवारलाई त्यस शहरबाट बाहिर ल्यायो (हिब्रू ११:३१)। परमेश्वरको अनुग्रहले उसको निम्ति सुरक्षाको प्रबन्ध गर्नुको साथै उसलाई दाऊदको वंशावलीमा एउटा निर्धारित स्थान दिलायो, र अन्तमा प्रभु येशू ख्रीष्टको वंशावलीमा पनि एउटा आदरको स्थान ठहरायो (मत्ती १:५-६)। परमेश्वरको अनुग्रहले हामीलाई विनाशबाट बचाउँछ; तर यसो गर्नुको साथै त्यसले हाम्रो महिमा पनि सुनिश्चित गर्छ (रोमी ८:२९-३०)। विश्वासचाहिँ परमेश्वरको अनुग्रह पक्रिराख्ने हात हुँदो रहेछ।

राहाब र उसको परिवार सुरक्षासाथ त्यस शहरदेखि बाहिर निकालिएपछि त्यो शहर आगोले जलाइयो। यहोशूले यरिहो शहर किल्लाबद्ध रूपले पुनर्निमाण गर्ने व्यक्तिलाई सरापे र त्यस पुनर्निर्माण गर्नेको जेठा छोरा त्यस शहरको जग बसाएको समयमा मर्नेछ, र त्यसको कान्छा छोरा त्यस शहरका मूलढोकाहरू खड़ा गरिएको बेलामा मर्नेछ भन्ने भविष्यवाणी गरे। १ राजा १६:३४ पदमा यो भविष्यवाणीरूपी श्राप पूरा भयो।

### च) यहोशू ७:१-८:२९ः ऐ शहरमाथि चढ़ाइ गर्ने सैनिक अभियान

सात अध्यायको सन्दर्भ कनान देशमा गरिएको पापबाट उठेको समस्या हो। मानिसहरूले यर्दन नदी पार गरे, तर तिनीहरूले अझै पनि पाप गर्न सके; यो अझै पनि तिनीहरूको झुकाउ थियो। यस अध्यायमा ऐ शहरमा इस्राएलीहरूको हारको कथा छ र आकोरको बेंसीमा पापमाथि तिनीहरू विजयी भएको वृत्तान्त छ।

**यहोशू ७:१-५:** यहोशूले ऐ शहरमा जासुसहरू पठाए; अनि यिनीहरू त्यस शहरमा सुरक्षाको प्रबन्ध राम्रो नभएको र त्यसको विरुद्धमा दुई वा तीन हजारभन्दा बढ़ी सेनाहरू पठाउनु नपर्ने आशालाग्दो सन्देश लिएर फर्के। तर जब तीन हजारजति पुरुषहरू ऐ शहर कब्जा गर्न हिँड़े, तिनीहरूले आशा गरेजस्तै विजय प्राप्त गर्न सकेनन्, तर हार खानुपर्‍यो।

**यहोशू ७:६-१०:** धेरैपल्ट विजयको पछि हार आउँछ; विजय हासिल गरेको बेलामा कसले हार्छु भन्ने कल्पना गर्ला? किनभने विजय प्राप्त गरेको बेलामा हामी आफैलाई निक्कै बलियो भएको सम्झन्छौं। ऐ शहरको विरुद्धमा लड़ाइँ गर्नुभन्दा अघि मानिसहरूले प्रार्थना गरेनन्; अनि परमप्रभुले तिनीहरूलाई 'यरिहो शहर कब्जा गर' भनेर आज्ञा गर्नुभएझैं यसपालि लड़ाइँमा जाने आज्ञा दिनुभएन। यसकारण तिनीहरूले पीड़ाको साथ सिके, कि तिनीहरूको आत्मिक अवस्था ठीक थिएन, र केही न केही गल्ती भएको हुनुपर्छ। कनानीहरू अघिभन्दा बलवान् थिएनन्, तर इस्राएलीहरू पो कमजोर हुन गएका थिए; किनभने इस्राएलीहरूको छाउनीमा पाप पसिसकेको थियो। यो केवल एकैजना मानिसको गल्ती थियो, र पनि सम्पूर्ण जाति नै दोषी थियो (यहोशू ७:११), अनि छत्तीसजना मानिसहरूको मृत्यु भयो (यहोशू ७:५)। परमप्रभुले यहोशूलाई 'यो प्रार्थना गर्ने बेला होइन, तर कारबाही गर्ने समय हो' भनेर भन्नुभयो (यहोशू ७:१०)।

**यहोशू ७:११-२६:** इस्राएलीहरूको छाउनीभित्र प्रवेश गरेको पाप तिनीहरूको हारको कारण थियो भन्ने कुरा यहोशूले जान्न पाए। यरिहोमाथि चढ़ाइ गरेको बेलामा कसैले लुटको मालमा हात लगाएर परमप्रभुको आज्ञा भङ्ग गरेको थियो। यहाँ अपराधीलाई फेला पार्न कुनचाहिँ तरिका अपनाइयो, सो हामीलाई बताइएको छैन; तर हुन सक्छ, तिनीहरूले चिट्ठा हालेर यसो गरे होलान्। तिनीहरूले जेजस्तो गरे पनि तिनीहरूको अनुसन्धानमा सबैभन्दा पहिले यहूदा कुल पक्रियो, त्यसपछि जेरहको गोत्र पक्रियो, त्यसपछि जब्दीको परिवार र अन्तमा कर्मीको छोरा आकान पक्रा पर्‍यो। त्यसले बेबिलोनी वस्त्र, दुई सय शेकेल चाँदी र एउटा सुनको साँप्लो चोरी गरेको स्वीकार गर्‍यो। त्यसले ती सबै चीजहरू आफ्नो पालको भुइँ खनेर लुकाएको पनि मानिलियो।

'मैले देखें ... मैले तिनको लालसा गरें ... र मैले ती लिएँ' (यहोशू ७:२१)। आकानको कथाले याकूब १:१४-१५ पदहरूमा दिइएको शिक्षाको ज्वलन्त उदाहरण हाम्रो सामु पेश गर्छ, जहाँ यसो लेखिएको छः *'तर हरेक मानिस आफ्नै अभिलाषाद्वारा खिँचिएर र फसेर परीक्षामा पर्छ। त्यसपछि जब अभिलाषा गर्भवती हुन्छ, तब त्यसले पापलाई जन्माउँछ; अनि पाप पूरा बढ़ेपछि त्यसले मृत्यु उत्पन्न गर्छ।'*

आकानले विनाशको निम्ति अर्पित भएका थोकहरूबाट केही लिएर त्यो आफै श्रापित बन्यो (व्यवस्था ७:२६)। कसैको दृष्टिमा आकानको सारा परिवार त्यसको सजायमा सहभागी बनेको कुरा निर्दयी देखा पर्ला; तर पाप एउटा गम्भीर विषय हो। राहाबको विश्वासले उसको सम्पूर्ण परिवार बचायो; तर आकानको पापले त्यसको सारा परिवारलाई दोषी ठहरायो। योबाहेक परिवारकाहरूलाई आकानको कुकर्मको विषयमा थाह भएको हुनुपर्छ; किनभने चोरी गरिएका मालहरू त्यसले तिनीहरू बसेको पालको भुइँ खनेर लुकाएको थियो। अनि हुन सक्छ, त्यसका छोराछोरीहरू त्यसको पापमा सहभागी बने कि कसो हो? परमेश्वरले आफ्ना जनहरूलाई सिकाउन चाहनुभएको पाठ सुस्पष्ट थियोः पापले छाउनीमा भएको सारा समुदायलाई

अशुद्ध पारेको थियो; अनि पाप जहाँ र जहिले देखा पर्छ, तत्कालै कारबाही गर्नुपर्छ र जरैसित उखेलेर हटाउनुपर्छ।

आकानको अपराधले उचित दण्ड पायोः त्यो र त्यसको सारा परिवार ढुङ्गाले हानेर मारिए र आगोले जलाइए, साथै तिनीहरूको सारा धनसम्पत्ति र चोरी गरिएका सामानहरू जलाइए। यसको विषयमा श्री एच. जे. ब्लेयरले निम्न टिप्पणी गरेका छन्ः

> 'आकानको मृत्युले विनाशको निम्ति अर्पित भएको चीजको सम्बन्धमा गरिएको त्यसको पापको प्रायश्चित्त गर्‍यो; अनि आकोरको बेंसीको दुःखान्त दृश्यचाहिँ इस्राएलीहरूको निम्ति आशाको ढोका हुन गयो; किनकि परमेश्वरका जनहरूले फेरि आफ्नो सैनिक अभियान अगाड़ि बढ़ाउने हिम्मत पाए।'[6)]

**यहोशू ८ः१-२९ः** दोस्रो प्रयासमा यहोशू र तिनको सेनाले ऐ शहर कब्जा गरे; यसपालि तिनीहरूले हमला गर्दा ढुकेर बस्ने रणनीति अपनाए। यस ढुकिबसाइको बेलीबिस्तारको एक-एक बुँदा हामीलाई बुझ्न गाह्रो भएको छ, तर मोटामोटी तिनीहरूको योजना यस प्रकारको थियोः इस्राएली सेनाको एक झुण्ड रातको अन्धकारमा ऐ शहर नाघेर त्यसको पश्चिमपट्टि लुकेर बसे। भोलिपल्ट बिहान बाँकी सेनाहरू उत्तर दिशादेखि ऐ शहरमाथि आक्रमण गरे। जब ऐ शहरका मानिसहरूले तिनीहरूलाई जवाबी हमला गरे, तब यहोशू र तिनको सेना जानी-बुझीकन पछि हटे; यसरी तिनीहरूले त्यहाँका बासिन्दाहरूलाई आफ्नो शहरबाट बाहिर खिचे। त्यसपछि यहोशूले आफ्नो भाला पसारे; योचाहिँ ढुकिबसेका मानिसहरूको निम्ति शहरमा पसेर आगो लगाइदिने सङ्केत थियो। आफ्नो शहरमा आगो लागेको देखेर ऐका मानिसहरू डरले आतङ्कित भए र अताले। तब इस्राएली सेनाको निम्ति ऐ शहरका सिपाहीहरूलाई दुवै तर्फबाट चेपेर सर्वनाश गर्न सजिलो भयो।

यहोशू ८ः३ पदले बताएअनुसार तीस हजार पुरुषहरू शहरको विरोधमा ढुकेर बसेका थिए; तर यहोशू ८ः१२ पदमा पाँच हजार सिपाहीहरूको कुरा गरिएको छ। हुन सक्छ, ढुकेर बसेका मानिसहरूका दुईवटा झुण्ड थिए। तर ढुकिबसाइको निम्ति तीस हजार पुरुषहरूको सङ्ख्या धेरै ठूलो र अनावश्यक भएको देखिन्छ। कतिजनाको विचारमा, तीस हजारको सट्टामा 'तीसजना कप्तानहरू' भनेर पढ्नु उचित देखिन्छ। किनकि 'हजार' भन्ने हिब्रू-शब्दको अनुवाद 'मुखिया' पनि हुन सक्छ अरे। अरू मानिसहरू पनि छन्, जसको विचारमा योचाहिँ प्रतिलिपिकारले गरेको गल्ती ठान्छन्, जसले पाँच हजारको सट्टामा तीस हजार लेखिपठाए अरे। तर मेरो विचारमा, यहोशू ८ः१२ पदमा बताइएका पाँच हजार सिपाहीहरू यस हेतुले ढुकेर बस्न पठाइए, कि तिनीहरूले बेतेलका मानिस-हरूको सम्भवतः हमला विफल तुल्याउन सकून्; किनकि बेतेलचाहिँ ऐ शहरदेखि पश्चिम केवल दुई माइल टाढ़ामा अवस्थित थियो।

यस मुठभेटमा यहूदीहरूलाई लुटको माल र ऐ शहरका पशुहरू आफ्नो निम्ति राख्ने अनुमति थियो। 'हे आकान, तैंले यस क्षणको लागि पर्खेको भए, तैंले आफ्नो प्राण गुमाउनेथिनस्, तर प्रशस्त लुटको माल पाउनेथिस्!'

ऐ शहरमाथि पहिलो पल्ट चढ़ाइ गर्दा इस्राएलीहरूले छत्तीसजना मानिसहरूलाई गुमाउनुपरेको थियो; तर यसपालि दोस्रो आक्रमणमा, पवित्र बाइबलको विवरण-अनुसार, एकजनाको ज्यान पनि गुमाउनु-परेन। तिनीहरूले आफैलाई पापको अशुद्धताबाट शुद्ध राखेका हुनाले तिनीहरू फेरि घमासान लड़ाइँको माझमा सुरक्षित रहे। इसाई जीवनमा हासिल गरिने विजय संघर्षको अनुपस्थिति होइन, तर संघर्षको माझमा

परमेश्वरको उपस्थिति र उहाँको सुरक्षा अनुभव गर्नु हो।

**छ) यहोशू ८:३०-३५: शेकेममा करार पुष्टि गरिएको**

**यहोशू ८:३०-३५:** व्यवस्था २७:२-८ पदहरूको खण्डमा लेखिएको परमेश्वरको वचन शिरोपर गरेर यहोशूले एबाल पहाड़माथि एउटा वेदी बनाए र ढुङ्गाहरूमा मोशाको व्यवस्थाको एकप्रति लेखे। इस्राएली जातिका कुलहरू भेला भए, तिनीहरूको आधा भाग गेरिजीम पहाड़को सामु र तिनीहरूको अर्को आधा भाग एबाल पहाड़को सामु खड़ा भए। अनि यहोशूचाहिँ ती दुवै पहाड़हरूको बीचमा बेंसीमा उभिए; अनि त्यसपछि तिनले मोशाको व्यवस्थाको पुस्तकमा लेखिएका आशिषहरू र सरापहरू पढ़ेर सुनाए, कि त तिनले लेवीहरूलाई यी वचनहरू पढ्न लगाए (व्यवस्थ २७:१४)।

> 'पवित्र धर्मशास्त्र बाइबलमा कुरा प्रायः यस्तो छः बाइबलले जुन कुरा मानिसहरूले गरेको भन्छ, त्यो कुरा तिनीहरूले खास अरूलाई गर्न लगाए।'[7)]

**ज) यहोशू ९: गिबोनीहरूसँग भएको सन्धि**

**यहोशू ९:१-१७:** इस्राएली जातिले हासिल गरेका सैनिक सफलताहरूको विषयमा खबरहरू सुनेर कनान देशका सबै राजाहरूलाई एकजुट भएर यहोशू र इस्राएली जातिको विरुद्धमा आइलाग्न बाध्य तुल्यायो (यहोशू ९:१-२)। तर गिबोन शहर, साथै कपीरा, बेरोत र किर्यत्-यरीम नामक शहरहरूका बासिन्दाहरूले आक्रमणकारीहरूलाई विरोध गर्न बेकम्मा ठाने (यहोशू ९:३ र १७)। परमेश्वरले इस्राएलीहरूलाई तिनीहरूको सामुबाट यस देशका सबै अन्यजातीय बासिन्दाहरूलाई नष्ट गर्ने आज्ञा दिनुभएको यिनीहरूलाई थाह थियो (यहोशू ९:२४)। तर कनान देशदेखि बाहिर बसेका जातिहरूको विषयमा इस्राएलीहरूलाई यस किसिमको कुनै आज्ञा दिइएको थिएन भन्ने कुरा यिनीहरूलाई विदितै थियो (व्यवस्था २०:१० र १५)। यदि यिनीहरूले यहोशू र तिनको सेनालाई 'धेरै लामो यात्रा गरेर हामी टाढ़ा देशदेखि आएका हौं' भन्ने कुरा विश्वास दिलाउन सके यिनीहरू मारिनेथिएनन्।

यसकारण यिनीहरूले पुराना झुत्रामुत्रा लुगाहरू पहिरेर र टालेका चप्पलहरू लगाएर आफ्नो भेस बदली गरे। यिनीहरू सुकेका र ढुँड़ी परिसकेका रोटीहरू र पुराना, फाटेका, टालटुल गरिएका मशकहरू पनि साथमा लिएर गए। यिनीहरूले यहोशूलाई 'हामी धेरै टाढ़ा देशबाट आएका हौं' भनेर भने, अनि यिनीहरूसँग भएको हरेक थोक यिनीहरूको कुरा सिद्ध गरेको जस्तो देखिन्थ्यो।

इस्राएलीहरूले यस विषयमा परमप्रभुबाट कुनै सल्लाह लिएनन्, तर सीधा गिबोनीहरूसँग एउटा सन्धि गरे। तर तीन दिनपछि गिबोनीहरूले गरेका छल प्रकट भयो; अनि यहूदीहरूको बीचमा हलचल मच्चियो र यी छल गर्नेहरूलाई मार्नुपर्छ भन्ने माग सुनियो। तर इस्राएली जातिका शासकहरूले परमप्रभुको नाममा गरेको सन्धि कदर गरेर गिबोनीहरूलाई मार्न चाहेनन्। तर यिनीहरू अबोप्रान्त समुदायका सेवकहरू तुल्याइए, जसले परमप्रभुको वेदीको सम्बन्धमा चाहिएको दाउरा काट्नेथिए र आवश्यक पानी भर्नेथिए।

गिबोनीहरूले तिनीहरूलाई यस बेलामा छल गरेका भए तापनि यहोशू र इस्राएली शासकहरूले आफूले खाएको शपथ कायम राखेर बुद्धिमानीसाथ काम गरे। किनकि पछि राजा शाऊलले गिबोनीहरूलाई जरैबाट उखेलेर यिनीहरूको नामनिशान मेट्ने कोशिश गरे, र आफ्नो कुप्रयासको निम्ति उनले दण्ड भोगे (२ शमूएल २१)।

### झ) यहोशू १०ः दक्षिणी इलाकामाथि चढ़ाइ गरेको सैनिक अभियान

**यहोशू १०ः१-६ः** यस अध्यायमा कनान देशको दक्षिणी भागमाथि चढ़ाइ गरेको अभियानको वर्णन उल्लेख गरिएको छ। जब गिबोनीहरूले इस्राएलीहरूसँग सम्झौता गरे भन्ने सन्देश पाँचवटा कनानी शहरहरूका राजाहरूले सुने, तब उनीहरूले कनान देशको बीचको पहाड़ी भेक असुरक्षित रहेको महसुस गरे। यसकारण उनीहरूले गिबोनमाथि आक्रमण गर्ने निर्णय लिए। तब गिबोनीहरूले यहोशूकहाँ पठाए र तिनलाई सैनिक सहयोग पाऔं भन्ने अनुरोध गरे।

**यहोशू १०ः७-८ः** यहोशूले फेरि एकपल्ट परमप्रभुको मुखबाट यो सान्त्वना दिने वचन सुनेः *'तिनीहरूसँग नडराऊ!'* तिनले त्यही वचन यरिहोमाथि विजय प्राप्त गर्नुभन्दा अघि र ऐ शहरको विरोधमा ढुकेर गरिएको आक्रमण सफल हुनुभन्दा पहिले सुनेका थिए। ती वचनहरूले विरोधीहरूमाथि विजय प्राप्त गर्ने निश्चयता दिलाए; शत्रहरूको बृहत् सङ्ख्यामा कुनै मतलब, कुनै पर्बाह थिएन।

**यहोशू १०ः९-११ः** परमप्रभुबाट विजयको निश्चयता पाएपछि यहोशूले गिबोनमा शत्रुहरूको सेनासँग लड़ाइँ गरे, र तिनीहरूलाई भगाए। यी शत्रुहरूको विनाशको सम्बन्धमा दुईवटा आश्चर्यकर्महरू भए। पहिले मुसलधार असिना बर्षियो; इस्राएलीहरूले मारेका भन्दा बढ़ी मानिसहरू असिनाको प्रहारले मारिए। तर यस असिनाको वज्रपातले भिन्नता राख्यो; किनकि असिनाका ढुङ्गाहरूले केवल शत्रुहरूलाई मारे।

**यहोशू १०ः१२-१५ः** त्यसपछि यहोशूले चढ़ाएको विन्तीमा घाम र जून आकाशमा अड़िरहे र शत्रुहरू उम्केर आ-आफ्ना पर्खालले घेरिएका शहरहरूभित्र सुरक्षा पाउनुभन्दा अघि इस्राएलीहरूले तिनीहरूलाई खेदेर मार्न सकून् भन्ने हेतुले दिनको अवधि बढ़ाइयो। *'सूर्य थामियो र चन्द्रमा अड़िरह्यो'* भन्ने वाक्यमा वर्णनात्मक साहित्यिक भाषा प्रयोग गरिएको छ। हामी पनि यस प्रकारको भाषा प्रयोग गर्छौं, जब हामी 'घाम उदाउँछ' वा 'घाम अस्ताउँछ' भनेर भन्ने गर्छौं। यस घटनाको स्पस्टीकरण दिन मानिसहरूले विभिन्न प्राकृतिक तत्त्वहरूको सहारा लिएका छन्।[8] तर हाम्रो निम्ति यो एउटा आश्चर्यकर्म थियो, बस यति। यस आश्चर्यकर्मद्वारा लड़ाइँ गर्नको निम्ति दिनको अवधि बढ़ेर गयो। यसको विषयमा श्री चार्लस एच. स्पर्जनले यसो भनेका छन्ः

> 'उहाँले यो आश्चर्यकर्म कसरी पूरा गर्नुभयो? यो कुरा जान्न हाम्रो काम होइन। आश्चर्यकर्महरूको तलाश गरेर ती अलौकिक कामहरू लौकिक तुल्याउन हाम्रो काम पनि होइन, तर ती आश्चर्यकर्महरूको निम्ति हामीले परमेश्वरको महिमा गर्नुपर्छ।'[9]

अब 'याशारको पुस्तक'को कुरा आयो (यहोशू १०ः१३)। यसको शाब्दिक अर्थ 'धर्मीजनको पुस्तक' हो। आजको दिनसम्म यो नाम भएको कुनै पुस्तक प्रमाणित हुन सकेको छैन। यसो हो भने, यो आत्माको प्रेरणाले लेखिएको पुस्तक नै थिएन।

इस्राएली जातिको निम्ति यो लड़ाइँ अत्यन्त कठिन थियो। तिनीहरू रातभरि हिँड़े, र त्यसपछि तिनीहरूले मानव-इतिहासको सबैभन्दा लामो दिनभरि लड़ाइँ गरिरहे। तिनीहरूले हददेखि बाहिर असाधारण प्रकारले आफ्नो बल लगाए र खर्च गरे, यो साँचो हो; तर विजयचाहिँ परमप्रभुकै थियो (यहोशू १०ः१०-११)। यसको विषयमा श्री म्याथ्यू हेनरीले आफ्नो अन्तर्दृष्टिअनुसार निम्न विचार प्रस्तुत गरेका छन्ः

'तर यहोशू र तिनका मानिसहरूलाई किन यत्रो हददेखि बाहिरको बलको खर्च गर्नु आवश्यक पर्‍यो ? के परमेश्वरले तिनलाई "मैले यी शत्रुहरूलाई तिम्रो हातमा दिइसकेको छु" भनेर सुनिश्चित प्रतिज्ञा गर्नुभएको थिएन र ? हो, उहाँले यसो भन्नुभएको थियो, यो सत्य हो; तर परमेश्वरका प्रतिज्ञाहरूको उद्देश्यचाहिँ हाम्रा प्रयासहरू सुस्त पार्नु वा अनावश्यक तुल्याउनु होइन, तर हामीलाई हाम्रा प्रयासहरूमा सचेत गराउनु र उत्साहित तुल्याउनु हो ।' 10)

**यहोशू १०:१६-२७:** यी पाँचजना राजा-हरू मक्केदाको ओड़ारमा फसे; त्यसपछि यिनीहरू मारिए र पाँचवटा रूखहरूमाथि झुन्ड्याइए; अनि अन्तमा यिनीहरू यस ओड़ारभित्र गाड़िए ।

**यहोशू १०:२८-३९:** यस घटनापछि यहोशूले कनानीहरूका निम्न शहरहरू कब्जा गरे, जस्तैः मक्केदा (यहोशू १०:२८), लिब्ना (यहोशू १०:२९-३०), लाकीश (यहोशू १०:३१-३२), गेजेर (यहोशू १०:३३), एग्लोन (यहोशू १०:३४-३५), हेब्रोन (यहोशू १०:३६-३७) र दबीर (यहोशू १०:३८-३९)। यहोशू १०:३७ पदमा उल्लेख गरिएका हेब्रोनका राजाचाहिँ यहोशू १०:२६ पदमा मारिएका राजाको बदलीमा राजा भएका व्यक्ति थिए ।

**यहोशू १०:४०-४३:** यस परिच्छेदमा कनान देशको दक्षिणी भागमाथि चढ़ाइ गरेको अभियानको संक्षिप्त सार पेश गरिएको छ। जब यस अध्यायमा यहोशूले सबै प्राणीहरूलाई पूरा नाश पारे भन्ने कुरा उल्लेख गरिएको छ, तब हामीले यो मोटामोटीको रूपमा लिनुपर्छ, जसरी यस विषयमा श्री हेलीले आफ्नो विचार व्यक्त गरेका छन्:

'... यहोशू यस क्षेत्रमा यति छिटो अघि बढ़े; यसकारण तिनले यो इलाका बासिन्दारहित तुल्याउन सकेनन् । ... तिनले केवल आफूले खेदेका सबैलाई मारे । तर तिनले शत्रुहरू लुक्न सक्ने हरेक जग्गाको खोजतलाश गरेनन् । यो काम आ-आफ्नो अधिकारको भागमा हरेक कुलको जिम्मेवारी थियो ।' 11)

### ञ) यहोशू ११: उत्तरीय इलाकामाथि चढ़ाइ गरेको सैनिक अभियान

**यहोशू ११:१-९:** इस्राएली जातिले हासिल गरिरहेका ठूला-ठूला विजयहरूको खबरले उत्तरका राजाहरूलाई आपसमा एकजुट हुन बाध्य तुल्यायो। तिनीहरू सबैजना गालीलको समुद्रको उत्तरमा मेरोमको पानीमा एकसाथ भेला भए। यहोशू र तिनको सेनाले तिनीहरूलाई आक्रमण गरेर तिनी-हरूलाई पराजित गरे। त्यसपछि यहोशूले परमप्रभुको आज्ञा पालन गर्दै तिनीहरूका घोड़ाहरूको ढोड़नसा काटेर लङ्गड़ा पारे र तिनीहरूका रथहरू आगोमा जलाइदिए। घोड़ाको ढोड़नसा काट्नु भनेको त्यसको खुट्टाको मूल-नसा काटेर त्यसलाई लङ्गड़ा पार्नु हो ।

**यहोशू ११:१०-१४:** राजधानी शहर हासोर जलाइयो; तर डाँड़ा-डाँड़ामाथि खड़ा भएका अरू शहरहरू नाश पारिए, तर जलाइएनन्। हुन सक्छ, यी डाँड़ाहरूमा बसालिएका शहरहरू नजलाउनमा यी शहरहरू ती ठाउँहरूमा बसोबास गर्न लागेका इस्राएलीहरूको निम्ति काममा आउँछन् भन्ने यहोशूको मनसाय थियो होला। यी सबै शहरहरूका बासिन्दाहरू मारिए, र यिनी-हरूको लुटको माल इस्राएलीहरूले लिए। पूरा आज्ञाकारिताले पूर्ण विजय ल्याउँछ (यहोशू ११:१५) ।

**यहोशू ११:१६-२०:** यी पदहरूले दक्षिणमा अवस्थित सेईरदेखि लिएर उत्तरपूर्वमा हर्मोन पहाड़ र उत्तरपश्चिममा लेबानोनको बेंसीसम्म यहोशूले आफ्नो अभियानमा प्राप्त गरेका विजयहरू समेट्छन्। गिबोन शहर नाश हुनदेखि

बाँच्यो। अनि यरूशलेम शहरको कब्जा भएन, तर दाऊदको समयसम्म अपराजित रह्यो। (अनि यहोशू ११:१६ पदमा भनिएको 'गोशेनको जम्मै देश'चाहिँ मिस्र देशमा भएको ठाउँ होइन, तर कनान देशको दक्षिणमा परेको ठाउँ हो।)

**यहोशू ११:२१-२३:** यस खण्डमा अनाकीहरू र यिनीहरूका सबै शहरहरू नष्ट गरिएको बयान गर्दा यिनीहरू गाजा, गात र अश्दोदमा रहेको विशेष जानकारी दिइएको छ। *'देशले लड़ाइँबाट विश्राम पायो'* भन्ने वाक्य हामीले कुन अर्थमा लिनुपर्छ? मुख्य-मुख्य लड़ाइँहरू जितिइसके, तर कतिवटा सानातिना मुठभेड़हरू बाँकी नै थिए।

### ट) यहोशू १२: विजयहरूको संक्षिप्त विवरण

**यहोशू १२:१-६:** यस अध्यायका प्रथम छवटा पदहरूले हामीलाई विगत त्यस समयमा फर्काएर लैजान्छन्, जुन बेलामा परमेश्वरले मोशालाई एमिरीहरूका राजा सिहोन र बाशानका राजा ओगमाथि विजय दिनुभएको थियो। यी विजयहरू इस्राएली जातिले हासिल गरेको सम्पूर्ण विजयको एउटा भाग मानिन्छन्; किनभने यर्दन नदीको पूर्वपट्टि इस्राएलीहरूका अढ़ाइ कुलहरूले यो भूभाग कब्जा गरेर ओगटेका थिए।

**यहोशू ११:७-२४:** परमेश्वरले इस्राएलीहरूलाई तिनीहरूले यर्दन नदी पार गर्नुभन्दा अघि निम्न प्रतिज्ञा गर्नुभयो: *'उहाँले तिनीहरूका राजाहरूलाई तिम्रो हातमा सुम्पिदिनुहुनेछ; अनि तिमीले तिनीहरूको नाम आकाशमनिबाट मेटाइदिनू! जबसम्म तिमीले तिनीहरूलाई नष्ट गर्दैनौ, तबसम्म कोही पनि तिम्रो विरुद्धमा खड़ा हुन सक्नेछैन'* (व्यवस्था ७:२४)। अनि यस खण्डमा एकतीसवटा घटनाहरू उल्लेख गरिएका छन्, जुन घटनाहरूमा परमेश्वरले तिनीहरूप्रति आफ्नो विश्वासयोग्यता प्रमाणित गर्नुभयो (यहोशू १२:७-२४)। यहोशूले यर्दन नदी-देखि पश्चिमपट्टि परेको भूभागमा जम्मा एकतीसजना राजाहरूमाथि विजय प्राप्त गरे।

# खण्ड २
# यहोशू १३-२४:
## प्रतिज्ञाको देशमा बसोबास भएको

### क) यहोशू १३:१-७: कब्जा गर्न बाँकी रहेका इलाकाहरू

**यहोशू १३:१-६:** यतिखेर यहोशू वृद्ध मानिस भइसकेका थिए; तर इस्राएलीहरूले त्यस दिनसम्म तिनीहरूको निम्ति प्रतिज्ञा गरिएको सारा देश ओगटेका थिएनन्। यहोशू १३:२-६ पदहरूको खण्डमा दक्षिण-पश्चिम र उत्तर-पूर्वमा रहेका इलाकाहरूको बेली-बिस्तार गरिएको छ, जुन इलाकाहरूमा अझै पनि अन्यजातिहरूले बसोबास गरिरहेका थिए। हामीलाई थाह भएको कुरा हो, कि यूफ्रेटिस नदीको पूर्वपट्टिको भूमि पनि परमेश्वरले यहूदीहरूलाई दिन्छु भनी प्रतिज्ञा गर्नुभएको थियो, तर आजको दिनसम्म तिनीहरूले सो क्षेत्र आफ्नो अधिकारमा लिन सकेका छैनन्।[12)]

**यहोशू १३:७:** परमप्रभुले यहोशूलाई तिनीहरूले कब्जा गरिसकेको भूमि नौवटा कुलहरू र मनस्सेको आधा कुलको बीचमा बाँड़िदेऊ भन्ने आदेश दिनुभयो।

### ख) यहोशू १३:८-१९:५१: कुलहरूको बीचमा देश भाग-भाग गरिएको

#### अ) यहोशू १३:८-३३: रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग

**यहोशू १३:८-३३:** इस्राएली जातिका अढ़ाइ कुलहरूलाई अघिबाटै यर्दनको पूर्वपट्टि आ-आफ्नो अधिकारको भाग दिइसकेको थियो। यो भाग यस प्रकारले वर्णन गरिएको छः **क)** यहोशू १३:८-१३: अढ़ाइ कुलहरूले ओगटेको सम्पूर्ण भूमिको साँध-सिमानाको बयान, **ख)** यहोशू १३:१५-२३: रूबेन कुलको सिमानाको बयान, **ग)** यहोशू १३:२४-२८: गाद कुलको सिमानाको बयान र **घ)** यहोशू १३:२९-३१: मनस्सेको आधा कुलको सिमाना बयान गरिएको छ।

लेवीहरूले कुलको रूपमा कुनै अधिकारको भाग पाएनन् (यशोशू १३:१४); किनभने यो कुल पूजाहारीहरूको कुल थियो, अनि परमप्रभु तिनीहरूको विशेष अधिकारको भाग हुनुहुन्थ्यो (यहोशू १३:३३)।

कुलहरूको कुल-सङ्ख्याबाट लेवी कुल घटाउँदा जम्मा एघारवटा कुलहरू बाँकी रहे; तर यूसुफका दुईजना छोराहरू एप्रैम र मनस्सेचाहिँ यूसुफको स्थानमा गाभिए; यसो गर्दा इस्राएलीहरूका कुलहरूको सङ्ख्या फेरि बाह्र भयो। यूसुफका दुईजना छोराहरू इस्राएलीहरूका कुलहरूमा किन गाभिए? किनभने याकूबले आफ्नो मृत्युभन्दा अघि यिनीहरूलाई धर्मपुत्रको रूपमा अपनाएका थिए (उत्पत्ति ४८:५)।

यर्दन नदीको पूर्वपट्टि मारिएकाहरूमध्ये बओरको छोरा बालम पनि थिए भन्ने कुरा यहाँ एउटा विशेष जानकारी भएछ (यहोशू १३:२२)। किनभने त्यस दुष्ट अगमवक्ताले परमप्रभुका जनहरूमाथि भयङ्कर विपत्ति ल्याएको कुरा उहाँले भुल्नुभएको थिएन (गन्ती २३-२५)। *'यो जानिराख, कि तिमीहरूको पापले तिमीहरूलाई फेला पार्ने नै छ'* (गन्ती ३२:२३)।

यहोशू १३:२५ पदमा एउटा चाखलाग्दो समस्या छ। गाद कुलले अम्मोनीहरूको देशको केही भाग अधिकार गरे; अनि यो कुरा तिनीहरूलाई मनाही गरिएको थियो (व्यवस्था २:१९)। तर एमोरीहरूका राजा सिहोनले केही समयअघि यो भूमि अम्मोनीहरूको हातबाट लिएका थिए र आफ्नो राज्यमा गाभेका थिए, आफ्नो राज्य तुल्याएका थिए। यसकारण जुन बेलामा इस्राएली जातिले यो भूमि राजा सिहोनको हातबाट लिए, त्यस बेलामा त्यो अम्मोनीहरूको भाग थिएन।

यहोशू १३:२६ पदमा दबीर नामक शहरको कुरा गरिएको छ, जुन दबीर शहरचाहिँ बाह्र अध्यायमा चर्चा गरिएको दबीर शहर होइन; किनभने यहाँ उल्लेख गरिएको दबीर शहर यर्दनको पूर्वमा परेको थियो, तर यहोशूले कब्जा गरेको दबीर शहर यर्दनको पश्चिममा परेको थियो।

#### आ) यहोशू १४-१५: यहूदा कुलको अधिकारको भाग

**यहोशू १४:१-५:** यर्दनको पश्चिमपट्टि कब्जा गरिएको भूमि इस्राएली जातिका साढ़े नौ कुलहरूको बीचमा बाँड़चुँड़ गर्ने काम यस अध्यायको शुरुको सन्दर्भ भएको छ। परमप्रभुले मोशालाई चिट्ठा हालेर जमिन बाँड्ने आज्ञा गर्नुभएको थियो। यसको अर्थ यही हो, कि इस्राएलीहरूका कुलहरूले पाउनुपर्ने आ-आफ्नो भागको निर्धारित स्थान चिट्ठा हालेर पत्ता लगाइयो, तर एक-एक कुलको जनसङ्ख्याअनुसार तिनीहरूको अधिकारको भागको क्षेत्रफल ठहराइयो (गन्ती २६:५३-५६)।

**यहोशू १४ः६-१५ः** यस सूचिको प्रथम स्थानमा यहूदा कुल छ (यहोशू १४ः६-१५ः६३)। यहूदाका मानिसहरूले इस्राएली-हरूका भुण्डहरू अगुवाइ गर्थे (गन्ती १०ः१४)। तिनीहरू सङ्ख्यामा सबैभन्दा धेरै थिए, र तिनीहरूको सेनाबल सबैभन्दा बढ़ी भएको थियो, छयहत्तर हजार योद्धाहरू थिए।

यहूदा कुलको साँधसिमाना छुट्ट्याउनुभन्दा अघि परमेश्‍वरको आत्माले यहाँ, यस ठाउँमा कालेबले हेब्रोन शहर मागेको उनको उच्च विन्ती हाल्नुभयो। यति बेलामा कालेब पच्यासी वर्ष पुगेका थिए। तर उनको विश्‍वास, उनको साहस र उनको बल घटेको थिएन। उनले अझै पनि केही आत्मिक लड़न्तहरू जित्ने आशा गरे; उनले आफ्नो अधिकारको भागको रूपमा हेब्रोन पाए।

यहाँ हेब्रोन भन्नाले त्यो शहर मात्र होइन, तर त्यसको वरिपरि भएका इलाकाहरू पनि बुझिन्छ (यहोशू १४ः१२)। हेब्रोन शहरचाहिँ यहोशूले अघि जितिसकेका थिए (यहोशू १०ः३६-३७)। अनि त्यो शहर पछिबाट पूजाहारीहरूलाई दिइयो; तर त्यसको वरिपरि भएका इलाकाहरूचाहिँ कालेबले आफ्नो अधिकारको भागको रूपमा पाए।

पैंतालीस वर्षअघि भयानक महामारीले अविश्‍वासी जासुसहरूको प्राण लिएको बेलामा कालेब बचेका थिए (गन्ती १४ः३६-३८)। उनी उजाड़स्थानको यात्राभरि पनि जोगिए। अनि उनी वर्षौंदेखि कनान देशमा चलिरहेको लड़ाइँमा पनि बाँचे। अनि अबचाहिँ उनलाई निश्‍चित रूपले थाह थियो, कि जुन परमेश्‍वरले उनलाई उनको विश्‍वासको इनाम दिन्छु भनेर प्रतिज्ञा दिनुभएको थियो, र हालैसम्म उनलाई जीवित राख्नुभयो, ती परमेश्‍वरले उनलाई अनाकी-हरूको हातमा सुम्पन सक्नुहुन्नथियो। यसकारण अनाकीहरू भीमकाय मानिसहरू भए उनको निम्ति यो के मतलब? ती अनाकीहरू उनको अधिकारको भागमा बसे; यसकारण उनले परमेश्‍वरको शक्तिमा तिनीहरूलाई धपाउनेथिए। उनले अझ पनि सबै कुराहरू विश्‍वासको आँखाले देख्थे, देखा परेको बाहिरीय रूपअनुसार होइन। उनको जीवनमा आत्मिक बल रहिरहेको रहस्य यसैमा थियो; अनि उनले अचम्म रीतिले हासिल गरेका सफलताहरूको रहस्य पनि यसैमा थियो। उनी पच्यासी वर्ष पुगे, तर उनले आफ्नो अधिकारको भाग नपाएसम्म अवकाश लिनेथिएनन्।

**यहोशू १५ः१-१२ः** यहूदा कुलको अधिकारको भागका साँधसिमानाहरूको वर्णन यस खण्डमा दिइएको छ (यहोशू १५ः१-१२)। वर्तमान समयमा त्यसको सिमाना कहाँदेखि कहाँसम्म परेको थियो, सो निश्‍चित रूपले भन्न सकिँदैन होला। यसो हो भने, पवित्र बाइबलमा ती सबै बेलीबिस्तारहरू किन समावेश भए, सो कुराले कसै-कसैलाई अचम्म तुल्याउला। यस प्रश्‍नको उत्तर यस प्रकारको छः यी बेलीबिस्तारहरू परमेश्‍वरको निम्ति महत्त्वपूर्ण छन्, र आत्माको प्रेरणाले लेखिएका वर्णनहरू हुन्; यसकारण हाम्रो निम्ति लाभदायक हुन्छन्, र आत्मिक पाठहरूले भरपूर हुन्छन्।

**यहोशू १५ः१३-२०ः** कालेबले हेब्रोन शहरमाथि चढ़ाइ गरेको हमलाको विवरण यहोशू १५ः१४ पदमा दिइएको छ। उनले किर्यत-सेपेर अर्थात् दबीर शहर कब्जा गर्ने व्यक्तिलाई इनामको रूपमा आफ्नी छोरी अक्सा विवाह गरिदिने प्रण गरे (यहोशू १५ः१६)। कालेबका भतिजा ओत्निएलले त्यो शहर कब्जा गरे र दुलहीलाई प्राप्त गरे (यहोशू १५ः१७)। यी ओत्निएल पछि इस्राएली जातिको प्रथम न्यायकर्ता भए (न्यायकर्ता ३ः९)। अक्साले ओत्निएललाई आफ्नो पिताबाट एउटा विशेष जमिन माग्न उक्साइन् (यहोशू १५ः१८)। 'तपाईंले मलाई

जमिन त दिनुभयो' भनेर यिनले भनेका शब्दहरूबाट यो पत्तो लाग्छ, कि ओत्निएलले आफ्नी पत्नीले तिनलाई अह्राएको काम गरे र त्यो जमिन पाए; त्यसपछि अक्साले आफ्नो पितालाई 'मलाई माथिल्ला र तल्ला मुहानहरू दिनुहोस्' भन्ने विन्ती गरिन् ।

दबीर र हेब्रोनजस्तै कुनै-कुनै शहरहरू तिनीहरूले एकैपल्ट मात्र होइन, तर त्योभन्दा बढ़ी जित्नुपर्‍यो; किनकि कनानीहरूले छापामार युद्ध-प्रणाली अपनाउँथे (दस अध्यायका टिप्पणीहरू हेर्नुहोस् !) । अनि यो पनि हामीले ख्याल राख्नुपर्छ, कि कति शहरहरूको एउटै नाम थियो, दबीरजस्तै ।

**यहोशू १५ :२१-६३ :** यस खण्डमा यहूदा कुलको अधिकारको भागमा परेका शहरहरू सूचित गरिएका छन् । इस्राएली जातिका पितापुर्खाहरूको अध्ययन गरेको सिल-सिलामा हामी हेब्रोनसित सुपरिचित छौं (यहोशू १५ :५४) । हेब्रोनचाहिँ किर्यत-अर्बा र माम्रे पनि भनिन्छ; हेब्रोनसँग अब्राहाम, इसहाक र याकूब परिचित थिए (उत्पत्ति १३ :१८ र ३५ :२७); अनि उनीहरू त्यहाँ गाड़िए (उत्पत्ति २३ :१७-२०) । अनि हुन सक्छ, यही कुराले आत्मिक दृष्टिकोणले हेर्ने कालेबको निम्ति हेब्रोन यति अमूल्य तुल्यायो । बेर-शेबाको अर्थ 'शपथको इनार' हो (यहोशू १५ :२८); इस्राएलीहरूका पितापुर्खाहरूले त्यस ठाउँमा धेरै समय बिताएका थिए । यो त कबुलको नवीकरण गर्ने, आफू ताजा बन्ने र विश्राम लिने ठाउँ पो थियो (उत्पत्ति २१ :३१, २६ :३३ र ४६ :१) । यहोशू १५ :६३ : यबूसीहरूले यरूशलेम शहर दाऊदको शासनकालसम्म आफ्नो अधिकारमा राखेका थिए; त्यसपछि मात्र तिनीहरूलाई सधैंको निम्ति यरूशलेमबाट धपाइयो (२ शमूएल ५ :६-७) ।

यी शहरहरू यहूदा कुलको निम्ति प्रशस्त पैतृक सम्पत्ति थिए, साथै तिनीहरूलाई उत्साह दिने र तिनीहरूको विश्वास बलियो पार्ने ठूलो प्रोत्साहन दिने कारण थिए; किनकि अब्राहाम, इसहाक र याकूबका परमेश्वरले प्राचीनकालमा गर्नुभएको आफ्नो प्रतिज्ञा हालैमा पूरा गर्नुभयो, र उहाँ आफ्ना छोरा-छोरीहरूको बीचमा हुनुहुन्थ्यो ।

जब हामी यहोशू १५ :२१-३२ पदहरूको खण्डमा उल्लेख गरिएका शहरहरू गन्ती गर्छौं, तब जम्मा अठतीसवटा शहरहरू पाउँछौं, तर यहोशू १५ :३२ पदले बताएअनुसार केवल उन्तीसवटा शहरहरू हुनुपरेको थियो । तर अठतीसवटा शहरहरूमा नौवटा शहरहरू शिमोन कुलको अधिकारको भाग थिए; किनभने शिमोन कुलले यहूदाको सिमानाअन्तर्गत आफ्नो अधिकारको भाग पायो (यहोशू १९ :१-९) । यसो हुँदा केवल उन्तीसवटा शहरहरू यहूदाका भए । अनि यहोशू १५ :३३-३६ पदहरूको खण्डमा पनि यस्तै किसिमको समस्या छ; पन्ध्रवटा शहरहरूका नाम छन्; तर हुन सक्छ, गदेरा र गदेरोतैम – यी दुईवटा नामहरू एउटै शहरको नाम हुनु सम्भव छ; तब यहोशू १५ :३६ पदमा बताइएका चौधवटा शहरहरूको सङ्ख्या सठीक हुन जान्छ ।[13)]

यस खण्डको अन्तिम पद याद गर्नु लायकको रहेछ (यहोशू १५ :६३) । किनभने यरूशलेम शहरको माथिल्लो भाग, जसको नाम सियोन पर्वत हो, दाऊदको शासन-कालसम्म कब्जा गरिएन । यहूदा कुलले यरूशलेम शहरको तल्लो भागचाहिँ आफ्नो हातमा लियो (न्यायकर्ताहरू १ :८); तर त्यो भाग पनि यबूसीहरूले फेरि कब्जा गरे (न्यायकर्ताहरू १ :२१) । यरूशलेम शहर बिन्यामिन कुलको अधिकारको भाग र यहूदा कुलको अधिकारको भागको रूपमा यस सूचिमा हालियो (यहोशू १८ :२८); किनकि यो शहर यी दुवै कुलहरूको सिमानामा अवस्थित थियो ।

### इ) यहोशू १६-१७ः यूसुफको अधिकारको भाग

**यहोशू १६ः१-४ः** अब यूसुफको कुलको पालो आयो। यूसुफलाई दुई गुणारूपी जेठाको अधिकार दिइएको थियो (१ इतिहास ५ः१), जुन अधिकारचाहिँ रूबेनले गुमाइ-पठाएका थिए (उत्पत्ति ४९ः४)। यूसुफको क्षेत्रफलका साँधसिमानाहरूको विषयमा यहोशू १६ः१-४ पदको खण्डमा लेखिएको छ। यो क्षेत्रचाहिँ एप्रैम र मनस्सेको त्यस आधा कुलको बीचमा बाँड़िएको थियो, जुन आधा कुलले चाहिँ यर्दनको पश्चिमपट्टि बसोबास गर्‍यो।

**यहोशू १६ः५-१०ः** एप्रैम कुलको साँधसिमाना यस खण्डमा वर्णन गरिएको छ। यसको दस पदमाथि विशेष ध्यान लगाउनुहोस्! एप्रैमीहरूले कनानीहरूलाई धपाउन सकेनन्; तिनीहरूको यस असफलताले आउँदो समयमा इस्राएली-हरूमाथि निक्कै दुःख ल्याउनेथियो।

**यहोशू १७ः१-१३ः** एक पदअनुसार मनस्से कुलको आधा पैतृक सम्पत्ति यर्दनको पूर्वपट्टि गिलाद र बाशानमा परेको थियो भने यस कुलको अर्को आधा भागचाहिँ यर्दनको पश्चिमपट्टि परेको थियो (यहोशू १७ः७-११)। यर्दनको पश्चिममा मनस्से कुलको अधिकारको भागको उत्तरमा कनानीहरूका छवटा किल्लाबद्ध शहरहरू अवस्थित थिए, जस्तैः बेत-शान, यिब्लाम, डोर, एन्-डोर, तानाक र मगिद्दो (यहोशू १७ः११-१२)।

एप्रैमका कुनै-कुनै शहरहरू मनस्सेको साँधसिमानाभित्र परेका थिए भने, मनस्सेका केही शहरहरूचाहिँ आशेर र इस्साकारको साँधसिमानाभित्र परेका थिए (यहोशू १७ः७-१२)।

सलोफादका छोरीहरूले मनस्सेका छोरा-हरूसँगै अधिकारको भाग पाए, जसरी परमेश्वरले मोशालाई आज्ञा गर्नुभएको थियो (यहोशू १७ः३-४; गन्ती २७ः१-७)। सलोफादको परिवारमा छोराहरू नभए ता पनि यिनको अधिकारको भाग सुनिश्चय गर्नको निम्ति यसो गरिएको हो। यिनका छोरीहरूले आफ्नै कुलभित्र विवाह गर्नुपरेको थियो; किनभने मनस्सेको अधिकारको भाग अन्तरविवाहको कारणले अर्को कुलमा गाभिनुहुँदैनथियो (गन्ती ३६ः१-१३)।

**यहोशू १७ः१४-१८ः** एप्रैम कुल र मनस्से कुलले यर्दनको पश्चिमपट्टि आसपासमा आ-आफ्नो अधिकारको भाग पाइसकेपछि तिनीहरूले यहोशूसँग 'तपाईंले हामीलाई किन केवल एउटै हिस्सा दिनुभएको' गुनासो गरे (यहोशू १७ः१४)। अनि तिनीहरूको अधिकारको भागको उत्तरमा किल्लाबद्ध शहरहरू थिए, जुन शहरहरूले गर्दा तिनीहरूले त्यतातिर आफ्नो सिमाना बढ़ाउन सक्दैनथिए (यहोशू १७ः१६)। तर यहोशूले तिनीहरूका सबै आपत्तिहरू रद्द गरे र यी तर्कहरू तिनीहरूको विरोधमा फर्काए। तिनीहरूको भनाइ ठिक्कै थियो; हो, तिनीहरू धेरै जनसङ्ख्या भएका कुलहरू थिए र तिनीहरूलाई बढ़ी जमिनको खाँचो परेको थियो (यहोशू १७ः१४)। यसो भए तिनीहरूले आफ्नो जन र श्रमको शक्ति लगाएर आफ्नो भागमा परेको जङ्गल फाँड़्नुपरेको थियो र त्यहाँ बसोबास गर्नुपरेको थियो (यहोशू १७ः१५)। 'तर हाम्रो सिमानाभित्र बस्ने कनानीहरूसँग फलामका रथहरू छन्' भनेर तिनीहरूले गनगन गरे (यहोशू १७ः१६)। तब तिनीहरूलाई आश्वासन गर्न यहोशूको जवाफ यस प्रकारको थियोः 'यी कनानीहरूलाई निकाल्न सक्न तिमीहरूसँग उनीहरूको भन्दा बढ़ी शक्ति छ' (यहोशू १७ः१८)। चौध पदमा 'एउटा हिस्सा'को अर्थ यर्दनको पश्चिमपट्टि एप्रैम कुल र मनस्से कुलले सँगसँगै पाएको

अधिकारको भाग बुझिन्छ। अनि जब यहोशूले 'तिमीहरूको एउटै मात्र अधिकारको भाग हुनेछैन' भने, तब तिनको भनाइको अर्थ तिनीहरूले अतिरिक्त जमिन पाउनेथिएनन्, तर तिनीहरूलाई दिइसकेको सारा भूमि तिनीहरूले आफ्नो अधिकारमा लिनुपरेको थियो ।

### ई) यहोशू १८-१९: बाँकी कुलहरूको अधिकारको भाग

**यहोशू १८:१:** इस्राएलीहरूले आफ्नो छाउनी गिल्गालदेखि शीलोमा सारे। अनि यहाँ भेट हुने पाल टाँगियो; अनि भविष्यवक्ता शमूएलको पालोसम्म त्यो भेट हुने पाल त्यहीं रहिरह्यो । अब बाँकी देश भाग-भाग गरिने काम अघि बढ्दैछ ।

**यहोशू १८:२-१०:** यहूदा र यूसुफका कुलहरूले चिट्ठा हालीकन आ-आफ्नो अधिकारको भाग पाए, तर अझै पनि सात कुलहरू बाँकी थिए, जसले यर्दनको पश्चिमपट्टि आ-आफ्नो अधिकारको भाग पाएका थिएनन् । यसकारण बाँकी सातवटा कुलहरूलाई चिट्ठा हालेर तिनीहरूको अधिकारको भाग दिन सक्नको निम्ति यहोशूले एक-एक कुलबाट तीन-तीनजनाको टोली भूमिको सर्वेक्षण गर्न पठाए ।

**यहोशू १८:११-२८:** यहोशू १८:११-२० पदको खण्डमा बिन्यामिन कुलको अधिकारको भागमा पर्ने साँधसिमानाहरू दिइएका छन् भने, यहोशू १८:२१-२८ पदको खण्डमा यसका शहरहरू उल्लेख गरिएका छन् । बिन्यामिनको अधिकारको भाग सानो थियो, तर एकदम राम्रो थियो । यस कुलले प्रतिज्ञाको देशको मुटु सम्झिएको सबैभन्दा महत्त्वपूर्ण भाग ओगटेको थियो; अनि यस कुलका साँधसिमानाहरूभित्र इस्राएलीहरूले कनान देशमा गरेको परिश्रमको पहिलो फल-स्वरूप गिल्गाल र यरिहोजस्तै त्यसका पहिलो फल मानिएका शहरहरू परेका थिए ।

किनकि गिल्गाल बिन्यामिनको सिमानाभित्र परेको थियो, जहाँ इस्राएली-हरूले यर्दन नदीको पश्चिममा प्रथम छाउनी हालेका थिए । गिल्गालमा बाह्रवटा ढुङ्गाले बनिएको यो स्मारक थियो, जुन स्मारकले परमेश्वरको अलौकिक कार्यद्वारा तिनीहरूले कसरी यर्दन नदी तरे, सो अद्‌भुत घटनाको साक्षी दिन्थ्यो । त्यही ठाउँमा इस्राएलीहरूले कनान देशमा पहिलो पल्ट निस्तार चाड़ मनाए, र देशको उब्जनीबाट खान थाले । त्यस ठाउँमा इस्राएली जातिका पुरुषहरूको खतना गरियो र तिनीहरूबाट मिस्र देशको निन्दा हटाइयो । ऐतिहासिक दृष्टिकोणले हेर्नु हो भने, सारा कनान देशभरि गिल्गालजस्तै महत्त्वपूर्ण घटनास्थल अरू कुनै छैन; किनकि अरू कुनै ठाउँले हामीलाई यति धेरै आत्मिक पाठहरू सिकाउँदैनथियो ।

बिन्यामिनको अधिकारको भागमा परेको भूमिमा आजको दिनमा पनि यरिहो शहरका भग्नावशेषहरू अझ देखिन्छन् । एक समयमा जित्तै नसक्ने ठानिएका त्यसका पर्खालहरू अब जमिनसित बराबर सम्म भए । राहाबको घरको एक भाग परमेश्वरको अनुग्रहको साक्षीको रूपमा खड़ा रहिरहेको छ; उहाँको अनुग्रहले कार्यकारी हुन हामीमा सधैं विश्वास खोजिरहेको हुन्छ । 'लड़ाइँ परमप्रभुको हो' भन्ने एउटा ताजा सम्झनाको आवश्कता परेको जुनसुकै बिन्यामिनी मानिसले इच्छा गर्‍यो भने यस घटनास्थलको भ्रमण गर्न सक्नेथियो ।

बेतेल, जसको अर्थ 'परमेश्वरको घर' हो, यस ठाउँले बिन्यामिनीहरूलाई तिनीहरूका पितापुर्खाहरूको विश्वासको सम्झनाको साथै इस्राएली जातिका ईश्वरीय उद्धारकको विश्वासयोग्यताको याद दिलाउँथ्यो (उत्पत्ति २८:१८-२२ र ३५:१-१५) ।

अनि यरूशलेमचाहिँ इस्राएलीहरूको भावी राजधानी हुनेथियो। तर समयले यिशाईका पुत्रको निम्ति पर्खनुपरेको थियो, जसले यबूसीहरूलाई आक्रमण गर्नेथिए र यिनीहरूलाई यिनीहरूको किल्लाबद्ध पर्वत-बाट निकालिदिनेथिए।

बिन्यामिन कुलको भूभाग भूतकाल, वर्तमानकाल र भविष्यका आशिषहरूका अनेकौं चिन्ह र प्रमाणहरूको घेराभित्र अवस्थित छ। याकूबका कान्छा छोराको अधिकारको भाग कति आशिषले भरपूर र कति सुन्दर छ ! !

**यहोशू १९:१-९ः** शिमोन कुलको अधिकारको भाग यहूदा कुलको भागको बीचमा पर्न गयो। किनकि यहूदा कुलको भागमा परेको क्षेत्रफल यति ठूलो थियो, कि तिनीहरूले यसको सबै जमिन ओगट्न सकेनन्; यसकारण यसबाट शिमोनलाई केही अंश दिइयो। यसरी याकूबले शिमोनको सम्बन्धमा बोलेको भविष्यवाणी पूरा भएको हो, जसले यसो भनेका थिएः *'म तिनीहरूलाई याकूबमा बाँड़िदिनेछु, र तिनीहरूलाई इस्राएलमा तिनरबितर पारि-दिनेछु'* (उत्पत्ति ४९:७)।

यहोशू १९:२ पदमा उल्लेख गरिएका बेर-शेबा र शेबा सम्भव एउटै ठाउँका नामहरू हुन्; यसकारण यहोशू १९:६ पदको गन्ती-अनुसार जम्मा तेह्रवटा शहरहरू थिए। यस खण्डमा अधिकारको भागको सिमाना कहाँ-कहाँ परेको थियो, सो कुराको बेलीबिस्तार गर्न कति शहरहरूका नामहरू उल्लेख गरिए, यद्यपि ती शहरहरूमध्ये कतिचाहिँ यस अधिकारको भागभित्र परेनन्। यसकारण यहोशू १९:१५, ३० र ३८ पदमा दिइएको सङ्ख्या उल्लेख गरिएका शहरहरूका नामहरूसित मेल खाँदैन।

**यहोशू १९:१०-३९ः** त्यसपछि बाँकी पाँचवटा कुलहरूको साँधसिमाना छुट्ट्याइयोः जबूलूनको अधिकारको भाग (यहोशू १९:१०-१६); इस्साकारको अधिकारको भाग (यहोशू १९:१७-२३); आशेरको अधिकारको भाग (यहोशू १९:२४-३१), नप्तालीको अधिकारको भाग (यहोशू १९:३२-३९) र दानको अधिकारको भाग (यहोशू १९:४०-४८)। दान कुलले यहूदाको अधिकारको भागभित्र परेका केही शहरहरू पाए (यहोशू १९:४१ पद यहोशू १५:३३ पदसँग तुलना गर्नुहोस् !)।

**यहोशू १९:४०-४८ः** दान कुलको निम्ति निर्धारित गरिएको अधिकारको भाग देशको दक्षिण-पश्चिममा परेको थियो, जसको पश्चिमी सिमाना भूमध्यसागर थियो र जसभित्र जोप्पा र एक्रोन शहरहरू परेका थिए (यहोशू १९:४०-४६)। पछि जब तिनी-हरूको निम्ति यो भाग साह्रै सानो हुन गयो, तब दान कुलबाट कतिजना मानिसहरूले उत्तरपूर्वमा गएर लेशेम अर्थात् लेशमा आफ्नो बसाइ सरे र त्यस शहरको नाम दान राखे (यहोशू १९:४७-४८ पदहरू न्यायकर्ताहरू १८ अध्यायसँग तुलना गर्नुहोस् !)।

**यहोशू १९:४९-५२ः** एकाउन्न पदमा आएर देश भाग-भाग लाउने काम सकियो। अब बीस अध्यायमा शरण-नगरहरू छुट्ट्याइनुपरेको थियो; अनि लेवीहरूका शहरहरू नियुक्त गर्न बाँकी नै थियो (यहोशू २१)। तर यहोशूको जिम्मामा भएको तिनको काम प्रायः सिद्धिसकेको थियो। तिनले परमप्रभुको वचनअनुसार एप्रैमको पहाड़ी इलाकामा भएको तिम्नत-सेरह शहर पाए (यहोशू १९:५०)।

### ग) यहोशू २०ः शरण-नगरहरू

तिनीहरूले अर्को कदम चाल्नु थियो, र यर्दन नदीको दुवैपट्टि तीन-तीनवटा शरण-नगरहरू छुट्ट्याएर जम्मा छवटा शरण-

नगरहरू अलग गर्नुपरेको थियो, जहाँ कसैको ज्यान अनजान लिनेले रगतको बदला लिनेबाट भागेर शरण लिन पाउँथ्यो। अब नर-हत्याको कुरा आयोः कसैलाई अनजानमा मार्नु कानुनी भाषामा हत्या भनिँदैन। अनि रगतको बदला लिने भन्नाले प्रायः मारिएको व्यक्तिको नजिकको नातेदार बुझिन्थ्यो, जसले मारिएको आफन्तको निम्ति ज्यान-माराबाट बदला लिन चाहन्थ्यो। यदि ज्यानमारा भागेर कुनै शरण-नगरमा पुग्न सफल भयो भने, उसले त्यहाँ प्रधान पूजाहारीको मृत्यु नहोउन्जेल शरण पाउँथ्यो। अनि प्रधान पूजाहारीको मृत्यु भएपछि ऊ सुरक्षासाथ आफ्नो शहरमा फर्कन सक्थ्यो।

**शरण-नगरहरू**

शरण-नगरहरू चाखलाग्दो विषय बनेका छन् र धर्मविज्ञानको हिसाबमा महत्त्वपूर्ण पनि छन्। यी शरण-नगरहरूका दस्तुरहरूको विषयमा श्री जर्च म्याकलियरले निम्न बेलीबिस्तारहरू प्रस्तुत गरेका छन्ः

'यो यहूदी टिप्पणीकारहरूले भनेको कुरा होः पछिका समयहरूमा यहूदीहरूको बीचको चलन यस्तो थियोः तिनीहरूले अनजानमा ज्यानमारा भएको व्यक्तिको उपयोगको निम्ति शरण-नगरहरूतिर जाने सबै सड़कहरू सफा र सकेसम्म असल अवस्थामा राख्नुपर्थ्यो। शरण लिन खोज्ने मानिसको भगाइमा कुनै ढिलाइ नहोस् भन्ने हेतुले ती सड़कहरूमा थुम्कीहरूरूपी अवरोधहरू उठेका हुनुहुँदैनथियो, हरेक खोलानाला र नदीमाथि पुल बनाइएको हुनुपर्थ्यो। अनि ती सड़कहरूको चौड़ाइ कम्तीमा बत्तीस हात हुनुपर्थ्यो। यस अभागी शरणार्थीको सहायताको निम्ति हरेक दोबाटोमा "शरणस्थान" लेखिएको तख्ता राखिन्थ्यो। कुनै ज्यानमारा शरण-नगरमा आए र उसको मामिला छिनाफाना भएपछि तिनीहरूले उसको निम्ति बस्ने उचित डेराको प्रबन्ध गर्थे र उसले आफ्नो जीविका आफूले चलाउन सकोस् भनेर उसलाई कुनै कामधन्दा सिकाउँथे अरे।' 14)

यी शरण-नगरहरूले इस्राएली जातिलाई चित्रण गर्छन्, जुन जाति आफ्नो मसीहको हत्याको सम्बन्धमा दोषी भयो। ख्रीष्ट येशू त्यो शरण-नगर हुनुहुन्छ, जहाँ पश्चात्ताप गर्ने इस्राएली जाति भागेर जान सक्छ र शरण पाउँछ। श्री डी. एल. मूडिले यस विषयमा निम्न विचार व्यक्त गरेका छन्ः 'शरण-नगरहरू ख्रीष्ट येशूको प्रतीक हुन्, र यही कारणले ती शरण-नगरहरूका नामहरू महत्त्वपूर्ण छन्।' 15)

शरण-नगरहरूका नामहरू र यी नामहरूको अर्थ यस प्रकारका छन्, जस्तैः

यर्दन नदीको पश्चिमपट्टि अवस्थित भएका शरण-नगरहरूः

**क)** केदेश, जसको नामको अर्थ 'पवित्रता' हो।
**ख)** शेकेम, जसको नामको अर्थ 'शक्ति' हो।
**ग)** किर्यत-अर्बा वा हेब्रोन, जसको 'सङ्गति' हो।

यर्दन नदीको पूर्वपट्टि अवस्थित भएका शरण-नगरहरूः

**क)** रामोत-गिलाद, जसको अर्थ 'उचाइ' वा 'उत्थान' हो।
**ख)** गोलान, जसको अर्थ 'खुशी' हो।
**ग)** बेजेर, जसको अर्थ 'किल्लाबद्ध गढ़' वा 'सुरक्षा' हो।

यसरी यी शरण-नगरहरूका नामहरूले सङ्केत गरेको हरेक आशिष ख्रीष्ट येशूमा उपलब्ध हुन्छ। कनान देशको मानचित्रमा हेर्दा के देखिन्छ भने, यी शरण-नगरहरू भौगोलिक हिसाबले

ठीक-ठीक ठाउँमा अवस्थित थिए, ताकि यी शहरहरू देशको जुनै पनि ठाउँबाट तीस माइलभन्दा बढ़ी टाढ़ामा थिएनन्। श्री डी. एल. मूडीले यस तथ्यबाट निम्न व्यावहारिक प्रयोग निकालेका छन्ः

'यी शरण-नगरहरू देशको हरेक भागबाट सजिलोसँग पुग्न सक्ने किसिमले अवस्थित थिए; ठीक त्यसरी नै ख्रीष्ट येशू पनि खाँचोमा परेको हरेक पापी मानिसको निम्ति अति सहजसँग पाइने शरणस्थान हुनुहुन्छ (१ यूहन्ना २ः१-२)।' [16]

यी शरण-नगरहरूमा ज्यानमारालाई दिइएको अस्थायी उद्धार र ख्रीष्ट येशूमा पापी मानिसलाई प्रदान गरिने अनन्त मुक्तिको बीचमा निम्न समानताहरू विचार गर्नुहोस्ः

**शरण-नगरहरूः**

**क)** शरण-नगरमा पुऱ्याउने सड़कहरू सफा थिए र नामका तख्ताहरूद्वारा राम्ररी चिनाइएका थिए।

**ख)** यी शरण-नगरहरू देशको हरेक भागबाट सजिलोसँग पुग्न सक्ने किसिमले देशभरि अवस्थित थिए।

**ग)** सङ्कष्टमा परेको मानिसले शरण-नगरमा शरण लिन्थ्यो।

**घ)** दोषी व्यक्तिको निम्ति कुनै तटस्थ क्षेत्र नै हुँदैनथियो; कि त ऊ कुनै शरण-नगरमा शरण लिएर सुरक्षित हुन्थ्यो, कि त ऊ रगतको बदला लिनेको हातमा परेर त्यसको क्रोधको पात्र हुन्थ्यो।

**ख्रीष्ट येशूः**

**क)** मुक्तिको बाटो पनि ठीक यस्तै सुस्पष्ट छः कसैले बाटो बिराउन सक्दैन, कोही हराउन सक्दैन।

**ख)** ख्रीष्ट येशू सबै मानिसहरूको निम्ति सजिलैसँग भेट्टाउन सकिने मुक्तिदाता हुनुहुन्छ।

**ग)** प्रभु येशूकहाँ शरण लिन मानिसहरूको जीवनमा सङ्कष्टहरू आउनु जरुरी छ।

**घ)** हाम्रो विषयमा पनि कुरा यस्तै छः कि त हामी ख्रीष्ट येशूमा सुरक्षित हुन्छौं, कि त परमेश्वरको क्रोधको पात्र हुन्छौं (यूहन्ना ३ः३६)।

### घ) यहोशू २१ः लेवीहरूका शहरहरू

**यहोशू २१ः१-४२ः** परमप्रभुले गन्ती ३५ः२-८ पदको खण्डमा आज्ञा गर्नुभए-अनुसार लेवीहरूको निम्ति यी छवटा शरण-नगरहरू लगायत जम्मा अठचालीसवटा शहरहरू र खर्कको रूपमा तिनका खुला जमिनहरू दिइए (यहोशू २१ः४१)।

*कहातीहरूको अधिकारको भागः*

**क)** हारूनका छोराहरू अर्थात् पूजाहारीहरूको अधिकारको भागचाहिँ यहूदा, शिमोन र बिन्यामिनका कुलहरूको भागबाट तेह्रवटा शहरहरू थिए।

**ख)** बाँकी कहातीहरूको अधिकारको भागचाहिँ एप्रैम, दान र मनस्सेको आधा कुलको भागबाट दसवटा शहरहरू थिए।

*गेर्शोनीहरूको अधिकारको भागः*

तिनीहरूको अधिकारको भागचाहिँ इस्साकार, नप्ताली र मनस्सेको आधा कुलको भागबाट तेह्रवाट शहरहरू थिए।

*मरारीहरूको अधिकारको भागः*

यिनीहरूको अधिकारको भागचाहिँ रूबेन, गाद र जबूलूनका कुलहरूको भागबाट बाह्रवटा शहरहरू थिए।

यहूदा र शिमोनका कुलहरूले बाहेक अरू सबै कुलहरूमध्ये एक-एक कुलले लेवी-हरूलाई चार-चारवटा शहरहरू दियो। यी दुईवटा कुलहरूले जम्मा नौवटा शहरहरू दिए; अनि नप्ताली कुलले तीनवटा शहरहरू दियो।

शरण-नगरहरू लेवीहरूका शहरहरू थिए (यहोशू २१:१३, २१, २७, ३२, ३६ र ३८), र देशभरि छरिएर इस्राएलका सबै कुलहरूको बीचमा अवस्थित थिए; यसरी उत्पत्ति ४९:५-७ पदको खण्डमा याकूबले गरेको भविष्यवाणी पूरा हुनुको साथै लेवीहरूलाई सुम्पिएको शिक्षा दिने सेवकाईको निम्ति यो पनि उपयोगी हुन्थ्यो।

**यहोशू २१:४३:** यो पद हामीले पवित्र धर्मशास्त्रका अन्य पदहरूको प्रकाशमा पढ्नुपर्छ। किनकि यस पदको अर्थ यस प्रकारले बुझ्नु उचित छः इस्राएली जातिले मिस्रको नदीदेखि लिएर महानदी यूफ्रेटिससम्म सारा भूमि ओगटेको यसको मतलब नहोला, तर यहोशूले इस्राएलीहरूको बीचमा भाग-भाग गरेको देशको विषयमा परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभएको अर्थ सठीक अर्थ हो; किनभने उहाँले तिनीहरूलाई यसो भन्नुभयोः *'हरेक ठाउँ, जसमाथि तिमीहरूको पैतालाले टेक्नेछ, त्यो मैले तिमीहरूलाई दिएको हुँ'* (यहोशू १:३)।

**यहोशू २१:४४:** ठीक त्यस्तै हामीले चवालीस पदमा पनि होशियारीसाथ अर्थ लगाउनुपर्छ। किनभने कनान देशमा अझै पनि इस्राएलीहरूका शत्रुहरू बसेका थिए; तिनीहरूले सबै कनानीहरूलाई नाश गरेका थिएनन्। तर यसमा परमेश्वरको गल्ती थिएन। इस्राएलीहरूले जुन-जुन शत्रुको विरोधमा लड़ाइँ गरे, ती शत्रुहरूमध्ये एक-एकमाथि उहाँले तिनीहरूलाई विजयी तुल्याउनुभयो, र यसरी उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। इस्राएलीहरूले परमेश्वरको प्रतिज्ञा दाबी नगरेको हुनाले देशमा पराजित नभएका शत्रुहरू छँदैथिए र यताउता विरोधी तत्त्वहरू छँदैथिए।

**यहोशू २१:४५:** *'परमप्रभुले इस्राएलको घरानालाई भन्नुभएको असल कुराहरूमध्ये एउटै पनि विफल भएन; सबका सब पूरा भए।'* यो पद ख्याल गर्नुहोस्! परमप्रभुले हरेक प्रतिज्ञा पूरा गर्नुभयो। एउटै वचन पनि व्यर्थ भएन। परमेश्वर कति विश्वासयोग्य हुनुहुन्छ! उहाँलाई श्रद्धाञ्जलि चढ़ाऔं! तर विचरा, इस्राएली जातिले पो उहाँको एक-एक प्रतिज्ञा आत्मसात् नगरेको!

### ङ) यहोशू २२: यर्दन नदीको पूर्वपट्टि खड़ा गरिएको वेदी

**यहोशू २२:१-९:** जब यर्दनको पश्चिम-पट्टि भएको देशको वितरण भइसक्यो, तब यहोशूले रूबेनीहरू, गादीहरू र मनस्सेका आधा कुलका पुरुषहरूलाई यर्दनको पूर्वपट्टि भएको तिनीहरूको इलाकामा फर्किजाने अनुमति दिए, तिनले तिनीहरूसित अघि गरेको सर्तअनुसार। यहोशूले तिनीहरूलाई लुटको मालबाट आ-आफ्नो हिस्सा लैजान पनि लगाए, जुनचाहिँ तिनीहरूले लड़ाइँहरूमा हासिल गरेका थिए।

तिनीहरू कनानीहरूसँग लड़ाइँ गर्नको निम्ति आफ्ना प्रिय जनहरूलाई यर्दनको पूर्वीय इलाकामा छोड़ेर आएको सात वर्षभन्दा बेसी भइसकेको थियो। तिनीहरूले देश आफ्नो अधिकारमा नआएसम्म लड़ाइँका कठिन कष्टहरू सहेका थिए। अनि हाम्रो विषयमा कसो हो? हामी पनि हाम्रा कप्तान ख्रीष्ट येशूको नेतृत्वमा यस संसारमा परमेश्वरको राज्यको विस्तार गर्ने सिलसिलामा कष्टहरू उठाउनुपर्छ र विश्वासको उत्तम लड़न्त लड्नुपर्छ; यो हाम्रो बोलावट हो (१ तिमोथी ६:१२; २ तिमोथी २:३)। तर यस्तो किसिमको बलिदान र

त्याग सजिलो होइन, तर परमेश्वरलाई मनपर्दो जीवनको आवश्यक गुण हो। आज पनि युद्धभूमिमा उत्रन तयार भएका उत्साहले पूर्ण जोशिला र फूर्तिला मानिसहरूको खाँचो छ।

के म सुखैसुखले भरिएको ऐसआरामको जीवन जिऊँ, जब अरूले पुरस्कार जित्न रगतपच्छे हुनेसम्म लड़ाइँ गरेका छन्?

के म राज्य गर्न चहान्छु? तब मैले लड़न्त लड़ेर जित्नुपर्छ; यसकारण हे प्रभु येशू, मेरो साहस बढ़ाइदिनुहोस्! तपाईंको वचनको शक्तिमा म परिश्रम गर्नेछु र दुःख उठाउनेछु।

श्री इसहाक वट्स

**यहोशू २२ः१०-११ः** आफ्नो घर फर्केको बेलामा यी मानिसहरूले यर्दन नदीको किनारमा एउटा वेदी खड़ा गर्ने निर्णय गरे। अनि जब इस्राएलका साढ़े नौ कुलका मानिसहरूले यस विषयमा सुने, तब तिनीहरू असाध्य क्रोधित भए, र तिनीहरूलाई डर लाग्यो। शीलोमा भएको वेदी छँदैथियो; तब यो दोस्रो वेदीको के काम? तिनीहरूले त्यो वेदी एउटा जारकर्म सम्झन्थे। तिनीहरूलाई 'आउने समयमा त्यो वेदी मूर्तिपूजाको काममा आउने वेदी पो बन्न जान्छ कि' भन्ने डर थियो। तब परमेश्वरले त्यस पापको खातिर समस्त इस्राएली जातिलाई दण्ड दिनुहुनेथियो।

**यहोशू २२ः१२-२०ः** तर यर्दनको पूर्वपट्टि बस्ने कुलहरूसँग लड़ाइँ गर्ने घोषणा गर्नुभन्दा अघि बाँकी इस्राएलीहरूले तिनीहरूसँग सोधपुछ गर्न एउटा टोली पठाए। अनि तिनीहरूलाई आफ्नो भूमि अशुद्ध लागेको खण्डमा उनीहरूले तिनीहरूलाई यर्दनको पश्चिमपट्टि नै जमिन दिने प्रण गरे (यहोशू २२ः१९)।

त्यो प्रतिद्वन्द्वी वेदी निर्माण गर्ने मानिसहरूसँग कुराकानी गर्दा पीनहास र उनीसँग गएकाहरूले पोरमा भएको अधर्म (२२ः१७ पद गन्ती २५ अध्यायसँग तुलना गर्नुहोस्) र आकानले गरेको अपराधको कुरा निकाले (२२ः२० पद यहोशू ७ अध्यायसँग तुलना गर्नुहोस्), जुन पापहरूको कारणले इस्राएली जातिले दण्ड भोग्नुपरेको थियो। पोरको अधर्मको सन्दर्भ गन्ती २५ अध्याय हो भने, आकानको अपराधको सन्दर्भ यहोशू ७ अध्याय हो।

उनीहरूको विचारमा, त्यो वेदी इस्राएलीहरूको हित र उन्नतिको विरुद्धमा थियो; यही कारणले उनीहरूले देखाएको प्रतिक्रिया यति कड़ा थियो। एकजनाको पापले इस्राएलीहरूको सम्पूर्ण छाउनी नै अशुद्ध पारेको पाठ उनीहरूले सिकिसके। अनि सारा जाति तिनीहरूको एक-एक व्यक्तिको व्यवहारको निम्ति जवाफदेही हुनुपर्छ र परमेश्वरले यस जातिबाट लेखा लिनुहुन्छ भन्ने कुरा उनीहरूले पनि जानिसके।

**यहोशू २२ः२१-२९ः** तब रूबेन, गाद र मनस्सेको आधा कुलका मानिसहरूले त्यो वेदी बनाएको स्पष्टीकरण दिएः त्यो वेदी बलिदान चढ़ाउने वेदी नै थिएन, तर सम्झना दिलाउने स्मारक पो थियो। भावी पुस्ताहरूलाई 'यर्दनको पूर्वपट्टि बस्ने कुलहरूचाहिँ निस्सन्देह इस्राएली जातिको अभिन्न अङ्ग हुन्' भन्ने साक्षी दिनु त्यस वेदीको उद्देश्य थियो।

**यहोशू २२ः३०-३४ः** यो सुनेर अरू कुलहरू तिनीहरूको यस स्पष्टीकरणसँग सन्तुष्ट भए, अनि गृहयुद्ध टरेर गयो। पूर्वका कुलहरूले त्यस वेदीको नाम 'एद' अर्थात् 'साक्षी' राखे, जसको अर्थ यस प्रकारको थियोः यर्दनको पूर्वमा बस्ने र यर्दनको पश्चिममा बस्ने सबै कुलहरूको निम्ति परमप्रभु तिनीहरूको सत्य परमेश्वर हुनुहुन्छ भन्ने गवाही दिनु नै त्यस वेदीको खास काम थियो।

### च) यहोशू २३ः इस्राएली अगुवाहरूको निम्ति यहोशूको बिदाइको सन्देश

यहोशूले दिएका दुईवटा बिदाइका सन्देशहरूमध्ये योचाहिँ प्रथम हो। यस पहिलो बिदाइको सन्देशमा तिनले इस्राएलका अगुवाहरूसँग कुरा गरे।

*'यसकारण मोशाको व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुराहरू पालन गर्न र पूरा गर्न खूबै साहसी हो ! यसबाट दाहिने र देब्रेतिर नलाग !'* यहोशूले छ पदमा उनीहरूलाई साहसी हुने र परमेश्वरको वचनबद्ध हुने आज्ञा दिँदा हामी परमप्रभुले तिनलाई वर्षहरूअघि दिनुभएका आज्ञाहरूको प्रतिध्वनि सुन्छौं (यहोशू १:७)। तिनले जीवनको जाँचरूपी घरियामा यी वचनहरूको सत्यता प्रमाणित गरे; अनि अब तिनी विश्वासको साथ दोस्रो पुस्तालाई ती आज्ञाहरू सुम्पिदिन सक्षम भए।

तिनको तर्क यस प्रकारको थियोः आफ्नो विश्वासयोग्यतामा परमेश्वरले प्रतिज्ञाको देश र त्यसका अन्यजातीय बासिन्दाहरूको सम्बन्धमा आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। परमेश्वरले अझै पनि तिनीहरूका शत्रुहरू धपाउनुहुनेथियो, तर उहाँका जनहरू उहाँप्रति आज्ञाकारी हुनुपरेको थियो। सबैभन्दा बढ्ता तिनीहरूले आफैलाई ती अन्यजातिहरूको मूर्तिपूजादेखि र कनानीहरूसँग अन्तरविवाह गर्नदेखि अलग राख्नुपरेको थियो, नत्रभने ती अन्यजातिहरू इस्राएलीहरूको निम्ति निरन्तर सङ्कष्टको स्रोत बन्नेथिए।

परमेश्वरका वचनहरूमध्ये एउटै पनि विफल भएन (यहोशू २३:१४)। यसबाट 'यहूदीहरूले सारा भूमि अधिकार गरिसके' भन्ने अर्थ हामीले बुझ्नुहुँदैन; किनभने परमप्रभु आफूले भन्नुभएको थियो, कि उहाँले कनान देशका बासिन्दाहरूलाई एकैपल्टमा होइन, तर तिनीहरूलाई अलि-अलि गरेर निकाल्नुहुनेथियो (व्यवस्था ७:२२)। 'परमप्रभुको एउटै पनि प्रतिज्ञा विफल भएन' भन्ने कुरा तिनले आफ्नो बलियो तर्क बनाएर यी अगुवा जनहरूलाई 'मैले शुरु गरेको काम तिमीहरूले नै पूर गर' भनेर आग्रह गरे। अनि यस अर्तीसँग तिनले एउटा चेताउनी पनि थपे कि तिनीहरू परमप्रभुसँग बाँधेको करार भुलेर मूर्तिपूजातिर लागे भने परमप्रभुले कनानी-हरूलाई नाश पार्नुभएझैं तिनीहरूलाई पनि यस उत्तम देशबाट नाश पार्नुहुनेथियो; यसमा कुनै शङ्का हुनेथिएन; किनकि परमप्रभु यो गर्न र त्यो गर्न विश्वासयोग्य हुनुहुन्थ्यो (यहोशू २३:५ र १६)।

यस अध्यायको मिल्ने जोड़ी हामी नयाँ नियममा २ कोरिन्थी ६:१४-१८ पदहरूको खण्डमा पाउँछौं। परमेश्वरको जनको निम्ति अलग बसाइ महत्त्वपूर्ण हुन्छ। किनभने हामी एकै समयमा परमप्रभुसँग टाँसिरहन र उहाँका शत्रुहरूसित सम्बन्ध कस्न सक्दैनौं।

### छ) यहोशू २४:१-१५ः इस्राएली मानिसहरूको निम्ति यहोशूको बिदाइको सन्देश

**यहोशू २४:१-१४ः** यो दोस्रो बिदाइको सन्देश मानिसहरूको निम्ति थियो। यहोशूले तिनीहरूलाई यो सन्देश शेकेममा दिए।

यहोशूले तेरहबाट कुरा उठाएर अब्राहाम, इसहाक र याकूबको पालोमा के-के घटेको थियो, परमेश्वरका जनहरूको शुरुको इतिहासमाथि पुनर्विचार गरे। मिस्र देशको दासत्वबाट तिनीहरूको महान् छुटकारा, तिनीहरूको उजाड़स्थानको यात्रा र यर्दनको पूर्वमा मोआबीहरूमाथि प्राप्त गरेको तिनीहरूको विजयजस्तै मुख्य घटनाहरूको बारेमा तिनले तिनीहरूलाई सम्झना दिलाए। त्यसपछि यहोशूले प्रतिज्ञाको देशभित्र तिनीहरूको प्रवेश, यरिहोमाथि हासिल गरिएको तिनीहरूको विजय र तिनीहरूले

कनानका राजाहरूलाई नाश गरेका विवरणहरू सुनाए (यहोशू २४:२-१३)। यहोशू २४:७ पदमा अन्धकारको कुरा गरिएको छ; यसको सन्दर्भ प्रस्थान १४:१९-२० पदहरू थिए; किनभने त्यो बादल इस्राएलीहरूको निम्ति उज्यालो र मिस्रीहरूलाई अन्धकार थियो।

उत्पत्तिको पुस्तकदेखि यहोशूको समयसम्म समेटेको यस सङ्क्षिप्त इतिहासको वर्णनभित्र एउटा खूब सुन्दर अभूतपूर्व यथार्थता प्रमाणित भएको छः परमेश्वरको सर्वाधिकार। परमप्रभु इस्राएलको परमेश्वर यसो भन्नुहुन्छः 'मैले अब्राहामलाई लगें' (यहोशू २४:३), 'मैले दिएँ' (यहोशू २४:४), 'मैले पठाएँ' (यहोशू २४:५), 'मैले ल्याएँ' (यहोशू २४:६-८), 'मैले सुन्ने इच्छा गरिनँ' (यहोशू २४:१०), 'मैले तिनीहरूलाई तिमीहरूको हातमा सुम्पिदिएँ' (यहोशू २४:११), 'मैले तिमीहरूको अघि अरिङ्गाल पठाएँ' (यहोशू २४:१२), 'मैले तिमीहरूलाई एउटा देश दिएको छु' (यहोशू २४:१३)। परमप्रभु आफ्ना अनन्त उद्देश्यहरूअनुसार काम गर्दै हुनुहुन्थ्यो र गर्नुहुन्छ; अनि कसले उहाँलाई आफ्नो काम गर्नदेखि रोक्न सक्छ? होइन, बरु हामीले सर्वाधिकारी परमेश्वरको भय मान्नुपर्छ र उहाँको आज्ञापालन गर्नुपर्छ (यहोशू २४:१४)।

**यहोशू २४:१५:** यहाँ मानिसहरूले परमप्रभु र मूर्तिहरूको बीचमा छान्नुपर्ने कुरा छैन। किनकि यहोशूको अनुमानमा, मानिसहरूले अघिबाटै परमेश्वरको सेवा नगर्ने निर्णय गरिसके। यसकारण तिनले मानिसहरूलाई तिनीहरूका पितापुर्खाहरूले मेसोपोटामियामा पुजेका देवताहरू र कनान देशमा भेटेका एमोरीहरूका देवताहरूको बीचमा छान भन्ने चुनौती दिए। यहोशूले आफ्नो निम्ति र आफ्नो परिवारको निम्ति उत्कृष्ट निर्णय गरिसकेः *'तर म र मेरो घरानाचाहिँ – हामी परमप्रभुकै सेवा गर्ने नै छौं।'* अनि तिनको यो निर्णयचाहिँ भावी पुस्ताहरूका विश्वासीहरूको निम्ति ठूलो प्रेरणा बनेको छ।

### ज) यहोशू २४:१६-२८: शेकेममा करारको पुनर्स्थापना

**यहोशू २४:१६-२८:** जब मानिसहरूले परमप्रभुको सेवा गर्ने प्रतिज्ञा गरे, तब यहोशूले तिनीहरूलाई भनेः 'तिमीहरू परमप्रभुको सेवा गर्न सक्दैनौ' (यहोशू २४:१९)। यसर्थ तिनीहरूले परमप्रभुको र मूर्तिहरूको सेवा एकसाथ गर्न सक्दैनथिए। मानिसहरू बिस्तारै-बिस्तारै मूर्तिपूजातिर बहकिएर जानेछन् भन्ने कुरा यहोशूलाई महसुस थियो; यसमा शङ्का छैन। किनकि त्यस बेलामा तिनीहरूका पालहरूमा पराई देवताहरू छँदैथिए (यहोशू २४:२३)। तर 'हामी परमप्रभु हाम्रा परमेश्वरको सेवा गर्ने नै छौं' भनेर मानिसहरूले परमप्रभुप्रति आफ्नो अखण्ड भक्ति गर्ने अटल प्रण प्रकट गरेको कारणले यहोशूले एउटा ठूलो ढुङ्गा लिएर एउटा फलाँटको रूखमनि खड़ा गरे, जुन स्मारक-ढुङ्गा परमप्रभुको पवित्रस्थानको छेउमा इस्राएली जातिले भर्खरै बाँधेको करारको निम्ति साक्षी बस्यो। यस पदमा परमप्रभुको पवित्रस्थान भन्ने शब्दले शीलोमा भएको पवित्र निवासस्थानलाई सङ्केत गर्दैन, तर कुनै अन्य पवित्र ठाउँलाई सङ्केत गरेको हो।

मूर्तिहरू र तिनीहरूको पूजाको विषयमा श्री कार्ल आर्मरडिङ्गले यसो लेखेका छन्:

> 'यसो विचार गर्दा इस्राएली जाति पूरा तल्लीन भएका पापहरूमध्ये मूर्तिपूजाको पापचाहिँ प्रमुख थियो। हामीले यस अध्यायको शुरुमा देखिसक्यौं, कि तिनीहरूका अधिपुर्खाहरूले अन्य देवताहरूको पूजा गरिरहेका थिए (यहोशू २४:२)। अनि जब याकूब र

तिनको परिवारले लाबानको घर छोड़ेका थिए, तब राहेलले आफ्ना बुबाका घर-देवताहरू चोरी गरेकी थिइन् (उत्पत्ति ३१:३०-३४)। तर जब तिनीहरू आफ्नो गन्तव्य-स्थलमा आइपुगे, तब याकूबले आफ्नो परिवारलाई ती पराई देवता-हरू हटाउने आदेश दिए, अनि तिनले ती मूर्तिहरू शेकेममा भएको फलाँटको रूखमनि गाड़िराखे (उत्पत्ति ३५:२ र ४)। अनि ठीक त्यही ठाउँमा यहोशूले तिनका पुस्ताका मानिसहरूलाई तिनीहरूका पितापुर्खाहरूले पूरा गरेका देवताहरू हटाउने आग्रह गरे (यहोशू २४:१४)।' [17)]

**भ) यहोशू २४:२९-३३: यहोशूको मृत्यु**

**यहोशू २४:२९-३३:** एक सय दस वर्षको उमेरमा यहोशूको मृत्यु भयो, र तिनी आफ्नो अधिकारको भागभित्र परेको तिम्नत-सेरह शहरमा गाड़िए। यहोशूको पुस्ताका मानिसहरू बाँचुन्जेल इस्राएलीहरू परमप्रभु-प्रति विश्वासयोग्य रहिरहे। कसले यस पुस्तकका अन्तिम पदहरू लेखे, सो हामी जान्दैनौं; अनि त्यो जान्न आवश्यक पनि छैन। आवश्यक परेको खण्डमा निश्चय नै यी अन्तिम पदहरूको लेखक को थिए, सो जानकारी दिइनेथियो।

अनि इस्राएलीहरूले हालैमा यूसुफका हड्डीहरू शेकेममा दफन गरे, जुन हड्डीहरू तिनीहरूले यूसुफको विन्तीअनुसार मिस्र देशदेखि निस्कँदा साथमा ल्याएका थिए (उत्पत्ति ५०:२४, प्रस्थान १३:१९)

अन्तमा, हारूनका छोरा एलाजारको पनि मृत्यु भयो; अनि उनी एप्रैमको पहाड़ी इलाकामा गाड़िए।

यस पुस्तकका अन्तिम पाँच पदहरूमा तीन व्यक्तिहरूको मृत्युको विषयमा लेखिएको छ, जस्तैः यहोशूको मृत्यु (यहोशू २४:२९-३१), यूसुफको मृत्यु (यहोशू २४:३२) र एलाजारको मृत्यु (यहोशू २४:३३)। यी तीनजनाका मृत शरीरहरू यूसुफको अधिकारको भागमा दफन गरिए। अनि यी तीनैजनाले आफ्नो परमेश्वरको असल सेवा गरेका थिए, साथै आफ्नो जातिको पनि असल सेवा गरेका थिए। यहोशू र यूसुफचाहिँ आ-आफ्नो जीवनकालमा महान् उद्धारकहरू थिए भने, एलाजारचाहिँ आफ्नो मृत्युमा उद्धारक बने; किनभने उनी प्रधान पूजाहारी भएको नाताले उनको मृत्युले शरण-नगरमा भागेर गएका सबै मानिस-हरूलाई स्वतन्त्र तुल्यायो (यहोशू २०:६)। उत्पत्तिको पुस्तक र व्यवस्थाको पुस्तकमा भएजस्तै यहोशूको पुस्तकमा पनि परमेश्वरका महान् जनहरूको मृत्युमा झनझन गरिने घण्टी बजाएर यसको वृत्तान्त समाप्त भएको छ। किनभने परमेश्वर आफ्ना कर्मीहरूको मृत संस्कार गर्नुहुन्छ, तर आफ्नो काम जारी राख्नुहुन्छ।

## ENDNOTES:

**1) Introduction:** Irving L. Jensen, *Joshua*, *Rest-Land Won*, p. 14.

**2) 1:1–9:** T. Austin Sparks, *What Is Man?* p. 104.

**3) 2:1:** C. F. Keil and Franz Delitzsch, *"Joshua," in Biblical Commentary on the Old Testament,* VI:34.

**4) 3:14–17:** Donald K. Campbell, *"Joshua," in The Bible Knowledge Commentary*, I:335.

**5) 3:14–17:** Donald K. Campbell, *"Joshua," in The Bible Knowledge Commentary,* I:335.

**6) 7:11–26:** Hugh J. Blair, *"Joshua," The New Bible Commentary,* p. 229.

**7) 8:30–35:** R. Jamieson, A. R. Fausset, and D. Brown, *Critical and Experimental Commentary*, II:23.

**8) 10:12–15:** Three views that recognize that a unique miracle took place and explain (rather than explain away) the text are as follows:

1) That God actually restrained (or halted) the earth's rotation while the sun was above Joshua, making the rotation last forty-eight hours. There are parallels in other ancient cultures that speak of 'a long day,' which may well have been Joshua's long day.
2) Translating 'stand still' (Heb. *dôm*) as 'leave off' or 'cease' (as in 2 Kings. 4:6 and Lamentations 2:18), some see this as a prayer for relief from the blazing sun on Joshua's troops, the very long hail-storm being God's answer to Joshua's prayer.
3) Since Joshua attacked in the early morning, some believe he was praying for the sun to 'hold off' and for semi-darkness to continue. The hailstorm would then have been God's answer to prayer.

The first view seems to fit in best with the text: ''So the sun stood still in the midst of heaven, and did not hasten to go down for about a whole day" (v. 13b).

**9) 10:12–15:** C. H. Spurgeon, *Spurgeon's Devotional Bible,* p. 168. For a brief, but helpful treatment of the scientific aspects of the text, see Chapter 10 of 'Difficulties in the Bible' by R. A. Torrey (Chicago: Moody Press, 1907).

**10) 10:12–15:** Matthew Henry, *Matthew Henry's Commentary on the Whole Bible*, II:59.

**11) 10:40–43:** John Haley, *Alleged Discrepancies of the Bible*, p. 324.

**12) 13:1–6:** Under Solomon the kingdom did reach to that part of the Euphrates River in the northwest as far as lands under tribute were concerned, but if the entire river is meant as an eastern boundary it must still be a future event.

**13) 15:21–63:** Keil and Delitzsch maintain that these and similar numerical problems in the OT are simply copyists' errors (''Joshua," pp. 163–64). For further discussion on apparent discrepancies, see the Commentary on 2 Chronicles.

**14) Essay:** MacLear,further documentation unavailable.
**15) Essay:** D. L. Moody, *Notes from My Bible*, pp. 48, 49.
**16) Essay:** D. L. Moody, *Notes from My Bible*, p, 49.
**17) 24:16–28:** Carl Armerding, *'The Fight for Palestine'*, p. 149.

## BIBLIOGRAPHY

Blair, Hugh J. "Joshua." In *The New Bible Commentary*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1953.

Campbell, Donald K. "Joshua." In *The Bible Knowledge Commentary*. Wheaton, IL: Victor Books, 1985.

Freedman, H. "Joshua." In *Soncino Books of the Bible*, Vol. 2. London: The Soncino Press, 1967.

Grant, F. W., "Joshua." In *The Numerical Bible*, Vol. 2. Neptune, N.J.: Loizeaux Bros., 1977.

Henry, Matthew., "Joshua." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 2. McLean, VA: MacDonald Publishing Company, n.d.

Jensen, Irving L. *Joshua: Rest-Land Won*. Everyman's Bible Commentary. Chicago: Moody Press, 1966.

Keil, C. F., and Franz Delitzsch. "Joshua." In *Biblical Commentary on the Old Testament*. Vol. 6. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Kroll, Woodrow Michael. "Joshua." In the *Liberty Bible Commentary. Old Testament*. Lynchburg, VA: The Old Time Gospel Hour, 1982.

Pink, Arthur W. *Gleanings in Joshua*. Chicago: Moody Press, 1964.

# न्यायकर्ताहरूको पुस्तकको टिप्पणी

# न्यायकर्ताहरूको पुस्तकको भूमिका

*'न्यायकर्ताहरूको पुस्तकमा पाठकहरूको हृदय शोकित पार्ने कुराहरू धेरै छन्। अनि सायद पवित्र बाइबलमा अरू कुनै पुस्तक नै छैन होला, जसले यति स्पष्टसँग हामी मानिसहरूको कमजोरताको विषयमा साक्षी दिन्छ। तर यस पुस्तकमा परमेश्वरको दया र सहनशीलताको निम्ति अचूक प्रमाणहरू पनि छन्। ... यी अल्प-उद्धारकहरूका जीवनहरू विचार गर्दा हामीलाई के महसुस हुन्छ भने, वर्तमान समयमा हामीलाई एक महान् मुक्तिदाताको खाँचो पर्छ, जसको जीवन निष्कलङ्क छ र जसले यस लोकमा हामीलाई सीमित छुटकारा मात्र होइन, तर अनन्तको लागि हामीलाई सिद्ध छुटकारा दिन सक्नुहुन्छ।'*

*श्री आर्थर ई. कन्डल*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

यस मनमुग्ध पार्ने पुस्तकमा परमेश्वरले मानवीय दुर्बलताबाट कसरी शक्ति निकाल्नुहुन्छ, सो कुराको अद्वितीय तथ्यपूर्ण विवरण उल्लेख गरिएको छ। एक प्रकारले, न्यायकर्ताहरूको पुस्तकचाहिँ निम्न तीनवटा पदहरूको टिप्पणी हो, जहाँ यसो लेखिएको छः *'तर पमरेश्वरले बुद्धिमान्हरूलाई शर्ममा पार्नको निम्ति संसारका मूर्ख कुराहरू चुन्नुभएको छ; अनि शक्तिशाली कुराहरूलाई शर्ममा पार्नको निम्ति परमेश्वरले संसारका कमजोर कुराहरू चुन्नुभएको छ; अनि परमेश्वरले संसारका नीच कुराहरू र तुच्छ ठानिएका कुराहरू, साथै हुँदै नभएका कुराहरू चुन्नुभएको छ, भएका कुराहरूलाई बेकम्मा तुल्याउनको निम्ति; यस हेतुले कि उहाँको सामु कुनै प्राणीले घमण्ड गर्न नपाओस्'* (१ कोरिन्थी १:२७-२९)।

हामी यसका केही उदाहरणहरू पेश गर्छौं। **क)** एहूदः तिनी एक बिन्यामिनी थिए, जसको देब्रे हात चल्थ्यो (न्यायकर्ता ३:१२-२०)। अनि दाहिने हातभन्दा देब्रे हात कमजोर हात मानिन्छ। **ख)** शम्गरः यिनले एउटा गोरु हाँक्ने सुइरोले छ सय शत्रुहरूलाई मारे (न्यायकर्ता ३:३१)। यिनले प्रगोग गरेको यो गोरु हाँक्ने सुइरोचाहिँ निक्कै तुच्छ हातहतियार थियो। **ग)** दबोराः तिनी एक स्त्रीजाति थिइन्, जुन जातिका सदस्याहरू कमजोर पात्रहरू गनिन्छन् (न्यायकर्ता ४:१-५:३१)। तर यिनीमा कमजोर भएको केही पनि थिएन। **घ)** बाराकः उनका दस हजार पैदल-सिपाहीहरू सीसराका नौ सय फलामका रथहरूको तुलनामा केही पनि थिएनन्, मानिसको दृष्टिमा (न्यायकर्ता ४:१० र १३)। **ङ)** याएलः यिनी पनि एउटा कमजोर मानिएको स्त्रीजाति थिइन्, जसले सीसराको कन्चटमा कीला ठोकेर उनलाई मारिन् (न्यायकर्ता ४:२१)। याद रहोस्ः यिनले देब्रे हातले सो कीला समातेकी

थिइन् (न्यायकर्ता ५:२६)। **च)** गिदोनः परमप्रभुले गिदोनका बत्तीस हजार सिपाहीहरू घटाएर तीन सय तुल्याउनुभयो। अनि यी तीन सय सिपाहीहरू लिएर गिदोन शत्रुको विरुद्धमा अघि बढ़े (न्यायकर्ता ७:१-८)। जौको रोटी गरिबहरूको खानेकुरा थियो। अनि जौको रोटीले यहाँ गरिबी र शिथिलताको अर्थ लिन्छ (न्यायकर्ता ७:१३)। गिदोनको सेनासँग अप्रचलित हतियारहरू थिए, जस्तैः माटाका गाग्राहरू, राँकाहरू र तुरहीहरू (न्यायकर्ता ७:१६); अनि तिनीहरूले ती माटाका गाग्राहरू फुटाउनुपरेको थियो (न्यायकर्ता ७:१९)। **छ)** अबिमेलेकः तिनको मृत्यु नाजुक थियो; एउटी स्त्रीको हातबाट झारिएका जाँतोको ढुङ्गाद्वारा तिनी ढले (न्यायकर्ता ९:५३)। **ज)** न्यायकर्ता १०:१ पदमा 'तोला' नाम गरेका न्यायकर्ता थिए, जसको नामको शाब्दिक अर्थ 'कीरा' हो। **झ)** शिमसोनकी आमाचाहिँ नामरहित बाँझी स्त्री थिइन् (न्यायकर्ता १३:२)। अनि **ञ)** शिमसोनले गधाको बङ्गाराको हाड़सित एक हजार पलिस्तीहरूलाई मारे (न्यायकर्ता १५:१५)।

### ख) यस पुस्तकको लेखक को हुन् ?

न्यायकर्ताहरूको पुस्तकको लेखकको विषयमा कुनै जानकारी छैन; तर यहूदीहरूको तल्मुड र शुरुका इसाई परम्पराले के भन्छ भने, न्यायकर्ताहरूको पुस्तक, रूथको पुस्तक र शमूएलका दुईवटा पुस्तकहरू सबै भविष्यवक्ता शमूएलले लेखे। अनि यस धारणाले १ शमूएल १०:२५ पदबाट पुष्टि पाएको छ। किनभने भविष्यवक्ता शमूएल लेखक भएका रहेछन्। यस पुस्तकभित्र यसको लेख्ने समयको विषयमा कति सङ्केतहरू छन्, अनि यी सङ्केतहरूले यो पुस्तक शमूएलको रचना प्रमाणित गर्न नसके ता पनि यो पुस्तक शमूएलको समयमा लेखियो भन्ने कुरा पुष्टि गर्छन्।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

न्यायकर्ताहरूको पुस्तक लेख्ने मिति ख्रीष्टपूर्व १०५०-१००० सालभित्र पार्न उचित देखिन्छ, किनकि यस ईश्वर-तान्त्रिक युगको पहिलो शताब्दीको पक्षमा निम्न तर्कहरू पेश गरिन्छन्ः


**क)** न्यायकर्ता १७:६; १८:१; १९:१; २१:२५ः *'ती दिनहरूमा इस्राएलमा कुनै राजा थिएनन्।'* यो वाक्य घरिघरि लेखिएको छ। अनि यस वाक्यबाट हामी के सुझाउ पाउँछौं भने, यस न्यायकर्ताहरूको पुस्तकको लेख्ने समयमा इस्राएली जातिमा राजा भएका हुनुपर्ला।

**ख)** न्यायकर्ता १:२१ पदले के बताउँछ भने, यबूसीहरू अझ पनि यरूशलेममा बसिरहेका थिए। यसो हो भने दाऊदले यरूशलेम शहर कब्जा गर्नुभन्दा अघि यो पुस्तक लेखेको हुनुपर्छ।

**ग)** अन्तमा, न्यायकर्ता १:२९ पदमा गेजेरको कुरा गरिएको छ, जुन गेजेर शहर फाराओले पछि सुलेमानलाई विवाहको उपहारको रूपमा दिए (१ राजाहरू ९:१६)। उक्त घटना यो पुस्तक लेख्ने समयमा घटेको थिएन। यसर्थ न्यायकर्ताहरूको पुस्तक योभन्दा अगाड़ि लेखेको हुनुपर्छ। निष्कर्षमा आएर हामी यसो भन्छौंः न्यायकर्ताहरूको पुस्तक लेखिएको समय शाऊलको शासनकाल, नभए दाऊदको शासनकालको शुरुका वर्षहरूमा हुनुपर्छ; यसमा शङ्का छैन।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

न्यायकर्ताहरूको पुस्तकको सन्दर्भ यहोशूको पुस्ता बितेपछिको इस्राएली




# इस्राएली जातिका न्यायकर्ताहरू

जातिको इतिहास हो, र यसको वृत्तान्त त्यहाँबाट शुरु हुन्छ। इस्राएलीहरू कनान देशका अन्यजातीय बासिन्दाहरूलाई सम्पूर्ण रीतिले धपाउनमा चुके। वास्तवमा, ती अन्यजातिहरूसँग सराबरी भएर तिनीहरूले मूर्तिपूजा पो गरिरहेका थिए। फलस्वरूप, परमेश्‍वरले आफ्ना जनहरूलाई घरिघरि अत्याचारी अन्यजाति शासकहरूको हातमा सुम्पिदिनुभयो। यस प्रकारको क्रूर थिचो-मिचोले यहूदी मानिसहरूमा पश्‍चात्ताप र चूर्णता पैदा गर्‍यो। अनि जब तिनीहरूले परमप्रभुलाई 'हामीलाई छुटकारा दिनुहोस्' भनेर पुकारे, तब उहाँले न्यायकर्ताहरूलाई खड़ा गर्नुभयो। अनि यी न्यायकर्ताहरूबाट यस पुस्तकले आफ्नो नाम पायो।

ओत्निएलदेखि शिमसोनसम्म यस पुस्तकमा ३२५ वर्षको इतिहास छ।

न्यायकर्ताहरू न्यायाधीश थिएनन्, तर सेनापतिहरू थिए। तिनीहरूले विश्‍वासमा वीरता देखाएर कि त परमेश्‍वरको न्यायरूपी सजाय पूरा गर्थे, कि त तिनीहरूका दमनकारी अत्याचारीहरूलाई परास्त गर्थे, र यसरी मानिसहरूको बीचमा केही मात्रामा शान्ति र स्वाधीनता पुनर्स्थापना गर्थे। इस्राएली जातिलाई छुटकारा दिन बाह्रजना न्याय-कर्ताहरू खड़ा भए। यस पुस्तकमा कति न्यायकर्ताहरूको विषयमा बृहत् जानकारी दिइएको छ भने, अरूको विषयमा एक-दुई पदहरू मात्र लेखिएका छन्। यी न्याय-कर्ताहरू नौवटा कुलहरूबाट आए, र यिनीहरूले आफ्ना जनहरूलाई मेसोपोटा-मियावासीहरू, मोआबीहरू, पलिस्तीहरू, कनानीहरू, मिद्यानीहरू र अम्मोनीहरूबाट छुटकारा दिए। भविष्यवक्ता शमूएलको समयसम्म कुनै न्यायकर्ताले सम्पूर्ण इस्राएलमाथि शासन गर्दैनथिए।

न्यायकर्ताहरूको पुस्तकमा घटनाहरूको कालक्रम सधैं कायम राखिएको छैन। यसका पहिला दुई अध्यायहरूमा परिचय दिने सामग्रीहरू हालिएका छन् – ऐतिहासिक सामग्रीहरू र भविष्यवाणीरूपी सामग्रीहरू। न्यायकर्ताहरूको वृत्तान्त पनि क्रमबद्ध छैन होला (न्यायकर्ताहरू ३-१६)। किनकि हुन सक्छ, एकै समयमा यी न्यायकर्ताहरूमध्ये एकजनाले देशको एक क्षेत्रमा र अर्को एकजनाले देशको अर्को क्षेत्रमा आफ्ना शत्रुहरूलाई जिते होलान्। यो कुरा सम्झनामा राख्न अति अनिवार्य छ, किनकि यस पुस्तकमा जनाइएका सबै वर्षहरू जोड़ेर कुलसङ्ख्या निकाल्नु हो भने, यी वर्षहरूको योगफल चार सयभन्दा बढ़ी वर्ष निस्कन्छ। अनि पवित्र बाइबलले यस अवधिको निम्ति यति धेरै वर्षहरू निर्धारित गर्दैन (प्रेरित १३:१९-२०; १ राजाहरू ६:१)।

अन्तिम पाँचवटा अध्यायहरूले न्याय-कर्ताहरूको समयमा घटेका घटनाहरूको विवरण पेश गर्छन् (न्यायकर्ताहरू १७-२१); तर यी घटनाहरू यस पुस्तकको अन्तमा किन राखिएका छन्? किनकि त्यस बेलामा इस्राएली जातिमा धार्मिक, नैतिक र सामाजिक भ्रष्टाचारको सुस्पष्ट चित्र दिनको निम्ति यसो गरिएको हो। *'ती दिनहरूमा इस्राएलमा कुनै राजा थिएनन्; तर हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यही गर्ने गर्थ्यो'* (न्यायकर्ता १७:६) यस पदले ती समयहरूको लक्षण के थियो, सो असल प्रकारले प्रस्तुत गरिदिन्छ। यो पदचाहिँ यस खण्डको कुञ्जी-पद हो।

के परमेश्‍वरको हरेक वचन पवित्र र विशुद्ध छ? अनि के सारा पवित्र धर्मशास्त्र बाइबल लाभदायक हो? जसले यो विश्‍वास गर्छ, उसले न्यायकर्ताहरूको पुस्तकमा आफ्नो निम्ति महत्त्वपूर्ण आत्मिक विषय र पाठहरू छन् भन्ने कुरा स्वीकार गर्नुपर्छ। कति पाठहरू कि त इस्राएली जातिलाई अत्याचार गर्नेहरूका नामहरूले, कि त इस्राएली

जातिलाई छुटकारा दिने न्यायकर्ताहरूका नामहरूले सङ्केत गरिन्छन्। यी अत्याचारी-हरूले यस संसारका दुष्ट शक्तिहरूलाई चित्रण गर्छन्, जसले परमेश्वरका जनहरूलाई बन्धनमा ल्याउन खोज्छन्। अनि न्याय-कर्ताहरूले ती माध्यमहरू सङ्केत गर्छन्, जुन माध्यमहरूद्वारा हामीले त्यो आत्मिक लड़ाइँ लड़्नुपर्छ।

हाम्रो यस टिप्पणीमा हामीले कति व्यावहारिक प्रयोगहरू हालेका छौं, जुन प्रयोगहरू हामी प्रायः पुराना उत्कृष्ट शास्त्रीय लेखहरूबाट लिएका छौं।[1] प्रतीकात्मक वा चित्रणात्मक अध्ययन गर्दा हददेखि बाहिर जान सम्भव छ। तर हामीले यहाँ काल्पनिक वा कृत्रिम व्याख्याहरू कुनै स्थान दिएका छैनौं। अनि हामीले यो कुरा पनि स्वीकार गर्नुपर्छ, कि कतिजनाका नामहरूको अर्थ अस्पष्ट छ। यसैले हामीले यी नामहरूका अन्य सम्भवतः अर्थ पनि समावेश गर्न सक्दो प्रयास गरेका छौं।

# रूपरेखाः

**खण्ड १) न्यायकर्ताहरू १:१-३:६: भूतकालमाथि लगाइएको दृष्टि र भविष्यमाथि लगाइएको पूर्वदृष्टि**

**क) न्यायकर्ताहरू १:१-२:१०:** बितेको समयतिर फर्केर हेरेको

**ख) न्यायकर्ताहरू २:११-३:६:** आउँदो समयतिर अघि हेरेको

**खण्ड २) न्यायकर्ताहरू ३:७-१६:१३: न्यायकर्ताहरूको समय**

**क) न्यायकर्ताहरू ३:७-११:** ओत्निएल

**ख) न्यायकर्ताहरू ३:१२-३०:** एहूद

**ग) न्यायकर्ताहरू ३:३१:** शम्गर

**घ) न्यायकर्ताहरू ४-५:** दबोरा र बाराक

- **अ) न्यायकर्ताहरू ४:** दबोरा र बाराकको वृत्तान्त काव्य भाषामा प्रस्तुत गरिएको
- **आ) न्यायकर्ताहरू ५:** दबोरा र बाराकको वृत्तान्त गीतमा प्रस्तुत गरिएको

**ङ) न्यायकर्ताहरू ६:१-८:३२:** गिदोन

- **अ) न्यायकर्ताहरू ६:** गिदोनलाई सेवाको निम्ति बोलावट भएको
- **आ) न्यायकर्ताहरू ७:** गिदोनका तीन सयजना सिपाहीहरूरूपी सेना
- **इ) न्यायकर्ताहरू ८:१-३२:** गिदोन पलिस्तीहरूमाथि विजय भएका

**च) न्यायकर्ताहरू ८:३३-९:५७:** अबिमेलेकले जबरजस्ती शासनअधिकार हड्प गरेको

**छ) न्यायकर्ताहरू १०:१-५:** तोला र याइर

**ज) न्यायकर्ताहरू १०:६-१२:७:** यिप्तह

- **अ) न्यायकर्ताहरू १०:६-१८:** इस्राएली जातिको दुर्दशा
- **आ) न्यायकर्ताहरू ११:१-२८:** यिप्तहले इस्राएली जातिको बचाउ गरेका
- **इ) न्यायकर्ताहरू ११:२९-४०:** यिप्तहको भाकल
- **ई) न्यायकर्ताहरू १२:१-७:** यिप्तहले एप्रैमीहरूलाई मारेका

**झ) न्यायकर्ताहरू १२:८-१५:** इब्सान, एलोन र अब्दोन

**ञ) न्यायकर्ताहरू १३-१६:** शिमसोन

- **अ) न्यायकर्ताहरू १३:** शिमसोनको धार्मिक संस्कृति र पृष्ठभूमि
- **आ) न्यायकर्ताहरू १४:** शिमसोनको भोज र अड्को
- **इ) न्यायकर्ताहरू १५:** शिमसोनले बदला लिएका
- **ई) न्यायकर्ताहरू १६:** शिमसोन दलीलाद्वारा छलिएको

**खण्ड ३) न्यायकर्ताहरू १७-२१: धार्मिक, नैतिक र राजनीतिक भ्रष्टाचार**

**क) न्यायकर्ताहरू १७:** मीकाको धार्मिक व्यवस्था

**ख) न्यायकर्ताहरू १८:** मीका र दान कुलका मानिसहरू

**ग) न्यायकर्ताहरू १९:** एकजना लेवी र उसको उप-पत्नी

**घ) न्यायकर्ताहरू २०-२१:** बिन्यामिनीहरूसँग चलेको गृह-युद्ध

# न्यायकर्ताहरूको पुस्तकको टिप्पणी

## खण्ड १

## न्यायकर्ताहरू १:१-३:६:

### भूतकालमाथि लगाइएको दृष्टि र भविष्यमाथि लगाइएको पूर्वदृष्टि

**क) न्यायकर्ताहरू १:१-२:१०: बितेको समयतिर फर्केर हेरेको**

**न्यायकर्ताहरू १:१-३:** यहोशूको मृत्युपछि यहूदा कुलले दक्षिणमा बस्ने कनानीहरूसँग लड़ाइँ गर्न अग्रसर गर्‍यो (न्यायकर्ता २:८ पदसँग तुलना गर्नुहोस्)। परमेश्वरले विजय दिन्छु भन्ने प्रतिज्ञा दिनुभएको थियो; तरै पनि यहूदाले शिमोन कुलको सहायता लिन खोज्यो; यसबाट उनीहरूको विश्वासको कमी प्रकट भयो; उनीहरूले सम्पूर्ण रूपले परमेश्वरको वचनमाथि भर पर्न सकेनन्।

**न्यायकर्ताहरू १:४-७:** उनीहरूले सबैभन्दा पहिले बेजेकका बासिन्दाहरूमाथि विजय प्राप्त गरे। यसो हुँदा उनीहरूले तिनीहरूका दस हजार मानिसहरूलाई मारे, अनि त्यहाँका राजाले अघि आफ्ना शत्रुहरूसित जस्तो गरेका थिए, ठीक त्यस्तै उनीहरूले तिनीसित गरे अर्थात् उनीहरूले तिनका पनि हात र खुट्टाका बूढ़ी औंलाहरू काटिदिए। परमप्रभुले दिनुभएको आज्ञाअनुसार उनीहरूले तिनलाई मार्नुपर्नेथियो (व्यवस्था ७:२४), तर उनीहरूले यसको सट्टामा तिनलाई अपाङ्ग पो तुल्याएर छाड़े। त्यसपछि तिनलाई यरूशलेममा लगियो, जहाँ तिनको मृत्यु भयो। इस्राएलीहरूले आफ्नो देशमा बसेका अन्यजातिहरूसित गर्नुपर्ने व्यवहारमा कसरी अनाज्ञाकारी भई चुक्नेछन्, सो कुराको पूर्वाभास यस घटनाले दिन्छ। इस्राएलीहरूले तिनीहरूलाई सम्पूर्ण रीतिले नाश गर्नुपर्नेथियो, तर यसको सट्टामा उनीहरूले तिनीहरूलाई केवल अङ्गभङ्ग गरेर छोड़िदिए। यस प्रकारको अधूरो आज्ञाकारिता अनाज्ञाकारिता मानिन्छ, जसको निम्ति उनीहरूले आउँदा दिनहरूमा धेरै कष्ट पाउनेथिए र ठूलो मूल्य चुकाउनुपर्नेथियो।

**न्यायकर्ताहरू १:८:** यहूदा कुलका सिपाहीहरू यरूशलेम शहरको सम्बन्धमा केही हदसम्म सफल भए; किनभने उनीहरूले यस शहरमा आगो लगाइदिए। तर न यहूदाले न बिन्यामिनले यबूसीहरूलाई तिनीहरूको किल्लादेखि धपाउन सके (यहोशू १५:२१-६३ पदहरूको खण्डमा दिइएको टिप्पणी हेर्नुहोस्)। पछि दाऊदले तिनीहरूलाई

यरूशलेमबाट पूरा धपाइदिए (२ शमूएल ५:६-७)।

**न्यायकर्ताहरू १:९-१५:** यहाँ हेब्रोन कब्जा गरेको श्रेय यहूदालाई दिइएको छ; तर यहोशू १४ र १५ अध्यायमा लेखिएको छ, कि यो शहर कब्जा गर्ने काममा कालेबको ठूलो हात थियो। यसमा नमिल्ने कुरा केही पनि छैन; किनभने कालेब यहूदा कुलको मानिस थिए। हुन सक्छ, न्यायकर्ता १:९-१० पद-हरूको सन्दर्भ कालेबले हेब्रोन शहर कब्जा गरेको घटना भएको होला (न्यायकर्ता १:२० पदसँग तुलना गर्नुहोस्), अनि यहोशूको मृत्युपछि भएको सैनिक अभियान होइन। किनकि ओत्निएलले किर्यत-सेपेर कब्जा गरेको कुरा पनि न्यायकर्ता १:११-१५ पदहरूको खण्डमा दोहोरिएको छ, यद्यपि यो घटना कालक्रमअनुसार पहिले घटेको थियो (यहोशू १५:१६-१९)।

**न्यायकर्ताहरू १:१६:** केनीहरू यहूदाका सन्तानहरूसँग बसिरहे, तर तिनीहरू कहिल्यै परमप्रभुकहाँ फर्केनन्।

**न्यायकर्ताहरू १:१७-२१:** यहूदाका अन्य विजयहरू यस प्रकारका थिए: उनीहरूले होर्मा, गाजा, अश्कलोन र एक्रोन कब्जा गरे; तर उनीहरूको विजय अधूरो थियो। किनकि बेंसीमा बस्ने बासिन्दाहरूसँग फलामका रथहरू थिए, अनि तिनीहरूमाथि जाइलाग्न यहूदासँग न विश्वास, न हिम्मत थियो। कठिन परिस्थितिहरूमा उनीहरू अडिग रहन सकेनन्। न्यायकर्ता १:२१ पदले के सङ्केत दिन्छ भने, न्यायकर्ताहरूको पुस्तकको लेख्ने मितिचाहिँ दाऊदले यरूशलेम शहर कब्जा गर्नुभन्दा अघि भएको हुनुपर्ला।

**न्यायकर्ताहरू १:२२-२६:** त्यसपछि केवल यूसुफका दुई कुलहरूलाई अन्य विजयहरूको श्रेय दिइएको छ। (अनि हुन सक्छ, यी पदहरूको सन्दर्भचाहिँ बेतेल कब्जा गरिएको त्यही जीत होला, जुन जीत हुँदा यहोशू अझै जीवित थिए (यहोशू १२:१६)। किनभने अघिका पदहरूमा हेब्रोन र किर्यत-सेपेरको सम्बन्धमा जे लेखियो, त्यस कुराले पनि ती महान् सेनापतिका दिनहरूतिर फर्केर हेरेको र तिनको सम्झना दिलाएको छ)। जे होस्, तिनीहरूले बेतेल आक्रमण गरेर त्यो शहर ध्वंस गरे। (विगत समयमा बेतेलको नाम लूज थियो)। तर तिनीहरूले एउटा गल्ती गरिपठाए; किनभने तिनीहरूले तिनीहरूको सहयोग गर्ने मानिसलाई सुरक्षा दिने प्रण गरे (न्यायकर्ता १:२४)। त्यही मानिस हित्तिहरूको देशमा गयो र त्यसले ढिलो नगरी एउटा शहर निर्माण गर्‍यो र त्यसको नाम लूज राख्यो। यसकारण बुझ्नुहोस्: जुन पापसित हामी सठीक कारबाही गर्दैनौं, त्यो पाप उम्कन्छ; अनि हामी पछि त्यससित व्यवहार गर्नुपर्छ।

**न्यायकर्ताहरू १:२७-३६:** यस अध्यायका बाँकी भागमा, मध्य र उत्तरमा भएका सातवटा कुलहरू उल्लेख गरिएका छन्, जसले कनानीहरूलाई आ-आफ्नो अधिकारको भागबाट धपाउन सकेनन्, जस्तै: बिन्यामिन (न्यायकर्ता १:२१), मनस्से (न्यायकर्ता १:१७-२८), एप्रैम (न्यायकर्ता १:२९), जबूलून (न्यायकर्ता १:३०), आशेर (न्यायकर्ता १:३१-३२), नप्ताली (न्यायकर्ता १:३३) र दान (न्यायकर्ता १:३४-३६)।

**न्यायकर्ताहरू २:१-५:** परमप्रभुका दूतले बोकीममा मानिसहरूलाई तिनीहरूको अनाज्ञाकारिताको खातिर हप्काउनुभयो। (बोकीमको अर्थ 'रुनेहरू' हो।) एक पदले के भन्छ भने, उहाँ गिल्गालबाट (अर्थात् आशिषको ठाउँबाट) बोकीममा (अर्थात् रुवाबासीको ठाउँमा) आउनुभयो। इस्राएलीहरू विजयको उच्च स्थानबाट विलाप गर्नुपर्ने ठाउँमा झरेका थिए। किनकि तिनीहरूले कनानीहरूलाई धपाएनन् र विभिन्न

मूर्तिहरूका नाममा खड़ा गरिएका यिनीहरूका वेदीहरू नाश गरेनन्; यसमा तिनीहरू चुकेका थिए। यसकारण परमप्रभुले देशका बासिन्दाहरूलाई धपाउन छोड्नुहुनेथियो; उहाँले बरु उल्टो यिनीहरूलाई इस्राएली-हरूलाई सताउने अनुमति पो दिनुहुनेथियो। न्यायकर्ता २:१-५ पदहरूले अबदेखि उसो इस्राएलीहरूमाथि परिआउने थिचोमिचोको मूल-कारण पेश गरेका छन्। मानिसहरू रोए, अनि तिनीहरूले त्यस ठाउँको नाम 'बोकीम' राखे। तिनीहरू यस कुराको खातिर रोएकोमा हामीलाई अचम्म लाग्दैन।

**न्यायकर्ताहरू २:६-१०:** यी पदहरूको खण्डले यहोशूको जीवनका अन्तिम दिनहरू र तिनको मृत्युपछि जिएको पुस्तातिर फर्केर हेर्छन्। व्यवस्थाको पुस्तकको छ अध्यायमा परमप्रभुले आफ्ना जनहरूलाई विशेष आज्ञाहरू दिनुभयो, जुन आज्ञाहरूको आज्ञापालन तिनीहरूले गरेनन्, र यही कारणले तिनीहरू न्यायकर्ता २:१० पदमा वर्णन गरिएको सोचनीय अवस्थामा पुगे। जहाँ आत्मिक अगुवाहरू छैनन्, त्यहाँ परमेश्वरका जनहरूको बीचमा अनाज्ञाकारिता बढ्दै जान्छ नै। यताको अभाव उताको अभावको कारण भएको रहेछ। अघिको पुस्ताले आफ्ना छोराछोरीहरूलाई परमप्रभुको भय मान्न र उहाँका आज्ञाहरू पालन गर्न सिकाएनन्। बुबाहरूको लापरवाहीले तिनीहरूका छोराहरूको विश्वासको पतनको निम्ति बाटो तयार गर्‍यो।

### ख) न्यायकर्ताहरू २:११-३:६: आउँदो समयतिर अघि हेरेको

**न्यायकर्ताहरू २:११-१९:** तर यस अध्यायका बाँकी पदहरूले न्यायकर्ताहरूको सम्पूर्ण अवधिमाथि पूर्वदृष्टि लगाइदिन्छन्। ती पदहरूले एउटा घरिघरि दोहोरिएको घटना-चक्र पेश गरेका छन्, जुन घटना-चक्रचाहिँ त्यो समय चिनाउने विशेष लक्षण थियो। यस घटना-चक्रका चारवटा बुँदाहरू यस प्रकारका थिए, जस्तैः

**क)** पाप (न्यायकर्ता २:११-१३)
**ख)** दासत्व (न्यायकर्ता २:१४-१५)
**ग)** अर्जविन्ती (न्यायकर्ता ३:९, ३:१५ र ४:३। तर यस खण्डमा यस बुँदाको निम्ति कुनै सन्दर्भ-पद छैन)
**घ)** उद्धार (न्यायकर्ता २:१६-१८)

इस्राएलीहरूको व्यवहारमा एउटा नित्य क्रम भइरहन्थ्यो, जुन नित्य क्रम निम्न वाक्यले व्यक्त गरिएको छ, जस्तैः

**क)** तिनीहरूले विद्रोह गरे
**ख)** तिनीहरूले सजाय पाए
**ग)** तिनीहरूले पश्चात्ताप गरे
**घ)** तिनीहरूले विश्राम पाए

श्री इर्विन एल. जेन्सनले के देखाएका छन् भने, न्यायकर्ताहरूको पुस्तकको उक्त खण्डको रूपरेखाले दुईवटा एक-अर्काबाट भिन्न भएका तथ्यहरूमाथि हाम्रो ध्यान खिच्न खोज्छ, जुन तथ्यहरू यस सम्पूर्ण पुस्तकभरि प्रकट हुन्छन्ः

**क)** मानिसको हृदय अत्यन्त भ्रष्ट छ। त्यो कति कृतघ्न, कति बैगुनी, कति हठी, कति विद्रोही र कति मूर्ख छ, यसको साध्य छैन।

**ख)** परमेश्वरको सहनशीलता, धीरज, प्रेम र कृपा।

पवित्र बाइबलको अरू कुनै पुस्तक नै छैन, जुन पुस्तकमा यी दुईवटा तथ्यहरूको बीचको आकाश-पातालको भिन्नता सुस्पष्ट रूपले प्रस्तुत गरिएको छः इस्राएली जातिको पूरा असफलता र परमप्रभुको अटल रहने अनुग्रह! [2)]

**न्यायकर्ताहरू २:२०-२३:** इस्राएली जाति आफ्नो अनाज्ञाकारितामा अटल रहे; यसकारण परमेश्वरले ती अन्यजातिहरूलाई

देशमा रहन दिनुभयो, उहाँले तिनीहरूद्वारा आफ्ना जनहरूलाई ताड़ना दिऊन् भनेर (न्यायकर्ता २:२०-२३)। एक, अन्य-जातिहरूद्वारा इस्राएलीहरूको अनाज्ञा-कारिताको सजाय भएको होस्। तर परमप्रभुले ती अन्यजातिहरूलाई देशमा रहन दिने अन्य कारणहरू पनि थिएः दुई, उहाँले इस्राएलीहरूलाई कनानीहरूद्वारा जाँच्नुभयो (न्यायकर्ता २:२२ र ३:४), र तीन, उहाँले भावी पुस्ताहरूलाई लड़ाइँको तालिम दिन चाहनुभयो (न्यायकर्ता ३:१-२)। यसबाट परमेश्वरले ख्रीष्ट-विश्वासीहरूलाई किन समस्या र जाँचपरीक्षाहरूबाट भएर जान दिनुहुन्छ भन्ने विषयमा हामी ठूलो अन्तर्दृष्टि हासिल गर्छौं। तिनीहरू प्रभुको मार्गमा चल्छन् कि चल्दैनन्, सो कुरा उहाँ जान्न चाहनुहुन्छ (न्यायकर्ता २:२२)।

**न्यायकर्ताहरू ३:१-४:** इस्राएली जातिलाई जाँच्न भनी देशमा छोड़िएका जातिहरूको सूचि न्यायकर्ता ३:३ पदमा दिइएको छ, जस्तैः पलिस्तीहरूका पाँचजना शासकहरू, सबै कनानीहरू, सिडोनीहरू र लेबानोनमा बस्ने हिव्वीहरू।

इस्राएलीहरूमा अबदेखि घरिघरि दोहोरिने पहिलो घटना-क्रम यहाँबाट शुरु हुन्छः क) न्यायकर्ता ३:५-७: पाप, ख) न्यायकर्ता ३:८: दासत्व, ग) न्यायकर्ता ३:९क: अर्जविन्ती र घ) न्यायकर्ता ३:९ख-११: उद्धार।

**न्यायकर्ताहरू ३:५-६:** यस खण्डमा ती जातिहरूको सूचि दिइएको छ, जसको बीचमा इस्राएलीहरूले बसोबास गर्थे। तीन पदमा सूजित गरिएका जातिहरूमा यहाँ कनानीहरू, हित्तीहरू, एमोरीहरू, परिज्जीहरू, हिव्वीहरू र यबूसीहरू थपिएका छन्। अनि सातौं जातिचाहिँ गिर्गाशीहरू थिए (यहोशू ३:१० र २४:११)।

डाक्टर ए. कोहनले इस्राएलीहरूको पतनको घटना-क्रम खास गरी कहाँबाट शुरु भएको हो, सो कुरा यस प्रकारले पत्ता लगाएर छोटकारीमा यसको निम्न लक्षण पेश गरेका छन्ः

> 'इस्राएलीहरूले मोशाको चेताउनी बेवास्ता गरे (व्यवस्था ७:३-४) र अन्यजातिहरूसँग अन्तरविवाह गरे। फलस्वरूप तिनीहरूले तिनीहरूलाई मोहित पार्ने मूर्तिपूजा अपनाए।' [3)]

# खण्ड २
# न्यायकर्ताहरू ३:७-१६:१३:

## न्यायकर्ताहरूको समय

### क) न्यायकर्ताहरू ३:७-११: ओत्निएल

**न्यायकर्ताहरू ३:७-८:** इस्राएलीहरूले परमप्रभुको दृष्टिमा खराबी गरे; किनकि तिनीहरूले अन्यजातिहरूसँग बिहाबारी गरे र यिनीहरूका मूर्तिहरू पुज्न थाले। तिनीहरूको अशुद्धता र अनैतिकताले (न्यायकर्ता ३:६) तिनीहरूलाई मूर्तिपूजातिर ढल्काए (न्यायकर्ता ३:७)। तिनीहरू कनान देशका बासिन्दाहरूसँग सराबरी भएका गम्भीर नतिजाहरू के-के हुन्, सो सम्बन्धमा परमेश्वरले तिनीहरूलाई पहिलेबाट नै चेताउनी दिइसक्नुभएको थियो। तिनीहरू एउटा पवित्र जाति थिए, र परमेश्वरका आशिषहरू उपभोग गर्नको निम्ति तिनीहरूले आफैलाई अशुद्धतादेखि अलग राख्न जरुरी थियो (व्यवस्था ७:३-६)। परमेश्वरले इस्राएलीहरूलाई सजाय दिनुभयो र आठ वर्षसम्म तिनीहरूलाई मेसोपोटामियाका राजा कुशन-रिशतैमको हातमा सुम्पिदिनुभयो।

# इस्राएलका दमनकर्ताहरू र छुटकारा दिने न्यायकर्ताहरूः

| दमनकर्ताको नामः | नामको अर्थ/प्रतीकः | दमनका वर्षहरूः | उद्धारकको नामः | नामको अर्थः | शान्तिका वर्षहरूः | सन्दर्भ-पदः |
|---|---|---|---|---|---|---|
| १) कुशन-रिशतैम मेसोपोटामियाका राजा | दुई गुणा दुष्ट मानिस | ८ | १) ओत्निएल | परमेश्वरको सिंह परमेश्वरको शक्ति | ४० | ३:७-११ |
| २) एग्लोन | मण्डल, सांसारिकता | १८ | २) एहूद | प्रताप, प्रशंसा | ८० | ३:१२-३० |
| ३) पलिस्तीहरू | परमेश्वरका जनहरूको बीचमा डुलुवा, शारीरिकता | - | ३) शम्गर | प्रवाशी, तीर्थ-यात्री | - | ३:३१ |
| ४) **क)** याबीन<br>कनानी हासोरका राजा<br>**ख)** सेनापति सीसरा | समझशक्ति,<br>प्रतिभाशाली<br>किल्ला<br>मोर्चा | २० | ४) **क)** दबोरा<br>**ख)** बाराक | माहुरी<br>बिजुली, वज्रपात | ४० | ४:१-५:३१ |
| ५) मिद्यानीहरू | बहस, झैझगड़ा, संसार | ७ | ५) **क)** गिदोन (यरूब्बाल)<br>**ख)** अबिमेलेक<br>**ग)** तोला<br>**घ)** याइर | ढालक<br>बालसित लड्ने लड़ाकू<br>मेरा पिता राजा<br>कीरा<br>दीपक | ४०<br><br>३<br>२३<br>२२ | ६:१-८:३५<br><br>९:१-५७<br>१०:१-२<br>१०:३-५ |
| ६) अम्मोनीहरू | तर्कशास्त्र, झूटो शिक्षा | १८ | ६) **क)** यिप्तह<br>**ख)** इब्सान<br>**ग)** एलोन<br>**घ)** अब्दोन | स्वतन्त्र पार्ने<br>-<br>-<br>सेवा | ६<br>७<br>१०<br>८ | १०:६-१२:७<br>१२:८-१०<br>१२:११-१२<br>१२:१३-१५ |
| ७) पलिस्तीहरू | सांसारिकता | ४० | ७) शिमसोन | सूर्यजस्तो | ४० | १३:१-१६:३१ |

तिनको नामको अर्थ 'कुशचाहिँ दोबर दुष्टताले भरिएको मानिस' हो ।

**न्यायकर्ताहरू ३ः९-११ः** परमप्रभुले आफ्ना जनहरूको पश्चात्तापी पुकार सुन्नुभयो र तिनीहरूलाई तिनीहरूको शत्रुको हातबाट छुटकारा दिन ओत्निएललाई खड़ा गर्नुभयो, र तिनीहरूलाई चालीस वर्षसम्म शान्ति दिनुभयो । ओत्निएल कालेबका भतिजा थिए । ओत्निएल नामको अर्थ 'परमेश्‍वरको सिंह' हो । अघि कुनै समयमा उनले किर्यत-सेपेर, जसको अर्थ 'किताबको शहर' हो, जितिसकेका थिए, र त्यसको नाम बदलेर 'दबीर' राखेका थिए । दबीर नामको अर्थ 'जीवित ईश्‍वरवाणी' हो । अहो, परमेश्‍वरको लिखित वचन विश्‍वासद्वारा जीवित ईश्‍वर-वाणी पो हुँदो रहेछ !

### ख) न्यायकर्ताहरू ३ः१२-३०ः एहूद

**न्यायकर्ताहरू ३ः१२-१४ः** दोस्रो घटना-क्रमअन्तर्गत मोआबका राजा एग्लोनले इस्राएली जातिलाई अठाह्र वर्षसम्म आफ्नो वशमा पारिराखे ।

**न्यायकर्ताहरू ३ः१५-३०ः** यसपालि परमेश्‍वरले इस्राएली जातिको निम्ति खड़ा गर्नुभएको सेनापति एहूद थिए, जो देब्रे हात चलाउने बिन्यामिनी मानिस थिए । मानिसहरूले तिनलाई तिनीहरूको कर लिएर राजा एग्लोनकहाँ जाने कार्यभार सुम्पे । अनि तिनले एउटा दुईधारे चुपी आफ्नो लुगाभित्र लुकाए । एहूदले कर टक्र्याइसकेपछि हुन सक्छ, मोआबका राजा एग्लोनलाई आफ्नो अधीनस्थ यहूदीहरूको मनसाको विषयमा निक्कै हलुङ्गो भएको हुनुपरेको थियो होला । त्यसपछि एहूदले राजालाई एउटा गुप्त समाचार सुनाउन एकान्त भेट गर्ने अनुमति मागे । राजा एग्लोनले त्यहाँ उपस्थित रहेका सबै परिचारकहरूलाई बाहिर पठाएपछि एहूदले आफ्नो चुपीले हिर्काएर राजा एग्लोनलाई मारे, र तिनी त्यहाँबाट भागे । तिनको यस हिंसाको पर्दाफास हुने बेलासम्म एहूदले इस्राएलीहरूलाई भेला गरे र मोआबको विरुद्धमा लड़ाइँ गर्न निस्के; अनि तिनीहरूले भागिरहेका दस हजार मोआबी सिपाहीहरूलाई मारे । त्यसपछि इस्राएल देशले असी वर्षसम्म शान्ति उपभोग गर्‍यो ।

हामी यसको आत्मिक प्रयोग पनि गरौंः जसरी गेराबाट एहूद जन्मे, त्यसरी नै हाम्रो ध्यानले प्रशंसा जन्मन्छ । गेराको अर्थ ध्यान हो भने एहूदको अर्थ प्रशंसा हो । अनि एग्लोन-चाहिँ संसारको शासक शैतानलाई सङ्केत गर्छ । तब शैतानलाई जित्नको निम्ति हामीले पवित्र बाइबलरूपी आत्माको दुईधारे तरवार चलाउनुपर्छ । परमेश्‍वरको वचन देब्रे हातले चलाउने मानिस पनि त्यसमाथि विजयी हुन्छ ।

ओत्निएल यहूदाबाट थिए, जुन कुल इस्राएली जातिको सबैभन्दा शक्तिशाली कुल थियो । अनि एहूदचाहिँ सबैभन्दा सानो कुल बिन्यामिनका मानिस थिए । परमेश्‍वरले विजय दिलाउनको निम्ति ठूलो कि सानोलाई चलाउन सक्नुहुन्छ; किनभने जेजस्तो भए पनि विजय दिने शक्ति उहाँबाट आउँछ । उहाँले प्रयोग गर्नुभएका मानिसहरू छुटकारा हासिल गर्ने माध्यमहरू मात्र हुन्; तर तिनीहरू छुटकाराका कर्ता वा त्यसका प्रवर्तकचाहिँ होइनन् ।

### ग) न्यायकर्ताहरू ३ः३१ः शम्गर

**न्यायकर्ताहरू ३ः३१ः** यी न्यायकर्तालाई यहाँ एउटा पद मात्र दिइएको छ । तिनले छ सय पलिस्तीहरूलाई गोरु हाँक्ने सुइरोले मारे । गोरु हाँक्ने सिइरो भन्नाले गोरुहरू हिँड़ाउने एक किसिमको धारिलो, तीखो हतियार बुझिन्छ । परमेश्‍वरले ठूलो विजय प्राप्त गर्न

'एउटा कमजोर पात्र' प्रयोग गर्नुभएको सम्बन्धमा योचाहिँ न्यायकर्ताहरूको पुस्तकमा अर्को एक ज्वलन्त उदाहरण हो। शम्गरले तीर्थयात्रीको अर्थ लिन्छन् भने गोरु हाँक्ने सुइरोले परमेश्‍वरको वचन सठीक प्रयोगको अर्थ लिन्छ (उपदेशक १२ः११ पद हेर्नुहोस्)। यस संसारमा प्रवाशी भएको ख्रीष्ट-विश्‍वासीले परमेश्‍वरको वचन सठीक प्रयोग गरेमा परमेश्‍वरका जनहरूको बीचमा डुलि-हिँडूने 'पलिस्तीहरू'लाई पूरा हार खुवाउन सक्छ।

### घ) न्यायकर्ताहरू ४-५ः दबोरा र बाराक

#### अ) न्यायकर्ताहरू ४ः दबोरा र बाराकको वृत्तान्त काव्य भाषामा

**न्यायकर्ताहरू ४ः१-३ः** अब इस्राएली-हरूलाई अत्याचार गर्ने अर्को राजाको नाम याबीन थियो, जो किल्लाबद्ध हासोरका कनानी राजा थिए; अनि सीसरा तिनका सेनापति थिए। तिनीसँग नौ सय फलामका युद्धका रथहरू थिए, जसको विषयमा तिनले धाक पिट्थे, र जुन रथहरूको सहायताले तिनले इस्राएलीहरूलाई बीस वर्षसम्म वशमा राखे।

**न्यायकर्ताहरू ४ः४-९ः** यसपालि परमेश्‍वरले कुनै पुरुषलाई खड़ा गर्नुभएन; तर उहाँले कमजोर स्त्रीजातिबाट एउटी भविष्यवादिनीलाई खड़ा गर्नुभयो, जसको नाम दबोरा थियो।

यस विषयमा याद रहोस्ः एउटी स्त्रीको निम्ति आत्मिक अख्तियारको स्थान ओगट्नु कुनै हालतमा पनि आदर्श मानिँदैन। तर त्यतिखेर इस्राएली जातिको अवनति र आत्मिक पतन भइरहेको थियो। यसकारण दबोराको कुरा लिएर वर्तमान समयका मण्डलीहरूमा दिदीबहिनीहरूको भूमिका दबोराको जस्तै हुनुपर्छ भन्ने तर्क गर्ने न्यायसँगत होइन; किनकि यिनको कुरा नियम होइन, तर इस्राएली जातिभित्र सीमित रहेको अपवाद पो सम्झनुपर्छ; योचाहिँ दिदीबहिनी-हरूको भूमिकाको विषयमा लागू हुने नियम होइन, न इस्राएली जातिमा, न प्रभुको मण्डलीमा।

दबोराले बाराकलाई देशको उत्तरमा गएर सीसराको सेनालाई आक्रमण गर्न अह्राइन्; तर यिनी उनको साथमा जानुपर्छ – यो उनको माग थियो, नत्र ता उनले लड़ाइँमा जान अस्वीकार गरे। उनले लड़ाइँमा जान इच्छा नगरेका हुनाले 'सीसरामाथिको विजयको श्रेय तिमीलाई होइन, तर एउटी नारीलाई दिइनेछ' भन्ने वाणी सुन्नुपर्‍यो।

**न्यायकर्ताहरू ४ः१०-१६ः** बाराकलाई बोलाउन र उनलाई परमप्रभुले आज्ञा गर्नुभएअनुसार सीसरासँग लड़ाइँ गर्ने आदेश दिनमा दबोराको पहल थियो। तर हिब्रू ११ः३२ पदमा दबोराको होइन, तर बाराकको विश्‍वासको खातिर उनको नाम चल्यो। शुरुमा उनले सङ्कोच माने ता पनि उनले विश्‍वासद्वारा परमप्रभुको आज्ञा पालन गरे र इस्राएली जातिलाई शत्रुको हातबाट छुटाए। न्यायकर्ता ४ः११ पदको सम्बन्धमा अनुवादको कुरा आयोः अङ्ग्रेजी एन.आइ.वी.-बाइबलअनुसार होबाबचाहिँ मोशाका जेठान वा सालो थिए भने के.जे.वी. र एन.के.जे.वी.अनुसार होबाबलाई चाहिँ मोशाका ससुरा भनिएको छ, जुन कुरा गलत देखिन्छ।

> 'बाराकले आफ्नो दस हजार सिपाहीरूपी फौज ताबोर पहाड़को दक्षिणी पाखामा खुला रूपले देखाए। तब सीसराचाहिँ तिनको निम्ति थापिएको पासोतिर अघि बढ्न लागे। तिनले आफ्ना फलामका रथहरूसँग हरोशेतको दक्षिणमा एउटा जँघारमा कीशोन नदी तरे; त्यसपछि तिनीहरू दक्षिणपूर्व पुरानो राजमार्गमा

तानाकतर्फ वेगसित अघि बढ़े। अनि दक्षिणबाट अर्थात् एप्रैमबाट अरू इस्राएली-हरूले जेनिननिर यस बेंसीमा प्रवेश गरे (न्यायकर्ता ५:१४), र कीशोनको वर तानाकनिर यिनीहरू बाराक र उनको उत्तरबाट आइरहेको सेनासित सामेल भए। दबोराले इस्राएली फौजहरूलाई आक्रमण गर्ने आदेश दिइन् (४:१४)। पैदल-सिपाहीहरू फलामका रथहरूको विरुद्धमा ! ठीक त्यही समयमा पानी पर्न थाल्यो, र यस झरीपानीले गर्दा मेगिद्दोको मैदान हिलैहिलो बन्न गयो; यसले गर्दा ती रथहरू र तिनका घोड़ाहरू अस्तव्यस्त भए (न्यायकर्ता ५:४)। यस परिस्थितिबाट पैदल-सिपाहीहरूले पूरा फाइदा उठाउन सके। बाराकले हमला जोड़सित हाँकेर अगाड़ि बढ़ाए। यसको सिलसिलामा सीसरा आफ्ना सिपाहीहरूबाट अलग भए र भागे। सीसेराको कप्तानरहित सेनासँग पैदलले लड़ाइँ गर्ने अनुभव थिएन; यसकारण तिनीहरू आफ्नो सैनिक अड्डातिर भागे। पानी निरन्तर परिरहेको कारणले कीशोन नदीमा पानी उर्लेर ठूलो भल आयो। जस-जसलाई इस्राएलीहरूले खेद्दै गरेको बेलामा तरवारद्वारा मार्न सकेनन्, तिनीहरूलाई कीशोन नदीले बगाएर लग्यो, जब तिनीहरूले हरोशेतको जँघारमा त्यो नदी तर्न खोजे (न्यायकर्ता ४:१०-१६ पदको खण्ड न्यायकर्ता ५:२०-२१ पदहरूसँग तुलना गर्नुहोस्)।'

स्क्रीप्चर युनियनका दैनिक टिप्पणीहरूबाट उद्धृत

**न्यायकर्ताहरू ४:१७-२४:** भाग्दै गरेका सीसरा शरण लिन याएलको पालमा आइपुगे, जुन याएलचाहिँ केनी जातिकी थिइन्। यिनले तिनलाई खान र बस्न दिइन्। तिनी निदाइरहेको बेलामा याएलले पालको एउटा कीला र एउटा मार्तोल लिइन् र त्यो कीला तिनको कन्चटमा ठोकिदिइन्। जब सीसेराको पछि-पछि खेद्दै गरेका बाराक त्यहाँबाट भएर गए, तब याएलले उनलाई उनको शत्रुको लाश हेर्न भित्र बोलाइन्। यसरी नै न्यायकर्ता ४:९ पदमा दबोराद्वारा कहिएको भविष्यवाणी पूरा भयो।

परमेश्वरले याबीनलाई अर्थात् तर्कमाथि तर्क गर्ने मानिसको दिमाग भुइँमा लड़ाउन दबोरालाई अर्थात् एउटा कमजोर मौरी प्रयोग गर्नुभयो; (दबोरा नामको अर्थ 'मौरी' हो); किनकि मानिसको दिमागले आफूलाई घरि-घरि परमेश्वरको ज्ञानको विरोधमा उच्च पार्न खोज्छ। तर इस्राएली जातिको त्यस शत्रुमाथि वज्रपातजस्तै परमेश्वरको न्याय आइपर्‍यो; (बाराक नामको अर्थ 'बिजुली चम्केको' वा 'वज्रपात' हो)। याएलले अर्थात् यस चढ्न अति सिपालु पहाड़ी बाख्राले पालको कीला अर्थात् आफ्नो तीर्थयात्री जीवनको साक्षी लिएर किल्लाबद्ध मिथ्याभिमान, पूर्वधारणा र शक्तिशाली बहानाहरू कुल्चन सकिन्। अनि यस सम्बन्धमा मार्तोलले परमेश्वरको वचनको अर्थ लिन्छ (यर्मिया २३:२९)।

### आ) न्यायकर्ताहरू ५: दबोरा र बाराकको वृत्तान्त गीतमा प्रस्तुत गरिएको

**न्यायकर्ताहरू ५:१-५:** दबोरा र बाराकको जयगान आत्माको प्रेरणाले लेखिएको साहित्यको उत्कृष्ट रचनाहरूमध्ये एक हो। यो जयगान परमप्रभुको प्रशंसाबाट शुरु भयो; त्यसपछि दबोराले परमप्रभुको त्यस सैनिक भव्य प्रस्थानको सम्झना गरिन्, जुन बेलामा इस्राएलीहरूले एदोमको सिमाना छोड़ेर प्रतिज्ञाको देशतर्फ अघि बढ़ेका थिए। परमप्रभु इस्राएलका परमेश्वरको महिमाको तेजको सामु सामना गर्न सक्ने जेजति विरोध सबका सब पग्लेर गयो।

**न्यायकर्ताहरू ५:६-७:** त्यसपछि दबोराले शम्गरको समयमा भइरहेका परिस्थितिहरू वर्णन गरिन्। विघ्न जोखिम र खतराहरूले गर्दा मूल-सड़कहरू सुनसान रहन्थे। यात्रीहरू डाँकू र लुटेराहरूको हातमा नपर्न चोरबाटाहरू भएर हिँड्थे। अनि

गाउँलेहरू घरबाट बाहिर निस्कने आँट गर्दैनथिए। जबसम्म दबोरा खड़ा भइनन्, तबसम्म परिस्थितिहरू नाजुक हुन्थे।

**न्यायकर्ताहरू ५:८:** मानिसहरू मूर्तिहरूतिर लागेको हुनाले देश लड़ाइँ र काटमारको अधीनतामा सुम्पियो; अनि लड्न सक्नको निम्ति इस्राएलीहरूसँग कुनै उपयोगी हतियारहरू थिएनन्।

**न्यायकर्ताहरू ५:९-१४:** तर जब परमेश्वरले दबोरा र बाराकलाई खड़ा गर्नुभयो, तब इस्राएली जातिका केही शासकहरू र कति मानिसहरूले उनीहरूलाई सहायता गर्न हिम्मत बाँधे, जस्तैः एप्रैमबाट कति मानिसहरू, बिन्यामिनबाट कति मानिसहरू, माकीरबाट कति मानिसहरू अनि जबूलून र इस्साकारबाट कति मानिसहरू। (माकीर भन्नाले मनस्से कुलका मानिसहरू बुझिन्छ।)

**न्यायकर्ताहरू ५:१६-१७:** त्यसपछि दबोराले ती मानिसहरूको पनि सम्झना गरिन्, जुन मानिसहरू सघाउन आएनन्। रूबेनका मानिसहरूसँग हृदयका ठूला-ठूला संकल्प त थिए, तर तिनीहरू भेड़ा-गोठहरूको बीचमा बसिरहे। अनि गिलादका मानिसहरू, जो गाद कुलका थिए, तिनीहरूले लड़ाइँमा साथ दिन यर्दन नदी तरेनन्। अनि दानका मानिसहरू आफ्ना पानीजहाजहरूमै बसिरहे। अनि आशेरका मानिसहरूचाहिँ अल्छी भई समुद्रको किनारमा बसिरहे।

पवित्र धर्मशास्त्र बाइबलले रणभूमिमा उत्रेर लड़ाइँमा भाग लिनेहरू र तिनीहरूको बीचमा सफासँग छुट्ट्याउँछ, जसले परमप्रभुको कामको निम्ति र उहाँको पक्षमा आफ्नो सुरक्षा खतरामा हाल्न चाहँदैनथिए, तर केही चासो नराखी निष्क्रिय रहन्थे। वर्तमान समयमा कुरा पनि उस्तै छ। प्रभु येशूले तिनीहरूलाई चिन्नुहुन्छ, जो संसार र शैतानको विरोध गर्न सक्रिय हुन्छन्। अनि उहाँले तिनीहरूलाई पनि जान्नुहुन्छ, जो आफ्नो कुर्सीबाट कहिल्यै उठ्दैनन्, तर रमिता हेर्ने दर्शकहरू मात्र हुन्छन्। याद रहोस्ः इनाम पाउने त्यो दिन आइरहेको छ; तर लेखा दिने बेलामा हानि उठाउन पनि सम्भव छ (१ कोरिन्थी ३:१०-१५)।

**न्यायकर्ताहरू ५:१८-२२:** जबूलून र नप्तालीका मानिसहरू प्रशंसनीय थिए; किनभने तिनीहरूले ज्याला नलिईकन परमप्रभुको निम्ति आफ्नो प्राण मृत्युको जिखिममा होमिदिए। तिनीहरूले चाँदी लुटको मालको रूपमा लगेनन्। तिनीहरू त्यस डरलाग्दो ठाउँमा थिए, जहाँ कनानीहरूका राजाहरूको विरुद्धमा घमासान लड़ाइँ चलिरहेको थियो। तिनीहरू परमप्रभुको पक्षमा हुनुभएको हुनाले प्राकृतिक शक्तिहरूले पनि तिनीहरूलाई साथ दिए।

**न्यायकर्ताहरू ५:२३-२७:** *'मेरोजलाई श्राप देओ!'* परमप्रभुको सहायताको निम्ति नआएको कारणले अरू कोही होइन, केवल मेरोज श्रापको योग्य ठहरियो। यस शहरका मानिसहरू कसरी निष्क्रिय रहन सके, जब शत्रुको विरुद्धमा लड़ाइँ गर्न तिनीहरूको सहायता अति खाँचो परेको थियो? तर पालवासी यी स्त्री याएलचाहिँ यिनको वीरताको खातिर र चतुऱ्याइँको साथ सीसरालाई नाश गरेकी कारणले धन्यकी कहलिइन्। अनि स्त्रीहरूमध्ये धन्य कहलिएकी दोस्रीचाहिँ प्रभु येशूकी आमा हुन्, बस् यति (लूका १:४२)।

**न्यायकर्ताहरू ५:२८-३१:** यता सीसराकी आमा थिइन्, जो त्यही समयमा 'मेरो छोरा लड़ाइँबाट विजयी भएर लुटका मालहरूसँग कहिले घर फर्कन्छ' भनेर झ्यालबाट हेर्दै पर्खिरहेकी थिइन्। तिनले यसपालि किन ढिलो गरे, सो यिनले बुझ्न सकिनन्। यिनीसँग भएका बुद्धिमती स्त्रीहरूले यिनलाई 'तपाईंको छोराले आफ्ना

सिपाहीहरूसँग लुटका मालहरू बाँड़िरहे होलान् भन्ने आश्वासन दिए। तर अबदेखि उसो सीसरा कहिल्यै फेरि घर फर्कनेथिएनन्। अनि परमप्रभुका सबै शत्रुहरूको भाग्य पनि तिनकै जस्तो होस्।

तर परमप्रभुलाई प्रेम गर्नेहरूचाहिँ उदय हुँदै गरेको र सम्पूर्ण प्रतापमा पुगेको सूर्यजस्ता होऊन्। सीसराको मृत्युपछि देशले चालीस वर्षसम्म शान्ति उपभोग गरेको कथनको साथ न्यायकर्ताहरूको पुस्तकको पाँच अध्याय समाप्त भयो।

## ङ) न्यायकर्ताहरू ६:१-८:३२: गिदोन

### अ) न्यायकर्ताहरू ६: गिदोनलाई सेवाको निम्ति बोलावट भएको

**न्यायकर्ताहरू ६:१-६:** अर्को घटना-क्रम हुँदा इस्राएलीहरू मिद्यानीहरूको थिचोमिचोमा परे। यिनीहरू अरबी डुलन्ते बेडुइन जातिका लुटपात गर्ने दलहरू थिए, जुन दलहरूले इस्राएलीहरूका फसलहरू एक्कासी छापामार गर्थे; यिनीहरू सलहको हूलझैं आउँथे, र देश नाङ्गो पार्थे, अनि के भेड़ा, के गोरु, के गधा, सबका सब पशुधन चोरेर लैजान्थे। इस्राएली जाति विश्वासबाट पछि हटेको हुनाले तिनीहरूमाथि गरिबी, दासत्व र डर आइपरे। जस-जसलाई इस्राएली जातिले विगत समयमा जितेका थिए, तिनीहरू अब यसको मालिक बने। ख्रीष्ट-विश्वासीहरूहो, हामी प्रभु येशूबाट पछि हट्छौं भने हाम्रा पुराना आदत र कुलतहरूले हामीलाई फेरि कमारा तुल्याउँछन्, र हामी आत्मिक हिसाबले गरिब हुन्छौं।

**न्यायकर्ताहरू ६:७-१६:** जब इस्राएली-हरूले परमप्रभुलाई पुकारे र गोहार मागे, तब सबैभन्दा पहिले तिनीहरूकहाँ एकजना भविष्यवक्ता पठाइए, जसले तिनीहरूलाई तिनीहरूले गरिरहेको पाप, तिनीहरूको मूर्तिपूजा सम्झना गराए। त्यसपछि परमप्रभुका दूत मनस्से कुलको एकजना गिदोन नाम गरेका मानिसकहाँ देखा पर्नुभयो। परमप्रभुका दूत भन्नाले देहधारण हुनुभन्दा अघिको समयमा ख्रीष्ट येशूले लिनुभएको रूप बुझिन्छ। (बढ़ता जानकारीको निम्ति निम्न विषयबद्ध लेख हेर्नुहोला)। परमप्रभुका दूत देखा पर्नुभएको बेलामा गिदोनले मिद्यानीहरूदेखि लुकाउन गुप्तमा गहुँ दाखको कोलमा झाँट्दैथिए। परमप्रभुका दूतले यी शूरवीर योद्धालाई 'परमेश्वरले इस्राएली जातिलाई मिद्यानीहरूको हातबाट छुटकारा दिन, तिमीलाई प्रयोग गर्न चाहनुहुन्छ' भनेर भन्नभयो। गिदोनले यसमा आफ्नो आपत्ति जनाए, तर परमप्रभुका दूतले तिनलाई यो महत्त्वपूर्ण कार्य सुम्पेर तिनको बोलावट दोहोर्‍याउनुभयो।

### परप्रभुका दूत

परमप्रभुका दूतचाहिँ देहधारण हुनुभन्दा अघिको समयमा देखा पर्नुभएको प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। हामी यस विषयमा अब पवित्र बाइबलका कति सम्बन्धित खण्डहरू अध्ययन गर्न लागेका छौं, जुन खण्डहरूबाट स्पष्ट हुन्छ, कि परमप्रभुका दूतचाहिँ परमेश्वर हुनुहुन्छ, अनि खास गरी उहाँ त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ।

सर्वप्रथम हामी पवित्र धर्मशास्त्र बाइबलका यी खण्डहरू पेश गर्छौं, जुन खण्डहरूले परमप्रभुका दूत परमेश्वर हुनुहुन्छ भन्ने कुरा प्रकट गर्छन्। **क)** उत्पत्ति १६:१३: परमप्रभुका दूत हागारकहाँ देखा पर्नुभएको बेलामा हागारले आफू परमेश्वरको उपस्थितिमा रहेकी थाहा गरी; किनकि उसले उहाँलाई 'मलाई देख्नुहुने परमेश्वर तपाईं पो हुनुहुँदो रहेछ' भन्ने नाम दिई।

**ख)** उत्पत्ति २२:१६: मोरियाहको टाकुरामा अब्राहामसँग कुरा गर्नुहुँदा यी दूतले आफैलाई 'परमप्रभु' भन्ने नाम दिनुभयो। **ग)** उत्पत्ति ३१:११-१३: परमप्रभुका दूतले आफूलाई 'म बेतेलको परमेश्वर हुँ' भनेर भन्नुभएको कुरा याकूबले आफ्ना कानहरूले सुने। **घ)** उत्पत्ति ४८:१५-१६: जब इस्राएलले यूसुफलाई आशीर्वाद दिए, तब उनले परमेश्वर र स्वर्गदूतको बीचमा कुनै भिन्नता नराखी परमेश्वरलाई स्वर्गदूत र स्वर्गदूतलाई परमेश्वर भने। **ङ)** प्रस्थान ३:२: जब परमप्रभुका दूत आगोले जलिरहेको काँड़े पोथ्रामा मोशाकहाँ देखा पर्नुभयो, *'तब मोशाले आफ्नो मुख छोपे; किनकि उनी परमेश्वरलाई हेर्न डराए'* (प्रस्थान ३:६)। **च)** प्रस्थान १३:२१: परमप्रभु, जो बादलको खाँबा भएर इस्राएलीहरूको अघि-अघि जानुभयो, उहाँ परमप्रभुका दूत हुनुहुन्थ्यो (प्रस्थान १४:१९)। न्यायकर्ता ६:२२-२३: गिदोन किन 'मर्छु कि' भनेर डराए? किनकि तिनले परमप्रभुका दूतलाई देख्दा परमेश्वरलाई देखेका थिए। **छ)** न्यायकर्ता १३:१८: परमप्रभुका दूतले मानोहलाई 'मेरो नाम अद्‌भुत छ' भनेर भन्नुभयो; अनि 'अद्‌भुत' भन्ने नाम परमेश्वरका नामहरूमध्ये एक हो (यशैया ९:६)। **ज)** होशे १२:३-४: जब याकूबले परमप्रभुका दूतसँग कुश्ती लड़े, तब उनले परमेश्वरसँग नै कुश्ती लड़े। पुरानो नियममा जुन-जुन ठाउँमा परमप्रभुका दूत भनेर लेखिएको छ, ती सबै ठाउँहरूको सन्दर्भ सदैव परमेश्वर हुनुहुन्छ। यो कुरा विश्वास दिलाउन यी प्रमाणहरू यथेष्ट हुन्छन्।

श्री लूविस एस. चेफरले आफ्नो पुस्तकमा उद्धृत गरेअनुसार यो कुरा पुष्ट गर्न श्री जोह्न एफ. वलवुर्डले निम्न चारवटा तर्कहरू पेश गरेका छन्ः

' "**क)** तर्क एकः त्रिएक परमेश्वरको दोस्रो व्यक्तिचाहिँ नयाँ नियममा देखिनुभएको परमेश्वर हुनुहुन्छ।

**ख)** तर्क दुईः ख्रीष्ट येशू देहधारी हुनुभएपछि परमप्रभुका दूत फेरि कहिल्यै देखा पर्नुभएन। यसर्थ परमप्रभुका दूत पुरानो नियमको समयमा सीमित हुनुहुन्थ्यो।

**ग)** तर्क तीनः परमप्रभुका दूत र ख्रीष्ट येशू – यी दुवैजनालाई पिता परमेश्वरले पठाउनुभएको हो।

**घ)** तर्क चारः परमप्रभुका दूतचाहिँ पिता परमेश्वर वा पवित्र आत्मा परमेश्वर हुन सक्नुहुन्न।"

आफ्नो चौथो तर्कको सिलसिलामा श्री जोह्न एफ. वलवुर्डले के भन्छन् भने, पिता र पवित्र आत्मा मानिसहरूको निम्ति अदृश्य हुनुहुन्छ; किनकि यी दुईजनाको कुनै भौतिक गुण नै छैन। यसकारण तिनी निम्न निष्कर्षमा आइपुगेका छन्ः "परमप्रभुका दूत त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुँदो रहेछ। यो कुरा काट्न एउटै पनि ठोस कारण छैन; किनभने परमप्रभुका दूत को हुनुहुन्छ – उहाँको पहिचानको सम्बन्धमा जानकारीमा आएको हरेक तथ्यले एउटा कुरा सङ्केत गर्छ र एउटै कुरा माग गर्छः परमप्रभुका दूत नयाँ नियमको ख्रीष्ट येशू हुनुहुन्छ।" ' [4)]

ख्रीष्ट येशू परमप्रभुका दूतको रूपमा अरू सबै स्वर्गदूतहरूभन्दा भिन्न हुनुहुन्थ्यो; किनभने उहाँको उत्पत्ति कहिल्यै भएको थिएन। पुरानो नियम र नयाँ नियममा 'दूत'[5)] अथवा 'स्वर्गदूत' भनेर अनुवाद गरिएका शब्दहरूको अर्थ 'सन्देशवाहक' हो; यसो हो भने उहाँ परमप्रभुका सन्देशवाहक हुनुहुन्छ। श्री लूविस एस. चेफरले भनेअनुसार उहाँ केवल कामको हिसाबले सन्देशवाहक हुनुहुन्छ।[6)]

**न्यायकर्ताहरू ६:१७-२४:** 'ओहो, म त परमप्रभुसँग कुरा गरिरहेछु' भन्ने कुरा चाल पाएपछि गिदोनले उहाँसँग एउटा चिन्ह मागे। तब तिनले परमप्रभुको निम्ति एउटा भाख्राको

पाठो र अखमिरी रोटीहरू तयार गरे। अनि जब परमप्रभुका दूतले भेटीको रूपमा चढ़ाइएका वस्तुहरू लहुरोले छुनुभयो, तब आगोले यो भेटी भस्म गऱ्यो। अब गिदोन आफू परमेश्वरको उपस्थितिमा भएको निश्चित भए, र 'मर्छु कि' भनेर डराए। तर परमप्रभुले *'तिमीलाई शान्ति होस्! नडराऊ, तिमी मर्नेछैनौ'* भन्ने वचनद्वारा तिनलाई ढाड़स दिनुभयो। त्यसपछि गिदोनले त्यहाँ परमप्रभुको निम्ति एउटा वेदी बनाए र त्यसको नाम 'यहोवा-शालोम' राखे, जसको अर्थ हुन्छ 'परमप्रभु शान्ति हुनुहुन्छ।'

**न्यायकर्ताहरू ६:२५-३२:** त्यही रात गिदोनले परमप्रभुको आदेशअनुसार आफ्ना बुबाले बाल देवताको नाममा खड़ा गरेको वेदी भत्काए र त्यसको छेउमा भएको काठको अशेरा मूर्ति काटेर ढाले अनि त्यसको सट्टामा परमप्रभुको निम्ति एउटा वेदी खड़ा गरे। भोलिपल्ट बिहान त्यस शहरका मानिसहरू गिदोनको दुःसाहस सम्झिएका यी दुईवटा कामहरूको खातिर तिनलाई मार्न तयार भए। तर तिनका बुबा योआशले तिनीहरूलाई रोकेर भनेः 'बाल ईश्वर हो भने, उसले आफ्नो मुद्दा आफै लड़ोस्!' त्यसपछि योआशले 'बालको पक्ष लिने हरेक मानिस मारिनेछ' भन्ने फैसला सुनाए। त्यस दिनमा गिदोनलाई 'यरूब्बाल' भन्ने उपनाम दिइयो, जसको अर्थ होः 'बाल आफैले मुद्दा लड़ोस्।'

डरको कारणले गिदोनले राति बालको वेदी भत्काएको हुनाले कतिजनाले तिनमा दोष पाउलान्। तर यस्ताहरूले तिनले परमप्रभुको आज्ञा पालन गरेको कुरा बिर्सनुहुँदैन। तिनको डरले तिनलाई आज्ञाकारी हुनदेखि रोक्न सकेन। बेला-बेलामा हामी सबैलाई डर लाग्छ; अनि हामीलाई लागेको डरमा कुनै गल्ती नहोला; किनकि डर सधैं गलत हुँदैन। तर जब हामीमा भएको डरले हामीलाई परमेश्वरको आज्ञा पालन गर्नदेखि रोक्छ, त्यो डर हाम्रो विश्वासलाई बाधा दिन्छ र पाप पो हुन जान्छ।

**न्यायकर्ताहरू ६:३३-३५:** अब मिद्यानीहरू, अमालेकीहरू र पूर्वका मानिसहरू इस्राएलसँग लड़ाइँ गर्न एकसाथ भेला भए, यर्दन नदी पार गरे र यिज्रेलको बेंसीमा छाउनी हाले। तब परमप्रभुका आत्मा गिदोनमाथि उत्रनुभयो, र तिनले मनस्से, आशेर, जबूलून र नप्तालीका कुलहरूबाट एउटा फौज एकत्र गरे। न्यायकर्ता ६:३४ पदमा अबिएजर भन्ने नाम उल्लेख गरिएको छ। अबिएजर गिदोनका पूर्वज थिए, तर यहाँ उनको नाम उनको गोत्रको निम्ति प्रयोग गरियो। (न्यायकर्ता ८:२ पद पनि हेर्नुहोस्)।

**न्यायकर्ताहरू ६:३६-४०:** लड़ाइँमा जानुभन्दा पहिले गिदोनले परमेश्वरबाट विजयको निश्चयता दिलाउने चिन्ह मागे। पहिलो चिन्ह यस प्रकारको थियोः शीत केवल भेड़ाको ऊनमाथि पऱ्यो, त्यसको वरिपरि भुइँमाथि होइन। अनि दोस्रो चिन्ह भोलिपल्टको रातमा दिइयोः शीत भुइँमाथि मात्र पऱ्यो, भेड़ाको ऊनमाथि होइन।

गिदोनले प्रयोग गरेको भेड़ाको ऊनको विषयमा इसाईहरूले प्रायः गलत अर्थ लगाउने गर्छन्। हामीले यस प्रासङ्गिक घटनाको बारेमा दुईवटा कुराहरू मनमा राख्नुपर्छः एक, गिदोनले भेड़ाको ऊनद्वारा परमेश्वरको अगुवाइ होइन, तर विजयको निश्चयता पाउन खोजे। किनकि परमेश्वरले तिनलाई तिनले गर्नुपर्ने तिनको काम अह्राइसक्नुभएको थियो। तिनले केवल सफलताको निश्चयता पाउन खोजे। जुन मानिसहरूले कुनै विशेष परिस्थितिमा प्रभुको इच्छा जान्नको निम्ति, तिनीहरूको शब्दमा भन्नु हो भने, 'भेड़ाको ऊन' काममा लगाउन चाहन्छन्, यी मानिसहरूले पवित्र बाइबलको यो खण्ड बेप्रयोग गर्छन्। दुई, गिदोनले

परमप्रभुबाट एउटा अलौकिक चिन्ह मागे, कुनै प्राकृतिक चिन्ह होइन। तिनले यहाँ जुन कुरा मागे, त्यो कुरा परमेश्वरको प्रत्यक्ष हस्तक्षेपविना कुनै हातलमा पनि हुन सक्नेथिएन; यो सुनिश्चित छ। तर वर्तमान समयमा मानिसहरूले यस्ता कुराहरू 'भेड़ाको ऊन'को रूपमा प्रयोग गर्छन्, जुन कुराहरू आफै-आफ र उहाँको अलौकिक हस्तक्षेप-विना हुन आउन सक्छन्। यसरी यस खण्डको बेप्रयोग पनि भइरहेको छ। तर यहाँ सम्बन्धित कुरा खास के थियो? हामी यहाँ विश्वासमा कमजोर भएका मानिसलाई देख्छौं, जससित परमेश्वरले दयाको व्यवहार गर्नुभयो र जसलाई उहाँले विजयको निश्चयता दिनुभयो। वर्तमान समयमा परमेश्वरले प्रार्थनाको उत्तरमा हामीलाई यस प्रकारका निश्चयताहरू दिन सक्नुहुन्छ र दिनु पनि हुन्छ।

### आ) न्यायकर्ताहरू ७: गिदोनका तीन सयजना सिपाहीहरूरूपी सेना

**न्यायकर्ताहरू ७:१-३:** मिद्यानीहरू-माथिको विजय स्पष्ट गरी अलौकिक भएको होस् भन्ने हेतुले परमप्रभुले गिदोनको सेनाको सङ्ख्या बत्तीस हजारदेखि दस हजारमा घटाउनुभयो; किनभने व्यवस्थाको आज्ञा-अनुसार डरपोकहरू र हृदय हताश भएकाहरू घर पठाइए (व्यवस्था २०:८)।

**न्यायकर्ताहरू ७:४-८:** परमेश्वरले सेनाको सङ्ख्या अझ घटाउन चाहनुभयो र यसको निम्ति सिपाहीहरूलाई खोलामा जाँच गर्नुभयो। पानी पिउनलाई घुँड़ा टेक्ने समय लिनेहरू सबै हटाइए। तर जसले कुकुरले झैं चाटेर पानी पिए, र छिटो-छिटो अघि बढ़े, तिनीहरूलाई सेनामा राखियो; तिनीहरूको सङ्ख्या तीन सय थियो।

**न्यायकर्ताहरू ७:९-१४:** त्यसपछि परमप्रभुले गिदोनलाई राति मिद्यानीहरूको छाउनीको छेउमा जाने निर्देशन दिनुभयो। गिदोन आफ्नो सेवक पूराहलाई लिएर शत्रुको छाउनीको छेउछाउमा पुगे। अनि त्यहाँ तिनले एकजना मिद्यानीले आफ्नो साथीलाई आफ्नो सपना बताउँदै गरेको सुने, जुन सपनाअनुसार एउटा जौको रोटी गुड्दै आएर मिद्यानको छाउनीमा पस्यो र एउटा पाललाई धक्का दियो, र त्यो ढल्यो। त्यसको साथीले त्यसको सपनाको अर्थ यस प्रकारले बुझ्योः इस्राएलीहरूले मिद्यानीहरूलाई परास्त गर्ने रहेछन्। जौको रोटीचाहिँ साधारण खेती-किसानहरूको भोजन हुन्थ्यो, र त्यस जौको रोटीले यहाँ इस्राएली जातिलाई सङ्केत गर्छ। अनि त्यो पालचाहिँ? त्यसले मिद्यानीहरूका सेनाहरूलाई चित्रण गर्छ।

**न्यायकर्ताहरू ७:१५-२०:** हुन सक्छ, आफ्नो सेनाको सङ्ख्या घटाएको कुराले गिदोनको मनमा डरहरू उब्जायो; अनि यो न्यायसँगत पनि थियो; किनभने परमेश्वरले तिनलाई तीन सयजना सिपाही लिएर एक लाख पैंतीस हजार सिपाहीहरू भएको ठूलो सेना मुकाबिला गर्न अह्राउनुभयो (न्यायकर्ता ८:१०)! तर तिनका शत्रुहरूको मुखबाट निस्केको यस वाणीले तिनको विश्वास बलियो तुल्यायो। यसको प्रत्युत्तरमा तिनले पहिले परमेश्वरको आराधना गरे (७:१५), त्यसपछि तिनी लड़ाइँमा उत्रे।

यस प्रकारले विजयको निश्चयता पाएका गिदोन इस्राएली छाउनीमा फर्के, र तिनले आफ्ना मानिसहरूलाई लड़ाइँको निम्ति भेला पारे। तिनले आफ्नो सेना तीनवटा दलमा बाँड़े। हरेक सिपाहीको हातमा एउटा तुरही, एउटा माटोको गाग्रो र त्यसभित्र एउटा राँको थियो। तिनीहरू मिद्यानीहरूको छाउनीको छेउमा पुगे, र तोकिएको सङ्केतअनुसार तिनीहरूले तुरही फुके र माटाका गाग्राहरू यस हेतुले फुटाए कि ती गाग्राहरूभित्रका राँकाको उज्यालो एकाएक देखिओस्; अनि

तिनीहरू एकसाथ यसो भन्दै कराएः 'परमप्रभु र गिदोनको तरवार !'

यस घटनाको आत्मिक अर्थ २ कोरिन्थी ४ः७ पदमा दिइएको छ। हाम्रा शरीरहरू माटाका भाँड़ाहरू हुन्। यही कारणले ख्रीष्ट येशूको खातिर हामी सधैंभरि मृत्युको हातमा सुम्पिइन्छौं; किनकि केवल यसरी नै येशू ख्रीष्टको अनुहारमा चम्किरहने परमेश्वरको महिमाको ज्ञानको प्रकाशको चमक अरू मानिसहरूकहाँ पुग्दो रहेछ।

**न्यायकर्ताहरू ७ः२१-२५ः** गोलमालमा परेका र आतङ्कले अतालिएका मिद्यानीहरूले एक-अर्कालाई आक्रमण गर्न थाले, र भाग्न लागे। शुरुमा नप्ताली, आशेर र सम्पूर्ण मनस्सेकाहरूले तिनीहरूलाई खेदे। तर त्यसपछि गिदोनले एप्रैमका सबै मानिस-हरूलाई लड़ाइँमा साथ दिन यर्दनका जँघारहरू कब्जा गर्ने र यर्दन नदी तरेर भाग्न खोजेका शत्रुहरूलाई नाश गर्ने आव्हान गरे। यसको सिलसिलामा एप्रैमीहरू मिद्यानका दुईजना शासकहरू ओरेब र जीबलाई पक्रेर मार्न सफल भए। (ओरेब नामको अर्थ 'काग' हो भने, जीब नामको अर्थ 'व्याँसो' हो।)

गिदोनका गतिविधिहरूबाट हामी अगुवापनको विषयमा केही पाठहरू सिक्न सक्छौं। **क)** एक अगुवा अरूलाई अगुवाइ गर्न सक्नुभन्दा पहिले आफूले के गर्न लागेको छ, सो कुराको विषयमा उसलाई पूरा निश्चयता भएको हुनुपर्छ। **ख)** ऊ परमेश्वरको उपासना गर्ने मानिस हुनुपर्छ, जसले परमेश्वरलाई उहाँलाई दिनुपर्ने स्थान दिन्छ; यो सबैभन्दा मुख्य कुरा हो (७ः१५)। **ग)** नमुनाको जीवन जिएर उसले डोऱ्याउनु-पर्छ (७ः१७)। **घ)** पहिले श्रेय परमेश्वरको हुनुपर्छ; त्यसपछि उहाँले छान्नुभएका र प्रयोग गर्नुभएका पात्रहरूलाई श्रेय दिन उचित छ (७ः१८)। हरेक अगुवाजन यसको विषयमा होशियार बस्नुपर्छ।

## इ) न्यायकर्ताहरू ८ः१-३२ः गिदोन मिद्यानीहरूमाथि विजय भएका

**न्यायकर्ताहरू ८ः१-३ः** पहिला एप्रैमका मानिसहरू गिदोनसँग रिसाए; किनकि तिनले तिनीहरूलाई सहायता गर्न ढिलो बोलाएका थिए। तर गिदोनले तिनीहरूलाई यो सम्झना गराए, कि तिनीहरूले दुईजना मिद्यानी शासकहरूलाई पक्रेर मारे; यस प्रशंसनीय कामको तुलनामा तिनले गरेको काम केही पनि थिएन। तब तिनीहरूको रिस शान्त भयो। अघि न्यायकर्ता ६ः३४ पदमा बताएअनुसार यहाँ दुई पदमा अबिएजर भन्ने नामको सन्दर्भ गिदोन र तिनका मानिसहरू हुन्।

**न्यायकर्ताहरू ८ः४-७ः** सुक्कोतमा बस्ने यहूदीहरूले गिदोन र तिनका भोकाएका तीन सय मानिसहरूलाई खान केही पनि दिएनन्; किनकि गिदोन लड़ाइँमा हारे भने मिद्यानी-हरूले तिनीहरूसँग बदला लिनेथिए; अनि यस कुरासँग तिनीहरू डराए। 'त्यसो भए जब परमप्रभुले जेबह र सल्मुन्नालाई मेरो हातमा सुम्पदिनुहुनेछ, तब म उजाड़स्थानका काँड़ाहरू र काँड़े झ्याङहरूले तिमीहरूको मासु लुछ्नेछु' भनेर गिदोनले तिनीहरूलाई धम्की दिए। यस ठाउँमा हिब्रूमा 'लुछ्नेछु' होइन, तर 'चुट्नेछु' भनेर लेखिएको छ।

**न्यायकर्ताहरू ८ः८-९ः** जब गिदोनले पनूएलका मानिसहरूबाट खानेकुरा मागे, तब तिनीहरूको जवाफ पनि नकारात्मक थियो। यसकारण तिनले तिनीहरूलाई 'जब म शान्तिसित फर्केर आउनेछु, तब म यो धरहरा भत्काइदिनेछु' भन्ने धम्की दिए।

**न्यायकर्ताहरू ८ः१०-१७ः** गिदोनले आफ्नो वचन पूरा गरे। तिनले यी दुईजना मिद्यानी राजाहरूलाई पक्रे र यिनीहरूको सारा सेना परास्त गरे। अनि पोल लगाउने एकजना जवान मानिसबाट गिदोनले सुक्कोतका

सतहत्तरजना शासक र बूढ़ा प्रधानहरूका नाम जान्न पाए; यसकारण तिनले उनीहरूलाई एउटा पाठ सिकाए। यसको विषयमा श्री ए. कोहनले यसो भनेका छन्ः

> 'यस प्रकारको दण्ड प्लाटोले लेखेको "पोलिटेया" नामक पुस्तकमा वर्णन गरिएको छ; यस्तो घोर शासना सबैभन्दा ठूला अपराधीहरूमाथि लगाइन्थ्यो।' 7)

यहूदीहरूका रब्बी किम्ची र रशीले 'काँड़ाहरू र काँड़े झ्याङहरूले चुट्नु' भन्ने वाक्यमा मुहावरेदार अर्थ देखे, जसको मतलब 'जोरसँग पिट्नु' हो।

> 'अरू मानिसहरू पनि छन्, जसको विचारमा, गिदोनले यी शासकहरूलाई नाङ्गो पारेर काँड़ा-हरूको ओछ्यानमा फ्याँके र यिनीहरूलाई खलामा अन्न कुल्चेझैं कुल्चे अरे।' 8)

अनि पनूएलमा आएर गिदोनले त्यस ठाउँको धरहरा भत्काइदिए र त्यस शहरका मानिसहरूलाई मारे। *'नरम जवाफले क्रोधलाई शान्त पार्छ; तर रूखा वचनहरूले रिस उठाउँछन्'* (हितोपदेश १५:१)। न्यायकर्ता ८:१-३ पदको खण्डमा नरम जवाफले क्रोधलाई शान्त पार्ने उदाहरण छः गिदोनले एप्रैमीहरूलाई नरम जवाफ दिए र तिनीहरूको रिस शान्त भयो। अनि हितोपदेश १५:१[ख] पदमा लेखिएको वचनको निम्ति उदाहरण न्यायकर्ता ८:४-१७ पदको खण्डमा सुक्कोत र पनूएलका मानिसहरू हुन्, जसका रूखा वचनहरूले गिदोनको रिस उठाए।

**न्यायकर्ताहरू ८:१८-२१ः** यी मिद्यानी राजाहरू जेबह र सल्मुन्नाले ताबोरमा गिदोनका कतिजना भाइहरूलाई मारेका थिए; यसकारण तिनले आफ्नो जेठा छोरा येतेरलाई यिनी-हरूलाई मार्ने आज्ञा गरे। तर ऊ अझ ठिटा भएको कारणले डरायो। तब गिदोन आफैले यिनीहरूलाई मारे।

**न्यायकर्ताहरू ८:२२-२३ः** गिदोनले यस लड़ाइँमा प्राप्त गरेका पराक्रमी विजयहरू देखेर इस्राएलीहरूले तिनलाई 'हाम्रा राजा हुनुहोस्' भनेर आग्रह गरे। तिनीहरूले यसको श्रेय परमेश्वरलाई होइन, तर मानिसलाई दिए (न्यायकर्ता ७:२ पदसँग तुलना गर्नुहोस्)। तर गिदोनले आफ्नो निम्ति र आफ्ना छोराहरूको निम्ति यो प्रस्ताव अस्वीकार गरे; यसमा तिनले आफ्नो सद्गुण र इमान देखाए। तिनीहरूमाथि राज्य गर्ने अधिकार केवल परमेश्वरको थियो। यसमा तिनको यो राय बिलकुल ठीक थियो।

**न्यायकर्ताहरू ८:२४-२७ः** गिदोन, जो अघिको परीक्षामा उतीर्ण भए, अर्को परीक्षासित हारे। तिनले इस्राएलीहरूबाट मिद्यानीहरूका सुनका कुण्डलहरू मागे, जुन कुण्डलहरू तिनीहरूले उनीहरूबाट निकालेका थिए। मिद्यानीहरू इश्माएलीहरूको नामले पनि चिनिन्थे (प्रस्थान ३२:१-६)। ती सुनका कुण्डलहरूबाट गिदोनले एउटा एपोद बनाए। एपोद भन्नाले पूजाहारीको छातीको अगाड़िपट्टि लगाउने एप्रोनजस्तै वस्त्र बुझिन्छ। तिनले त्यो एपोद ओप्रामा खड़ा गरेपछि त्यो पूजा गर्ने वस्तु पो बनेछ र इस्राएली जातिको निम्ति पासो बनेछ। किनकि त्यस एपोदले तिनीहरूको ध्यान शीलोबाट र त्यहाँ खड़ा भएको पवित्र निवासस्थानबाट खिच्यो। गिदोनले राजा हुन मानेनन्, तर पूजाहारीको पद इन्कार गर्न सकेनन्।

**न्यायकर्ताहरू ८:२८-३२ः** मिद्यानीहरू-माथि विजय प्राप्त गरेपछि इस्राएलीहरूले चालीस वर्षसम्म शान्ति उपभोग गरे।

यस खण्डमा यो पनि उल्लेख गरिएको छ, कि गिदोनका धेरै पत्नीहरू थिए र यिनी-हरूबाट सत्तरी छोराहरू जन्मे। शेकेममा तिनको उप-पत्नी पनि थिई, जसले तिनको निम्ति एउटा छोरा जन्माई, जसको नाम अबिमेलेक थियो।

गिदोनको बहुमुखी व्यक्तित्वका अर्का दुईवटा गुणहरू यस अध्यायमा देखा परे। **क)** मिद्यानीहरूलाई निर्यदतासाथ खेदेर तिनलाई अह्राइएका कामहरूको सम्बन्धमा तिनमा भएको आज्ञापालनको परिपूर्णता र सम्पूर्णता देखिन्छ। किनभने तिनी थाकेका भए पनि, धेरै परिश्रम गरिसके ता पनि र कसैले तिनलाई सहायता नदिए ता पनि मिद्यानीहरू नाश नभएसम्म र तिनीहरूका राजाहरू मरेको अवस्थामा तिनका खुट्टामा नपरेसम्म गिदोन निरन्तर र जोरसित अघि बढ़िरहे। प्रेरित पावलमा हामी उस्तै प्रकारको लगन देख्छौं; तर उनले आफ्नो जोश र लगनशीलताचाहिँ आत्मिक लड़ाइँमा काममा लगाउँथे (फिलिप्पी ३:१२-१४)।

**ख)** गिदोनको व्यक्तित्वमा देखिएको दोस्रो गुण नकारात्मक छ। जुन सुनका कुण्डलहरू इस्राएलीहरूले मिद्यानीहरूलाई पराजय गरेर लड़ाइँमा जिते, ती सुनका कुण्डलहरू पाऊँ भन्ने अनुरोध गरे र ग्रहण गरे (न्यायकर्ता ८:२४); अनि त्यही कुरा गिदोनको निम्ति, तिनको परिवार र तिनको देशको निम्ति पासो बन्न गयो। उत्पत्ति १४:२१-२४ पदको खण्डमा अब्राहामको व्यवहार कति फरक थियो। यसकारण आउनुहोस्, परमेश्‍वरको अनुग्रहमा हामी गिदोनमा भएका सद्‌गुणहरू हासिल गर्ने प्रयत्न गरौं, तर तिनमा भएका कमजोरी र अवगुणहरू इन्कार गरौं!

### च) न्यायकर्ताहरू ८:३३-९:५७: अबिमेलेकले जबरजस्ती शासनअधिकार हड़प गरेको

**न्यायकर्ताहरू ८:३३-३५:** गिदोनको मृत्युपछि लगत्तै इस्राएलीहरू तर्केर विभिन्न बाल देवताहरूलाई पुज्न थाले। तिनीहरूले यति चाँड़ै गिदोनले आफ्नो जातिको निम्ति गरेका साहसी पराक्रमी कार्यहरू भुले, कसरी? तिनीहरूले कसरी, अँ, कसरी तिनका सन्तानहरूप्रति कुव्यवहार गर्ने र परमेश्‍वरको महान् छुटकारा बिर्सने स्थितिमा आइपुगे? अनि हाम्रो विषयमा चाहिँ? के हामी प्रभु येशूबाट पाएका आशिषहरूको सम्झना गर्छौं? के हामी आफ्ना इष्टमित्र र छरछिमेकीहरूले गरेका उपकारहरू याद गर्छौं? ओहो, हाम्रो पनि भुलिदिने बानी छ; अनि हाम्रो निम्ति यो एउटा सरमलाग्दो कुरा हो।

**न्यायकर्ताहरू ९:१-६:** गिदोनको छोरा अबिमेलेक इस्राएली जातिको न्यायकर्ता थिएनन्, तर जबरजस्ती शासनअधिकार हड़प गर्ने व्यक्ति थिए। (अबिमेलेक नामको अर्थ 'मेरो पिता राजा हुनुहुन्थ्यो' हो)। यिनीसँग इस्राएलीहरूमाथि यथोचित शासनअधिकार थिएन, र पनि यिनले शासन गर्न खोजे। आफ्नो शासनको निम्ति आउने सबै खतराहरू हटाउन यिनले आफ्नो कान्छा भाइ योतामलाई छोड़ेर आफ्ना अरू सबै दाजुभाइहरूलाई मारे। शेकेममा भएका निकम्मा र विवेकहीन आफन्तहरूको सहायताले यिनले त्यहाँका मानिसहरूलाई फुस्लाए, कि तिनीहरूले यिनलाई यस इलाकाका राजाको रूपमा स्वीकार गरून्। गिदोनका सत्तरीजना छोराहरू थिए (न्यायकर्तता ८:३० र ९:२), तर तिनका सबै छोराहरू मारिएनन्; यसकारण न्यायकर्ता ९:५ पदमा लेखिएको 'सत्तरी छोराहरू' एउटा मोठ सङ्‌ख्या हुनुपर्ला।

**न्यायकर्ताहरू ९:७-१५:** सुसमाचारका पुस्तकहरू गहन अर्थ भएका धेरै दृष्टान्त र कथाहरूले भरिएका हुन्छन्। अनि यहाँ, यस ठाउँमा पुरानो नियमका दृष्टान्तहरूमध्ये एउटा प्रस्तुत गरिएको छ। श्री इर्विन एल. जेन्सनले यसको विषयमा यस प्रकारको टिप्पणी गरेका छन्:

> 'जब योतामले अबिमेलेकको राजा-अभिषेकको विषयमा सुने, तब मानिसहरू

अझै पनि तल बेंसीमा भेला भएको बेलामा तिनी हतारसँग गेरिजीम पहाड़को टाकुरामाथि चढ़े; किनकि तिनको आवाज बेंसीको वारपार राम्रोसँग सुन्नको निम्ति यो उच्च स्थान उपयोगी थियो। अनि तिनले त्यहाँबाट एउटा अनौठो दृष्टान्त प्रस्तुत गरे; अनि मानिसहरूले तिनको दृष्टान्त ध्यानपूर्वक सुने। रूखहरूरूपी प्रजाले राजा चुनेको दृष्टान्तद्वारा तिनले इस्राएली जातिको व्यवहार चित्रण गरे। तिनले गिदोन र उनका छोराहरूको सम्बन्धमा बोल्दाखेरि उनीहरूलाई जैतुनको रूख, नेभाराको रूख र दाखको बोटसँग तुलना गरे, जसले परमेश्वरद्वारा निर्धारित गरिएका आफ्ना उपयोगी स्थानहरू छोड्न नमानेर बुद्धिमानीसाथ काम गरे; किनकि यी निर्धारित स्थानहरूमा अडिग रहेर तिनीहरू अरू रूखहरूमाथि राज्य गर्न सक्षम हुनेथिए। तर त्यसपछि तिनले अबिमेलेकको विषयमा कुरा गर्दा यिनलाई एउटा काँड़े झ्याङ्गसँग तुलना गरे, जसले उत्सुकतासाथ राज्य गर्ने निमन्त्रणा स्वीकार गरिहाल्यो; यति मात्र होइन, तर लेबानोनका देवदारहरूले त्यसले भनेको कुरा नमाने र त्यसलाई राजा नतुल्याए त्यस काँड़े झ्याङ्गले ती रूखहरू भस्म पार्नेछ भन्ने चेतावनी पनि दियो।' [9)]

**न्यायकर्ताहरू ९ः१६-२१ः** तब योतामले साहससँग यसो भन्दै उद्घोषणा गरेः 'तपाईंहरूले अबिमेलेकका दाजुभाइहरूलाई मारेर उनलाई राजा तुल्याएकोमा सही काम गर्नुभएको छ भने, तपाईंहरू आफ्नो नयाँ शासकमा रमाउनुहोस्! नभए हे शेकेमका मानिसहरूहो, तपाईंहरू र अबिमेलेकको बीचमा गृहयुद्ध चलोस् र तपाईंहरूले एक-अर्कालाई नष्ट गर्नुभएको होस्!'

**न्यायकर्ताहरू ९ः२२-३३ः** अनि ठीक त्यस्तै हुन आयो। तीन वर्षपछि परमेश्वरले अबिमेलेक र शेकेमका मानिसहरूको बीचमा एउटा वैरभाव पैदा गर्ने दुष्ट आत्मा पठाउनुभयो। परमेश्वर कुनै दुष्ट कुराको कर्ता हुनुहुन्न; तर उहाँ खराबी रहन दिनुहुन्छ र दुष्ट मानिसहरूसित आफ्ना उद्देश्यहरू पूरा गर्नको निम्ति खराबी प्रयोग गर्नुहुन्छ (१ शमूएल १६ः१४ र १ राजा २२ः१९-२३ पदहरूसँग तुलना गर्नुहोस्)।

शेकेमका मानिसहरूले त्यस शहरको नजिकबाट भएर गएको व्यापार मार्गमा आउजाउ गर्ने यात्रीहरूलाई लुटे, र यसरी नै तिनीहरूले अबिमेलेकबाट यिनले पाउनुपर्ने वाणिज्य कर वञ्चित गरे (न्यायकर्ता ९ः२५)। एबेदका छोरा गालले 'अबिमेलेक को हो? अनि हामी शेकेमका मानिसहरू को हौं, कि हामी त्यसको सेवा गर्नुपर्ने' भन्दै कटनीको उत्सवचाहिँ अबिमेलेकको विरुद्धमा विद्रोह गर्ने अवसर बनाए। अबिमेलेकको कठपुतली-राज्यपाल जबूलले शेकेममा भइरहेको राजद्रोहको विषयमा यिनलाई गुप्त रूपमा सन्देश पठाए, र बिहान सबेर त्यस शहरको विरुद्धमा मोर्चा बाँध्ने सल्लाह दिए।

**न्यायकर्ताहरू ९ः३४-४०ः** जब गाल बिहान शहरको मूलढोकामा गए, तब उनले मानिसहरूलाई पहाड़को टुप्पाहरूबाट तल झरिरहेका देखे। पहिले त जबूलले 'तपाईं मानिसहरूलाई होइन, तर छाया पो देख्नुभएको' भान गरे; किनकि तिनले यसरी अबिमेलेकको निम्ति समय निकाल्ने आशा गरे। अन्तमा गालले यी छायाहरू मानिसहरू नै हुन् भन्ने कुरा जाने; अनि हेर, अर्को दिशाबाट दोस्रो झुण्ड पनि आइरहेको रहेछ। तब जबूलले उनलाई 'अब निस्क र उहाँसँग लड़ाइँ गर' भन्ने चुनौती दिए, जसको शासन उनले तुच्छ ठानेका थिए। जब गाल र उनका अपराधीहरूको दलले शत्रुसित मुकाबिला गरे, तब उनका धेरै मानिसहरू मारिए, र उनी नभन्दै भागेर शहरमा फर्के।

**न्यायकर्ताहरू ९ः४१-४४ः** अबिमेलेकले अरूमाहको छेउमा छाउनी हाले; अनि जबूलले गाल र उनका दाजुभाइहरूलाई

शेकेमबाट निकालिदिए। भोलिपल्ट शेकेमका मानिसहरू काममा निस्के, अथवा हुन सक्छ, तिनीहरू मारिएकाहरूबाट लुटका मालहरू लिन मैदानमा निस्के होलान्। अनि अबिमेलेकले यो कुरा सुने। तब यिनले आफ्ना मानिसहरूलाई तीन दलमा बाँड़े, र मैदानमा ढुकेर बसे। दुईवटा दलहरू यी मानिसहरूमाथि आइलागे र तेस्रो दलले तिनीहरूलाई भागेर शहरमा उम्कनदेखि रोकिराखे। अबिमेलेकको यो ढुकिबसाइ सफल भयो।

**न्यायकर्ताहरू ९:४५:** दिनभरि लड़ाइँ चलिबसेपछि त्यो शहर परास्त भयो; त्यसका सबै मानिसहरू मारिए र त्यो शहर भत्काइयो, अनि त्यहाँ नुन छरियो। नुन छरिएको जमिन बाँझो हुन्छ। अनि यहाँ यस कामको अर्थ प्रतीकात्मक थियो। अबिमेलेकले त्यो शहर सधैंको निम्ति बाँझो जमिन भएको देख्न चाहे। यो यिनको दृढ़ संकल्प थियो।

**न्यायकर्ताहरू ९:४६-४९:** शेकेमको धरहरा छेउमा थियो, र त्यहाँ बरित देवताको मन्दिर पनि थियो। धरहराका मानिसहरू त्यस मन्दिरको गढ़को ठूलो कोठाभित्र लुकिबसे। अबिमेलेक र यिनका मानिसहरू सल्मोन पहाड़मा उक्ले, र त्यस पहाड़को वनबाट रूखका हाँगाहरू ल्याए र ती मानिसहरू लुकेको किल्लामा आगो लगाइदिए। लगभग एक हजार पुरुष र स्त्रीहरू यस अग्निकाण्डमा नष्ट भए।

**न्यायकर्ताहरू ९:५०-५७:** तेबेस कब्जा गरेको बेलामा अबिमेलेकको पतन भयो। यिनले त्यस शहरको धरहरा आक्रमण गरे, जहाँ धेरै मानिसहरूले शरण लिएका थिए; तब कुनै एउटी स्त्रीले अबिमेलेकको टाउकोमाथि जाँतोको ढुङ्गा खसालिदिई। यिनी सिकिस्त घाइते भए। 'अबिमेलेक त एउटी स्त्रीको हातबाट मरे' भन्ने लोकनिन्दा नफैलिओस् भन्ने हेतुले यिनले छेवैमा भएको मानिसलाई 'मलाई मार' भन्ने आदेश दिए। यसरी नै योतामले भविष्यवाणी गरे जस्तै त्यो काँड़े झ्याङ्ग नष्ट भयो।

एक-एक अपराध त्यसको सुहाउँदो सजाय दिन न्यायको आफ्नै तरिका हुन्छ। अबिमेलेकले आफ्नै दाजुभाइहरूलाई एउटै ढुङ्गामाथि मारेका थिए (न्यायकर्ता ९:५); अनि यिनको घमण्डी टाउको एउटा ढुङ्गाले फुटाइदियो। हिंसाको भारमा जिउनेहरू हिंसाद्वारा नै मारिनेछन्।

### छ) न्यायकर्ताहरू १०:१-५: तोला र याइर

इस्साकार कुलबाट तोलाले इस्राएली जातिमाथि तेइस वर्षसम्म न्याय गरे। तिनी एप्रैमको पहाड़मा बस्थे।

तोलापछि गिलादी याइर अर्को न्यायकर्ता भए, जसले इस्राएली जातिमाथि बाइस वर्षसम्म शासन गरे। अनि यहाँ अरू जानकारी के दिइएको छ भने, उनका तीसजना छोराहरू थिए, जसले तीसवटा शहरहरूमाथि शासन गरे।

### ज) न्यायकर्ताहरू १०:६-१२:७: यिप्तह

#### अ) न्यायकर्ताहरू १०:६-१८: इस्राएली जातिको दुर्दशा

**न्यायकर्ताहरू १०:६-९:** यस ठाउँमा हामी फेरि इस्राएलीहरूले परमप्रभुलाई त्यागेर मूर्तिपूजातिर लागेको उराठलाग्दो विवरण पढ्छौं। तिनीहरूको मूर्तिहरूको पूजाआजाले तिनीहरूलाई मूर्तिपूजकहरूको दासत्वमा ल्याए। यसको सिलसिलामा यताबाट पलिस्तीहरूले र उताबाट अम्मोनीहरूले यर्दनको पूर्वमा बस्ने यहूदीहरूको विरुद्धमा लड़ाइँ गरे। अनि अम्मोनीहरू यहूदा, बिन्यामिन र एप्रैममाथि चढ़ाइ गर्न यर्दन नदी तरेर वर पनि आए।

इस्राएली जाति पलिस्तीहरू र अम्मोनीहरूको मुकाबिला गर्न शक्तिहीन थियो;

किनकि तिनीहरूले परमप्रभुको सेवा र आराधना गर्न छोड़े र अन्यजातिहरूका देवीदेवताहरूको पूजा गरे (न्यायकर्ता १०:६)।

**न्यायकर्ताहरू १०:१०-१६:** तर जब इस्राएलीहरूले परमप्रभुलाई पुकारे, तब उहाँले पहिले त तिनीहरूका पुकार र गोहारहरू सुन्न इन्कार गर्नुभयो। उहाँले बितेको समयमा तिनीहरूले पाएका छुटकाराहरूको बेली-बिस्तार गर्नुभयो र एक-एक छुटकारापछि तिनीहरूले उहाँलाई कसरी त्यागे, सो कुराको ताजा सम्झना दिलाउनुभयो (न्यायकर्ता १०:१३)। तर तिनीहरूले निरन्तर प्रार्थना गरिरहे र आफ्ना मूर्तिहरू हटाए; त्यसपछि परमेश्वरले तिनीहरूको पुकार सुन्नुभयो। न्यायकर्ता १०:१६ पदले परमप्रभुको ठूलो, फराकिलो हृदय र त्यसको कोमलताको विषयमा हाम्रो ज्ञान बढ़ाइदिन्छ। आफ्ना हठी छोराछोरीहरूको दुर्दशा देखेर उहाँ निष्क्रिय बस्न सक्नुभएन। तिनीहरूको दुर्दशाले उहाँमा दया पलायो।

**न्यायकर्ताहरू १०:१७-१८:** यस अध्यायको अन्तमा अम्मोनीहरूका सेनाहरूले गिलादमा छाउनी हाले, र इस्राएलीहरूचाहिँ मिस्पामा भेला भए। अनि गिलादका मानिसहरूले एकजना सेनापतिलाई खोजिरहेका थिए (न्यायकर्ता १०:१७-१८)।

### आ) न्यायकर्ताहरू ११:१-२८: यिप्तहले इस्राएली जातिको बचाउ गरेका

**न्यायकर्ताहरू ११:१-३:** अनि यिप्तहचाहिँ त्यस समयको मागअनुसारको मानिस थिए। तिनको परिचय यस प्रकारको छः तिनी गिलादी थिए; तिनी एक शूरवीर योद्धा थिए र तिनी एउटी वेश्याका छोरा थिए। तिनका दाजुभाइहरूले तिनलाई तिरस्कार गरेपछि तिनी तोब देशमा प्रवासी भएका थिए। हुन सक्छ, तोब देश सम्भवतः सिरियामा परेको थियो कि? त्यहाँ तिनी निकम्मा, बेधड़क मानिसहरूको दलको अगुवा बने।

**न्यायकर्ताहरू ११:४-११:** गिलादका बूढ़ा प्रधानहरूले यिप्तहलाई अम्मोनीहरूको विरुद्धमा इस्राएली सेनाहरू अगुवाइ गर्न विन्ती गरे। तिनीहरूले, यदि तिनले शत्रुलाई परास्त गरे भने तिनलाई तिनीहरूको शासकको रूपमा स्वीकार गर्ने प्रतिज्ञा गरे।

एक प्रकारले, यिप्तहले हामीलाई प्रभु येशूको सम्झना गराउँछ; किनकि तिनको जन्ममाथि पनि छाया परेको थियो, र तिनी आफ्ना दाजुभाइहरूबाट पनि तिरस्कृत थिए। तर बन्धनमा परेको बेलामा तिनीहरूले तिनलाई सम्झे र तिनलाई तिनीहरूको उद्धारक हुन बोलाए; अनि यप्तह तिनीहरूको उद्धारक हुनको साथै तिनीहरूको शिर र शासक पनि हुने सर्तमा गिलादीहरूलाई सहायता गर्न राजी भए।

**न्यायकर्ताहरू ११:१२-२८:** सबैभन्दा पहिले यिप्तहले अम्मोनका राजाकहाँ सन्देशवाहकहरू पठाए, र 'तपाईंले हामीलाई आक्रमण किन गर्नुभएको, यसको स्पस्टीकरण दिनुहोस्' भनेर उनलाई सो कुरा बताउने मौका दिए। तब अम्मोनीहरूका राजाले यसरी आफ्नो असन्तुष्टि प्रकट गरेः इस्राएलीहरूले मिस्र देशदेखि कनान देशतर्फ यात्रा गरेको बेलामा उनीबाट केही जमिन चोरी गरेका थिए अरे। तर वास्तवमा कुरा यस्तो भएको थिएन; यिप्तहले यो कुरा यसरी स्पष्ट पार्दै जान्छन्: परमप्रभुले तिनीहरूलाई 'एदोमीहरूसँग (व्यवस्था २:४-५), मोआबीहरूसँग (व्यवस्था २:९) र अम्मोनीहरूसँग (व्यवस्था २:१९) लड़ाइँ नगर्नू' भन्ने निर्देशन दिनुभएको थियो; किनभने यिनीहरू यहूदीहरूका टाढ़ोबाट साइनो लाग्ने जातिहरू थिए। यसकारण इस्राएलीहरू एदोम देश र मोआब देश नछोएर

अघि बढ़ेका थिए। तर जब इस्राएलीहरू अम्मोनीहरूको सिमानामा आइपुगेका थिए, तब एमोरीहरूले अम्मोनीहरूको जमिन अघिबाटै कब्जा गरिसकेका तिनीहरूले भेट्टाएका थिए। त्यत्तिखेर सीहोनचाहिँ एमोरीहरूका राजा भएका थिए। अनि इस्राएली जातिले यी एमोरीहरूलाई जितेर यिनीहरूको जमिन अधिकार गरे।

तर जब अम्मोनीहरूका राजाले यस जमिनको विषयमा आफ्नो दाबी फिर्ता लिन अस्वीकार गरे, तब यिप्तहले लड़ाइँको निम्ति तयार गरे।

### इ) न्यायकर्ता ११ः२९-४०ः यिप्तहको भाकल

**न्यायकर्ताहरू ११ः२९-४०ः** तर लड़ाइँमा जानुभन्दा अघि यिप्तहले नसोचीकन निम्न भाकल गरेः तिनी विजयी बनेर घर फर्कंदा तिनको घरका ढोकाबाट पहिले निस्कने जुनसुकै थोक परमप्रभुको हुनेथियो। अनि परमेप्रभुले तिनलाई अम्मोनीहरूमाथि विजय दिनुभयो; अनि जब तिनी आफ्नो घर फर्के, तब तिनकी छोरी ढोकाबाट निस्केर तिनलाई स्वागत गरी। यसकारण यिप्तहले उसलाई परमप्रभुको निम्ति समर्पण गरे।

यिप्तहले वास्तवमा आफ्नी छोरीसित के गरे, यस विषयमा निक्कै मतभेद छ। एक धारणा यस प्रकारको छः तिनले आफ्नी छोरीलाई मारेर परमप्रभुको निम्ति होमबलि गरे। अनि सायद यस खण्डको शाब्दिक अर्थ यही हुन्छ होला, यद्यपि नरबलि हामीलाई साह्रै घृणित लाग्छ, र परमेश्वरले यस किसिमको घृणित कुरा कहिल्यै अनुमोदन गर्नुभएन (व्यवस्था १८ः९-१४)। बलि-पशुहरू मात्र बलिदान गरिन्थे; तर मानिसहरूलाई चाहिँ समर्पण गरिन्थ्यो, त्यसपछि दाम तिरेर छुट्टाइन्थ्यो (प्रस्थान १३ः१२-१३, लेवी २७ः१-८)।

अर्को सर्वमान्य धारणा यस प्रकारको छः यिप्तहले आफ्नी छोरीलाई परमप्रभुको सेवाको निम्ति आजन्म कुमारी हुने गरी उहाँकहाँ समर्पण गरे। यस धारणाका समर्थकहरूले के भन्छन् भने, तिनको घरका ढोकाबाट पहिले बाहिर निस्कने जुनसुकै कुरा 'निश्चय नै परमप्रभुकै हुनेछ *अथवा* म त्यसलाई होमबलिको रूपमा चढ़ाउनेछु' (न्यायकर्ता ११ः३१)। न्यायकर्ता ११ः३७, ३८ र ३९ पदहरूले तिनकी छोरी आजन्म कुमारी रहेको कुरा बलियो समर्थन गर्छन्। जेजस्तो भए पनि, यस खण्डबाट 'हामीले नसोचीकन कुनै भाकल गर्नुहुँदैन' भन्ने पाठ हामीले सिक्नुपर्छ।

### ई) न्यायकर्ताहरू १२ः१-७ः यिप्तहले एप्रैमीहरूलाई मारेका

**न्यायकर्ताहरू १२ः१-४ः** यिप्तह विजयी भएका देखेर एप्रैमका मानिसहरू तिनीप्रति डाही भए; तिनीहरूले न यस लड़ाइँमा र यस विजयमा कुनै हिस्सा पाए; यसकारण तिनीहरूले तिनको सामु गनगन गरे। तर यिप्तहले तिनीहरूलाई बोलाउँदा तिनीहरू नआएको कुरा तिनीहरूलाई सम्झना गराए। तिनले तिनीहरूबाट व्यर्थमा सहायता मागेका थिए। एप्रैमीहरूले यिप्तहका जनहरूलाई 'हे गिलादीहरूहो, वास्तवमा तिमीहरू एप्रैमबाटका शरणार्थीहरू हौ' भनेर उनी-हरूलाई हेपे। याद रहोस्ः एप्रैमीहरू उपद्रव मच्चाउने मानिसहरू थिए। गिदोनले मिद्यानीहरूलाई परास्त गरेपछि तिनीहरूले यिनीसँग पनि झगड़ा गर्न खोजेका थिए (न्यायकर्ता ८); अनि अहिले पनि तिनीहरूले बिनसित्ति यिप्तहसँग झगड़ा गरिरहेका थिए।

**न्यायकर्ताहरू १२ः५-६ः** यिप्तह र तिनका मानिसहरूले एप्रैमीहरूलाई आक्रमण गरे र तिनीहरूले उम्कन नपाऊन् भन्ने हेतुले

यर्दनका घाटहरू कब्जा गरे। कसैले यर्दन तर्न चाहेमा नदी पार गर्नुभन्दा अघि उसले 'शिब्बोलेत'[10] भन्ने पासवर्ड भन्नुपरेको थियो। ('शिब्बोलेत'को अर्थ 'बगिरहेको खोला' हो)। एप्रैमीहरूले यो शब्द ठीकसँग उच्चारण गर्न सक्दैनथिए; तिनीहरूले 'सिब्बोलेत' भनेर आफ्नो चिनापर्ची खुलस्त पारे। यिप्तहले यर्दनमा एप्रैमका बयालीस हजार मानिसहरूलाई मारे – आफ्नै जातिका दाजुभाइहरूको कत्रो काटमार!

परमेश्वरका जनहरूलाई आपसमा यसरी मुठभेट गरेको दृश्यचाहिँ कति विचलित पार्ने कुरा हो। एप्रैमीहरूको रगतचाहिँ अब अम्मोनीहरूको रगतसित बराबर थियो। न्यायकर्ताहरूको पुस्तकमा उल्लेख गरिएका उज्ज्वल घटनाहरूमा पनि खोट लागेको छ। श्री सामुएल रिडओले यसको विषयमा निम्न दुःखलाग्दो विचार व्यक्त गरेका छन्ः

> 'दुःखलाग्दो कुरा के हो भने, झूटा शिक्षाको सामना गर्ने र त्यसको पराजय गर्नेहरू प्रायः ती मानिसहरू हुन्, जसले पछि आफ्ना दाजुभाइ-हरूसित अति आवश्यक नभएका कुराहरूको सम्बन्धमा बहस र झगड़ा गर्दा रहेछन्।'[11]

**न्यायकर्ताहरू १२ः७ः** यिप्तहले न्यायकर्ताको रूपमा छ वर्षसम्म सेवा गरे; त्यसपछि तिनको मृत्यु भयो, र तिनी गिलादमा गाड़िए। हिब्रू ११ः३२ पदमा गिदोन, बाराक र शिमसोनको साथसाथै यिप्तहको नाम पनि हालिएको छ। यी सबै जनहरूमा आ-आफ्ना गल्तीहरू त थिए, तर यी सबैजनाले कुनै न कुनै समयमा ठूलो विश्वास देखाए।

### झ) न्यायकर्ताहरू १२ः८-१५ः इब्सान, एलोन र अब्दोन

**न्यायकर्ताहरू १२ः८-१०ः** इब्सानले इस्राएली जातिलाई सात वर्षसम्म न्याय गरे। यिनको विषयमा हामीले यति जान्दछौंः यिनी बेतलेहेमको मानिस थिए, जसका तीसजना छोराहरू थिए। अनि ती सबैजनाको निम्ति यिनले आफ्नो कुलदेखि बाहिरबाट पत्नीहरू ल्याए।

**न्यायकर्ताहरू १२ः११-१२ः** अनि एलोन-चाहिँ जबूलून कुलको थिए। तिनले दस वर्षसम्म न्यायकर्ताको काम गरे। तिनको मृत्युपछि तिनी अय्यालोनमा गाड़िए।

**न्यायकर्ताहरू १२ः१३-१५ः** अनि हिल्लेलका छोरा अब्दोन पिरातोन शहरबाटको मानिस थिए। पिरातोनचाहिँ एप्रैमको इलाकामा अमालेकीहरूको पहाड़ी देशमा अवस्थित थियो। उनले आठ वर्षसम्म इस्राएली जातिको न्याय गरे। उनका चालीसजना छोराहरू र तीसजना नातिहरू भएका रहेछन्।

## ञ) न्यायकर्ताहरू १३-१६ः शिमसोन

### अ) न्यायकर्ताहरू १३ः शिमसोनको धार्मिक संस्कृति र पृष्ठभूमि

**न्यायकर्ताहरू १३ः१-३ः** न्यायकर्ता-हरूको पुस्तकमा सातौं पल्ट *'इस्राएलीहरूले फेरि पनि परमप्रभुको दृष्टिमा खराबी गरे'* भन्ने वाक्य यहाँ दोहोरिएको छ। पाप, सजाय, अर्जविन्ती र उद्धारको घटनाक्रम फेरि शुरु भयो। यसपालि पलिस्तीहरूले इस्राएली जातिलाई चालीस वर्षसम्म कमारा बनाए। अहिलेसम्म यति लामो अवधि इस्राएली जाति कहिले पनि थिचोमिचोमा परेको थिएन। पलिस्तीहरूले इस्राएलीहरूलाई थिचोमिचो गरिरहेको समयमा परमप्रभुका दूत मानोहकी पत्नीकहाँ देखा पर्नुभयो, जुन मानोहचाहिँ दान कुलको मानिस थिए, जसकी पत्नी बाँझी थिइन्। अनि उहाँले तिनलाई सुनाउनुभयोः 'हेर, तिमी गर्भवती हुनेछ्यौ, र एउटा छोरा जन्माउनेछ्यौ!' कतिपल्ट कसैको बाँझी गर्भबाट परमेश्वरका उद्देश्यहरू पूरा हुन शुरु

हुन्छन्। किनभने उहाँ मृत्युबाट जीवन बोलाएर निकाल्नुहुन्छ र भएका कुराहरूलाई निकम्मा तुल्याउन हुँदै नभएका कुराहरू प्रयोग गर्नुहुन्छ।

**न्यायकर्ताहरू १३:४-७:** यी छोरा आफ्नी आमाको गर्भदेखि आफ्नो मृत्युसम्म नाजीर हुनु थियो। तिनले दाखमद्य पिउनुहुँदैनथियो, अङ्गुर वा किसमिस खानुहुँदैनथियो, तिनको कपाल काट्नुहुँदैनथियो। अनि तिनकी आमा आफैले पनि गर्भवती हुने बेलामा दाखमद्य वा मदिरा पिउनुहुँदैनथियो र अशुद्ध खानेकुरा खानुहुँदैनथियो।

पवित्र बाइबलमा नाजीरको भाकलको सन्दर्भ गन्ती ६:२ पदमा हेर्नुहोस्। नाजीरपनको सामान्य नियम यस प्रकारको थियो: एकजना व्यक्तिले आफ्नै स्वेच्छाले केही समयको निम्ति नाजीर हुने भाकल गर्थ्यो। तर शिमसोनको विषयमा कुरा अर्को थियो: तिनी जन्मदेखि मृत्युसम्म नाजीर हुनुपरेको थियो।

**न्यायकर्ताहरू १३:८-१४:** मानोहले आफूसित परमप्रभुका दूतको दोस्रो भेटघाट मिलेको होस् र अझ निर्देशनहरू पाऊँ भनेर प्रार्थना गरे। तब परमप्रभुका दूत फेरि उनकी पत्नीकहाँ देखा पर्नुभयो, र तिनले हतार-हतार आफ्नो पतिलाई स्वर्गीय अतिथिसँग भेटाउन भनी ल्याइन्। तर यसपालि परमप्रभुका दूतले कुनै नयाँ निर्देशनहरू दिनुभएन।

**न्यायकर्ताहरू १३:१५-१८:** त्यसपछि मानोहले परमप्रभुका दूतलाई आफूजस्तै मानिस सम्झेर उहाँको निम्ति भोजन तयार गर्ने अनुरोध गरे। तर परमप्रभुका दूतले मानोहसँग एकै स्तरको हुन मान्नुभएन र उनीसँग भोजन गर्न अस्वीकार गर्नुभयो। तर यसको सट्टामा उनले बरु परमप्रभुको निम्ति एउटा भाख्राको पाठो होमबलिको रूपमा चढ़ाऊन् भनेर उहाँले प्रस्ताव राख्नुभयो। अनि जब मानोहले दूतलाई 'तपाईंको नाम के हो' भनेर सोधे, तब उहाँले 'मेरो नाम अद्भुत छ' भनेर भन्नुभयो। अनि यशैया ९:६ पदअनुसार अद्भुतचाहिँ प्रभु येशूलाई दिइएका नामहरूमध्ये एक हो।

**न्यायकर्ताहरू १३:१९-२३:** तब मानोहले परमप्रभुको नाममा एउटा बाख्राको पाठो होमबलि गरे। अनि परमप्रभुका दूत वेदीको आगोको ज्वालाबाट भएर स्वर्गारोहण हुनुभयो; यसबाट उहाँ परमप्रभु हुनुहुन्थ्यो भन्ने कुरा सुस्पष्ट भयो। मानोह र उनकी पत्नी आ-आफ्नो अनुहार भुइँमा टेकाएर घोप्टो परे। परमप्रभुका दूत परमेश्वर हुनुभएको हुनुपर्छ, नत्र ता उहाँलाई दण्डवत् गर्न सुहाउनेथिएन। तिनीहरूले परमप्रभुलाई देखे, तर तिनीहरू मर्नुपर्नेथिएन; किनकि परमेश्वरले तिनीहरूबाट त्यो होमबलि र त्यसको अन्नबलि ग्रहण गर्नुभयो।

**न्यायकर्ताहरू १३:२४-२५:** केही समयपछि ती बालकको जन्म भयो र तिनको नाम शिमसोन राखियो। (शिमसोन नामको अर्थ 'सौर' हो।) तिनको जीवनमा परमप्रभुको आत्माले शक्तिशाली रूपमा काम गर्न लाग्नुभएको चाँडै स्पष्ट हुन थाल्यो।

पवित्र बाइबलमा शिमसोनजस्तै थोरै मानिसहरू होलान्, जसको शक्ति र दुर्बलताको बीचमा भएको ठूलो भिन्नता यति स्पष्ट रूपले प्रकट भएको छ। शिमसोनको विषयमा विचार गर्दा हामी प्रायः तिनको असाधारण शक्ति मात्र सम्झन्छौं। हो, तिनले खाली हातहरूले एउटा सिंहलाई मारे (न्यायकर्ता १४:६)। तिनी एकलैले तीसजना पलिस्तीहरूलाई मारे (न्यायकर्ता १४:१९)। जुन डोरीहरूसित यहूदाका मानिसहरूले तिनलाई बाँधेका थिए, ती डोरीहरू तिनले टुक्र्याए र एउटा गधाको बङ्गराको हाड़ले एक हजार पलिस्तीहरूलाई हिर्काएर मारे (न्यायकर्ता १५:१४-१६)। गाजामा पलिस्तीहरूले तिनको निम्ति थापेका

पासोबाट उम्कन तिनले त्यस शहरको मूलढोकाका दैलाहरू बोकेर साथमा लगे (न्यायकर्ता १६:३)। तिनी तीनपल्ट दलीलाको विश्वासघातबाट बाँचेः एकपल्ट तिनले सातवटा नसुकाइएका धनुका ताँदाहरू छिनाए, जसद्वारा तिनी बाँधिएका थिए। अर्को पल्ट कहिल्यै नचलाएका नयाँ डोरीहरू तिनले ससाना धागाहरूझैं चुँड़ाए; अनि फेरि अर्को पल्ट तिनको कपालका सातवटा लट्टाहरू तानमा बुनेको कीला तानसित उखेले (न्यायकर्ता १६:६-१४)। अन्तमा, पलिस्तीहरूले तिनको तमाशा हेरिरहेको बेलामा तिनले मन्दिरका खाँबाहरू अँठ्याएर ताने; त्यस बेलामा तिनले आफ्नो जीवनभरि भन्दा आफ्नो मृत्युमा बढ़ी पलिस्तीहरूलाई मारे (न्यायकर्ता १६:३०)।

तर शिमसोनका कमजोरीहरूको विषयमा कसो हो? तिनका कमजोरीहरू झन् स्पष्टसँग देखा परे। तिनी स्त्रीलम्पट थिए। आफूलाई मनपर्ने स्त्रीलाई प्राप्त गर्न तिनी परमेश्वरको आज्ञा भङ्ग गर्न राजी थिए (न्यायकर्ता १४:१-७)। अनि तिनी आफ्ना बुबाआमाप्रति पनि अनाज्ञाकारी भए (न्यायकर्ता १४:३)। तिनले कतिपल्ट छलको सहारा लिए (न्यायकर्ता १४:९; न्यायकर्ता १६:७, ११ र १३[ख])। तिनले तीसजना पलिस्ती मानिसहरूसँग मित्रता गाँसे, जुन पलिस्तीहरू परमेश्वरका जनहरूका शत्रु थिए (न्यायकर्ता १४:११-१८)। तिनले कतिपल्ट आफ्नो क्रोध र प्रतिशोधको भावनालाई ठाउँ दिए (न्यायकर्ता १४:१९[ख]; न्यायकर्ता १५:४-५)। तिनको स्वभावमा निर्दयताको झुकाउ थियो (न्यायकर्ता १५:४-५)। तिनले एउटी वेश्यासँग सहवास गरे (न्यायकर्ता १६:१-२)। तिनी दुष्टसँग तल्लीन रहे (न्यायकर्ता १६:६-१४)। तिनले आफ्नो शक्तिको रहस्य शत्रुलाई बताइदिए (न्यायकर्ता १६:१७-१८)। तिनी अहङ्कारी र आत्मविश्वासी थिए (न्यायकर्ता १६:२०[ख])। अन्तमा, तिनले नाजीरको भाकल भङ्ग गरे (न्यायकर्ता १४:९); अनि यो कुनै सानो कुरा थिएन।

### आ) न्यायकर्ताहरू १४: शिमसोनको भोज र अड्को

**न्यायकर्ताहरू १४:१-४:** एउटी पलिस्ती स्त्रीलाई विवाह गर्ने दृढ़ संकल्पमा शिमसोनको जिद्दी छिटो देखा पर्‍यो; किनकि पलिस्तीहरू इस्राएली जातिका शत्रुहरूमध्ये एक थिए। तिनका बुबा र आमाले तिनलाई सम्झाउन र रोक्न खोजे, तर तिनी अडिग रहिरहे। हामी न्यायकर्ता १४:४ पदमा सठीक अर्थ लगाऔं! परमेश्वरले शिमसोनको अनाज्ञाकारिता कुनै हालतमा पनि समर्थन गर्नुभएन; तर उहाँले यसो हुन दिनुभयो, र यो उहाँको उद्देश्य पूरा गर्न प्रयुक्त थियो; किनकि उहाँले इस्राएली जातिको भलाइ गर्न र तिनीहरूको शत्रुलाई सजाय दिन चाहनुभयो।

**न्यायकर्ताहरू १४:५-७:** आफ्ना बुबा-आमासित पलिस्तीहरूको तिम्ना शहरतिर झरिरहेको बेलामा बाटोमा एउटा जवान सिंह शिमसोनको विरुद्धमा गर्ज्यो। परमप्रभुको आत्मा पूरा शक्तिको साथ तिनीमाथि उत्रनुभयो, र तिनलाई त्यस सिंहलाई कुनै हतियारविना मार्न सामर्थी तुल्याउनुभयो। हुन सक्छ, यही बेलामा विवाहको आयोजनाको पक्कापक्की पनि गरियो होला।

**न्यायकर्ताहरू १४:८-९:** त्यसपछि जब शिमसोन आफ्नी दुलहीलाई लिन तिम्नातिर गइरहेका थिए, तब तिनले त्यस मारिएको सिंहको सिनुमा मह भेट्टाए र त्यसबाट आफ्ना बुबाआमालाई पनि दिए। तिनले त्यो मह लाशको सम्पर्कमा आएको हुनाले अशुद्ध भएको थियो भन्ने कुरा तिनीहरूलाई भनेनन्।

किनकि नाजीर भएको नाताले तिनले मरेको पशुको लाश छोएर आफ्नो नाजीरको भाकल भङ्ग गरिपठाए।

**न्यायकर्ताहरू १४:१०-१४:** तिम्ना एउटा ठूलो विवाह-भोज सुसम्पन्न गरियो। अनि यस शुभ उपलक्ष्यमा शिमसोनले एउटा अड्कूो थापे। तिनले आफ्ना तीसजना जवान साथीहरूलाई तिनीहरूले सो अड्कूो फुकाउन सकेको खण्डमा सम्पूर्ण पहिरन दिने भए; तर तिनीहरूले अड्कूो फुकाउन नसके तिनीहरूले तीसवटा मलमलका वस्त्र र तीस जोर लुगा शिमसोनलाई दिनुपर्‍यो। शिमसोनको अड्कूो यस प्रकारको थियोः

'खानेबाट खानेकुरा निस्क्यो, अनि बलियोबाट गुलियो निस्क्यो; यो के हो ?'

यस अड्कूोको सन्दर्भ अवश्य तिनले मारेको सिंह र त्यसको सिनुमा भेट्टाइएको मह थियो।

**न्यायकर्ताहरू १४:१५-१८:** जब ती तीसजना जवान मानिसहरूले शिमसोनको अड्कूो फुकाउन सकेनन्, तब तिनीहरूले शिमसोनकी पत्नीलाई 'तिनीबाट अड्कूोको अर्थ खोलिमाग, नत्र हामी तिम्रो घरमा आगो लगाइदिन्छौं' भन्ने धम्की दिए। अनि शिमसोनकी पत्नीले अड्कूोको अर्थ हासिल गरेर त्यो ती जवान मानिसहरूलाई बताइदिई। तब तिनीहरू शिमसोनकहाँ आए, र तिनीबाट प्रतिज्ञा गरिएको लुगाफाटा मागिहाले। तब तिनीहरूले तिनकी पत्नीसँग मिलेर अड्कूो खोल्न सकेको कुरा शिमसोनलाई थाह भयो।

**न्यायकर्ताहरू १४:१९-२०:** ती मानिसहरूलाई लुगाफाटा दिन शिमसोनले रिसको साथ अश्कलोनका तीसजना पलिस्तीहरूलाई मारे र तिनीहरूका लुगा खोलेर लगे। सातौं दिनमा, जब विवाह सम्पन्न हुनुपरेको थियो, तिनी आफ्नो घरतिर लागे; अनि तिनकी पत्नीको विवाह तिनको लोकन्तसँग भयो।

### इ) न्यायकर्ताहरू १५: शिमसोनले बदला लिएका

**न्यायकर्ताहरू १५:१-६:** अनि जब शिमसोनका ससुराले तिनकी पत्नी तिनलाई दिन अस्वीकार गरे, तब शिमसोनले आफ्नो बदला लिएः तिनले तीन सयवटा स्यालहरू पक्रेर जोड़ी-जोड़ी गरी तिनका पुच्छरहरू बाँधिदिए र हरेक जोड़ी स्यालका पच्छरहरूमा एउटा राँको लगाइदिए; त्यसपछि तिनले ती स्यालहरू अन्नका बारीहरू, दाखबारीहरू र जैतुनका बगानहरूहुँदो छोड़िदिए। अनि जब पलिस्तीहरूले यस्तो निर्दय कारबाही र ठूलो क्षतिको कारण थाह पाए, तब तिनीहरूले शिमसोनकी पत्नीलाई र उसको बुबालाई जिउँदै जलाएर मारे।

**न्यायकर्ताहरू १५:७-१३:** तब धेरै पलिस्तीहरूलाई मारेर शिमसोनले यसको बदला लिए; त्यसपछि तिनी यहूदाको सिमानामा परेको एताममा भएको चट्टानको धाँदोमा गएर बसे। तर हिंसाले अझ धेरै हिंसा मच्चाउँछ। जब पलिस्तीहरू शिमसोनको पछि परे, तब यहूदाका मानिसहरूले शिमसोनलाई 'पलिस्तीहरू हाम्रा शासक हुन्' भन्ने कुरा विनम्रसाथ सम्झाए। उनीहरू आफू बाँच्ने हेतुले शिमसोनलाई बलियो गरी बाँध्न र तिनलाई शत्रुको हातमा सुम्पिदिन तिनीसँग राजी भए। आफ्नो जातिका दाजुभाइहरूले तिनलाई मार्न पाउनेछैनन् — यस सम्बन्धमा तिनको एकमात्र सर्त थियो। यहूदाका मानिसहरूको मानसिक अवस्था कहाँदेखि कहाँसम्म झरेको थियो!! उनीहरू कमारापनको बन्धनभित्र जकड़िएका थिए; किनकि उनीहरूले शिमसोनको पक्ष लिएर आफ्ना शत्रुहरूको जुवा तोड़िदिनुको सट्टामा आफ्नो देशबन्धुलाई सुम्पिदिन र आफ्ना अत्याचारीहरूप्रति विश्वासयोग्य हुन रोजे।

**न्यायकर्ताहरू १५:१४-१७:** त्यसपछि शिमसोनको जीवनमा भएका महिमित क्षणहरूमध्ये एक घट्यो। किनभने तिनी बाँधिएको अवस्थामा पलिस्तीहरूकहाँ ल्याइएको बेलामा परमप्रभुको आत्मा पूरा शक्तिको साथ तिनीमाथि उत्रनुभयो। अनि तिनले एउटा गधाको बङ्गराको हाड़ लिए र त्यससित एक हजार पलिस्तीहरूलाई मारे। तिनले त्यस ठाउँको नाम 'रामत लेही' राखे, जसको अर्थ होः 'बङ्गराको हाड़का डाँड़ाहरू'। न्यायकर्ता १५:१६ पदमा यी शब्दहरूको खेल छ, जस्तैः 'गधाको बङ्गराको हाड़ले मारिएकाहरूका रासका रास !'

परमप्रभुले किन यस्तो असाधारण हतियारद्वारा यत्रो ठूलो विजय दिनुभयो ? यसमा कसैलाई अचम्म लाग्न सक्छ। झन् शिमसोन नाजीर भएको नाताले तिनलाई कुनै पनि अशुद्ध थोक छुन सक्त मनाही थियो। अनि त्यो बङ्गराको हाड़ मरेको पशुको अङ्ग भएको हुनाले अवश्य अशुद्ध थोक थियो। तर यस्तो तुच्छ असामान्य हतियारद्वारा प्राप्त भएको विजयचाहिँ पक्का पनि परमेश्वरले दिनुभएको अलौकिक विजय थियो भन्ने कुरा त्योजस्तै क्षुद्र माध्यमद्वारा अझ बढ़ी प्रमाणित भयो। अनि यो घटनाचाहिँ घोर आपद परेको समयमा परमप्रभुले कसरी, अरू बेला हुनु हो भने अनुपयुक्त र अनुचित सम्झिएका कुरा-हरूको प्रयोग सहनुहुन्छ, सो कुरा स्पष्ट पार्ने एउटा नमुना हो।

**न्यायकर्ताहरू १५:१८-२०:** शिमसोनले पानीको निम्ति प्रार्थना गरे; अनि यस प्रार्थनाको उत्तरमा परमेश्वरले अलौकिक रीतिले त्यस रामत लेही भन्ने जग्गामा एउटा मुहान उमारेर तिनको निम्ति पानीको प्रबन्ध मिलाइदिनुभयो। त्यस मुहानको नाम 'एन-हक्कोरे' राखियो, जसको अर्थ होः 'पुकार्नेको मुहान'।

शिमसोनको जीवनको यस उज्ज्वल क्षणमा आएर परमेश्वरको आत्माले 'तिनले इस्राएली जातिमाथि बीस वर्षसम्म न्यायको काम गरे' भन्ने टिप्पणी हाल्नुभयो।

### ई) न्यायकर्ताहरू १६: शिमसोन दलीलाद्वारा छलिएको

**न्यायकर्ताहरू १६:१-३:** यो घटना शिमसोनको शासनकालको अन्ततिरको कुरा होः तिनले आफ्नो शरीरको अभिलाषा वशमा नगरेको हुनाले यस अभिलाषाले तिनलाई पलिस्तीहरूको शहर गाजामा, एउटी वेश्याको घरमा ल्याइपुऱ्यायो। अनि त्यस शहरका मानिसहरूले 'अन्तमा हाम्रो शत्रु पासोमा पऱ्यो-पऱ्यो' भन्ठाने। तर शिमसोन आधा रातमा उठे र शहरको मूलढोकाका दैलाहरू र त्यसका दुईवटा खाँबाहरू बोकेर हेब्रोनको सामु भएको डाँड़ामाथि लगे। गाजादेखि हेब्रोनसम्मको दूरी लगभग चालीस माइल थियो।

**न्यायकर्ताहरू १६:४-१०:** त्यसपछि शिमसोन एउटी पलिस्ती स्त्रीसँग प्रेममा फसे, जसको नाम दलीला थियो; अनि यो कुरा सबैलाई थाह भयो। तब पलिस्तीहरूका शासकहरूले दलीलालाई ठूलो इनाम दिन्छौं भन्ने प्रण गरे। यसको निम्ति त्यसले शिमसोनलाई फुस्लाएर तिनको शक्तिको रहस्य केमा थियो, सो तिनीबाट पत्ता लगाउनु थियो।

त्यस स्त्रीले गरेकी प्रथम प्रयासमा शिमसोनले त्यसलाई के भने भने, तिनलाई सातवटा ताजा ताँदाहरूले बाँधियो भने तिनी निर्बल हुनेथिए। नभन्दै दलीलाले तिनलाई सातवटा ताजा ताँदाहरूले बाँधी र 'हे शिमसोन, पलिस्तीहरू तिमीमाथि आइलागे है' भनेर भनी। तर शिमसोनले ती ताँदाहरू कातिएको दागोझैं गरी चुँड़ाए।

**न्यायकर्ताहरू १६ः११-१२ः** दोस्रो प्रयासमा दलीलाले शिमसोनको सुझाउ-अनुसार तिनलाई नयाँ डोरीहरूले बाँधी र 'हे शिमसोन, पलिस्तीहरू तिमीलाई मार्न आइलागे है' भनेर सचेत गराई। तर शिमसोनले फेरि आफ्ना बन्धनहरू धागो चुँड़ाएजस्तै गरी चुँड़ाए।

**न्यायकर्ताहरू १६ः१३-१४ः** शिमसोनले अझ पनि खतरासँग खेलाँची गरे। 'यदि तिमीले मेरा कपालका सातवटा लट्टाहरू एउटा तानमा बुन्यौ भने म शक्तिहीन भइहाल्नेछु' भनेर तिनले दलीलालाई भने। तब दलीलाले त्यसै गरी। अनि जब त्यसले तिनलाई 'हे शिमसोन, पलिस्तीहरूले तिमीलाई पक्रन लागेका छन्' भन्ने चेताउनी दिई, तब शिमसोनले तानको कीला तानैसँग उखेलिदिए।

**न्यायकर्ताहरू १६ः१५-२०ः** अन्तमा शिमसोन दलीलासित हारे र तिनले त्यसलाई आफ्नो शक्तिको रहस्य खोलिपठाए। वास्तवमा तिनको लामो कपाल तिनको शक्तिको स्रोत थिएन, तर केवल तिनको नाजीरपनको बाहिरी सङ्केत अर्थात् परमेश्वरको निम्ति अलग गरिएको चिन्ह थियो। परमेश्वरसँगको सम्बन्धले तिनलाई बलियो तुल्यायो, तिनको लामो कपालले होइन। यसो भए पनि तिनको कपाल काटिएकोमा तिनी शक्तिहीन भइहाल्नेथिए। दलीलालाई 'अबचाहिँ पक्का पनि तिनको शक्तिको रहस्य पाएछु' भन्ने कुरा थाह लाग्यो। अनि जब शिमसोन त्यसका घुँड़ामा निदाए, तब त्यसले एकजना मानिसलाई बोलाई, जसले तिनको कपालका सातवटा लट्टाहरू खौरयो। तब तिनको शक्ति तिनीबाट गइहाल्यो। यस सम्बन्धमा श्री सी. एच. म्याकिन्तोशले आफ्नो विचार यस प्रकारले व्यक्त गरेका छन्ः

> 'शिमसोनको हृदय दलीलाको काखसित हारयो; त्यो तिनीमाथि प्रबल भयो। अनि जुन काम एक हजार पलिस्तीहरूले पूरा गर्न सकेनन्, त्यो काम एउटी स्त्रीको फकाइ-फुस्ल्याइद्वारा पूरा भयो।' [12)]

जब शिमसोन निद्राबाट बिउँझे, तब तिनले आफ्नो शक्ति काममा लगाउन खोजे, तर तिनलाई के थाहा, परमप्रभुले तिनलाई त्यागिसक्नुभएको थियो।

**न्यायकर्ताहरू १६ः२१-२२ः** पलिस्ती-हरूले शिमसोनका आँखाहरू घोचेर निकालिदिए र तिनलाई गाजामा कैद गरे, जहाँ तिनीहरूले तिनलाई जाँतो पिँध्न लगाए। कसैले पापको पतनका तीनवटा कदमहरू यसरी व्यक्त गरेः 'पापको दासत्वले पहिले हामीलाई बाँध्छ, त्यसपछि अन्धो पार्छ र अन्तमा पिँध्न लगाउँछ।' तर शिमसोनको कपाल बिस्तारैसँग फेरि बढ्न लाग्यो।

**न्यायकर्ताहरू १६ः२३-३१ः** अनि जब पलिस्तीहरूका शासकहरूले आफ्नो देवता दागोनको नाममा एउटा ठूलो पूजा आयोजना गरे, तब तिनीहरूले 'हेर, हाम्रा देवताले कत्रो ठूलो काम गरेछन्' भन्ने कुरा सबूत गर्न शिमसोनलाई पेश गरे। अनि तिनीहरूले तिनलाई तिनका खेलतमाशा देखाएर तिनी-हरूको मनोरञ्जन गर्न कर लगाए। अनि यो उत्सव भइरहेको बेलामा तिनले दुईवटा मुख्य खाँबाहरू अँठ्याए, जसमाथि डागोनको मान्दिर अड़िएको थियो, र परमप्रभुलाई 'मलाई शक्ति दिनुहोस्' भनेर पुकारे; त्यसपछि तिनले यी खाँबाहरू ठेले र त्यो मन्दिर भत्काइदिए; त्यसमा भएका सबै मानिसहरू मरे। *'अनि आफ्नो मृत्यु हुँदा तिनले जति मारे, ती मरेकाहरूको सङ्ख्या तिनले आफ्नो जीवनभरि मारेकाहरूको भन्दा बढ़ी भयो'* भनेर जुन विवरण पढ़िन्छ, त्यो विवरण कति उदासलाग्दो सुनिन्छ!

शिमसोनले आफ्नो जीवनमा पलिस्ती-हरूसँग घरिघरि सम्बन्ध राख्थे र आसक्त भई पलिस्ती स्त्रीहरूलाई नाइँ भन्न सक्दैनथिए; यसकारण अहिले तिनी आफ्नो मृत्युमा पलिस्तीहरूसँग थिए; तिनी दागोनको भत्किएको मन्दिरका ढुङ्गाहरूको बीचमा पड़िरहेका थिए, लासैलासको बीचमा भएका मुर्दा ! तिनी तिनीहरूबाट अलग बसेका भए तिनको मृत्यु पनि अहिलेको भन्दा आदरणीय हुनेथियो । यहाँबाट हामीले एउटा गम्भीर पाठ सिक्नुपर्छः जो मानिस अलग-बसाइबाट चुक्छ, त्यस मानिसले आफ्नो पवित्रीकरण कायम नराखेको हुनाले निश्चय आफ्नो आत्मिक शक्ति गुमाइपठाउँछ र अन्तमा आफ्नो जीवन बरबाद र नाश गर्छ। जसले आफ्नो शरीरका अङ्गहरू पापको वशमा सुम्पन्छ, उसले आफ्नो आत्मघात गर्छ। शिमसोनका आफन्तहरूले तिनको मृत शरीर त्यहाँबाट उठाए र दानको इलाकामा लगे र त्यहाँ गाड़े ।

# खण्ड ३
# न्यायकर्ताहरू १७-२१ः
## धार्मिक, नैतिक र राजनीतिक भ्रष्टाचार

न्यायकर्ताहरूको पुस्तकको अन्तिम भागचाहिँ यस पुस्तकको परिशिष्ट अर्थात् पूरक अंशको रूपमा लिन सकिन्छ। न्यायकर्ताहरूको पुस्तकको सत्र अध्यायदेखि एक्काइस अध्यायसम्म समयको हिसाबले इस्राएली जातिको इतिहासको कालक्रम अघि बढ्दैन; तर यस खण्डमा बरु इस्राएली जातिको धार्मिक, नैतिक र राजनीतिक पतनको नीच दर्जाका डरलाग्दा झलकहरू पो पेश गरिएका छन्, जुन नीच दर्जामा न्यायकर्ताहरूको समयमा इस्राएलीहरू पुगिरहेका थिए। ठीक त्यस्तै रूथको पुस्तकले पनि न्यायकर्ताहरूको इतिहासको कालक्रम अगाड़ि बढ़ाउँदैन, तर यहूदीहरूको इतिहासको यस अँध्यारो कालखण्डमा बाँकी रहेका भक्तजनहरूको सुन्दर, रोचक झलक र उनीहरूमा पाइने आकाश-पातालको भिन्नता पेश गर्छ ।

### क) न्यायकर्ताहरू १७ः मीकाको धार्मिक व्यवस्था

**न्यायकर्ताहरू १७ः१-४ः** यस खण्डका घटनाहरूको पहिलो वर्णनचाहिँ धार्मिक भ्रष्टाचारको विषयमा हो । एप्रैमको एकजना मीका नाम गरेको मानिसले आफ्नी आमाको एघार सय शेकेल चाँदी चोरेको थियो। यसको सिलसिलामा आफ्नै छोराले त्यो पैसा चोरेको थाह नपाई त्यसकी आमाले चोरलाई सरापिन्। यसो बुझ्दाखेरि के लाग्छ भने, मीका श्रापका प्रतिफलहरूसँग डराएको हुनाले त्यसले त्यो चोरेको चाँदी आफ्नी आमालाई फर्काइदियो । तब आमाचाहिँले त्यो श्राप फिर्ता लिइन् र आफ्नो छोरालाई त्यसले त्यो चाँदी फर्काएकोमा आशीर्वाद दिइन् । अब तिनले त्यो चाँदी आफ्नो योजनाअनुसार चलाउन सकिन्। तिनले दुई सय शेकेल लिएर दुईवटा मूर्तिहरू बनाउन लगाइन्। एउटा मूर्ति चाँदीले मोहोरिएको, खोपिएको काठको मूर्ति थियो भने, अर्कोचाहिँ चाँदी गालेर-ढालेर बनाइएको निखुर चाँदीको मूर्ति थियो ।

**न्यायकर्ताहरू १७ः५-६ः** मीकाले ती दुवै मूर्तिहरू आफ्ना घर-देवताहरूसँग देवता-थानमा राख्यो। अनि त्यसले आफ्नो परिवारको निम्ति एउटा पूजाहारी पनि चाहिन्छ

भन्ने निर्णय गर्‍यो; यसकारण उसले एउटा एपोद अर्थात् पूजाहारीको वस्त्र बनायो र आफ्नो छोराहरूमध्ये एकजनालाई आफ्नो पूजाहारीको रूपमा अर्पण गर्‍यो । तर योचाहिँ साँच्चै परमेश्‍वरको व्यवस्थाको विरोधको काम थियो; किनकि परमेश्‍वरको व्यवस्थाले जुनसुकै एप्रैमी मानिसलाई पूजाहारी हुन मनाही गरेको छ। वास्तवमा मीकाले यहाँ अपनाएका सबै कार्यहरू मोशाको व्यवस्थाको विपरीत थिए ।

**न्यायकर्ताहरू १७ः७-१३ः** केही समय बितेपछि यहूदाको बेतलेहेममा प्रवासी भई बसेको एकजना लेवी एप्रैमको पहाड़ी देशमा आफ्नो बसाइ सार्ने ठाउँ खोजिहिँड्यो । ऊ बरु परमप्रभुको सेवामा तल्लीन हुनुपर्नेथियो, र यसको निम्ति इस्राएली जातिको दशांशले उसलाई पाल्नुपर्नेथियो। तर मोशाको व्यवस्थाको आज्ञापालन नभएको हुनाले यस लेवीले आफ्नो निम्ति एउटा नोकरी खोज्नुपर्‍यो ।

यात्रा गर्दा-गर्दै यो लेवी मीकाको घरमा आइपुग्यो। अनि मीकाले उसलाई 'मेरो परिवारको पूजाहारी होऊ' भन्ने प्रस्ताव गर्‍यो । यो मानिस लेवी भए तापनि ऊ हारूनको वंशको थिएन; र यसकारण ऊ पूजाहारीको पदमा सेवा गर्न योग्य थिएन। तर मीकाले उसलाई तलब र खान-लाउन-बस्न दिन्छु भन्ने कबुल गर्‍यो । अनि यही सर्तमा यो लेवी सेवा गर्न राजी भयो। तर यसको सट्टामा यस लेवीले यी सबै बन्दोबस्तहरू वास्तवमा परमेश्‍वरको आज्ञाको विरुद्धमा छन् भन्ने कुरा मीकालाई सम्झाउनु-बुझाउनुपर्नेथियो। तर त्यसको बदलीमा यस लेवीले यस सम्बन्धमा एक शब्द नबोलीकन तलब र अरू सुविधाहरू स्वीकार गर्‍यो र मीकाको यो कुव्यवहार अनुमोदन गर्‍यो। यसरी उसले आफ्ना ओठहरूमा तल्चा लगाइदियो । अबदेखि उसो उसले परमेश्‍वरको सारा मनसाय कसरी सुनाउन सक्नेथियो ?

हामी यस अध्यायमा प्रस्तुत गरिएका घटनाहरूको अवस्थालाई के नाम दिऔं ? यो त गड़बड़ी हो । चोरेको पैसा लिएर मूर्तिहरू बनाइए; परमप्रभुलाई उहाँले चोरलाई आशिष दिऊन् भन्ने अनुरोध गरियो (न्यायकर्ता १७ः२); परमप्रभुको पवित्र निवासस्थान होइन, तर व्यक्तिगत देवताथानहरू आराधना चढ़ाउने स्थान बने; लेवीहरू र साधारण मानिसहरू पूजाहारी-सेवामा अर्पण गरिए। परमप्रभुको सेवा गर्नुको सट्टामा मूर्तिहरूको पूजा गरियो। अनि 'यी सबै कुराहरूको खातिर परमप्रभुले मलाई आशिष दिनुहुन्छ' भन्ने मीकाको सोच थियो, कसरी ? (न्यायकर्ता १७ः१३) । यो सारा गड़बड़ी कहाँबाट आयो ? यो सबको सब मानिसको हृदयबाट पल्हाएको थियो (न्यायकर्ता १७ः६) । त्यस समयमा इस्राएली जातिमा परमेश्‍वरको व्यवस्थाको आज्ञापालन भएको भए यी कुराहरूमध्ये एउटै पनि हुनेथिएन । *'एउटा बाटो छ, जुनचाहिँ मानिसको दृष्टिमा सठीक देखा पर्छ, तर त्यसको अन्तचाहिँ मृत्यु हो'* (हितोपदेश १४ः१२) । यो कुरा हामी अर्को अध्यायमा हेर्दै जान्छौं ।

### ख) न्यायकर्ताहरू १८ः मीका र दान कुलका मानिसहरू

**न्यायकर्ताहरू १८ः१-६ः** यही समयमा दान कुलका मानिसहरूले बसोबास गर्नको निम्ति थप अधिकारको भाग खोज्ने निर्णय गरे ।

जब न्यायकर्ता १८ः१ पदमा *'किनकि त्यस दिनसम्म इस्राएलका कुलहरूको बीचमा तिनीहरूको निम्ति कुनै अधिकारको भाग परेको थिएन'* भनेर लेखिएको छ, तब हामीले निम्न कुरा याद गर्नुपर्छः यहोशू १९ः४०-४८ पदहरूको खण्डअनुसार कनान देशको

वितरण भएको बेलामा तिनीहरूलाई तिनी-हरूको अधिकारको भाग दिइएको थियो; तर तिनीहरूको यो भाग साह्रै सानो थियो, अँ, बाह्र कुलहरूमध्ये सबैभन्दा सानो थियो, र तिनीहरूलाई पुग्दैनथियो ।)

जब दानी जासुसहरू एप्रैमको पहाड़ी देशमा, मीकाको घरमा आइपुगे, तब तिनीहरूले जवान लेवीको सोर चिने; अनि तिनीहरूले आफ्नो योजनामाथि स्वर्गीय आशिष नित्य रहोस् भन्ने हेतुले उसलाई परमेश्वरसँग विन्ती गर्न लगाए ।

**न्यायकर्ताहरू १८ः७-१३ः** त्यसपछि दानका यी पाँचजना मानिसहरूले उत्तरीय इलाकामा अवस्थित भएको लैश शहर जासुसी गरे, र त्यो शहर शान्त र ढुक्कै भएको भट्टाए। यसबाहेक कसैसँग तिनीहरूको कारोबार थिएन । तिनीहरू कुनै पनि छिमेकी जातिसँग कुनै कारोबार वा लेनदेन नगर्ने शान्तिप्रिय समुदाय थिए ।[13)]

लैशको अरक्षित अवस्था परमेश्वरको देन सम्झेर दानका छ सयजना हतियार भरेका मानिसहरू लैश शहर कब्जा गर्न निस्के ।

**न्यायकर्ताहरू १८ः१४-२६ः** त्यसपछि दानका छ सयजना हतियार भरेका मानिसहरू लैश शहर कब्जा गर्न उत्तरतिर अघि बढ़िरहेको बेलामा जासुसी गर्न पठाइएका पाँचजना मानिसहरू मीकाको घरभित्र पसेर त्यसका सबै मूर्तिहरू हड़प गरे। त्यस कार्यमा यस जवान लेवीले हल्का विरोध जनाए। तर जब मीकाको घरानाको सेवा गर्नुभन्दा दानको सारा कुलको सेवा गर्ने आदेश आयो, तब त्यसले यो आदेश खुशीसाथ स्वीकार गर्‍यो। अनि जब मीका र त्यसको छरछिमेकका केही मानिसहरू यी दानीहरूकहाँ गए र यिनीहरूको सामु चोरी भएका देवताहरूको विषयमा विरोध गरे, तब यिनीहरूले तिनीहरूलाई 'चुप लग, नत्र तिमीहरूले आफ्ना ज्यानहरू गुमाउनुपर्छ' भन्ने कड़ा चेताउनी दिए र तिनीहरूलाई खाली हात घर पठाए ।

**न्यायकर्ताहरू १८ः२७-३१ः** त्यसपछि ती दानका मानिसहरूले शान्तिपूर्ण लैश शहर प्रहार गरे, र त्यसको नाम बदली गरेर 'दान' राखे । तिनीहरूले त्यो खोपिएको मूर्ति त्यस ठाउँमा खड़ा गरे र मनस्सेका छोरा गेर्शोमको छोरा योनातान र तिनका छोराहरूलाई पूजाहारीको रूपमा नियुक्त गरे ।

> 'यो सर्वमान्य कुरा हो, कि न्याय-कर्ताहरूको पुस्तकमा जहाँ के.जे.वी. र एन.ए.एस.बी. मासोरेटी गुरुलेखको पछि लागेर यी बाइबलहरूमा 'मनस्से' लेखिएको छ, त्यसको सट्टामा हामीले 'मोशा' पढ्नुपर्ला । किनकि मोशाको नातिले मूर्तिपूजा गरेको अपमान मोशालाई नलागोस् भन्ने हेतुले यहूदी प्रतिलिपिकारहरूले मोशाको नाम धमिलो पार्न यसको सट्टामा मनस्से लगाए' अरे । [14)]

हुन सक्छ, उक्त खण्डमा उल्लेख गरिएको लेवीको नाम योनातान भएको हुनुपर्ला । दान नामक शहर त्यस बेलादेखि उसो मूर्तिपूजक शहर थियो । अनि यही ठाउँमा पछिबाट राजा यारोबामले सुनका दुईवटा बाछाहरूमध्ये एउटा राखे (१ राजा १२ः२९) । न्यायकर्ता १८ः३० पदमा भनिएको कैदचाहिँ पलिस्ती-हरूले कैदमा लगेकाहरू थिए (१ शमूएल ४ः११) वा अश्शूरहरूले कैदमा लगेकाहरू थिए (२ राजा १५ः२९), सो जान्न सकिएको छैन ।

सबै दानका मानिसहरू लैशमा गएनन् (न्यायकर्ता १८ः११); सबैजना मूर्तिपूजामा डुबेनन्। तिनीहरूमध्ये कतिजना आफ्नै निर्धारित ठाउँमा बसिरहे, यहूदा र एप्रैमको बीचमा। यस कुलबाट सबैभन्दा बढ़ी नाम चलेका सदस्य शिमसोन थिए; तिनी आफ्नो निर्धारित ठाउँमा बसिरहेका दानीहरूमध्ये थिए ।

### ग) न्यायकर्ताहरू १९ः एकजना लेवी र उसको उप-पत्नी

**न्यायकर्ताहरू १९ः१-१२ः** अब हामी यहाँ एकजना लेवी र उसकी उप-पत्नीको वृत्तान्त पढ्दैछौं, योजस्तै पत्याउनै नसकिने नैतिक भ्रष्टाचारले पूर्ण कथा अरू छैन होला। यस विशेष लेवीकी उप-पत्नी यहूदाको बेतलेहेमबाट आएकी थिई। त्यस स्त्रीले आफ्नो पतिलाई त्यागी र त्यो आफ्नो माइतमा फर्की, त्यहाँ वेश्यावृत्ति गरी। यो लेवी त्यसको माइतमा त्यसलाई लिन गयो; यहाँ यस लेवीले दिन प्रतिदिन अतिथि-सत्कार पायो। जुन-जुन बेलामा यस लेवीले आफ्नी उप-पत्नीको साथमा बिदा लिन खोज्यो, त्यस बेलामा त्यसको बुबाले यस लेवीलाई रोकेर राख्यो। अन्तमा, यसले पाँचौं दिनमा साँझ पर्न लागेको बेलामा बिदा लिइहाल्यो र यो मानिस आफ्नी उप-पत्नी, आफ्नो नोकर र काठी कसिएका दुईवटा गधाहरूसँग आफ्नो बाटो लाग्यो। दिन धेरै ढल्किसकेपछि तिनीहरू यबूस शहर अर्थात् यरूशलेममा आइपुगे; तर तिनीहरू त्यहाँ वास बसेनन्; किनभने त्यहाँ यबूसी जातिका मानिसहरू बस्थे। यस विषयमा श्री जर्ज विलिम्सले यसो भन्दै आफ्नो विचार व्यक्त गरेका छन्ः

> 'यस लेवीले परमेश्वरका जनहरू कहलिएकाहरूसँग वास बस्नुभन्दा अन्य-जातिका मानिसहरूसँग रात बिताएको भए यसको निम्ति असल हुनेथियो; किनभने यी परमेश्वरका जनहरू अन्यजातिका मानिस-हरूभन्दा भ्रष्ट भइसकेका थिए।'[15]

**न्यायकर्ताहरू १९ः१३-२१ः** घाम अस्ताएको बेलामा तिनीहरू बिन्यामिनको इलाकामा परेको गिबामा आइपुगे। तर कसैले पनि यस यात्री-दललाई वास दिन मानेन; यसकारण यो लेवी खुला सड़कमा आराम गर्न थाले। त्यसपछि गिबामा बसोबास गर्ने एकजना वृद्ध एप्रैमी मानिसले तिनीहरूलाई आफ्नो घरमा स्वागत गर्‍यो। यस यात्री-दलले यो निमन्त्रणा स्वीकार गर्‍यो।

**न्यायकर्ताहरू १९ः२२-२४ः** त्यही बेलुकामा पुरुषगमनले ग्रस्त एक टोली पुरुषहरूले यो घर घेरे, र त्यहाँ पाहुना बसेको लेवीलाई बाहिर निकाल्ने माग गरे। यो खण्ड छोड़ेर यस किसिमको भ्रष्ट व्यवहार हामी केवल लूतको जमानामा भएको पढ्छौं (उत्पत्ति १९)। अभाग्यवश गिबामा त्यस बिचरी स्त्रीलाई रखवाल गर्ने स्वर्गदूतहरू थिएनन्, जसरी सदोममा भएका थिए। यी दुवै घटानाहरूमा अधम पापीहरूमाथि कठोर दण्डहरू आइपरे; किनकि परमप्रभु समलिङ्ग-गमनलाई अति नै घृणा गर्नुहुन्छ। मानिसको चरित्रहीनताको फेद यही हो; त्यहाँदेखि मानिस अझ तल झर्न सक्दैन।

यस घरको मालिकले ती दुष्ट बिन्यामिनीहरूलाई आफ्नी कन्या छोरी र यस लेवीकी उप-पत्नीलाई दिएर सन्तुष्ट तुल्याउने प्रयास गर्‍यो। श्री आर्थर कण्डलले यस आतिथेयको कारबाहीको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'यो वृद्ध मानिस अतिथि-सत्कारको सर्वमान्य दस्तुर कायम राख्नको निम्ति हाम्रो आचार-नियमावलीको कुनै एउटा नियम भङ्ग गर्न पनि तयार भए, जुन नियम वर्तमान पाठकहरूको दृष्टिमा बढ़ी महत्त्वपूर्ण हुन्छ अर्थात् कमजोर र असहायहरूको वास्ता र रक्षा गर्ने नियम। तर याद रहोस्ः प्राचीन संसारमा नारीहरूलाई कम आदर दिइन्थ्यो। अनि निस्सन्देह स्त्रीहरूले वर्तमान उच्च स्तर उपभोग गर्न पाउने श्रेय यहूदीधर्म र त्यसका नियम-हरूलाई दिनुपर्छ, अनि यस सम्बन्धमा विशेष गरी इसाईधर्म र त्यसको प्रकाशलाई श्रेय दिनुपर्छ। तर यो वृद्ध मानिस आफ्नो मुख्य अतिथिमाथि कुनै हानि पर्न नदिने उद्देश्यले

आफ्नी कन्या छोरी र यस लेवीकी उप-पत्नीलाई ती दुष्ट अवरोधकहरूका विकृत अभिलाषाहरूमा सुम्पन तयार भए।' 16)

**न्यायकर्ताहरू १९:२५-३०:** अन्तमा, आफ्नो प्राणको माया गर्ने यस डरपोक लेवीले आफ्नी उप-पत्नीलाई यी दुष्ट मानिसहरूकहाँ बाहिर पुऱ्याइदियो। यिनीहरूको अति घृणित र हृदय विदारक बलात्कारले गर्दा त्यही रातमा त्यसको निधन भयो। यी दुष्ट बिन्यामिनीहरूको दोष अलिकति कम नगरीकन हामी यो भन्छौं: यदि त्यस स्त्रीले अघि वेश्यावृत्ति नगरेकी भए (न्यायकर्ता १९:२), त्यसले वेश्याको मृत्यु मर्नुपर्नेथिएन। पापका अनुयायीहरूले दयामायाविना आफ्नो पापको उचित सजाय पाउनेछन्। बिहानीपख यस लेवीले आफ्नी उप-पत्नीको मृत शरीर त्यस घरको ढोकाको ठीक बाहिरपट्टि भेट्टायो। इस्राएली जातिको बीचमा यस प्रकारको अति दुष्ट कुकर्म गरेकोमा ऊ साह्रै क्रोधित भयो; यसकारण यसले आफ्नी उप-पत्नीको मृत शरीर बाह्रवटा टुक्रा गरी काट्यो र त्यहाँ जेजस्तो घटना घटेको थियो, सो सम्पूर्ण विवरणसहित त्यसको एक-एक टुक्रा इस्राएलको एक-एक कुलकहाँ पठायो।

इस्राएली जाति व्याकुल र अवाक भयो।

### घ) न्यायकर्ताहरू २०-२१: बिन्यामिनीहरूसँग चलेको गृह-युद्ध

**न्यायकर्ताहरू २०:१-१४:** बिन्यामिन कुलबाट बाहेक इस्राएली जातिका अरू सबै कुलहरूबाट छानिएका योद्धाहरू मिस्पामा भेला भए, अनि तिनीहरूले यस लेवीको मुखबाट यस घटनाको विवरण सुने। तिनीहरूले गिबाको विरोधमा लड़ाइँ गर्ने निर्णय लिए; तर पहिले तिनीहरूले बिन्यामिनीहरूलाई यी बिग्रेका दोषी पुरुषहरूलाई सजायको निम्ति तिनीहरूको हातमा सुम्पने मौका दिए। तर बिन्यामिनीहरूले यसो गर्न अस्वीकार गरे। तब गृह-युद्ध शुरु भयो।

**न्यायकर्ताहरू २०:१५-४८:** यो घटना यहोशू र उनको पुस्ताका मानिसहरूको मृत्युको केही समयपछि मात्र घटेको थियो; किनभने त्यस समयमा पीनहास इस्राएलीहरूको प्रधान पूजाहारी थिए (न्यायकर्ता २०:२८)। इस्राएलका अरू कुलहरूबाट जम्मा चार लाख सिपाहीहरूको विरुद्ध बिन्यामिन कुलका योद्धाहरू केवल छब्बीस हजार सात सय थिए (न्यायकर्ता २०:१५-१७)। तर पहिलो लड़ाइँमा बिन्यामिनीहरूले इस्राएलीहरूका बाइस हजार मानिसहरूलाई मारे (न्यायकर्ता २०:१८-२१); अनि दोस्रो भिड़न्तमा अठार हजार इस्राएलीहरू मारिए (न्यायकर्ता २०:२२-२५)।

इस्राएलीहरूको यो लड़ाइँ न्यायसङ्गत भए ता पनि तिनीहरूले यसमा कठिन परिस्थितिसँग सामना गर्न पर्‍यो; किनभने तिनीहरूको सम्बन्ध परमप्रभुसँग घनिष्ठ थिएन। न्यायकर्ता २०:१८, २३ र २६-२८ पदहरूमा हामी इस्राएलीहरूले आफूलाई परमप्रभुको सामु नम्र तुल्याएका देख्छौं; त्यसपछि तिनीहरूले सफल हुने प्रतिज्ञा पाए।

तेस्रो भिड़न्तमा इस्राएलीहरूले ढुकेर बस्ने रणनीति अपनाए। तिनीहरूले बिन्यामिनीहरूलाई गिबा शहरदेखि बाहिर खिचे, त्यसपछि तिनीहरूले यस शहरमा आगो लगाइदिए र बिन्यामिन कुलका पच्चीस हजार एक सय मानिसहरूलाई उजाड़स्थानतिर भागेको बेलामा मारे। त्यसपछि तिनीहरूले बिन्यामिनीहरूका शहरहरूमा आगो लगाए र यिनीहरूका स्त्री र छोराछोरीहरूलाई मारे (न्यायकर्ता २०:२९-४८)।

तीनवटा लड़ाइँमा बिन्यामिन कुलले छबीस हजार एक सय मानिसहरूलाई गुमाए

(न्यायकर्ता २०:१५ र ४७ पद तुलना गर्नुहोस्)। यसो हो भने, हामी तिनीहरूले पहिला दुई दिनमा एक हजार मानिसहरूलाई गुमाए भन्ने अनुमान लाउन सक्छौं। किनकि न्यायकर्ता २०:३५ र २०:४४-४६ पद-हरूको सन्दर्भ केवल अन्तिम भिड़न्तमा मारिएकाहरू हुन्। लड़ाइँबाट उम्केका छ सय मानिसहरूले चार महिना रिम्मोनको चट्टानमा शरण लिए (न्यायकर्ता २०:४७)। यी छ सय मानिसहरू उम्केर नबाँचेका भए बिन्यामिन कुल सम्पूर्ण रीतिले नामेट हुनेथियो।

**न्यायकर्ताहरू २१:१-१५:** अब इस्राएलका एघार कुलहरू पछुतोले पानी भए; किनकि बिन्यामिनको कुलको नामनिशान प्रायः मेटियो। तिनीहरूले यो कुल नामेट हुन चाहेनन्। तर के गर्ने? तिनीहरूले मिस्पामा आफ्ना छोरीहरू बिन्यामिनीहरूलाई नदिने जल्दीबाजी शपथ खाए। तिनीहरूले यो समस्या कसरी हल गर्ने त? पहिलो उपाय यस प्रकारको थियोः तिनीहरूले याबेश-गिलाद शहरसित लड़ाइँ गर्नु थियो, जुन शहर यर्दनको पूर्वमा अवस्थित थियो; किनभने त्यस शहरका बासिन्दाहरूले बिन्यामिनको विरुद्धमा चलिरहेको गृह-युद्ध हुँदा लड़ाइँमा तिनीहरूलाई साथ दिएनन्। चार सयजना कन्याहरूबाहेक त्यहाँका अरू सबै मानिसहरू मारिए। तिनीहरूले यी कन्याहरूलाई लिए र बिन्यामिनीहरूलाई उनीहरूका पत्नीहरूको रूपमा दिए।

**न्यायकर्ताहरू २१:१६-१८:** तर त्यति स्त्रीहरू पर्याप्त भएनन्, बिन्यामिन कुल फल्दो-फुल्दो हुनु हो भने तिनीहरूले अझ पनि पत्नीहरूको अर्को प्रबन्ध गरिदिन आवश्यक थियो। इस्राएलीहरूले आफ्ना छोरीहरू बिन्यामिनीहरूलाई नदिने शपथ खाएका थिए; अनि तिनीहरूले यो शपथ फिर्ता लिन चाहँदैनथिए। यसकारण तिनीहरूले निम्न योजना बनाएः शीलोमा वार्षिक चाड़ मनाइन्थ्यो; हुन सक्छ, यसको सन्दर्भ झुपड़ीहरूको चाड़ भएको थियो होला। यस चाड़मा नाच्ने कन्याहरूबाट बिन्यामिनीहरूले आफ्नो निम्ति पत्नीहरू लैजानुपरेको थियो। अनि जब शीलोका मानिसहरूले यसको विषयमा उजुर गरे, तब अरू कुलहरूका मानिसहरूले उनीहरूलाई 'इस्राएलका कुलहरूमध्ये एउटा कुल नहराउन यसो गर्नु उचित छ' भनी सम्झाए। तब बिन्यामिन कुलका मानिसहरू पुनर्निर्माणको निम्ति आफ्नो इलाकामा फर्के।

न्यायकर्ताहरूको पुस्तकका यी अन्तिम अध्यायहरूमा न्यायकर्ताहरूको समयमा इस्राएलका दुईवटा कुलहरू दान र बिन्यामिनको हालत के-कस्तो थियो, सो कुरा नजिकबाट नियालेर हेर्न पाइयो। अनि अरू दसवटा कुलहरूमा के-के भइरहेको थियो, सो कुरा कल्पना गर्न कसैलाई गाह्रो नपर्ला। अनि समय बित्दै जाँदा अवस्था झन्-झन् बिग्रेर गयो; यो सुनिश्चित छ। तर यी दुःखलाग्दा वृत्तान्तहरूले मानिसहरू परमप्रभुदेखि बरालिएर कति टाढ़ा पुग्न र कहाँसम्म पतित हुन सक्छन्, सो कुरा हामीलाई देखाउन खोजेका छन्। धर्मपतनको फल के-के हुने हो, सो हामीले यहाँ देख्न सक्यौं; अनि त्यो हाम्रो निम्ति काफी भयो। किनकि त्यसको घृणाले हाम्रो मन भरिदिएको छ। तर हामीमा अमन पैदा गर्नुबाहेक त्यसले अझै कुनचाहिँ राम्रो काम गर्न सक्छ? हामीले पढ़ेका यी खण्डहरूले हाम्रो हृदय परमप्रभु हाम्रा परमेश्वरको खोजी गर्ने र हाम्रो जीवनभरि उहाँको विश्वासयोग्य सेवा गर्ने तुल्याउन सके, यो हाम्रो निम्ति झन् बड़िया हुनेथियो।

**न्यायकर्ताहरू २१:२५:** *'ती दिनहरूमा इस्राएलमा कुनै राजा थिएनन्; हरेक मानिसले*

*आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यही गर्थ्यो।'* न्यायकर्ताहरूको पुस्तक उक्त दुःखलाग्दो टिप्पणीको साथमा समाप्त भएको छ, जुन टिप्पणी हाम्रो कानहरूभित्र गुँजिरहेको छ।

यस अँध्यारो अवधिबाट एउटा हितकारी घटनाको विवरण पाइन्छ; तर त्यो घटनाको विवरण अलग्गै एउटा छुट्टै पुस्तक बनेको छ, यस हेतुले कि न्यायकर्ताहरूको समयमा सर्वाधिक प्रचलित भएको चरित्रहीनतासित यसको कुनै सम्बन्ध नभएको होस् र त्यसको कलङ्क यसलाई नलागोस्। अब हामी आफ्नो ध्यान रूथको पुस्तकको चोखो घटना-विवरणमाथि लगाउन लागेका छौं।

## ENDNOTES:

**1) Introduction:** These are largely adapted from Grant, Jennings, and Ridout (see Bibliography).

**2) 2:11–19:** Irving L. Jensen, *Judges/Ruth*, p. 12.

**3) 3:5, 6:** A. Cohen, *Joshua • Judges*, pp. 176, 177.

**4) Essay:** Quoted by Lewis Sperry Chafer in *Systematic Theology,* Vol. V: p. 32.

**5) Essay:** In Hebrew *dôm*, in Greek *angelos* (whence our English word 'angel').

**6) Essay:** Lewis Sperry Chafer, *Systematic Theology*, Vol. I: p. 328.

**7) 8:10–17:** Lewis Sperry Chafer, *Systematic Theology*, Vol. I, p. 227.

**8) 8:10–17:** Lewis Sperry Chafer, *Systematic Theology*, Vol. I, p. 225.

**9) 9:7–15:** Irving L. Jensen, Judges/Ruth, p. 49.

**10) 12:1–4:** Some languages (including Greek and Latin) do not have the ''sha" sound. Apparently one dialect of Hebrew either couldn't pronounce ''sha" or couldn't distinguish between ''sa" and ''sha," in this word at least. A similar situation existed in World War II when American soldiers in the South Seas chose ''lalapalooza" as a password. The Japanese had trouble differentiating between the 'la' and 'ra', and tended to say ''raraparooza."

**11) 12:5, 6:** Samuel Ridout, *Lectures on the Books of Judges and Ruth*, p. 177.

**12) 16:15–20:** C. H. Mackintosh, further documentation unavailable.

**13) 18:7–13:** A. Cohen, *Joshua • Judges*, p. 291.

**14) 18:27–31:** John Haley, *Alleged Discrepancies of the Bible*, p. 338. In Hebrew the consonants spelling Moses and Manasseh are nearly the same (*Mshh* and *Mnshh*), so it could be simply a copyist's error.

**15) 19:1–15:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 132.

**16) 19:22–24:** Arthur E. Cundall, *Judges & Ruth*, p. 197.

## BIBLIOGRAPHY

(for the books Judges and Ruth)


Atkinson, David. *The Message of Ruth: The Wings of Refuge*. Downers Grove, IL: InterVarsity Press, 1983.

Barber, Cyril J. *Ruth: An Expositional Commentary*. Chicago: Moody Press, 1983.

Campbell, Donald K. *No Time for Neutrality*. Wheaton, IL: Scripture Press Publications, Victor Books, 1981.

Cohen, A. "Joshua • Judges." *Soncino Books of the Bible*. London: The Soncino Press, 1967.

Cundall, Arthur E. and Leon Morris. *Judges and Ruth*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1968.

Fausset, A. R. A Critical and Expository Commentary on the Book of Judges. London: James Nisbet & Co., 1885.

Grant, F. W. "Judges" and "Ruth." In *The Numerical Bible, Vol. 3, Joshua to 2 Samuel*. Neptune, NJ: Loizeaux Brothers, 1977.

Jennings, F. C. *Judges and Ruth*. New York: Gospel Publishing House, 1905.

Jensen, Irving L. *Judges/Ruth*. Chicago: Moody Press, 1968.

McGee, J. Vernon. *Ruth and Esther: Women of Faith*. Nashville: Thomas Nelson Publishers, 1988.

Ridout, Samuel. *Lectures on the Books of Judges and Ruth*. New York: Loizeaux Bros., 195

# रूथको पुस्तकको टिप्पणी

# रूथको पुस्तकको भूमिका

*'न्यायकर्ताहरूको पुस्तकको पछि रूथको सानो पुस्तक आउँछ, जसका जम्मा पचासीवटा पदहरू मात्र छन् । तर ती पदहरूको अँगालोमा एउटा गुलाफको बगैंचा पाइन्छ, जुनचाहिँ रहस्यमय पुष्प र सुगन्धित फूलहरूले परिपूर्ण हुन्छ । (यस प्रकारका सुन्दर-सुन्दर फूलहरू वर्तमान समयमा इस्राएल र मोआब देशको भ्रमण गर्नेले अझ पनि यर्दन नदीको वारि र पारि एकान्त भग्नावेशहरूमा फुलेको र फक्रेको देख्न सक्छ ।) चाहे हामी यस पुस्तकमा प्रस्तुत गरिएको विषयवस्तुको कुरा गरौं, चाहे यसको ऐतिहासिक महत्त्वको कुरा गरौं, अथवा हामी यसको विशुद्ध र मनमोहक रचनाको कुरा किन नगरौं, रूथको पुस्तकको सङ्क्षिप्त विवरणको महत्त्व ठूलो छ र यसको सुन्दरता प्रशंसनीय छ; यसको साध्य छैन ।'*

*श्री पाउलुस केस्सल*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

यस सम्बन्धमा ध्यान दिन लायक के छ भने, पवित्र बाइबलमा दुईवटा पुस्तकहरू छन्, जसका नामहरू दुईजना स्त्रीहरूअनुसार राखिएका छन्ः रूथ र एस्तर । एस्तरचाहिँ एउटी यहूदी स्त्री थिइन्, जसको विवाह राजा अहासूरस, एकजना प्रसिद्ध अन्यजातिको मानिससँग भएको थियो भने, रूथचाहिँ एउटी अन्यजाति स्त्री थिइन्, जसको विवाह बोअज, एकजना प्रसिद्ध यहूदीसँग भएको थियो । यी दुईजना स्त्रीहरूको विषयमा अझै पनि एउटा महत्त्वपूर्ण कुरा छः यी दुवैजना स्त्रीहरूले परमेश्वरको मुक्तिको योजना र त्यसको समय-आवलीमा आ-आफ्नो स्थान पाए । किनकि परमेश्वरले आफ्ना जनहरूलाई शारीरिक विनाशबाट बचाउनको निम्ति एस्तरलाई प्रयोग गर्नुभयो; अनि उहाँले रूथलाई मसीही वंशावलीमा एउटा अभिन्न अङ्गको रूपमा एउटा महत्त्वपूर्ण स्थान दिनुभयो । किनभने रूथमार्फत वंशक्रम पहिले दाऊदकहाँ र त्यसपछि खीष्ट येशूकहाँ अघि बढ्यो, जुन ख्रीष्ट येशूले परमेश्वरका जनहरूलाई तिनीहरूको पापहरूबाट बचाउनुहुनेथियो । अनि मत्ती १:५ पदमा के लेखिएको छ भने, बोअजचाहिँ राहाब, एउटी अन्यजाति स्त्रीको सन्तान भएका रहेछन्, जुन राहाबचाहिँ अवश्य यरिहोमा बसेकी राहाब भएकी हुनुपर्ला । अब रूथको कुरा आयोः रूथचाहिँ अर्की अन्यजाति स्त्री थिइन्, जो बोअजकी पत्नी भएर येशू ख्रीष्टको वंशावलीमा प्रवेश गरिन् । राहाब र रूथ दुवैजनाले परमेश्वरको अनुग्रह चित्रण गर्छन्; किनभने यी दुवैजनाको जातीय पृष्ठभूमिले गर्दा यिनीहरू इस्राएलको नागरिकतादेखि वञ्चित हुनेथिए । यस सिलसिलामा श्री मेक गीले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'रूथको पुस्तकचाहिँ खास गरी एउटी स्त्रीको जीवनी हो, जुन जीवनीमाथि परमेश्वरले आफ्नो अनुमोदनको छाप लगाउनुभयो; किनभने

उहाँले यो पुस्तक पवित्र बाइबलको दिव्य पुस्तकालयमा समावेश गर्नुभएको छ।' 1)

अमेरिकाका प्रख्यात राजनेता र आविष्कर्ता श्री बेन्जामिन फ्रान्कलिनको विषयमा एउटा कथा छ, जुन कथाले रूथको पुस्तकको आकर्षण र शोभा स्पष्ट पार्छ। १७७९ सालको कुरा होः तिनी अमेरिकाको राजदूत भएर फ्रान्सको राजसभामा कार्यत रहेको बेलामा तिनले कतिजना राजकीय खानदानीहरूलाई पवित्र बाइबलको निन्दा गरिरहेका सुने, जस्तैः पवित्र बाइबल पढ्न लायक छैन; किनकि त्यसको लेख्ने शैलीदेखि लिएर के-के कुराहरूको कमी छ अरे। बेन्जामिन फ्रान्कलिन स्वयम् ख्रीष्ट-विश्वासी त थिएनन्, तर तिनी आफ्नो युवा अवस्था अमेरिकी उपनिवेशहरूमा बिताएको हुनाले साहित्यको रत्नको रूपमा पवित्र बाइबलसित सुपरिचित हुन्थे। यसकारण तिनले यी फ्रान्सेलीहरूसँग अल्प दाउपेच खेल्ने निर्णय लिए। तिनले रूथको पुस्तक हातले लेखेर यसको प्रतिलिपि तयार गरे, जुन प्रतिलिपिमा तिनले सबै नामहरू बदली गरेर फ्रान्सी नामहरू दिए। त्यसपछि तिनले रूथको पुस्तकको आफ्नो प्रतिलिपि त्यहाँ भेला भएका फ्रान्सका कुलीन मानिसहरूलाई पढ़ेर सुनाए। 'ओहो, कति हृदयस्पर्शी कथा! कति उत्कृष्ट रचना! कति सरल शैली' आदि टिका-टिपन छोड़ेर तिनीहरू सबैजनाले तिनको प्रस्तुतिको वाह-वाह गरे। तिनीहरूले तिनलाई सोधेः 'श्री फ्रान्कलिन, बाफरे, यो कति रमणीय, कति सुन्दर कथा हुँदो रहेछ! तर हजुरले भन्नुहोस्, यो साहित्यको रत्न तपाईंले कहाँ फेला पार्नुभयो?' तब तिनले यसो जवाफ दिएः 'यो त मैले त्यही पुस्तकबाट लिएको हुँ, जुन पवित्र पुस्तक तपाईंहरूले तुच्छ ठान्नुभएको छः पवित्र बाइबलबाट।' त्यस रातमा फ्रान्सको राजधानी पेरिसमा धेरैजनाको अनुहारमा लाजले रङ चढ्यो। अनि हाम्रो विषयमा कस्तो छ? परमेश्वरको वचनको वेवास्ता गरेकोले के हाम्रो अनुहार पनि लाजले रातो हुनुपर्दैन र? के पवित्र बाइबलको विषयमा हामी अनपढ़ छौं? यो कति शर्मको कुरा हो!

## ख) यस पुस्तकको लेखक को हुन्?

यहूदीहरूको परम्पराअनुसार रूथको बेनामी पुस्तकको लेखक भविष्यवक्ता शमूएल हुन्। अनि रूथको पुस्तकको अन्तमा दाऊदको नाम हालिएको हुनाले दाऊदको जमानाभन्दा अघि यो पुस्तकको रचना भएको हुन सक्दैन। भविष्यवक्ता शमूएलले दाऊदलाई राजाको रूपमा अभिषेक गरे; यसकारण नयाँ राजाको वंशावली प्रस्तुत गर्न तिनले रूथको पुस्तक लेखेको सम्भव छ।

## ग) यस पुस्तकको लेख्ने मिति के हो?

रूथ ४:१७ र २२ पदमा दाऊदको नाम लिइएको छ, र यसरी रूथको पुस्तकमा प्रस्तुत गरिएको इतिहास दाऊदमा टुङ्गा भएको छ। यसकारण यो पुस्तक दाऊदको शासन-कालमा, कि त त्यसको पछि लगत्तै अर्थात् ख्रीष्टपूर्व १०११-९७० सालअन्तर्गत लेखिएको हुनुपर्ला; नभई यस पुस्तकको लेख्ने मिति शमूएलले दाऊदलाई राजाको रूपमा अभिषेक गरेको समयभन्दा केही पछि भएको हुनुपर्ला। यसको विषयमा श्री इर्विङ्ग एल. जेन्सनले यसो लेखेका छन्ः

> 'रूथको पुस्तकको लेख्ने मिति दाऊदको सट्टामा राजा भएको सुलेमानको समयभन्दा अघि भएको थियो, नत्र ता लेखकले पक्का पनि राजा सुलेमानको नाम पनि यस पुस्तकमा उल्लेख गरिएको वंशावलीमा समावेश गर्नेथिए। यसो हो भने, रूथको पुस्तकको लेखक दाऊदको समकालीन व्यक्ति भएको हुनुपर्छ।' 2)

कति मानिसहरू पनि छन्, जसले यस पुस्तकको लेख्ने मिति अलिक पछि सार्न रुचाउँछन्। यो किन भएको हो भने, किनभने लेखकले रूथ ४:७ पदमा लेनदेनमा चल्ती भएको जुत्ता फुकाल्ने चलन बताउन आवश्यक सम्झे। यस कुराले यो चलन भएको समयदेखि रूथको पुस्तक लेखिएको मितिसम्म बीचमा केही अन्तराल समय भएको माग गर्छ रे।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषय-वस्तु के हो ?

रूथको पुस्तकमा उल्लेख गरिएका घटनाहरू न्यायकर्ताहरू भएको समयमा घटेका थिए (रूथ १:१)। इस्राएली जातिका प्रायः सबै मानिसहरू परमप्रभुबाट टाढ़िएर गइरहेको बेलामा रूथ नाम गरेकी एक अन्यजाति स्त्रीको विश्वास चम्किरहेको थियो।

'दाम तिरेर छुटाउनु' भन्ने शब्द यस पुस्तकको कुञ्जी शब्द हो। अर्को कुञ्जी शब्द 'छुटाउने नातेदार' हो; यो शब्द बाह्र पल्ट दोहोरिएको छ। बोअजचाहिँ ती छुटाउने नातेदार थिए, जसले एलिमेलेकको जमिन दाम तिरेर फिर्ता लिए र तिनको परिवारको नाम कायम राख्न तिनको निम्ति सन्तान पैदा गरे। बोअजचाहिँ ख्रीष्ट येशूको प्रतीक हुन्, जो दाम तिरेर छुटाउनुहुने खास व्यक्ति हुनुहुन्छ। अनि मोआबी रूथले प्रभुको मण्डली अर्थात् ख्रीष्टकी दुलहीको प्रतीक हुन्, जुन मण्डलीले परमेश्वरको अद्‌भुत अनुग्रहद्वारा छुटकारा पाएको छ।

## रूपरेखाः

**खण्ड १) रूथ १:१-५:** मोआब देशमा एलिमेलेकको परिवारको बसाइ

**खण्ड २) रूथ १:६-२२:** नाओमी मोआबी रूथसँग बेतलेहेममा फर्केकी

**खण्ड ३) रूथ २:** बोअजका बारीहरूमा शिला टिपिरहेकी रूथ

**खण्ड ४) रूथ ३:** रूथको छुटाउने नातेदार

**खण्ड ५) रूथ ४:१-१२:** बोअजले दाम तिरेर छुटाउँछन्

**खण्ड ६) रूथ ४:१३-२२:** ओबेददेखि दाऊदको राजकीय वंशावली

# रूथको पुस्तकको टिप्पणी

## खण्ड १

## रूथ १:१-५ :

### मोआब देशमा एलिमेलेकको परिवारको बसाइ

**रूथ १:१-२:** रूथको पुस्तक खोल्ने-बित्तिकै एउटा यहूदी परिवारसित हाम्रो भेट हुन्छ, जसले देशमा अनिकाल परेको कारणले यहूदाको बेतलेहेम छोड़ेर मृत सागरको दक्षिण-पूर्वमा अवस्थित भएको मोआब देशमा आफ्नो बसाइ सार्‍यो। (बेतलेहेमको अर्थ 'रोटीको घर' हो।) त्यस परिवारमा बुबाको नाम एलिमेलेक थियो, आमा नाओमी थिइन् र तिनीहरूका दुईजना छोराहरू महलोन र किल्योन थिए। (एलिमेलेक नामको अर्थ 'मेरा परमेश्वर राजा हुनुहुन्छ' हो भने, नाओमी नामको अर्थ 'मेरो आनन्द' हो। महलोन नामको अर्थ 'रोगी' र किल्योन नामको अर्थ 'सिकुटे' हो।) तिनीहरूको निम्ति आफ्नो भूमि छोड़ेर जानुभन्दा आफ्नो देशमा रहेर परमेश्वरमाथि भरोसा गर्नु असल हुनेथियो। तिनीहरू बेतलेहेम-यहूदाका एफ्राती थिए। एफ्राती भन्ने शब्द एफ्राताबाट आएको हो; अनि एफ्राता बेतलेहेमको पुरानो नाम थियो, जसको अर्थ 'फलाइलो जग्गा' हो।

न्यायकर्ताहरू भएको समय इस्राएली जातिको नैतिक अवनति वा अधोगतिले चिनिन्छ। यसकारण देशमा अनिकाल पर्नु कुनै अनौठो कुरा होइन; किनभने परमेश्वरका जनहरूको अनाज्ञाकारिताको खातिर उहाँले तिनीहरूलाई अनिकालद्वारा ताड़ना गर्छु भनेर प्रतिज्ञा गर्नुभएकै थियो। एलिमेलेकले प्रतिज्ञाको देश छोड्नुहुँदैनथियो, झन् बढ़ी मोआब देशमा आफ्नो बसाइ सार्नुहुँदैनथियो। के उनले व्यवस्था २३:३-६ पदको खण्ड कहिल्यै पढ़ेका वा सुनेका थिएनन्? उनले किन यर्दन नदीको पूर्वपट्टि बसेका आफ्ना यहूदी दाजुभाइहरूसँग बसोबास गरेनन्? उनले आफ्नो परिवारलाई जीवितहरूको देश-देखि लिएर तिनीहरूलाई मृत्यु र बाँझोपनको देशमा ल्याइपुर्‍याए; (महलोन र किल्योन दुवै-जनाका कुनै छोराछोरी भएन)।

**रूथ १:३-५:** एलिमेलेकको मृत्युपछि उनका छोराहरूले मोआबी स्त्रीहरूलाई विवाह गरे। महलोनले रूथलाई विवाह गरे भने, किल्योनले ओर्पालाई विवाह गरे (रूथ

४:१०)। व्यवस्था ७:१-३ पदको खण्डमा इस्राएलीहरूले विवाह गर्न नहुने जातिहरूको सूचिमा मोआबीहरूको नाम आएन; तर अन्य सन्दर्भ-पदहरूबाट के बुझिन्छ भने, मोआबीहरू पनि यस नियममा समावेश भएका रहेछन् (एज्रा ९:१-२; नहेम्याह १३:२३-२५)। अनि मोआबीहरूले तिनी-हरूको दसौं पुस्तासम्म परमप्रभुको सभामा प्रवेश गर्न नपाउने कुरा व्यवस्थाले स्पष्ट रूपमा व्यक्त गरेकै हो (व्यवस्था २३:३)। तर रूथको विषयमा परमेश्‍वरको अनुग्रहले हस्तक्षेप गर्‍यो, जसरी हामी देख्दै जानेछौं, र त्यस अनुग्रहले तिनको जनाति दाऊदलाई इस्राएलको राजा हुने स्वीकृति दियो।

दस वर्षभित्र महलोन र किल्योन पनि मरे; तिनीहरूको निधनले नाओमीलाई दुईजना विदेशी बुहारीहरू ओर्पा र रूथसँग एकलै छोड़िराख्यो।

# खण्ड २

# रूथ १:६-२२:

## नाओमी मोआबी रूथसँग बेतलेहेममा फर्केकी

**रूथ १:६-१५:** जब नाओमीले बेतलेहेममा प्रशस्त खानेकुरा भएको खबर सुनिन्, तब यिनले यहूदामा फर्केर जाने निर्णय गरिन्। अनि यिनका दुईजना बुहारीहरूले यिनलाई पछ्याउन थाले। तर यिनले तिनीहरूलाई आ-आफ्नो ठाउँमा फर्किजाने आग्रह गरिन्; किनकि यिनीसँग यिनले तिनीहरूलाई पतिहरूको रूपमा दिन सक्ने अरू छोराहरू थिएनन्। तब ओर्पा आफ्नी सासूलाई चुम्बन गरेर आफ्नो माइतमा फर्की।

यहाँ, यस ठाउँमा तपाईंले यी तीनजना विधवाहरूको भिन्न-भिन्नै मनको भावना याद गर्नुहोलाः नाओमी शोक गरिरहेकी विधवा थिइन्, जसबाट परमेश्‍वरको न्यायद्वारा पति र परिवारको बिछोड़ले यिनको सांसारिक आनन्द खोसेको थियो। ओर्पा छोड़िजाने विधवा थिई, जसले आफ्नी सासूको सल्लाह गम्भीरतापूर्वक विचार गरी र आफ्नो निम्ति सबैभन्दा सजिलो र सबैभन्दा सुविधाजनक उपाय छानी। तर रूथचाहिँ टासिरहने विधवा थिइन्, जसले आफ्नी सासूमाथि आइपरेका निराशाजनक घटनाहरू देख्दा-देख्दै आफ्नी सासूलाई छोड़िजादिनथिइन्। जब रूथले नाओमीसँग जाने र यिनीसँग जिउने त्यो नयाँ जीवन रोजिन्, तब त्यो जीवन सजिलो हुँदैन भन्ने कुरा तिनलाई थाह थियो। तिनीहरूको कमाइ गर्ने लोग्नेमानिस नभएको हुनाले तिनीहरूको भविष्य कठोर परिश्रम र गरिबीले पूर्ण हुनेथियो। अनि तिनले माइत र आफ्ना प्रियजनहरू सधैंको निम्ति छोड्नुपरेको थियो।

**रूथ १:१६-१७:** तर यी सबै कुराहरू यस्ता हुँदा-हुँदै पनि रूथले नाओमीलाई छोड़िनन्। तर रूथले यसो यिनलाई भनिन्: *'तपाईंलाई त्याग्न वा तपाईंलाई नपछ्याएर फर्कनको निम्ति मलाई कर नगर्नुहोस्; किनभने तपाईं जहाँ जानुहुन्छ, म त्यहीं जानेछु; र तपाईं जहाँ बस्नुहुन्छ, म त्यहीं बस्नेछु; तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, र तपाईंका परमेश्‍वर मेरा परमेश्‍वर हुनुहुनेछ। तपाईं जहाँ मर्नुहुन्छ, त त्यहीं मर्नेछु र त्यहीं गाड़िनेछु; अनि मृत्यु छोड़ेर अरू कुनै कुराले तपाईं र मलाई अलग पार्‍यो भने परमेश्‍वरले मलाई यसो गरून् र योभन्दा*

*ज्यादा गरून् !'* पुरानो नियममा अन्यजातिको मानिसको मुखबाट उच्चारण भएको सर्वश्रेष्ठ वचन यही हो। यसरी तिनले नाओमीप्रति सम्पूर्ण प्रतिबद्ध देखाइन्। रूथले नाओमीको गन्तव्य स्थल, यिनको देश, यिनका मानिसहरू, यिनको परमेश्वर, अँ, यिनको कब्रिस्तान समेत चुनिन्।

**रूथ १:१८-२२:** जब नाओमी र रूथ बेतलेहेममा आइपुगे, तब जौको कटनी शुरु भएको थियो। यसमा परमेश्वरको हात थियो। जौको कटनीको समय पहिलो फलको समय हो। अनि पहिलो फलचाहिँ ख्रीष्ट येशूको बौरिउठाइ सङ्केत गर्छ।

बेतलेहेमका सबै मानिसहरू साह्रै उत्सुक थिए; किनकि तिनीहरूले नाओमीलाई फेरि भेट्न पाए। अनि तिनीहरूले यिनको न्यानो अभिवादन गरे।

तब यिनले तिनीहरूलाई यसो भनेः 'तिमीहरूले मलाई नाओमी नभन! मलाई "मारा" भन; किनभने सर्वशक्तिमान्‌ले मसँग अति तिक्त व्यवहार गर्नुभएको छ।' (नाओमी नामको अर्थ 'मनोहर' हो भने मारा नामको अर्थ 'तीतो' हो।) यिनी भरपूर भएर अर्थात् पति र छोराहरूको साथ मोआबमा गएकी थिइन्, तर परमप्रभुले यिनलाई रित्तो हात अर्थात् छोराछोरीरहित विधवा भएर फर्काएर ल्याउनुभयो। अनि हामीसँग कुरा पनि यस्तै छः हामी यता भड्किएर वा उता भड्किएर जान सक्छौं, तर प्रभुले हामीलाई हाम्रा विभिन्न पछि-हटाइबाट रित्तो हात फर्काएर ल्याउनुहुन्छ, र त्यो पनि प्रायः नमीठो ताड़नाद्वारा।

# खण्ड ३

# रूथ २ः

## बोअजका बारीहरूमा शिला टिपिरहेकी रूथ

**रूथ २:१-३ः** व्यवस्थाको नियमअनुसार इस्राएलीहरूलाई कटनीको समयमा बारी-हरूबाट सबै अन्नहरू उठाउने अनुमति थिएन; तर तिनीहरूले खाँचोमा परेकाहरू, परदेशी-हरू, अनाथहरू र विधवाहरूको निम्ति केही सिलाबाला बारीहरूमा छोड़िराख्नुपर्थ्यो (लेवी १९:९ र २३:२२; व्यवस्था २४:१९)।

रूथले जौ-बारीहरूहुँदो सिलाबाला टिपिगएर यही नियमबाट फाइदा उठाउने निर्णय गरिन्। तिनी बोअजको बारीमा पुगेकी – यो संयोगको फल होइन, तर परमेश्वरको प्रबन्ध थियो; किनभने बोअजचाहिँ तिनका स्वर्गीय ससुराको धनी नातेदार थिए। बोअज नामको अर्थ 'उहाँमा शक्ति छ' हो।

**रूथ २:४-१२ः** जब बोअज बेतलेहेमबाट आफ्नो बारीमा आइपुगे, तब उनले यी जवान स्त्रीको परिचय पाउन चाहे। अनि 'यिनीचाहिँ नाओमीकी बुहारी हुन्' भन्ने कुरा थाह पाएपछि उनले रूथसित मित्रभाव देखाएर उनका अन्य बारीहरूमा पनि सिलाबाला बटुल्न दिए, साथै खेतालाहरूको निम्ति प्रबन्ध गरिएको पानी पनि तिनीसँग बाँड़चुँड़ गर्न लगाए। उनले रूथलाई तिनले उठाएको साहसी कदम र तिनको स्वार्थरहित इमानदार चालको निम्ति तिनको सराहना गरेपछि बोअजले तिनीसितको आफ्नो बातचित निम्न प्रार्थना-

द्वारा समाप्त गरेः *'परमप्रभुले तिम्रो कामको प्रतिफल दिऊन्, र परमप्रभु इस्राएलका परमेश्वरबाट तिमीलाई पूरा इनाम मिलोस्, जसका पखेटाहरूमनि शरण लिन तिमी आएका छ्यौ'* (रूथ २ः१२)।

यस प्रार्थनाको विषयमा श्री लेयोन मोरिसले यस प्रकारको टिप्पाणी गरेका छन्ः

> 'ठीक समयमा यस प्रार्थनाको उत्तर प्रार्थना गर्ने व्यक्तिद्वारा आयो। रूथले आफ्नो देश छोड्दा आफ्नी सासूको धर्म अपनाएर परमप्रभुका पखेटाहरूमनि शरण लिएकी हुन् भन्ने कुरा बोअजले बुझे। उनले प्रयोग गरेको शब्द-चित्र यस प्रकारको होलाः एउटा सानो चराको बचेराले आफ्नो पाल्ने माउका पखेटाहरूमनि शरण पाउन परिश्रम गरिरहेको छ। यो त तिनले गरेको भरोसा र तिनले पाएको सुरक्षाको सुस्पष्ट र उपयोगी चित्र हो।' [3)]

एकजना यहूदी मानिसले तिनी एउटी अन्यजाति स्त्रीलाई यस प्रकारको कृपादृष्टि देखाएकोमा रूथ छक्क परिन्। तर उनले तिनलाई कृपादृष्टि देखाउन एउटा ठोस कारण थियो। रूथले नाओमीप्रति देखाएकी दयाको विषयमा र तिनले कसरी यहूदीधर्म अपनाएकी थिइन्, सो कुरा बोअजले सुनेका थिए; यसमा शङ्का छैन।

**रूथ २ः१३-१६ः** रूथले बोअजलाई निक्कै प्रभावित पारेको हुनुपर्छ; किनकि उनले तिनलाई खेतालाहरूसँग खाजा खान स्वागत गरे, र फसल काट्नेहरूलाई तिनको निम्ति केही फाल्तु अन्न छोड़िदिने आदेश दिए।

**रूथ २ः१७ः** यस दिनको अन्तमा रूथले आफूले टिपेका बालाहरू झाँटिन्; अनि त्यो त एक एपा अर्थात् बाइस लिटरजति जौ थियो; त्यो निक्कै थियो। हाम्रो वचन अध्ययन गर्दा हामीले पनि यस्तै गर्नुपर्छः पवित्र बाइबलका अमूल्य सत्यताहरू हामीले अपनाउनुपर्छ र तिनको प्रयोग व्यवहारमा उतार्नुपर्छ।

हामी बोअजको जीवनमा ख्रीष्टका धेरै सद्गुणहरू देख्छौं। बोअज धेरै धनी मानिस थिए (रूथ २ः१)। उनले एउटी परदेशी स्त्रीमाथि टिठ्याए, जुन परदेशी स्त्रीसँग कृपादृष्टि पाउने कुनै दाबी नै थिएन (रूथ २ः८-९)। उनले रूथलाई भेट्नुभन्दा पहिले तिनको बारेमा सबै कुराहरू जानेका थिए (रूथ २ः११), जसरी हामीले हाम्रा प्रभुलाई चिन्नुभन्दा अघि उहाँले हाम्रो विषयमा सबै कुराहरू जान्नुहुन्छ। उनले रूथलाई प्रशस्त भोजन खुवाए, र तिनका सबै खाँचोहरू पूरा गरिदिए (रूथ २ः१४)। उनले तिनको सुरक्षा कायम राखे र तिनको भविष्यको निम्ति धनधान्यको प्रबन्ध गरे (रूथ २ः१५-१६)। उनका यी अनुग्रहका कार्यहरूमा हामीले ती कृपाहरूको पूर्वचित्रण देख्छौं, जुन कृपाहरू ख्रीष्ट येशू हाम्रा परमधन्य छुटाउने नातेदारले हामीलाई देखाउनुहुन्छ।

**रूथ २ः१८-२३ः** यस साँझमा रूथ अन्न लिएर घर फर्किन् र त्यस दिनमा जेजति भएको थियो, त्यसको बेलीबिस्तार आफ्नी सासूलाई सुनाइन्। तब यी बुद्धिमती वृद्धा यहूदी नारीले महसुस गरिन्, कि परमप्रभुको योजना सुचारु रूपले अघि बढ़िरहेको थियो। किनकि यिनलाई थाहा थियो, कि बोअज आफ्ना स्वर्गीय पतिका नजिकका नातेदार थिए; अनि परमप्रभुले रूथ र यिनको निम्ति अद्भुत काम गर्दै हुनुहुन्छ भन्ने आभास यिनलाई लागेको थियो। यसकारण यिनले रूथलाई बोअजका बारीहरूमा सिलाबाला टिप्दै जाने प्रोत्साहन दिइन्।

बोअजका बारीहरूमा सिलाबाला टिपि-रहने नाओमीको सल्लाह एउटा बुद्धिमान् सल्लाह थियो। बोअजले आफूलाई यत्रो अनुग्रहकारी भएको प्रकट गरेपछि रूथले अर्काको बारीमा गएर उनलाई किन अपमान गरून् त? उनले दिएको सुरक्षा तिनले किन

लत्याऊन्? अनि हामीचाहिँ? हामी पनि प्रभुले प्रतिज्ञा गर्नुभएको स्वर्गीय प्रबन्ध र उहाँले दिनुभएको सुरक्षादेखि बरालिएर सांसारिक सुखविलासहरूमा भौंतारिनुहुँदैन।

# खण्ड ४

# रूथ ३ः

## रूथको छुटाउने नातेदार

**रूथ ३ः१-५ः** रूथले विश्राम पाउनुपर्छ – यो नाओमीको फिक्री थियो। विश्राम पाउनुपर्छ भन्नाले तिनले एकजना पति र एउटा घर पाउनुपर्छ भन्ने बुझिन्छ। यसकारण यिनले आफ्नो विवाह र सम्पत्ति पाउने प्रथम दाबी इन्कार गरिन् र यसको सट्टामा रूथलाई निम्न सल्लाह दिइन्ः 'आज रात बोअज खलामा जौ निफान्छन्; यसकारण तिमी नुहाऊ, र तल त्यस खलामा जाऊ!'

> 'रूथलाई इस्राएलीहरूका दस्तुरहरू के थाहा? यसकारण तिनले आफ्नो छुटाउने नातेदारलाई आफ्नो सुरक्षा र देवरको विवाह गर्ने प्रस्ताव कसरी टक्राउनुपर्छ, सो कुराको एक-एक बुँदा तिनलाई भन्नुपरेको थियो।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**रूथ ३ः६-७ः** बोअजले आफ्नो काम गरिसिद्धिन्याएर र खानपिन गरेर विश्रामको निम्ति ढल्केपछि रूथ उनका पाउमा उनको ओढ्नेको किनारमनि ढल्किन्। हाम्रो संस्कृतिअनुसार यो पारा हामीलाई निक्कै अनौठो र अप्ठ्यारो लाग्न सक्छ, तर त्यस बेलामा इस्राएली जातिमा यो एउटा स्वीकार्य प्रथा थियो (हेर्नुहोस् इजकिएल १६ः८); अनि त्यस प्रथामा कुनै खराबी वा नराम्रो सुझाउको गन्ध थिएन।

**रूथ ३ः८-११ः** आधा रातमा बोअज निद्राबाट बिउँझे, र उनले रूथलाई आफ्ना पाउनेर परेकी भेट्टाए। उनले तिनलाई हप्काएनन्, तर यसको सट्टामा तिनलाई आशीर्वाद दिए; किनकि रूथले उनलाई 'मेरो छुटाउने नातेदारको कर्तव्य पूरा गरिदिनुहोस्' भन्ने विन्ती टक्राइन्। रूथ ३ः९ पदमा 'आढ्नेको किनार' भनेर अनुवाद गरिएको शब्द रूथ २ः१२ पदमा 'पखेटाहरू' भनेर अनुवाद गरिएको छ। बोअजले रूथको प्रशंसा गरेका थिए; किनकि तिनले परमप्रभुका पखेटाहरूमनि शरण लिएकी थिइन्। तब तिनले उनीबाट खोजेको आड़ उनले कसरी इन्कार गर्न सक्नेथिए? किनकि तिनले उनीबाट खोजेको परमप्रभुको नियम-अनुसारको माग थियो। यसबाहेक रूथचाहिँ एउटी गुणवती स्त्री थिइन्, जसको मूल्य बहुमूल्य मणिहरूभन्दा पनि बढ़ी हुन्छ (हितोपदेश ३१ः१०)। उनले तिनलाई तिनको इमानदारी र निष्ठाको निम्ति प्रशंसा गरे; किनकि रूथले अघि आफ्नी सासूप्रति देखाएको दयाभन्दा अहिले बोअजप्रति देखाएको दया अझ उत्तम थियो। तिनको पहिलो दयाको सन्दर्भ तिनले नाओमीको साथमा रहन आफ्नो घर र परिवारलाई छोड़ेको कुरा थियो भने, तिनले बोअजप्रति आफ्नो व्यक्तिगत भक्ति देखाएको कुराचाहिँ तिनले पछि देखाएको दयाको सन्दर्भ थियो।

मोशाको व्यवस्थाअनुसार सन्तान नभई मर्ने पुरुषको नजिकको नातेदारले विधवालाई विवाह गर्नुपर्थ्यो (व्यवस्था २५ः५-१०), र यसरी मर्ने व्यक्तिको नाम कायम राख्नुको साथै उसको जमिन पनि उसको परिवारभित्र

रहिरहन्थ्यो। यस नियमको महत्त्व यसैमा थियो, जुन बेलामा कुनै मानिस छोरा नभई मर्थ्यो। यस्तो परिस्थितिमा कसैले त्यस विधवालाई विवाह गर्नुपरेको थियो, यस हेतुले कि यस सम्बन्धबाट एउटा छोरा जन्मोस्, र निस्सन्तान भई मर्नेको नाम कायम रहोस्।

अनि यो निश्चित छ कि महलोनले रूथबाट कुनै सन्तान छोड़ेका थिएनन्। अनि बोअज एलिमेलेकको नातेदार भएको नाताले उनले रूथलाई विवाह गरेर छुटाउने नातेदारको भूमिका निभाउन सक्नेथिए। अनि यसो गर्न उनी पूरा योग्य थिए; अनि उनी योग्य मात्र होइन, तर राजी पनि थिए।

**रूथ ३:१२-१३:** तर एउटा कानुनी समस्या के थियो भने, बोअजभन्दा पनि अझ नजिकको नातेदार रहेछन्, जसको प्रथम दाबी गर्ने अधिकार थियो। अनि यिनले छुटाउने नातेदारको भूमिका निभाउन चाहेनन् भने बोअजले अवश्य छुटाउने काम गर्नेथिए। भोलि बिहान यो मामिला छिनाफाना हुनेथियो।

**रूथ ३:१४-१८:** रूथ बोअजका पाउनेर उज्यालो खस्नुभन्दा अघिसम्म ढल्किरहिन्। त्यसपछि बोअजले तिनको पछ्यौरामा छ पाथी जौ हालिदिए। यस कुराले रूथलाई तिनीप्रति उनको प्रगढ़ प्रेमको निश्चयता दिलायो र नाओमीलाई उनले गर्नुपर्ने काममा ढिलो गर्नेछैनन् भन्ने प्रमाण दियो।

रूथ एउटी गुणवती स्त्री थिइन्; यसैले स्वभावैले तिनी बोअजको दयामाया पाउने योग्य थिइन्। तर हामीचाहिँ अयोग्य पापी थियौं; र पनि प्रभु येशूले आफ्नो खास्टो हामीमाथि फैलाउनुभयो र हामीलाई हामी जस्तो थियौं, त्यस्तै ग्रहण गर्नुभयो। उहाँले हामीमाथि हामीले थाम्नेसम्मका उपहारहरू लदाउनुभयो र 'तिमीहरूलाई लिन आउँछु' भनेर यस जीवित आशाको प्रतिज्ञाद्वारा हामीलाई उत्साह दिनुभयो; किनभने उहाँ फर्किआउनुभएपछि उहाँले हामी उहाँको मण्डलीसितको विवाह सुसम्पन्न गर्नुहुनेछ। हाम्रो मुक्ति सुनिश्चित भएको छ; किनभने त्राणको काम सिद्धिएको छ। तर हाम्रा दुलाहा फर्किआउनुभएपछि मात्र हामी परम आनन्दमा प्रवेश गर्नेछौं; किनकि हामी त्यस बेलामा मात्र उहाँसितको मिलनबाट सम्पूर्ण आशिषको भरपूरी उपभोग गर्न पाउनेछौं।

जब नाओमीले रूथको मुखबाट त्यस रातमा बोअज र तिनको बीचमा के-के भइरहेको थियो, सो सबै कुरा सुनिन्, तब यिनले रूथलाई 'चुपचाप बस, र तिमीले यस कुराको नतिजा केकस्तो हुने हो, सो देख्नेछ्यौ।'

> 'विश्वासको सबैभन्दा गाह्रो भाग त्यो हो, जब हामीले अरू केही गर्न सक्दैनौं र आफ्नो इच्छाअनुसार काम गर्ने परमेश्वरको पालो आएको छ। तब हाम्रो निम्ति धैर्य धारण गर्नुबाहेक अरू कुनै कुरा बाँकी रहँदैन। किनभने यति बेला हाम्रो हृदयबाट शङ्काहरू उठ्छन् र फिक्रीहरू चाल मारेर हाम्रो मनमा पसिआउँछन्।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

# खण्ड ५

# रूथ ४:१-१२:

## बोअजले दाम तिरेर छुटाउँछन्

**रूथ ४:१-६:** बिहानै बोअज शहरको मूलढोकामा गए, जुन ठाउँमा शहरका बूढ़ा प्रधानहरू बसेर कानुनी मामिलाहरू

छिनाफाना गर्ने गर्थे। अनि संयोगवश त्यस बेलामा एलिमेलेकका सबैभन्दा नजिकको नातेदार त्यस ठाउँबाट भएर गइरहेका थिए। यो संयोग पनि एउटा दिव्य प्रबन्ध थियो। 'अहो, फलाना !'[4] भनेर बोअजले यिनलाई बोलाए र यिनलाई केही क्षण फुर्सद निकाल्ने आग्रह गरे। त्यसपछि बोअज दसजना बूढ़ा प्रधानहरूको सामु उभिए, अनि उनले तिनीहरूको सुनाइमा नाओमी र रूथको मुद्दा पेश गरे। त्यसपछि उनले सबैभन्दा नजिकको नातेदारलाई एलिमेलेकको जमिन छुटाउने मौका दिए। हुन सक्छ, एलिमेलेकले मोआब देश गएको बेलामा त्यो जमिन बन्धकीको रूपमा राखेका थिए, कि कसो हो ? यहाँसम्म यी अनभिज्ञ नातेदार एलिमेलेकको जमिन छुटाउन राजी थिए। तर जब बोअजले यिनलाई 'जसले एलिमेलेकको जमिन छुटाउँछ, उसले मोआबी रूथलाई विवाह गर्नुपर्छ' भन्ने कुरा सुनाए, तब यी नातेदार पछि हटे; किनकि यिनले आफ्नो अधिकारको भाग बिगार्न चाहँदैनथिए।

> 'यिनले रूथको धनसम्पत्तिको निम्ति आफ्नो समय र बल खर्च गर्नुपर्नेथियो, अनि यसरी यिनले आफ्नो अधिकारको भाग बेवास्ता गर्न सम्भव हुनेथियो। अन्तमा एलिमेलेकको जमिन जुनै हालतमा पनि रूथका उत्तराधिकारीहरूको हुनेथियो, यिनको होइन।'[5]

श्री मेथ्यू पूलले एलिमेलेकको नजिकको नातेदारको नाम नदिइएको विषय उठाएर निम्न टिप्पणी गरेका छन्ः

> 'बोअजलाई यिनको नाम अवश्य थाह थियो, र उनले यिनलाई यही नामले बोलाउँथे; यसमा कुनै शङ्का छैन। तर यस पुस्तकको पवित्र लेखकले यिनको नाम किन लेखेनन् ? किनभने एक, यिनको नाम जान्न आवश्यक छैन। अनि दुई, यसको खास कारण यस प्रकारको छः यसरी यिनको अपमान गरिन्थ्यो, र यिनलाई उचित सजाय दिइन्थ्यो। किनभने यिनले आफ्नो दाजु पर्ने नातेदारको नाम कायम राख्न चाहेनन्; यसकारण यिनले आफ्नो नाम गुमाइपठाए।'[6]

सर्वमान्य धारणाअनुसार यी नजिकको नातेदारले मोशाको व्यवस्था चित्रण गर्छन्। दसजना साक्षीहरूचाहिँ यसका दस आज्ञाहरू हुन्, जुन साक्षीहरू पापी मानिसलाई दाम तिरेर छुटाउने सिलसिलामा व्यवस्था शक्तिहीन हुन्छ भन्ने विषयमा गवाही बसेका छन्। 'व्यवस्थाले जस-जसलाई दोषी ठहराउँछ, तिनीहरूलाई दाम तिरेर छुटाउनै सक्दैन। यो त व्यवस्थाले आफ्नो उद्देश्य रद्द गरेको बराबर ठहरिनेथियो।'[7] शरीरद्वारा कमजोर भएको व्यवस्थाले पापी मानिसलाई कहाँ छुटाउन सक्नेथियो र ? (रोमी ८ः३)।

नजिकको नातेदारले रूथलाई विवाह गर्न इन्कार गरेको हुनाले बोअजको निम्ति रूथसित विवाह गर्ने बाटो खुला भयो; किनभने छुटाउने अनुक्रममा बोअज दोस्रो परेका थिए।

**रूथ ४ः७-८ः** ती दिनहरूमा दाम तिरेर छुटाउने र साट्ने सबै लेनदेनहरूको सम्बन्धमा चलन यस प्रकारको थियोः लेनदेनको एउटा पक्षले आफ्नो जुत्ता फुकालेर अर्को पक्षलाई दिन्थ्यो र यसरी लेनदेनको फैसला पक्कापक्की गर्थ्यो। यस विषयमा मोशाको व्यवस्थाले खास के निर्धारित गरेको थियो भने, एउटी विधवाले छुटाउने नातेदारको भूमिका निभाउन नचाहने देवरको जुत्ता फुकालेर उसको अनुहारमा थुकिदिनुपर्थ्यो (व्यवस्था २५ः९)। तर यहाँ, यस ठाउँमा नजिकको नातेदारले केवल आफ्नो जुत्ता खोलेर त्यो बोअजलाई दिए।

**रूथ ४ः९-१२ः** बोअजले यिनीबाट त्यो जुत्ता ग्रहण गर्नेसाथ घोषणा गरेः 'मैले एलिमेलेकको धनसम्पत्ति दाम तिरेर छुटाएँ, र मोआबी रूथलाई विवाह गर्नेछु।' मूलढोकामा भेला भएका मानिसहरूले र शहरका बूढ़ा

प्रधानहरूले बोअजलाई आशीर्वाद दिएः 'उनका सन्तान-दरसन्तान राहेल र लेआका जत्तिकै धेरै भएका होऊन्! उनको घर पेरेसको घरजस्तै भएको होस्!' पेरेसको नाम यहाँ आयोः पेरेजचाहिँ यहूदा र तामारबाट जन्मे र अर्को देवरको विवाहको सन्तान थिए। त्यस पुरानो घटनाका लाजमर्दा कामकुरा-हरूमाथि ध्यान नराखेर तिनीहरूले त्यसको असल नतिजामाथि मात्र नजर लगाए; किनकि अर्को देवरको विवाहको सम्बन्धबाट यहूदा, एकजना इस्राएली मानिसले तामार, एउटी विदेशी स्त्रीलाई लिएर पेरेसलाई जन्माएका थिए (उत्पत्ति ३८)।

## खण्ड ६

## रूथ ४ः१३-२२ः

## ओबेददेखि दाऊदको राजकीय वंशावली

**रूथ ४ः१३-१६ः** बोअजले रूथलाई विवाह गरे; अनि रूथले उनको लागि एउटा छोरा जन्माइन्, जसको नाम ओबेद राखियो। अनि ओबेद नामको अर्थ 'सेवक' हो। नाओमी यस बालकलाई आफ्नै छोरा सम्झेर यसको धाईआमा भइन्।

**रूथ ४ः१७-२२ः** ओबेद पछिबाट दाऊदका पिता यिशाईका बुबा भए। यसरी यहाँ दाऊदको सङ्क्षिप्त वंशावली पेश गरीकन रूथको पुस्तक समाप्त भएको छ। दाऊदको यो वंशावली अर्को बृहत् वंशावलीमा अर्थात् दाऊदका महान् पुत्र येशू ख्रीष्टको वंशावलीमा गाभियो (मत्ती १)। यहाँ पेश गरिएको वंशावली पूर्ण छैन, पूर्ण हुने दाबी पनि गर्दैन। किनभने बोअजका बुबा सल्मोनचाहिँ न्यायकर्ताहरूको समयको शुरुमा जिएका थिए; अनि दाऊद राजाहरूको अवधिको शुरुमा जन्मनेथिए। यसर्थ सल्मोनदेखि दाऊदसम्म लगभग चार सय वर्ष थिए। यसकारण बुझ्नुहोस्ः बाइबलीय वंशावलीहरूमा जानी-बुझी कति नामहरू छोड़िएका हुन्छन्।

दाऊदको छोटो वंशावलीले पाठकवर्गलाई ईश्वर-तन्त्रको अवधिदेखि राजाहरूले राज्य गरेको समयमा जान तयार गरेको छ; किनभने पवित्र बाइबलका पुस्तकहरूको सूचिअनुसार अबचाहिँ १ र २ शमूएलका पुस्तकहरू आउँछन्।

## ENDNOTES:

**1) Introduction:** J. Vernon McGee, *Ruth and Esther: Women of Faith*, p. 15.

**2) Introduction:** Irving L. Jensen, *Judges/Ruth*, p. 80.

**3) 2:4–12:** Leon Morris (with Arthur E. Cundall), *Judges and Ruth*, pp. 276-277.

**4) 4:1–6:** The Hebrew here is colourful. Instead of giving the man's name the text calls him *so and so* (*peloni almoni*, NKJV marg.).

**5) 4:1–6:** Source unknown.

**6) 4:1–6:** Matthew Poole, *Matthew Poole's Commentary on the Holy Bible*, p. 511.

**7) 4:1–6:** Source unknown.

## BIBLIOGRAPHY

For Bibliography see Judges.

# १ शमूएलको पुस्तकको टिप्पणी

# पहिलो शमूएलको पुस्तकको भूमिका

*'हाम्रो जिज्ञासा बढ़ाउनमा पहिलो शमूएलको पुस्तक अतुलनीय हुन्छ; किनकि यो पुस्तक चाखलाग्दा घटनाहरूको इतिहासको विवरण मात्र कहाँ हो र ? तर यस ऐतिहासिक विवरणमा शमूएल, शाऊल र दाऊद, यी तीनजना व्यक्तिहरूका चम्किला, घतलाग्दा जीवनीहरू पनि बीच-बीचमा हालिएका छन् । अनि खास गरी यी तीनजना व्यक्तिहरूमाथि केन्द्रित रहेर यस पुस्तकका अध्यायहरू विभाग गरिका छन् ।'*

*श्री जे. सिडलो ब्याक्सटर*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पहिलो र दोस्रो शमूएलका पुस्तकहरूविना पुरानो नियमको ग्रन्थमा एउटा रिक्त शून्य स्थान बस्नेथियो । मूलपाण्डुलिपिमा पहिलो र दोस्रो शमूएलका पुस्तकहरू एकै पुस्तक हुन्; तर सुविधाको लागि पछि सेप्टुवाजिन्ट नामक अनुवादमा यो पुस्तक दुईवटा भागमा विभाजन गरियो । त्यस समयदेखि उसो पुरानो नियमको अनुवादको हरेक संस्करणले, साथै हिब्रू भाषामा छापिएका सबै बाइबल-हरूले पनि यही पारा अपनाएका छन् ।

शमूएल, दाऊद र गोल्यत, दाऊद र योनातान, दाऊद शाऊलदेखि भागेका, मेपिबोशेतप्रति दाऊदको दया, र उनका छोरा अब्शालोमको विद्रोह र तिनको मृत्युको निम्ति गरिएको उनको शोक – यीजस्तै रोचक कथाहरूले लाखौंलाख यहूदी र इसाई बालबालिकाहरूलाई मोहित पारेका र अर्ती-उपदेश दिएका छन् ।

अनि शिक्षाको हिसाबले कुरा गर्नु हो भने, वयस्क पाठकहरूले दाऊदको वाचाको गहन अध्ययन गरेका छन् र दाऊदले बतशेबासँग गरेको व्यभिचारको पाप र उनका छोरा-छोरीहरूमा देखा परेका पापहरूको बीचमा भयानक समानताहरू भेट्टाएका छन् ।

पहिलो र दोस्रो शमूएलका पुस्तकहरूले न्यायकर्ताहरूको समयदेखि लिएर दाऊदको राजकीय वंश दृढ़तापूर्वक स्थापित नभए-सम्मको समय समेटिदिन्छन् । यसैले यी दुवै पुस्तकहरू इस्राएली जातिको इतिहासमा एउटा अद्वितीय स्थान ओगट्छन् ।

## ख) यस पुस्तकको लेखक को हुन् ?

यहूदी परम्पराअनुसार शमूएल दुईवटा पुस्तकहरूमा विभाजन गरिएको यस खण्डको लेखक हुन् । तर यो अनुमान तिनको जीवनकालमा घटेका घटनाहरूको सम्बन्धमा मात्र लागू हुन सक्छ (१ शमूएल १:१-२५:१) ।[1] तर यी दुवै पुस्तकहरूमा समावेश

गरिएका घटनारूपी धेरै सामग्रीहरू छन्, जुन घटनाहरू यी भविष्यवक्ताको मृत्युपछि मात्र घटे ।

निम्न सम्भावनाहरू पनि छन्: **क)** शमूएलको अधीनस्थ अध्ययनरत जवान भविष्यवक्ताहरूमध्ये एकजनाले आफ्नो शिक्षकका लेखहरू सङ्कलन गरेर यो पुस्तक तयार गरे होलान् । **ख)** अथवा हुन सक्छ, अबियातार नामक पूजाहारी एक-एक घटनाको अभिलेख सङ्ग्राह गरे र यी अभिलेखहरू एउटा पुस्तकको रूप दिए होलान्; किनकि तिनी दाऊदको जीवनसँग सुपरिचित थिए र उनीसँग निर्वासनमा केही समय बिताएका पनि थिए ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

पहिलो र दोस्रो शमूएलका पुस्तकहरूको लेख्ने मिति निश्चित रूपले तोक्न असम्भव छ । किनकि यस पुस्तकको शुरुमा लेखिएको खण्ड ख्रीष्टपूर्व १००० सालदेखि यता हुन सक्छ । अनि यी पुस्तकहरूमा ख्रीष्टपूर्व ७२२ सालमा इस्राएली जाति कैदमा लगिएको घटनाको विषयमा कुनै सङ्केत नभएको कुराले लेख्ने मिति यो घटना घट्नुभन्दा अघि भएको हुनुपर्छ भन्ने माग गर्छ । कोही मानिसहरू छन्, जसको विचारमा, 'इस्राएल' र 'यहूदा'का शब्दहरूको सन्दर्भले लेख्ने मिति ख्रीष्टपूर्व ९३१ साल पछि भएको माग गर्छ; किनभने त्यही सालमा यो राज्य दुईवटा भागहरूमा विभाजन भयो । तर इस्राएल राज्यको विभाजन हुनुभन्दा यी शब्दहरूको प्रयोग अघि भएको धेरै सम्भव देखिन्छ । किनकि अमेरिकाको इतिहासमा इस्वी संवत् १८६१ सालमा तिनीहरू छुट्टिनुभन्दा अघिको समयमा पनि उत्तर भागमा बस्नेहरूलाई 'यान्की' र दक्षिणमा बस्नेहरूलाई 'साउथ्रोन' भनिन्थ्यो ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

पहिलो र दोस्रो शमूएलका पुस्तकहरूले ख्रीष्टपूर्व बाह्रौं शताब्दीदेखि दसौं शताब्दीको शुरुसम्म इस्राएली जातिसँग परमेश्वरका कारबाहीहरू के-के थिए, सो वर्णन गरेका छन् । शमूएल भविष्यवक्ता र न्यायकर्ता थिए भने, शाऊलचाहिँ रद्द गरिएका राजा थिए र दाऊदचाहिँ गोठाला-राजा थिए । यी तीनजना मुख्य व्यक्तिहरूको विषयमा यो वृत्तान्त तयार गरिएको हो ।

परमेश्वरले शमूएललाई न्यायकर्ताहरूको अवधिको अन्तमा उठाउनुभयो, र तिनीसित यो युग समाप्त भयो; तिनीपछि राजाहरूले राज्य गर्ने युग शुरु भयो । तिनको जमानामा पूजाहारीगिरीले फेल खाएको थियो, जसका प्रतिनिधि एली र यिनका छोराहरू थिए । तिनको पालोदेखि भविष्यवक्ताहरूको सेवकाइ शुरु भयो । किनकि शमूएलचाहिँ अन्तिम न्यायकर्ता हुनको साथै यस नयाँ अवधिको प्रथम भविष्यवक्ता थिए र इस्राएली जातिको प्रथम राजालाई अभिषेक गर्ने व्यक्ति भए । (पवित्र बाइबलको पहिलो भविष्य-वक्ताको सन्दर्भमा उत्पत्ति २०:७ पद पढ्नुहोला) । शमूएल लेवी कुलको मानिस थिए, तर हारूनको वंशको थिएनन् । तर परमेश्वरको अनुमोदन पाएर तिनले पूजाहारी पदमा सेवा गरे । तिनको हृदय शुद्ध र पूरा समर्पित थियो भने, एलीको हृदय अशुद्ध र अनाज्ञाकारी थियो ।

शमूएलका दुईवटा पुस्तकहरूको विषयवस्तु यस प्रकारको छ: परमेश्वर इस्राएली जातिको साँचो राजाले मानिसहरूको अनुरोधमा आफ्नो यो राजकीय अधिकार पहिले शाऊललाई, त्यसपछि दाऊद र उनको वंशलाई सुम्पिदिनुभयो । श्री ओजेन मेरिलले

शमूएलका पुस्तकहरू सम्पूर्ण पवित्र बाइबलको विषयवस्तुसँग राम्ररी जोड़ेका छन्, जब तिनले यसो लेखेका छन्ः

‘अँ, दाऊदको राजकीय परिवारबाट अन्तमा उनको महान् पुत्र येशू ख्रीष्ट देहधारी हुनुभयो। अनि ख्रीष्ट येशूले आफ्नो जीवनमा पूर्ण रूपले आफ्नो राज्याधिकार प्रयोग गर्नुभयो अनि आफ्नो मृत्यु र आफ्नो पुनरुत्थानद्वारा एउटा जग तयार गर्नुभयो; यस जगमाथि उभिएर उहाँमाथि विश्वास गर्ने सबै मानिसहरूले उहाँसँग र उहाँद्वारा राज्य गर्न सक्छन् (२ शमूएल ७ः१२-१६; भजन ८९ः३६-३७; यशैया ९ः७)।’ [2)]

## रूपरेखाः

### खण्ड १) १ शमूएल १-९ः शाऊलको राजा-अभिषेक नभएको समयसम्म शमूएलको सेवकाइ

**क) १ शमूएल १ः** शमूएलको जन्म र बाल्यावस्था
**ख) १ शमूएल २ः१-१०ः** हन्नाको स्तुतिगान
**ग) १ शमूएल २ः११-३६ः** एली र यिनका दुष्ट छोराहरू
**घ) १ शमूएल ३ः** शमूएलको बोलावट
**ङ) १ शमूएल ४-७ः** परमेश्वरको वाचाको सन्दुक
- **अ) १ शमूएल ४ः** वाचाको सन्दुक कब्जा गरिएको
- **आ) १ शमूएल ५ः** वाचाको सन्दुकको शक्ति प्रकट भएको
- **इ) १ शमूएल ६-७ः** वाचाको सन्दुक फर्काइएको

**च) १ शमूएल ८-९ः** राजाको माग र तिनको चुनाउ

### खण्ड २) १ शमूएल १०-१५ः राजा शाऊल अस्वीकार नभएसम्म तिनको शासन

**क) १ शमूएल १०-११ः** शाऊलको अभिषेक र पुष्टीकरण
**ख) १ शमूएल १२ः** शमूएलले मानिसहरूलाई हप्की र चेताउनी दिएको
**ग) १ शमूएल १३-१५ः** शाऊलको अनाज्ञाकारिता र अस्वीकार
- **अ) १ शमूएल १३ः** शाऊलको पाप ठहरिएको बलिदान
- **आ) १ शमूएल १४ः** शाऊलका विवेकहीन भाकलहरू
- **इ) १ शमूएल १५ः** शाऊलको अधूरो आज्ञाकारिता

### खण्ड ३) १ शमूएल १६-३०ः शाऊलको मृत्युसम्मको दाऊदको जीवनको वृत्तान्त

**क) १ शमूएल १६ः१-१३ः** शमूएलद्वारा दाऊदको अभिषेक भएको
**ख) १ शमूएल १६ः१४-२३ः** दाऊदले शाऊलको सेवा गरेको
**ग) १ शमूएल १७ः** दाऊदले गोल्यतलाई पराजित गरेको

**घ) १ शमूएल १८ः** मिकलसँग दाऊदको विवाह भएको

**ङ) १ शमूएल १९-२६ः** दाऊद शाऊलदेखि भागेको

- **अ) १ शमूएल १९-२०ः** दाऊदप्रति योनातानको निष्ठा
- **आ) १ शमूएल २१ः** दाऊदप्रति अहिमेलेकको दया
- **इ) १ शमूएल २२ः** दाऊद भागेको र शाऊलले पूजाहारीहरूको हत्या गरेको
- **ई) १ शमूएल २३ः** कैला शहरका मानिसहरूले दाऊदसित विश्वासघात गरेका
- **उ) १ शमूएल २४ः** दाऊदले शाऊलको जीवन जोगाएको
- **ऊ) १ शमूएल २५ः** नाबालको मूर्खता
- **ए) १ शमूएल २६ः** दाऊदले शाऊलको जीवन दोस्रो पल्ट जोगाएको

**च) १ शमूएल २७-३०ः** दाऊद पलिस्तीहरूको देशमा बसेको

- **अ) १ शमूएल २७ः** दाऊदले सिक्लग प्राप्त गरेको
- **आ) १ शमूएल २८ः** शाऊलको अन्तको विषयमा आएको भविष्यवाणी
- **इ) १ शमूएल २९ः** आकिशले दाऊदलाई इन्कार गरेर फर्काएको
- **ई) १ शमूएल ३०ः** दाऊदद्वारा अमालेकीहरूको पराजय भएको

**खण्ड ४) १ शमूएल ३१ः शाऊलको मृत्यु**

# पहिलो शमूएलको पुस्तकको टिप्पणी

## खण्ड १

## १ शमूएल १-९ः

## शाऊलको राजा-अभिषेक नभएको समयसम्म शमूएलको सेवकाइ

### क) १ शमूएल १ः शमूएलको जन्म र बाल्यावस्था

**१ शमूएल १ः१-१०ः** पहिलो शमूएलको पुस्तक एल्काना र उनका हन्ना र पनिन्ना नाम गरेका दुईजना पत्नीहरूको परिचयबाट शुरु हुन्छ। (हन्ना नामको अर्थ 'अनुग्रह' हो भने, पनिन्ना नामको अर्थ 'मोती' हो।) एल्कानाचाहिँ एप्रैमको रामातैम-जोफिममा बस्ने लेवी थिए; यही कारणले उनलाई एक पदमा 'एप्रैमी' भनिएको छ (१ इतिहास ६ः२२-२८ पदको खण्डसित तुलना गर्नुहोस्)। पवित्र बाइबल विश्वासयोग्य ऐतिहासिक विवरण हो; यसकारण धर्मशास्त्रले बहुविवाहको प्रचलन भएको कुरा उल्लेख त गर्छ, तर त्यस कुप्रथा कहिल्यै अनुमोदन गर्दैन। लेआ र राहेलको परिस्थितिजस्तै उनकी एउटी पत्नी प्रजननशील थिइन् भने, अर्कीचाहिँ बाँझी थिइन्। यस कुराले घरमा विरोध र प्रतिस्पर्धाको वातावरण सृजना गर्‍यो; किनभने हान्ना निस्सन्तान भए ता पनि तिनका पतिले तिनलाई बढ़ी माया गर्थे। जब त्यो परिवार वार्षिक चाड़ मनाउनका लागि शीलोमा गयो, तब हन्नाले मेलबलिको दुई गुणा भाग पाइन् (१ शमूएल १ः३-५)। तर यस कुराले गर्दा पनिन्नाबाट तिनले बिभ्ने गिल्ला सहनुपर्‍यो। वर्षैपिच्छे यिनले तिनलाई आफ्नो घोचपेचले कुँड़्याएकी र चिढ़ाएकीले गर्दा अन्तमा हतास भएकी हन्नाले आफ्नो मुद्दा भेट हुने पालमा परमप्रभुको सामु पेश गरिन्।

**१ शमूएल १ः११-१८ः** परमेश्वरले हन्नालाई एउटा छोरा दिनुभयो भने, तिनले उसलाई परमप्रभुको लागि अर्पण गरिदिनेछु र त्यो बालक जन्मैदेखि नाजीर हुनेछ भनेर भाकल गरिन्। यस सम्बन्धमा बिशप हलले हामीलाई यसो भन्दै सल्लाह दिएका छन्ः

> 'जुन आशिष हामी हासिल गर्न खोजिरहेका छौं, यस आशिषको विषयमा सफलताको नियम यस प्रकारको छः हामीले परमेश्वरबाट मागेको कुरा आफ्नो सारा हृदयले उहाँको महिमाको निम्ति उहाँलाई समर्पण गर्नुपर्छ;

यसरी परमेश्वरले हामीलाई आनन्दित तुल्याउन र आफ्नो आदर गर्न सक्नुहुन्छ।' [3)]

वृद्ध भएका पूजाहारी एलीले हन्नाको सोर सुनेनन्, तर तिनका ओठहरू चल्दै गरेका देखे, र तिनी मातेकी छिन् भन्ठाने। तर जब तिनले आफ्नो व्यवहारको कारण उनलाई बताइन्, तब उनले तिनको गम्भीरता बुझे र तिनलाई आशीर्वाद दिए अनि तिनलाई शान्तिसित जान दिए। हन्ना आफ्नो शारीरिक बाँझोपनको बारेमा फिक्री गरिरहेकी थिइन्। अनि हामीचाहिँ ? के हामीले आफ्नो आत्मिक बाँझोपनको विषयमा शोक गर्नुपर्दैन र ?

**१ शमूएल १ः१९-२८ः** हन्नाले आफ्नो प्रार्थनाको उत्तर पाइन्। तब तिनले आफ्नो बालकको नाम 'शमूएल' राखिन्, जुन नामको अर्थ 'परमेश्वरले सुन्नुभयो' [4)] अर्थात् 'परमेश्वरबाट प्रार्थनाको उत्तरमा पाएको' हो; किनभने उनी परमप्रभुबाट मागिएका छोरा थिए। जब शमूएललाई दूध छुटाइयो, तब तिनले उसलाई परमप्रभुको भवनमा लगिन् र उसलाई परमप्रभुलाई पैंचो दिइन्। अनि तिनको यो समर्पण सराहना लायकको थियो; किनभने यो समर्पण क्षणिक होइन, तर सम्पूर्ण र स्थायी थियो। शुरुदेखि नै यस केटाले पूजाहारीहरूलाई सहयोग गर्थ्यो र उसले परमप्रभुको सामु सेवा गरिरहन्थ्यो। १ शमूएल १ः२८ पदमा लेखिएको *'अनि तिनले त्यहाँ परमप्रभुलाई दण्डवत् गरे'* भन्ने वाक्यमा हामीले यी आराधना गर्नेहरूमा शमूएलको नाम पनि समावेश गर्नुपर्छ। उसको उमेर सानो भए ता पनि उसले परमप्रभुको आराधना गरे; किनभने उसको जीवन परमप्रभुको सेवाको निम्ति अर्पिएको थियो।

### ख) १ शमूएल २ः१-१०ः हन्नाको स्तुतिगान

एल्कानाकी पत्नी र तिनको छोराको समर्पण अनि एलीको परिवारको भ्रष्टाचारको बीचमा आकाश-पातालको भिन्नता छ। आफ्नो छोरा परमप्रभुलाई सुम्पिसकेपछि हन्नाले धन्यवाद चढ़ाईकन आफ्नो हृदय पोखिन्। तिनको धन्यवादका शब्दहरूले तिनीसँग परमेश्वरको विषयमा, उहाँको स्वभाव र उहाँका कामहरूको विषयमा गहिरो ज्ञान भएको प्रकट गर्छन्। यस प्रार्थनाले पनिन्नालाई हप्काएको देखिन्छ; किनकि यिनले हन्नालाई धेरै द्वेषपूर्ण कुराहरू भन्दै आएकी थिइन्। तर यो प्रार्थना जेठी-कान्छीको बीचमा चलिरहेको घरेलु झगड़ामा सीमित कहाँ रहन्छ र? यो प्रार्थना एउटा भविष्यवाणी पो होः इस्राएली जातिले आफ्ना शत्रुहरूमाथि विजय प्राप्त गर्नेछ र अन्तमा ख्रीष्ट येशूले राज्य गर्नुहुनेछ। लूका १ः४६-५५ पदहरूको खण्डमा मरियमको स्तुतिगान उल्लेख गरिएको छ, जुन स्तुतिगानको नाम प्रायः 'म्याग्निफिक्यट' भिनन्छ। अनि येशूकी आमा मरियम आफ्नो स्तुतिगानको रचना हुँदा हन्नाको स्तुतिगानसित सुपरिचित भएकी र प्रभावित भएकी सुस्पष्ट रूपले बुझिन्छ।

### ग) १ शमूएल २ः११-३६ः एली र यिनका दुष्ट छोराहरू

**१ शमूएल २ः११-१७ः** अब वृत्तान्त एलीका दुईजना दुष्ट छोराहरूतिर फर्कन्छ। यिनीहरूले परमप्रभुलाई चिनेका थिएनन्; यिनीहरूले विश्वासद्वारा मुक्ति पाएका थिएनन्। यिनीहरू तीनवटा पापहरूको सम्बन्धमा दोषी थिएः **क)** यिनीहरूले मेलबलिबाट आफूले पाएको छाती र फिलाको भागमा सन्तुष्ट नभएर मानिस-हरूबाट तिनीहरूले पाउनुपर्ने मेलबलिको भाग समेत खोसेका थिए (लेवी ७ः२८-३४-सँग तुलना गर्नुहोस्)। **ख)** परमेश्वरको निम्ति मेलबलिको बोसो चढ़ाउनुभन्दा अगाड़ि यिनीहरूले 'हामीलाई यसको मासु

दिनुपर्छ' भन्ने माग गरे, र यसरी व्यवस्थाको सुस्पष्ट नियम पन्छाए। **ग)** यिनीहरू आफ्नो शारीरिक भोगविलास पहिलो स्थान दिएर त्यो मासु उमाल्नुको सट्टामा पोलेर सेकुवाको रूपमा खान चाहन्थे। अनि यदि कसैले यिनीहरूको यस दुर्व्यवहारको विरोध गर्न कोशिश गर्थ्यो भने, यिनीहरूले त्यो मासु जबर्जस्ती खोसेर लैजान्थे। यिनीहरूको पाप साह्रै ठूलो थियो; किनभने यिनीहरूले परमप्रभुको भेटी तुच्छ ठान्थे।

**१ शमूएल २:१८-२१:** यिनीहरूको घोर दुष्टता थियो; तर बालक शमूएलको समर्पण प्रशंसनीय थियो, अनि शमूएलका बुबाआमा वार्षिक चाड़हरूमा जानुमा विश्वासयोग्य थिए। हन्नाको गर्भको पहिलो फल परमप्रभुकहाँ समर्पण गरिएको हुनाले तिनले आशिषको रूपमा अझै तीनजना छोरा र दुईजना छोरीहरू पाइन्। *'देओ, र तिमी-हरूलाई दिइनेछ'* – हाम्रा प्रभु येशूको यो प्रतिज्ञा कसरी पूरा हुन्छ, सो कुरा स्पष्ट देखाउने असल उदाहरण यो हो।

**१ शमूएल २:२२-२६:** एलीले आफ्ना छोराहरूलाई यिनीहरूले व्यभिचार गरेको कुरा नसुनेसम्म हप्काएनन्। तर जब तिनले अन्तमा यिनीहरूलाई हप्काए, तब तिनको हप्की हल्का थियो। यस प्रकारको मन्द प्रतिवादले यिनीहरूलाई कहाँ प्रभाव पार्न सक्नेथियो? यसको निम्ति ढिलो भइसकेको थियो। यिनीहरूले आफ्ना हृदय कठोर पारिसकेका थिए, र यिनीहरू उहिले फाराओझैं कठोर, झन् कठोर हुँदै न्यायको पात्र बने; किनकि परमेश्वरले यिनीहरूलाई नाश गर्ने निर्णय गर्नुभयो। यस समयमा शमूएल बिस्तारै बढ्दै गएका थिए; उनको हृदयको शुद्धता र उनको भलोपना परमप्रभु र मानिसहरू दुवैले मन पराउँदैथिए। हामीले याद गर्नुपर्छः यी घटनाहरू न्यायकर्ताहरूको अवधिमा घटेका थिए। तब पूजाहारीगिरी त्यस समयको नैतिक पतनबाट उम्कन नसकेकोमा हामी अचम्म मान्दैनौं होला।

**१ शमूएल २:२७-३६:** आफ्ना छोरा-हरूको निम्ति एलीको हप्की हल्का थियो, तर एलीको लागि परमप्रभुको हप्की कड़ा थियो। किनभने एकजना अज्ञात परमेश्वरका जन देखा परे, र तिनले एलीको घरानाको निम्ति पूजाहारी-सेवाको अन्त आइपुगेको घोषणा गरे। परमेश्वरले हारूनको परिवारलाई पूजाहारीगिरीको रूपमा बोलाउनुभएको र तिनीहरूको जीवन-निर्वाहको लागि बलि-दानको मासु र अन्य खानेकुराको प्रशस्त प्रबन्ध गर्नुभएको समीक्षा गर्दै ती भविष्य-वक्ताले आफ्नो कुरा शुरु गरे। त्यसपछि तिनले एलीलाई हप्काए, जसले परमेश्वरका मागहरूलाई भन्दा आफ्ना छोराहरूका भोग-विलासहरूलाई पहिलो स्थान दिएका थिए (१ शमूएल २:२९)। परमप्रभुले पूजाहारी-गिरीको निरन्तरताको सम्बन्धमा अघि गर्नुभएको प्रतिज्ञा पूजाहारीहरूको असल चरित्रमा निर्भर गर्थ्यो। तर एली र तिनको घरानाको दुष्टताले गर्दा तिनीहरूले अबदेखि उसो पूजाहारी-सेवामा संलग्न हुन पाउनेछैनन्; तिनको परिवारको जुनै पनि सदस्य वृद्धावस्थामा नपुगी मर्नेछ। अनि शीलोको पवित्रस्थान खिइँदै जानेछ। अनि एलीको वंश शोक र शर्मको कारण हुनेछ; साथै एलीका छोराहरू होप्नी र पीनहास एकै दिनमा मर्नेछन्। यिनीहरूको एकै दिनमा हुने मृत्युचाहिँ यी सबै न्यायरूपी वचनहरू पूरा हुनेछन् भन्ने पक्का चिन्ह हुनेथियो।

एलीको घरानाको अन्त यस प्रकारले पूरा भयोः राजा शाऊलले अबियातारलाई बाहेक अहिमेलेक र तिनका सबै छोराहरूको हत्या गरे (१ शमूएल २:३१ र १ शमूएल २२:१६-२०); राजा सुलेमानले अबियातारलाई

पूजाजारी-पदबाट हटाइदिए (१ शमूएल २:३२-३३ र १ राजा २:२७); अनि होप्नी र पीनहासको मृत्यु भयो (१ शमूएल २:३४ र ४:११)। याद रहोस्ः एली इतामारको घरानाको मानिस थिए। अनि जब सुलेमानले अबियातारलाई पूजाहारी-पदबाट निकालिदिए, तब पूजाहारी-सेवा एलाजारको घरानामा फर्काइयो; किनकि पूजाहारी-सेवा एलाजारको घरानाको ठहरिएको थियो र तिनीहरूको हुनुपर्नेथियो। एलीका छोरा पीनहासचाहिँ हारूनका नाती पीनहास होइन है (गन्ती २५:७-८)। हामीले यी दुईजना-हरूको बीचमा छुट्टाउन सक्नुपर्छ।

१ शमूएल २:३५ पदमा प्रतिज्ञा गरिएको विश्वासयोग्य पूजाहारीचाहिँ सादोक थिए, जो एलाजारको घरानाका हुनेथिए, जसले दाऊद र सुलेमानको समयमा पूजाहारी-पदमा सेवा गरे। उनको पूजाहारी-पद र सेवा ख्रीष्ट येशूको हजार वर्षको राज्यमा पनि रहिरहनेछ (इजकिएल ४४:१५)। तर एलीका भावी सन्तानहरूले परमप्रभुको सेवा गर्ने मनसायले पूजाहारी-सेवाको चाहना गर्नेथिएनन्, तर केही खानेकुरा पाइन्छ कि भनेर पेटपालोको रूपमा त्यो सेवकाइ चाहना गर्नेथिए (१ शमूएल २:३६)। धेरैजना छन्, जसले १ शमूएल २:३५ पदमा प्रतिज्ञा गरिएको विश्वासयोग्य पूजाहारीमा मसिहको सङ्केत देख्छन्; विशेष गरी 'सदा-सर्वदा' भन्ने शब्दअनुसार यस प्रकारको माने सम्भव भएको देखिन्छ।

### घ) १ शमूएल ३ः शमूएलको बोलावट

**१ शमूएल ३:१-३ः** शमूएलले शीलोमा भएको तम्बूमा परमप्रभुको सेवा गरिरहेको समयभरि परमप्रभुको वचन कम पाइन्थ्यो। यसर्थ परमप्रभुले मानिसहरूसँग विरलै दर्शनमा बोल्नुहुन्थ्यो। श्री जर्ज विलियम्सले यस अध्यायका प्रथम तीनवटा पदहरूमा इस्राएलको नैतिक अवस्थाको चित्रण देख्छन्।

> 'आत्मिक अन्धकारले राज्य गरेको थियोः किनकि परमप्रभुको मन्दिरमा परमेश्वरको बत्ती निभ्दैथियो। प्रधान पूजाहारीका आँखाहरू धमिला भएका थिए, जसले गर्दा तिनले स्पष्ट रूपमा देख्न सक्दैनथिए; अनि तिनी र शमूएल दुवैजना निदाएका थिए।'

परमेश्वरको बत्तीको सन्दर्भ त्यो सामदान बुझिन्छ, जुन सामदानका दियाहरू बिहान-पिच्छे सूर्योदयमा निभाइन्थे।

**१ शमूएल ३:४-९ः** यो एक विशेष रातको कुरा होः बिहान हुन लागेको समयमा शमूएलले आफूलाई बोलाइरहेको आवाज सुने। यसो हुँदा 'एलीले मलाई बोलाउनु-भएको' उनले ठाने, तर पूजाहारीले उनलाई बोलाएका थिएनन्। शमूएलले अहिलेसम्म परमप्रभुलाई कुन अर्थमा चिनेका थिएनन्? उनले यसभन्दा अघि कहिल्यै उहाँबाट प्रत्यक्ष रूपमा कुनै पनि व्यक्तिगत प्रकाश पाएका थिएनन् (१ शमूएल ३:७)। शमूएलले अझै दुई पल्ट त्यो स्वर सुनेपछि एलीले 'परमप्रभुले शमूएललाई बोलाउनु-भएको रहेछ' भन्ने कुरा बुझे। वृद्ध भएका पूजाहारी एलीले केटा शमूएललाई यसो भनेः 'तिमीले फेरि यो आवाज सुन्यौ भने "परमप्रभु, बोल्नुहोस्; किनकि तपाईंको दासले सुन्दैछ" भन्नू ल!'

**१ शमूएल ३:१०-१४ः** अनि जब परमप्रभुले चौथो पल्ट उनलाई बोलाउनुभयो, तब 'हे परमप्रभु' भन्ने शब्द छोड़ेर शमूएलले यसो भन्दै जवाफ दिएः 'बोल्नुहोस्, किनकि तपाईंको दासले सुन्दैछ।' परमप्रभुको सन्देशले एली र तिनको घरानाको विरोधमा पहिले नै जनाइएको न्यायको वचन पुष्टि गरिदियो; अनि हुन सक्छ, यस न्यायमा इस्राएलको पराजय र सन्दुकको कब्जा हुने

कुरा पनि समावेश भएको थियो होला। छोराहरूलाई जत्तिकै दोष लागेको थियो, यिनीहरूका बुबालाई पनि उत्तिकै दोष लागेको थियो; किनभने तिनले यिनीहरूलाई रोकिराखेनन्, न ता यिनीहरूलाई यिनीहरूका पापहरूबाट फर्काए। यिनीहरूलाई हप्काउनु त के, यिनीहरूले पवित्र वस्तुको अवहेलना गरेको हुनाले यिनीहरूलाई मृत्युदण्ड दिइनुपर्नेथियो। कुनै बलिदानले यिनीहरूको घोर अधर्मको निम्ति प्रायश्चित गर्न सक्नेथिएन; यिनीहरूको विनाश सुनिश्चित भएको थियो र दुईजना साक्षीहरूको मुखले एलीलाई पुष्टि गरियोः एक, परमेश्वरका जनद्वारा (१ शमूएल २) र दुई, केटा-भविष्यवक्ता शमूएलद्वारा (१ शमूएल ३:१८)।

**१ शमूएल ३:१५-१८:** शुरुमा त शमूएल परमप्रभुले भन्नुभएको कुरा एलीलाई बताउने डराएका थिए, तर एउटा गम्भीर शपथको बाध्यतामा बाँधिएको अवस्थामा उनले पूजाहारीलाई तिनीमाथि नजिक भविष्यमा आइलागेको न्याय प्रकट गरिदिए। एलीले त्यो समाचार शिरोपर गरे; किनकि पक्कै पनि तिनले यस न्यायको फैसालामा कुनै अन्याय, तर परमेश्वरको धार्मिक न्याय महसुस गरे। जुन परमेश्वरले हारूनका छोराहरूलाई तिनीहरूको भक्तिको अभावले गर्दा प्रहार गर्नुभयो (लेवी १०), के उही परमेश्वरले होप्नी र पीनहासलाई दण्ड नदिईकन छोड्न सक्नुहुनेथियो ?

**१ शमूएल ३:१९-२१:** समय बित्दै जाँदा परमप्रभु शमूएलको साथमा हुनुभएको कुरा दानदेखि बेरशेबासम्मै सारा इस्राएली जातिमा चाँड़ै विदितै भयो; अनि समस्त इस्राएली जातिले यी जवान केटालाई परमप्रभुको साँचो भविष्यवक्ताको रूपमा चिने।

### ङ) १ शमूएल ४-७: परमेश्वरको वाचाको सन्दुक

#### अ) १ शमूएल ४: वाचाको सन्दुक कब्जा गरिएको

**१ शमूएल ४:१-४:** आउँदा तीनवटा अध्यायहरूमा हामी परमप्रभुको करारको सन्दुकको भ्रमण हेर्न लागेका छौं, जुन सन्दुकचाहिँ कब्जा गरियो, शत्रुको इलाकाभित्र लगियो र त्यहाँबाट फेरि फर्केर आयो। परमेश्वरले पलिस्तीहरूको बीचमा आफ्नो आदर कायम राख्नुहुनेथियो (१ शमूएल ५); तर इस्राएलीहरूको बीचमा हुँदा उहाँले तिनीहरूको रक्षा गर्नुहुनेथिएन; किनभने तिनीहरूले उहाँलाई आदर गर्न छोड़ेका थिए। जब तिनीहरू एबेन-एजरमा पलिस्तीहरूको विरुद्धमा लड़ाइँ गर्न निस्के, तब तिनीहरूले चार हजार मानिसहरू गुमाए। लड़ाइँमा हारको ज्वार फर्काउने प्रयासमा बूढ़ा प्रधानहरूले शीलोबाट करारको सन्दुक छाउनीमा ल्याए।

**१ शमूएल ४:५-११:** यो सन्दुक देखेर इस्राएली मानिसहरू असाध्यै रमाए, तर पलिस्तीहरू असाध्यै डराइरहेका थिए; किनभने उनीहरू परमप्रभुको यशसित सुपरिचित थिए। तर उनीहरूले एक-अर्कालाई उत्साह दिँदै फेरि एक पल्ट लड़ाइँमा जुधे। उनीहरूलाई अचम्म के लाग्यो भने, इस्राएली जातिको सेना भाग्यो, र तीस हजार पैदल सिपाहीहरू मारिए; पूजाहारीहरू होप्नी र पीनहास मारिए, र त्यो सन्दुक कब्जा गरियो।

**१ शमूएल ४:१२-२२** जब कुनै सन्देशवाहक दगुरेर शीलोमा फर्केर आयो र उसले एलीलाई करारको सन्दुक कब्जा गरिएको खबर सुनायो, तब वृद्ध पूजाहारी आफू बसेको कुर्सीबाट पछिल्तिर लड़े, र

उनको गर्दन भाँच्यो, र उनी त्यहीं मरे। ससुराको मृत्यु भएको नराम्रो खबरले गर्दा पीनहासकी पत्नीलाई सुत्केरी व्यथा लाग्यो, र सुत्केरी हुँदा तिनको मृत्यु भयो। परमप्रभुको सन्दुक पलिस्तीहरूको हातमा परेको खबरले तिनलाई जति प्रभाव पाऱ्यो, आफ्नो ससुराको र आफ्नो पतिको मृत्युको खबरले तिनलाई त्यति असर परेको देखिएन। जब तिनी मरिन्, तब तिनले 'हाय, इस्राएलबाट महिमा लगियो-लगियो' भन्दै आफ्नो नवबालकको नाम इकाबोद राखिन्, जसको शाब्दिक अर्थ 'महिमा नभएको' वा 'अमहिमित' हो।

### आ) १ शमूएल ५ः वाचाको सन्दुकको शक्ति प्रकट भएको

**१ शमूएल ५ः१-५ः** पलिस्तीहरूले परमेश्वरको करारको सन्दुक एबेन-एजरबाट अश्दोदमा ल्याए र दागोनको मन्दिरमा राखे, जोचाहिँ पलिस्तीहरूको राष्ट्रिय देवता थियो। दागोनचाहिँ बाल देवताको बुबा मानिन्थ्यो, जुन बाल देवताको बारेमा हामी पवित्र धर्मशास्त्र बाइबलमा घरिघरि पढ्छौं। पलिस्तीहरूले त्यो सन्दुक दागोनको मूर्तिको छेवैंमा राखे, तिनीहरूको विचारमा, परमप्रभुको सन्दुक र दागोनको मूर्तिको बीचमा कुनै भिन्नता थिएन। तर जब तिनीहरू बिहान दागोनको मन्दिरमा फर्के, तब तिनीहरूले दागोनको मूर्ति परमप्रभुको सन्दुकको सामु लड़िरहेको भेट्टाए। यो परमप्रभुको काम थियो। तर यस घटनाको महत्त्व नबुझेर तिनीहरूले दागोनको मूर्ति परमप्रभुको सन्दुकको छेउमा फेरि खड़ा गरे। तर भोलिपल्ट बिहान यी दुईको बीचमा को बलियो हुनुहुँदो रहेछ, सो कुरा सुस्पष्ट भयो; किनभने दागोनको टाउको र त्यसका दुईवटा हातहरू भाँचिएका थिए। दागोन देवता साँच्ची नै ईश्वर भएको भए त्यसले आफ्नो रक्षा आफूले गर्न सक्नेथियो। दागोनलाई आफ्नो देवता मान्ने त्यसका अनुयायीहरूले कहिल्यै यो सत्य तथ्य स्वीकार गरून्? यो सत्य स्वीकार गर्नुको सट्टामा तिनीहरूले बरु 'दागोनको मन्दिरको संघारमाथि टेक्नुहुँदैन' भन्ने अन्धविश्वासको नियम बनाए। इस्राएलका परमेश्वरसँगको भिड़न्तमा दागोनको नतिजा राम्रो भएन। बितेको समयमा शिमसोनले गाजामा रहेको त्यसको मन्दिर ध्वस्त पारिदिएका थिए; त्यस बेलामा परमेश्वरले उनलाई पलिस्तीहरूका शासक र कुलीनहरूमाथि सम्पूर्ण भवन ढालिदिने शक्ति दिनुभयो (न्यायकर्ता १६)। अनि अहिलेचाहिँ? यसपालि मूर्तिहरूमा कुनै बुद्धि छैन, न ता शक्ति छ, सो कुरा स्पष्ट रूपले देखाउँदै परमप्रभु आफूले दागोनको मूर्ति अपाङ्ग बनाइदिनुभयो। यहाँ दागोनको टाउको त्यसको बुद्धि र त्यसका हातहरूले त्यसको शक्ति सङ्केत गरेका छन्।

**१ शमूएल ५ः६-९ः** पलिस्तीहरूको मूर्ति मात्र परमप्रभुको प्रहार परेन, तर अश्दोदका मानिसहरू आफूले परमप्रभुको क्रोधको प्रकोप अनुभव गर्नुपऱ्यो; तिनीहरूमा भ्रम र गड़बड़ी आयो, तिनीहरूमा गिर्खाहरू वा ट्यूमरहरू निस्के, तिनीहरूले अकालिक मृत्युको सामना गर्नुपऱ्यो। हताश भएर पलिस्तीहरूले परमप्रभुको सन्दुक आफ्नो अर्को ठूलो शहर गातमा सार्ने निर्णय गरे। अनि यहाँ फेरि पनि ट्यूमरहरूले पुरुषहरूलाई सताएका थिए।

**१ शमूएल ५ः१०-१२ः** जब परमप्रभुको सन्दुक एक्रोनमा पठाइयो, तब त्यहाँका मानिसहरू अत्यन्तै डराए; तिनीहरूको डर ठिक्कै पनि थियो; किनकि एउटा घातक विनाशबाट धेरैजना मारिए। अनि जुन मानिसहरू मरेनन्, ती मानिसहरूमा गिर्खाहरू निस्के। यसकारण तिनीहरूले परमप्रभुको सन्दुक इस्राएलमा फिर्ता पठाइदिन आग्रह गरे।

**इ) १ शमूएल ६-७ः वाचाको सन्दुक फर्काइएको**

**१ शमूएल ६ः१-६ः** सात महिनाको छोटो अवधिमा पलिस्तीहरूले परमप्रभुको सन्दुकको उचित डर मान्न सिकेका थिए। तिनीहरूले यो सठीक तरिकाले इस्राएलकहाँ फिर्ता गर्न चाहन्थे; किनकि तिनीहरूले अर्को न्यायबाट उम्कन खोजे। यसकारण तिनीहरूले आफ्ना पूजाहारीहरू र जोखना हेर्नेहरूसँग परामर्श लिए। यिनीहरूले पाँचवटा सुनका ट्यूमरहरू र पाँचवटा सुनका मुसारूपी दोषबलिसित यो सन्दुक फिर्ता गर्ने सुझाउ दिए। यी जातिहरूको बीचमा आफ्ना देवताहरूको क्रोध हटाउने र क्षतिपूर्ति गर्ने चलन यस प्रकारको थियोः तिनीहरूको बीचमा जुन चीज तिनीहरूले दैवीय प्रकोप मानेका थिए, त्यही चीजको प्रतिमूर्ति बनाएर तिनीहरूको क्षतिपूर्ति गर्ने भेटी हुन्थ्यो। तब मुसाहरूको सन्दर्भ आयो। बाइबलका विद्वान्हरूको विचारमा, जुन महामारीले यी शहरहरूलाई सतायो, त्यो महामारी त 'बुबोनिक प्लेग' पो भएछ, जुन महामारी मुसाहरूमा भएका उपियाँहरूद्वारा फैलाइन्छ। तिनीहरूका पूजाहारीहरूले पलिस्ती मानिसहरूलाई मिस्र देशको दुर्भाग्यको सम्झना दिलाए; किनकि मिस्रीहरू परमप्रभुको भारी प्रकोपमा परे। यिनीहरूले तिनीहरूलाई 'मिस्रीहरू र फाराओले गरेझैं आफ्ना हृदयहरू कठोर नपार, तर यो सन्दुक यसको सही ठाउँमा फर्काउने हर प्रकारले प्रयास गर' भन्ने आग्रह गरे।

**१ शमूएल ६ः७-१२ः** यी पलिस्ती पूजाहारीहरूले आफ्ना मानिसहरूमाथि आइपरेका घटनाहरू परमप्रभुको न्याय हुन्, संयोगको फल होइनन् भन्ने कुरामा सुनिश्चित हुन चाहन्थे। यसकाण यिनीहरूले ईश्वरीय हस्तक्षेपको पक्का प्रमाण पाउने गरी यो सन्दुक फिर्ता गर्ने यात्राको एक-एक बुँदा व्यवस्थित गरे। यिनीहरूको मागअनुसार यो सन्दुक बोक्ने गाड़ी तान्नलाई दुईवटा दुहुना गाईहरू हुनुपर्छ, जसका ससाना दूधे बाछाहरू थिए। किनकि दुहुना गाईहरूले आफ्ना बाछाहरूलाई छोड़िजानुचाहिँ अस्वाभाविक ठहरिन्थ्यो, सारा प्राकृतिक प्रवित्तिको विरुद्ध हुन्थ्यो। ती गाईहरू कहिल्यै जुवामा नारिएका थिएनन्, तैपनि दाहिने-देब्रे कतै नलागी तिनीहरूले एकैसाथ त्यो गाड़ी ताने। तिनीहरूलाई निर्देशन नदिए पनि ती गाईहरू सीधै यहूदाको इलाकामा रहेको बेत-शेमेशतिर लागे।

**१ शमूएल ६ः१३-१८ः** यो सन्दुक बेत-शेमेशको नजिक आइपुगेको बेलामा त्यसका मानिसहरूले गहुँको कटनी गरिरहेका थिए। यो कस्तो अनौठो दृश्य थियो ! ! गोठालाविनाका दुईवटा गाईहरूले परमेश्वरको सन्दुक इस्राएलमा फिर्ता ल्याएको, कसरी, अँ, कसरी ? त्यहाँ ठूलो हर्षोल्लास भयो। गाड़ीको काठ आगोको निम्ति दाउरा भयो, र यी गाईहरू परमप्रभुको निम्ति होमबलिको रूपमा चढ़ाइए। यो सन्दुक र दोषबलि हालिएको त्यो बाकस उतारियो र एउटा ठूलो ढुङ्गामाथि राखियो।

बेत-शेमेशका गाईहरूको वृत्तान्तमा हाम्रो निम्ति कुनै आत्मिक अनुरूप, कुनै सदृश छ। जब ख्रीष्ट येशूका मिसनेरीहरूले घरपरिवार छोड़ेर प्रभुले तिनीहरूलाई जहाँ-जहाँ डोऱ्याउनुहुन्छ, त्यहाँ-त्यहाँ प्रभुको सन्देश बोक्छन्, तब तिनीहरू दायाँ-बायाँ कतै लाग्दैनन्। अनि अइसाई मानिसहरू प्रभु येशूको बारेमा सुन्न पाएकोमा यिनीहरू रमाउँछन्। यी मिसनेरीहरू सेवा र बलिदानको लागि तयार हुन्छन्।

**१ शमूएल ६ः१९-२१ः** तर बेत-शेमेशका मानिसहरूले परमप्रभुको सन्दुकलाई पवित्र मानेनन्; किनकि तिनीहरूले सन्दुकभित्र हेरे।

परिणाम-स्वरूप परमेश्वरले तीमध्ये पचास हजार सत्तरी जनालाई प्रहार गर्नुभयो। यो सन्दुक आफ्नो माझमा रहिरहने डरले मानिसहरूले किर्यत-यारीमका मानिहरूकहाँ सन्देशवाहकहरू पठाए र तिनीहरूलाई यो सन्दुक लैजाओ भन्ने आग्रह गरे। (बेत-शेमेशमा ५०,०७० जना मानिसहरू थिए भन्ने कुरामा शङ्का छ। श्री जोसेफुस[6], श्री कैल र श्री डेलिज[7] र अन्य धेरै अधिकार-वर्ग के भन्छन् भने, यस ठाउँमा खास सङ्ख्या केवल 'सत्तरीजना मानिसहरू' हुनुपर्ला; किनकि हिब्रूका धेरै पाण्डुलिपिहरूमा पचास हजार भन्ने शब्द छैन।)

**१ शमूएल ७ः१-६ः** यस सिलसिलामा यो सन्दुक किर्यत-यारीममा अबिनादाबको घरमा ल्याइयो, जहाँ यो सन्दुक बीस वर्षसम्म रहिरह्यो। तब शमूएल अगाड़ि सरे, र उनले मानिसहरूलाई आग्रह गरेः 'परमेश्वरले तिमीहरूलाई पलिस्ती दमनकारीहरूबाट छुटकारा दिनु हो भने तिमीहरू परमप्रभुकहाँ फर्कनुपर्छ।' तब मूर्तिहरू त्यागिए र फालिए, अनि सारा इस्राएली जाति मिस्पामा शमूएलकहाँ भेला भयो। त्यहाँ तिनीहरूले परमप्रभुको सामु उपवास बसेर पश्चात्ताप गरे। जमिनमाथि पानी खन्याएर तिनीहरूले आफ्नो पश्चात्ताप प्रकट गरे।

**१ शमूएल ७ः७-१४ः** इस्राएलीहरू मिस्पामा भेला भएको कुरा सुनेर र तिनीहरूको भेला हुनुचाहिँ विद्रोह सम्झेर पलिस्तीहरूले आक्रमण गरे। तब लड़ाइँको लागि तयार नभएका इस्राएलीहरू साह्रै डराए। जब तिनीहरूले शमूएलसँग 'हाम्रो निम्ति अन्तर्विन्ती गर' भन्ने अनुरोध गरे, तब उनले सर्वाङ्ग होमबलि चढ़ाए र तिनीहरूको निम्ति प्रार्थना गरे। (१ इतिहास २३ः२६-३१ पदको खण्डअनुसार लेवीहरूले होमबलि चढ़ाउन सक्थे जस्तो देखिन्छ)। फलस्वरूप परमेश्वरले ठूलो गर्जनले शत्रुमाथि गर्जनुभयो र चमत्कारपूर्ण ढङ्गले पलिस्ती सेनालाई पूरा परास्त गर्नुभयो, र इस्राएलले जित्यो। कृतज्ञतामा शमूएलले एउटा ढुङ्गा लिएर त्यो एउटा स्मारकको रूपमा खड़ा गरे र त्यसको नाम 'एबेन-एजर' राखे, जसको अर्थ 'सहायताको ढुङ्गा' हो। १ शमूएल ७ः१३ पदमा जे लेखिएको छ, त्यो हामी अस्तायी विजयको रूपमा बुझ्नुपर्छ; यो कुरा यस पदको अन्तिम भाग र १ शमूएल ९ः१६ पदबाट स्पष्ट बुझिन्छ। यस समयमा कब्जा गरिएको केही इलाका इस्राएलीहरूकहाँ फिर्ता भयो, र इस्राएल जातिले आफ्ना छिमेकी-हरूसित केही समयको लागि शान्तिसँग बस्न पायो।

**१ शमूएल ७ः१५-१७ः** यस समयपछि शमूएल विभिन्न अड्डाहरूमा घुम्ने न्यायकर्ता बने, जो इस्राएलका शहरहरूमा यात्रा गर्दै र परमप्रभुको व्यवस्थाअनुसार न्यायका फैसलाहरू गर्दै रहे। उनी आफ्नो बुबाको घर रामामा बस्थे, र उनले त्यहाँ एउटा वेदी निर्माण गरे। उनी किन हालैमा नोबमा रहेको परमप्रभुको वेदीमा फर्केनन्, र उनले किन अबिनादाबको घरमा यो सन्दुक रहन दिए, सो हामीलाई भनिएको छैन। तर बुझ्नुहोस्ः यी दिनहरू अनियमितताका दिनहरू थिए; अनि धेरै कामकुराहरू चालू थिए, जुन कामकुराहरू परमेश्वरले सहनुहुन्थ्यो, तर ती कुराहरू खास उहाँको मूल विचार र इच्छाअनुसार थिएनन्।

पहिलो शमूएलको पुस्तकको सात अध्यायचाहिँ जागृतिको विषयमा लेखिएको अध्याय हो। पहिले परमेश्वरले शमूएल नाम गरेका एकजना व्यक्तिलाई उठाउनुभयो, जसले मानिसहरूलाई पश्चात्ताप गर्ने, पाप स्वीकार गर्ने र शुद्ध हुने आह्वान दिए। शमूएलले मानिसहरूको निम्ति गरेको अन्तर्विन्तीचाहिँ होमबलिको पाठोको रगत-माथि आधारित थियो, जुन होमबलिको पाठो

गल्गथामा बलि हुनुभएको परमेश्वरको थुमाको पूर्व-प्रतीक थियो। अनि त्यसपछि विजय आयो। यी कदमहरू कुनै व्यक्ति विशेषको निम्ति लागू हुने जागृति, साथै कुनै जातिको जागृतिको निम्ति अनिवार्य चरणहरू हुन्।

### च) १ शमूएल ८-९: राजाको माग र तिनको चुनाउ

**१ शमूएल ८:१-५:** आफ्नो बुढ़ेसकालमा शमूएलले आफ्ना दुई छोराहरूलाई न्याय-कर्ताको रूपमा नियुक्त गर्ने प्रयास गरे। तर यिनीहरू घुस लिने र न्याय बिगार्ने दुष्ट मानिसहरू थिए। अगाड़ि एलीले गरेजस्तै अहिले पनि शमूएलले आफ्ना छोराहरूलाई यिनीहरूका दुष्ट मार्गहरूबाट फर्काउन सकेनन्, र यही कारणले उनको घराना पनि अस्वीकार गरियो। इस्राएलका बूढ़ा प्रधान-हरूले योएल र अबियाहलाई स्वीकार गर्न मानेनन्। तिनीहरूले बरु यिनीहरूको सट्टामा अरू देशहरूको जस्तै एकजना राजा चाहे।

**१ शमूएल ८:६-१८:** यस सम्बन्धमा परमेश्वरको अभिप्राय के थियो ? उहाँ स्वयम् इस्राएलको राजा हुन चाहनुहुन्थ्यो। उहाँका जनहरू पवित्र हुनुपर्छ, पृथ्वीमा भएका अरू सबै जातिहरूजस्तो होइन। तर तिनीहरूचाहिँ फरक हुन चाहँदैनथिए; तिनीहरू संसारको ढाँचामा चल्न चाहन्थे। यस्तो अनुरोध सुनेर शमूएल दुःखित भए; तर परमप्रभुले उनलाई तिनीहरूको मागअनुसार गर्नू भन्ने आदेश दिनुभयो। किनकि वास्तवमा तिनीहरूले भविष्यवक्ता शमूएललाई होइन, तर परमप्रभुलाई पो अस्वीकार गरेका थिए। मानिसहरूको इच्छामा आफूलाई सुम्पिँदा पनि शमूएलले तिनीहरूलाई गम्भीर रूपले विरोध गर्नुपर्नेथियो र तिनीहरूलाई भावी राजाको व्यवहारको बारेमा चेताउनी दिनुपर्नेथियो। छोटकारीमा भन्नु हो भने, भावी राजाले जनतालाई गरिब बनाएर आफूलाई पो धनी तुल्याउनेथिए। तिनले तिनीहरूका जवान मानिसहरू र युवतीहरूलाई सेनामा भर्नेथिए र घरेलु काममा लगाउनेथिए, र यसो गरेर यिनीहरूलाई आफ्ना दासदासी बनाउनेथिए। हो, परमेश्वरले व्यवस्थामा राजाको शासनका नियमहरूको निम्ति प्रबन्ध गरिदिनुभएको थियो (व्यवस्था १७:१४-२०)। तर उहाँ स्वयम् तिनीहरूको राजा हुनु नै उहाँको सिद्ध इच्छा थियो (१ शमूएल ८:७ र १२:१२)। तब व्यवस्थाको पुस्तकमा प्रस्तुत गरिएका नियमहरूको विषयमा कसो हो? यी नियमहरूद्वारा राजसत्ता अपनाउँदा अवश्य हुने खराबीमा लगाम लगाउनु थियो।

**१ शमुएल ८:१९-२२:** शमूएलको मुखबाट यो चेताउनी सुनेर पनि मानिसहरूले आफ्नो मागमा सुदृढ़ रहँदाखेरि परमप्रभुले शमूएललाई 'तिनीहरूको मागअनुसार गर्नू र तिनीहरूको लागि एकजना राजा नियुक्त गर्नू' भन्नभयो। त्यसपछि भविष्यवक्ता शमूएलले मानिसहरूलाई घरमा पठाए। अब चाँड़ै तिनीहरूले आफ्नो राजा पाउनेछन्।

**१ शमूएल ९:१-१४:** अब हाम्रो ध्यान कीशका छोरा शाऊलमाथि खिचिन्छ, जो बिन्यामिनी मानिस थिए। आफ्ना बुबाका गधाहरू खोज्दै गर्दा तिनी र तिनका सेवकले नजिकको शहरमा बसेका परमेश्वरका जनको मुखबाट 'यी पशुहरू कहाँ छन्?', सो सोधपुछ गर्ने निर्णय गरे। आफ्नो हातमा एउटा सानो उपहार लिएर जब तिनीहरू त्यस शहरको नजिकमा आइपुगे, तब तिनीहरूले केही युवतीहरूबाट थाहा गरे कि तिनीहरूले खोजिरहेका दर्शी त्यही दिनमा एउटा धार्मिक कार्यक्रममा उपस्थित हुने रहेछन्। तिनीहरूले हतार गरे र आफूले खोजेका मानिसलाई भेट्टाए। भविष्यवक्ता शमूएलले शाऊललाई पनि खोजिरहेको कुरा शाऊललाई के थाहा!

**१ शमूएल ९:१५-२१:** किनकि अघिल्लो दिनमा परमप्रभुले शमूएललाई 'राजा हुनुपर्ने मानिस म तिमीसित भेट गराइदिनेछु' भन्ने प्रतिज्ञा गर्नुभएको थियो। अनि अबचाहिँ ती मानिस शाऊल हुँदा रहेछन् भन्ने कुरा उनीकहाँ प्रकट भयो। तर भविष्यवक्ता शमूएलले यो कुरा शाऊललाई तुरुन्तै भनेनन्। पहिले उनले तिनलाई भोजमा निम्तो दिए। 'उच्च स्थान' भन्नाले आराधनाको लागि छुट्ट्याइएको ठाउँ बुझिन्छ, सामान्य अर्थमा मूर्तिहरूको पूजास्थल वा थान बुझिन्थ्यो। तर यहाँ, यस ठाउँमा यो उच्च स्थान परमप्रभुको आराधना गर्ने स्थल थियो। त्यसपछि शमूएलले शाऊल, ती अग्ला, सुन्दर बिन्यामिन कुलको मानिसलाई 'भोलि बिहान म तिमीलाई एउटा महत्त्वपूर्ण खबर सुनाउनेछु' भनेर भने। शाऊल किन आए, यसको बारेमा कुनै जानकारी नदिईकन शमूएलले तिनलाई 'तिमीले खोजिरहेका गधाहरूको विषयमा सुर्ता नगर, ती गधाहरू भेट्टाइएका छन्' भनेर भने। केही जाबा गधाहरूचाहिँ के हुनेथिए र, जब उनले इस्राएलमा चाह गर्न सक्ने सबै कुराहरू चाँड़ै पाउनेछन्? यो कुरा सुनेर शाऊलको प्रतिक्रिया कति नम्र थियो! हो, बिन्यामिन कुल इस्राएली जातिको सबैभन्दा सानो कुल थियो। विगत समयमा तिनीहरूको घोर दुष्टताले गर्दा तिनीहरूको सङ्ख्या घटेर छ सयजना मात्र भएको थियो (न्यायकर्ता २०)।

**१ शमूएल ९:२२-२७** भोजमा शाऊललाई मुख्य अतिथिको सम्मानको स्थान दिइयो, र उनलाई मासुको सबैभन्दा उत्तम भाग खुवाइयो। अनि यस साँझमा शमूएलले उनीसँग लामो समयसम्म बातचित गरे। भोलिपल्ट जब शाऊल यस शहरबाट निस्किरहेका थिए, तब शमूएलले उनलाई एकक्षण रोकिराखेर उनलाई उनको विषयमा परमेश्वरको वचन सुनाइदिए।

# खण्ड २

# १ शमूएल १०-१५:

## शाऊल अस्वीकार नभएसम्म तिनको शासन

**क) १ शमूएल १०-११: शाऊलको अभिषेक र पुष्टीकरण**

**१ शमूएल १०:१-१०:** तब एकान्तमा शमूएलले शाऊलको शिरमाथि तेल खन्याएर उनलाई इस्राएलको शासकको रूपमा अभिषेक गरे। हारूनको पूजाहारीगिरी पनि अभिषेकद्वारा स्थापित गरिएको थियो (लेवी ८:१२), र अब पहिला राजालाई पनि यही किसिमले अभिषेक गरिएको थियो। उनको सार्वजनिक संस्कार पछि हुनेथियो। त्यसपछि परमप्रभुको वचन पुष्टि गर्न शाऊललाई तीनवटा चिन्हहरू दिइए: **क)** दुईजना मानिसहरूले राहेलको चिहानमा उनलाई भेट्नेछन् र उनका बुबाका गधाहरू फेला परेको कुरा उनलाई सुनाउनेछन्। **ख)** बेतएल जाने बाटोमा ताबोरको फलाँटनिर तीनजना मानिसहरूले उनलाई भेट्नेछन् र उनलाई दुईवटा रोटी दिनेछन्। **ग)** जब उनी परमेश्वरको डाँड़ामा आइपुग्नेछन् र भविष्य-वक्ताहरूको एक दललाई भेट्नेछन्, तब परमप्रभुको आत्मा उनीमाथि आउनुहुनेछ, र उनले भविष्यवाणी गर्नेछन्।

**१ शमूएल १०:७-९:** यी तीनवटा चिन्हहरू पूरा भएपछि शाऊल गिल्गालमा

जानु थियो र त्यहाँ उनले सात दिनसम्म शमूएलको निम्ति पर्खिनुपर्नेथियो, जो त्यहाँ आउन र बलिदानहरू चढ़ाउन लागेका थिए। १ शमूएल १०:२-६ पदको खण्डमा उल्लेख गरिएका चिन्हहरू एकै दिनमा पूरा भए। तर गिल्गालमा घटेका घटनाहरू पछि घटे (१ शमूएल १३:७-१५)।

१ शमूएल १०:९ पदबाट शाऊलको मन साँच्चै परिवर्तन भएको निष्कर्षमा पुग्नुहुँदैन। वास्तवमा उनी शरीरअनुसार जिउने मानिस थिए। उनको पछिको जीवनले यो स्पष्ट रूपमा देखाउँछ। परमेश्वरका मानिसहरूको शासकको रूपमा उनी परमेश्वरको आत्माद्वारा यस उच्च पदको निम्ति उचित सजिसजाय प्राप्त मानिस भएका थिए, तर उनले परमेश्वरलाई व्यक्तिगत रूपले चिन्दैनथिए, न ता उनीसँग मुक्ति दिलाउने विश्वासै थियो। अर्को शब्दमा भन्न हो भने, उनी परमेश्वरको रोजाइअनुसार उहाँको पदाधिकारी त थिए, तर हाम्रो रायअनुसार उनी साँचो विश्वासी थिएनन्।[8)]

**१ शमूएल १०:१०-१६:** भविष्य-वक्ताहरूचाहिँ समर्पित र जोसिला जनहरू थिए। यसकारण शाऊलले तिनीहरूको बीचमा भविष्यवाणी गरेको देखेर मानिसहरू छक्क परे। यस कुराले लोकोक्तिलाई जन्म दियोः 'के शाऊल पनि भविष्यवक्ता-हरूमध्येका हुन्?' अनि यो आश्चर्य व्यक्त गर्ने एउटा सामान्य आहान बन्यो। किनकि यस उक्तिद्वारा शाऊलजस्तै मानिस कसरी आफ्नो चरित्र र कलादेखि बाहिरको क्रिया-कालापमा संलग्न हुन सके, यसको विषयमा आफ्नो आश्चर्य प्रकट गरियो। हामीले अपेक्षा गरेझैं शाऊलका बुबा होइन, तर शाऊलका काकाले शमूएलसँगको उनको छलफल के भएको थियो, सो जान्न खोजे। शाऊलले तिनलाई शमूएलसँगको भेटको विषयमा त बताए, तर सुटुक्क आफू राजाको रूपमा अभिषेक भएको कुराचाहिँ खुलास्त पारेनन्।

**१ शमूएल १०:१७-१९:** यस समयभित्र शमूएलले राजाको नियुक्ति भएको घोषणा गर्न मानिसहरूलाई मिस्पामा भेला गरे। त्यो घोषणा गर्नुभन्दा अघि उनले तिनीहरूलाई 'तिमीहरूको राजाको मागचाहिँ तिमीहरूलाई मिस्र देशबाट निकालेर प्रतिज्ञाको देशमा ल्याउनुभएको परमेश्वरलाई अस्वीकार गरेको बराबर हो' भनेर फेरि एक पल्ट सम्झाए। जब शाऊललाई चुनियो, तब उनी कि त नम्रताले गर्दा, कि त डरको कारणले लुकेका थिए। शाऊल किन डराएका थिए, यस समबन्धमा श्री म्याथ्यू हेनरीले निम्न चारवटा कारणहरू पेश गरेका छन्ः

> '**क)** कि त उनी आफै यतिको भरोसाको योग्य नभएको महसुस भए। **ख)** कि त यसो हुँदा उनी उनको कुभलो चिताउने उनका छरछिमेकीहरूको डाहाको पात्र र तारो बन्नेथिए कि? **ग)** कि त हुन सक्छ, शमूएलले भनेको कुराबाट उनले यो बुझे कि मानिसहरूले राजाको माग गरेर पाप गरेका थिए, र परमेश्वरले आफ्नो क्रोधमा तिनीहरूको अनुरोध मञ्जुर गर्नुभयो। **घ)** किनकि त्यस बेलाको इस्राएलको अवस्था राम्रो थिएनः पलिस्तीहरू प्रबल थिए, अनि अम्मोनीहरूले धम्की दिइरहेका थिए; तब आँधीबेह्री चल्दा समुद्र-यात्रा शुरु गर्ने मानिस निक्कै साहसी हुनुपर्नेथियो।'[9)]

**१ शमूएल १०:२०-२७:** शाऊललाई अगाड़ि ल्याइयो र मानिसहरूको सामु तिनीहरूका राजाको रूपमा प्रस्तुत गरियो। सारा इस्राएलमा उनीभन्दा राम्रो शरीरको बान्की भएको कुनै मानिस नै थिएन। अनि केही शूरवीर मानिसहरू शाऊलसँग लागे, र उनलाई गिबामा भएको उनको घरसम्म साथ दिए। तर सबैजनाले नयाँ राजालाई स्वीकार

गरेनन्। तर आफ्ना विरोधीहरूको सामु चुप लागेर शाऊलले बुद्धिमानीसाथ काम गरे।

**१ शमूएल ११ः१-५ः** याबेश-गिलादचाहिँ गाद कुलको इलाकामा अवस्थित भएको, यर्दन नदीको पूर्वपट्टिको एउटा शहर थियो। जब इस्राएलको दक्षिणपूर्वमा बस्ने छिमेकी जाति अर्थात् अम्मोनीहरूले त्यो शहर घेरा हाले, तब त्यसका बासिन्दाहरूले आत्म-समर्पणका सर्तहरू मागे। तर अम्मोनीहरूका राजा नाहाशले तिनीहरू सबैको दाहिने आँखा निकालिदिएर तिनीहरूलाई अपाङ्ग बनाउने र इस्राएलको निम्ति निन्दाको पात्र तुल्याउने इच्छा गरे। अचम्मको कुरा के थियो भने, अम्मोनीहरूले याबेशका बूढ़ा प्रधानहरूलाई सहायता बोलाइपठाउने अनुमति दिए। हुन सक्छ, त्यस बेलामा नाहाश आफै लड़ाइँको निम्ति पूरा रूपले तयार थिएनन् कि ? अथवा सायद इस्राएलका बाँकी भाग मानिसहरूले याबेश-गिलाद शहर मद्दत गरेकोबाट तिनलाई डर लागेन कि ? गिबामा सन्देशवाहकहरूलाई पठाइयो, जहाँ शाऊलले बारीमा काम गरिरहेका थिए। अब उनको निम्ति उठेर इस्राएलका नयाँ राजा आफूलाई प्रमाणित गर्ने समय आएको थियो।

**१ शमूएल ११ः६-११ः** उनले एक हल गोरुलाई पक्रेर तिनलाई टुक्राटुक्रा पारे; कत्रो वस्तुनिष्ठ पाठ ! ! यसरी नै शाऊलले आफ्नो जातिका मानिसहरूलाई हातहतियार भिर्ने आह्वान दिए। परमप्रभुको डरले मानिस-हरूलाई छोप्यो। अनि इस्राएल र यहूदा मिलेर बेजेकमा तीन लाख तीस हजार बलिया मानिसहरू जम्मा भए, जो रातभरि हिँड़ेर याबेश-गिलादमा आइपुगे, जहाँ तिनीहरूले अम्मोनीहरूलाई पूरा परास्त गरे।

**१ शमूएल ११ः१२-१५ः** विजयको उमङ्गले लट्ठिएका मानिसहरूले अघि शाऊललाई राजाको रूपमा स्वीकार नगर्नेहरूलाई मार्न चाहे। तर शाऊलले बुद्धिमानीपूर्वक तिनीहरूलाई रोकिदिए। परमप्रभुले विजय दिनुभएको कुरा उनको निम्ति पर्याप्त थियो। त्यसपछि शमूएलले गिल्गालमा एउटा आम-सभा बोलाए, र राष्ट्रको स्तरमा शाऊलको राज्यको नवीकारण भयो। यसपालि कुनै विरोध भएन। गिल्गालको आत्मिक अर्थ आत्मिक नवीकारण हो (यहोशू ५ः९)।

### ख) १ शमूएल १२ः शमूएलले मानिस-हरूलाई हप्की र चेताउनी दिएको

**१ शमूएल १२ः१-१३ः** गिल्गालमा राज्यको नवीकरणको समारोह सकेपछि शमूएलले सारा इस्राएलसँग कुरा गरे। पहिले उनले तिनीहरूलाई न्यायकर्ताको रूपमा आफ्नो इमानदार सेवकाइको विषयमा सम्झना दिलाए। कसैले पनि उनीमाथि अन्यायको आरोप लगाउन सकेन। तर राजाको माग गर्दा इस्राएली जातिले यस प्रकारको शासन र आफूमाथि परमेश्‍वरको अधिकार अस्वीकार गरेको थियो। विगत दिनहरूमा परमप्रभु तिनीहरूप्रति दयालु हुनुहुन्थ्यो; किनकि तिनीहरूलाई आवश्यक परेको बेलामा उहाँले तिनीहरूको निम्ति उद्धारकर्ताहरूलाई खड़ा गर्नुभएको थियो। १ शमूएल १२ः११ पदमा जुन 'बेदान'को नाम उल्लेख छ; हुन सक्छ, त्यस 'बेदान'-नामले सम्भवतः बाराकलाई बुझाउँछ, जसरी एन.के.जे.वि.को पृष्ठको किनारमा, अनि सेप्टुवाजिन्ट र अरामी संस्करणहरूले अनुवाद गरेका छन्।[10] शमूएलले आफूलाई मोशा-बाट शुरु भएका उद्धारकर्ताहरूको कालबद्ध सूचिमा राखे। तर विगत समयमा तिनी-हरूलाई देखाइएका दयाहरूको विषयमा इस्राएली जाति कृतघ्न थियो, र 'हामी एउटा राजा पाऔं' भनेर तिनीहरूले यसको निम्ति आवाज उठाए। परमप्रभुले आफ्ना न्याय-कर्ताहरूमार्फत काम गर्नुभएको कुरा

तिनीहरूको लागि पर्याप्त थिएन; तब उहाँले तिनीहरूलाई शाऊल दिनुभयो।

**१ शमूएल १२:१४-१८:** राजाको माग गरेर तिनीहरूले ठूलो पाप गरेका थिए। तर तिनीहरूले परमप्रभुको आज्ञापालन गरेका भए अहिले पनि उहाँले तिनीहरूलाई आशिष दिनुहुनेथियो। तर होइन भने, तिनीहरूले उहाँको क्रोध चाख्नुपर्नेथियो। तब शमूएलले परमेश्वरले तिनीहरूलाई एउटा गम्भीर प्रमाण दिऊन् भन्ने हेतुले ठूलो मेघगर्जनको निम्ति प्रार्थना गरे। यो परमेश्वरबाटको पक्का चिन्ह थियो; किनभने यस प्रकारको मेघगर्जनचाहिँ गहुँको फसलको समयमा विरलै हुन्थ्यो, र मौसम-अनुकूल थिएन, अनि यो त केवल प्रकृतिको खेल हो भन्न सक्नको निम्ति कुनै ठावैं थिएन। निश्चय नै यो त बिलकुल शमूएलको प्रार्थनाको समयोचित उत्तर थियो।

**१ शमूएल १२:१९-२५:** मानिसहरूलाई ठूलो डरले छोप्यो, र तिनीहरूले शमूएललाई 'हाम्रो लागि प्रार्थना गरिदिनुहोस्' भनेर विन्ती गरे। उनको प्रार्थनाले न्याय ल्यायो; त्यसले दया पनि ल्याउन सक्छ। यसको प्रतिउत्तरमा उनले तिनीहरूलाई यसो भन्दै चेताउनी दिए: 'परमप्रभुलाई पछ्याउनदेखि नहट! न्यायबाट उम्कने एकमात्र उपाय यही हो।' उनको विषयमा कुरा यस्तो थियो: उनले तिनीहरूको लागि प्रार्थना गर्न रोक्नेथिएनन्; नत्र यो उनको निम्ति पाप ठहरिनेथियो। तब हामी बुझौं: प्रार्थनाको अभाव लापरवाही मात्र होइन, तर पाप पो हुँदो रहेछ। शमूएलको यस महत्त्वपूर्ण भनाइबाट यो स्पष्ट बुझिन्छ।

## ग) १ शमूएल १३-१५: शाऊलको अनाज्ञाकारिता र अस्वीकार

### अ) १ शमूएल १३: शाऊलको पाप ठहरिएको बलिदान

**१ शमूएल १३:१:** यस अध्यायको पहिलो पदको विषयमा सुस्पष्ट समस्याहरू छन्। जसरी यो पद विभिन्न बाइबल-संस्करणहरूमा पढ्दा सजिलै देख्न सकिन्छ। के.जे.वी. र एन.के.जे.वि. संस्करणहरूले यस प्रकारले अनुवाद गरे: 'शाऊलले एक वर्ष शासन गरे; अनि जब उनले इस्राएलमाथि दुई वर्ष शासन गरेका थिए ...।' तर इ.आर.वि.मा यसो पढ़िन्छ: 'शासन गर्न शुरु गर्दा शाऊल तीस वर्षका थिए, र उनले इस्राएलमाथि दुई वर्ष शासन गरे ...।' फेरि आर.एस.वि.मा यसो लेखिएको छ: 'शाऊल ... वर्षको उमेरमा शासन गर्न थाले, र उनले इस्राएलमाथि दुई वर्ष शासन गरे।' अनि एन.ए.एस.बि.-बाइबलको अनुवादमा हामी यसरी पढ्छौं: 'शाऊलले शासन गर्न थालेको बेलामा उनी चालीस वर्षका थिए, र उनले इस्राएलमाथि बत्तीस वर्षसम्म शासन गरे।' सेप्टुवाजिन्टका केही पाण्डुलिपीहरूले समस्या टार्न यो पद हटाएका छन्। यस भ्रमको कुरा कहाँबाट आयो त? यसको सबैभन्दा सजिलो उपाय यो देखिन्छ: पछिका शताब्दीहरूमा लापरवाह प्रतिलिपिकारहरूले हिब्रू मूललेखमा भएका केही अक्षरहरू हराइदिए।[11] यति हामी निश्चित रूपले भन्न सक्छौं: शाऊल सत्तामा आएको बेलामा उनी प्रौढ़ भएका थिए; किनभने उनका छोरा योनातान लड़ाइँमा जाने पर्याप्त उमेर पुगिसकेका थिए।

**१ शमूएल १३:२-५:** शाऊलले तीन हजारजना मानिसहरूको स्थायी सेना खड़ा गरेका थिए। योनातानले आफ्नो हजार सिपाहीहरू लिएर यरूशलेमको उत्तरमा अवस्थित भएको गिबामा पलिस्तीहरूको पहरे-चौकीमा सफलतापूर्वक आक्रमण गरे। यस कुराले पलिस्तीहरूलाई निर्णायक रूपले लड़ाइँ गर्न ठूलो सेना तयार गर्न उक्सायो। (केही अनुवादहरूले अरामी बाइबल र सेप्टुवाजिन्टका केही पाण्डुलिपिहरूको पछि लागेर १ शमूएल १३:५ पदमा तीन हजार रथहरू भनेर अनुवाद गरेका रहेछन्। यसो

हेर्दा छ हजार घोड़चाड़ीहरूलाई अटाउन तीन हजार रथहरू यथेष्ट थियो, कि कसो हो ?)[12)]

**१ शमूएल १३ः६-९ः** इस्राएलीहरूले यस चुनौतीको सामना गर्दा ठूलो कायरता देखाए। किनभने तिनीहरूमध्ये कोही त यर्दन-पारी भागिहाले। तिनीहरू यति लामो समयसम्म पलिस्तीहरूको जुवामनि रहेका थिए; यसैकारणले तिनीहरू यस बन्धनबाट छुट्न असम्भव भएको देखिन्थ्यो। हर हिसाबले पलिस्तीहरूको निम्ति परिस्थिति अनुकूल थियो। शाऊलले गिल्गालमा शमूएलको आवाइको निम्ति पर्खिरहेका थिए (१ शमूएल १०ः८ पद हेर्नुहोस्); त्यस बेलामा धेरैभन्दा धेरै मानिसहरू उनको उपस्थितिबाट हराइ-रहेका थिए। सातौं दिन शुरु भयो, तर शमूएल अझै पनि देखा परेनन्। आफ्नो सेना घट्दै गएको र लड़ाइँ नजिक आइसकेको परिस्थितिको शिकार भएर शाऊल आफैले होमबलि चढ़ाउन हिम्मत बाँधे। उनी लेवी थिएनन्, यसैले उनलाई होमबलि चढ़ाउने अधिकारै थिएन। शमूएलले ढिलो गरे पनि यो शाऊलको निम्ति पूजाहारीगिरीमा हात हाल्न उचित कारण थिएन।

**१ शमूएल १३ः१०-१४ः** शाऊलले होमबलि चढ़ाउनेबित्तिकै शमूएल त्यहाँ आइपुगे र शाऊलले गरेको कुरा बुझिहाले। शाऊलसँग तर्कसङ्गत बहानाहरू थिए; यसो भए पनि उनी परमेश्वरको दृष्टिमा अनाज्ञाकारी भए-भए। यसमा कुनै हेरफेर हुनेथिएन। यस अनाज्ञाकारिताले गर्दा उनले राज्य गुमाउनेथिए। किनकि परमेश्वरले उनको बदलीमा अघिबाट आफ्नो हृदय-अनुसारको मानिसलाई खोजेर भेट्टाइसक्नु-भएको थियो। यो अनाज्ञाकारिताचाहिँ शाऊलले आफ्नो जीवनमा गरेका पापहरूमध्ये एक पाप थियो, जुन पापको कारणले उनले इस्राएलको सिंहासन गुमाउनुपर्‍यो। उनका अन्य पापहरू यस प्रकारका थिएः **क)** उनले गरेका अविवेकी भाकल (१ शमूएल १४)। **ख)** अमालेकीहरूसँग लड़ाइँ गरेको बेलामा उनले राजा अगागलाई जोगाए र लुटका सबैभन्दा असल मालहरू नष्ट गरेनन् (१ शमूएल १५)। **ग)** उनले अहिमेलेकको लगायत अन्य चौरासीजना पूजाहारीहरूको हत्या गरे (१ शमूएल २२)। **घ)** उनले घरिघरि दाऊदको ज्यान लिने प्रयास गरे (१ शमूएल १८-२६)। अनि **ङ)** उनले एन-डोरमा बोक्सीसँग परामर्श गरे (१ शमूएल २८)।

**१ शमूएल १३ः१५-२३ः** शाऊलले आफ्ना छ सय सिपाहीहरूलाई लिएर गिबामा योनातानलाई साथ दिए। किनकि पलिस्तीहरूले गिबादेखि अलि पर, मिक्माशमा छाउनी हालेका थिए। तिनीहरूले उत्तर, पश्चिम र पूर्वतिर लुट्नेहरू पठाउन थाले, र तिनीहरूलाई रोक्न इस्राएल असहाय देखियो। यति लामो समयसम्म उनीहरू पूर्ण रूपमा पलिस्तीहरूको नियन्त्रणमा रहेका थिए कि तिनीहरूले इस्राएलबाट प्रत्येक लोहारलाई हटाइदिए। यसैले इस्राएलीहरू आ-आफ्ना खेतबारीका औजारहरू उध्याउनको लागि तिनीहरूकहाँ जानुपर्थ्यो। थोरै इस्राएली मानिसहरूसँग मात्र तरवार थियो। सारा परिस्थिति नाजुक देखिन्थ्यो।

### आ) १ शमूएल १४ः शाऊलका विवेकहीन भाकलहरू

**१ शमूएल १४ः१-१५ः** आफ्ना बुबाको निष्क्रियता देखेर योनातान पलिस्तीहरूलाई आक्रमण गर्न आफ्नो हतियार बोक्ने जवानसँग सुटुक्क छाउनीबाट निस्केर गए। यो कुनै खतरनाक ढीठ कलाबाजी थिएन, न ता कुनै मूर्ख आत्मघाती हमला थियो। किनकि योनातानले ठूलो विजय प्राप्त गर्न

परमेश्वरलाई हेरिरहेका थिए। तिनीहरू दुईजना मात्रै भएको कुराले केही फरक पार्दैनथियो। योनातानसँग दृढ़ विश्वास के थियो भने, 'किनकि बचाउने काम चाहे धेरैद्वारा, चाहे थोरैद्वारा होस्, तर परमप्रभुलाई कुनै कुराले रोक्दैन।' योनातानको यो विश्वास इनामको योग्य थियो। पलिस्ती-हरूले तिनलाई 'माथि आऊ' भन्ने निम्तो दिए भने तिनी सफल हुनेछन् भन्ने कुरा परमेश्वरले तिनलाई देखाउनुभयो। हुन सक्छ, पलिस्ती-हरूले तिनलाई भगुवा ठानेर तिनलाई 'हामीकहाँ आऊ' भन्ने आज्ञा गरे कि? जे होस्, तिनीहरूको यो आज्ञा सुन्नासाथ योनातान तिनीहरूको सैनिक पहरे-चौकीतिर चढ़े, र चाँड़ै तिनीहरूमध्ये बीसजनालाई धूलोमा मिल्काइदिए। तिनीहरूबाट बाँचेका-हरू भाग्दै गर्दा, परमेश्वरले एउटा भुइँचालो पठाइदिनुभयो, जुन भुइँचालोले पलिस्ती-हरूको छाउनीमा ठूलो भ्रम पैदा गर्‍यो। योनातानले गरेको विश्वास (१४:६) र तिनको हतियार बोक्ने जवानले गरेको विश्वासबाहेक (१४:७) पलिस्तीहरूसँग व्यवहार गर्न परमेश्वरलाई अरू केही पनि आवश्यक थिएन। तर शाऊलको मूर्खताले विजयका परिणामहरू कम गर्न सक्यो, कति दुःखलाग्यो कुरा!!

**१ शमूएल १४:१६-२३:** शाऊलका पहरेदारहरूले यो भ्रम देखे र उनलाई यसको खबर गरे। सिपाहीहरूको गन्ती गर्दा योनातान र तिनको हतियार बोक्ने जवान हराएका थिए। तब शाऊलले तुरुन्तै पूजाहारी अहियाहलाई यसो भन्ने आज्ञा दिएः 'परमप्रभुको सन्दुक यहाँ ल्याऊ!' किनकि उनले परमप्रभुबाट सल्लाह लिन खोजे। (एन.के.जे.वि.को पृष्ठको किनारामा लगाइएको नोटचाहिँ सेप्टुवाजिन्टको अनुवाद प्रस्तुत गरेको छ, जहाँ सन्दुकको सट्टामा 'एपोद' लेखिएको छ।[13] हुन सक्छ, यो सन्दुक अझै पनि किर्यत-यारीममा थियो, कि कसो हो?) जेजस्तो भए पनि, शत्रुहरूको बीचमा कोलाहल बढ्दै जाँदा शाऊलले तुरुन्तै आफ्नो मनसाय बदली गरे; उनले पूजाहारीलाई 'छोड़िदेऊ' भन्ने आदेश दिए। मूलभाषामा 'तिम्रो हात झिक' भनेर लेखिएको छ, यसको अर्थ 'परमप्रभुको इच्छा जान्न छोड़िदेऊ' हो (१ शमूएल १४:१९)। उनले आफ्नो सारा सेना भेला गराए। किनकि परमप्रभुले पलिस्तीहरूलाई उनको हातमा सुम्पिदिनुभएको थियो। यो कुरा जान्न उनलाई अझै पनि ईश्वरीय निर्देशनको आवश्यकता पर्दैनथियो। परमेश्वर इस्राएलको पक्षमा लड्दै हुनुहुन्थ्यो भन्ने कुरा अरूहरूले पनि चाल पाए। जुन हिब्रू मानिसहरूले अगाड़ि यहूदी-पक्ष त्यागेका थिए, ती हिब्रूहरू आफ्ना पलिस्ती मालिकहरूमाथि जाइलागे, अनि जुन इस्राएली मानिसहरू एप्रैम पहाड़मा लुकेका थिए, ती मानिसहरूले लड़ाइँमा सामेल हुन नयाँ हिम्मत पाए। विजय लगभग भइसकेको बेलामा कोचाहिँ लड़ाइँ गर्न चाहँदैन? तर लड़ाइँ शुरु गर्ने योनातानहरू कहाँ छन्?

**१ शमूएल १४:२४-३०:** विजय छिट्टै हासिल गर्नको लागि शाऊलले हतारमा र बेहोशमा आफ्ना सिपाहीहरूलाई 'साँझ नपरुन्जेल तिमीहरूले केही पनि खानुहुँदैन' भनेर भाकल खान लगाए। त्यस बेलासम्म उनी सफलता प्राप्त गर्ने आशामा थिए। उनले आफ्नो आदेश एउटा श्रापमा बाँधे। तर के गर्ने? उनका सिपाहीहरू भोकले गर्दा थकित भए र यो यस लड़ाइँमा तिनीहरूको बेफाइदा ठहरियो। तर योनातानले आफ्नो बुबाको आदेशको बारेमा केही पनि थाहा थिएनन्; यसैले तिनले आफ्नो तागत फिर्ता पाउन केही मह खाइदिए। जब तिनलाई यस श्रापको बारेमा भनियो, तब तिनले यस मूर्ख आदेशको कारणले इस्राएलको विजयमा बाधा आएको विलाप गरे।

**१ शमूएल १४ः३१-४२ः** शाऊलको प्रतिबन्धले योनातानको रिस मात्र उठाएन, तर यसले मानिसहरूलाई खतरामा हाल्यो। जब लड़ाइँ थामियो, तब तिनीहरू लुटको मालमाथि जाइलागे, तिनीहरूले पशुहरू मारे, रगत ननिकालेर तिनको मासु खाए। यसरी नै तिनीहरूले लेवी १७ः१०-१४ र व्यवस्था १२ः२३-२५ पदका खण्डहरू उल्लङ्घन गरे। जब शाऊलले यो कुरा सुने, तब उनले तिनीहरूलाई हप्काए, त्यसपछि उनले एउटा ठूलो ढुङ्गा खड़ा गरे, जहाँ मानिसहरूले पशुहरू ल्याएर नियमअनुसार मार्न सके। अनि त्यहाँ उनले एउटा वेदी बनाए; त्यो उनको पहिलो वेदी थियो। आफ्नो जोशमा शाऊलले पलिस्तीहरूलाई अबेरसम्म खेद्न चाहे। यसको सिलसिलामा उनले पूजाहारीसँग परमेश्वरको सल्लाह लिने कुरा गरे। तर परमेश्वरले उनलाई कुनै जवाफ दिनुभएन। यस कुराले शाऊललाई छाउनीमा पाप छ भन्ने निष्कर्षमा ल्यायो। यस्तो अवस्थामा के गरिन्थ्यो? यस्तो अवस्थामा चिट्ठा हालेर पाप गर्नेलाई फेला पारिन्थ्यो। अनि चिट्ठा योनातानको नाममा पर्‍यो; शाऊल छक्क परे; किनकि चिट्ठा परेअनुसार योनातान पो दोषी थिए।

**१ शमूएल १४ः४३-४६ः** योनातानले अघि आफूले के गरेका थिए, सो बताइदिए, र शाऊलले आफ्नो अनुहार बचाउन तिनलाई मार्ने आदेश दिए। तर जनताले आफ्ना राजाको भन्दा धेरै विवेक देखाए। के योनातानले यो महान् विजय ल्याउन परमेश्वरसँग काम गरेका थिएनन् र? परमेश्वरले तिनलाई यस लड़ाइँमा यति शक्तिशाली रूपमा प्रयोग गर्नुभयो, तब उहाँ शाऊलको भाकलको विषयमा तिनीसँग बेखुशी हुनुभएको कसरी? होइन, योनातान कदापि मर्नुहुँदैनथियो। यसरी यी शूरवीर अयोग्य मृत्यु मर्नुदेखि जोगिए। तर शाऊल यस प्रकारको नचाहिँदो झमेलामा व्यस्त भइरहेको बेलामा पलिस्तीहरू भागेर उम्के। उनको बुद्धिको कमीले गर्दा उनको विजय घटेको यो दोस्रो पल्ट भयो।

**१ शमूएल १४ः४७-५२ः** ४७-४८ पदहरूले लड़ाइँहरूमा हासिल गरिएका शाऊलका केही विजयहरूको सारांश दिन्छन्। त्यसपछि तीनवटा पदहरू छन्, जुन पदहरूले उनको परिवारको बेलीबिस्तार गर्छन्। अनि यस अध्यायको अन्तिम पदमा शमूएलले गरेको भविष्यवाणी पूरा भएको देख्छौं, जसले भनेका थिए कि तिनीहरूका राजाले इस्राएलका बलिया, वीर छोराहरूलाई सेनामा भर्ना गर्नेछन् (१ शमूएल ८ः११)।

### इ) १ शमूएल १५ः शाऊलको अधूरो आज्ञाकारिता

**१ शमूएल १५ः१-३ः** शाऊल तलतिर चिप्लिँदैथिए र फेदमा पुग्ने बेलामा झन् छिट्टै झर्दैथिए। उनलाई जुनसुकै काम अह्राइयो, यसको कुनै मतलब थिएन; उनले त्यो काम अधूरो पूरा गरेर छाड्थे। उनको आज्ञाकारिता सधैं अपूर्ण हुन्थ्यो। यस अध्यायमा परमेश्वरले उनलाई 'जाऊ, अमालेकीहरूलाई नाश हुने गरी प्रहार गर' भन्ने आज्ञा दिनुभयो; किनभने इस्राएलीहरू मिस्र देश छोड़ेर आएका र कनान देशतर्फ यात्रा गरेको बेलामा अमालेकीहरूले पछाड़ि परेका कमजोर इस्राएलीहरूलाई निर्दयतापूर्वक आक्रमण गरेका थिए (व्यवस्था २५ः१७-१९)। शाऊलको निम्ति आदेश एकदम स्पष्ट थियोः सास फेर्नेजति सबैलाई नाश गर! सबै थोक परमेश्वरको निम्ति अर्पिएको थियो। परमेश्वर सहनशील हुनुहुन्छ; यसैले उहाँले अमालेकी मानिसहरूलाई धेरै वर्षसम्म सहिरहनुभएको थियो; तर तिनीहरूको विरुद्धमा उहाँको वचन बदली भएन (प्रस्थान १७ः१४-१६; गन्ती २४ः२०)। तिनीहरूको

पापको सजायको रूपमा तिनीहरू मेटिनुपर्नेथियो ।

**१ शमूएल १५ः४-१२ः** शाऊलले आफ्नो सेना भेला गरे, र उनी दक्षिणतिर, अमालेकीहरूको शहरतिर लागे । तर तिनीहरूलाई आक्रमण गर्नुभन्दा अघि उनले केनीहरूलाई 'त्यहाँबाट निस्केर आओ र भाग' भन्ने चेताउनी दिए; किनभने यी घुमन्ते मिद्यानीहरूले प्रस्थानको समयमा इस्राएलीहरूलाई दया देखाएका थिए । यसबाट के बुझिन्छ भने, शाऊलले नरसंहारमा कुनै चासो लिँदैनथिए, तर उनले दुष्ट मानिसहरूबाट परमप्रभुको बदला लिन लागेका हुन् । यस सिलसिलामा उनले अमालेकीहरूलाई बिलकुल परास्त गरे र सबैलाई तरवारले मारिदिए, तिनीहरूका राजा अगागलाई र लुटका सबैभन्दा असल मालहरू छोड़ेर । (बाँकी भागको रूपमा अन्य ठाउँहरूमा बस्ने अमालेकीहरू बाँचेका थिए । हेर्नुहोस् १ शमूएल ३०ः१-६; २ शमूएल ८ः१२; १ इतिहास ४ः४३) । यस घटनास्थलदेखि धेरै माइल टाढ़ामा परमप्रभुले शमूएललाई शाऊलको अनाज्ञाकारिताको बारेमा जानकारी दिनुभयो । यस कुराले शमूएललाई धेरै विचलित तुल्यायो र उनलाई प्रार्थनामा रात बिताउने प्रेरणा दिलायो । उनले के गर्नुपर्छ, सो कुरा भोलिपल्ट बिहान स्पष्ट भएको थियो ।

**१ शमूएल १५ः१३-३५ः** लड़ाइँबाट फर्किँदा शाऊल गिल्गाल जाने बाटोमा रोकिए, र आफ्नो विजयको उत्सव मनाउँदै उनले एउटा स्मारक स्थापित गरे । तर शमूएलले ती कुराहरू फरक दृष्टिले हेरे र शाऊललाई उनको अनाज्ञाकारिताले गर्दा चुनौती दिए । शाऊललाई कहिल्यै बहानाहरूको कमी थिएन; तर अहिलेचाहिँ उनको भूल लुक्न सकेन; किनकि त्यो 'भ्या-भ्या' आवाज भविष्यवक्ताको कानमा पुग्यो, र शाऊलका बहानाहरू शून्य भए । अस्वीकार गरिएको ! शाऊलले त्यो शब्द अघि नै सुनेका थिए (१ शमूएल १३ः१४) । तर यसपालि यो शब्द प्रभावशाली तवरले आयो । किनकि शाऊलले निरन्तर परमप्रभुका आज्ञाहरूमा आफ्नो अर्थ लगाउने गर्थे । उनलाई जे राम्रो लाग्थ्यो, उनले त्यही गर्थे, यस विषयमा परमेश्वरको सिद्ध इच्छा जेसुकै होस् । उनले पश्चात्ताप गरेको बहाना गरे र शमूएललाई 'मलाई नत्याग्नुहोस्' भन्ने विन्ती गरे । शमूएल त्यहाँबाट हिँड्न खोज्दा शाऊलले भविष्यवक्ताको अलखा समेत च्यातिदिए । परमप्रभुले आज उनीबाट इस्राएलको राज्य च्यात्नुभएको र त्यो उनको छिमेकीलाई दिनुभएको हो, जुन छिमेकी उनीभन्दा उत्तम थिए । शमूएलको अलखा च्यातिएको यसको चिन्ह थियो ।

परमप्रभुको आराधना गर्न शाऊलसँग आएपछि शमूएलले राजा अगागलाई ल्याउने आदेश दिए । 'निश्चय नै मृत्युको तीतोपन हटिसकेको छ' भन्दै र 'जिउँदै उम्कन्छु' भन्ने आशामा राजा अगाग होशियारीसाथ शमूएलकहाँ आए (१ शमूएल १५ः३२) । तर शमूएलले तिनलाई तरवारले टुक्राटुक्रा पारिदिए । शाऊलको भूल वृद्ध न्यायकर्ताको निम्ति उनको बाँकी जीवनमा उनलाई थिचिरहने बोझ बन्यो । अनि शाऊललाई इस्राएलमाथि राजा तुल्याउनुभएकोमा परमप्रभु स्वयम् पछुताउनुभयो । यो कुरा हाम्रो कस्तो अर्थमा लिनुपर्ने हो ?

*'परमप्रभुको आज्ञा पालन गर्दा परमप्रभुलाई जुन आनन्द लाग्छ, के त्यही आनन्द उहाँले होमबलि र बलिदानहरूमा पाउनुहुन्छ र? हेर, आज्ञापालन गर्नु बलिदानभन्दा उत्तम हो, र ध्यानसित सुन्नुचाहिँ भेड़ाहरूको बोसोभन्दा उत्तम हो ।'* हामीले १ शमूएल १५ः२२ पद कण्ठस्थ गर्नुपर्छ । यो पद परमेश्वरको वचनका उत्कृष्ट पदहरूमध्ये

एक हो। हामीबाट परमेश्वरले शुरुमा आज्ञाकारिता, अन्तमा आज्ञाकारिता र सधैंभरि आज्ञाकारिता पाउनुपर्छ। यो पद प्रभुको सेवा गर्न र उहाँलाई खुशी तुल्याउन चाहनेहरूको दैनिक नारा बनोस्। यस सिलसिलामा श्री एर्डमानले यस प्रकारको टिप्पणी गरेका छन्ः

> ' ''हेर, आज्ञापालन गर्नु बलिदानभन्दा उत्तम हो'' भन्ने वाक्यमा प्रकट भएको अर्थले हामीलाई एउटा नयाँ मोड ल्याएको छ। किनकि परमेश्वरलाई मनपर्ने अरू जेसुकै कुरा किन नहोस्, तर उहाँप्रति आज्ञाकारी हुन चाहेको मन उहाँको दृष्टिमा एउटा असल कुरा ठहरिएको रहेछ! यस प्रकारको मनको भावनाविना जुनसुकै बलिदान असल ठहरिँदैन, र हाम्रो त्यागमा कुनै नैतिक मूल्य हुँदैन। ... ठीक त्यस्तै अनाज्ञाकारिता र विद्रोह, उपेक्षापूर्ण आत्म-निर्भरता र यीजस्तै कुराहरू टुनामुना र मूर्तिपूजाको नैतिक स्तरमा आउँछन्, यी अनाज्ञाकारिताका परिणामहरू जेसुकै हुन्। यसको विषयमा श्री कैलले यसो भनेका छन्ः ''जोखना हेर्नले चाहिँ ख्रीष्ट-विरोधी तत्त्व र शैतानिक शक्तिहरूको सेवा गरिरहेको छ।'' '14)

१ शमूएल १५ः२९ र ३५ पदहरूको बीचमा अमेल भएको देखिन्छ। किनभने १ शमूएल १५ः२९ पदमा 'परमेश्वर आफ्नो मन बदल्नुहुन्न' लेखिएको छ भने, १ शमूएल १५ः३५ पदमा 'शाऊललाई राजा तुल्याउनुभएकोमा परमप्रभु पछुताउनुभयो' भनेर लेखिएको छ। यस सम्बन्धमा बुझ्नुहोस्ः १ शमूएल १५ः२९ पदले परमेश्वरको स्वभावको सद्गुणको कुरा गरेको छ। उहाँमा कुनै परिवर्तन हुँदैन; किनभने उहाँ अपरिवर्तनशील हुनुहुन्छ। तर १ शमूएल १५ः३५ पदमा आएर शाऊलको व्यवहारमा परिवर्तन आएको हुनाले परमेश्वरको आफ्ना योजना र उद्देश्यहरूमा परिवर्तन आउनु अनिवार्य थियो। परमेश्वर आफ्ना सद्गुणहरूअनुसार व्यवहार गर्नुपर्छः यसर्थ उहाँले आज्ञाकारी हुनेलाई आशिष दिनुहुन्छ र अनाज्ञाकारितालाई सजाय दिनुपर्छ।

# खण्ड ३

# १ शमूएल १६-३०ः

## शाऊलको मृत्युसम्मको दाऊदको जीवनको वृत्तान्त

### क) १ शमूएल १६ः१-१३ः शमूएलद्वारा दाऊदको अभिषेक भएको

**१ शमूएल १६ः१-३ः** शमूएलले अझै पनि शाऊलको लागि विलाप गरिरहँदा परमप्रभुले उनलाई सफासँग भन्नुभयोः 'कहिलेसम्म तिमी उसको निम्ति विलाप गरिरहन्छौ? मैले त शाऊललाई रद्द गरिसकेको छु।' परमेश्वरले आफ्ना जनहरूलाई शासन गर्ने अर्को मानिसलाई छानिसक्नुभयो। शमूएलले बेतलेहेममा गएर यिशाईका छोराहरूमध्ये एकजनालाई राजाको रूपमा अभिषेक गर्नुपरेको थियो। गोपनीयता छल होइन। परमेश्वरले शमूएललाई उनी बेतलेहेम गएको मनसायको बारेमा झूट बोल्नू भन्नुभएको होइन। किनकि उनले त्यहाँ एउटा बलिदान चढ़ाए; यो कुरा बिलकुल साँचो थियो। तर नयाँ राजाको अभिषेक गर्ने कार्यचाहिँ एउटा गोप्य मामिला थियो, जुन कुरा अझै धेरै वर्षसम्म जनतालाई विदित हुँदैनथियो।

**१ शमूएल १६:४-१३:** जब शमूएल बेतलेहेममा आए, तब बूढ़ा प्रधानहरू थरथर भए। यिशाई र तिनका छोराहरूलाई बलिदान र धार्मिक भोजमा निमन्त्रणा गरिसकेपछि, आउँदा राजा आफ्नो सामु छन् भन्ने कुरामा विश्वस्त भई उनले ती छोराहरूलाई एक-एक गरी नियालेर हेरे। तर तीमध्ये कोही पनि परमप्रभुको रोजीअनुसारै थिएनन्। मानिसको बाहिरी रूप होइन, तर उसको हृदयको अवस्था महत्त्वपूर्ण हुन्छ भन्ने कुरा शमूएलले अघिबाट शाऊलबाट सिक्नुपर्नेथियो (१ शमूएल १३:१४)। परमेश्वरले मानिसको हृदय नियालेर हेर्नुहुन्छ (१ शमूएल १६:७)। यस पदमा प्रस्तुत गरिएको नैतिक नियम जहिले पनि सत्य ठहरिएको छः मानिसहरूले रूपरङ्ग हेर्छन्, अँ, पहिरन र सिँगारपटारजस्ता कुराहरू हेर्छन् र अन्य बाहिरी कुराहरूमा बढ़ी ध्यान दिन्छन्। अनि वर्तमान समयमा टेलिभिजन, पत्रिकाहरू र मोबाइल-फोनजस्तै आम-मीडिया र सोसल मीडियाहरूले यस प्रकारको त्रुटिपूर्ण दृष्टिकोण लिन हामीलाई खूब प्रोत्साहन दिन्छन्, किनकि यी माध्यम-हरूले सधैं विशेष ठाँटबाँट भएका, खूबै आकर्षक मानिसहरूलाई प्रयोग गरेर सामान्य देखिने मानिसहरूलाई लाजमा पार्छन्, तिनी-हरू कुनै गन्तीमा आउँदैनन् जस्तै पार्छन्। शाऊल अग्ला र सुन्दर थिए। अनि दाऊदचाहिँ? तिनी पनि रूपवान् त थिए (१ शमूएल १६:१२); तर राजाजस्तै महत्त्वपूर्ण पद ओगट्नको निम्ति तिनको उमेर सानै थियो। दुर्भाग्यवश अमेरिकाका मण्डलीहरूले विशेष गरी टेलिभिजनका कार्यक्रमहरूमा आत्मिक कुरामा होइन, तर बाहिरी अगाढ़ ठाँटबाँटमा ध्यान दिएका छन्; तब टि.भि.का यी पूजिय व्यक्तिहरूको पतन हुँदा कस्तो लाज! कस्तो बरबाद! कत्रो हानि!!

दाऊदलाई यस भोजमा ल्याइनुपर्‍यो। तिनी आफ्ना बुबा यिशाईको नजरमा यति नगण्य थिए कि पक्का पनि भविष्यवक्ता शमूएलले तिनमा कुनै चासो राख्नेछैनन् भन्ने कुरामा सुनिश्चित थिए। तर पमरप्रभुले ती गोठालो केटामा पूरा चासो राख्नुहुन्थ्यो; अनि शमूएलले परमेश्वरको आदेश शिरोपर गरेर दाऊदलाई अभिषेक गरे। त्यस बेलादेखि परमप्रभुको आत्मा शक्तिको साथ दाऊदमाथि आउनुभयो, तर शाऊलबाट उहाँ हट्नुभयो। शाऊलको राजमुकुट लगाउन दाऊदलाई धेरै वर्ष लाग्यो; तर दाऊदको अभिषेक भएको दिनदेखि तिनको लागि राज्य सुरक्षित र सुनिश्चित थियो।

### ख) १ शमूएल १६:१४-२३: दाऊदले शाऊलको सेवा गरेको

यसै समयमा एउटा दुष्ट आत्माले शाऊललाई सताउन थाल्यो, र उनको मानसिक गड़बड़ीले उनलाई दुःख दिन लाग्यो। 'परमप्रभुको तर्फबाट एउटा दुष्ट आत्माले उनलाई सताउन थाल्यो' भन्ने वाक्य हामी कुन अर्थमा लिने? जुन कुराको निम्ति परमेश्वरले अनुमति दिनुहुन्छ, त्यही कुरा उहाँले गर्नुभएको भनिन्छ। राजा शाऊलको रोगको विषयमा डाक्टर रेन्डल शर्टले यस प्रकारको विश्लेषण गरेका छन्ः

> 'राजा शाऊललाई लागेको रोगचाहिँ वर्तमान समयमा मानसिक अवसादन भनिन्छ, जुनचाहिँ धेरै चल्ती भएको मानसिक रोग हो। यस रोगका लक्षणहरू यस प्रकारका छन्ः लामो समयसम्म अति उदास भइरहनु, त्यसपछि कुनै खास कारणविना बेला-बेलामा नरहत्यासम्म गर्ने हिंसाका झोकहरू उठ्नु, साथै मानिस-हरूले विरुद्धमा युक्तिहरू रचिरहेको भ्रम लाग्नु। उनको रोगका लक्षणहरू अचूक थिए।' [15)]

राजा शाऊलका सेवकहरूले उनलाई शान्त पार्न सङ्गीतमा प्रतिभाशाली व्यक्ति खोज्ने सुझाउ दिए। यस सिलसिलामा दाऊदको नाम सिफारिस गरियो, अनि शाऊलले तिनलाई बोलाइपठाए। १ शमूएल १६:१८ पदबाट के बुझिन्छ भने, दाऊदले गोल्यतको सामना गर्नुभन्दा अघि अफ्नो निम्ति सुनाम कमाइसकेका रहेछन्। अनि तिनको सङ्गीतले राजालाई उनको उदासपनाबाट बाहिर निकालेको देखिन्थ्यो। शाऊलले दाऊदलाई यति धेरै मन पराए कि उनले तिनलाई आफ्नो हतियार बोक्ने बनाए।

### ग) १ शमूएल १७: दाऊदले गोल्यतलाई पराजित गरेको

**१ शमूएल १७:१-११:** पलिस्तीहरूले एलाको बेंसीनिर लड़ाइँ गर्न आफ्नो सेनाहरू जम्मा गरे, जुन बेंसी यरूशलेमको दक्षिण-पश्चिममा परेको थियो, र गातदेखि टाढ़ा थिएन। शाऊल र उनको सेना त्यसको नजिकैको डाँड़ामा भेला भए। अनि यी दुई विरोधी सेनाहरूको बीचमा केवल एलाको बेंसी भएको थियो। अनि चालीस दिनसम्म गोल्यत नाम गरेको एक लड़ाकू दिनदिनै पलिस्तीहरूको छाउनीबाट निस्कन्थ्यो, जसले इस्राएलका सेनाहरूलाई ललकार गर्थ्यो र 'मसँग लड्न योग्य व्यक्ति पठाओ' भनेर चुनौती दिन्थ्यो। तर त्योसँग लड्न कोही इच्छुक थिएन, कोही पनि राजी भएन। त्यो लड़ाकूचाहिँ नौ फिट नौ इन्च अग्लो भीमकाय मानिस थियो। अनि त्यसको कवच आदि रक्षा-पहिरनको ओजन कम्तिमा पनि असी के.जी.जतिको थियो। त्यसको फलामको भालाको टुप्पाको तौल सात के.जी.भन्दा बढ़ी थियो। गोल्यतको लागि यी गह्रौं हतियारहरू भिर्न कुनै समस्या थिएन; किनकि त्यसको शरीरको बनौटअनुसार त्यसको शरीरको तौल २७०-३४० के.जी. भएको हुनुपर्ला। यसकारण सामान्य मानिसहरूको भन्दा त्यसको बल कति गुणा बढ़ी भएको थियो होला।

**१ शमूएल १७:१२-३०:** एक दिन दाऊद आफ्ना तीनजना दाजुहरूकहाँ खानेकुराहरू बोकेर लड़ाइँको मैदानमा आइरहेका थिए; तब तिनले त्यस विशाल अजङ्को मानिसको उपहास र गिल्ला गर्दै गरिरहेको कुरा सुने र हिब्रू सिपाहीहरूका अनुहारमा डर देखे। अनि त्यस डीङ मार्ने पलिस्तीलाई चुप गराउने र इस्राएलबाट यो निन्दा हटाइदिने मानिसलाई के-के गरिनेछ, सो कुरा तिनले सोधपुछ गरे। तिनका जेठा दाजु एलीआबले तिनलाई हप्काए; हुन सक्छ, यसरी यिनले आफ्नो कायरता लुकाउन चाहे होलान्। जेजस्तो होस्, दाऊदले त्यस विशाल राक्षसजस्तो मानिसलाई मार्ने व्यक्तिलाई के-के पुरस्कार हुनेछ, सो कुरा जान्न चाहन छोड़ेनन्।

**१ शमूएल १७:३१-४०:** इस्राएलको पक्षमा लड्ने एक युवा भेट्टाइएको कुरा शाऊलले चाँडै थाहा पाए, र दाऊद उनको सामु ल्याइए। अनि जब शाऊलले दाऊदलाई देखे, तब उनलाई यी केटाको क्षमताको बारेमा शङ्का लाग्नु स्वाभाविकै थियो। तर दाऊदले स्वयम्‌द्वारा परमेश्वरको शक्ति काम गरेको कुरा जानेका थिए, जब तिनले सिंह र भालुको विरुद्धमा आफ्नो बगालको रक्षा गर्दैथिए। तिनले आफ्नो निजी जीवनमा परमेश्वर हुनुहुन्छ भन्ने कुरा अनुभव गरेका थिए; यसकारण तिनी अब सबै मानिसहरूको सामु परमेश्वरमाथि कसरी भरोसा गरिन्छ, सो देखाउन सक्षम भए। तिनको साहस र दृढ़ता देखेर शाऊलले तिनलाई आफ्नै हतियार दिए, तर दाऊदले ती हतियारहरू रद्द गरे; किनभने ती हतियारहरू तिनलाई बाधा पो दिएछन्। यी

हतियारहरू लिएर होइन, तर पाँचवटा चिल्ला ढुङ्गाहरू, एउटा घुँयेत्रो, एउटा लहुरोरूपी हतियार लिएर र जीवित परमेश्वरको शक्तिमा भर परेर तिनी साहससित निस्के !

**१ शमूएल १७ः४१-५४ः** जब गोल्यतले दाऊदलाई देख्यो, जसको उमेर यस बेलामा बीस वर्ष भएको थियो होला, तब त्यो निक्कै रिसायोः 'थुक्क, मसँग लड्न इस्राएलले कसरी एउटा सानो बालकलाई पठाउन आँट गरेको हँ ?' यसो गर्दा त्यसलाई साह्रै अपमान गरेको लाग्यो । तर जब दाऊदले त्यस विशाल मानिसको श्राप सुने, तब दाऊदलाई अलिकति पनि डर भएन । 'परमप्रभुले मलाई विजय दिनुहुनेछ' भन्ने कुरामा तिनी पूरा विश्वस्त थिए । जब गोल्यत दाऊदतिर अघि बढ्दैथियो, तब दाऊदले पहिलो ढुङ्गा घुयेंत्रोमा हालेर हाने र त्यस पलिस्तीलाई त्यसको निधारमा हिर्काए। त्यो भीमकाय मानिस आफ्नो अनुहारमा पछारियो। त्यसपछि दाऊदले त्यस पलिस्तीको तरवार लिएर त्यसलाई मारे र त्यसको टाउको काटिदिए । अनि जब पलिस्तीहरूले यो देखे, तब तिनीहरू एकाएक इस्राएलीहरूबाट भागे, जसले तिनीहरूलाई पिछा गरेर बेसरी खेदे ।

**१ शमूएल १७ः५५-५८ः** यी पदहरूमा[16] हाम्रो सामु एउटा समस्या खड़ा भएको देखिन्छः शाऊल, जसले १ शमूएल १६ः२१ पदमा दाऊदलाई पहिले आफ्नो हतियार बोक्नेको रूपमा नियुक्त गरिसके, कसरी दाऊदलाई चिन्न सकेनन् ? तर यस कुराको विषयमा हामीले याद गर्नुपर्छः वचनमा शाऊलले यस जवान शूरवीरको बारेमा 'तिनी को हुन्' भन्ने कुरामा अनजान भएको लेखिएको छैन। किनकि वचन-अनुसार उनले 'यो जवान कसको छोरा हो ?' भन्ने प्रश्न सोधे। यसको अर्थ दाऊदको पारिवारिक पृष्ठभूमि शाऊलले बिर्सेको हुन सक्छ। यस सम्बन्धमा श्री जर्ज विलियम्सले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'याद रहोस्ः शाऊलले विजेताको परिवारलाई करबाट छुट गरिदिने प्रतिज्ञा गरेका थिए, साथै उससित ठूलो दाइजोको साथ आफ्नी छोरीको विवाह गरिदिने कुरा गरेका थिए। तब दाऊदको बुबा को हुन् र समाजमा यिनको पारिवारिक स्तर के-कस्तो छ, सो सम्बन्धमा अब्नेरबाट जानकारी लिन उपयोगी देखिन्छ ।'[17]

१ शमूएल १८ः१८ पदमा यस तर्कको पुस्टि भएको देखिन्छ; किनकि दाऊदले आफूलाई राजाको ज्वाइँ हुन अयोग्य सम्झे । यस विषयमा श्री माइकल ग्रिफिथ्सले निम्न व्यावहारिकता देखेका छन्ः

> 'चाहे योनातान (१ शमूएल १४), चाहे दाऊद, यी दुवैले आफ्नो सामु भएको मोर्चाको सानो क्षेत्रबाट लड़ाइँ गर्न शुरु गरे, तर जुन काम यिनीहरूले शुरु गरे, त्यस कामले ठूला-ठूला विजयहरू हासिल गऱ्यो । ठीक यस्तै हामीले पनि स्थानीय भूमि कब्जा गर्नुपर्छ। हामीले शत्रुको सम्पूर्ण सेनासित जुध्न सक्छौं भन्ने आशा गर्नुपर्दैन, हामीले जुध्नु पनि पर्दैन । प्रभु येशूको निम्ति गर्नुपर्ने काम तपाईंको "सामु" तयार छ । हामी जहाँ छौं, त्यहाँ हामी साहसी हुनुपर्छ र वीरता देखाउनुपर्छ; यहाँबाट हामी कामको पहल गर्नुपर्छ। बाँकी काम अर्थात् हाम्रो कामको फलस्वरूप लड़ाइँ पूरै मोर्चामा फैलिएर जाने जिम्मेवारी परमेश्वरको हो ।'[18]

### घ) १ शमूएल १८ः मिकलसँग दाऊदको विवाह भएको

**१ शमूएल १८ः१-५ः** योनातान र दाऊदको बीचमा आत्मीय, घनिष्ठ र चिरस्थायी मित्रता बढ़ेर आयो । तिनीहरूको उस्तै-उस्तै आत्मा थियो; तिनीहरू प्रत्येकसँग साँचो साहस थियो, त्यो दुर्लभ गुण थियो । योनातान आफ्ना बुबा शाऊलको सिंहासनको

कानुनी उत्तराधिकारी थिए; तर जब यिनले आफ्नो लबेदा दाऊदलाई दिए, तब यिनले यस कार्यद्वारा आफ्नो सट्टामा दाऊद राजा भएको देख्न पाउनको निम्ति आफ्नो यो अधिकारधरि त्याग्न तयार भएको सङ्केत गरे।

**१ शमूएल १८:६-१६:** जब दाऊदले एउटा लड़ाइँपछि अर्को लड़ाइँ जित्दै गए, तब शाऊल असाध्यै ईर्ष्यालु भए। किनभने जब उनले दाऊदको विषयमा आफूले भन्दा तिनले पो बढ़ी वीरता देखाए भन्ने कुरा स्त्रीहरूले गाएका गीतहरूमा वर्णन गर्दै गरेको सुने, तब उनी क्रोधले चूर भए। परमेश्वरले कहिलेकाहीं कुनै खराबीको ताड़ना दिनको लागि अर्को केही खराबी प्रयोग गर्नुहुन्छ; यसैकारण उहाँले कुनै दुष्ट आत्मालाई शाऊललाई सताउने अनुमति दिनुभयो (१ शमूएल १८:१०)। दुई पल्ट राजाले व्यक्तिगत रूपमा दाऊदलाई मार्न कोशिश गरे, तर दुवै पल्ट दाऊद उम्कन सके। त्यसपछि दाऊद पलिस्तीहरूसँग लड़ाइँ गर्दा मारिनेछन् भन्ने आशामा शाऊलले तिनलाई एक हजार सिपाहीहरूका कप्तान बनाए। (अघि दाऊद यसभन्दा ठूलो फौजमाथि सेना-नायक भएको देखिन्छ।) तर परमप्रभु दाऊदको साथमा हुनुहुन्थ्यो, र तिनका वीरताका कार्य-हरूले सारा इस्राएलको ध्यानाकर्षण गरे।

**१ शमूएल १८:१७-३०:** पलिस्ती गोल्यतलाई मार्ने मानिसलाई राजाकी छोरी विवाह गरिदिने प्रतिज्ञा गरिएको थियो; त्यसैले दाऊदलाई शाऊलकी जेठी छोरी मेराब पत्नीको रूपमा दिइने प्रस्ताव गरिएको थियो। तर पहिले तिनले अरू थप लड़ाइँहरू जित्नुपर्नेथियो। यस सिलसिलामा दाऊद मारिनेछन् भन्ने शाऊलले आशा गरेका थिए। तर जब दाऊदले राजाको ज्वाइँ हुनको निम्ति सामाजिक दृष्टिकोणले आफू अयोग्य भएको कुरा प्रकट गरे, तब मेराब अर्को मानिसलाई दिइइन्। हुन सक्छ, यो दाऊदलाई अपमानित तुल्याउने शाऊलको तरिका थियो कि कसो हो? तर शाऊलकी कान्छी छोरी मिकलले दाऊदलाई प्रेम गरिन्, र एक सय पलिस्तीहरूका खलड़ीरूपी दाइजो पाएकोमा शाऊलचाहिँ मिकल दाऊदलाई पत्नीको रूपमा दिन राजी भए। यसो हुँदा शाऊलले फेरि पनि पलिस्तीहरूको हातबाट दाऊदलाई मार्न सक्छु भन्ने आशा गरेका थिए। तर दाऊदलाई त्यति सजिलैसँग नष्ट गर्न सकिँदैनथियो। तिनी दोहोरो दाइजो लिएर फर्के, र तिनले मिकललाई आफ्नी पत्नीको रूपमा पाए। दाऊदले लड़ाइँहरूमा निरन्तर सफलता प्राप्त गरेकाले गर्दा परमप्रभु तिनको साथमा हुनुहुन्छ भन्ने कुरा सुस्पष्ट भयो। यसकारण शाऊलको मनमा दाऊदप्रतिको घृणा र तिनीदेखिको डर बढ्दै गयो।

### ङ) १ शमूएल १९-२६: दाऊद शाऊल-देखि भागेको

#### अ) १ शमूएल १९-२०: दाऊदप्रति योनातानको निष्ठा

**१ शमूएल १९:१-७:** आफ्ना बुबाले दाऊदलाई मार्न चाहन्छन् भन्ने कुरा जब योनातानले थाहा पाए, तब यिनले दाऊदलाई एउटा खुला जग्गामा लुक्ने सल्लाह दिए; तिनी लुकिरहेको बेलामा यिनले राजालाई शान्त पार्ने कोशिश गर्नेथिए। दाऊदको पक्षमा शाऊलसँग तर्क गर्दाखेरि योनातानले आफ्ना बुबालाई दाऊदको वीरता, तिनको वफादारी र इस्राएलका शत्रुहरूको विरुद्धमा तिनले हासिल गरेका सफलताको सम्झना गराए। तिनले मृत्युको योग्य कुनै काम गरेका थिएनन्। यिनी शाऊललाई केही समयको निम्ति मनाउन सफल भए, र दाऊद शाही दरवारमा आफ्नो स्थानमा पुनर्स्थापित भए।

**१ शमूएल १९:८-१०:** तर जब फेरि लड़ाइँ भयो, तब दाऊदले फेरि ठूलो वीरता देखाए; अनि शाऊलको ईर्ष्या फेरि पनि ताजै

जल्न थाल्यो। त्यसपछि शाऊललाई सताउने दुष्ट आत्माले फेरि शाऊलमा फर्कियो, र उनले आफ्नो भालाले दाऊदलाई हिर्काएर तिनलाई पर्खालसित टाँस्ने प्रयोग गरे। तर शाऊल यसपालि पनि असफल भए; उनी असफल भएको यो तेस्रो पल्ट थियो। मुस्किलले आफ्नो ज्यान जोगाएर दाऊद भागे।


**१ शमूएल १९:११-१७:** यही रातमा राजा शाऊलले दाऊदलाई तिनको घरमा मार्न मानिसहरू पठाए। मिकललाई यस युक्तिको विषयमा थाहा भयो, र यिनले तिनलाई भाग्न सहायता गरिन्। यिनले एउटा घरदेवताको मूर्ति लिएर त्यसलाई तिनको पलङ्मा राखिन्। (हुन सक्छ, त्यो मूर्ति मिकलको थियो होला; किनकि दाऊदले कहिल्यै मूर्तिपूजा गर्दैनथिए)। जब शाऊलले दाऊदलाई पक्रन मानिसहरू पठाए, तब यिनको छल पत्ता लाग्यो।

**१ शमूएल १९:१८-२३:** तर त्यतिन्जेल दाऊद भागिसकेका थिए। तिनी शमूएललाई भेट्न रामातिर भागे। परमेश्वरका जनहरू समस्या परेको बेलामा परमेश्वरकै जन-हरूकहाँ जाँदा रहेछन्। तीन पल्ट शाऊलका दूतहरू दाऊदलाई पक्रन असफल भए; किनभने जब तिनीहरू शमूएलसँग भएका भविष्यवक्ताहरूको दलकहाँ आए, तब परमेश्वरको आत्मा तिनीहरूमाथि आउनुभयो र उहाँको नियन्त्रणमा तिनीहरूले भविष्यवाणी गर्न थाले। त्यसपछि शाऊल आफैले दाऊदको पिछा गरे; अनि उनले पनि परमेश्वरको शक्तिको प्रभावमा परेर भविष्यवाणी गरे। तर यो बुझ्नुहोस्: परमेश्वरको शक्तिको प्रभावमा पर्नु र मुक्ति पाउनु एउटा कुरा होइन।

**१ शमूएल १९:२४:** अनि फेरि पनि मानिसहरूले 'के शाऊल पनि भविष्य-वक्ताहरूमध्येका हुन्' भन्ने लोकोक्ति दोहोऱ्याए (१ शमूएल १०:११-१२); किनभने उनले देखाएको उतार-चढ़ाव भएको, माथि-तलको व्यवहारले तिनीहरूलाई अलमल्ल पारेको थियो। 'नाङ्गै' भन्ने शब्दको खास अर्थ सर्वाङ्गै नाङ्गो होइन। शाऊलले आफ्नो बाहिरी वस्त्र फुकाले, जुन पोशाकचाहिँ उनको शाही पहिरन थियो। उनी त्यस दिन र त्यस रातभरि भुइँमा लम्पसार परिरहे; किनकि परमेश्वरले उनलाई उठ्न दिनुभएन। त्यस समयभित्र दाऊद भागे (१ शमूएल २०:१)। १ शमूएल १९:२४ पद र १ शमूएल १५:३४-३५ पदहरूको बीचमा अमेल छैन, जहाँ पैंतीस पदमा यस्तो लेखिएको छ: *'अनि शमूएल आफ्नो मृत्युको दिनसम्म फेरि शाऊलकहाँ आएनन्।'* किनकि यहाँ, यस ठाउँमा शाऊल भविष्यवक्ताकहाँ आएको कुरा लेखिएको छ, अनि त्यो भेट अनजानमा र अचानक भएको थियो।

**१ शमूएल २०:१-३:** रामाको नैयोत छोड़ेपछि दाऊद योनातानकहाँ आए, र तिनले 'शाऊलले मलाई किन यति साह्रै नाश गर्न चाहन्छन्?' भनेर यिनीबाट यसको खास खारण जान्न खोजे। तर योनातानलाई आफ्ना बुबाले दाऊदको ज्यान लिन खोजेका उनका निरन्तर भइरहेका प्रयासहरूको बारेमा केही पनि थाहा थिएन। तब दाऊदले यिनलाई बुझाए: 'तिम्रो र मेरो बीचको मित्रताको कारणले राजाले तिमीलाई आफ्ना योजनाहरू बताउनुहुन्न।'

**१ शमूएल २०:४-९:** तब दाऊद खतरामा थिए कि थिएनन्, सो कुरा स्पष्ट रूपले पत्ता लगाउन तिनीहरूले एउटा जाँच रचे: मासिक भोजमा शाही टेबलमा आफ्नो स्थान लिनुको सट्टामा दाऊद अनुपस्थित हुने कुरा भयो। अनि शाऊलले तिनको अनुपस्थितिको कारण के हो, सो जान्न चाहेमा योनातानले 'तिनी बेतलेहेममा वार्षिक बलिदान चढ़ाउन गए'




**राजा शाऊलले दाऊदलाई खेदो गरेका ठाउँहरू:**

१) *१ शमूएल १९:१८:* दाऊद गिबादेखि रामामा शमूएलकहाँ भागेको

२) *१ शमूएल २१:१-९:* दाऊद रामादेखि नोबमा गएको

३) *१ शमूएल २१:१०:* दाऊद त्यहाँदेखि गातमा गएको

४) *१ शमूएल २२:१:* दाऊद पलिस्तीहरूदेखि अदुल्लाममा भागेको

५) *१ शमूएल २२:३:* दाऊदले आफ्ना बुबाआमालाई बचाउन मोआबमा लगेको

६) *१ शमूएल २२:४:* दाऊद मोआब गएको

७) *१ शमूएल २२:५:* दाऊद हारेतको बनमा गएको

८) *१ शमूएल २३:५:* दाऊद र तिनका मानिसहरूले कैलामा पलिस्तीहरूसित लड़ाइँ गरे

९) *१ शमूएल २३:१४:* दाऊद जिफको उजाड़स्थानतिर हटेको
१०) *१ शमूएल २३:२४:* दाऊद अझै पर हटेर माओनको उजाड़स्थानमा पुगे
११) *१ शमूएल २३:२९:* शाऊलको निरन्तर खेदोले दाऊदलाई एन-गदीमा पुऱ्याएको
१२) *१ शमूएल २४:२२:* दाऊदले शाऊलको ज्यान जोगाए, र तिनी गढ़ीमा फर्के
१३) *१ शमूएल २५:* पारानको उजाड़स्थानमा गएर दाऊदले माओनको कर्मेलमा अबिगेललाई विवाह गरेको
१४) *१ शमूएल २६:१-२७:२:* दाऊदले शाऊलको ज्यान फेरि पनि जोगाइराखे, र तिनी गातमा फर्के
१५) *१ शमूएल २७:* गातका राजा आकिशले दाऊदलाई सिक्लग दिएको
१६) *१ शमूएल २९:१-३:* दाऊद र तिनका मानिसहरू अपेकमा गएका र पलिस्तीहरूको सेनामा भर्ती भएका
१७) *१ शमूएल ३०:* पलिस्तीहरूका शासकहरूले दाऊदलाई अस्वीकार गरे र तिनलाई सिक्लगमा पठाए
१८) *२ शमूएल १-२:* शाऊलको मृत्युपछि दाऊद हेब्रोनमा गए र त्यहाँ यहूदामाथि राजा भए

भन्ने उत्तर दिनेथिए। (यस यात्राको बारेमा धर्मशास्त्र बाइबलमा केही नलेखिएको भए ता पनि त्यो कुरा सत्य हुन सक्छ। अनि त्यो कुरा एउटा झूट थियो भने, निश्चय नै परमेश्वरले यहाँ, यस ठाउँमा त्यसको अनुमोदन गर्नुभएन, तर यो कुरा वृत्तान्तको सिलसिलामा मात्र उल्लेख गरिएको हो भन्ने बुझ्नुपर्छ।) अनि शाऊलले दाऊदको अनुपस्थितिको विषयमा कुनै आपत्ति जनाएनन् भने, यस प्रतिक्रियाबाट स्पष्ट हुनेथियो, कि दाऊद सुरक्षित हुँदा रहेछन्। तर 'हत्, दाऊद फेरि मेरो हातबाट उम्के' भनेर राजा क्रोधित भए भने, दाऊद ठूलो खतरामा रहेको कुरा योनातानले जान्नेथिए।

**१ शमूएल २०:१०-१७:** योनातानले तेस्रो दिनमा यस मैदानमा निस्किआउने प्रतिज्ञा गरे र आपसमा पूर्व-निर्धारित गरिएको चिन्हद्वारा दाऊदलाई तिनीसित सम्बन्धित कुरा केकस्तो भयो, सो थाहा दिने प्रण दिए। कता-कतैबाट सम्बन्धित कुराको नतिजा नजाती हुने अभास पाएर योनातानले दाऊदलाई 'तिमी सत्तामा आएपछि म र मेरो घरानासित निष्ठावान् रहेर हामीलाई परमप्रभुको प्रेम देखाऊ' भन्ने आग्रह गरे। १ शमूएल २०:१४-१७ पदहरूको खण्डबाट स्पष्ट छः दाऊद राजा हुनेछन् भन्ने कुरामा योनातान निश्चित भएका थिए। अनि जुन सिंहासनको अधिकार खास आफूमा निहित थियो, त्यो अधिकार दाऊदको हुनेछ भन्ने कुरा बुझेर पनि यिनले दाऊदसँग आफ्नो प्रेमको पुष्टि गरे। यो कस्तो निःस्वार्थ भक्ति !

**१ शमूएल २०:१८-२३:** यी पदहरूमा यस चिन्हको विस्तृत बयान दिइन्छ, जुन चिन्हद्वारा योनातानले दाऊदलाई तिनीप्रति राजाको मनोवृत्ति केकस्तो भएको, सो सूचित गर्नेथिए। योनातान मैदानमा आएर दाऊद लुकेर बसेको चट्टानको छेउमा यिनले केही काँड़हरू हान्नेथिए। यी काँड़हरूको विषयमा जुन निर्देशनहरू यिनले काँड़ उठाउने केटालाई दिनेथिए, ती निर्देशनहरूबाट दाऊदले कि त आफ्नो ज्यान बचाउनको लागि भाग्ने, कि त सुरक्षासाथ शाही दरवारमा फर्किआउने निधो पाउनेथिए। योनातानको यस अभिनयको विषयमा हाम्रो मनमा 'किन यस्तो' भन्ने प्रश्न उठ्ला। किन योनातानले दाऊदलाई यो जानकारी दिन यस प्रकारको सञ्चार-प्रणाली अपनाए ? किनकि पछि सीधै दाऊदकहाँ गएर यिनले तिनीसँग कुरा गरे। तर हुन सक्छ, यस समयमा सुटुक्क

दाऊदलाई भेट्न सक्छु भन्ने कुरा यिनलाई थाहा भएको थिएन।

**१ शमूएल २०:२४-३४:** भोजको पहिलो रातमा शाऊलले दाऊदको अनुपस्थितिको बारेमा केही भनेनन्; किनकि उनले दाऊद विधिवत् हिसाबले अशुद्ध भएको अनुमान लाउँदैथिए। तर दोस्रो दिनमा, जब उनले योनातानलाई 'दाऊद कहाँ छन्' भनेर सोधे र तिनी बेतलेहेम गएको थाहा पाए, तब शाऊल अति क्रोधित भए। उनले योनातानलाई साह्रै होच्याए र यिनलाई 'तिम्रो र तिम्री आमाको इज्जत लुट्ने मानिससँग तिमीले किन मित्रता गाँसेको हँ' भन्ने आरोप लगाए। उनको बोली रूखो थियो, र उनको व्यवहार झन् तुच्छ थियो, किनभने उनले भाला हानेर आफ्ना छोरालाई भित्तामा टाँस्न कोशिश गरे। उनले एक क्षणको लागि दाऊदप्रतिको आफ्नो घृणा आफ्नै छोरा योनातानमाथि पोखाए।

**१ शमूएल २०:३५-४२:** तेस्रो दिनको बिहान, उचित निधोजनक चिन्ह दिइयो र दाऊदको डर पुष्टि भयो। ती दुवैजना मानिसहरू एक-अर्काको अँगालोमा बाँधिएर निक्कै रोए; अबदेखि उसो तिनीहरूले एक-अर्काको मित्रता उपभोग गर्न पाउनेथिएनन्, तर एक-अर्काबाट अलग भएर आ-आफ्नो बाटो लाग्नुपर्नेथियो। दाऊद लुक्न गए, किनकि यो नै उनलाई सिंहासनको लागि तयार पार्ने परमेश्‍वरको योजनाको जरुरत भाग थियो। अनि योनातानचाहिँ – यिनी शाही दरवारमा फर्के; यिनी आफ्ना बुबाप्रति निष्ठावान् रहे। तर मनमनै यिनी इस्राएलका आउँदा राजा हुनेछैनन् भन्ने यिनलाई थाहा थियो। के यिनी दाऊदसँग जानुपर्नेथियो ? के यिनी आफ्ना बुबाप्रति निष्ठावान् रहनु ठीक थियो, जब परमप्रभुले शाऊललाई राजा हुनदेखि अस्वीकार गरिसक्नुभएको थियो ?

### आ) १ शमूएल २१: दाऊदप्रति अहिमेलेकको दया

महान् मानिसहरूका खुट्टाहरू माटाका हुन्छन्। दाऊदका खुट्टाहरू पनि यस्तै थिए। यस दु:खद अध्यायमा तिनले नोबमा अहिमेलेकसँग बोलेका झूटहरू वर्णन गरिन्छन् (१ शमूएल २१:१-९); त्यस समयमा परमप्रभुको तम्बू नोबमा थियो; साथै तिनले पलिस्तीहरूको सामु आफू पागल भएको बहाना गरेको बयान दिइएको छ (१ शमूएल २१:१०-१५)।

**१ शमूएल २१:१-६:** १ शमूएल १९ अध्यायमा शाऊलबाट भागेर दाऊद शमूएलकहाँ गएका थिए, अनि १ शमूएल २० अध्यायमा तिनी योनातानकहाँ गएका थिए। अनि अहिले शाऊलबाट भागेर तिनी प्रधान पूजाहारीकहाँ आइपुगे। अहिमेलेक दाऊदसित भेट्दा डराए, र तिनले किन एकलै यात्रा गरिरहेका छन् भन्ने विषयमा अलमल्ल परेका थिए। (१ शमूएल २१:२ पदअनुसार अन्य ठाउँमा तिनका केही साथीहरू थिए, जसले तिनलाई पर्खिरहेका थिए; मत्ती १२:३)। राजाको गोप्य काममा लागेको कुरा भनेर दाऊदले झूट बोले। त्यसपछि दाऊदले केही खानेकुरा मागे। तर त्यहाँ हाजिरीका रोटीहरूबाहेक अरू कुनै खानेकुरा थिएन। हाजिरीका रोटीहरू यी पवित्र रोटी थिए, जुनचाहिँ हप्तापिच्छे परमप्रभुको तम्बूमा उहाँको उपस्थितिमा उपासनाको रूपमा राखिन्थे। पूजाहारीले यी रोटीहरू दाऊदलाई एउटा सर्तमा दिन लागेका थिए: तिनका मानिसहरू विधिवत् हिसाबले अशुद्ध हुनुहुँदैनथियो अर्थात् तिनीहरूले विगत केही दिनहरूमा यौन गरेका हुँदैनथियो। दाऊदले उनलाई उत्तर दिए: 'मेरा मानिसहरू बिलकुल शुद्ध छन्; यति

मात्र होइन, तर तिनीहरू त यस विशेष कामले पवित्र पारिएका, पूरा अलग गरिएका हुन्छन् ।' यस सम्बन्धमा सर वाल्टर स्कटले भनेको कुरा हामीलाई सठीक लागेको छः 'ओहो, जुन मानिसले धोका अपनाउँछ, त्यस मानिसले हामीलाई अलमलाउन कस्तो-कस्तो जाल बुन्छ ! !' तब पवित्रस्थानबाट भर्खरै निकालिएका हाजिरीका रोटीहरू दाऊदलाई दिइए ।

मत्ती १२ः३-४ पदहरूमा प्रभु येशूले हाजिरीका रोटीहरूको यो अवैध प्रयोग अनुमोदन गर्नुभयो; किनभने हुन सक्छ, त्यस समयमा इस्राएली जातिमा पाप छँदैथियो, र दाऊदचाहिँ धार्मिकताको प्रतिनिधि भई त्यसको पक्ष लिइरहेका थिए। दाऊदको निर्धारित स्थान सिंहासन हुनुपर्नेथियो । तिनी सिंहासनमाथि बसेका भए, तिनलाई रोटी माग्ने आवश्यकता पनि पर्नेथिएन। जुन व्यवस्थाले हाजिरीका रोटीहरूको अपवित्र प्रयोग निषेध गरेको थियो, त्यही व्यवस्थाको उद्देश्य यहाँ प्रस्तुत गरिएको प्रकारको कृपाको काम निषेध गर्नु अवश्य छँदैथिएन ।

**१ शमूएल २१ः७-९ः** त्यस समयमा शाऊलको नोकर दोएग नोबमा परमप्रभुको सामु रोकिराखिएको थियो। त्यो मानिस एदोमी थियो; तर त्यसले यहूदीधर्म अपनाएको थियो। अनि त्यो नोबमा रोकिएको कारण कि त त्यसले एउटा भाकल गरेको, कि त त्यो आफै अशुद्ध भएको वा त्यो अरू कुनै विधिले बाँधिएको थियो। अनि यसरी त्यो दोएग नजानी दाऊदसँग अहिमेलेकको कारभार र सहयोगको प्रत्यक्ष साक्षी बन्यो, र त्यसले शाऊलकहाँ त्यो खबर फर्काएर लग्यो ।

यस समयमा दाऊदले दोस्रो विन्ती गरेः यसपालि तिनले हतियार पाउन खोजे। 'म राजाको अति जरुर काममा हतारसँग निस्कें' भनेर तिनले फेरि झूट बोले। गोल्यतको तरवार उपलब्ध थियो, र दाऊदले खुशीसाथ त्यो तरवार लिए, 'योजस्तो अरू कुनै छैन' भनेर। गोल्यतलाई मार्न परमप्रभुमाथि भरोसा राखेका व्यक्ति अहिले आएर आफ्नो मारिएको शत्रुको तरवारमाथि भरोसा राख्न कति चुकेका, कति ! !

**१ शमूएल २१ः१०-१५ः** त्यसपछि दाऊदले इस्राएल देश छोड़े, र तिनी गोल्यतको गृहनगर गात शहरमा भागे। तिनी जो इस्राएलको अभिषिक्त राजा थिए, तिनले यहाँ परमेश्वरका जनहरूका शत्रुहरूको बीचमा शरण लिए। जब पलिस्तीहरूले उनलाई शङ्का गरे, तब आफ्नो ज्यान बचाउन तिनले आफूलाई पागलसरह तुल्याउन तिनलाई बाध्य भयो। यस विषयमा श्री डेरोथ्शील्डले निम्न टिका गरेका छन्ः

> 'पागलहरूलाई अछूत मानिन्थ्यो; तिनीहरूलाई कुनै दैवी प्रकोप लागेको र तिनीहरू त्यस देवको घेराभित्र सुरक्षित रहेको कुरा दाऊदलाई राम्रोसँग थाहा थियो ।' [19)]

अनि यसरी विचरा, आफ्नो दाह्रीमा राल चुहाउँदै इस्राएलका भजनकार खड़ा भई मूलढोकाका दैलाहरूमा कोर्न पुगे। परमेश्वरका जनहरूको कठोरताले गर्दा र दाऊद आफ्नो विश्वासको कमीले गर्दा यस अपमानजनक र तुच्छ व्यवहारमा गिरे ।

तर यस कठिन परीक्षाबाट दाऊदले केही बहुमूल्य पाठहरू सिके। बाइस अध्यायमा अघि बढ्नुभन्दा पहिले भजन ३४ पढ्नुहोस् ! किनकि यो भजन त्यस अवधिमा रचिएको थियो। यस भजनबाट हामी दाऊदको चरित्रको बारेमा नयाँ अन्तर्दृष्टि पाउँछौं। दाऊदमा प्रशंसनीय अदम्यता थियो, जुन अदम्यताले गर्दा तिनका भूलहरू भए पनि तिनी परमेश्वरको ज्ञानमा बढ्दै जानमा सक्षम भए ।

### इ) १ शमूएल २२ः दाऊद भागेको र शाऊलले पूजाहारीहरूको हत्या गरेको

**१ शमूएल २२ः१-२ः** जब दाऊद इस्राएलमा फर्के, तब तिनले बेतलेहेमको दक्षिण-पश्चिममा यहूदाको इलाकामा परेको अदुल्लामको गुफामा आश्रय पाए। यो गुफाचाहिँ सङ्कष्टमा परेकाहरू, असन्तुष्ट भएकाहरू र ऋणमा परेकाहरू सबैको लागि शरणस्थान बन्यो। दाऊद यहाँ ख्रीष्ट येशूको प्रतीक हुन्, जो वर्तमान समयमा तिरस्कार गरिनुभएको छ, जसले निराश र हताश हुनेहरूलाई मक्ति पाउने आह्वान गर्दै हुनुहुन्छ। केही समयभित्र प्रायः चार सयजना मानिसहरूको दल अदुल्लाममा भेला भयो। केही समयपछि यो दल सङ्ख्यामा बढ़ेर छ सय हुनेथियो। संसारको निम्ति यी मानिसहरू अनुपयुक्त थिए, तर दाऊदको अधीनतामा तिनीहरू वीर योद्धा बने (२ शमूएल २३)।

**१ शमूएल २२ः३-५ः** दाऊदका बुबाआमा पनि तिनीसँग सामेल भए। उनीहरूको कुशलताको चिन्ता गरेर तिनी मोआब देश गए र जबसम्म तिनी गुप्त रहनुपर्नेथियो, तबसम्म त्यहाँ उनीहरूको निम्ति बस्ने प्रबन्ध मिलाए। दाऊद मोआबी रूथका सन्तान थिए (रूथ ४ः१७); तापनि तिनले परमप्रभुका शत्रु-हरूमाथि भरोसा गर्ने कुरा गलत थियो। (परम्पराको कुरा आयोः समयको अन्तरालमा मोआबीहरूले दाऊदका बुबा-आमालाई मारिदिए अरे।) दाऊद मोआब देशबाट फर्केपछि भविष्यवक्ता गादले तिनलाई अदुल्लाम छोड़िजाने आदेश दिए। त्यसैले तिनी हारेतको बनमा गए, जुन बनचाहिँ यहूदामा परेको थियो।

**१ शमूएल २२ः६-८ः** बिन्यामिनको गिबामा शाऊलले बिन्यामिनीहरू र उनका नोकरहरूसँग दाऊदको विषयमा गनगनाइ-रहेका थिए। 'के दाऊदले तिमीहरूलाई मैले गरेजस्तो उदारतापूर्वक इनाम दिनुहुनेथिए र?' भनेर उनले तिनीहरूलाई प्रश्न गरे। दाऊद तिनीहरूका कुलका थिएनन् भन्ने कुरा के तिनीहरूले विचार्नुपर्दैनथियो? अन्तमा शाऊलले तिनीहरूलाई सीधा दोष लगाएः 'पक्का पनि तिमीहरू मेरो जीवनको विरुद्धमा केही युक्तिहरू निकाल्दैछौ, कि के हो?' अबचाहिँ उनी मिथ्या सन्देहहरूले ग्रस्त र तर्कसङ्गत नभएका बेहोशी भइसकेका थिए। किनकि उनको दृष्टिमा सबैजना, अँ, उनका छोरा समेत उनको विरुद्धमा थिए।

**१ शमूएल २२ः९-१५ः** तब एदोमी दोएगले मौका छोप्यो र राजालाई प्रभाव पार्ने समय यही हो भन्ने सम्झ्यो। यसकारण त्यसले शाऊललाई 'पूजाहारी अहिमेलेकले दाऊदलाई खानेकुरा दिएर सहायता गरे र तिनको लागि परमप्रभुलाई सोधखोज गरे' भन्ने कुरा बताइदियो। नभन्दै पूजाहारी अहिमेलेक र यिनको परिवार राजाकहाँ बोलाइए र यिनीहरूलाई देशद्रोहको आरोप लगाइयो। जवाफमा अहिमेलेकले के भने भने, 'राजाप्रति दाऊदजस्तै को राजानिष्ठा होलान्? अनि शाऊलको भक्ति गर्ने विश्वासयोग्य मानिसलाई मद्दत गर्न कहिलेदेखि अपराध ठहरिन्छ?' यसरी यिनले आफू पूरा निर्दोष भएको कुरा बताए। 'मैले दाऊदको लागि परमप्रभुलाई सोधखोज गरेको यो पहिलो पल्ट पनि होइन' भनेर यिनले तर्क गरे। 'दाऊदले हजुरको विरुद्धमा विद्रोह गरेको र हजुरको निम्ति ढुकेर बसेको विषयमा मैले केही पनि जानेको छैनँ' भन्दै यिनले आफ्नो सफाई गरेर शाऊलको आरोप काटिदिए।

**१ शमूएल २२ः१६-१९ः** तर शाऊलका कामकुराहरूबाट स्पष्ट बुझिन्छः अब त उनी पागल भइसकेका थिए। तर जब उनका अङ्गरक्षकहरूले परमप्रभुका पूजाहारीहरूलाई मार्न इन्कार गरे, तब तुरुन्तै त्यो गैर-यहूदी

दोएग यिनीहरूमाथि जाइलाग्यो। (त्यसको नामको अर्थ 'कुकुर' हो; अनि त्यसले यहाँ आफ्नो नामअनुसार एउटा साह्रै नीच काम गरेको हो)। किनकि यिनीहरू पूजाहाहरीहरू भएको कुरा त्यसलाई के पर्बाह? यसकारण त्यसले पचासीजना पूजाहारीहरूलाई मार्‍यो। यति मात्र होइन, तर त्यसले अहिमेलेकको शहर नोबलाई पनि आक्रमण गर्‍यो र त्यहाँका सबै बासिन्दाहरूलाई र सबै गाईवस्तुलाई समेत मार्‍यो।

**१ शमूएल २२ः२०-२३ः** अबियातार मात्र बाँचे; यिनी भागेर दाऊदकहाँ गए, र के भएको थियो, सो निष्ठुर घटना बयान गरे। त्यसपछि यिनी दाऊदसँग बसिरहे र सुलेमानद्वारा यस पूजाहारी-पदबाट अवकास नपाउन्जेल यिनले प्रधान पूजाहारीको रूपमा सेवा गरे (१ राजा २ः२७)। एक प्रकारले, यी पूजाहारीहरूको हत्या दाऊदको झूट र युक्तिको फलस्वरूप भएको थियो (१ शमूएल २२ः२२)। तर अर्को प्रकारले हेर्नु हो भने, यो एलीको घरानामाथि आइपरेको परमेश्वरको न्याय थियो (१ शमूएल २ः३१-३६ र ३ः११-१४)। तर शाऊलले यस नरहत्याको आदेश दिएको हुनाले उनलाई यसको मुख्य दोष लाग्छ।

भविष्यवक्ता गाद, पूजाहारी अबियातार र राजा दाऊद – यी तीनैजना निर्वासनमा थिए। यी तीनैजना ख्रीष्ट येशूको चित्र हुन्, जसले आफ्ना शत्रुहरूलाई आफ्नो पाउदान नबनुन्जेल र उहाँको सिंहासन यस पृथ्वीमाथि स्थापित नहोउन्जेल वर्तमान समयमा पर्खिरहनुहुन्छ।

### ई) १ शमूएल २३ः कैला शहरका मानिसहरूले दाऊदसित विश्वासघात गरेका

**१ शमूएल २३ः१-५ः** अदुल्लामको दक्षिणी भागमा पर्ने कैला शहर पलिस्तीहरूको आक्रमणमा परेको छ भन्ने खबर दाऊदकहाँ आयो। परमप्रभुको अगुवाइमा तिनले यी शत्रुहरूसँग लड़ाइँ गरे र त्यो शहर बचाए, अनि धेरै गाईवस्तुहरू कब्जा गरे।

**१ शमूएल २३ः६-१२ः** अनि जब शाऊलले दाऊद कैलामा छन् भनी सुने, तब उनले तिनलाई त्यहाँ पक्रने निश्चय गरे। तर दाऊदले उनको युक्तिको बारेमा थाहा पाए, र अर्को कदम चाल्नको लागि परमप्रभुबाट निर्देशन पाउन खोजे। के तिनी कैलामा सुरक्षित हुनेथिए? तिनले त्यहाँका बासिन्दाहरूलाई कृपा देखाएको कुरा गुण नगरेर के तिनीहरूले तिनलाई शाऊलको हातमा सुम्पनेथिए? अबियातारले ल्याएको एपोदद्वारा, विशेष गरी ऊरीम र तुम्मीमद्वारा परमेश्वरले 'शाऊल आउने नै छन्; अनि कैलाका गुण नगर्ने मानिसहरूले तिमीलाई तिनको हातमा सुम्पिदिनेछन्' भन्ने कुरा प्रकट गरिदिनुभयो।

**१ शमूएल २३ः१३-१८ः** यसकारण दाऊद र तिनका मानिसहरू हेब्रोनको दक्षिण-पूर्वमा परेको जिफको उजाड़स्थानमा भागेर गए। तर त्यहाँ पनि तिनीहरूको निरन्तर पिछा गरियो। त्यहीं ठाउँमा योनातानले दाऊदलाई भेट्टाए र तिनलाई 'परमप्रभुमा बलिया होऊ' भन्ने हौसला दिए। यो वर्तमान समयमा कति आवश्यक परेको सेवकाई!! हौसला दिनेहरू बढ़ी भएमा ख्रीष्टको मण्डलीलाई धेरै फाइदा हुनेथियो। तर ठीक समयमा बोलिएको शब्दको शक्ति आफूले अनुभव गरेकाहरूले मात्र यस प्रकारको शब्दले हाम्रो आत्मालाई कति आशिष दिन्छ, सो जान्दछन्। दाऊदप्रति योनातानको प्रेमले स्वयम्‌लाई होच्याउने किसिमको प्रेम थियो। यिनले दाऊदलाई 'शाऊल भए-नभए परमेश्वरले आफ्नो उद्देश्य पूरा गर्नुहुनेछ' भनी आश्वासन दिए। योनातानजस्तो मित्र भएको मानिस भाग्यमानी हुन्छ। यिनी दाऊदसँग

किन बसेनन् र किन फेरि र फेरि घरमा फर्के, यो एउटा रहस्य रहन्छ। [20]

**१ शमूएल २३ः१९-२९ः** अनि जिफीहरूले पनि दाऊदलाई विश्वासघात गरे र शाऊललाई 'तिनी फलाना-फलाना ठाउँमा बस्दैछन्' भन्ने खबर पठाए। तिनीहरूले फरार भएको व्यक्तिलाई राजाको हातमा सुम्पिदिने प्रण गरे। जब दाऊदले 'शाऊल आउँदैछन्' भन्ने सुने, तब तत्कालै तिनी तिनको पिछा गरेका शाऊलबाट माओनको उजाड़स्थानतिर भागे। अनि जब दाऊद घेरिएका थिए, तब ठीक समयमा पलिस्तीहरूले इस्राएललाई आक्रमण गरे, अनि यस कुराले शाऊललाई दाऊदको पिछा गर्ने काम छोड्न बाध्य पाऱ्यो। अनजानमा इस्राएली जातिको शत्रुले इस्राएलका अस्वीकृत राजाको सहयोगीको भूमिका निभाइदियो। त्यसपछि यिशाईका छोरा मृत सागरको पश्चिमी किनारामा रहेको एन-गदीमा गए।

### उ) १ शमूएल २४ः दाऊदले शाऊलको जीवन जोगाएको

**१ शमूएल २४ः१-७ः** पलिस्तीहरूको आक्रमणसित सठीक व्यवहार गरिसकेपछि शाऊल दाऊदको खेदो गर्न फर्के। शाऊलले तिनलाई खोजेर 'तिनी एन-गदीका चट्टानहरूहुँदो छन्' भन्ने पत्ता लगाए। त्यहाँ रहँदा राजा विश्राम गर्न एउटा गुफामा पसे। तर उनले रोजेको गुफा खाली थिएन। यस गुफाको भित्री भागमा उनले निर्ममतापूर्वक शिकार गर्न खोजिरहेको मानिसले आफ्ना मानिसहरूलाई राजाको ज्यान लिनदेखि रोकिरहेका थिए!! तिनीहरूको विचारमा, परमेश्वरले शाऊललाई तिनीहरूको हातमा सुम्पिदिनुभएको थियो। तर परमेश्वरले दाऊदलाई बलजफात गरेर राज्य हातमा पार्ने कुनै आज्ञा दिनुभएको थिएन। तिनी यस प्रकारको आज्ञाको विषयमा अनजान थिए। यसकारण तिनी परमेश्वरको समय पर्खेकोमा र उहाँको सठीक प्रणालीको विषयमा सन्तुष्ट थिए। अनि जब तिनले राजाको लबेदाको एउटा कुना काट्दाखेरि पनि तिनको अन्तस्करणले तिनलाई सतायो। शाऊल इस्राएलको राजाको रूपमा अभिषेक गरिएको व्यक्ति थिए, यो कुरा तिनले हल्का रूपमा लिएनन्। परमेश्वरले यी राजालाई हटाउनुपर्छ; अनि जबसम्म परमप्रभुले यी राजालाई हटाउनुहुन्न, तबसम्म दाऊदले उनलाई आदर गर्नेथिए।

**१ शमूएल २४ः८-१५ः** शाऊल यस गुफाबाट निस्केपछि दाऊद पनि गुफाबाट निस्केर आए र तिनले उनलाई बोलाए। तिनले राजालाई दण्डवत् गरे। त्यसपछि तिनले उनलाई भनेः 'मेरो विषयमा जुन निन्दापूर्ण खबरहरू हजुरले सुन्नुभएको छ, ती खबरहरू सबै झूटा हुन्।' किनकि तिनले चाहेमा त्यस दिनमा राजाको ज्यान लिन सक्नेथिए। तर तिनले यसो गरेनन्; किनभने शाऊल परमप्रभुको अभिषिक्त जन थिए। अनि दाऊदको हातमा भएको लुगाको टुक्रा तिनको दयाको पक्का प्रमाण थियो। एउटा दुष्ट मानिसले आफ्नो बदला आफैले लिन खोज्ला, तर दाऊदको इच्छा त्यस्तो थिएन। तिनले शाऊललाई सोधेः 'एउटा मरेको कुकुरजस्तो अथवा एउटा उपियाँजस्तै हानिरहित र तुच्छ व्यक्तिको विरुद्धमा हजुरले किन यत्रो अथक अभियान लगाउनुभएको, मलाई भन्नुहोस्!'

**१ शमूएल २४ः१६-२२ः** दाऊदले भनेका ती शब्दहरूबाट शाऊलका आँखाहरू आँसुले भरिए; अनि उनले केही हदसम्म दाऊदको धार्मिक व्यवहार र आफ्नै दुष्टता स्वीकार गरे। अचम्म, दाऊद एक दिन इस्राएलको राजा हुनेछन् भनी उनले यहाँ, यस ठाउँमा कसरी स्वीकार गर्न सके? यसैले उनले दाऊदलाई 'मेरो परिवारसँग दयालु व्यवहार

गर' भन्ने शपथ खान लगाए। त्यसपछि शाऊल शान्तिसँग त्यहाँबाट हिँड़िहाले। तर दाऊदले पाएको विश्राम छोटो थियो। शाऊलले अब चाँड़ै आफूलाई देखाइएको दया बिर्सनेथिए।

दाऊदले शाऊललाई भनेका शब्दहरूमा तिनले दुईपल्ट 'परमप्रभुले न्याय गरून्!' भन्ने शब्द प्रयोग गरे। शारीरिक मानिसलाई गर्न जेजस्तो ठीक लाग्ला, यसो नगरेर तिनी आफ्नो मामिला परमेश्वरको हातमा छोड़िदिएकोमा सन्तुष्ट थिए। यस सम्बन्धमा याद गरौंः प्रेरित पत्रुसले हाम्रा प्रभुको बारेमा सम्झेको कुरा यस प्रकारको थियोः *'उहाँले गाली खाएर सट्टामा गाली दिनुभएन; उहाँले दुःख भोग्नुहुँदा धम्काउनुभएन; तर आफैलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पनुभयो'* (१ पत्रुस २ः२३)। हामीले कठिनाइको सामना गर्नुपर्दा परमेश्वरले हामीलाई शान्त भई उहाँमाथि भरोसा गर्न सक्षम तुल्याउनुभएको होस्!

### ऊ) १ शमूएल २५ः नाबालको मूर्खता

**१ शमूएल २५ः१-९ः** शमूएलको मृत्युद्वारा न्यायकर्ताहरूको युग समाप्त भयो। इस्राएली जातिचाहिँ अब राजतन्त्रको देश बनेको थियो। अनि दाऊदका सन्तानहरूले सदाको लागि इस्राएलको सिंहासन ओगट्नेथिए। अनि ख्रीष्ट येशूमा परमेश्वरको यो प्रतिज्ञा पूरा हुनेछ। शमूएललाई कति धेरै सम्मान गरिएको थियो, त्यो कुरा उनको मृत्यु हुँदा स्पष्ट भयो; किनभने जब उनी मरे, तब सबै इस्राएलीहरूले शोक गरे।

यी भविष्यवक्ताको मृत्यु भएपछि दाऊद यहूदाको दक्षिणपट्टि परेको पारानको उजाड़स्थानतिर गए। हुन सक्छ, तिनले शाऊल र उनका रक्तपातपूर्ण युक्तिहरूबाट सकभर टाढ़ा रहन खोजे होलान्। १ शमूएल २५ः२ पदमा उल्लेख गरिएको 'कर्मेल' भन्ने ठाउँचाहिँ इस्राएलको उत्तरमा रहेको कर्मेल पहाड़ होइन; तर माओनको नजिकैको गाउँ थियो। त्यस ठाउँमा नाबालले आफ्ना भेड़ाहरूको ऊन कत्रिरहेका थिए; अनि त्यहाँको दस्तुरअनुसार दाऊदले नाबालका बगालहरूलाई दिएको सुरक्षाको सट्टामा तिनले उसबाट कुनै उपहार माग्न केही जवान मानिसहरूलाई पठाए।

**१ शमूएल २५ः१०-१३ः** तर नाबालले दाऊदका सेवकहरूलाई यति स्वार्थी र यति असभ्य तरिकाले जवाफ दिए कि दाऊदलाई रिस उठ्यो, र तिनी लगभग चार सय मानिसहरूलाई साथमा लिएर नाबाल र उसको घरानालाई सजाय दिन कर्मेलतिर लागे।

**१ शमूएल २५ः१४-२२ः** नाबालकी सुन्दरी र समझदार पत्नी अबिगेलले आफ्नो पतिको खराब व्यवहारले तिनीहरूमाथि ल्याउन लागेको खतराको विषयमा थाहा पाइन्। यिनले तुरुन्तै सकभर धेरै खानेकुराहरू जम्मा गरिन्, र यिनी दाऊदलाई भेट्न बाटो लागिन्। अनि जब दाऊद कर्मेलको नजिक आइपुगे, तब तिनले नाबाललाई देखाएको भलाइ के थियो र नाबालले तिनलाई यस भलाइको सट्टामा देखाएको अपमान के थियो, सो कुरा तिनले फेरि एकपल्ट विचार गर्दैथिए।

**१ शमूएल २५ः२३-३१ः** अनि जब अबिगेलले दाऊदलाई भेटिन्, तब यिनले तिनका खुट्टामा दण्डवत् गरिन् र तिनलाई एउटा उत्तम, प्रभावशाली अनुरोध टक्राइन्। हो, यिनले मानिलिइन्ः यिनको पति उसको नामअनुसारको निर्बुद्धि मानिस थियो; किनभने नाबाल-नामको अर्थ 'मूर्ख' वा 'पाजी' हो। तर अघि दाऊदका मानिसहरू आएको यिनलाई थाहै थिएन। यसकारण यिनले माफ मागिन्। 'परमप्रभुले हजुरलाई रक्तपात गर्नदेखि रोक्नुभएको छ; अनि

परमेश्वरले हजुरका शत्रुहरूलाई, अँ, नाबाललाई समेत दण्ड दिनुहुनेछ' भनेर यिनले तिनलाई सम्झना दिलाइन्। दाऊदको बारेमा यिनीसँग साँचो आत्मिक अन्तर्दृष्टि थियो; दाऊद परमप्रभुको अभिषिक्त जन थिए, जसले परमप्रभुको लागि लड़ाइँहरू लड़ेका थिए। यस कुराको निम्ति यिनले इमानदारीपूर्वक दाऊदको प्रशंसा गरिन्। त्यसपछि यिनको बलियो तर्क यस प्रकारको थियोः 'हजुरले आफ्ना शत्रुहरूलाई परमप्रभुको हातमा छोड़िदिनुहोस्, किनभने उहाँले तिनीहरूबाट बदला दिनुहुनेछ। "हत्, मैले बदला लिने काम किन उहाँको हातमा नछोड़ेको, तर आफ्नो बदला आफूले लिएर ठूलो भूल गरेछु" भनेर हजुरले राजा भएपछि पछुताउनु नपरोस्!'

**१ शमूएल २५ः३२-३५ः** यिनका यी समझदार शब्दहरूद्वारा दाऊद निक्कै प्रभावित भए र यिनले तिनलाई नाबाललाई नाश गर्नदेखि रोकेकोमा तिनले यिनलाई धन्यवाद दिए। याद रहोस्ः हामीलाई निर्देशन दिन र हामीलाई चेताउनी दिन सही मानिस-हरूलाई कसरी हाम्रो जीवनमा ल्याउनुपर्छ, सो कुरामा प्रभु पूरा सक्षम हुनुहुन्छ। उहाँले यसो गर्नुभएकोमा हामी आभारी हुनुपर्छ। अबिगेलको सल्लाह प्रभावकारी थियो। यिनको उदारचित्तले दिएको उपहार ग्रहण गरियो। अनि दाऊदले नाबाललाई परमप्रभुको हातमा छोड़िदिए, जसले उससित कार्यवाही गर्न धेरै समय लिनुभएन। अबिगेलको विषयमा कसै-कसैको तर्क यस प्रकारको हुन सक्छः अबिगेलले आफ्नो पतिसँग सल्लाह नगरेर परमेश्वरको आज्ञा उल्लङ्घन गरिन् र आफ्नो पतिमाथि अधिकार जमाइन् अरे। तर पवित्र बाइबलको प्रकाश-अनुसार यिनले कुनै गलत काम गरेकी थिइनन्। पवित्र बाइबलमा यसको कुनै सुझाउ छैन। होइन, सठीक कुरा यस्तो छः यिनले बरु आफूले उठाएको यस आपत्-कालीन कदमद्वारा नाबाललाई र उसको घरानालाई पो नाश हुनदेखि जोगाइन्।

**१ शमूएल २५ः३६-४४ः** जब अबिगेल घर फर्किन्, तब नाबाल धेरै मातेको थियो। के भएको थियो, सो कुरा उसलाई भन्न यिनले भोलि बिहानसम्म पर्खिन्। अनि यो खबर सुनेपछि उसलाई पक्षाघात भयो कि, अथवा उसलाई मस्तिष्कको आघात वा मुटुको आघात भएको हुन सक्छ। दस दिनपछि उसको मृत्यु भयो; अनि उसले आफ्नो स्वार्थमा जम्मा गरेका सबै सम्पत्तिहरू उसले साथमा लान सकेन, तर उसले त्यो यस संसारमा छोड्नुपर्‍यो। नाबालको मृत्युको खबर सुनेपछि दाऊदले तत्कालै अबिगेलको सामु विवाहको प्रस्ताव राखे, जुन प्रस्ताव यिनले बड़ो नम्रताको साथ स्वीकार गरिन्। गुप्तमा बसेको समयमा दाऊदले अहिनोअम नामक अर्की पत्नीलाई लिएका थिए। अनि यस समयमा तिनकी पहिलो पत्नी मिकल अर्का मानिसलाई दिइइन्।

यस वृत्तान्तमा हामी फेरि के देख्छौं भने, *'हरेक जसले आफूलाई उचाल्छ, त्यो होच्याइनेछ'*; किनभने परमेश्वरले नाबालको प्राण फिर्ता लिनुभयो। *'अनि जसले आफूलाई नम्र पार्छ, ऊ उच्च पारिनेछ'*; किनकि अबिगेल राजाकी पत्नी भइन् (लूका १४ः११)।

### ए) १ शमूएल २६ः दाऊदले शाऊलको जीवन दोस्रो पल्ट जोगाएको

**१ शमूएल २६ः१-४ः** अनि जिफीहरूले फेरि 'दाऊद फलाना ठाउँमा छन्' भन्ने कुरा शाऊललाई बताइदिए (१ शमूएल २३ः१९ पदसित तुलना गर्नुहोस्)। अनि तुरुन्तै शाऊलले दाऊदको सानो दलभन्दा पाँच गुणा ठूलो दलबल जम्मा गरे, र उनी तल जिफको

उजाड़स्थानमा गए। शाऊललाई कुन कुराले उक्साएको थियो, सो कुरा हामीलाई थाहा छैन; किनकि जब ती दुईजना मानिसहरू गत बिदामा छुटिएका थिए, त्यस बेलामा तिनीहरूको बीचमा मेलमिलाप आएको थियो (१ शमूएल २४)। यसकारण सम्भवतः दुष्ट मानिसहरूले राजाको रिस र दाऊद-प्रतिको घृणा फेरि जगाए होलान् (१ शमूएल २६ः१९ पद हेर्नुहोस्)।

**१ शमूएल २६ः५-१२ः** दाऊदले शाऊलको छाउनी कहाँ छ, सो जासुसी गरेर पत्ता लगाए; अनि साँझमा तिनी र तिनका नातेदार अबिशै यस छाउनीमा पसे र शाऊल सुतिरहेको ठाउँमा पुगे। परमप्रभुले उनलाई र उनका मानिसहरूलाई गहिरो असामान्य निद्रामा पार्नुभएको हुनाले यसो गर्न सम्भव भयो। अबिशैले राजालाई तुरुन्तै एकै प्रहारले मारिदिन चाहे, तर दाऊदले यिनलाई यस्तो गर्न निषेध गरे; किनभने शाऊल जस्तो भए पनि परमेश्वरको अभिषिक्त जन थिए। उनीसँग कारवाही गर्ने जिम्मेवारी परमप्रभुकै थियो। दाऊद केवल शाऊलको भाला र पानीको सुराही लिएर गए।

**१ शमूएल २६ः१३-१६ः** अनि जब दाऊद यस छाउनीदेखि निक्कै पर आए र सुरक्षित थिए, तब तिनले आफ्नो आवाज उठाए र अब्नेरलाई राजाको सुरक्षाको बारेमा लापर्वाही गरेकोमा हप्काएर यिनको खिल्ली उड़ाए। तिनको विचारमा, यस्तो लापर्वाही गर्ने मृत्यु-दण्डको योग्य थियो। दाऊदले लिएको पानीको सुराही र भाला पक्का साक्षी थिए, कि तिनले शाऊललाई दोस्रो पल्ट आफ्नै हातले मार्न सक्नेथिए, तर तिनले यसो गरेनन्।

**१ शमूएल २६ः१७-२०ः** तर दाऊदले एउटा कुरा बुझ्न सकेनन्ः राजा शाऊलले तिनको पिछा गर्न किन, हो, किन अथक प्रयास गरिरहे होलान्, जब तिनले उनलाई घरिघरि उनको हानि नगर्ने पक्का प्रमाण दिँदैथिए ? परमप्रभुले नै शाऊललाई दाऊदको विरुद्धमा उक्साउनुभएको भए दाऊदले एउटा बलिदान चढ़ाएर उहाँलाई सन्तुष्ट पार्न सक्नेथिए। तर यदि अधम मानिसहरूले तिनीप्रति शाऊलको शत्रुता उक्साएका थिए भने, तिनीहरू श्रापित होऊन्; किनकि तिनीहरूले दाऊदलाई परमेश्वरको आराधना गर्न सक्ने एकमात्र पवित्रस्थानबाट हटाउँदै टाढ़ा लैजाँदैथिए। १ शमूएल २६ः१९ पदको ख) खण्डमा लेखिएको 'जाऊ, अन्य देवताहरूको पूजा गर' भन्ने वाक्य यी दुष्ट मानिसहरूले भनेका शब्दहरू थिए होलान्, नभए तिनीहरूले आफ्ना कार्यहरूद्वारा भन्न खोजेको कुरा हो। दाऊदको अनुरोध यस प्रकारको थियोः 'परमप्रभुको उपस्थितिदेखि टाढ़ा अर्थात् विदेशी मुलुकमा म मर्नु नपरोस्!' (१ शमूएल २६ः२०)। शाऊलले त पहाड़हरूहुँदो एउटा तित्राको शिकार गरेझैं तिनीजस्तै उपियाँलाई शिकार गर्दैथिए।

**१ शमूएल २६ः२१-२५ः** शाऊलले 'दाऊदले फेरि मेरो जीवन बचाएको' थाहा पाएपछि पश्चात्ताप गरे। उनले दाऊद उनीभन्दा धर्मी भएको कुरा स्वीकार गरे; किनकि उनले विनाकारण दाऊदको ज्यान लिन खोजेका थिए, तर दाऊदले उनको जीवन बचाइदिए, जब तिनले आफ्नो आत्मरक्षाको नाममा राजालाई मार्न सक्नेथिए। 'परमप्रभुले मेरो धार्मिकतामाथि ध्यान दिऊन्!' यो तिनको परमप्रभुसँगको अन्तिम अनुरोध थियो। त्यसपछि शाऊलले दाऊदलाई आशीर्वाद दिए र 'मेरा छोरा दाऊद' भनेर दाऊदको भावी महानताको विषयमा भविष्यवाणी गरे। त्यसपछि दाऊद आफ्नो बाटो लागे, र शाऊल आफ्नो शहरतिर फर्के।

### च) १ शमूएल २७-३०ः दाऊद पलिस्ती-हरूको देशमा बसेको

#### अ) १ शमूएल २७ः दाऊदले सिक्लग प्राप्त गरेको

**१ शमूएल १७ः१-४ः** निरन्तर मृत्युको मुखमा परेर भागदौड़ गरेको दबाउले अन्तमा दाऊदलाई नराम्रो असर गऱ्यो। परमप्रभुको अद्‌भुत वास्ता दाऊदले यहाँसम्म अनुभव गर्दैथिए, रपनि तिनको विश्वास डगमगायो। 'म त इस्राएलको अभिषिक्त राजा हुँ' भन्ने तथ्य तिनले बिर्से। के परमेश्वरले व्यर्थमा तिनको राजा-अभिषेक गर्नुभयो ? तिनलाई राजाको रूपमा अभिषेक गरेर के तिनले सत्ता पाउनुभन्दा अघि उहाँले तिनको हत्याको लागि कहाँ अनुमति दिनुहुनेथियो र ! के परमेश्वरले तिनलाई शाऊलको हातमा सुम्पन तिनलाई गोल्यतको हातबाट बचाउनुभएको हो र ? होइन, तर यो बुझ्नुहोस्, कि हाम्रा परिस्थितिहरूले हाम्रो दृष्टिकोण बिगार्न सक्छन्। अनि वर्तमान खतराले प्रायः परमेश्वरका प्रतिज्ञाहरू धमिलो पार्छ। दाऊद फेरि पलिस्तीहरूको देशमा भागे, र तिनले गातका राजा आकिशसित सम्पर्क गरे। तिनी अघि यहाँ आएको धेरै समय भइसकेको थियो; अनि हुन सक्छ, आकिशलाई थाहा थियो कि तिनी भागेका थिए। यी अन्य-जातिका राजाले तिनलाई न्यानो स्वागत गरे र तिनमा एक बहादुर योद्धा र इस्राएलको विरुद्धमा एक सहयोगी देखे होलान्। अनि सायद, यिनी दाऊदले १ शमूएल २१ः१० पदमा भेटेका आकिश थिएनन् कि कसो हो ? किनभने 'आकिश'चाहिँ पलिस्तीहरूको बीचमा राजाहरूको निम्ति एउटा चल्ती नाम थियो।[22] अनि जब शाऊलले 'दाऊद भागे र तिनले देश छोड़े' भन्ने सुने, तब उनले तिनको खेदो गर्न छोड़े।

**१ शमूएल २७ः५-७ः** गत पटक जब दाऊद गातमा थिए (१ शमूएल २१), तब आकिशका सेवकहरूले तिनलाई शङ्का गरेका थिए र तिनलाई मार्न खोजेका थिए। दाऊदले यो कुरा बिर्सेनन्। विनम्रताको स्वाङ देखाउँदै गरेको दाऊदले राजधानीमा बस्न इन्कार गरे र आफ्नो बसाइको निम्ति अर्को एउटा शहर मागे। अनि तिनलाई सिक्लग शहर दिइयो, जुन शहरचाहिँ त्यस समयमा इस्राएलको सिमानाको नजिक परेको थियो, तर वास्तवमा पहिले यहूदाको भागभित्र परेको थियो (यहोशू १५ः३१)।

**१ शमूएल २७ः८-१२ः** दाऊद पलिस्ती-हरूसँग बसेको समय सोह्र महिना थियो, जुन अवधिमा तिनले गशूरीहरू, गेज्रीहरू र अमालेकीहरूलाई आक्रमण गरे। यी जाति-हरू कनान देशका अन्यजातीय बासिन्दाहरू थिए, जसको विनाश परमेश्वरले आदेश दिनुभएको थियो (प्रस्थान १७ः१४; यहोशू १३ः१३; १ शमूएल १५ः२-३)। निर्वासनमा हुँदा पनि दाऊदले परमप्रभुका लड़ाइँहरू लड़िरहेका थिए। कति अनौठो कुराः परमप्रभुले तिनलाई इस्राएलका शत्रुहरूमाथि विजय दिएर तिनलाई बचाउनुहुन्छ भन्ने कुराको सम्बन्धमा तिनले परमप्रभुमाथि भरोसा गर्न सके, तर शाऊलबाट सुरक्षा पाउन तिनले उहाँमाथि भरोसा गर्न सकेनन्।

#### आ) १ शमूएल २८ः शाऊलको अन्तको विषयमा आएको भविष्यवाणी

**१ शमूएल २८ः१-२ः** अब दाऊदको परिस्थिति एकदमै अप्ठ्यारो भयो। किनकि पलिस्तीहरू इस्राएलको विरुद्धमा लड़ाइँ गर्न निस्किरहेका थिए, र राजा आकिशले दाऊदलाई तिनीहरूको साथमा लाग्ने आदेश दिए। यस कुरामा तिनी राजी थिए। तर १ शमूएल २८ः२ पदमा 'तपाईंको दासले के

गर्न सक्दो रहेछ भन्ने कुरा तपाईंले निश्चय गरी जान्नुहुनेछ' भनेर दाऊदले व्यक्त गरेका शब्दहरूमा दुईवटा अर्थ लाग्न सक्छन्ः एक, 'तपाईंको दासले तपाईंलाई मद्दत गरेर के गर्न सक्दो रहेछ भन्ने कुरा तपाईंले निश्चय गरी जान्नुहुनेछ' अथवा दुई, 'तपाईंको दासले दुईरङ्गी चाल गरेर के गर्न सक्दो रहेछ भनेर तपाईंलाई पक्का थाहा हुनेछ!' आकिशले दाऊदका शब्दहरू पहिलो अर्थमा लिए र तिनलाई आफ्नो अङ्गरक्षक टोलीको सदस्य बनाए।

**१ शमूएल २८ः६-८ः** लड़ाइँमा जुध्न यी दुईवटा विरोधी सेनाहरू इस्राएलको उत्तर-पश्चिममा यिज्रेएलको मैदानमा अर्थात् हारमागेड्डोनको उपत्यकामा भेला भए। पलिस्तीहरूले शूनेममा र इस्राएलले गिल्बोअमा छाउनी हाले। अनि जब शाऊलले न सपनाद्वारा, न ऊरीमद्वारा, न ता भविष्य-वक्ताहरूद्वारा परमप्रभुबाट कुनै उत्तर पाउन सके, तब उनले भूतप्रेत खेलाउनेलाई खोजे। यसभन्दा अघि उनले इस्राएल देशमा सबै भूतप्रेत खेलाउनेहरूलाई मार्ने वा निर्वासन गर्ने आदेश दिएका थिए; अनि यो आदेश मोशाको व्यवस्थाअनुसार थियो। तर अब एउटी भूतप्रेत खेलाउने स्त्री एन-डोरमा फेला परी। तब शाऊलले आफ्नो भेष बदले र उनी त्यस स्त्रीकहाँ आए, जसले उनको निम्ति भूतप्रेत खेलाएर जोखना हेर्नुपरेको थियो।

**१ शमूएल २८ः९-१०ः** तर त्यस भूतप्रेत खेलाउने स्त्रीको प्रमुख चिन्ताचाहिँ आफ्नो सुरक्षा थियो। यसकारण त्यस स्त्रीले आफ्नो आगन्तुक पाहुनालाई भूतप्रेत खेलाउने र टुनामुना गर्नेहरूको विषयमा राजाले गरेको उर्दीको सम्झना दिलाइन्। तब कसरी, अँ, कसरी शाऊलले परमप्रभुको नाममा त्यस स्त्रीलाई सुरक्षा दिन्छु भन्ने प्रण दिन सके? किनभने परमप्रभु आफूले नै त्यस्ता व्यक्ति-हरूलाई मृत्युदण्ड दिने आदेश दिनुभयो। तब त्यही परमेश्वरको नाममा शपथ खाएर त्यस भूतप्रेत खेलाउने स्त्रीको सुरक्षा कसरी सुनिश्चित गर्न सकियो, यो हाम्रो निम्ति एउटा गूढ़ प्रश्न र पेचदार कुरा हो।

**१ शमूएल २८ः११-१४ः** अबचाहिँ वास्तवमा के भएको थियो, यसको विषयमा टिप्पणीकारहरूको बीचमा सहमत छैन। कतिजनाको विचारमा, एउटा दुष्ट आत्माले शमूएलको भेष लियो होला। अरूले के भन्छन् भने, परमेश्वरले यस भूतप्रेत खेलाउने गोष्ठीमा हस्तक्षेप गरेर शमूएललाई देखा पर्न दिनुभयो। अनि यो दोस्रो धारणा बढ़ी पत्यारलाग्दो देखिन्छ। यसको निम्ति हामी निम्न कारणहरू पेश गर्छौंः **क)** शमूएल अचानक देखा परेकोमा त्यो भूतप्रेत खेलाउने स्त्री छक्कैछक परी, जुन स्त्री भूतप्रेतहरूसँग सुपरिचित थिई। **ख)** अनि यस खण्डले देखा परेका व्यक्ति शमूएल नै थिए भनेर निर्दिष्ट गर्छ। **ग)** अनि अन्तमा, त्यस प्रेतले भोलिपल्ट के हुनेथियो, सो सही किसिमको भविष्यवाणी गर्‍यो।

**१ शमूएल २८ः१५-१९ः** शाऊलले शमूएललाई उनी मरेकाहरूको ठाउँबाट अर्थात् अधोलोकबाट माथि बोलाइएको कारण के हो, सो कुरा बताइदिए। शमूएलको हप्कीले राजालाई गहिरो चोट पुर्‍याएको हुनुपर्छ। किनकि शमूएलले जुन परमेश्वरको सेवा गरेका थिए, उनको ती परमेश्वर चुप रहनुभयो भने के शमूएलले शाऊललाई कुन हिसाबले सहायता गर्न सक्नेथिए र? उनलाई सहाया गर्ने कुरा पर जाओस्, शमूएलले शाऊलका गहन-गहन डरहरू पुष्टि पो गरि-दिए। उनीबाट राज्य खोसेर दाऊदलाई दिइनेथियो; यो कुरा उनलाई पहिले नै भनिएको थियो। पलिस्तीहरूले भोलिपल्ट इस्राएललाई पराजित गर्नेथिए, अनि शाऊल र उनका छोराहरूको मृत्यु हुनेथियो, र उनीहरू अधोलोकमा शमूएलसित सामिल हुनेथिए।

उनीहरू र शमूएलको अनन्त भाग्य एउटै भएको, यस भनाइको मतलब यो होइन। हामीले शाऊल र उनका छोराहरूलाई उनीहरूका फलहरूबाट जाँच्यु हो भने, स्पष्ट के देखिन्छ भने, शाऊलचाहिँ अविश्वासी थिए, तर योनातान विश्वासको जन थिए।

**१ शमूएल २८ः२०-२५ः** अर्को साँझ पर्नुभन्दा अगाड़ि नै शाऊलका सबै पापहरूको दण्ड उनले पाइसकेका हुनेथिए। 'मौसुफ, आफ्नो बाटोमा लाग्नुभन्दा अघि केही खाना लिनुहोस्' भनेर उपस्थित भएका सबैजना मिलेर मुष्किलले उनलाई करमा पार्न सफल भए। तब पोसिएको बाछो मारियो, तर उत्सव मनाउनका लागि होइन। किनकि उदास मौनता छायिएको अवस्थामा दोषी व्यक्तिले रातभित्र गायब हुनुभन्दा अघि आफ्नो अन्तिम खाना खाँदैथिए।

### इ) १ शमूएल २९ः आकिशले दाऊदलाई इन्कार गरेर फर्काएको

**१ शमूएल २९ः१-५ः** जब पलिस्तीहरू लड़ाइँको लागि भेला भए, तब दाऊद र तिनका मानिसहरूले आकिशसित पलिस्तीहरूको सेनाको सबैभन्दा पछाड़िको भागमा मार्चपास गरिरहेका थिए। पलिस्तीहरूका केही शासकहरूले बुद्धिमानीसाथ दाऊदको उपस्थितिको विरोध गरे। किनकि लड़ाइँ चलेको बेलामा तिनी तिनीहरूमाथि आइलाग्न सक्नेथिए भन्ने कुरा तिनीहरूले महसुस गरेका थिए। तिनले राजा शाऊलसँग सबैभन्दा असल ढङ्गले कसरी मेलमिलाप गर्न सक्नेथिए? के पलिस्तीहरूका टाउकाहरू रास पारेर होइन र? के तिनी यी दाऊद होइनन्, जसको विषयमा इस्राएलीहरूले 'शाऊलले आफ्ना हजारौंलाई, तर दाऊदले आफ्ना लाखौंलाई मारे' भन्ने नारा लगाएर तिनको प्रशंसा गरेका थिए, होइन र?

**१ शमूएल २९ः६-११ः** तिनीहरूको तर्क जायज र मुनासिब थियो। यसकारण आकिशले दाऊदलाई सिक्लगमा फर्कन अनुरोध गरे। दाऊदजस्तो परमेश्वरको जनको लागि तिनको जवाफ अयोग्य देखिन्छ; किनभने तिनले 'मेरा प्रभु राजाका शत्रुहरूको विरुद्धमा लड़ाइँ गर्न पाऊँ' भनेर तिनले आकिशको आदेश विरोध गरे। याद रहोस्ः यी शत्रुहरू त दाऊदको जातिका मानिसहरू थिए। दाऊदले आकिशसँग पहिले झूट बोलेका थिए (१ शमूएल १७); यसकारण हुन सक्छ, यो तिनको पलिस्तीहरूलाई धोका दिने अर्को प्रयास थियो होला। तर मानौं, तिनले साँच्ची नै इस्राएलको विरुद्धमा लड़ाइँ गर्न खोजेका थिए भने परमेश्वरले तिनलाई यसो गर्नदेखि रोकिराख्नुभयो र तिनलाई आफ्ना सँगी-इस्राएलीहरूलाई मारेको र तिनीहरूको विरुद्धमा पलिस्तीहरूको हात बलियो पारेको शर्मदेखि बचाइदिनुभयो। दाऊदलाई गोल्यतको तरवार इस्राएलको विरुद्धमा प्रयोग गर्न दिइनेथिएन।

### ई) १ शमूएल ३०ः दाऊदद्वारा अमालेकीहरूको पराजय भएको

**१ शमूएल ३०ः१-६ः** अनि जुन बेलामा दाऊद आकिशका सेनाहरूसित उत्तरतिर अघि बढ़िरहेका थिए, त्यस बेलामा अमालेकीहरूले सिक्लगमाथि आक्रमण गरे, र स्त्रीहरू र केटाकेटीहरूलाई कैदी बनाए। यसकारण जब दाऊद फर्केर सिक्लगमा आइपुगे, तब तिनले आफ्नो शहर धूवाँ उठिरहेका अवशेषहरूको रूपमा फेला पारे। के यो तिनी पलिस्तीहरूसँग लागेकोले तिनीमाथि आइपरेको परमेश्वरको न्याय थियो? यसो हो भने, दाऊदले परमेश्वरको स्वभावको विषयमा ठूलो अन्तर्दृष्टि देखाए; किनकि सबै कुराहरू र सबैजना तिनको विरुद्धमा हुँदा तिनी

सान्त्वना पाउन उहाँकहाँ गए। तिनले आफूलाई परमप्रभु आफ्ना परमेश्वरमा बलियो तुल्याए; किनभने तिनलाई थाहा थियो कि यस्तो भारी सङ्कष्टमा परेको बेलामा शक्ति-सामर्थ्य प्राप्त गर्न परमेश्वरबाहेक शरण लिन सक्ने अरू कोही पनि थिएन। किनकि केवल परमप्रभु परमेश्वरको बारेमा यसो भनिएको छः *'उहाँले च्यातचुत पार्नुभएको हो, र उहाँले नै हामीलाई निको पार्नुहुनेछ; उहाँले हिर्काउनुभएको हो, र उहाँले नै हामीलाई मलहमपट्टी बाँध्नुहुनेछ'* (होशे ६:१)।

**१ शमूएल ३०:७-१५:** परमप्रभुसँग सोधखोज गरिसकेपछि दाऊदले सफल हुन्छु भन्ने निश्चयता पाए, र तिनी अमालेकीहरूको पछि लागे। तिनका दुई सयजना मानिसहरू अर्थात् तिनको दलको एक तिहाई बसोर खोलादेखि अघि बढ्न सकेनन्; किनभने शारीरिक हिसाबले तिनीहरू तीन दिनको सिक्लगसम्मको यात्राबाट थकित भएका थिए र मानसिक हिसाबले भर्खर मात्र आफ्ना पत्नी र छोराछोरीहरूलाई गुमाउनुपरेकोमा पूरा विचलित भएका थिए। दाऊदले तिनीहरूलाई त्यहीं छोड़े र बाँकी चार सय मानिसहरूलाई लिएर तिनी आफै थकित भएर पनि दक्षिणतिर लागेर यी आक्रमणकारीहरूलाई खेद्दै रहे। केही समयपछि तिनीहरूले खुला मैदानमा एकजना बिरामी मिस्रीलाई भेट्टाए, जसलाई त्यसको अमालेकी मालिकले त्यहाँ मर्न छोड़ेको थियो। त्यसलाई खाना र पानी दिइयो, अनि चाँड़ै त्यसले केही बल प्राप्त गर्‍यो। सुरक्षाको सर्तमा त्यस मानिसले दाऊदलाई अमालेकीहरूको छाउनीमा लग्यो।

**१ शमूएल ३०:१६-२५:** मातिरहेका अमालेकीहरूले आफ्नो विजयको उत्सवमा एकाएक एकजना अप्रत्याशित अतिथिलाई फेला पार्ने आशा गरेका थिएनन्। दाऊदले चितुवाले झैं ती उत्सव मनाउनेहरूमाथि झम्टे र यत्रो शक्तिशाली दललाई पूरा रूपले पराजय गरे। चार सय जनहरू मात्र तरवारबाट उम्के र ऊँटहरूमा चढ़ेर भागे। हिब्रू बन्दीहरू सबै कुनै हानिविना मुक्त भए र लुटका धेरैभन्दा धेरै मालहरू हासिल गरिए – यो सब चौबीस घण्टाभन्दा कम समयभित्र भयो। अनि दाऊदले आफ्नो हिस्साको रूपमा अमालेकीहरूबाट कब्जा गरिएका भेड़ाहरू र गाईवस्तुहरू पाए। तर तिनका केही मानिसहरूले बसोर खोलामा पछाड़ि छोड़िका आफ्ना साथीहरूसित लुटका बाँकी मालहरू बाँड़चुँड़ गर्न चाहेनन्। तर दाऊदले 'लड़ाइँमा जानेहरूको भाग जत्रो हुन्छ, मालसामानहरूसित पर्खिबस्नेहरूको भाग पनि त्यत्रै हुनेछ; तिनीहरूले बराबर बाँड़्नेछन्' भनेर एउटा नियम स्थापित गरे। (यस सम्बन्धमा गन्ती ३१:२७ पद पनि हेर्नुहोस्)।

**१ शमूएल ३०:२६-३१:** दाऊदले आफ्नो लुटको मालबाट यहूदामा बस्ने आफ्ना विभिन्न साथीहरूकहाँ उपहारहरू पठाइदिए। यी उपहारहरू ती सबै ठाउँहरूमा पठाइए, जहाँ-जहाँ तिनी र तिनका मानिसहरूले बितेको समयमा आउजाउ गर्ने गर्थे। यी उपहार-हरूचाहिँ परमेश्वरले तिनका शत्रुहरूभन्दा तिनकै उन्नति गर्नुभयो भन्ने कुराको साक्षी थिए। हुन सक्छ, शाऊल मरिसकेका छन् भन्ने कुरा थाहै नपाई तिनले शाऊलको विरुद्धमा चलिरहेको आफ्नो संघर्षमा सहायता पाउन आफ्ना विभिन्न साथीहरूसँगको मित्रता झन् बलियो तुल्याउने प्रयास पनि गरे होलान्।

## खण्ड ४) १ शमूएल ३१ः शाऊलको मृत्यु

**१ शमूएल ३१ः१-६ः** यता दाऊदले लड़ाइँमा सफलता प्राप्त गरे भने, उता शाऊलको हार भयो। इस्राएलीहरू पछाड़ि धकेलिए, र राजाका तीनजना छोराहरू मारिए। अनि शाऊलचाहिँ – उनी धनुर्धारीहरूद्वारा साह्रै घाइते भएका थिए। गिल्बोअको पहाड़मा उनी मर्ने लागेको बेलामा उनले आफ्नो हतियार बोक्नेलाई 'मलाई मारिदेऊ' भनी विन्ती गरे; किनकि पलिस्तीहरूले उनलाई जिउँदै भेट्टाएर दुर्व्यवहार गर्नुभन्दा त यसरी मर्नु बेस हुनेथियो। तर त्यो मानिस राजालाई प्रहार गर्न डराएको थियो; यसैले शाऊलले आफ्नो तरवार थुतेर आफैलाई त्यस तरवारमाथि रोपे र यसरी आफ्नो ज्यान आफूले लिए। त्यसको केही समयपछि उनको हतियार बोक्नेले पनि त्यसै गरे।

**१ शमूएल ३१ः७-१३ः** तब इस्राएल पूरै हतोत्साहित भयो, र तिनीहरू विरोधी सेनाबाट पछि हटे। अनि जब पलिस्तीहरू मरेकाहरूलाई लुट्न आए, अनि तिनीहरूले शाऊल र उनका तीनजना छोराहरूलाई मारिएकाहरूको बीचमा भेट्टाए, तब तिनीहरूले शाऊलको टाउको काटे र आफ्नो पलिस्ती देशभरि सन्देश पठाए। शाऊलको लास र उनका छोराहरूका लासहरू बेत-शानमा लगिए र त्यस शहरको पर्खालमा झुण्ड्याइए। तर जब याबेश-गिलादका मानिसहरूले यो कुरा सुने, तब तिनीहरूले ती लासहरू लिन राति दस माइल यात्रा गरे। उनीहरूका लासहरू जलाइए र बाँकी रहेका हाड़खोड़जति तिनीहरूले याबेशमा एउटा इमलीको रूखमनि संस्कारसहित गाड़िदिए। राजाको रूपमा आफ्नो पहिलो ठूलो लड़ाइँमा शाऊलले तिनीहरूलाई कसरी अम्मोनीहरूको हातबाट बचाएका थिए, सो गुण यी मानिसहरूले बिर्सेका थिएनन् (१ शमूएल ११)। इस्राएलमा दाह संस्कार गर्ने चलन थिएन। यसकारण यहाँ, यस ठाउँमा अपनाएको दाह संस्कार गरिएको कारण हामीले ती लासहरूको धेरै बिगारमा भएको देख्नुपर्ला। अनि यसो हुँदा यस कुराले पलिस्तीहरूलाई ती लासहरूको अझै बढ़ी अपमान गर्ने मौका दिनेथिएन।

अब शाऊलमाथि परमेश्‍वरको न्याय पूरा भएको थियो (१ इतिहास १० अध्यायको टिप्पणीहरूमा हेर्नुहोस्)। धेरै पल्ट शाऊलले दाऊदलाई पलिस्तीहरूको हातद्वारा मार्ने प्रबन्धहरू मिलाउने कोशिश गरेका थिए, तर अन्तमा तिनीहरूद्वारा ढल्ने उनी आफू भए। अनि दाऊदले परमेश्‍वरले तिनको लागि निर्धारित गरिदिनुभएको सिंहासन प्राप्त गरे। शाऊलले आफ्ना कामहरूको उचित प्रतिफल पाए; किनकि दाऊदले धार्मिक न्यायको निम्ति उनलाई घरिघरि परमप्रभुको हातमा सुम्पे।

## ENDNOTES:

1) **Introdution:** The Jewish scholar Abarbanel explained the tradition this way: 'All the contents of both books may in a certain sense be referred to Samuel, even the deeds of Saul and David because both, having been anointed by Samuel, were, so to speak, the work of his hands" (quoted by Erdmann, 'The Books of Samuel,' Lange's Commentary on the Holy Scriptures, p. 1).
2) **Introduction:** Eugene H. Merrill, *"1 Samuel," The Bible Knowledge Commentary*, p. 432.
3) **1:11–18:** Bishop Hall, quoted in Spurgeon's Devotional Bible, p. 222.
4) **1:19–28:** Gesenius and other Hebrew scholars believed the name means name (Shem) of God.
5) **3:1–3:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 140.
6) **6:19–21:** Flavius Josephus, *The Works of Flavius Josephus* (Ant. vi 1:4), p. 178.
7) **6:19-21:** C.F. Keil and F. Delitzsch, "The Books of Samuel," *Biblical Commentary on the Old Testament*, VII:68
8) **10:7–9:** Some Evangelical scholars consider Saul a believer, but one who became terribly backslidden and then mentally deranged. They argue that it is improbable that God would choose an unregenerate person to be the first king of His chosen people.
9) **10:17–19:** Matthew Henry, *"I Samuel," in Matthew Henry's Commentary on the Whole Bible*, II:334, 35.
10) **12:1–13:** The names Bedan and Barak look much alike in the ancient texts. Hebrew "d" (dalet) and "r" (resh) are often confused in copying, as well as the final forms of "n" (nun) and "k" (kaph).
11) **13:1:** A large part of OT manuscripts problems have to do with the Hebrew system of numbers, which were easy to miss-copy. See commentary on Chronicles for more details on this.
12) **13:2–5:** See previous note.
13) **14:16–23:** The old ERV of 1885 reads: "Bring hither the Ephod: for he wore the Ephod at that time before Israel."
14) **15:13–35:** Christian F. Erdmann, "The Books of Samuel," in Lange's Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletical, III:209.
15) **16:14–23:** Dr. Rendle Short, further documentation unavailable.
16) **17:55–58:** The Septuagint omits these verses.
17) **17:55–58:** George Williams, *Student's Commentary*, p. 152.
18) **17:55–58:** Michael Griffiths, *Take My Life*, p. 128.
19) **21:10–15:** DeRothschild, further documentation unavailable.
20) **23:13–18:** Perhaps he felt a loyalty to his father's position even though he knew that he was personally in the wrong.

**21) 26:21–25:** These may have been mere words. On the other hand, if Saul was sincere it could be an argument that in spite of his sin and his paranoia he did have faith in God.

**22) 27:1–4:** Keil and Delitzsch, suggesting a fifty-year reign as "not impossible," believe the same Achish is mentioned in both texts, as well as in 1 Kgs. 2:39 ("Samuel," VII:255).

## BIBLIOGRAPHY

(1 and 2 Samuel)

Blaikie, William Garden. "The First Book of Samuel." In *The Expositor's Bible*. London: Hodder and Stoughton, 1909.

_____. "The Second Book of Samuel." In *The Expositor's Bible*. London: Hodder and Stoughton, 1909.

Erdmann, Christian F. "The Books of Samuel." In Lange's *Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletical*. Vol. 3. Grand Rapids: Zondervan Publishing House, 1960.

Grant, F. W. "Samuel." In *The Numerical Bible*. Vol. 2. New York: Loizeaux Brothers, 1904.Henry, Matthew. "The Books of Samuel." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 2, Joshua to Esther. McLean, VA: MacDonald Publishing Company, n.d.

Jensen, Irving L. *I & II Samuel*. Chicago: Moody Press, 1968.

Keil, C. F., and Delitzsch, F. "The Books of Samuel." In *Biblical Commentary on the Old Testament*. Vol. 7. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Laney, J. Carl. *First and Second Samuel*. Everyman's Bible Commentary. Chicago: Moody Press, 1982.

Merrill, Eugene H. "1 and 2 Samuel." In *The Bible Knowledge Commentary. Old Testament*. Wheaton, IL: Victor Books, 1985.

Meyer, F. B. *Samuel*. Chicago: Fleming H. Revell Co., n.d. Reprint. Fort Washington, PA: Christian Literature Crusade, 1978.

# २ शमूएलको पुस्तकको टिप्पणी

# दोस्रो शमूएलको पुस्तकको भूमिकाः

*'राजा दाऊदचाहिँ यस पुस्तकको महान् व्यक्ति हुन्; र उनी ज्योतिमा हिँड्दै गर्दा उनी मसीह राजाको धनी बहुमुखी प्रतीक हुन् । यस पुस्तकको पहिलो भागचाहिँ दाऊदले आफ्नो विश्वास र द्वन्द्वले पूर्ण जीवनमा हासिल गरेका विजयहरूको वर्णन हो; अनि दोस्रो भागचाहिँ समृद्धिले उनलाई विश्वासको मार्गबाट बहकाएको र उनको स्वेच्छाचारको निम्ति ढोका खोलेको बेलामा उनले भोग्नुपरेका हारहरूको बारेमा लेखिएको हो ।'*

*श्री जर्ज विलियम्स*

जानकारीः दोस्रो शमूएलको पुस्तकको परिचयको लागि पहिलो शमूएलको पुस्तकको भूमिका हेर्नुहोस् !

## रूपरेखा

**खण्ड १) २ शमूएल १-१०ः सत्तामा दाऊदको उदय**

**क) २ शमूएल १ः** दाऊदले शाऊल र योनातानका निम्ति विलाप गरेको

**ख) २ शमूएल २ः१-७ः** दाऊद यहूदाका राजाको रूपमा राज्याभिषेक भएको

**ग) २ शमूएल २ः८-४ः१२ः** शाऊलको घरानासँग दाऊदको संघर्ष जारी रहेको

**घ) २ शमूएल ५ः** दाऊद सम्पूर्ण इस्राएलमाथि राजाको रूपमा राज्याभिषेक भएको

**ङ) २ शमूएल ६ः** परमप्रभुको सन्दुक यरूशलेममा फिर्ता ल्याइएको

**च) २ शमूएल ७ः** दाऊदसँग परमेश्वरको करार

**छ) २ शमूएल ८ः** इस्राएलका शत्रुहरूको हार

**ज) २ शमूएल ९ः** मेपिबोशेतलाई देखाइएको दया

**झ) २ शमूएल १०ः** थप विजयहरू

**खण्ड २) २ शमूएल ११-१२ः दाऊदको पतन**

**क) २ शमूएल ११ः** बतशेबा र ऊरियाहको विरुद्धमा दाऊदका अपराधहरू

**ख) २ शमूएल १२ः** दाऊदले परमप्रभुलाई आफ्नो पाप स्वीकार गरेको

**खण्ड ३) २ शमूएल १३-२०ः दाऊदका विभिन्न समस्याहरू**

**क) २ शमूएल १३ः१-१९ः** अम्नोनद्वारा तामारको बलात्कार भएको

**ख) २ शमूएल १३:२०-३९:** अम्नोनसित अब्शालोमले बदला लिएको र भागेको

**ग) २ शमूएल १४:** अब्शालोम यरूशलेममा फर्केको

**घ) २ शमूएल १५:१-१८:** अब्शालोमको विद्रोह र दाऊद भागेको

**ङ) २ शमूएल १५:१९-१६:१४:** दाऊदका मित्रहरू र शत्रुहरू

**च) २ शमूएल १६:१५-१७:२३:** अब्शालोमका सल्लाहकारहरू

**छ) २ शमूएल १७:२४-१९:८:** अब्शालोमको मृत्यु र दाऊदको विलाप

**ज) २ शमूएल १९:९-४३:** दाऊद निर्वासनबाट फर्केका

**झ) २ शमूएल २०:** शेबाको विद्रोह र मृत्यु

## खण्ड ४) २ शमूएल २१-२४: यस पुस्तकको परिशिष्ट

**क) २ शमूएल २१:** अनिकाल र त्यसको अन्त

**ख) २ शमूएल २२:** दाऊदको धन्यवादको भजन

**ग) २ शमूएल २३:** दाऊदका शूरवीर योद्धाहरू

**घ) २ शमूएल २४:** दाऊदको जनगणना र त्यसका परिणामहरू

# दोस्रो शमूएलको पुस्तकको टिप्पणी

## खण्ड १

## २ शमूएल १–१०:

## सत्तामा दाऊदको उदय

### क) २ शमूएल १: उनले शाऊल र योनातानका निम्ति विलाप गरेको

**२ शमूएल १:१-१६:** १ शमूएल २९ अध्यायमा परमप्रभुले दाऊदलाई त्यस लड़ाइँमा जानबाट जोगाउनुभयो, जुन लड़ाइँमा शाऊल र योनातानले आफ्ना ज्यान गुमाए भन्ने कुरा उल्लेख गरिएको छ। त्यस लड़ाइँमा जानुभन्दा त उनी सिक्लगमाथि आक्रमण गरेका अमालेकीहरूसँग लड़ाइँ गर्न व्यस्त थिए (१ शमूएल ३०)। उनी सिक्लगमा फर्किआएपछि शाऊलको मृत्युको खबर लिएर एकजना सन्देशवाहक देशको उत्तरतिरबाट उनीकहाँ आएको थियो। त्यही सन्देशवाहकको लुगा च्यातिएको थियो र त्यसको टाउकोमाथि माटोको धूलो हालिएको थियो, जुन च्यातिएको लुगा र जुन माटोको धूलोचाहिँ शोक प्रकट गर्ने लक्षणहरू थिए। शत्रुको सेना शाऊलको नजिकै आइपुगेको र तिनलाई चोट लागेको अवस्थामा तिनी आफ्नो भालामा अड़ेसिँदै गरेको बेलामा त्यसले तिनलाई फेला पारेको थियो भनेर बताइदियो। शाऊलले त्यस अमालेकी मानिसलाई 'मलाई मारिदेऊ' भनेर मृत्युको प्रहार दिने आज्ञा दिएका थिए अरे। अनि त्यस मानिसका आफ्नै शब्दअनुसार त्यसले शाऊलको यो आदेश शिरोपर गरेर यसअनुसार गरिहालेको थियो। तर त्यस मानिसले दिएको शाऊलको मृत्युको विवरणचाहिँ १ शमूएल ३१ अध्यायमा उल्लेख गरिएको वर्णनसित मेल खाँदैनथियो; किनभने १ शमूएल ३१ अध्यायअनुसार कुरा स्पष्ट छः शाऊलले आत्महत्या गरेका थिए। यसकारण हामीले मानिलिनुपर्छ, कि त्यस अमालेकीले दिएको विवरण झूटो थियो। दाऊद शाऊलको ज्यान लिनेलाई भेट्दा खुशी हुनेछन् र उनले त्यसलाई उत्तम इनाम दिनेछन् भनेर त्यसले सोचेको थियो। तर दाऊदले त्यस दिनभरि गहिरो शोक गरे, र साँझमा उनले त्यस अमालेकीलाई मृत्युदण्ड दिन आदेश दिए; किनभने त्यसले परमप्रभुको अभिषिक्त जनलाई मारेको थियो।

अमालेकीहरू इस्राएलका कट्टर शत्रुहरू थिए (प्रस्थान १७)। अनि शाऊलले राज्य

गुमाउनुपरेको एउटा कारण के थियो भने, तिनले तिनीहरूमाथि परमप्रभुको क्रोध पूरा गरेनन्; तिनी यसो गर्न असफल भएका थिए (१ शमूएल १५)। अनि भर्खरै दाऊदले केही अमालेकीहरूलाई, तिनीहरूले सिक्लग शहर लुटेका हुनाले मारेका थिए। यसकारण जब त्यो अमालेकी मानिस दाऊदको छाउनीमा आइपुग्यो, र 'मैले शाऊललाई मारें' भन्ने कुरा सुनायो, तब त्यसले इनाम होइन, तर तरवारको धार चाख्न पायो। यस कुरामा हामीलाई अचम्म लाग्दैन।

**२ शमूएल १:१७-१८:** शाऊलको मृत्युमा हर्षित हुनुको सट्टामा दाऊद बेसरी रोए; निश्चय योचाहिँ दाऊदको महानताको लक्षण थियो। अनि श्री ओटो भोन गेर्लकले यहाँ दाऊद र ख्रीष्ट येशूको बीचमा केही समानान्तरता देखेका छन्, जब तिनले यसो लेखेका छन्:

> 'याबेशका मानिसहरूले बाहेक दाऊदले शाऊलको लागि गहिरो शोक गरे – ती मानिसले, जुन मानिसलाई शाऊलले धेरै वर्षसम्म घृणा गर्दैथिए र जसलाई उनले आफ्नो मृत्युको समयसम्म सताइरहेका थिए। ठीक त्यस्तै ख्रीष्ट येशू दाऊदका उत्तराधिकारी यरूशलेमको पतनको विषयमा त्यस बेलामा रुनुभयो, जुन बेलामा यरूशलेमका मानिस-हरूले उहाँलाई नाश गर्न लागेका थिए।' 1)

अनि दाऊदले 'धनुषको गीत' शीर्षकमा एउटा हृदयस्पर्शी विलाप-गीत रचे। अनि हुन सक्छ, याशारको पुस्तकचाहिँ कविताहरूको संग्रह थियो, जुनचाहिँ इस्राएलका महात्मा-हरूको बारेमा लेखिएको थियो (यहोशू १०:१३ पद पनि हेर्नुहोस्)। अनि याशारको अर्थ 'सीधा' वा 'इमानदार' हो। हामीलाई थाहा भएअनुसार त्यो पुस्तक हालैमा पाइँदैन, अनि यो निश्चित छ, कि त्यो पुस्तक पवित्र धर्मशास्त्र बाइबलको अंश पनि थिएन।

**२ शमूएल १:१९-२७:** दाऊदको उत्तेजित गीति-काव्यले इस्राएलको सुन्दरतारूपी शाऊल र योनातानको मृत्युमा विलाप गर्छ। यस राजसी कविताले पलिस्तीहरूका शहर-हरूलाई राजा र तिनका छोराहरूको मृत्युको खबर नसुनाओ भन्ने चेताउनी दिन्छ, नत्रता तिनीहरू तिनीहरूका मृत्युमा रमाउनेथिए। गिल्बोअका पहाड़हरूमा शाऊलको मृत्यु भएको थियो; यसकारण यस दिव्य वाणीअनुसार यी पहाड़हरूमा खड़ेरी र बाँझोपन आओस्; किनकि त्यहाँ शाऊलको ढालमा तेल लागिएको थिएन जस्तै त्यो भुइँमा फ्याँकियो (२ शमूएल १:२१), मानौं त्यो ढाल काम नलागेर खारेज गरियो र अब लड़ाइँमा प्रयोग गर्न निकम्मा ठहरिएको थियो। शाऊल र योनातानको वीरता प्रशंसनीय थियो (२ शमूएल १:२२), र तिनीहरूका व्यक्तिगत गुणहरूलाई श्रद्धाञ्जलि दिइयो। तिनीहरू आफ्नो जीवनभरि सँगै थिए र मृत्युमा पनि सँगै थिए (२ शमूएल १:२३)। तर यस भनाइको अर्थ हददेखि बाहिर लान बल गर्नुहुँदैन, र तिनीहरूको अनन्त भाग्य एकै थियो भन्न पार्नुहुँदैन। शाऊलको शासनबाट लाभ उठाएकाहरूलाई रुने आह्वान दिइन्छ (२ शमूएल १:२४)। दाऊदको घनिष्ठ मित्र योनातानको मायाले भरिएको प्रशस्तिको साथ यो कविता समाप्त हुन्छ। अनि 'यी वीरहरू कसरी मारिए नि!' (२ शमूएल १:१९, २५ र २७) भन्ने टेक हाम्रो भाषाको अंश बनेको छ।

### ख) २ शमूएल २:१-७: दाऊद यहूदाका राजाको रूपमा राज्याभिषेक भएको

**२ शमूएल २:१-७:** शाऊलको मृत्यु भएपछि र इस्राएल राजारहित भएको अवस्थामा दाऊदले परमप्रभुबाट अगुवाइ खोजे र यहूदाको हेब्रोन शहरमा जाने निर्देशन पाए। अनि त्यहाँ यहूदाका मानिसहरूले

उनलाई आफ्नो राजाको रूपमा अभिषेक गरे। अनि जब तिनीहरूले उनलाई याबेश-गिलादका मानिसहरूले शाऊललाई प्रेमपूर्वक दफन गरेको जानकारी दिए, तब तुरुन्तै दाऊदले उनीहरूलाई धन्यवादको सन्देश पठाए र घुमाएर उनीहरूलाई यहूदाका मानिसहरूले जस्तै उनलाई राजाको रूपमा स्वीकार गर्ने आह्वान गरे।

### ग) २ शमूएल २:८-४:१२: शाऊलको घरानासँग दाऊदको संघर्ष जारी रहेको

**२ शमूएल २:८-११:** तर इस्राएलका सबै कुलहरूले दाऊदलाई आफ्नो राजाको रूपमा स्वीकार गर्न चाहँदैनथिए। अब्नेरचाहिँ स्वर्गीय शाऊलको सेनापति र तिनको काका थिए; यिनले शाऊलका बाँचेका छोरा इश्बोशेतलाई लिए र तिनलाई राजा भएको घोषणा गरे। अनि सात वर्ष र छ महिनासम्म दाऊदले यहूदा-कुलमाथि शासन गरे, र हेब्रोन उनको राजधानी थियो। तर यता इश्बोशेतले खास गरी केवल दुई वर्ष अरू बाँकी एघार कुलहरूमाथि शासन गरे। यसर्थ पलिस्ती-हरूलाई इस्राएल देशबाट धकेल्न र इश्बोशेतलाई आफ्नो बुबाको सिंहासनमाथि स्थापित गर्न अब्नेरलाई पाँच वर्ष लागेको हुन सक्छ।

दाऊदले कहिल्यै आफ्नो राजकीय अधिकार जबरजस्ती गरेर जमाएनन्, हालैमा पनि जमाएनन्। होइन, उनी बरु यो कुरा परमप्रभुको हातमा छोड़िदिन राजी थिए। यदि परमप्रभुले उनलाई राजाको रूपमा अभिषेक गर्नुभयो भने, उहाँले नै उनका शत्रुहरूलाई पनि परास्त गर्नुहुनेथियो र उनलाई उनको राज्य अधिकार गर्न दिनुहुनेथियो। ठीक त्यस्तै, प्रभु येशू पनि सारा संसारमाथि शासन गर्न पिताको समयको निम्ति पर्खनुहुन्छ। वर्तमान समयमा मानव जातिको अल्प-सङ्ख्य मानिसहरूले मात्र उहाँको प्रभुत्व मान्यता दिएका छन्; तर तोकिएको दिनमा हरेक घुँड़ा टेकिनेछ र हरेक जिब्रोले येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नेछ (फिलिप्पी २:१०-११)।

**२ शमूएल २:१२-१७:** केही समयपछि इस्राएलका एघार कुलहरूको सेनापति नेरका छोरा अब्नेरले सरूयाका छोरा योआबलाई गिबोनमा भेटे; योआबचाहिँ दाऊदका फौजीहरूमाथि सेनापति भएका थिए। अब्नेरकाहरू गिबोनको पोखरीको यतापट्टि र योआबकाहरू उतापट्टि बसेर तिनीहरूले आ-आफ्ना केही जवानहरूलाई एउटा प्रतिस्पर्धामा भाग लिने निर्णय गरे, तिनीहरूमध्ये श्रेष्ठ को हुँदो रहेछ, सो पत्ता लगाउन। जब अब्नेरले यी जवानहरू उठेर एउटा प्रतिस्पर्धामा भाग लिने सुझाउ दिए, तब यिनले यो प्रतिस्पर्धा एउटा खेल सम्झेनन्, तर यिनको निम्ति पक्ष-विपक्ष सेनाहरूको जुधाइ थियो। बाह्रजना बिन्यामिनीहरू यहूदाका बाह्रजना मानिस-हरूसँग लड़े, र तिनीहरूले एक-अर्कालाई ढालिदिए। यस प्रतिस्पर्धाको हार-जितको परिणाम स्पष्ट भएन; यसकारण त्यस दिनमा तिनीहरूको बीचमा घमासान लड़ाइँ भयो, र अब्नेरका मानिसहरूले हारे, र उनीहरू उटलपुटल भई भागे।

**२ शमूएल २:१८-२३:** बनको मृगजस्तै छिटो कुद्ने योआबका असाहेल नाम गरेका भाइले अब्नेरलाई मार्न खोजेर यिनलाई खेदे। शुरुमा अब्नेरले असाहेललाई यता-उता लागेर कुनै जवान मानिसलाई पक्रनको निम्ति मनाउन खोज्दैथिए। यिनले असाहेललाई सजिलैसित मार्न सक्नेथिए, तर यिनी यसो गर्न चाहँदैनथिए; किनभने यस कुराले योआबको रिस र विरोधको आगो झन् दन्काउनेथियो। तर जब असाहेलले 'मलाई खेद्न छोड़िदे' भन्ने अब्नेरको दोस्रो अनुरोध सुन्न मानेनन्, तब अब्नेर आफ्नो प्राणको

रक्षाको निम्ति तिनीमाथि जाइलागे, र तिनलाई आफ्नो भालाको फेदले घोचेर मारिदिए।

**२ शमूएल २ः२४-३२ः** योआब र तिनका अर्का भाइ अबिशैले तिनीहरू अम्माको डाँड़ामा आइनपुगुन्जेल खेद्‌दै रहे। त्यस ठाउँमा अब्नेरले यो अनावश्यक गृहयुद्ध रोक्ने अनुरोध गरे। योआबको जवाफ हामीले दुई तरिकाले बुझ्न सक्छौं। पहिलो अर्थमा यसको मतलब यो हुन सक्छः यदि अब्नेरले चौध पदमा प्रतिस्पर्धाको निम्ति चुनौती नदिएका भए सबै जवान मानिसहरू शान्ति-सित घर फर्केर जान सक्नेथिए। अथवा दोस्रो अर्थ एन.आइ.वी.-बाइबलमा भनिएजस्तो यो हुन सक्छः अब्नेरले युद्धविरामको लागि आह्वान नगरेको भए, ती जवान मानिसहरूले बिहानसम्मै आफ्ना इस्राएली भाइहरूलाई खेदिरहनेथिए। जेजस्तो भए पनि, योआब लड़ाइँ रोकिराख्न राजी भए। अब्नेर र यिनका मानिसहरूले यर्दन नदी तारे र यिनीहरू त्यस नदीको पूर्वपट्टि रहेको महनैममा पुगे, जहाँ इश्बोशेतको राजधानी थियो। यिनले तीन सय साठीजना मानिसहरूलाई गुमाएका थिए। अनि योआब र तिनका सिपाहीहरू हेब्रोनमा फर्के; तिनीहरूको सङ्ख्यामा केवल उन्नाइसजना कम भएका थिए।

**२ शमूएल ३ः१-५ः** हेब्रोनमा दाऊदको साढ़े सात वर्षको अवधिमा उनको राज्य बलियो हुँदै गयो, तर इश्बोशेतले शासन गरेको शाऊलको घराना कमजोर हुँदै गयो। अनि दाऊदको परिवार ठूलो पनि भयो। जब पहिले उनी हेब्रोनमा आएका थिए, तब उनका अहिनोअम र अबिगेल नाम गरेका दुईजना पत्नीहरू थिए। परमेश्वरको इच्छा विपरीत उनले माका, हग्गीत, अबितल र एग्ला नाम गरेका अरू चारजनालाई विवाह गरे। यी छजना पत्नीहरूबाट उनका छजना छोराहरू भए, जसमध्ये अम्नोन, अब्शालोम र अदोनियाहचाहिँ उनलाई दुःख दिने छोराहरू थिए। पछिबाट उनका अरू छोराहरू पनि भए।

**२ शमूएल ३ः६-११ः** इश्बोशेतको सेवा गरेको निहुँ गरेर अब्नेरले वास्तवमा आफ्नो राजनीतिक स्तर बलियो बनाउँदैथिए; किनभने यिनले इश्बोशेतको शक्ति घटेको र दाऊदमा सरेको देखे। इश्बोशेतले अब्नेरलाई शाऊलकी उपपत्नी रिश्पासँग सम्बन्ध राखेको आरोप लगाए र यो कुरा अब्नेरले एघार कुलहरूमाथिको शासन हड़प गर्न चाहेको सङ्केतको रूपमा लिए। अब्नेर यस पापको दोषी थिए कि थिएनन्, सो हामीलाई थाहा छैन। तर यिनले दृढ़तापूर्वक र रूखो पाराले इन्कार गरे; तर अब यिनले आफ्नो राजनिष्ठा र इस्राएलका कुलहरूको राजनिष्ठा इश्बोशेतबाट हटाएर दाऊदपट्टि पार्नेछु भनेर घोषणा गरे। इश्बोशेत शक्तिहीन थिए, र यिनको प्रतिरोध गर्न सकेनन्। २ शमूएल ३ः८ पदमा लेखिएको 'के म यहूदाको कुकुरको टाउको हुँ?' भन्ने वाक्य भनेको 'के म निकम्मा, घृणित विश्वासघाती हुँ, जो विगत समयमा यहूदाप्रति वफादार थिएँ?' हो।

**२ शमूएल ३ः१२-१६ः** अब्नेरले अब दाऊदकहाँ सन्देशवाहकहरूलाई पठाए र सारा इस्राएललाई उनको हातमा सुम्पिदिने प्रस्ताव राखे। तर दाऊदले अब्नेरको प्रस्तावमा सहमत हुनुभन्दा अघि उनले शाऊलकी छोरी मिकललाई उनीकहाँ फर्काइदिने माग गरे; यसो गर्दा उनले शाऊलको राज्यमाथि आफ्नो दाबी बलियो तुल्याउने आशा राख्दैथिए। इश्बोशेतले नम्रतापूर्वक यसको निम्ति स्वीकृति दिए, र मिकल दाऊदकहाँ ल्याइइन्; यसबाट तिनका पति पलतिएललाई ठूलो शोक भयो। यसरी नै दाऊदको व्यक्तिगत जीवनमा झमेलाहरू अझ बढ़े, र उनको जीवनीमा अर्को दुःखद अध्याय थपियो।

**२ शमूएल ३ः१७-२१ः** त्यसपछि अब्नेर बिन्यामिन-कुल र इश्बोशेतको पछि लागेका अन्य कुलहरूकहाँ गए, र यिनले तिनीहरूलाई बताए, कि तिनीहरूलाई पलिस्तीहरूको दमनबाट बचाउन दाऊदचाहिँ परमेश्वरले प्रतिज्ञा गर्नुभएको मानिस हुन्। तिनीहरूको प्रतिज्ञा अनुकूल भएकोले यिनले दाऊदलाई भेटे र सारा इस्राएललाई एउटा ठूलो संयुक्त राज्यको रूपमा मिलाउन आफ्नो तत्परता प्रकट गरे।

**२ शमूएल ३ः२२-३०ः** तर जब अब्नेर यो योजना पूरा गर्न दाऊदबाट बिदा लिँदैथिए, त्यस बेलामा योआब राजभवनमा फर्के, र तिनले त्यस दिनमा घटेका घटनाहरूको बारेमा सुने। तिनले राजालाई हप्काए, जसले, तिनको विचारमा, मूर्ख भएर एउटा जासुसलाई सत्कार गरेका थिए। अनि तिनले अब्नेरलाई फिर्ता ल्याउन गोप्य रूपमा सिपाहीहरू पठाए। अनि अब्नेर हेब्रोनमा पुग्नेबित्तिकै योआबले यिनीसित मूलढोकाको छेउमा एउटा निजी बातचित पाऊँ भन्ने बहाना गरे। तर तिनको वास्तविक उद्देश्यचाहिँ अब्नेरलाई बदलामा मार्नु थियो। अनि यो बदला लिने काम तिनले यिनलाई यिनको पेटमा छुरा हानीकन पूर गरे। अनि यसरी तिनले आफ्नो भाइ असाहेलको मृत्युको बदला लिए, साथै तिनको सेनापतिको पद ओगट्न सक्ने सम्भावित प्रतिद्वन्द्वीलाई हटाए। हेब्रोनचाहिँ शरणनगर हो भन्ने कुरामा योआबलाई के पर्बाह! यहाँ अब्नेर कम्तिमा पनि न्याय-जाँच पाउनुपर्नेथियो; त्यो यिनको हक थियो (गन्ती ३५ः२२-२५)। २ शमूएल ३ः२९ पदमा लेखिएको 'बैसाखीमा सहारा लिनु' भनेको अपाङ्ग हुनु होला। तर एन.ए.-एस.बी.-बाइबल-संस्करणमा यो वाक्यांश 'कतुवा समात्ने' भनेर अनुवाद गरिएको छ, जसको अर्थ स्त्रीको जस्तै लुला गुण भएको पुरुषको अर्थ लिन्छ। आर.एस.वी.-बाइबलमा त्योजस्तै 'धागो कात्ने धुरी समात्ने' भनेर अनुवाद गरिएको छ, जसको अर्थ लड़ाइँ गर्न वा श्रमको काम गर्न असक्षम हुनु हो।

**२ शमूएल ३ः३१-३९ः** दाऊदले अब्नेरको लागि ठूलो शोकको घोषणा गरे, तर योआबको विरोधमा कुनै कारबाही गरेनन्, जसले यिनलाई मारेर हत्या गरेका थिए। अब्नेर यति अपमानजनक मृत्युले मर्नुपरेकोमा राजालाई साह्रै दुःख लाग्यो; किनकि अब्नेरको वीरता र पद-अधिकारको हिसाबले यिनी सम्मानयुक्त मृत्युको योग्य थिए। अनि २ शमूएल ३ः३३ पदमा पेश गरिएको वाक्यमा 'के अब्नेर एउटा मूर्ख अनुभवहीन मानिसझैं मरे, जसले आफूलाई कसरी बचाउनुपर्ने हो, सो जान्दैनथियो?' भन्ने सम्भावित अर्थ लाग्ला, जसको अपेक्षित उत्तर यस प्रकारको छः 'होइन, यिनी त दुष्ट छली युक्तिको शिकार पो भए।'[2] राजाको शोकबाट योआबले स्वतन्त्र रूपले काम गरेका थिए भन्ने कुरा मानिसहरूलाई थाहा भयो। *'आजको दिनमा इस्राएलमा एक शासक र महान् व्यक्ति ढले भन्ने के तिमीहरू जान्दैनौ? अनि राजाको रूपमा अभिषेक भए पनि म आजको दिनमा कमजोर छु; अनि यी मानिसहरू, सरूयाका यी छोराहरू मेरो निम्ति साह्रै कठिन छन्; तर परमप्रभुले खराब गर्नेलाई त्यसको दुष्टताअनुसार प्रतिफल दिनुहुनेछ'* भनेर वास्तवमा दाऊदले सबैको सामु योआब र अबिशैको क्रूरतामा आफ्नो असन्तुष्टि व्यक्त गरे र 'तिनीहरूलाई उचित दण्ड दिनुहोस्' भनेर परमप्रभुलाई पुकार गरे। दोस्रो शमूएलको पुस्तकको तीन अध्यायमा परमेश्वरले दाऊदलाई संयक्त राज्य दिन मानिसहरूको पाप र कुचक्र प्रयोग गर्नुभएको देख्यौं। *'निश्चय नै मानिसको क्रोधले तपाईंको प्रशंसा गर्नेछ'* भनेझैं उहाँले मानिसहरूको क्रोध आफ्नो महिमाको निम्ति प्रयोग गर्नुहुँदो रहेछ (भजन ७६ः१०)।

**२ शमूएल ४:१-७:** अब्नेरको मृत्युले इश्बोशेतको राज्य अझ कमजोर बनायो। इस्राएली सेनाले आफ्नो शक्तिशाली अगुवा गुमाउनेबित्तिकै बाना र रेकाब नाम गरेका दुईजना विद्रोहीहरू उठेर राजाको हत्या गरे। इश्बोशेतले दोपहरको आराम लिइरहेको बेलामा तिनीहरू भवनभित्र पसेर यिनको हत्या गर्न सफल भए। तिनीहरूले गहुँ लिन आएको निहुँ गरे। २ शमूएल ४:६ पदमा आर.एस.वी.को अनुवाद सेप्टुवाजिन्टको पछि लागेको छ, जहाँ यसो पढ़िन्छः 'अनि हेर, घरकी महिला द्वारपालले गहुँ केलाउँदै-थिई, तर ऊ निद्राले लट्ठ परेर निदाइहाली; यसकारण रेकाब र तिनका भाइ बाना सुटुक्क भित्र पसे।' तब शाऊलको सिंहासनमाथि बस्न मेपिबोशेत नाम गरेका एकजना उत्तराधिकारी मात्र रहे, जो एक लङ्गड़ा केटा थिए।

**२ शमूएल ४:८-१२:** रेकाब र बानाले इश्बोशेतको टाउको दाऊदकहाँ ल्याए; किनकि तिनीहरूले यसो गरेर उनको शुभेच्छा पाउन चाहेका थिए। यी दुष्ट मानिसहरूले कुरा गुमाएर यस हत्याद्वारा परमप्रभुको इच्छा र उद्देश्य साथ दिएको पार्न खोजे। तर दाऊद त्यसमा राजी थिएनन्। आफ्ना राजालाई सिंहासनमाथि बसाउन परमेश्वरले कहिल्यै कुनै मानिसलाई व्यवस्था उल्लङ्घन गर्ने प्रेरणा दिनुहुनेछैन नै। हत्याराहरूको सहायताविना परमेश्वर आफूले दाऊदसँग गर्नुभएका आफ्ना प्रतिज्ञाहरू पूरा गर्न पूरा सक्षम हुनुहुन्थ्यो। यसकारण दाऊदले तिनीहरूलाई सफासँग भनिदिएः जुन मानिसले 'मैले शाऊलको हत्या गरें' भन्ने दाबी गरेको थियो, त्यस मानिसको भन्दा तिनीहरूको दोष ठूलो थियो। यसकारण उनले तिनीहरूलाई तत्कालै मार्ने आदेश दिए। तिनीहरूका लासहरू सार्वजनिक शर्मको प्रदर्शन भए भने, इश्बोशेतको टाउको सम्मानको साथ अब्नेरको चिहानमा गाड़ियो।

### घ) २ शमूएल ५: दाऊद सम्पूर्ण इस्राएलमाथि राजाको रूपमा राज्याभिषेक भएको

**२ शमूएल ५:१-५:** अब इस्राएलका बाँकी एघार कुलहरू यहूदा-कुलसित मिलेर दाऊदप्रति राजभक्ति र निष्ठाले पूर्ण शब्दहरू लिएर दाऊदलाई न्यायसङ्गत र अधिकारपूर्ण राजाको रूपमा स्वीकार गरे। १ इतिहास १२:२३-४० पदहरूको खण्डमा दाऊदलाई राजा तुल्याउन आउनेहरूको सूचि दिइएको छ। यसरी संयक्त राज्यमाथि दाऊदको शासन शुरु भयो, र तेत्तीस वर्षसम्म उनले सारा इस्राएलमाथि राज्य गरे। दाऊदले राज्य गरेको शासनकाल जम्मा चालीस वर्ष थियो।

२ शमूएल ५:३ पदमा दाऊदको तेस्रो राज्याभिषेकको विषयमा लेखिएको छ। पहिलो चोटि भविष्यवक्ता शमूएलले उनलाई अभिषेक गरेका थिए (१ शमूएल १६:१३)। त्यसपछि हेब्रोनमा यहूदाको घरानामाथि राजाको रूपमा उनको अभिषेक भयो (२ शमूएल २:४)। अनि अब उनलाई अन्तमा सारा जातिको निम्ति न्यायसङ्गत र अधिकारपूर्ण राजाको रूपमा अभिषेक गरियो।

**२ शमूएल ५:६-१०:** राजा दाऊदका पहिला सैनिक धावाहरूमा प्रथमचाहिँ सियोन पर्वतमा रहेको किल्ला यबूसीहरूको हातबाट कब्जा गर्नु थियो। यी अन्यजातिका योद्धाहरूले आफ्नो शहर अजेय ठान्थे; यसकारण तिनीहरूको विचारमा, लङ्गड़ा र अन्धाहरू यसको रक्षा गर्न पर्याप्त हुन्थे। तर दाऊदले यस शहरको कमजोरी यसको पानीको व्यवस्थामा भएको भेट्टाए; यसैले उनले आफ्ना सिपाहीहरूलाई भूमिभित्र

भएको पानीको नालाबाट भएर यस शहरभित्र पस्ने र यसमाथि जाइलाग्ने आदेश दिए; किनभने यबूसीहरूले त्यस पानीको नालाद्वारा गहिरो परेको मुहानबाट यरूशलेम शहरभित्र पानी ल्याउने गर्थे। यो रणनीति सफल भयो, र यबूस शहरचाहिँ इस्राएली जातिको राजधानी यरूशलेम भयो, जसको अर्को नाम दाऊदको शहर पनि हुन्थ्यो। २ शमूएल ५:८[ख] पदले छ पदमा उल्लेख गरिएको यबूसीहरूको गिल्ला फेरि उठाउँछ, जुन गिल्लाचाहिँ पछि एउटा सामान्य उक्ति बन्योः 'अन्धा र लङ्गड़ाहरूले यस घरभित्र पस्ने पाउनेछैनन्।' अनि मिल्लोचाहिँ यस प्राचीन शहरको पुरानो गढ़बन्दीको एक भाग थियो। (पहिलो इतिहासको पुस्तकको एघार अध्यायको समरूपी विवरणबाट के प्रकट हुन्छ भने, योआबले यस शहरमाथिको सफल चढ़ाइमा नेतृत्व गरे, र यसरी तिनले दाऊदका सेनाहरूमाथि सेनापतिको उच्च पद प्राप्त गरे।)

**२ शमूएल ५:११-१६:** टायरका अन्यजातीय राजा हिरामले दाऊदको लागि यरूशलेममा महल बनाउन सामग्रीहरू र काम गर्ने मानिसहरूलाई पठाए। यरूशेलममा हुँदा दाऊदले अरू उपपत्नीहरू र पत्नीहरू ल्याए, जुन कुरा व्यवस्था १७:१७ पदअनुसार परमेश्वरको सुस्पष्ट नियमको उल्लङ्घन थियो। अनि उनको निम्ति अरू छोराहरू र अरू छोरीहरू जन्मे। मसीहको शाही वंशक्रमचाहिँ सुलेमानमार्फत जानु थियो। यरूशलेममा दाऊदको निम्ति जन्मेका छोराहरूको विषयमा यहाँबाहेक अझ दुईवटा सूचिहरू छन्, जस्तैः १ इतिहास ३:५-८ र १४:३-७। यी तीनवटा सूचिहरूको बीचमा जति भिन्नताहरू छन्, ती भिन्नताहरू प्रायःजसो यी नामहरूको हिज्जेसित सम्बन्धित छन्।

**२ शमूएल ५:१७-२१:** इस्राएलको एकता भएको र यसको केन्द्रीय सरकार बलियो भएको खबरले पलिस्तीहरूलाई विचलित पाऱ्यो, र तिनीहरूले इस्राएललाई आक्रमण गर्ने निर्णय गरे। तिनीहरूले यरूशलेमको दक्षिणमा रहेको रपाईहरूको बेंसीमा आफ्ना सेनाहरू भेला गरे। परमप्रभुले दाऊदलाई विजयको निश्चयता दिनुभएको हुनाले उनले यी शत्रुहरूलाई आक्रमण गरे र तिनीहरूलाई पराजित गरे। उनले त्यस ठाउँको नाम 'बाल-पेराजिम' राखे, जसको अर्थ कि त एन.के.-जे.वी.को टिप्पणीअनुसार 'बालको तोड़-फोड़', कि त एन.ए.एस.बी.को टिप्पणी-अनुसार 'शत्रुका व्यूह तोड्नमा निपुण हुनुहुने प्रभु' हो। किनभने त्यस ठाउँमा परमप्रभुले शत्रुहरूको पङ्क्तिहरू तोड्नुभयो। जुन मूर्तिहरू पलिस्तीहरूले त्यागे, ती मूर्तिहरू दाऊदले जम्मै जलाइदिए (२ शमूएल ५:२१; १ इतिहास १४:१२), यस हेतुले कि भावी पुस्ताहरूका मानिसहरूको निम्ति ती मूर्तिहरू ठेस लाग्ने कारण नबनून्।

**२ शमूएल ५:२२-२५:** केही समयपछि, पलिस्तीहरू फेरि त्यही ठाउँमा अर्थात् रपाईहरूको बेंसीमा भेला भए, र तिनीहरूले इस्राएललाई धम्की दिए। यसपालि पमरप्रभुले दाऊदलाई अर्को सल्लाह दिनुभयो। उहाँले उनलाई 'शत्रु-सेनाको वरिपरि फेरो मारेर तिनीहरूको पछिल्तिर भएका किम्बूका रूखहरूनिर जाने आदेश दिनुभयो। अनि जब उनले ती किम्बूका रूखका टुप्पाहरूमा सेना हिँड्दै गरेको मार्चको आवाज सुन्नेथिए, तब परमप्रभु पलिस्तीहरूको विरुद्धमा मार्च गर्दै हुनुहुन्छ भन्ने कुरा उनले जान्नेथिए। परिणाम-स्वरूप दाऊदले गिबा-देखि गेजेरसम्म शत्रुहरूलाई नाश गरे। हुन सक्छ, यो गिबा भन्ने ठाउँचाहिँ गिबोन थियो कि कसो हो? (एन.के.जे.वी.को टिप्पणी, सेप्टुवाजिन्ट र १ इतिहास १४:१६)[3)]। यस

सम्बन्धमा तपाईंले याद गर्नुहोला, कि दाऊदले परमेश्‍वरबाट एक लड़ाइँको लागि पाएको अगुवाइ अर्को लड़ाइँको लागि पनि पर्याप्त हुन्छ भन्ने अनुमान गर्दैनथिए (२ शमूएल ५:१९ र २३)। हामीले हरेक कुराको विषयमा परमेश्‍वरको इच्छा के हो, सो निरन्तर खोजेर पत्ता लगाउनुपर्छ। किनकि दाऊदको निम्ति पहिलो लड़ाइँमा परमेश्‍वरको रणनीति सीधा आक्रमण गर्नु थियो भने, दोस्रो लड़ाइँमा चाहिँ उनको निम्ति ढुकेर आक्रमण गर्नु थियो।

### ङ) २ शमूएल ६ः परमप्रभुको सन्दुक यरूशलेममा फिर्ता ल्याइएको

दोस्रो शमूएल छ अध्यायमा उल्लेख गरिएका घटनाहरू कालक्रमअनुसार पाँच अध्यायको पछि घटेका थिएनन्। किनकि दोस्रो शमूएलको पुस्तक सधैं ठीक-ठीक कालक्रमअनुसार लेखिएको थिएन।

**२ शमूएल ६:१-७ः** परमेश्‍वरको सन्दुकको बारेमा हामीले विगत १ शमूएल ७:१-२ पदहरूमा पढ़ेका थियौं। त्यस बेलामा पलिस्तीहरूले परमप्रभुको सन्दुक फिर्ता पठाएका थिए, र यो सन्दुक किर्यत-यारीममा अबिनादाबको घरमा राखिएको थियो। त्यस समयदेखि धेरै वर्षहरू बिते। त्यसपछि दाऊदले यो सन्दुक यरूशलेममा ल्याउने निर्णय गरे। यसो गर्दा यरूशलेम शहर धार्मिक र राजनीतिक राजधानी बन्नेथियो। यसकारण यो सन्दुक यहूदाको बाले अर्थात् किर्यत-यारीमबाट माथि यरूशलेममा ल्याउनको लागि उनले तीस हजार इस्राएली मानिसहरूलाई लगे। परमेश्‍वरले यस सन्दुकमा दुईवटा डन्डाहरू लगाएर कहातीहरूले यो आफ्ना काँधमा बोक्नुपर्ने निर्देशन दिनुभएको थियो (प्रस्थान ४०:२० र गन्ती ७:९)। तर दाऊदले यसो नगरेर एउटा नयाँ गाड़ा बनाए र ठूलो हर्षोल्लासको साथ यो सन्दुक बोक्दा-बोक्दै नाकोनको खलासम्म ल्याए (१ इतिहास १३:९ पदअनुसार नाकोनको नाम किदोन पनि थियो)। त्यस ठाउँमा आएर गोरुहरूले ठेस खाए, र यो सन्दुक गाड़ाबाट खस्ने खतरामा थियो। यसकारण अबिनादाबको छोरा उज्जाले आफ्नो हात बढ़ाए र यो सन्दुक समाते। तर पूजाहारीहरूको निम्ति पनि यो सन्दुक छुन निषेध गरिएको थियो (गन्ती ४:१५), यसैले परमप्रभुले उज्जालाई तिनले यसो गर्नेबित्तिकै प्रहार गर्नुभयो, र तिनी तत्कालै मरे।

उज्जाले यो सन्दुक छुनेबित्तिकै परमेश्‍वरले तिनलाई किन प्रहार गर्नुभयो, तर पलिस्तीहरूले यो घरिघरि छोए, तर तिनीहरू नष्ट भएनन्? यो प्रश्न अक्सर सुनिन्छ। यस प्रश्नको उत्तर यस प्रकारको छः 'जुन मानिस परमेश्‍वरको नजिक हुन्छ, त्यस मानिसको खराबीको न्याय बड़ो गम्भीर र छिट्टै हुँदो रहेछ।' याद रहोस्ः न्याय परमेश्‍वरको घरबाट शुरु हुनुपर्छ (१ पत्रुस ४:१७)।

> 'के यस सम्बन्धमा परमेश्‍वरको न्याय चाहिएको भन्दा कड़ा थियो? के हामी परमेश्‍वरको न्याय गर्ने दुःसाहस गरौं? तब हामीलाई उहाँको भययोग्य पवित्रता र महिमाको गरिमाको विषयमा केही थाहै छैन। परमप्रभुको यो सन्दुक प्रभु येशू नआएसम्म परमेश्‍वरको प्रतिरूप जहाँसम्म देखाउन सकिन्थ्यो, त्यसको सबैभन्दा असल देख्न सकिने नमुना थियो। अनि उज्जाले यो कुरा बेवास्ता गरे। तिनको मृत्यु इस्राएलीहरूको निम्ति एउटा चिरस्थायी पाठ थियोः तिनीहरूले आफ्ना परमेश्‍वरको महिमा ठूलो गम्भीरताको साथ लिनुपर्छ। अनि हाम्रो विषयमा कसो हो? जब "तपाईंको नाम पवित्र गरियोस्" भनेर हामी प्रार्थना गर्छौं, तब के हाम्रो मुखका शब्दहरू

र हाम्रा कामहरूले हैंसे-होस्टे गरेर यस विन्तीसित मिल्ने सत्य साक्षी दिन्छन् कि ?'

स्क्रिप्चर युनियनका दैनिक टिप्पणीहरू

**२ शमूएल ६ः८-११ः** दाऊद परमप्रभुको यस गम्भीर न्यायको विषयमा बेखुशी थिए; यसैले उनले केही समयसम्म यो सन्दुक यरूशलेम शहरमा ल्याउने योजना स्थगित गरे। तब उनले यो सन्दुक ओबेद-एदोमको घरमा राखे, जुन घर यरूशलेमको नजिक भएको थियो होला।

परमप्रभुको सन्दुक ओबेद-एदोमको घरमा तीन महिना रह्यो; अनि यस अवधिमा उहाँले ओबेद-एदोमको घरानालाई धेरै आशिष दिनुभयो।

**२ शमूएल ६ः१२-१५ः** यस आशिषको विषयमा सुनेर राजा दाऊदले परमेश्वरको सन्दुक यरूशलेममा ल्याउने निर्णय गरे। १ इतिहास १५ः१३-१५ पदहरूको बयान-अनुसार यी तीन महिनाभित्र दाऊदले यो सन्दुक कसरी बोक्नुपर्ने हो, सो सम्बन्धमा पवित्र धर्मशास्त्रमा खोजी गरे। त्यो नयाँ गाड़ा छोड़ियो र लेवीहरूले यो सन्दुक आफ्ना काँधहरूमा बोके। अनि परमप्रभुको सन्दुक बोक्नेहरू होशियारसाथ अघि बढ़ेर हरेक छ-छ पाइला गएपछि दाऊदले बहरहरू र मोटा पशुहरू बलि गरे; किनकि उनले कुनै हालतमा पनि परमप्रभुलाई बेखुशी नतुल्याउने सुनिश्चित गर्न खोजे। त्यसपछि यरूशलेमका सड़कहरूहुँदा हर्षोल्लास, तुरहीको ध्वनि र नाचको साथ यो सन्दुक दाऊदको शहरको अस्थायी पालमा ल्याइयो। (हुन सक्छ, भजन ६८ यसै समयमा लेखियो होला।) राजा आफै यति हर्षित थिए कि उनी आफ्नो सारा बलले परमप्रभुको सामु नाचे। दाऊदले यस अवसरमा आफ्नो राजकीय पोशक होइन, तर एउटा मलमलको एपोद लगाएका थिए।

**२ शमूएल ६ः१६-२३ः** उनकी पत्नी मिकलले झ्यालबाट हेरिन् र उनलाई केवल एउटा एपोद लगाएको अवस्थामा देखिन्, जुन कुरा तिनको दृष्टिमा राजाको लागि अयोग्य थियो। अनि जब उनी घरमा फर्के, तब तिनले उनलाई सार्वजनिकको सामु अनादरको साथ नाचेको झूटो आरोप लगाइन्। (२ शमूएल ६ः२० पदमा लेखिएको 'नाङ्गो पार्नु' भन्ने शब्द हामी ६ः१४ पदअनुसार 'एपोद पहिरेको अवस्था' बुझ्नुपर्छ।) उनको उत्तर यस प्रकारको थियोः परमप्रभुमा आनन्दित भई उनले नाचेका थिए, र परमेश्वरका कुराहरूको सम्बन्धमा आफ्नो जोश र उमङ्ग दबाउने उनको इच्छा थिएन। मानिसहरूले उनलाई अझ बढ़ी तुच्छ ठानून्, यसको उनलाई कुनै पर्बाह थिएन। अनि आफ्नै दृष्टिमा अझै नगण्य र क्षुद्र हुनुमा उनलाई के मतलब ! ! अनि जुन दासीहरूको विषयमा मिकलले कुरा गरेकी थिइन्, ती दासीहरूबाट उनले झन् बढ़ी सम्मान पाउनेथिए। मिकलको दोषदर्सी, आलोचनात्मक मनको भावनाले गर्दा तिनको मृत्युको दिनसम्म तिनको कुनै सन्तान भएन, कस्तो निन्दा र लाज ! ! यसकारण अरूको गल्ती खोत्त्याउने आलोचनात्मक मनो-भावनाले फलहीन तुल्याउँछ भन्ने आलो सम्झना पाउनु हामीलाई पनि आवश्यक भएको देखिन्छ।

### च) २ शमूएल ७ः दाऊदसँग परमेश्वरको करार

**२ शमूएल ७ः१-५ः** परमेश्वरको सन्दुक पर्दाहरूरूपी पालभित्र राख्नु, तर आफूचाहिँ एउटा भव्य भवनमा बस्नु दाऊदलाई उपयुक्त लागेन। यसकारण उनले सन्दुकको लागि एउटा घर बनाउने इच्छा गरे र यो योजना भविष्यवक्ता नातानलाई बताए। अनि शुरुमा नातानले उनको यस योजनाको अनुमोदन गरे; किनभने तिनले परमप्रभुको सल्लाह नलिईकन यसो गरे। तर त्यसपछि परमप्रभुबाट यो वचन तिनीकहाँ आयोः

दाऊदलाई परमप्रभुको लागि एउटा मन्दिर निर्माण गर्न दिइनेछैन । तब तिनले उनलाई यो कुरा भन्नुपर्‍यो ।

**२ शमूएल ७ः६-११ः** परमप्रभुले नातानलाई के सम्झना दिलाउनुभयो भने, इस्राएलीहरूले मिस्र देशबाट प्रस्थान गरेको समयदेखि यता उहाँ सधैं एउटा पालमा बस्नुहुन्थ्यो । इस्राएलीहरूले यात्रा गर्दै-गरेको समयमा परमप्रभु एउटा पालमा बस्नु सुहाउँदो थियो । तर अब उहाँको निम्ति एउटा मन्दिर बनाउने समय आएको थियो ।

**२ शमूएल ७ः१२-१५ः** त्यसपछि परमप्रभुले नातानलाई के प्रकट गर्नुभयो भने, उहाँले दाऊदसँग एउटा सर्तरहित करार बाँध्न लाग्नुभएको थियो । यस करारअन्तर्गत उहाँले दाऊदलाई निम्न प्रतिज्ञाहरू गर्नुभयोः उनको एकजना छोराले त्यो मन्दिर निर्माण गर्नेथियो, (त्यो छोराचाहिँ सुलेमान हुनेथिए); साथै त्यही छोराको सिंहासन सदा-सर्वदाको लागि स्थापित हुनेथियो; अनि उसले पाप गर्‍यो भने परमेश्‍वरले उसलाई ताड़ना दिनुहुनेथियो, तर उसबाट आफ्नो कृपा हटाउनुहुनेथिएन; अँ, उसप्रति उहाँको अनुग्रहको अन्त कहिल्यै हुनेथिएन ।

**२ शमूएल ७ः१६-१७ः** दाऊदसित बाँधिएको उहाँको करारमा निम्न प्रतिज्ञाहरू पनि समावेश थिएः उहाँले दाऊदको घराना, उनको राज्य र उनको सिंहासन सदा-सर्वदाको लागि स्थापित गर्नुहुनेथियो, र उनका सन्तान-दरसन्तानहरू उनको सिंहासन-माथि बस्नेथिए । इस्राएलीहरू बेबिलोनमा कैद गरिएको समयदेखि यता दाऊदको परिवारमा जन्मेका शासकहरूको वंशक्रममा अवरुद्ध आएको थियो; तर जब दाऊदको खास वंश हुनुहुने ख्रीष्ट येशू सारा पृथ्वीमाथि शासन गर्न फेरि आउनुहुनेछ, तब यो दाऊदको राज्यावली पुनर्स्थापित हुनेछ । श्री इर्विन एल. जेन्सनले विस्तारपूर्वक आफ्नो विचार पोखेका छन्ः

‘दाऊदले परमेश्‍वरको लागि एउटा मन्दिर निर्माण गर्न चाहे; तर सुलेमानलाई यसो गर्ने शुभ अवसर दिइएको थियो । परमेश्‍वरको लागि गरिने दाऊदको जीवन-कार्यचाहिँ लड़ाइँ गर्नु थियो, निर्माण गर्नु होइन । तर लड़ाइँ गरेर पनि उनले अर्कोको निम्ति बाटो खोल्दैथिए, जसले त्यस आराधना गर्ने भवनको जग बसाल्नेथिए, जुन भवन उनले आफ्नो हृदय-देखि नै निर्माण गर्न चाहेका थिए । सबै लड़ाइँ-हरू समाप्त भएपछि सुलेमानले दाऊदद्वारा तयार गरिएका सामग्रीहरू लिएर त्यो मन्दिर निर्माण गरे । दाऊदले दुःख भोग्नुभएको र आफ्नो महाशत्रुमाथि विजय हुनुभएको ख्रीष्ट येशूलाई सङ्केत गर्छन् । तर सुलेमानले चाहिँ दुःखकष्ट सहिसक्नुभएको र सबै संघर्षहरू समाप्त गरिसक्नुभएपछिको ख्रीष्ट येशूलाई उहाँको महिमामा चित्रण गर्छन् । अनि ख्रीष्टको मण्डलीचाहिँ ? उहाँको मण्डली खास परमेश्‍वरको साँचो मन्दिर हो, जसको मुख्य कुने ढुङ्गा ख्रीष्ट येशू हुनुहुन्छ । अनि उहाँको मण्डली अन्तिम दिनमा प्रकट हुनेछ । हालैमा मण्डलीका कष्ट र संघर्षका दिनहरू हुन्, जुन दिनहरूमा परमेश्‍वरको यस महिमित भवनको लागि सामग्रीहरू तयार पारिइरहेका हुन्छन् ।’[4)]

**२ शमूएल ७ः१८-२९ः** परमेश्‍वरको अनुग्रहको यस करारद्वारा दाऊद गहिरो रूपले भावुक भए; यसकारण उनी परमप्रभुको सन्दुकको निम्ति खड़ा गरिएको यस अस्थायी पालमा गए, र त्यहाँ यस खण्डमा लेखिएको धन्यवादको प्रार्थना चढ़ाए । यस विषयमा श्री विलियम जी. ब्लेकीले भनेका छन्ः

‘उनले परमेश्‍वरले भूतकालमा उनको सम्बन्धमा गर्नुभएको उहाँको कार्यमा ताजुब माने, किनकि उहाँले उनलाई छान्नुभयो – एउटा यस्तो व्यक्तिलाई, जसको परिवार प्रसिद्ध थिएन, र जो बितेको समयमा कुनै प्रख्यात व्यक्ति पनि थिएनन् । उनले परमेश्‍वरले वर्तमान

समयमा उनको पक्षमा गर्नुभएको उहाँको कार्यमा यसो भन्दै अचम्म मानिरहेः "तपाईंले मलाई यहाँसम्म ल्याउनुभयो, कसरी ?" अनि परमेश्वरले भविष्यमा उनको विषयमा जारी राख्नुहुने कार्यमा उनी झन् बढ़ी आश्चर्यचकित भए; किनभने परमेश्वरले भावी दिनहरूमा उनको घरानाको चिरकालिक स्थिरताको निम्ति प्रबन्ध गर्नुभयो ।' 5)

*'अनि हे प्रभु यहोवा, के यो मानिसको रीति हो र?'* (२ शमूएल ७ः१९ख) । यस वाक्यको अर्थ यस प्रकारको छः परमेश्वरले दाऊदलाई जुन प्रेम र जुन दयालु व्यवहार देखाउनुभयो, उहाँले हामी मानिसहरूलाई त्यही प्रेम र त्यही दया एक-अर्काप्रति देखाओ भन्ने आज्ञा गर्नुभयो ।

### छ) २ शमूएल ८ः इस्राएलका शत्रुहरूको हार

**२ शमूएल ८ः१-२ः** राजा हुँदा दाऊदको राजनीति यस प्रकारको थियोः उनले आफ्नो शासनको विरुद्धमा विद्रोह गर्ने सबै अन्यजाति बासिन्दाहरूलाई आफ्नो राज्यबाटै हटाउँथे । यस नीतिद्वारा इस्राएलको क्षेत्रफल बढ्दै-थियो ।

यहाँ हामी यसका केही उदाहरण पेश गर्छौंः उनले पलिस्तीहरूलाई परजित गरे, र मेतेग-अम्माह अर्थात् गात शहर कब्जा गरे (१ इतिहास १८ः१) । विगत समयमा उनले गातमा आफूलाई पागलसरह तुल्याएका थिए (१ शमूएल २१ः१०-१५); तर अबचाहिँ उनी तिनीहरूको राजा भए । अनि उनले मोआबीहरूलाई जिते, र दुई तिहाइ मानिस-हरूलाई मार्नको लागि उनले नाप्ने डोरी प्रयोग गरे । यसो हो भने, मोआब देशले इस्राएलसित ठूलो विश्वासघात गरेको हुनुपर्ला ।

**२ शमूएल ८ः३-८ः** दाऊदको अर्को विजय सिरियाको क्षेत्रमा थियो । उनले हमात र दमस्कसको बीचमा रहेको जोबाह देशमा राजा हदद-एजेरलाई परास्त गरे । अनि यसो हुँदा उनले एक हजार रथहरू, सात सय घोड़चढ़ीहरू र बीस हजार पैदल सिपाही-हरूलाई कब्जा गरे ।

अनि दाऊदले एक सय रथका घोड़ाहरू छोड़ेर रथका सबै घोड़ाहरूका ढाड़नशा काटे ।6) यसको मतलब यो होः खुट्टाका मांसपेशीहरू जोड्ने नसो काटियो, जसले गर्दा यी घोड़ाहरू लड़ाइँको लागि असक्षम भए । अनि जब दमस्कसमा बस्ने अरामीहरू हदद-एजेरलाई सहायता गर्न आए, तब दाऊदले तिनीहरूमध्ये बाइस हजार मानिस-हरूलाई मारे, र अरामीहरू उनको अधीनतामा आए । त्यसपछि दाऊद हदद-एजेरबाट कब्जा गरेका पित्तलका र सुनका ढालहरू लिएर यरूशलेममा फर्के ।

**२ शमूएल ८ः९-१२ः** हमातका छिमेकी राजा तोइले दाऊदलाई हदद-एजेरमाथिको विजयको निम्ति बधाई दिए र चाँदी, सुन र पित्तलरूपी उपहारहरू पठाए । अनि ती बहुमूल्य धातुहरूचाहिँ दाऊदले आफ्ना लड़ाइँहरूमा जितेका सबै चाँदी र सुनसित परमप्रभुलाई अर्पण गरिए, र ती बहुमूल्य धातुहरू पछि मन्दिरको निर्माण-कार्यमा प्रयोग गरिए ।

**२ शमूएल ८ः१३ः** यहाँ, यस ठाउँमा नमिलेको केही कुरा छ । यहाँ दाऊदले नुनको बेंसीमा अठार हजार अरामीहरूलाई मारेको कुरा लेखिएको छ । तर १ इतिहास १८ः१२ पदले के भन्छ भने, अबिशैले नुनको बेंसीमा अठार हजार एदोमीहरूलाई मारे । हुन पनि हो, केही हिब्रू पाण्डुलिपीहरूमा, साथै प्राचीन सेप्टुवाजिन्ट र सिरियक नामक संस्करण-हरूमा यहाँ, यस ठाउँमा पनि 'एदोमीहरू' भनेर लेखिएको छ ।7)

तर दोस्रो शमूएलको पुस्तकमा दाऊदलाई यस विजयको श्रेय दिनु र पहिलो इतिहासको

पुस्तकमा अबिशैलाई यस विजयको श्रेय दिनु असामान्य देखिन्छ। अनि यो कुरा छोड़ेर पहिलो इतिहासको पुस्तकमा दाऊदको धेरै प्रशंसा गरिएको छ। यसकारण हुन सक्छ, र लड़ाइँको विषयमा प्रायः यस्तै हुन्छ, कि दाऊदले सेनाको प्रमुख अधिकारीको रूपमा विजयको श्रेय पाए; तर यस लड़ाइँको खास नेतृत्व अबिशैको थियो होला। अनि जुन इतिहासकारले दाऊद र उनको वंशमा जोड़ दिन खोजे, ती इतिहासकारले पवित्र आत्माको अगुवाइमा लड़ाइँको रणभूमिमा उत्रेको अगुवाचाहिँ अबिशै थिए भन्ने कुरा नलेखी सकेनन्। अनि यो कुरा झन् जटिल पार्न भजन ६० को उपलेखमा 'योआबले नुनको बेंसीमा बाह्र हजार एदोमीहरूलाई मारे' भनेर लेखिएको छ।[8] ती योआब अबिशैको दाजु थिए।

श्री यूजेन मेरिलले निम्न सुझाउ दिएका छन्:

> 'सायद यो भिन्नता यस प्रकारले बुझाउन सकिन्छः यो सम्पूर्ण अभियान अबिशैको नेतृत्वमा थियो; तर योआबले सिपाहीहरूसँग दुई तिहाइ एदोमीहरूलाई मारे होलान् र यसको निम्ति श्रेय पाए होलान्।'[9]

**२ शमूएल ८:१४:** दाऊदले सारा एदोम देशभरि सेना-चैकीहरू राखे र सबै एदोमीहरू उनको अधीनतामा आए भन्ने कुराले २ शमूएल ८:१३ पदको छेउमा 'एदोमीहरू' भनेर लेखिएको टिप्पणी समर्थन गर्छ होला, जसरी पहिलो इतिहासको पुस्तकका सबै पाण्डुलिपीहरूमा यस सम्बन्धित खण्डमा लेखिएको पाइन्छ।

**२ शमूएल ८:१५-१८:** यस प्रकारले दाऊदको राज्यको शक्ति धेरै बढ्यो; अनि उनले न्याय र धार्मिकताको साथ राज्य गरे। उनका केही प्रमुख अधिकारीहरू २ शमूएल ८:१६-१८ पदको खण्डमा उल्लेख गरिएका छन्: **क)** योआब, जो सेनाका सेनापति थिए। **ख)** यहोशापातचाहिँ अभिलेखक थिए। **ग)** सादोक र अहिमेलेकचाहिँ पूजाहारीहरू थिए। (हुन सक्छ, अबियातारको सट्टामा अहिमेलेक लेखिएकोमा प्रतिलिपिकारको त्रूटि जवाफ-देही होला।) **घ)** सरायाहचाहिँ मुन्सी वा सचिव थिए। **ङ)** बनायाहको हातमा दाऊदका अङ्गरक्षकहरूको जिम्मा थियो। **च)** दाऊदका छोराहरू मुख्य मन्त्रीहरू थिए। अब अबियातारको कुरा आयोः २ शमूएल ८:१७, १ इतिहास १८:१६ र २४:६ पदहरूअनुसार अहिमेलेकचाहिँ अबियातारको छोरा थिए, तर १ शमूएल २२:२० पदअनुसार अबियातार अहिमेलेकको छोरा थिए। यस समस्या हामी कसरी समाधान गरौं त? हुन सक्छ, अहिमेलेकचाहिँ अबियातारको छोरा भनेर लेखिएका खण्डहरूमा कुनै प्रतिलिपि-कारले यी नामहरू अघि-पछि गरेको हुन सक्छ।

तर पुरानो नियमको समयको एउटा प्रथा पनि थियो। अनि यस पुरानो प्रथाअनुसार बाजेको नामअनुसार नातिको नाम राखिन्थ्यो। यसो हो भने, पूजाहारी सादोकको सहकर्मी एक समयमा अबियातार पनि र अर्को समयमा अहिमेलेक पनि हुनु सम्भव हुनेथियो। अथवा हुन सक्छ, अबियातार र अहिमेलेक सह-पूजाहारीहरू थिए, जसरी हाम्रा प्रभु येशूको समयमा हन्नास र कायफा सह-पूजाहारी थिए (लूका ३:२)।

जुन बेलामा राजा शाऊलले नोबमा अहिमेलेक र तिनका छोराहरूलाई मारे, त्यस बेलामा अबियातार मात्र बाँचेका थिए। अनि जब दाऊद राजा भए, तब उनले अबियातारलाई प्रधान पूजाहारीको रूपमा नियुक्त गरे, तर उनले सादोकलाई पूजाहारी-पदबाट निकालेनन्।

**ज) २ शमूएल ९ः मेपिबोशेतलाई देखाइएको दया**

**२ शमूएल ९ः१-१३ः** दाऊदले योनातानसँग बाँधेको करार सम्झे, जुन करारअनुसार उनले तिनलाई दया देखाउनुपर्नेथियो; अनि उनले आफ्नो यो प्रण पूरा गर्ने अवसरहरू खोजे। अनि स्वर्गीय राजा शाऊलको घरानामा एकजना जिबा नाम भएको नोकर थियो, जसले योनातानका एकजना छोरा यर्दन नदीको पूर्वपट्टि रहेको लो-देबारमा बस्दैछन् भन्ने कुरा उनलाई सुनायो। तब दाऊदले तिनलाई यरूशलेममा ल्याए, र तिनको पारिवारिक सम्पत्ति तिनलाई फिर्ता गर्ने आदेश दिए, अनि तिनको निम्ति राजाको टेबलमा खाना खाने प्रबन्ध गरे। अनि जिबा र त्यसका छोराहरूचाहिँ मेपिबोशेतको सेवामा नियुक्त गरिए।

मेपिबोशेतले चाहिँ आत्मिक मरुभूमिमा जिएको, मुक्ति नपाएको मानिसको चित्रण गर्छन्; किनकि लो-देबारको अर्थ 'केही चरन नभएको' हुन्छ होला; अनि माकीरको अर्थअनुसार त्यो मुक्ति नपाएको मानिस पापको अधीनतामा बेचिएको हो; किनभने चार पदमा लेखिएको माकीर भन्ने नामको अर्थ 'बेचिएको' हो। तिनी शाऊलको पतित घरानाको बहिस्कृत सदस्य थिए। अनि मेपिबोशेतका दुवै खुट्टाहरू लङ्गड़ा भएका हुनाले तिनी आएर राजाकहाँ दयाको भिक्षा माग्न सकेनन्। तर अनुग्रही राजाले तिनलाई आशिष दिन तिनलाई खोजे। अनि फेला परेको मेपिबोशेतलाई ठूलो धनसम्पत्ति र राजाको टेबलमा सङ्गतिको स्थान दिइयो। हामी मुक्ति पाउनेहरूसित तिनका समानताहरू सुस्पष्ट छन्ः मेपिबोशेतजस्तै हामी पनि असहाय थियौं, परमेश्वरकहाँ आउन असक्षम थियौं। हाम्रो अवस्था आशाहीन थियो; किनकि हामी गिरेको मानव-जातिका सन्तान थियौं। तर परमेश्वरको अनुग्रहमा हामी उहाँको कृपाका पात्र बन्यौं। हामी परमेश्वरको परिवारको सदस्य-सदस्याको स्थानमा उचालिएका छौं र ख्रीष्ट येशूसँग साझे-उत्तराधिकारी भएका छौं।

> यति अचम्मको प्रेम, यति दिव्य प्रेमको माग के हो ? त्यसले मेरो हृदय माग्छ, त्यसले मेरो मन, मेरो जीवन, मेरो सबै थोक माग्छ !
>
> श्री आइसक वाट्स

**झ) २ शमूएल १०ः थप विजयहरू**

**२ शमूएल १०ः१-५ः** विगत समयमा अम्मोनीहरूका राजा नाहाशले दाऊदलाई केही दया गरेका हुनुपर्छ। अनि यिनी तिनै नाहाश थिए, जसलाई शाऊलले आफ्नो शासन-कालको आरम्भमा पराजित गरेका थिए (१ शमूएल ११)। हुन सक्छ, नाहाशले दाऊदलाई उनी शाऊलबाट भागेको बेलामा मद्दत गरे होलान्; किनकि शाऊल केही समयसम्म यी दुईजनाको शत्रु थिए। अनि नाहाशको मृत्यु भएपछि यिनको छोरा हानून राजा भए। अब दाऊदले विगत समयमा आफूप्रति देखाइएको यिनको भक्तिको ऋण चुक्ता गर्न चाहे। यसकारण उनले नाहाशका छोरा हानूनकहाँ सन्देशवाहकहरूलाई पठाए। तर अम्मोनीहरूका शासकहरूले दाऊदका मानिसहरूलाई जासुसहरू भएको शङ्का गरे। त्यसैले हानूनले तिनीहरूलाई अपमान र तिरस्कारको पात्र तुल्याउने आदेश दिए। अनि जब दाऊदले आफ्ना अपमानित सन्देश-वाहकहरूलाई देखे, तब उनी निक्कै रिसाए।

**२ शमूएल १०ः६-८ः** यो कुरा थाहा पाउनेबित्तिकै अम्मोनीहरूले उत्तरबाट अरामी सेनाहरूलाई भाड़ामा लिएर इस्राएलको विरुद्धमा लड़ाइँ गर्न तयार गरे (हेर्नुहोस् १ इतिहास १९)। तब योआबको नेतृत्वमा दाऊदका मानिसहरूले दुईवटा सेनाहरूको

सामना गरे – अरामीहरूको सेना र अम्मोनीहरूको सेना ।

श्री जोह्न हेलीले २ शमूएल १०ः६ पद र १ इतिहास १९ः६-७ पदहरूको बीचमा सुस्पष्ट अमेलको निम्ति निम्न स्पष्टीकरण दिएका छन्ः

'बेत-रहोबचाहिँ मेसोपोटामियाका साना राज्यहरूमध्ये एक थियो, जसरी माका, जोबाह र तोब अरामी देशका ससाना राज्यहरू थिए। यी राज्यका नामहरू र तिनीहरूका सिपाही-हरूका सङ्‌ख्याहरू निम्न सूचिअनुसार मिलेका छन्ः

*२ शमूएलको पुस्तकअनुसारः*

| | |
|---|---|
| बेत-रहोब र जोबाहका अरामीहरू | २०,००० |
| तोबका अरामीहरू | १२,००० |
| माकाका अरामीहरू | १,००० |
| जम्मा | ३३,००० |

*१ इतिहासको पुस्तकअनुसारः*

| | |
|---|---|
| जोबाहका अरामीहरू आदि | ३२,००० |
| माकाका अरामीहरू (जसको सङ्‌ख्या दिइएको छैन | १,०००) |
| जम्मा | ३३,००० |

**२ शमूएल १०ः९-१४ः** योआबले आफ्ना मानिसहरूलाई दुईवटा समूहमा बाँड़े। तिनले अरामीहरूको विरुद्धमा लड़ाइँ गर्न इस्राएली सेनाका सबैभन्दा उत्कृष्ट सिपाहीहरूलाई लिए। अनि तिनको भाइ अबिशैले बाँकी इस्राएली सिपाहीहरूलाई अम्मोनीहरूको विरुद्धमा लड़ाइँ गर्न नेतृत्व गरे। दुवै सेनापति खतरामा परेको खण्डमा एक-अर्कालाई सहायता दिन सहमत भए। अनि योआब र तिनका मानिसहरूले खुला मैदानमा अरामी-हरूलाई आक्रमण गरे, तब ती अरामीहरू भागे। त्यसपछि भयभीत भएका अम्मोनीहरू हटेर आफ्नो शहरभित्र फर्के। हुन सक्छ, तिनीहरूको शहरको नाम 'रब्बा' थियो।

**२ शमूलल १०ः१५-१९ः** तर केही समयपछि अरामीहरूले आफ्ना सेनाहरूलाई पुनर्गठन गरे र अन्य अरामी राज्यहरूबाट सहायता मागे। तिनीहरू यर्दनको पूर्वमा रहेको हेलामसम्म आइपुगे, जहाँ दाऊदको सेनाले तिनीहरूलाई भेटे र तिनीहरूलाई परास्त गरे। (हेलाम भन्ने ठाउँको ठीक स्थान अज्ञात छ)। इस्राएलीहरूले सात सय रथहरू र चालीस हजार घोड़चढ़ीहरूलाई नष्ट गरे। (अनि १ इतिहास १९ः१८ पदअनुसार तिनीहरूले सात हजार रथीहरू र चालीस हजार पैदल सिपाहीहरू मारे भनेर लेखिएको छ)। श्री जर्ज विलियम्सको सुझाउअनुसार एउटा घोड़सवार सेनामा सात सय रथहरू र चालीस हजार पैदल सिपाहीहरू थिए भने, अर्को पैदल सेनामा सात हजार रथहरू र चालीस हजार पैदल सिपाहीहरू थिए अरे।[12] जे होस्, यस लड़ाइँले अरामी-हरूलाई विश्वास दिलायो, कि दाऊदको शक्ति ठूलो थियो। यसकारण तिनीहरूले इस्राएलसँग मेलमिलाप गरे र अबदेखि उसो अम्मोनीहरूलाई सहयोग गर्न अस्वीकार गरे।

# खण्ड २

# २ शमूएल ११-१२ः

## दाऊदको पतन

### क) २ शमूएल ११ः बतशेबा र ऊरियाहको विरुद्धमा दाऊदका अपराधहरू

**२ शमूएल ११ः१-५ः** दाऊदको कुख्यात नैतिक पतन भयो; यसको निम्ति आदरणीय

टिप्पणीकार श्री म्याथ्यू हेनरीले तीनवटा कारणहरू दिएका छन्ः **क)** उनले आफ्नो कर्तव्य भुले; **ख)** उनले आरामको माया गरेर आफ्नो अल्छी स्वभावलाई ठाउँ दिए; अनि **ग)** उनको बरालिने आँखा थियो।[13] अर्को वर्ष भएपछि उनी अम्मोनीहरूको विरुद्धमा लड़ाइँ गर्न गएनन्, तर उनले योआबलाई तिनीहरूको विरुद्धमा लड़ाइँ गर्न पठाए, तर उनी आफू भने घरैमा बसिरहे। याद रहोस्ः आलस्य गर्ने समयहरू प्रायः सबैभन्दा ठूलो परीक्षामा पर्ने समयहरू हुन्। एक बेलुकाको कुरा होः उनले आफ्नो दरबारको कौसीबाट यताउता हेरे र एउटी सुन्दरी महिलालाई नुहाइरहेकी देखे। उनले सोधपुछ गरेर पत्ता लगाए, कि तिनी त ऊरियाहकी पत्नी बतशेबा थिइन्, जुन ऊरियाहचाहिँ उनका शक्तिशाली योद्धाहरूमध्ये एक थिए। दाऊदले तिनलाई बोलाउन पठाए र तिनीसित व्यभिचार गरे; किनकि तिनले आफूलाई आफ्नो अशुद्धता-बाट शुद्ध गरेकी थिइन्। त्यसपछि तिनी आफ्नो घर फर्किन्। अनि जब तिनले आफू गर्भवती भएकी थाहा पाइन्, तब तिनले दाऊदलाई यसको खबर पठाइन्।

**२ शमूएल ११ः६-१३ः** तब राजाले आफ्नो पाप लुकाउने युक्ति रच्न लागे। पहिले योआब र सेनाको प्रगतिको बारेमा सुन्न चाहेको निहुँले उनले ऊरियाहलाई लड़ाइँबाट फिर्ता बोलाए। अनि ऊरियाहले उनका सबै प्रश्नहरूको जवाफ दिएपछि दाऊदले यिनलाई यिनको घरमा पठाए, यिनले बतशेबासँग यौन-सम्पर्क राख्नेछन् भन्ने आशामा। यसरी बालक जन्मेपछि ऊरियाहले 'यो त मेरो छोरा हो' भन्ठानेथिए। तर ऊरियाहले दाऊदको योजना विफल पारे। आफ्नो घर फर्किजानुको सट्टामा यिनी राजभवनको ढोकाको सामु सुते; किनभने आफ्नो देश लड़ाइँमा जेलुन्जेल यिनले आफ्नो घरका सुखहरूको आनन्द कसरी उपभोग गर्न सक्नेथिए? यिनले पटक्कै आफ्ना सुखहरूको उपभोग गर्न सकेनन्। यस कुराबाट हताश भएका दाऊदले ऊरियाहलाई बेसरी मताए। तर यी विश्वासयोग्य सिपाहीले अझै घर जान मानेनन्। ऊरियाहको राजभक्ति र विश्वास-योग्यता प्रशंसनीय थियो, तर राजाले यिनीप्रति गरेको विश्वासघात कति नीच थियो। यी दुईजनाको बीचमा कत्रो भिन्नता थियो!!

**२ शमूएल ११ः१४-१७ः** त्यसपछि दाऊद आफ्नो बदनाम हुने सबैभन्दा नीच कार्य गर्न अगाड़ि बढ़े। उनले ऊरियाहलाई योआबकहाँ एउटा चिट्ठी बोकेर लैजाने आदेश दिए, जुन चिट्ठीमा ऊरियाहलाई मृत्यु-दण्ड दिनू भन्ने कुरा लेखिएको थियो। राजाले योआबलाई 'ऊरियाहलाई सबैभन्दा चर्को लड़ाइँको मुखमा राख' भन्ने आदेश दिए, जहाँ ऊरियाहको मृत्यु अपरिहार्य हुनेथियो। यसो गर्दा ऊरियाहले राजाको व्यभिचारद्वारा जन्मेको बालकलाई 'यो मेरो होइन' भनेर अस्वीकार गर्न सक्नेथिएनन्; किनकि यिनको मृत्यु भइसक्नेथियो। तब योआबले यसरी लड़ाइँको निर्देशन दिए, कि ऊरियाह अवश्य मारिनेथिए। तिनले आफ्ना फौजीहरूलाई अगाड़ि बढ्ने आदेश दिए, त्यसपछि तिनले देब्रे-दाहिने दुवै पक्षहरू पछाड़ि हट्ने आदेश दिए। तब मध्ये भागमा अघि बढ़ेका ऊरियाह र यिनका मानिसहरू शहरको पर्खालमाथि बस्ने अम्मोनीहरूको निम्ति सजिलो निशाना बने। रणनीतिको हिसाबले योआबले अपनाएको आक्रमण मूर्ख थियो, हाँसउठ्दा कुरा थियो; तर यो मूर्ख कार्य ऊरियाहलाई हटाउन, साथै दाऊदका अन्य विश्वासयोग्य सेवकहरूलाई नाश गर्न सफल भयो।

**२ शमूएल ११ः१८-२१ः** जब योआबले दाऊदलाई लड़ाइँको विषयमा खबर पठाए, तब तिनलाई थाहा थियो कि सेनाको हानि भएको खबरले राजालाई क्रोधित तुल्याउने-

थियो। दाऊदले तिनलाई अवश्य भन्नेथिएः 'तिमी यस शहरको यति नजिक किन गयौ? यरूब्बेशेतका छोरा अबिमेलेकले यस्तो गर्दा कसरी मारिएको थियो, के तिमीलाई याद छैन?' (न्यायकर्ता ९:५०-५५ हेर्नुहोस्)। यसकारण योआबले यस सन्देशवाहकलाई 'तपाईंको दास हित्ती ऊरियाह पनि मरे' भन्न लगाएर राजाको क्रोध रोकिराख्ने निर्देशन दिए। यस कुराले दाऊदलाई त्यस दिनका सैनिक हानि-नोक्सानीहरू केकस्ता थिए, सो सब बिर्साइदिनेथियो।

**२ शमूएल ११:२२-२५:** दिइएको निर्देशनअनुसार यस सन्देशवाहकले दाऊदलाई खबर गर्‍यो। त्यसपछि 'योआब-कहाँ यो सन्देश फिर्ता लैजाऊ!' भनेर भनियोः 'सेनाका हारजितहरू अपरिहार्य हुन्छन्, र तिमीले ऊरियाहको मृत्युको कारणले शोकचिन्ता गर्नुहुँदैन; किनभने लड़ाइँ चलिरहेको बेलामा तरवारले कसैको भेद नराखी निलिहाल्छ।' यस प्रकारको कपट गरेर दाऊदले आफ्नो ठूलो दोष लुकाउने प्रयास गरे र अपरिहार्य मृत्यु र कालको उटपट्याङको बारेमा एउटा भाग्यवादी विवेचना प्रस्तुत गरे।

शोकको परम्परागत समय बितेपछि दाऊदले बतशेबालाई आफ्नी पत्नी तुल्याउन तिनलाई लिन पठाए। अनि त्यसको केही समयपछि त्यो बालक जन्म्यो।

> 'पवित्र धर्मशास्त्र बाइबलले दाऊदको जीवनमा घटेको यो नीच र तुच्छ घटना वर्णन गरेको कुराले पवित्र बाइबल कति विश्वासयोग्य पुस्तक हो भन्ने पुष्टि गर्छ। धर्मशास्त्रले इमानदारपूर्वक र कुनै छाँटकाँट नगरी परमेश्वरका जनहरू केकस्ता थिए, तिनीहरूका कलङ्क र कमजोरी आदि सबै कुराहरू लगायत तिनीहरूको सम्पूर्ण दृश्य हामीकहाँ पेश गर्छ।'
>
> स्क्रिप्चर युनियनका दैनिक टिप्पणीहरू

## ख) २ शमूएल १२: दाऊदले परमप्रभुलाई आफ्नो पाप स्वीकार गरेको

**२ शमूएल १२:१-९:** दोस्रो शमूएलको पुस्तकको एघार र बाह्र अध्यायको बीचमा लगभग एक वर्षको अन्तराल थियो भन्ने विचार सर्वमान्य भएको छ। त्यस अन्तराल समयमा परमप्रभुको भारी हात दाऊदमाथि रहेको थियो। अनि भजन ३२ र भजन ५१ मा उनको आत्मिक संघर्षको वर्णन गरिएको छ। भविष्यवक्ता नातान निम्न दृष्टान्त लिएर दाऊदकहाँ आए, र तिनले उनलाई 'हजुरले मलाई यस विषयमा आफ्नो राय भन्नुहोस्' भन्ने अनुरोध गरे। तिनको कहानी यस प्रकारको थियोः एकजना अगन्तुक धेरै भेड़ाहरू भएका एकजना धनीकहाँ आएछ। तर ती धनी मानिसले यस पाहुनाको सत्कारको लागि आफूसँग भएको कुनै पनि भेड़ा प्रयोग गर्न चाहँदैनथिए। यसैले तिनले एउटा गरिब मानिसको सानो, एकमात्र भेड़ाको पाठो लिएर मारे। दाऊदले आफ्नो पापको जाँच गर्नुभन्दा अरू मानिसहरूका जीवनमा भएको पाप सजिलैसित भेट्टाउन र न्याय गर्न सक्थे। यसकारण क्रोधित भएर उनले घोषणा गरिहाले कि यस्ता मानिसले चार गुणा फिर्ता गरिदिनुपर्नेथियो, र यस पापको लागि यी मानिस मृत्यु-दण्डको योग्य थिए।' नातानले निर्भयताको साथ आरोप लगाउने औंला दाऊदतर्फ औंल्याए र उनलाई यसो भनेः 'यो काम गर्ने मानिस तपाईं नै हुनुहुन्छ। परमेश्वरले तपाईंसँग दयालु व्यवहार गर्नुभयो, र तपाईंलाई राजा तुल्याउनुभयो। उहाँले तपाईंलाई धनी बनाउनुभयो र तपाईंलाई तपाईंको हृदयले चाह गर्न सक्ने सबै कुराहरू दिनुभयो। तर तपाईंले बतशेबालाई तिनको पतिबाट खोसेर लिनुभयो र आफ्नो अपराध ढाक्न तिनलाई मार्नुभयो।'

**२ शमूएल १२:१०-१४:** त्यसपछि नातानको मुखले राजाको निम्ति परमेश्वरको न्यायको गम्भीर फैसला के थियो, सो सुनायोः 'उनका छोराछोरीहरू उनको लागि शोकको कारण हुनेथिए। अनि उनको परिवार रक्तपातपूर्ण द्वन्द्वले टुक्रिनेथियो। उनका पत्नीहरू उनीबाट खोसिनेथिए र खुल्लम-खुल्ला तिनीहरूको बलात्कार र बेइज्जत गरिनेथियो (२ शमूएल १६:२२ पद हेर्नुहोस्)। अनि उनको पापकर्म सामान्य ज्ञानको विषय बन्नेथियो।' तब बल्ल-बल्ल दाऊद पश्चात्ताप गर्ने अवस्थामा पुगे, र 'मैले परमप्रभुको विरोधमा पाप गरेको छु' भनेर उनले आफ्नो पाप परमप्रभुको सामु स्वीकार गरे। यस विषयमा श्री जी. च्याम्पबेल मोर्गनले निम्न टिप्पणी गरेका छन्ः

> '२ शमूएल १२:१३ पदमा "पनि" भन्ने शब्दमा ध्यान दिनुहोस्! किनकि जब कुनै व्यक्तिले आफ्नो पाप इमानदारीसाथ स्वीकार गर्छ, तब त्यस मानिसले आफ्नो पाप हटाइ-दिन्छ। अनि यस कुराले परमेश्वरलाई त्यो पाप हटाइदिने मौका दिन्छ।' 14)

दाऊदले आफ्नो पाप मानिलिनेबित्तिकै नातानले उनलाई तत्कालै यसो भन्ने आश्वासन दिएः 'तपाईंको पापको निम्ति प्रायश्चित्त गरिएको छ; तपाईंको पापको क्षमा भएको छ। तपाईं मर्नुहुनेछैन।' तर उनले आफ्नो पापका नतिजाहरू अवश्य भोग्नुपर्नेथियो। हो, प्रस्थान २२:१ पदअनुसार उनले खास गरी चार गुणा भर्ना गर्नुपर्नेथियो, जसरी उनी आफैले यी धनी मानिसको दृष्टान्त सुनेपछि फैसला गरेका थिए। अनि त्यो बालक निश्चय मर्नेथियो; अनि अम्नोनको हत्या हुनेथियो (२ शमूएल १३), र अब्शालोमलाई मारिनेथियो (२ शमूएल १८), अनि अदोनियाहलाई मृत्यु-दण्ड दिइनेथियो (१ राजाहरू २)।

**२ शमूएल १२:१५-२३:** अनि जब त्यो नव-बालक बिरामी भयो, तब दाऊदले प्रार्थना गरे, र उनी उपवास बसे; किनकि उनी गहिरो शोकमा परे। तर जब उनले त्यो बालक मरिसक्यो भनेर थाहा गरे, तब उनी उठे र उनले भोजन गरे; किनकि त्यो बालक फर्केर आउने नै थिएन; तर एक दिन दाऊद आफ्नो मृत्युमा त्यस बालककहाँ गएर त्यससँग सामेल हुनेथिए। २ शमूएल १२:२३ पद आफ्ना बालबच्चाहरू र साना छोराछोरी-हरूलाई गुमाउनुपरेका विश्वासी बुबाआमा-हरूको लागि ठूलो सान्त्वनाको स्रोत भएको छ।

श्री म्याथ्यू हेनरीको टिप्पणीमा यसो लेखिएको छः

> 'भक्त इसाई बुबाआमाहरूसँग बाल्यावस्थामा मरेका आफ्ना छोराछोरीहरूको विषयमा आशा गर्ने ठूलो कारण यो छः परलोकमा यी ससाना नानीहरूका आत्माहरूको भलो हुनेछ। किनभने परमेश्वरको प्रतिज्ञा हाम्रो निम्ति र हाम्रा सन्तानहरूको निम्ति हो र तिनीहरूमा पूरा हुनेछ, जसले सुसमाचारको निम्ति आफ्नो हृदयको ढोका थुन्दैनन्; किनकि बालकबालिकाहरूले यसो गर्नै सक्दैनन्।' 15)

उत्तरदायी उमेरमा नपुगेका बालक-बालिकाहरू मरे भने पक्का स्वर्गमा जान्छन् भन्ने कुराको विषयमा हामी ढुक्कै र विश्वस्त हुन सक्छौं; किनभने येशूले भन्नुभयोः *'स्वर्गको राज्य यस्तैहरूको हो'* (मत्ती १९:१४)।

परमेश्वरको स्वभावको विषयमा दाऊद-सँग गहिरो ज्ञान थियो; यो कुरा उनले परमेश्वरको न्यायप्रति देखाएको प्रतिक्रिया-बाट स्पष्ट हुन्छ। नव-बालकलाई प्रहार हुनुभन्दा अघि उनले प्रार्थना गर्दैथिए; किनकि परमप्रभु कृपाका परमेश्वर हुनुहुन्छ भन्ने उनलाई थाहा थियो। तर त्यस बालकमाथि प्रहार आइसकेपछि उनले परमप्रभुलाई

दण्डवत् गरे; किनभने परमप्रभु धार्मिकताको परमेश्वर हुनुहुन्छ भन्ने कुरा उनले जान्दथिए। उनले विगत कुराहरू बिर्से, ईश्वरीय ताड़ना स्वीकार गरे र भविष्यमाथि ध्यान राखे । उनी निराशाको सागरमा डुबेनन्; किनभने उनलाई थाहा थियो कि परमेश्वरले उनलाई अझै पनि आशिष दिनुहुनेथियो । यस कुरामा उनी सही थिए।

**२ शमूएल १२ः२४-२५ः** बतशेबाले अर्को छोरा सुलेमानलाई जन्म दिइन्, जसको भाग्य आफ्ना बुबाको उत्तराधिकारी राजा हुनु थियो । भविष्यवक्ता नातानद्वारा परमेश्वरले तिनलाई 'यदिदियाह' भनेर अर्को नाम राखिदिनुभयो, जुन नामको अर्थ 'परमप्रभुको प्रिय' हो ।

**२ शमूएल १२ः२६-३०ः** अब यो वृत्तान्त रब्बाको विरुद्धमा चलिरहेको आक्रमणमा फर्किजान्छ; किनकि २ शमूएल ११ः१-१२ः२५ पदको खण्डमा दाऊदको पापको विषय बीचमा आएको थियो। यसो बुझ्दाखेरि योआबले शहरको एउटा भागबाहेक सारा शहर कब्जा गरिसकेका थिए, अनि त्यो बाँकी भाग त्यसको टुप्पामा अवस्थित भएको किल्ला थियो । (इतिहासकार श्री फ्लेवियस जोसेफसले[16)] साथै एन.के.जे.वी.-संस्करणले के भन्छन् भने, योआबले यस शहरको खाने पानीको स्रोत कब्जा गरे; यसकारण यसको आत्मसमर्पण हुने कुरा पक्का थियो।) तब तिनले दाऊदलाई 'आइदिनुहोस् र तपाईंले रहेको काम पूरा गरिदिनुहोस्' भनेर बोलाए; यसरी तिनले उनलाई विजयको पूरा श्रेय दिन खोजे । योआबको तर्फबाट यो कति निःस्वार्थ कार्य थियो । योआब एकदमै बहुरङ्गी व्यक्ति थिए। कहिलेकाहीं तिनले चरित्रको बल देखाउँथे; तर तिनको व्यवहार प्रायः चतुर, निर्दयी, दुष्ट हुन्थ्यो । दाऊद आएर रब्बा शहर कब्जा गर्नमा सफल भए, र उनलाई सुनको मुकुट लगाइयो, जुन मुकुटको वजनचाहिँ एक टालेन्ट अर्थात् लगभग ३४ के.जी. थियो। अनि उनले धेरै लुटका मालहरू पनि पाए।

**२ शमूएल १२ः३१ः** यस अन्तिम पदको विषयमा बाइबलका विद्वान्हरूको बीचमा अमेल छ। के यस अन्तिम पदले के.जे.वी.को अनुवादले गरेजस्तै[17)] त्यस क्रूर दण्डको वर्णन गरेको छ, जुन क्रूर दण्ड दाऊदले अम्मोनीहरूको विषयमा काममा लगाए ? अथवा के एन.के.जे.वी.ले अनुवाद गरेजस्तै यस पदले केही कृषि र उद्योगका कार्यहरू वर्णन गरेको छ, जुन-जुन परिश्रमिक कामरूपी बेगारीमा दाऊदले यी अम्मोनीहरूलाई लगाइदिए ? कुनचाहिँ हो ? हामीलाई दोस्रो अर्थ सठीक लागेको छ; किनकि यस प्रकारको व्यवहार दाऊदको आदतसित बढ़ी मिल्छ, जसले आफ्ना शत्रुहरूसँग प्रायः यस्तै गर्ने गर्थे र तिनीहरूलाई बेगारीमा लगाइदिन्थे ।

# खण्ड ३

# २ शमूएल १३-२०ः

## दाऊदका विभिन्न समस्याहरू

### क) २ शमूएल १३ः१-१९ः अम्नोनद्वारा तामारको बलात्कार भएको

**२ शमूएल १३ः१-१४ः** अब्शालोमचाहिँ दाऊदका साहिँला छोरा थिए, जो माकापट्टिबाट जन्मेका थिए (२ शमूएल ३ः३); अनि अम्नोन अहिनोअमपट्टिबाट उनका जेठा छोरा थिए (२ शमूएल ३ः२)। तिनीहरू खास गरी सौतेनी दाजुभाइ थिए। अनि अम्नोन अब्शालोमकी बहिनी तामारप्रति कामुक भए। तामारचाहिँ अब्शालोमकी साखै बहिनी थिइन्; यसर्थ यिनी अम्नोनकी सौतेनी

बहिनी थिइन्। यिनले आफ्नो समाजबाट टाढ़ाको एकान्ते जीवन र यिनको पवित्रताले गर्दा तिनी यिनको नजिक आउने उपाय देख्न सक्दैनथिए। त्यसपछि दाऊदको भतिजा योनादाब, तिनको साथीले तिनको समस्या समाधान गर्न तिनलाई निम्न सुझाउ दिएः बिमारी भएको बहाना गरेर अम्नोनले यिनलाई तिनको स्याहार-सुसार गर्न आफ्नो सुत्ने कोठामा आउन फुस्लाऊन्। अनि तिनले यसो गरे र यिनीमाथि बल लगाएर यिनलाई बलात्कार गरे।

**२ शमूएल १३ः१५-१९ः** यिनीसित यो घोर अपराध गरिसकेपछि तिनले यिनलाई साह्रै घृणा गरे; अनि तिनको यो घृणा पहिले यिनलाई गरेको मायाभन्दा पनि बढ़ी थियो। अनि प्रायः कुरा यस्तै हुन्छ नै। किनकि कामवासना र घृणाको बीचमा घनिष्ठ सम्बन्ध छ। यसकारण तिनले यिनलाई निकाल्ने कोशिश गरे, तर यिनले जान मानिनन्। तब तिनले अन्तमा यिनलाई बल प्रयोग गरेर निकालिदिए। तिनको निम्ति 'दृष्टिदेखि बाहिर' 'मनदेखि बाहिर' हुने एकमात्र उपाय थियो।

तामारले ओढ़ेको रङ्गबिरङ्गको वस्त्र च्यातिन्; यिनको शोकको प्रत्यक्ष चिन्ह यही थियो। अनि यसबाट यिनलाई के भएको थियो, सो अब्शालोमलाई थाहा भयो।

### ख) २ शमूएल १३ः२०-३९ः अम्नोनसित अब्शालोमले बदला लिएको र भागेको

**२ शमूएल १३ः२०ः** अब्शालोमले 'तिमीले यो कुरा धेरै गम्भीर लिनुहुँदैन' भनेर तामारलाई सान्त्वना दिए; तर वास्तवमा तिनले त्यस बेलामा अम्नोनसित बदला लिने योजना बनाइरहेका थिए।

आफ्नो कुनै दोषविना नै अपमानित भएकी र विवाहको निम्ति अयोग्य भएकी तामार आफ्नो दाजु अब्शालोमको घरमा उजाड़ भई बसिरहिन्। यसको मतलब यो थियो, कि यिनी मृत्युसम्म अविवाहिता रहिरहिन्। कामवासनाले निर्दोष व्यक्तिलाई पनि र दोषी व्यक्तिलाई पनि हानि गर्छ।

**२ शमूएल १३ः२१ः** दाऊद धेरै क्रोधित भए; तर उनले अम्नोनलाई कुनै दण्ड दिएनन्; तर उनले तिनलाई दण्ड दिनुपर्नेथियो। हुन सक्छ, उनकै पापको सम्झना सबैजनाको मनमा अझै आलो भएको हुनाले उनले तिनलाई दण्ड दिएनन् होला।

> 'दाऊदले आफ्नो कर्तव्य के थियो, सो जानेका थिए, तर उनका हातहरू बाँधिएका थिए। जानीबुझी गरिएको पापले यसो गर्छ-गर्छ। यसले हामीबाट सुविवेक, साथै साहससित प्रभुको निम्ति बोल्ने र गवाही दिने शक्ति खोसिदिने काम गर्ने गर्छ।'
>
> स्क्रिप्चर युनियनका दैनिक टिप्पणीहरू

अम्नोनचाहिँ दाऊदका जेठा छोरा थिए (१ इतिहास ३ः१), र सिंहासनको नियमित उत्तराधिकारी थिए। यस कुराले पनि दाऊदलाई र अम्नोनसित उनको व्यवहार प्रभाव पारेको हुन सक्छ।

**२ शमूएल १३ः२२-२९ः** अब्शालोमले बदला लिनको लागि आफ्नो समय पर्खिरहेका थिए। अनि यो समय दुई वर्षपछि आइपुग्यो; किनकि भेड़ाहरूको ऊन कत्रने समयमा सधैं झैं अहिले पनि बेतएलको नजिक बाल-हसोरमा एउटा ठूलो उत्सव आयोजना गरिएको थियो। अब्शालोमको जोरको साथ गरिएको निमन्त्रणाले उनका बुबालाई आकर्षित गर्न सकेन। हुन सक्छ, दाऊदले आफ्नो छोरालाई ठूलो खर्चबाट जोगाउन चाहे होलान्। तर तिनले दाऊदलाई कर गरेका हुनाले अन्तमा राजाका सबै छोराहरू जाने भए; अनि यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा के थियो भने, अम्नोन पनि जाने भए, जो जेठा

छोराको रूपमा अनुपस्थित बुबाको प्रतिनिधि हुनेथिए। पूर्वनिर्धारित सङ्केतअनुसार अब्शालोमका नोकरहरूले अम्नोनलाई मारे। बाँकी राजकुमारहरू आतङ्कित भए र हतारसँग यरूशेलमतिर फर्के।

**२ शमूएल १३:३०-३६:** तर बीचमा आएर अब्शालोमले राजाका सबै छोराहरूलाई मारेको खबर दाऊदकहाँ पुग्यो। अनि फेरि दाऊद शोकमा डुबे। योनादाबले यो गलत समाचार सच्याएः 'होइन, होइन, मारिएको व्यक्ति केवल अम्नोन थिए। तामारलाई बलात्कार भएको दिनदेखि नै अब्शालोमले तिनलाई मार्ने योजना बनाइरहेका थिए।' त्यसको केही क्षणपछि दाऊदका छोराहरू ठूलो विलाप गर्दै यरूशलेममा फर्के, र तिनीहरूले योनादाबको जानकारी पुष्टि गर्दै तिनीहरू अझै जीवित भएको प्रमाण दिए।

**२ शमूएल १३:३७-३९:** अब्शालोम आफ्नो जीवन बचाउन सिरियाको गशूरमा भागे, जहाँबाट उनकी आमा आएकी थिइन् र जहाँ तिनका बाजे तल्मै राजा थिए। अनि गशूरमा अब्शालोम तीन वर्ष बसे। अम्नोन अब्शालोमभन्दा जेठा थिए र आफ्नो मृत्युसम्म सिंहासनको हकवाला थिए। अम्नोनको मृत्युपछि अब्शालोमले आफूलाई यस सिंहासनमाथि बस्ने सपना गर्दैथिए। समय बित्दै जाँदा राजा दाऊदले अब्शालोमलाई फेरि भेट्न इच्छा गरे; किनकि उनको मनमा अम्नोनको मृत्युको शोक कम भएको थियो।

### ग) २ शमूएल १४: अब्शालोम यरूशलेममा फर्केको

**२ शमूएल १४:१:** राजाले अब्शालोमलाई यरूशलेममा फर्किआएको चाहन्छन् भन्ने कुरा योआबले महसुस गरे। तर अब्शालोम हत्याको दोषी थिए र तिनलाई मृत्युदण्ड दिनुपर्छ भन्ने कुरा मानिसहरूलाई थाहा थियो। जनताको यस असहमतिको डरले दाऊदलाई आफ्ना छोरा अब्शालोमलाई फिर्ता ल्याउन-देखि रोकिराख्यो।

**२ शमूएल १४:२-७:** यसकारण योआबले बेतलेहेमको नजिकमा अवस्थित भएको टेकोअ गाउँबाट एउटी बुद्धिमती स्त्रीलाई दाऊदकहाँ पठाए, जसको पारिवारिक अवस्था दाऊदको जस्तै थियो। गहिरो शोकमा परेको नकल गरेर यिनले आफ्नो एकजना छोराले अर्को छोराको हत्या गरेको कुरा बताइन्। अनि अब यिनको परिवारले यिनको एकमात्र उत्तराधिकारीको मृत्युको माग गरिरहेको थियो। तर यिनको छोराको यस मृत्युदण्डले यिनको परिवारको नामनिशान यस धरतीबाट मेटाइदिनेथियो।

**२ शमूएल १४:८-१३:** शुरुमा राजाले यी स्त्रीलाई 'घर फर्केर जाऊ र जवाफको आशामा पर्खिबस' भने। सायद हत्यारालाई दोषमुक्त गरेको दोषबाट बाँच्न उनले यसो भनेको हुन सक्ला। तर यी स्त्रीले दाऊदबाट तत्कालै जवाफ पाउन चाहिन्; किनकि यिनले उनलाई उनको न्यायको फैसलाको विषयमा पक्रन खोजिन्। तर जब यिनले 'यस फैसलाको विषयमा दोष राजामाथि होइन, तर ममाथि र मेरो परिवारमाथि परोस्' भनेर यिनले उनलाई आश्वासन गरिन्, तब राजा दाऊदले 'कसैले तिमीलाई छुन पाउनेछैन' भनेर यिनको सुरक्षाको विषयमा एउटा सामान्य प्रण गरे। तर यिनी उनको यस उत्तरमा सन्तुष्ट भइनन्। यसकारण यिनले सीधा र सफासँग यो अनुरोध गरिन्ः 'तेरो छोरा मारिनेछैन भन्ने निश्चयता मलाई दिनुहोस्!' अनि यो निश्चयता दिनेबित्तिकै यिनले उनलाई उनको कुरामा पक्रिहालिन्ः 'मौसुफले मेरो छोरालाई माफी दिनुहुन्छ भने, हजुरले आफ्नै निर्वासित छोरा अब्शालोमलाई किन पुनर्स्थापित गर्नुहुन्न ?'

'यी स्त्रीले नकल गरेको अवस्था प्रायः दाऊदको जस्तै थियो। एकजना छोरा मरिसकेको छ, र यी स्त्रीका आफन्तहरूले प्रतिशोधात्मक बदलाको रूपमा दोषी छोराको मृत्युदण्ड हुनैपर्छ भन्ने माग गरिरहेका छन् (पद ७)। दाऊदको न्यायको फैसलामा दया देखियो, र त्यसले रक्तपातको बदला लिने काम स्थगित गर्‍यो। रक्तपातको प्रतिशोध गर्ने चलन मध्यपूर्वमा प्रायः जसो धेरै पुस्ताहरूसम्म निरन्तरता भइरहन्थ्यो। तर यी स्त्री अघि बढ़िन्, र यिनले आफ्नो मामिला दाऊद र अब्शालोममा लागू गराइन्। अनि नातानको बनावटी कथाको सम्बन्धमा दाऊद आफ्नो जालमा फसेजस्तै अहिले पनि उनी फेरि आफ्नै नैतिक बुद्धिको जालमा फसेछन्। यसकारण निर्वासित र भयभीत अब्शालोमलाई तिनको निम्ति सुरक्षाको प्रबन्ध लगायत पुनर्स्थापित गर्न उनी बाध्य भए।'

स्क्रिप्चर युनियनका दैनिक टिप्पणीहरू

**२ शमूएल १४ः१४ः** 'हामी जमिनमाथि पोखिएको पानीजस्तै हौं, जुन पानी फेरि भुइँबाट उठाउन सकिँदैन' भनेर यी स्त्रीले के भन्न खोजिन्? यिनले भन्न खोजेको तात्पर्य यो थियोः 'अम्नोनको मृत्युजस्तै विगत कुराहरू हामी फेरि जम्मा गर्न सक्दैनौं। तब यही कुरा गरिबस्नु के काम?' अनि सायद 'हाम्रो जीवन अति छोटो छ; यसकारण लामो झैझगड़ाद्वारा यो छोटो जीवन किन बर्बाद गर्ने?' भन्ने कुरा पनि यिनले भन्न खोजिन् होलिन्।[18] यस चौध पदको अन्तिम भागको अर्थ यस्तो भएको देखिन्छः परमेश्वरले अपराधीको प्राण तत्कालै लिनुहुन्न, (अनि यो कुरा दाऊदलाई राम्रोसँग थाहा भएको थियो); तर उहाँले पापी व्यक्तिको निम्ति पापको क्षमा पाउन र उसको पुनर्स्थापनाको निम्ति उपायहरू रच्नुहुन्छ। परमेश्वरको व्यवहार यस्तो हो भने, के राजाले यस प्रकारको व्यवहार देखाउनुपर्दैन र?

**२ शमूएल १४ः१५-२३ः** यी स्त्री राजाकहाँ किन आएकी थिइन्? किनभने यिनले उनीबाट ईश्वरीय दया पाउने आशा राखेकी थिइन्। यिनले यो दया आफ्नै छोराको लागि पाएकी थिइन्, तर अब यिनले राजाकै छोराको लागि विन्ती गरिन्। तब राजालाई योआबले यो युक्ति निकालेका हुन् भन्ने भान भयो; अनि यी स्त्रीले 'हो, हो' भनेर यो कुरा खुला रूपले स्वीकार गरिन्। अनि राजा दाऊदले योआबलाई 'अब्शालोमलाई यरूशेलममा फिर्ता ल्याऊ' भन्ने कमजोर आदेश दिए, यद्यपि अब्शालोमले आफ्नो पापको विषयमा पश्चात्ताप गरेका थिएनन्। अब्शालोमलाई फिर्ता ल्याउने काम दाऊदको सबैभन्दा ठूलो अधर्म थियो, र उनले यसको लागि ठूलो मूल्य चुकाउनुपरेको थियो।

**२ शमूएल १४ः२४-३३ः** पूरा दुई वर्षसम्म अब्शालोम यरूशलेममा बसे, तर तिनले आफ्ना बुबाको उपस्थितिमा जान पाएनन्। तिनको दागरहित सुन्दरता र तिनको शिरको लामो केशको कुरा यहाँ किन गरिएको छ? किनभने पछि यी कुराहरूले तिनलाई इस्राएलका मानिसहरूको मन चोर्न मद्दत गर्नेथिए। अनि यी दुई वर्ष बितेपछि अब्शालोमले योआबलाई राजालाई भेट्ने सम्बन्धमा सम्पर्क गर्ने प्रयास गरे। तर योआबले दुई पल्ट तिनीकहाँ आउन अस्वीकार गरे। यसकारण अब्शालोमले योआबको जौंको बारीमा आगो लगाउने आदेश दिए। अनि यस कुराले योआबलाई तुरुन्तै तिनको घरको ढोकामा ल्याइहाल्यो। अब्शालोमले आफ्ना बुबाको अनुहार हेर्ने अनुमति पाउन खोजे र पाए पनि। बुबा-छोरा – यी दुईजनाको पुनर्मिलन भयो।

तामारको बलात्कार भएको सात वर्ष र अम्नोनको हत्या भएको पाँच वर्ष भइसक्यो। यसर्थ अब्शालोमले पाँच वर्षसम्म आफ्ना बुबालाई देखेका थिएनन्। दाऊदले तिनलाई

माफी दिए र तिनलाई मृत्युदण्ड दिनुको सट्टामा तिनलाई यरूशलेममा फिर्ता आउन दिए, तर उनले जे भएको थियो, सो बिर्सन सक्दैनथिए। तर जब यी दुईजनाले अन्तमा एक-अर्कालाई भेटे, तब अब्शालोमले पूर्ण रूपले पापको क्षमा पाए। तर तिनले आफ्नो बुबाबाट पाएको कृपादृष्टि क्रान्तिको निम्ति कदम चाल्ने टेकोको रूपमा प्रयोग गरे (२ शमूएल १५-१८ अध्यायहरू)। दाऊदले आफ्नो छोराको ज्यान जोगाइराखे, तर अब्शालोमले चाहिँ यसको सट्टामा आफ्ना बुबाको मृत्युको युक्ति रचे, कसरी?

यस सब कुरामा योआबको क्रियाकलाप केकस्तो थियो? तिनले सधैं कि त दाऊदको कृपादृष्टि प्राप्त गर्न खोजिरहेको, कि त वंशगत हिसाबले राजा हुन लागेका अब्शालोमको कृपादृष्टि प्राप्त गर्न खोजि-रहेको देखिन्थ्यो।

### घ) २ शमूएल १५:१-१८: अब्शालोमको विद्रोह र दाऊद भागेको

**२ शमूएल १५:१-६:** यस क्षणसम्म अब्शालोम आफै राजा बन्ने इच्छा लुकाउन सफल भए। तर अबचाहिँ तिनले एउटा निक्कै प्रभावशाली टोलीको साथ यात्रा गर्न थाले। अब तिनी पूरा हिम्मतको साथ यरूशलेम शहरको मूलढोकामा गए, जहाँ कानुनी कचहरी लाग्थ्यो र मानिसहरूका मामिलाहरू छिनाफाना हुन्थे। अनि तिनले इस्राएल देशभित्र जनताको हितमा साँचो चासो राख्ने एकमात्र व्यक्ति मै हुँ भन्ने व्यवहार देखाए। तिनको यस व्यवहारले खास गरी तिनका बुबालाई उचित न्यायको प्रबन्ध नगरेको दोष लगाइदियो; तिनले सीधा यसो भन्थे: 'म राजा भएको भए जनताले पाउनुपर्ने न्याय अवश्य पाउनेथियो।' तिनले इस्राएलका विभिन्न शहरका मानिसहरूको कृपादृष्टि र समर्थन पाउने काम गरिरहन्थे।

**२ शमूएल १५:७-१२:** सेप्टुवाजिन्टका पाण्डुलिपिहरू, सिरियक, श्री योसेफस र एन.के.जे.वी.को टिप्पणीअनुसार चार वर्ष-भित्र[19] अब्शालोमले हेब्रोनमा जाने अनुमति पाए; किनभने तिनले निर्वासनमा हुँदा एउटा भाकल गरेका थिए, जुन भाकल तिनले अब पूरा गर्न चाहे। अनि हेब्रोन किन? किनभने हेब्रोनका मानिसहरू असन्तुष्ट भएका थिए होला; किनकि दाऊदले आफ्नो राजधानी हेब्रोनबाट यरूशलेममा सारेका थिए। अनि हेब्रोन अब्शालोमको जन्मस्थान पनि थियो। अब्शालोमको साथमा आएका दुई सयजना मानिसहरूलाई हेब्रोनमा गएकोमा तिनको खास उद्देश्य के थियो, सो थाहा थिएन। किनकि तिनले एउटा नयाँ सरकार गठन गर्न लागेका थिए, जसको राजा तिनी आफै हुनेथिए। अनि अहितोपेलचाहिँ? यिनीचाहिँ दाऊदका सल्लाहकारहरूमध्ये एक थिए र बतशेबाका बाजे थिए (२ शमूएल ११:३ पद २ शमूएल २३:३४ पदसँग तुलना गर्नुहोस्)। यिनले दाऊदको पक्ष लिन छोड़े, र यिनी अब्शालोमसँग गए। अनि अरू धेरै मानिसहरूले अब्शालोमसँग दाऊदको सिंहासन हड़प गर्ने तिनको षड़्यन्त्रमा भाग लिए। अनि हुन सक्छ, अहितोपेलले दाऊदलाई उनले यिनकी नातिनीसँग गरेको व्यभिचारको निम्ति बदला दिन चाहन्थे होला।

**२ शमूएल १५:१३-१८:** अब्शालोमको षड़्यन्त्रको विषयमा खबर सुनेपछि दाऊदले परिस्थिति गम्भीर छ भन्ने कुरा बुझे र उनले यरूशलेम छोड्नुपर्छ भन्ने निर्णय गरे। यसकारण उनले तुरुन्तै आफ्नो घर-परिवारलाई भेला गरे, र उनीहरू भागेर यरूशलेम शहरको छेउछाउमा पुगे। तर राजाले घरको देखरेख गर्न दसजना उपपत्नीहरूलाई छोड़िराखे।

**ङ) २ शमूएल १५ː१९-१६ː१४ː दाऊदका मित्रहरू र शत्रुहरू**

**२ शमूएल १५ː१९-२२ː** दाऊदसँग गएकाहरूको बीचमा पलिस्तीहरूको एउटा टोली थियो, जुन टोलीका मानिसहरूले उनीसँगै गात छोड़ेका थिए। तिनीहरूमध्ये गित्ती इत्तै थिए। अनि जब तिनले राजालाई पछ्याउन थाले, तब उनले तिनलाई फर्किजान आग्रह गरे। किनकि तिनी यहूदी मानिस थिएनन्; अँ, तिनी विदेशमा बसेका थिए; अनि भर्खरै दाऊदको फौजमा तिनको भर्ती भयो; अनि दाऊदको भविष्य अनिश्चित थियो। तर इत्तैले उनको कुरा मानेनन्। चाहे तिनले जतिसुकै मूल्य चुकाउनु किन नपरोस्, तर तिनले राजालाई साथ दिने दृढ़ संकल्प गरे। दाऊदले तिनलाई र तिनका मानिस-हरूलाई निर्वासनमा सँगै जाने अनुमति दिएर यी गैर-यहूदीलाई तिनको राजभक्तिको निम्ति इनाम दिए। अनि इत्तैले भनेः 'निश्चय नै जुन ठाउँमा मेरा मालिक राजा हुनुहुन्छ, चाहे मृत्युमा होस्, चाहे जीवनमा होस्, त्यहीं हजुरको दास पनि हुनेछ।' हे ख्रीष्ट-विश्वासीहरूहो, हामीले पनि राजाहरूका राजाप्रति उहाँको तिरस्कारको समयमा यस किसिमको राजभक्ति देखाउनुपर्छ, जसरी इत्तैले दाऊदप्रति राजभक्ति देखाएका थिए।

**२ शमूएल १५ː२३ː** यरूशलेमको पूर्वमा उनीहरूले किद्रोन खोला पार गरे, र उनीहरू यर्दनको बेंसीतिर लागे। अनि प्रायः एक हजार वर्षपछि दाऊदका महान् पुत्र प्रभु येशू तिरस्कृत राजाको रूपमा त्यही बाटो हिँड्नुहुनेथियो, जुन बाटो अहिले दाऊद हिँड्दैथिए (यूहन्ना १८ː१)। दाऊद आफ्नो ज्यान बचाउन किद्रोन खोला पार गरेर भागे। तर जब प्रभु येशूले किद्रोन खोला पार गर्नुभयो र गेतसमनीमा प्रार्थना गर्नुभयो, तब उहाँले धेरैको लागि आफ्नो प्राण छुटकाराको दामको रूपमा दिन यसो गर्नुभयो।

**२ शमूएल १५ː२४-२९ː** पूजाहारीहरू सादोक र अबियातारचाहिँ दाऊदको निर्वासनमा उनलाई पछ्याउने मनसायले परमेश्वरको सन्दुक लिएर यस शहरबाट बाहिर निस्केर आए। तर उनले तिनीहरूलाई फिर्ता पठाए। किनकि परमप्रभुले उनलाई फर्केर आउने अनुमति दिनुहुनेछ भन्ने अपेक्षामा उनी बसेका थिए। उनको विचारमा, यी पूजाहारीहरूले उनलाई यरूशलेममा बढ़ी सहायता गर्न सक्नेथिए (अब्शालोमका मानिसहरूको बीचमा तिनीहरूले दाऊदको पक्षमा जासुसी गर्न सक्नेथिए)। उनी यर्दनको पश्चिमी किनारासम्म अघि बढ्नेथिए र तिनीहरूबाट अब्शालोमको विद्रोहको प्रगति कहाँसम्म पुगेको थियो, सो खबर पाउने प्रतीक्षामा रहनेथिए।

आफूमाथि करले लागू गराइएको आफ्नो निर्वासनको विषयमा दाऊद तीतो हुन सक्नेथिए; तर यसको सट्टामा उनी नम्रता-पूर्वक परमेश्वरले उनको जीवनमा हुन दिनुभएको कुरामा समर्पित भए। अनि भजन ३ को शीर्षकअनुसार यो भजन त्यस समयमा रचिएको थियो। यस भजनमा हामी दाऊदलाई त्यस समयमा पनि परमप्रभुमाथि गरेको भरोसामा अडिग रहेको पाउँछौं, जब यो ठूलो आँधीबेहरी उनीमाथि चलेको थियो।

**२ शमूएल १५ː३०-३७ː** दाऊद शोकमा डुबेर आफ्ना विश्वासयोग्य अनुयायीहरूको साथमा जैतुन डाँड़ाको उकालो रुँदै-रुँदै चढ्दैथिए, र उनले यसो भन्दै प्रार्थना गरेः 'हे परमप्रभु, अहितोपेलले अब्शालोमलाई दिन लागेको जुनसुकै सरसल्लाह विफल पार्नुहोस्!' अनि जैतुन डाँड़ाको टुप्पामा अरकी हूशैले राजालाई भेटे। अनि दाऊदले तिनलाई 'यरूशलेममा फर्किजाऊ र अब्शालोमप्रति राजभक्ति देखाउने नकल गर'

भन्ने आग्रह गरे। यसो गरेर तिनले अहितोपेलले दिन खोजेको जुनसुकै सल्लाहको प्रतिकार गर्न सक्नेथिए। अनि तिनीसँग उनलाई पठाउन चाहेको कुनै महत्त्वपूर्ण समाचार थियो भने तिनले त्यो समाचार पूजाहारीहरू सादोक र अबियातारको हातमा पठाउन सक्नेथिए। अनि तिनीहरूले आफ्ना दुईजना छोराहरूलाई पठाएर दाऊद-कहाँ त्यो समाचार पुऱ्याउनेथिए। अनि जब हूशै यरूशलेम शहरको मुखमा पुगे, तब अब्शालोम पनि सरकार आफ्नो हातमा लिन आइपुगे।

**२ शमूएल १६ः१-४ः** अनि जब दाऊदले जैतुन डाँड़ाको टुप्पा पार गरे, तब मेपिबोशेतको नोकर जिबाले धेरै खानेकुरा, एक मशक दाखमद्य र दुईवटा गधाहरू लिएर उनलाई भेट्यो। अनि जब दाऊदले उसलाई मेपिबोशेतको बारेमा सोधे, तब जिबाले तिनको विषयमा झूटो खबर दियो (२ शमूएल १९ः२७ पद हेर्नुहोस्)। उसको भनाइअनुसार योनातानको छोराचाहिँ राज्य शाऊलको घरानामा फर्किने आशामा यरूशलेममा बसे अरे। अनि तिनी शाऊलको वंशक्रमअनुसार प्रथम भएका थिए। दाऊदले उसको यो झूट विश्वास गरे र 'मेपिबोशेतको धनसम्पत्ति अब जिबाको हुने भयो' भन्ने आदेश दिए।

**२ शमूएल १६ः५-१४ः** यरिहो जाने बाटोमा दाऊद बहुरिममा आइपुगे; अनि त्यहाँ शिमी नाम गरेको एकजना शाऊलको सन्तान निस्केर आयो, जसले दाऊदलाई शाऊलको घरानाको रक्तपात गरेको आरोप लगायो र उनलाई साह्रै नमीठो हुने गरी सराप्यो। तब दाऊदको सेनाका अधिकारीहरूमध्ये अबिशैले शिमीलाई तत्कालै मार्न चाहे; तर राजाले तिनलाई यसो गर्न दिएनन्। 'परमप्रभुले नै त्यसलाई मलाई सराप्ने आज्ञा दिनुभएको हुन सक्छ' भन्ने उनले सुझाउ दिए; किनकि शाऊलको घरानाको जुनै सदस्यसित उनको ज्यान लिन खोज्ने कारणहरू थिए, तर उनको छोरा अब्शालोमसँग यस्तो कुनै कारण थिएन। यस विषयमा उनको स्पष्टीकरण यो थियो। अनि हुन सक्छ, दाऊदले ऊरियाहको मृत्यु सम्झे होलान्, र शिमीका आरोपहरू आधाररहित थिएनन् भन्ने कुरा महसुस गरे होलान्। अनि कसले जान्दथिए? शिमीले उनीप्रति देखाएको घोर शत्रुताको खातिर परमेश्वर उनीमाथि टिठ्याउनुहुन्छ कि? यो उनको आशा थियो। यसकारण दाऊद र उनका मानिसहरू यर्दनतर्फ अघि बढ़े, अनि शिमीचाहिँ? त्यसले उनीहरूलाई सराप्दै, धूलो फ्याँक्दै र ढुङ्गा हान्दै उनीहरूलाई पछ्याइरह्यो। अन्तमा निर्वासित राजा यर्दन नदीमा आइपुगे, जहाँ उनले र उनका मानिसहरूले थकाइ मारे।

### च) २ शमूएल १६ः१५-१७ः२३ः अब्शालोमका सल्लाहकारहरू

**२ शमूएल १६ः१५-१९ः** अब यरूशलेमचाहिँ घटनास्थल हुनेछ, जहाँ अब्शालोम भर्खरै आइपुगे। हूशैले अब्शालोमप्रति राजभक्तिको ठूलो, जोशले पूर्ण प्रदर्शन गरे। शुरुमा तिनको विषयमा अब्शालोमलाई शङ्का लाग्यो, तर अन्तमा सरकार हड़प गर्नेले तिनलाई स्वीकार गरे।

**२ शमूएल १६ः२०-२३ः** 'हजुर दाऊदले यरूशलेममा छोड़िराखेका दसजना उपपत्नी-हरूकहाँ जानुपर्छ' भनेर अब्शालोमलाई अहितोपेलको पहिलो सल्लाह थियो। यस्तो सरमलाग्दो कार्यद्वारा दाऊदको असाध्य अपमान हुनेथियो, र यसले आपसी मेलमिलाप असम्भव तुल्याउनेथियो र यो सिंहासनको प्रत्यक्ष दाबी मानिनेथियो। अब्शालोमले सारा इस्राएलको नजरमा शाही जनानखानामा जाने सल्लाह स्वीकार गरे।

यसरी नातानले २ शमूएल १२ः११-१२ पदहरूमा गरेको भविष्यवाणी पूरा भयो ।

ती दिनहरूमा अहितोपेलको सल्लाहले ठूलो मान्यता पाउँथ्यो । अनि अब्शालोमले कुनै वादविवादविना यिनको सल्लाह पालन गरे, जसरी तिनका बुबा दाऊदले पनि यिनको सल्लाह पालन गर्थे । तर हामीले अहितोपेल बतशेबाका बाजे भएको कुरा याद गर्‍यौं भने यिनको बदला लिने इच्छाले यिनको विशेष सल्लाह नराम्रो असर गर्न र निर्धारित गर्न सक्यो भन्ने कुरा हामी देख्न र बुझ्न सक्छौं ।

**२ शमूएल १७ः१-४ः** यिनको पहिलो सल्लाह सफल भएपछि अहितोपेलले अब्शालोमलाई बाह्र हजार मानिसहरू भेला गर्ने, दाऊदलाई खेद्ने र एक्कासि उनीमाथि आइलागेर उनलाई मार्ने र उनका अनुयायी-हरूलाई यरूशलेममा फिर्ता ल्याउने सल्लाह दिए ।

**२ शमूएल १७ः५-१४ः** अहितोपेलको सल्लाह अब्शालोमलाई असल लाग्यो; तरैपनि हूशैको सल्लाह सुन्न तिनले यिनलाई बोलाउने निर्णय गरे । अनि हूशैले यही अवसर पाउने बाटो हेरिरहेका थिए। अनि यिनले सीधा भनिहाले, कि अहितोपेलले दिएको दोस्रो सल्लाह यसपालि असल थिएन। किनकि यस विद्रोह र क्रान्तिको खातिर दाऊद र उनका मानिसहरू रिसाइरहेका थिए, र तिनीहरूले पूरा उग्रताको साथ लड़ाइँ गर्नेथिए। अनि दाऊद बुद्धिमान् थिए; यसकारण पक्का पनि उनी आफ्नो सेनासँग रात बिताउनेथिएनन्, तर उनी कहीं कुनै गुफामा लुक्नेथिए। अनि अहितोपेलको पहिलो आक्रमण सफल भएन भने, सारा देशभरि त्रास फैलिनेथियो, र अब्शालोमको योजनाले फेल खानेथियो। हूशैसँग अर्को सुझाउ थियो, जुन सुझाउमा अब्शालोमप्रति यिनको राजभक्तिको झल्को त थियो, तर वास्तवमा यस सुझाउद्वारा यिनले दाऊदलाई भाग्न थप समय दिनु थियो, साथै अब्शालोमको मृत्यु ल्याउने सम्भावना तयार गर्नु थियो । यसकारण यिनले निम्न सुझाउ दिएः इस्राएलका सबै सेनाहरू भेला होऊन् र अब्शालोम स्वयम् यस विशाल सेनाको सेनापति होऊन् । यत्रो सेना अजेय हुनेथियो । अनि दाऊदमाथि आइलाग्दा उनलाई उम्कन असम्भव हुनेथियो । अब्शालोमको विचारमा हूशैको सल्लाह अहितोपेलको भन्दा उत्तम थियो; यसकारण तिनले अहितोपेलको सल्लाह रद्द गरे, जसरी दाऊदले अघि प्रार्थना गर्दा मागेका थिए (२ शमूएल १५ः३१) ।

**२ शमूएल १७ः१५-१७ः** हूशैले तुरुन्तै पूजाहारीहरू सादोक र अबियातारकहाँ खबर पठाए, र तिनीहरूले तिनको निर्देशनअनुसार दाऊदलाई 'यर्दन पार गरेर सुरक्षित ठाउँमा भाग्नुहोस्' भन्ने कुरा सूचित गर्नु थियो । अनि यी पूजाहारीहरूले शहरको छेउछाउमा रहेको एन-रोगेलमा पर्खिरहेका आफ्ना दुईजना छोराहरूलाई एउटी दासीद्वारा यो सन्देश पठाए ।

**२ शमूएल १७ः१८-२२ः** तर एउटा केटाले यो गोप्य बैठक देख्यो र अब्शालोमलाई यी जासुसहरूको विषयमा बताइदियो। तदनुसार पूजाहारीहरूका यी दुईजना छोराहरू योनातान र अहिमासको खोजी गरियो, तर तिनीहरूको खोजी भइ-रहेको समयसम्म तिनीहरू बहुरिमको एउटा इनारमा लुके। त्यसपछि तिनीहरू उम्के र दाऊदकहाँ खबर पुर्‍याए। तब दाऊदले यर्दन पार गरे र यसरी आफ्नो सेना र अब्शालोमको सेनाको बीचमा यो प्राकृतिक अवरोध राखे । त्यसपछि दाऊदले गिलाद देशको महनैम शहरमा प्रस्थान गरे ।

**२ शमूएल १७ः२३ः** अहितोपेल निराश भए; किनभने यिनले दिएको सल्लाह रद्द गरिएको थियो र अब दाऊद विजयी हुनेछन् भन्ने कुरा यिनले बुझेका थिए। यसकारण

यिनी उठे, आफ्नो घरमा फर्के र यिनले आफ्नो घरको व्यवस्था मिलाए, त्यसपछि यिनले आफूलाई झुन्ड्याए, र यिनी मरे। यिनको जीवन र यिनको मृत्यु यहूदा इस्करयोतीको जस्तै, उस्तै प्रकारको थियो।

### छ) २ शमूएल १७:२४-१९:८: अब्शालोमको मृत्यु र दाऊदको विलाप

**२ शमूएल १७:२४-२६:** अब्शालोमले आफ्ना बुबालाई यर्दन-पारि गिलादसम्म खेदे। अनि तिनले अमासालाई आफ्नो सेनाको सेनापतिको रूपमा नियुक्त गरे। अमासाका बुबा इश्माएली येतेर थिए, जसले यहूदीधर्म अपनाएका थिए (१ इतिहास २:१७)। अमासाचाहिँ दाऊदका भतिजा थिए र तिनी योआबको भाइ परेका थिए।

**२ शमूएल १७:२७-२९:** दाऊदले महनैममा छाउनी हालेको बेलामा तीनजना मानिसहरू उनीकहाँ आए, जसले उनको निम्ति र उनका मानिसहरूको निम्ति आवश्यक खानेकुराहरूको प्रबन्ध गरेः शोबी, माकीर र बार्जिलै।

शोबीचाहिँ अम्मोनीहरूका स्वर्गीय राजा नाहाशका छोरा थिए। तिनका भाइ हानूनले दाऊदको सद्‌भावना अस्वीकार गरेका थिए र यसको निम्ति दुःख भोगेका थिए (२ शमूएल १०)। तर शोबीले, यी अन्यजाति मानिसले इस्राएलका राजाको धेरै हेरचाह गरे, अँ, प्रायः सबै यहूदीहरूले भन्दा बढ़ी उनको हेरचाह गरे। ठीक त्यस्तै धेरै अन्यजातिका मानिसहरूले प्रभु येशूलाई ग्रहण गरेका छन्, जसलाई उहाँका आफ्नैहरूले ग्रहण गरेनन् (यूहन्ना १:११)।

माकीरले धेरै वर्षसम्म मेपिबोशेतको हेरचाह गरेका थिए; त्यसपछि दाऊदले यिनलाई यरूशलेममा ल्याए (२ शमूएल ९:३-५)। तिनले खाँचोमा परेकाहरूको सेवा गर्दैथिए, चाहे त्यो खाँचोमा परेकोचाहिँ लङ्गड़ा राजकुमार थिए, चाहे हटाइएका राजा थिए। अतिथि-सत्कारद्वारा ख्रीष्ट येशूको काममा सहयोग पुऱ्याउन आफ्नो धनसम्पत्ति खर्च गर्नेहरूले उहाँको महिमित आगमनमा तिनीहरूका दयाका कामहरूको निम्ति सय गुणा इनाम पाउनेछन्।

अनि बर्जिलैचाहिँ? दाऊद महनैममा रहेको सम्पूर्ण अवधिभरि तिनले उनको स्याहार-सुसार गर्न मद्दत गरे। तिनी धेरै धनी मानिस थिए, र तिनको सहयोग राजाको निम्ति धेरै महत्त्वपूर्ण थियो (२ शमूएल १९:३१-३९)। आफ्नो मृत्यु-शैयामा दाऊदले सुलेमानलाई बर्जिलैका छोराहरूको पदोन्नति गरेर राजकीय दरवारमा राख्नू भनेर आदेश दिए (१ राजा २:७)। ठीक त्यस्तै, ख्रीष्ट येशूले उहाँको सेवा गर्नेहरूलाई पनि बिर्सनुहुनेछैन; तिनीहरूलाई उहाँको राज्यमा सम्मानका स्थानहरू दिइनेछ।

**२ शमूएल १८:१-५:** अब दाऊदले आफ्नो सेनालाई तीनवटा दलहरूमा विभाजन गरे र योआब, अबिशै र इत्तैलाई सेनापतिहरू बनाए। राजा आफैले हुन लागेको लड़ाइँमा भाग लिन चाहे, तर मानिसहरूले उनलाई शहरमै बसिदिन र आवश्यक परेमा सहायता पठाइदिनको निम्ति मनाउन सके। अनि यी सिपाहीहरू शहरबाट निस्किरहेको बेलामा दाऊदले सबैको सामु आफ्ना यी तीनजना सेनापतिहरूलाई अब्शालोमको विषयमा 'मेरै खातिर अब्शालोमसित कोमल व्यवहार गर' भन्ने सुस्पष्ट आदेश दिए।

**२ शमूएल १८:६-९:** यर्दनको पूर्वमा एप्रैमको जङ्गलमा र महनैमको नजिकमा लड़ाइँ जुधियो। अनि एकै दिनमा अब्शालोमका सेनाहरूमा बीस हजारको मृत्यु भयो; किनभने यस घना जङ्गलमा सिपाहीहरू फसे। दाऊदको सेनाको विजय भयो। अनि जब अब्शालोम यस जङ्गलबाट भाग्दैथिए, तब तिनको टाउको एउटा ठूलो बज्राँठको

रूखका हाँगाहरूमा अल्झियो, तर तिनी बसेको खच्चर तिनीविना अघि बढ़ेर गयो। एक प्रकारले यो व्यङ्ग्य भाग्य थियो; किनकि जुन शरीरको अङ्गको विषयमा तिनले अति घमण्ड गर्थे, त्यही अङ्ग तिनको पतन र विनाशको माध्यम बन्यो।

**२ शमूएल १८:१०-१५:** अनि जब अब्शालोमलाई यस हालतमा देख्ने मानिसले योआबलाई अब्शालोमको असहाय अवस्थाको जानकारी दियो, तब त्यस मानिसले यी विद्रोहीलाई नमारेको हुनाले तिनको हप्की खानुपर्‍यो। तर उसले आफ्नो पक्षमा होशियारीसाथ आफ्नो कुरा स्पष्ट पार्‍योः कुनै पनि रकमले उसलाई राजाका निर्देशनहरू उल्लङ्घन गर्न लाउन सक्नेथिएन। अनि उसले अब्शालोमलाई मारेको भए, यो कुरा अवश्य राजाकहाँ पुग्नेथियो; अनि त्यस बेलामा योआबले उसको पक्ष लिनेथिएनन्। तर योआबले त्यस मानिससित तर्क गरिबस्नु आफ्नो समय खेर फालेको ठाने। तिनले अब्शालोमको मुटुमा तीनवटा भालाहरू रोपिदिए। त्यसपछि तिनका दसजना हतियार बोक्नेहरूले अब्शालोमलाई अन्तिम घातक प्रहार दिएर मारे। यो सबै राजाको आदेशको विरोधमा थियो; तर राज्यको भलाइको हिसाबले उत्तम र सठीक थियो। किनकि दाऊदले निरन्तर आफ्ना छोराहरूलाई तिनी-हरूका अपराधहरूको निम्ति सजाय दिन मान्दैनथिए; त्यसैले यो सजाय दिने काम अरू कसैले गर्नुपर्‍यो।

**२ शमूएल १८:१६-१८:** अब्शालोमको मृत्यु भइसकेपछि योआबले बुद्धिमानीसाथ लड़ाइँ रोक्ने आदेश दिए; किनभने मुख्य उद्देश्य पूरा भएको थियो। अब्शालोमको मृत शरीर एउटा ठूलो खाड़लभित्र फ्याँकियो र यो खाड़ल ढुङ्गाको ठूलो रासले ढाकियो। तिनले अघि यरूशलेमको नजिकै राजाको उपत्यकामा आफ्नो लागि खड़ा गरेको स्मारकभन्दा यो ढुङ्गाको रास कति फरक थियो। अब्शालोमका तीनजना छोराहरू थिए (२ शमूएल १४:२७); तर तिनीहरू सानै उमेरमा मरे होलान्, र तिनको कुनै उत्तराधिकारी वा हकवाला रहेन। यसकारण तिनले 'अब्शालोमको स्मारक' नामक खाँबा आउने पुस्तासम्म तिनको नाम रहिरहोस् भन्ने हेतुले खड़ा गरेका थिए।

**२ शमूएल १८:१९-२३:** अहिमासले यो खबर दाऊदकहाँ पर्‍याउन चाहे, तर योआबले यसो गर्न दिएनन्। किनभने अहिमास असल समाचार ल्याउने वाहकको रूपमा प्रतिष्ठित थिए (२ शमूएल १८:२७ख); अनि अब्शालोमको मृत्युको खबर ल्याउन तिनको चरित्रदेखि बाहिर भएको कुरा हुनेथियो। यसकारण योआबले एकजना कूशीलाई औपचारिक सन्देशवाहकको रूपमा पठाए। तर त्यो कूशी गएपछि अहिमासले योआबलाई मनाए, र तिनले यिनलाई पनि जान दिए, यद्यपि यिनले यस दूतकर्मको निम्ति कुनै इनाम पाउनेथिएनन्। अनि अहिमासले छोटो र छिटो बाटो लिए, र यिनी त्यस कूशीलाई उछिन्न सफल भए।

**२ शमूएल १८:२४-३०:** दाऊद लड़ाइँको खबर पाउन आत्तिरहेका थिए। तब पहरेदारले एकजना धावक नजिकै आइरहेको खबर दियो, त्यसपछि अर्को धावक पनि आइरहेको थियो। अनि जब दाऊदले पहिलो धावक त अहिमास होलान् भन्ने सुने, तब उनले असल समाचार सुन्न पाउँछु भन्ने बाटो हेरे; किनभने विगत समयमा अहिमासले सधैं असल समाचारहरू ल्याउने गर्थे। सामु आएपछि अहिमासले घोषणा गरेः सुन्नुहोस्, परमप्रभुले विद्रोही सेनालाई प्रहार गर्नुभएको खबर सुन्नुहोस्!' तर जब दाऊदले अहिमासलाई अब्शालोमको बारेमा सोधे, तब

अब्शालोमको मृत्युको खबर सुनाउन यिनको साहस पुगेन। यसैले यिनको उत्तर अस्पष्ट थियोः 'मैले एउटा ठूलो गोलमाल देखें, तर त्यो के थियो, सो मलाई थाहा भएन।'

**२ शमूएल १८ः३१-३३ः** तब त्यो कूशी पनि आइपुग्यो; अनि त्यसले दाऊदका शत्रुहरू पराजित भएको खबर घोषणा गर्‍यो। तर अब्शालोमको विषयमा कसो हो? योचाहिँ राजाको नभई नहुने प्रश्न थियो। तब त्यस कूशीले सीधा जवाफ दियोः 'मेरा स्वामीका शत्रुहरू र हजुरको खराबी गर्न उठ्नेहरू सबैजना ती जवान मानिसजस्तै होऊन्!' अर्को शब्दमा भन्नु हो भने, तिनी मरेका थिए। यस खबरले दाऊदलाई गहिरो शोकमा डुबाइदियो। २ शमूएल १८ः३३ पदमा उनको दयनीय विलाप उल्लेख गरिएको छ। उनको जीवनमा योजस्तै ठूलो कुनै शोक नै थिएन। अनि उनले योआबलाई यसको निम्ति कुनै समयमा माफ गरे कि गरेनन्, यसको बारेमा शङ्का छ।

**२ शमूएल १९ः१-८ः** राजाको शोक यति ठूलो थियो, कि मानिसहरूलाई लाज लाग्यो र तिनीहरूले आफूलाई अपराधी ठाने। तिनीहरू विजेता होइन, तर हार्नेहरू पो भएछन्। योआब यस कुरामा साह्रै बेखुशी भए, र तिनले राजालाई बेसरी हप्काए। तिनको गुनासो यस प्रकारको थियोः दाऊदले आफ्ना विश्वासयोग्य मानिसहरूमा भन्दा आफ्ना शत्रुहरूमा बढ़ी चासो राखे। उनको जीवन बचाउनेहरूप्रति उनी कति कृतघ्न थिए!! अनि दाऊदले तत्कालै आफ्ना मानिसहरूप्रति साँचो र गम्भीर चासो देखाएनन् भने, तिनीहरूले त्यही रात उनलाई छोड़िजानेछन् भनेर तिनले उनलाई चेताउनी दिए। दाऊदले तिनको कुरा माने र उनी उठे र शहरको मूलढोकामा बसे, अनि उनले मानिसहरूसँग कुरा गरे।

### ज) २ शमूएल १९ः८-४३ः दाऊद निर्वासनबाट फर्केका

**२ शमूएल १९ः९-१०ः** यस समयमा इस्राएल देशभरि ठूलो अन्योलता भइरह्यो। अनि सबै मानिसहरूले आपसमा झगड़ा गरिरहेका थिए। तिनीहरूको बीचको तर्क यस प्रकारको थियोः राजा दाऊद जसले विगत समयमा तिनीहरूलाई पलिस्तीहरूको हातबाट बचाएका थिए, उनी हालैमा निर्वासनमा बस्दैथिए; अनि तिनीहरूका स्वनियुक्त शासक अब्शालोमको मृत्यु भएछ। यसरी दाऊदलाई उनको सिंहासनमाथि पुनर्स्थापित गर्ने अभियान शुरु भयो। 'यसकारण ख्रीष्ट राजालाई फर्काएर ल्याउने विषयमा तपाईंहरू किन चुप रहनुभएको छ, र केही पनि भन्नुहुन्न?' भन्ने प्रश्न वर्तमान समयमा सुतिरहेको मण्डलीको लागि उपयुक्त प्रश्न हो।

**२ शमूएल १९ः११-१५ः** इस्राएलका दसवटा कुलहरूले दाऊदलाई सिंहासनमाथि पुनर्स्थापना गर्ने बारेमा कुरा गरिरहेको दाऊदले सुने; तब उनले यी दुईजना पूजाहारीहरूलाई यहूदाका बूढ़ा प्रधानहरूकहाँ पठाए। 'हे मेरा रगतका नातेदारहरू, तिमीहरू किन मलाई राजाको रूपमा फर्काएर ल्याउनुमा सबैभन्दा पछि छौ?' भनेर उनले तिनीहरूलाई सोध्न लाए। यहूदाले अब्शालोमलाई विद्रोहमा धेरै सहायता गरेको थियो। यसकारण निस्सन्देह तिनीहरूमा केही बेखुशी वा डर भएको हुनुपरेको थियो।

दाऊदले योआबलाई सेनापति हुनदेखि हटाउने, (हुन सक्छ, योआबले अब्शालोमलाई मारेको कारणले यसो भएको होला) र तिनको सट्टामा अमासालाई सेनापतिको रूपमा नियुक्त गर्ने निर्णय गरे। अमासाचाहिँ दाऊदको भतिजा थिए, र यिनी भर्खरै मात्र अब्शालोमको सेनापति भएका

थिए। परका व्यक्तिहरूको निम्ति दाऊदको यो व्यवहार अनौठो देखिन्थ्यो; किनकि तिनीहरूको दृष्टिमा उनले राजभक्ति गर्नेलाई दण्ड दिएको र राजद्रोह गर्नेलाई इनाम दिएको जस्तो देखिन्थ्यो। यस प्रकारको राजनीतिद्वारा देशको स्थिरता कायम राख्नु असम्भव थियो। तर उनले चालेका यी कदमहरूले यहूदाका सबै मानिसहरूको मन जिते, र तिनीहरू सबै दाऊदको पक्षमा फर्केर आए; अनि एक मतका भई तिनीहरूले उनलाई 'घरमा न्यानो स्वागत छ' भन्ने सन्देश पठाए।

**२ शमूएल १९:१६-२३:** शिमी जसले अघि दाऊदलाई सरापेको थियो अनि जिबा जसले मेपिबोशेतको निन्दा गरेको थियो, यी दुईजना फर्किआउने राजालाई भेट्न हतार गर्दै यर्दन नदीमा आइपुगिहाले। तर शिमीको क्षमा-याचना अति थियो, सायद कपटपूर्ण थियो, कि कसो हो? किनकि दाऊद फेरि सत्तामा फर्किआएपछि त्यसको सजाय सुनिश्चित थियो, अनि यस सजायबाट बच्ने त्यसको एकमात्र इच्छा थियो। तर यस उल्लासित क्षणमा राजाले अबिशैको इच्छा खारेज गरे, जसले शिमीलाई मार्न खोजे। यस उपलक्ष्यमा त्यसलाई मृत्युदण्ड दिनुहुँदैन, तर उनले त्यसलाई आम-क्षमा दिएँ भन्ने प्रण गरे। तर दाऊदले शिमीका श्रापहरू बिर्सैनन्। किनकि पछि आफ्नो मृत्यु हुनुभन्दा पहिले उनले सुलेमानलाई त्यस गाली बक्ने बेन्यामिनीसँग कड़ा व्यवहार गर्ने आदेश दिए (१ राजा २:८-९)।

**२ शमूएल १९:२४-३०:** मेपिबोशेत पनि राजालाई भेट्न आए। अनि यसो हेर्दा दाऊदको निर्वासन शुरु भएको दिनदेखि यता तिनले शोक गरेको कुरा तिनको बाहिरी रूपबाटै स्पष्ट भयो। राजाप्रति तिनको राजभक्ति साँचो थियो, जिबाले तिनीमाथि लगाएको झूटो आरोप जेसुकै होस्। तर तिनले निर्वासनमा राजालाई साथ नदिएकोमा उनले तिनीसँग रूखो कुरा गरे। तर मेपिबोशेतले यसको स्पष्टीकरण दिएः तिनले आफ्नो नोकर जिबालाई 'मेरो गधामा काठी कस' भन्ने आदेश त गरेका थिए, तर जिबाले यसो गर्दैनथियो; तब अपाङ्ग भएका मेपिबोशेत असहाय भएका थिए। 'अँ, जिबाले झूटो आरोप लगाएर मेरो बदनाम गरेको हो, तर अब राजा फर्कनुभएपछि त्यस अन्यायले केही फरक पार्दैन' भनेर तिनले मन खोलेर गुनासो गरे। तर जब 'जिबा र तिमीले जग्गाजमिनहरू आपसमा बराबर बाँड्नुपर्छ' भनेर दाऊदले तिनको विषयमा भेदभावले पूर्ण फैसला गरे, तब योनातानको यी अपाङ्ग छोरा मेपिबोशेतले आफ्नो हृदयको साँचो राजभक्ति यसरी प्रकट गरेः 'त्यसले सबै लैजाओस्, किनकि मेरा मालिक राजा शान्तिसित आफ्नै घरमा फर्कनुभएको छ।'

**२ शमूएल १९:३१-३९:** असी वर्ष पुगेका गिलादी बार्जिलैचाहिँ दाऊदका साँचो मित्र थिए। किनकि तिनले महनैममा राजालाई पालनपोषण गरेर खानेहरू उपलब्ध गराए। अनि अब तिनी उनको साथमा यर्दन नदीसम्म गए। दाऊदले तिनलाई 'मसँग यरूशलेममा जाऊ! म तिम्रो असल हेरचाह गर्नेछु' भन्ने निमन्त्रण दिए र कबुल गरे। तर बार्जिलैले आफ्नो बाँकी जीवनको छोटो अवधि विचार गरेर यो निम्तो विनम्रतासाथ इन्कार गरे। राम्रा-नराम्रा कुराहरू तिनको निम्ति एउटै थिए; किनकि तिनले मीठो-नमीठो छुट्ट्याउने स्वाद गुमाएका थिए र तिनका कानहरू बहिरा हुन लागेका थिए। तिनी राजाको साथमा गए भने तिनी राजाको निम्ति बोझ बन्नेथिए। यसकारण तिनी दाऊदलाई यर्दन पार गराएर उनीसँग अलि परसम्म जान र त्यसपछि आफ्नो शहर फर्कन राजी भए। तिनको बदलीमा किम्हाम, (जो तिनको छोरा हुनुपर्छ), दाऊदको साथमा जाऊन् भन्ने तिनको सुझाउ सहजै स्वीकार गरियो।

**२ शमूएल १९ः४०-४३ः** राजालाई यरूशलेममा फर्काएर ल्याउन यहूदाका सबै मानिसहरू र इस्राएलका आधा मानिसहरू मिलेर एउटा ठूलो शोभा-यात्रा बनिसकेका थिए ।

अब आन्तरिक गृहकलह शुरु भयो; किनभने यहूदाका मानिसहरूले अरू दस कुलहरूलाई यस राजालाई फिर्ता ल्याउने कार्यमा भाग लिने निम्तो नगरी एकलैले राजालाई यर्दन-वारि ल्याइहाले । राजाको पुनर्स्थापनामा यस प्रकारको प्रमुख भूमिका निभाउन तिनीहरूलाई के भएको हँ ? तब यहूदाका मानिसहरूले यसको निम्ति निम्न स्पष्टीकरण दिएः एक, दाऊद तिनीहरूको नजिकको नातेदार थिए; अनि दुई, तिनीहरूले राजा फिर्ता ल्याउने कार्यमा नेतृत्व लिएकोमा तिनीहरूको लाभ अरूको भन्दा बढ़ी के पो थियो ? तर यी दस कुलहरूले के तर्क गरे भने, उनीहरूसँग यहूदाका मानिसहरूको भन्दा दस गुणा बढ़ी यस पुनर्स्थापना-कार्यमा भाग लिने अधिकार थियो । तर यहूदाका मानिसहरूले जवाफमा बोलेका वचनहरू अझ बढ़ी कड़ा थिए; अनि यी कड़ाभन्दा कड़ा शब्दहरूचाहिँ आउन लागेको गम्भीर समस्याको पूर्वसङ्केत थियो ।

### झ) २ शमूएल २०ः शेबाको विद्रोह र मृत्यु

**२ शमूएल २०ः१-२ः** बिन्यामिन-कुलको शेबा नाम गरेको एकजना दुष्ट विद्रोही मानिसले यहूदाका मानिसहरूले बोलेका वचनहरूमा निहुँ पायो (२ शमूएल १९ः४२) र आफ्नो विद्रोहको आधार बनाइहाल्यो । (हुन सक्छ, शेबा शाऊलको नातेदार थियो कि ?) । यहूदाका मानिसहरूले 'दाऊद हाम्रै हुन्' भनेर दाबी गरे । यसकारण अब शेबाले घोषणा गर्दैथियोः 'ठिक्कै छ, दाऊदमा हामी दस कुलहरूको कुनै भाग छैन भने हे इस्राएली मानिसहरूहो, आओ, हामी तिनीहरूबाट छुटेर अलग हौं !' यस अवस्थामा दाऊदसँग एउटै कुल मात्र बाँकी रह्योः यहूदाको कुल । अब यस सिलसिलामा घट्न लागेका घटना-हरूबाट पछि स्पष्ट हुन्छ कि शेबाको अनुयायीगण निक्कै सानो भएको रहेछ । 'हे इस्राएल, हरेक आ-आफ्नो पालमा जाऊ' भन्ने वाक्य हामीले यसको सीमित अर्थमा बुझ्नुपर्छ; अर्थात् हामीले आफ्नो आपत्ति जनाउने इस्राएलका दस कुलहरूका मानिस-हरू मात्र बुझ्नुपर्छ ।

**२ शमूएल २०ः३ः** यरूशलेममा पुगेपछि राजाले त्यहाँ छोड़ेका दसजना उपपत्नी-हरूलाई भेट्टाए, जसको बेइज्जत अब्शालोमले गरेका थिए । दाऊदले तिनीहरूको निम्ति बन्दोबस्त गरे, र तिनीहरू आफ्ना बाँकी जीवन विधवा-गृहमा बन्दी भइरहे ।

**२ शमूएल २०ः४-७ः** बितेको समयमा योआबलाई पदच्युत गरिसकिएको थियो, र दाऊदको सेनाको जिम्मा अब्शालोमका विद्रोही सेनापति अमासाले पाएका थिए । राजाले तिनलाई त्यस विद्रोही नेता शेबालाई खेद्न र पक्रन तीन दिनभित्र यहूदाका मानिसहरूलाई हाजिर गराउने आदेश दिए । तर कुनै अज्ञात कारणवश अमासाले आफूलाई दिइएको समयभित्र यो काम पूरा गर्न सकेनन् । यसकारण दाऊदले अबिशैलाई शेबालाई पक्रने कामको जिम्मा सुम्पे; किनकि जुनै हालतमा पनि शेबालाई पर्खालले घेरिएका शहरहरूमा व्यवस्थित हुनदेखि रोक्नुपरेको थियो । तब अबिशै दाऊदका चुनिएका मानिसहरूको साथमा निस्के; अबिशैसँग जानेहरूमध्ये योआब र तिनका मानिसहरू पनि थिए ।

**२ शमूएल २०ः८-१०[क]ः** जब तिनीहरू गिबोनमा भएको ठूलो साँध-ढुङ्गामा आइपुगे, तब अमासा तिनीहरूको सामु देखा परे । योआब जसले लड़ाइँमा जान प्रयोग गर्ने कवच ओढ़ेका थिए, तिनी अमासालाई चुम्बन


गर्न अघि बढ़े। तिनी अघि बढ़्दै गर्दा तिनको तरवार भुइँमा झर्‍यो। यसो विचार गर्दा तिनले जानी-जानी यसो गरेको देखिन्छ। त्यसपछि तिनले आफ्नो तरवार उठाए, र तिनी केही शङ्का नगरेका आफ्नो भाइतिर लागे। मित्रताको ठूलो प्रदर्शनको साथ योआबले अमासालाई चुम्बन गर्न यिनको दाह्री समाते, र तरवारको एक प्रहारले यिनलाई मारे।

**२ शमूएल २०:१०ख-१३:** त्यसपछि योआब र अबिशैले शेबाको पिछा गरे। तर अमासा मूलबाटोको बीचैमा रगतमा लड़ीबुड़ी गरिरहेका हुनाले तिनीहरूको अधीनतामा रहेका सिपाहीहरू अचल भए। अनि केवल अमासाको मृत शरीर मूलबाटोबाट हटेपछि योआबका मानिसहरू तिनको पछि लागे।

**२ शमूएल २०:१४-२२:** शेबाको खेदो-कार्यले तिनीहरूलाई सुदूर उत्तरमा बेत-माकाको आबेल शहरमा पुर्‍यायो। त्यो शहर मेरोमको पानीदेखि यसको उत्तरमा अवस्थित थियो। त्यो शहर त्यसका ज्ञानी मानिसहरूको विषयमा प्रसिद्ध थियो। अनि योआबले त्यस शहरलाई घेराबन्दी गरे; तब एउटी बुद्धिमती स्त्रीले तिनलाई बोलाइन् र तिनलाई सोधिन्: 'तपाईंले किन इस्राएलको एउटा आमा-शहर नाश गर्न लाग्नुभएको छ, जुनचाहिँ धेरै समयदेखि आफ्नो बुद्धिको लागि सुप्रख्यात थियो?' (आमा-शहर भन्नाले एउटा महत्त्वपूर्ण शहर बुझिन्छ।) तर जब योआबले त्यस शहरभित्र लुकिराखेको विद्रोह मच्चाउने नेता शेबालाई पक्रने आफ्नो एकमात्र उद्देश्य बताए, तब त्यसलाई मारेर त्यसको टाउको पर्खालबाट फ्याँकिदिन यी स्त्री सहमत भइन्। यस सिलसिलामा त्यसको टाउको त्यसको मृत्यु भएको प्रमाण थियो। अनि यो कुरा पूरा हुनेबित्तिकै योआबले तुरही फुके, र तिनी यरूशलेमतिर फर्के; किनकि तिनको काम पूरा भयो। यसरी शेबाको विद्रोह एक हप्ताभन्दा बढ़ी टिकेन।

**२ शमूएल २०:२३-२६:** दाऊदले योआबलाई पदच्युत गरेका थिए। त्यसपछि तिनको बदलीमा पहिले अमासालाई र त्यसपछि अबिशैलाई सेनापतिको रूपमा नियुक्त गरे (२ शमूएल १९:१३ र २०:६)। तर योआबले सेनापतिको आफ्नो पद फिर्ता पाए।

२ शमूएल २०:२३-२६ पदको खण्डमा राजाका प्रमुख अधिकारीहरूको सूचि दिइएको छ, जुन सूचिचाहिँ २ शमूएल ८:१५-१८ पदको खण्डमा दिइएको सूचिसँग प्रायः मिल्छ। योआब सेनापति थिए। बनायाहको हातमा दाऊदका अङ्गरक्षकहरूको जिम्मा थिए; यहोशापात-चाहिँ अभिलेखक थिए। शेवा, जो सेरायाह हुन्, मुन्सी वा सचित थिए। सादोक र अबियातार पूजाहारीहरू थिए, (जब पहिलो सूचिअनुसार सादोक र अहिमेलेक पूजाहारीहरू हुन्थे)। यस सूचिमा भएका भिन्नताहरू यस प्रकारका थिएः अदोरामचाहिँ बेगारीमाथि थिए भने, याइरको इराचाहिँ दाऊदको मुख्य शासक वा मुख्य मन्त्री थिए। तर दाऊदका छोराहरूको बारेमा यहाँ केही लेखिएको छैन, तर तिनीहरूको विषयमा दोस्रो शमूएलको आठ अध्यायमा उल्लेख गरिएको छ।




**दाऊदको राज्य**

तिनका सैनिक अभियानहरूद्वारा एदोम, मोआब, अम्मोन र जोबाह इस्राएलमा गाभिए

# खण्ड ४

# २ शमूएल २१-२४ः

## यस पुस्तकको परिशिष्ट

दोस्रो शमूएलको पुस्तकको बाँकी भागचाहिँ वास्तवमा दाऊदको शासनकालमा घटेका विभिन्न घटनाहरूमाथि जोड़ दिने पूरक अंश हो, जुन घटनाहरू कालक्रमअनुसार प्रस्तुत गरिएका छैनन्। (कालक्रम पहिलो राजाको पुस्तकबाट फेरि निरन्तरता पाउँछ।)

### क) २ शमूएल २१ः अनिकाल र त्यसको अन्त

**२ शमूएल २१ः१ः** यी घटनाहरूमध्ये पहिलोचाहिँ त्यो तीन वर्ष चलेको अनिकाल थियो। जब दाऊदले परमप्रभुलाई यसको कारणको विषयमा सोधे, तब परमप्रभुको स्पष्ट उत्तर यस प्रकारको थियोः शाऊलले गिबोनीहरूसँग करार भङ्ग गरेकोले गर्दा यो अनिकाल इस्राएल देशमाथि आएको थियो। विगत समयमा कनान देशका यी अन्यजातीय बासिन्दाहरूले यहोशूलाई फसाएर उनीहरूसँग

सन्धि गर्न लगाएका थिए। तर शाऊलले गिबोनीहरूलाई नाश गर्ने आफ्नो जोशमा यो सन्धि तोड़े। यस कुराको विषयमा हामीले अघि पुरानो नियममा कहीं पढ़ेका छैनौं। २ शमूएल २१ः१ पदमा शाऊलको परिवारले 'खूनी घराना' भन्ने नाम पायो; किनभने शाऊलका सन्तानहरूले गिबोनीहरूको आम-हत्यामा सक्रिय रूपमा भाग लिएका थिए। यसो हो भने, तिनीहरूले भोग्नुपरेको सजाय न्यायसङ्गत देखिन्छ (२ शमूएल २१ः२-९)। अघिबाट मरिसकेको मानिसको अपराधको खातिर एउटा सिङ्गै जातिले दुःख पाउनुपर्छ भन्ने कुरा हामीलाई अति भएको लाग्न सक्छ; तर यस सिलसिलामा हामीले यो कुरा याद गर्नुपर्छः केही शताब्दीभन्दा अघि इस्राएली जातिले गिबोनीहरूसँग शपथ खाएको थियो (यहोशू ९ः१९-२०), र त्यो भाकल भङ्ग भएकोले यो अनिकाल आयो। समयले परमेश्वरको सम्झना धमिलो पार्न सक्दैन, न ता उहाँको न्यायको भावना फिका-फ्यात्लो तुल्याउन सक्छ।

**२ शमूएल २१ः२-९ः** दाऊद यी गिबोनीहरूकहाँ गए, र उनले शाऊलको अपराधको निम्ति कुनचाहिँ उचित दण्डले तिनीहरूलाई सन्तुष्ट पार्ने हो, सो कुरा पत्ता लगाउन खोजे। तिनीहरूले शाऊलको चाँदी वा सुन चाहँदैनथिए र तिनीहरूसँग इस्राएलमा कसैको मृत्यु-दण्ड दिने अधिकार पनि थिएन। तिनीहरूको मागअनुसार शाऊलका सातजना नरहरूलाई मृत्यु-दण्ड दिनुपरेको थियो; अरू केही पनि चल्दैनथियो। अनि दाऊद यही कुरामा राजी थिए। ती सातजना छोराहरू यस प्रकारका थिएः रिस्पाका दुईजना छोराहरू अर्मोनी र मेपिबोशेत, जुन मेपिबोशेतचाहिँ योनातानको छोरा थिएनन्, अनि र शाऊलकी छोरी मेराबका पाँचजना छोराहरू। यस ठाउँमा 'मिकल' लेखिएको कुरा अस्वीकार गरिने दुईवटा कारणहरू छन्ः मिकलको विवाह अद्रीएलसँग होइन, तर पल्तीसँग विवाह भएको थियो (यस सम्बन्धमा तपाईंले १ शमूएल २५ः४४ पद हेर्नुहोला); अनि मिकल सन्तानहीन भएकी थिइन् (२ शमूएल ६ः२३)। अनि यहाँ उल्लेख गरिएको बार्जिलै ती बार्जिलै होइन, जसले दाऊदलाई उनी अब्शालोमबाट भागेको बेलामा मद्दत गरेका थिए (२ शमूएल १७ः२७)।

**२ शमूएल २१ः१०ः** गिद्धहरू र जङ्गली जनावरहरूले यी लासहरू छुन नसकून् भन्ने हेतुले शाऊलकी विश्वासी उपपत्नी रिस्पाले दिनरात यी लासहरूलाई पहरा दिइन्। तिनले फसलको शुरुदेखि नै परमेश्वरले पानी नबर्साएसम्म यो जागरण निरन्तर कायम राखिरहिन्। अनि यसरी नै यस अनिकालको अन्त भयो, जुन अनिकालले यी सातजनाको मृत्यु निम्त्याएको थियो।

**२ शमूएल २१ः११-१४ः** अनि जब दाऊदले यी लासहरूको रक्षा गर्ने सम्बन्धमा काममा लगाइएको रिस्पाको लगनशिलताको विषयमा सुने, तब उनले यी सातजनाका लासहरू, साथै याबेश-गिलादमा गाड़िएका शाऊलका हड्डीहरू र तिनको छोरा योनातानका हड्डीहरूको योग्य दफनको निम्ति कदम चाले। त्यस सिलसिलामा शाऊलका हड्डीहरू र तिनको छोरा योनातानका हड्डीहरू बिन्यामिनको इलाकामा कीशको चिहानमा गाड़िए।

**२ शमूएल २१ः१५-२२ः** यस खण्डमा पलिस्ती दैत्यहरूको विरुद्धमा गरिएका केही लड़ाइँहरूको बारेमा वर्णन गरिएको छ। पहिलो लड़ाइँमा चाहिँ इस्बी-बेनोबले दाऊदलाई झन्डै मारेको थियो, तर अबिशैले उनलाई बचाए र त्यस पलिस्तीलाई मारे। त्यस बेलादेखि दाऊदका मानिसहरूले उनलाई तिनीहरूसँग लड़ाइँ गर्न जान

दिएनन्। दोस्रो लड़ाइँमा गोबमा अर्थात् गेजेरमा सिब्बैकैले दैत्यको अर्को सन्तानलाई मारे। अनि तेस्रो लड़ाइँमा एल-हानानले गित्ती गोल्यतको लहमी नामक भाइलाई मारे। (१ इतिहास २०:५ पदसँग तुलना गर्नुहोस्)। अनि चौथो लड़ाइँमा एक दैत्यको मृत्यु भयो, जसको प्रत्येक हातमा छवटा औंलाहरू र प्रत्यक खुट्टामा छवटा औंलाहरू थिए। रोमी लेखक श्री प्लिनीले छवटा औंलाहरू भएका रोमी नागरिकहरूको विषयमा उल्लेख गरे, र यो विशेषता केही परिवारहरूमा वंशाणुगत रूपमा हुने गर्छ। [20]

### ख) २ शमूएल २२ः दाऊदको धन्यवादको भजन

**२ शमूएल २२ः१-५१ः** यस गीतका शब्दहरूद्वारा दाऊदले परमप्रभुको प्रशंसा गरे, जसले उनलाई उनका शत्रुहरूबाट छुटकारा दिनुभयो र जसले उनीमाथि अनगिन्ती आशिषहरू बर्सनुभयो। हुन सक्छ, दाऊदले सिंहासनमाथि दृढ़तापूर्वक स्थापित भएपछि उनले यो भजन लेखे होलान्। शाऊल मरेका थिए, र राज्य दाऊदको नेतृत्वमा एक भएको थियो, र इस्राएलका शत्रुहरूलाई प्रहार गरिएको थियो। यस गीतका शब्दहरू केही हेरफेरको साथ भजन १८मा पाइन्छन् र नयाँ नियमको पुस्तकमा जब उद्धृत गरिएका छन्, यी वचनहरू ख्रीष्ट येशूमा लागू गरिएका छन्, (तीन पदमा लेखिएको 'उहाँमाथि म भरोसा राख्नेछु' भन्ने वाक्य हिब्रू २:१३ पदसँग तुलना गर्नुहोस्, अनि २ शमूएल २२:५० पद रोमी १५:९ पदसँग तुलना गर्नुहोस्)।

यो गीतचाहिँ ख्रीष्ट येशूसित सम्बन्धित भजनको रूपमा हेर्दाखेरि हामीले निम्न रूपरेखा अपनाउन सक्छौंः

**क)** २ शमूएल २२:२-४ः प्रार्थना सुन्नुभएकोमा र जवाफ दिनुभएकोमा परमेश्वरलाई प्रशंसा भएको होस्।

**ख)** २ शमूएल २२:५-७<sup>क</sup>ः मुक्तिदाता प्रभु मृत्युको घेराभित्र पर्नुभएको।

**ग)** २ शमूएल २२:७<sup>ख</sup>-२०ः यस खण्डमा परमेश्वरले नरकका सेनाहरूको विरुद्धमा लड़ाइँ गर्नुभएको दृश्य छ; किनभने तिनीहरूले प्रभु येशूको बौरिउठाइ रोक्न खोजे, तर यसमा तिनीहरू पूरा विफल भए।

**घ)** २ शमूएल २२:२१-३०ः परमेश्वरले ख्रीष्ट येशूलाई किन मरेकाहरूबाट बौराएर उठाउनुभयो? यसको केही कारणहरू यहाँ पेश गरिएका छन्।

**ङ)** २ शमूएल २२:३१-४३ः यहाँ ख्रीष्ट येशूको महिमित आगमनको दृश्य दिइएको छ; त्यस बेलामा उहाँले आफ्ना शत्रुहरूलाई नष्ट गर्नुहुनेछ।

**च)** २ शमूएल २२:४४-५१ः ख्रीष्ट येशूको महिमित राज्य यस्तो छ।

विस्तृत जानकारीको निम्ति भजन १८का टिप्पणीहरू हेर्नुहोस्!

### ग) २ शमूएल २३ः दाऊदका शूरवीर योद्धाहरू

**२ शमूएल २३ः१-७ः** यस अध्यायका पहिला सातवटा पदहरूले दाऊदका परमसुन्दर अन्तिम वचनहरू पेश गर्छन्, अर्थात् यी वचनहरू परमेश्वरको आत्माको प्रेरणाले गीतको रूपमा रचिएका उनका अन्तिम शब्दहरू हुन्। उनले यहाँ आदर्श शासकको नक्सा कोर्दै ख्रीष्ट येशूलाई वर्णन गरे, जसको शासन एउटा गौरवशाली बिहानीजस्तै हुनेछ, अँ, लामो समयसम्म आँधीबेहरी चलेको रातपछि बादलविनाको उज्यालै-उज्यालो भएको बिहानीजस्तै हुनेछ।[21] दाऊदलाई थाहा थियो, कि यस उच्च वर्णनसँग उनको जीवन मिल्दै मिल्दैनथियो। तर उनले एउटै कुरामा सान्त्वना पाएः ख्रीष्ट येशू दाऊदको वंश हुनुहुनेछ भन्ने कुरा परमेश्वरको करारद्वारा

उनको सम्बन्धमा निर्धारित गरेर पक्का ठहरियो । अनि २ शमूएल २३ः६-७ पद-हरूले ख्रीष्ट येशूको न्यायको वर्णन गरेका छन्; किनकि जब उहाँ आफ्नो राज्य स्थापित गर्न फेरि आउनुहुनेछ, तब उहाँले विद्रोह गर्नेहरूलाई दण्ड नदिई छोड्नुहुनेछैन ।

**२ शमूएल २३ः८-१२ः** यस पददेखि उनन्चालीस पदसम्म दाऊदका शूरवीर योद्धाहरूको सूचि दिइएको छ । यस विषयमा महत्त्वपूर्ण के छ भने, योआबको नाम यस सूचिमा हालिएन, तिनलाई यहाँ सम्मान गरिएको छैन । हुन सक्छ, तिनले अब्शालोमलाई मारेको कारणले यसो भएको होला, अब्नेर र अमासाको हत्या गरेको कुरा परै जाओस् ! हुन सक्छ, यी नामहरूको दर्ता दाऊदको शासनकालको अन्तमा भयो होला; तर १ इतिहास ११ः११-४७ पदहरूको खण्डमा प्रस्तुत गरिएको सूचिचाहिँ उनको शासन-कालको शुरुमा तयार गरिएको थियो । यी दुईवटा सूचिहरूमा एकरूपता छैन, तर यिनका समानताहरू धेरै छन् । यी शूरवीरहरू र तिनीहरूका अपूर्व वीरता र सफलताहरूको बारेमा बढ़ी जानकारी पहिलो इतिहासको पुस्तकको एघार अध्यायको टिप्पणीमा पाउन सकिन्छ ।

यस सूचिमा सबैभन्दा पहिले दर्ता गरिएका शूरवीर योद्धाहरू यी नै थिएः

**क)** *योशेब-बश्शेबेतः* तिनको अर्को नाम एज्नी अदिनो पनि थियो । तिनले एकै समयमा आठ सयजना मानिसहरूलाई मारे (पहिलो इतिहासको पुस्तकले 'तिनले तीन सयजनालाई मारे' भन्छ, तर त्यो सङ्ख्या-चाहिँ पाण्डुलिपीकर्ताको त्रुटि होला ।)

**ख)** *एलाजारः* यिनका सङ्गी-सिपाहीहरू पछि हटेको बेलामा यिनले पलिस्तीहरूसँग लड़ाइँ गरिरहे । इस्राएली सेनाका सिपाहीहरू केवल मारिएकाहरूलाई लुट्न फर्के । लड़ाइँ समाप्त भएको बेलामा उनको हात यति धेरै थाकिसकेको थियो कि यिनका औंलाहरू यस तरवारमा टाँसिरहेका थिए र यिनले आफ्ना औंलाहरू सायद त्यस हातको ऐंठनको खातिर यस तरवारबाट हटाउन सकेनन् ।

**ग)** *शम्माः* इस्राएलका मानिसहरू पलिस्तीहरूको सामु भाग्दाखेरि तिनी एकलै पलिस्तीहरूको विरुद्धमा खड़ा भए । दालको बारीमा उभिएर तिनले शत्रुसँग लड़ाइँ गरे र ठूलो विजय हासिल गरे ।

**२ शमूएल २३ः१३-१७ः** यहाँ, यस खण्डमा उल्लेख गरिएका तीनजनाचाहिँ अज्ञात शूरवीर योद्धाहरू हुन्; दाऊद अदुल्लामको गुफामा भएको बेलामा र बेतलेहेम पलिस्तीहरूको हातमा भएको बेलामा यिनीहरू दाऊदकहाँ आए । त्यस बेलाको कुरा होः दाऊदले बेतलेहेमको इनारको पानी पिउने इच्छा व्यक्त गरे । आफ्नो ज्यान जोखिममा हालीकन यी तीनजना मानिसहरूले पलिस्तीहरूको मोर्चा-पङ्क्ति-भित्र छिरेर दाऊदको लागि केही पानी ल्याइदिए । उनी यस बलिदानबाट यति धेरै प्रभावित भए कि उनले यो पानी परमप्रभुको निम्ति अर्घबलिको रूपमा खन्याए । उनले यो पानी पिउन सकेनन् । यस सम्बन्धमा श्री जर्ज विलियम्सले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'प्रभु येशूसित घनिष्ठ सम्बन्धमा जिउनेहरूले अफ्रिका, भारत र चीन आदि देशहरूबाट प्रेमका केही घुट्कीहरू पिउन पाउने उहाँको हृदयको चाहना बुझ्छन् । यसकारण दाऊदका यी शूरवीर योद्धाहरूले जस्तै तिनीहरूले आफ्नो घर र आफ्नो धनसम्पत्तिपट्टि आफ्नो पिठ्यूँ फर्काउँछन्, अनि जसरी बेतलेहेमको इनार पलिस्तीहरूको हातमा थियो, ठीक त्यस्तै जुन देश-देशका मानिसहरू शैतानको पकड़मा छन्, ती देश-देशका मानिसहरूको स्नेह र सेवा ख्रीष्ट येशूको निम्ति जित्न तिनीहरूले आफ्नो जीवन खतरामा हाल्छन् र आफ्नो जीवन खर्च गर्छन् ।'[22]

**२ शमूएल २३ः१८-२३ः** दाऊदका अर्को दुईजना शूरवीरहरू यी नै थिएः

**घ)** *अबिशैः* यिनले तीन सयजना मानिसहरूलाई मारे; अनि यिनी २ शमूएल २३ः१६ पदमा उल्लेख गरिएका तीनजना-मध्येको थिएनन्, तर यी शूरवीरहरूको कप्तान थिए।

**ङ)** *बनायाहः* तिनले मोआबका दुईजना सिंहजस्तै वीरहरूलाई मारे। अनि तिनले हिउँ परेको दिनमा एउटा खाड़लमा एउटा सिंहलाई मारे। अनि तिनले एकजना सुडौल भएको मिस्री मानिसलाई मारे, जसले तिनको भन्दा धेरै र बड़िया हतियारहरू भिरेको थियो।

**२ शमूएल २३ः२४-३९ः** यस खण्डमा दाऊदका तीसजना, अथवा सैंतीसजना शूरवीर योद्धाहरूको सूचि दिइएको छ।

यस अध्यायमा भएका केही सङ्ख्या-हरूको बारेमा स्पष्टीकरण दिनु आवश्यक छ, जस्तै तीसजना प्रधानहरू (१३ र २४ पदमा), अनि सैंतीस शूरवीरहरू (३९ पदमा) आदि। तीसजना भन्नाले एउटा उच्च कोटिको सैनिक दल बुझिन्छ। तर कुनै समयमा यस उच्च कोटिको दलमा सेवा गरेका सबैजनालाई गन्ती गर्दाखेरि जम्मा सैंतीसजना भएका रहेछन्। पहिलो टोलीमा तीनजना थिए; योशेब बश्शेबेत अथवा अदिनो, एलाजार र शम्मा (२ शमूएल २३ः८-१२)। अनि दोस्रो टोलीमा दुईजना थिएः अबिशै र बनायाह (२ शमूएल २३ः१८-२३)। अनि २ शमूएल २३ः२४-३९ पदहरूको खण्डमा 'तीसजना' भनेर तेस्रो दलको निम्ति प्रयोग गरिएको औपचारिक शब्द थियो होला; किनभने 'बाह्रजना' भन्ने नाम प्रभु येशूका प्रेरितहरूको निम्ति तिनीहरू बाह्रजना भए-नभए प्रयोग गरिने चल्ती शब्द थियो। तर यस्तो पनि सम्भव भएको देखिन्छः 'तीसजना' भन्ने शब्द अक्षरशः पनि लिन सकिन्छ। तब तीसजना-भन्दा बढ़ी भएकाहरूलाई लड़ाइँमा मरेकाहरूको स्थानमा भर्ती भएकाहरू सम्झनु उचित होला, हित्ती ऊरियाहजस्तै, जसको नाम सूचिको अन्तमा लेखिएको छ। तिनी बतशेबाको पति थिए, जो लड़ाइँमा मरेका शूरवीरहरूमध्ये एक थिए।

प्रभु येशूका शक्तिशाली पुरुष र स्त्रीहरू पनि छन्। अनि जसरी दाऊदले तिनीहरूको ख्याल गरे, जसले वीरताको साथ उनको सेवा गर्थे; ठीक त्यस्तै प्रभु येशूले पनि ती शूरवीर भाइबहिनीहरूमाथि ध्यान लगाउनुहुन्छ। ख्रीष्टको सेनामा हाम्रो पद जस्तोसुकै किन होस्, आउनुहोस्, हामी विश्वासको उत्तम लड़न्त लड़ौं!

> हे ख्रीष्टका सिपाहीहरूहो, उठ, र आफ्नो कवच लगाओ! परमेश्वरको अनन्त पुत्रमार्फत परमेश्वरले तिमीहरूको निम्ति प्रबन्ध गरि-दिनुभएको शक्तिमा बलवान् होओ!
>
> यसकारण उहाँको महान् शक्तिमा खड़ा होओ, किनकि उहाँको सारा सामर्थ्य तिमीहरूको हो। तर लड़ाइँको लागि तम्तयार हुन परमेश्वरको सारा हातहतियार धारण गर!
>
> श्री चार्ल्स वेस्ली

### घ) २ शमूएल २४ः दाऊदको जनगणना र त्यसका परिणामहरू

श्री विलियम क्रकेटले सुझाउ गरेअनुसार यहाँ, यस ठाउँमा उल्लेख गरिएका घटनाहरू दाऊदले यरूशलेम कब्जा गरेको केही समयपछि, तर उनले परमेश्वरको सन्दुक पवित्र शहरमा ल्याउनुभन्दा अघि नै अर्थात् २ शमूएल ५ र ६ अध्यायको बीचमा घटेका थिए।[23)]

**२ शमूएल २४ः१ः** यस पदबाट परमेश्वरले आफ्नो क्रोधमा दाऊदलाई इस्राएल र यहूदाको जनगणना लेऊ भनेर भन्नुभएको जस्तो देखिन्छ। तर १ इतिहास २१ः१ पदबाट हामी के सिक्छौं भने,

दाऊदलाई यसो गर्न उत्प्रेरणा दिनेचाहिँ शैतान पो थियो । शैतानले यस कामको प्रेरणा दियो भने दाऊदले आफ्नो हृदयको घमण्डको कारणले यो काम पूरा गरेका हुन्; अनि परमेश्वरचाहिँ ? उहाँले यसो गर्न दिनुभयो । सेप्टुवाजिन्टको अनुवादमा २ शमूएल २४ :१ पद यसरी पढ़िन्छः '... अनि शैतानले दाऊदलाई सुस्यायो ।' यसर्थ यस अनुवादमा तेस्रो व्यक्तिको सर्वनाम 'उहाँ'को सट्टामा 'शैतान' भन्ने शब्द थपिएको हो ।

**२ शमूएल २४ः२-९ः** जब राजा दाऊदले योआबलाई यो जनगणना थाल भन्ने आदेश दिए, तब उनका सेनापतिमा उनको भन्दा बढ़ी समझ देखियो । किनकि तिनले बुझे, कि यस जनगणनाको एकमात्र उद्देश्य दाऊदको घमण्डलाई तृप्त पार्नु थियो । यसकारण तिनले राजालाई यसो नगर्ने सल्लाह दिए; तर उनले तिनको सल्लाह लिएनन् । दाऊदको आज्ञा पालन गर्दै योआब र तिनका मानिसहरू मानिसहरूको गन्ती गर्दै गर्दा देशभरि चारैतिर घुमे । अनि तिनीहरूले इस्राएलमा आठ लाख सिपाहीहरू भएको र यहूदामा पाँच लाख सिपाहीहरू भएको पत्तो लगाए ।

प्रस्थान ३०ः१२-१३ पदहरूमा परमप्रभुले आज्ञा गर्नुभयो, कि जनगणना गर्दा सरकारले छुटकाराको दामको रूपमा एक-एक व्यक्तिको निम्ति आधा-आधा शेकेल उठाउनुपरेको थियो । अनि दाऊदले यसो गरेनन्; किनकि परमेश्वरको वचनमा उनले यसो गरेको बयानै छैन । घमण्डले उनलाई मानिसहरूको जनसङ्ख्या लिन उत्प्रेरित गर्‍यो; किनभने यस जनगणनाबाट यसले उनलाई परमप्रभुमाथि होइन, तर आफ्नो सेनाको बलमाथि भर पर्न लगाउन सक्ने डर आएको थियो ।

**२ शमूएल २४ः१०-१४ः** यो जनगणना भइसकेपछि राजालाई आफ्नो पापको दोष महसुस भयो, अनि पापको क्षमा पाउन उनले परमप्रभुलाई पुकार गरे । तब परमेश्वरले भविष्यवक्ता गादलाई उनीकहाँ पठाउनुभयो, जसले उनलाई निम्न तीनवटा दण्डहरूको बीचबाट कुनै एउटा रोज्ने मौका दिएः **क)** देशमा सात वर्ष अनिकाल परोस्; **ख)** दाऊदका शत्रुहरूले उनलाई तीन महिना-सम्म खेदिरहून्; **ग)** तीन दिने महामारी चलोस् । तब दाऊदले मानिसको हातमा पर्नुभन्दा बरु परमेश्वरको कृपालु हातमा पर्न रोजे ।

**२ शमूएल २४ः१५-२५ः** तब परमप्रभुले तीन दिने महामारी पठाउनुभयो, जुन महामारीले गर्दा सत्तरी हजार मानिसहरू मरे । तर जब विनाशकारी स्वर्गदूतले यरूशलेम शहरलाई नष्ट गर्न लागेका थिए, तब परमेश्वरले ती स्वर्गदूतलाई अरौनाको खलामा रोकिदिनुभयो । (अरौनाको अर्को नाम ओर्नान पनि थियो) । किनकि दाऊदले परमप्रभुलाई सोध्दैथिएः 'हे परमप्रभु, तपाईंले किन इस्राएली मानिसहरूलाई नाश गर्दै हुनुहुन्छ ?' किनकि यस सम्बन्धमा दाऊद र उनको घराना दोषी थिए । अनि परमेश्वरले उनलाई जुन जवाफ दिनुभयो, त्यो जवाफ उहाँले भविष्यवक्ता गादद्वारा उनलाई दिनुभयोः 'हे दाऊद, तिमीले अरौनाको खलामा एउटा वेदी खड़ा गर्नू !' तब राजा दाऊदले हतार गरे र तुरुन्तै यबूसी अरौनासित त्यो ठाउँ किन्ने व्यवस्था गर्न थाले । अनि अरौना भन्ने मानिस अन्यजाति भए पनि निक्कै उदारचित्तको मानिस भएको थियोः किनकि कुनै मूल्य नलिईकन उसले त्यो खला मात्र होइन, तर बलिदानका बहरहरू र दाउराको निम्ति आफ्ना दाइँ गर्ने सामानहरू पनि दियो । तर उसको यस प्रस्तावमा राजाको जवाफ प्रशंसनीय थियोः 'म सित्तैंमा प्ररमप्रभु मेरा परमेश्वरलाई होमबलिहरू चढ़ाउनेछैनँ ।'

अन्तमा दाऊदले त्यो खला र ती बहरहरू पचास शेकेल चाँदीमा किने । (तर १ इतिहास

२१ः२५ पदले भन्छ कि दाऊदले त्यस ठाउँको लागि छ सय शेकेल सुन तिरे। तर निस्सन्देह यस दाममा त्यस खलाको वरिपरिको जमिन पनि समावेश भएको थियो।) यस वेदीमा होमबलिहरू चढ़ाएपछि त्यो महामारी थामियो (२ शमूएल २४ः२५)।

मोरिया पर्वतमा अवस्थित भएको अरौनाको त्यो खलाचाहिँ सायद त्यही ठाउँ थियो, जहाँ अब्राहामले इसहाकलाई बलिदान गर्नुपरेको थियो। अनि त्यही ठाउँमा पछि सुलेमानको मन्दिर खड़ा गरियो, र त्यही ठाउँमा प्रभु येशूको समयमा हेरोदको मन्दिर थियो। वर्तमान समयमा त्यस ठाउँमा अल-अक्सा नामक मस्जिद छ। अनि हुन सक्छ, सङ्कष्टकालमा र ख्रीष्ट येशूको हजार वर्षको राज्यमा त्यही ठाउँमा फेरि यहूदीहरूको मन्दिर खड़ा हुनेछ।

पवित्र धर्मशास्त्र बाइबल विश्वासका शूरवीरहरूको विषयमा पूरा इमानदार छ। दाऊदका भूलहरू थिए र उनका ती भूलहरू उनको विश्वासको साथसाथै उल्लेख गरिएका छन्। हामीले दाऊदलाई भेड़ाहरूको बगालको हेरचाह गरेको समयदेखि पछ्याउँदै उनको निर्वासनको समय हुँदै उनको उत्थानसम्म आएका छौं। परमेश्वरसित घनिष्ठ सम्बन्ध राख्नुमा दाऊदभन्दा नजिकको थियो होला? थोरै मानिसहरू मात्र होलान्, जो परमेश्वरको साथमा उनीभन्दा नजिक हिँड्ने गर्थे; अनि थोरै मानिसहरू होलान्, जो उनीभन्दा ठूलो पापमा गिरे। तर परमेश्वरलाई धन्यवाद होस्! परमप्रभुले उनलाई कहिल्यै छोड्नुभएन, तर सधैं सम्हाल्नुभयो। दाऊदले भोगेका अनुभव-हरूबाट हामी सबै लाभान्वित भएका छौं; किनभने उनले ती अनुभवहरू आफ्ना भजनहरूमा बयान गरे।

श्री म्याथ्यू हेनरीले शमूएलका पुस्तकहरूमा देखा परेका दाऊद र भजनसंग्रहमा देखा परेका दाऊदको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'शमूएलका पुस्तकहरूमा बयान गरिएको दाऊदको इतिहासको विवरणमा धेरै कुराहरू छन्, जुन कुराहरू शिक्षाप्रद छन्। यस इतिहासको विवरणमा धेरै घटनाहरू दिइएका छन्, जुन घटनाहरूमा उनी महान्, उत्तम र परमेश्वरको प्रियको रूपमा देखा परे। तर शमूएलका पुस्तकहरूमा प्रस्तुत गरिएका यी मुख्य नायकको विषयमा हामीले स्वीकार गर्नुपर्छः उनको मान र इज्जत उनको इतिहासको विवरणमा भन्दा उनले लेखेका भजनहरूमा पो उज्ज्वल छ।' 24)

भजन ४० का शब्दहरूले उपयुक्त रूपले दाऊदको जीवनको संक्षिप्त सार दिन्छन्, जहाँ यसो लेखिएको छः

*'मैले धीरजसँग परमप्रभुको बाटो हेरें; र उहाँ मतिर झुक्नुभयो, र मेरो पुकार सुन्नुभयो। अनि उहाँले मलाई सत्यानाशको खाड़ल र दलदले हिलोबाट तानेर निकाल्नुभयो र मेरा पाउहरू चट्टानमाथि बसाल्नुभयो; उहाँले मेरा पाइलाहरू दृढ़ पार्नुभयो। अनि उहाँले मेरो मुखमा एउटा नयाँ गीत, अँ, हाम्रा परमेश्वरको स्तुति हाल्नुभएको छ; धेरै-जनाले यो देख्नेछन्, र डराउनेछन्, अनि परमप्रभुमाथि भरोसा राख्नेछन्।'*

भजन ४०ः१-३

## ENDNOTES:

1) **1:17-18:** Quoted by Keil and Delitzsch, *"The Books of Samuel," in Biblical Commentary on the Old Testament,* VII: 286, 87.
2) **3:31–39:** William Hoste and William Rodgers, *Bible Problems and Answers*, p. 214.
3) **5:22–25:** Keil and Delitzsch maintain that Gibeon "is unquestionably the true reading, and Geba an error of the pen," because Geba is in the wrong place for this account ("Samuel," VII:326).
4) **7:16-17:** Irving L. Jensen, *I & II Samuel*, p. 92.
5) **7:18–29:** William Garden Blaikie, *"The Second Book of Samuel," in the Expositor's Bible*, p. 105.
6) **8:3–8:** There is some confusion when we compare v. 4 with 1 Chronicles 18. Verse 4 says that one thousand chariots (the word chariots is supplied by the translators), seven hundred horsemen were captured, while 1 Chronicles 18:4 says that seven thousand horsemen were taken. The number in 2 Samuel may be from one battle, while the number in 1 Chronicles may be the total taken throughout the conflict. Or this may simply be a copyist's error.
7) **8:13:** If "Syrians" (Heb. Aram) is correct here it could mean that the Edomites (Heb. Edom) sought help from them. However, since Aram and Edom are spelled nearly alike in the Hebrew consonantal text ("r" and "d" being often confused in copying) it is more likely a copyist's error.
8) **8:13:** Not all conservative commentators believe the superscriptions of the Psalms are original, but the author and editor of the BBC do.
9) **8:13:** Eugene H. Merrill, *"2 Chronicles," in The Bible Knowledge Commentary*, p. 608.
10) **9:1–13:** However, while "Lo" definitely means "no," the standard vowels for "pasture" are dber, not debar. The consonants dbr can mean "word" or "thing" in Hebrew. A possible rendering could thus be "no thing" or "nothing."
11) **10:6–8:** John Haley, *Alleged Discrepancies of the Bible*, p. 321.
12) **10:15–19:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 166.
13) **11:1–5:** Matthew Henry, *"The Books of Samuel," Matthew Henry's Commentary on the Whole Bible*, II:494.
14) **12:10–14:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 91.
15) **12:15–23:** Matthew Henry, *"The Books of Samuel," Matthew Henry's Commentary on the Whole Bible*, II:504.
16) **12:26–30:** Flavius Josephus, *The Works of Josephus*, Peabody, MA: Hendrickson Publishers, 1987, p. 193.} and the New King James Version
17) **12:31:** Keil and Delitzsch believe that the more cruel meaning is correct and that the facts should not be softened by re-translating.

However, they see the punishment as meted out either only on the fighting men taken prisoners or referring “at the most to the male population of the acropolis of Rabbah” (“Samuel,” VII: 396).

**18) 14:14:** Hoste and Rodgers, *Bible Problems*, p. 215.

**19) 15:7–12:** Since David’s entire reign was forty years long the traditional reading here (forty) is doubtless a copyist’s error. Numbers were especially hard to copy perfectly in ancient Hebrew manuscripts.

**20) 21:15–22:** Cited by Keil and Delitzsch, *“Samuel,”* VII:446.

**21) 23:1–7:** A marvellous musical setting of verses 3b and 4 was made by one of America’s earliest composers, Richard Billings.

**22) 23:13–17:** Gorge Williams, *Student’s Commentary*, p. 309.

**23) Chap. 24: Introduction:** William D. Crockett, *A Harmony of Samuel, Kings and Chronicles*, pp. 138–40.

**24) 24:15–25:** Matthew Henry, *“The Books of Samuel,” Matthew Henry’s Commentary on the Whole Bible*, II:446.

# १ राजाहरूको पुस्तकको टिप्पणी

# राजाहरूको पहिलो पुस्तकको भूमिकाः

*'यस पुस्तकमा राजा दाऊदको शासनकालको अन्तदेखि राजा अहज्याहको शासनकालको बीचको समयसम्म इस्राएलको इतिहास पेश गरिएको छ। सुलेमानको शासनअन्तर्गत यो राष्ट्र सबैभन्दा उच्च महिमामा पुग्यो; यसकारण राजा सुलेमानको राज्यले हाम्रा प्रभु येशूको हजार वर्षको राज्य पूर्वचित्रण गर्छ। राष्ट्रको समृद्धि बढ़ेको-घटेको कुरा यसका शासक र तिनको जनताको चरित्रमा निर्भर गर्छ। यस कुराले आज्ञाकारिताचाहिँ आशिष पाउने सर्त हुँदो रहेछ भन्ने महत्त्वपूर्ण आत्मिक पाठ हाम्रो निम्ति प्रस्तुत गर्छ।'*

*श्री एफ. बी. मेयर*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

राजाहरूका दुईवटा पुस्तकहरू मौलिक रूपमा एउटा मात्र पुस्तक भएका थिए। ऐतिहासिक दृष्टिकोणबाट हेर्नु हो भने, यी दुईवटा पुस्तकहरूको महत्त्व स्पष्ट देख्न सकिन्छ; किनभने यी दुईवटा पुस्तकहरूमा इस्राएली राष्ट्रको चार सय वर्षको इतिहास प्रस्तुत गरिएको छ अर्थात् राजा सुलेमानको शासनकालदेखि इस्राएलीहरूलाई बेबिलोन-मा कैद लगिएको समयसम्म के-के घटेको थियो, सो घटनाहरू यहाँ पेश गरिएका छन्। इतिहास नामक दुईवटा पुस्तकहरू केवल यहूदाको राज्यमा शासन गरेका राजाहरूको इतिहास पेश गरिएको छ भने राजाहरू भनिएका यी दुईवटा पुस्तकहरूमा 'इस्राएल' वा 'एप्रैम' नाम गरेको उत्तरीय धर्म-त्यागी राज्यको विषयमा पनि उल्लेख गरिएको छ। तर यी दुईवटा पुस्तकहरू हामीले इतिहासका पुस्तकहरूको रूपमा लिनुहुँदैन। किनभने राजाहरू भनिएका दुवै पुस्तकहरूले यी राजाहरूको आत्मिक विश्लेषण प्रस्तुत गर्छन्, चाहे तिनीहरू परमप्रभुको सेवा गर्ने राजाहरू थिए, चाहे मूर्तिपूजा गर्ने राजाहरू थिए, चाहे तिनीहरूको हृदय परमेश्वरप्रति निष्ठावान् थियो, चाहे तिनीहरूको ईश्वर-भक्ति मुखको सेवा मात्र थियो।

तर सायद पवित्र बाइबलका प्रायः सबै पाठकहरूको निम्ति यी दुईवटा पुस्तकहरूमा सबैभन्दा उपयोगी कुरा भविष्यवक्ता एलिया र तिनका उत्तराधिकारी भविष्यवक्ता एलीशाका रोमाञ्चक र आत्मिक उत्थान दिलाउने सेवकाईहरू हुन्।

राजाहरू भनिएका दुईवटा पुस्तकहरूबाट एउटा महत्त्वपूर्ण पाठचाहिँ यो होः परमेश्वरले आफ्ना भक्त जनहरूलाई इनाम दिनुहुन्छ, तर धर्मत्यागीहरूलाई दण्ड दिनुहुन्छ। राजा हिजकियाह र राजा योसियाहचाहिँ उहाँको भक्ति गर्ने उदाहरणीय राजाहरू थिए (२ राजा १८:३ र २२:२)। तर धर्मत्यागको सम्बन्धमा राष्ट्रीय स्तरमा यी निम्न दुईवटा निर्वासनहरू मान्नुपर्छः पहिलो निर्वासनचाहिँ ख्रीष्टपूर्व ७२२ सालमा भएको, 'इस्राएल'

नामक उत्तरीय राज्यको निर्वासन थियो भने, पछि दोस्रो निर्वासनचाहिँ 'यहूदा' नामक दक्षिणको राज्यको निर्वासन थियो, जुनचाहिँ ख्रीष्टपूर्व ५८६ सालमा भएको थियो ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

राजाहरूका यी दुईवटा पुस्तकहरूको लेखक को थिए, यसको विषयमा हामी अनजान छौं। यी पुस्तकहरू समावेश गरिएका प्रायः सबै सामग्रीहरू सरकारी अभिलेखहरूबाट सङ्कलन गरिएका हुन्, तर यो संग्रह गर्ने काम पवित्र आत्माको निर्देशनमा गरिएको हो। कसै-कसैको विचारमा, कुनै अज्ञात पूजाहारी यी पुस्तकहरूको लेखक भएका थिए अरे। उत्तरीय धर्मत्यागी राज्यमा कुनचाहिँ पूजाहारी योग्य लेखक हुन सके त? यो त एउटा शङ्कास्पदको विषय हो। बरु कुनै भविष्यवक्ता यी पुस्तकहरूको लेखक थिए भन्ने कुरा बढ़ी सम्भव देखिन्छ। अनि यी दुईवटा पुस्तकहरूको अन्तिम रूप दिने सम्पादक कि त पूजाहारी एज्रा, कि त भविष्यवक्ता इजकिएल वा भविष्यवक्ता यर्मिया भएको कुरा सम्भव छ ।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

राजाहरूको दोस्रो पुस्तकको अन्तमा यस प्रकारको बयान हालिएको छः बाबेलका राजा एवील-मरोदकले यहूदाका राजा यहोयाकिन कैदमा परेको सैंतीसौं वर्षमा अर्थात् ख्रीष्टपूर्व ५६० सालमा तिनलाई कृपा देखाएर तिनलाई भ्यालखानाबाट निकाले। त्योभन्दा अझै पनि चाखलाग्दो ऐतिहासिक घटना पनि छः ख्रीष्टपूर्व ५३६ सालमा बाबेलको कैदबाट यहूदीहरू कनान देशमा फर्कन थाले। तर यी दुवै पुस्तकहरूमा यस दोस्रो महत्त्वपूर्ण घटनाको बयान नभएको हुनाले कुरा स्पष्ट हुन्छः यी दुईवटा पुस्तकहरू ख्रीष्टपूर्व ५६० र ५३६ सालको बीचमा लेखिएका हुनुपर्छ; किनभने यहूदीहरू बाबेलको निर्वासनबाट स्वदेशमा फर्केको कार्य शुरु भएको भए, 'राजाहरू' नामक पुस्तकहरूको देशभक्त लेखकले यस महत्त्वपूर्ण घटनाको बारेमा केही नलेखी सक्नेथिएनन् होलान् ।

**घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?**

राजाहरू भनिएका पुस्तकहरूमा दुईवटा प्रमुख समूहहरू छन्ः राजाहरू र भविष्यवक्ताहरू। कुनै राजाले भोग्नुपरेको न्याय वा तिनको विषयमा गरिएको न्यायको फैसला तिनी परमप्रभुप्रति आज्ञाकारी भएको-नभएको प्रत्यक्ष प्रतिफल हुन्थ्यो। अनि भविष्यवक्ताहरूको सेवकाईचाहिँ सधैं यस प्रकारको थियोः तिनीहरूले भौंतारिरहेको इस्राएली जातिलाई परमप्रभुकहाँ फर्केर आउने आह्वान दिने गर्थे ।

श्री ओ. जे. गिब्सनले यी दुईवटा पुस्तकहरूको संक्षिप्त सार यस प्रकारले पेश गरेका छन्ः

> ' "राजाहरू" नामक दुईवटा पुस्तकहरूमा राजाहरूका दुईवटा भिन्न वंशक्रमहरू पालोपिलो हुने गरी यी अभिलेखहरूमा मिलाएर पेश गरिएका छन्। दसवटा कुलहरू भएको इस्राएलचाहिँ काहिलेकहीं "उत्तरीय राज्य" भनिएको छ; किनभने त्यो राज्य यरूशलेम शहरदेखि उत्तरमा परेको थियो। त्यसको पहिला शासक यरोबामबाट शुरु गरेर यी पुस्तकहरूको ऐतिहासिक बयान अश्शूरद्वारा त्यस राज्यको विनाश गरिएको र त्यसका बाँकी मानिसहरू कैदमा लगिएको समयसम्म जान्छ। परमेश्वरको दृष्टिमा त्यो राज्य र त्यसका मानिसहरू सधैं अनाज्ञाकारी हुन्थे र तिनीहरू सधैं मूर्तिपूजामा लागिपरेको थियो। अनि "यहूदा" नामक दक्षिणको राज्यको विषयमा

कसो हो ? यरूशलेममा केन्द्रित रहेको यो राज्य पनि परमेश्वरप्रति विश्वासयोग्य भएन। तरै पनि यसका अल्प सङ्ख्या मानिसहरू परमप्रभुप्रति विश्वासयोग्य रहेका थिए; यसैले यस राज्यमा कताकतै विश्वासयोग्य रहेको झलक त थियो । यस राज्यको सबैभन्दा प्रतापी समय राजा सुलेमानको शासनकाल थियो। अनि परमप्रभुको निम्ति खड़ा गरिएको मन्दिरको निर्माण-कार्य र त्यसको समर्पण-कार्यले यस पुस्तकमा अरू जुनै पनि विषय र जुनै पनि अवधिभन्दा बढ़ी ठाउँ पाउँछ; यसबाट परमेश्वरको दृष्टिमा उहाँको मन्दिर कति महत्त्वपूर्ण हुनुपर्छ, सो कुरा स्पष्ट बुझिन्छ। राजा सुलेमानको शासनकालको अन्त तिनको धर्मत्याग र तिनीमाथि आइपरेको ईश्वरीय न्यायद्वारा समाप्त हुन्छ। ईश्वरीय सौभाग्य, विशेष अधिकारहरू र सम्मानको दुरुपयोग गर्दा के हुन्छ र उहाँको वचन उल्लङ्घन गर्दा के हुन्छ, सो सम्बन्धमा हामीलाई गम्भीर चेताउनी दिनु यसको मुख्य उद्देश्य हो। तर बुझ्नुहोस्ः यी राज्यहरू खास गरी अन्यजातिहरूका सेनाहरू-द्वारा नष्ट भएनन्, तर परमेश्वरको अनुग्रहका सबै आग्रहहरू आफ्ना अनाज्ञाकारी जनहरूको सम्बन्धमा पूरा विफल भएको र उहाँको हठी प्रजाले अनाज्ञाकारितामाथि अनाज्ञाकारिता थुपारिरहेको बेलामा मात्र परमेश्वरले पहिले उत्तरीय राज्य "इस्राएल" र त्यसपछि दक्षिणको राज्य "यहूदा" नष्ट गरिदिनुभयो ।' 1)

# रूपरेखाः

**खण्ड १) १ राजाहरू १ः१-२ः११ः दाऊदका अन्तिम दिनहरू**

**क) १ राजाहरू १ः१-३८ः** सिंहासन प्राप्त गर्ने अदोनियाहको प्रयास

**ख) १ राजाहरू १ः३९-५३ः** गिहोनमा सुलेमानको राजा-अभिषेक

**ग) १ राजाहरू २ः१-११ः** सुलेमानलाई दाऊदको अन्तिम आदेश

**खण्ड २) १ राजाहरू २ः१२-११ः४३ः राजा सुलेमानको सुनौलो शासनकाल**

**क) १ राजाहरू २ः१२-४६ः** सुलेमानका विरोधीहरू नामेट गरिएका

**ख) १ राजाहरू ३ः** सुलेमानको बुद्धि

**ग) १ राजाहरू ४ः१-१९ः** सुलेमानका प्रशासकहरू

**घ) १ राजाहरू ४ः२०-३४ः** सुलेमानको सारा वैभव

**ङ) १ राजाहरू ५-७ः** सुलेमानको मन्दिर

- **अ) १ राजाहरू ५ः** टायरका राजा हिरामसँग सुलेमानको सम्झौता
- **आ) १ राजाहरू ६ः** मन्दिरको विवरण र निर्माण
- **इ) १ राजाहरू ७ः१-१२ः** अन्य भवनहरूका निर्माण-कार्यहरू
- **ई) १ राजाहरू ७ः१३-५१ः** मन्दिरका सामग्रीहरू

**च) १ राजाहरू ८ः** मन्दिरको समर्पण

**छ) १ राजाहरू ९-१०ः** सुलेमानको कीर्ति

- **अ) १ राजाहरू ९ः१-९ः** उनको निम्ति परमेश्वरबाटको करार
- **आ) १ राजाहरू ९ः१०-१४ः** टायरका राजा हिरामलाई उनले दिएका उपहारहरू
- **इ) १ राजाहरू ९ः१५-२५ः** उनका जनताहरू र बलिदानहरू
- **ई) १ राजाहरू ९ः२६-२८ः** उनको नौसेना
- **उ) १ राजाहरू १०ः१-१३ः** उनीसित शबाकी रानीको भेटघाट
- **ए) १ राजाहरू १०ः१४-२९ः** उनका धनसम्पत्तिहरू

**ज) १ राजाहरू ११ः** सुलेमानका भूलहरू र उनको मृत्यु

**खण्ड ३) १ राजाहरू १२-२२ः इस्राएलको विभाजित राज्य**

**क) १ राजाहरू १२ः१-२४ः** यहूदाका राजा रहबाम

**ख) १ राजाहरू १२ः२५-१४ः२०ः** इस्राएलका राजा यारोबाम

- **अ) १ राजाहरू १२ः२५-३३ः** राजा यारोबामले स्थापित गरेका भूटा धर्म-केन्द्रहरू
- **आ) १ राजाहरू १३ः१-३२ः** राजा यारोबाम र परमेश्वरको जन
- **इ) १ राजाहरू १३ः३३-३४ः** राजा यारोबामको भूटा पूजाहारीगिरी
- **ई) १ राजाहरू १४ः१-२०ः** राजा यारोबामको छोराको मृत्यु

**ग) १ राजाहरू १४ः२१-२३ः** यहूदाका राजा रहबामको विषयमा रहेको बाँकी क्रमशः खण्ड

**घ) १ राजाहरू १५ः१-८ः** यहूदाका राजा अबियाम

ङ) **१ राजाहरू १५:९-२४:** यहूदाका राजा आसा

च) **१ राजाहरू १५:२५-२७:** इस्राएलका राजा नादाब

छ) **१ राजाहरू १५:२८-१६:७:** इस्राएलका राजा बाशा

ज) **१ राजाहरू १६:८-१०:** इस्राएलका राजा एला

झ) **१ राजाहरू १६:११-२०:** इस्राएलका राजा जिम्री

ञ) **१ राजाहरू १६:२१-२२:** इस्राएलका राजा तिब्नी

ट) **१ राजाहरू १६:२३-२८:** इस्राएलका राजा ओम्री

ठ) **१ राजाहरू १६:२९-२२:४०:** इस्राएलका राजा अहाब र भविष्यवक्ता एलिया

- अ) **१ राजाहरू १६:२९-३४:** अहाबका पापहरू
- आ) **१ राजाहरू १७:१-७:** भविष्यवक्ता एलिया र इस्राएल देशमा परेको खड़ेरी
- इ) **१ राजाहरू १७:८-२४:** भविष्यवक्ता एलिया र सारेपतकी विधवा
- ई) **१ राजाहरू १८:१-१९:** बालका पूजाहारीहरूलाई दिइएको एलियाको चुनौती
- उ) **१ राजाहरू १८:२०-४०:** बालका पूजाहारीहरूमाथि एलियाको विजय
- ऊ) **१ राजाहरू १८:४१-४६:** एलियाले पानी परोस् भनेर गरेको प्रार्थना
- ए) **१ राजाहरू १९:१-१८:** एलिया होरेब पर्वतमा भागेर गएको
- ऐ) **१ राजाहरू १९:१९-२१:** एलियाले एलीशालाई नियुक्त गरेका
- ओ) **१ राजाहरू २०:१-२२:** सिरियामाथि अहाबको पहिलो विजय
- औ) **१ राजाहरू २०:२३-३४:** सिरियामाथि अहाबको दोस्रो विजय
- अः) **१ राजाहरू २०:३५-४३:** अहाबको अनाज्ञाकारिता
- अअ) **१ राजाहरू २१:** अहाबले नाबोतको विरुद्धमा गरेका अपराधहरू
- आआ) **१ राजाहरू २२:१-४०:** अहाबको अन्तिम लड़ाइँ

ड) **१ राजाहरू २२:४१-५०:** यहूदाका राजा यहोशापात

च) **१ राजाहरू २२:५१-५३:** इस्राएलका राजा अहज्याह

# राजाहरूको पहिलो पुस्तकको टिप्पणी

## खण्ड १

## १ राजाहरू १:१-२:११:

### दाऊदका अन्तिम दिनहरू

#### क) १ राजाहरू १:१-३८: सिंहासन प्राप्त गर्ने अदोनियाहको प्रयास

**१ राजाहरू १:१-४:** यस समयमा दाऊदको उमेर सत्तरी वर्ष भएको थियो, र उनको स्वस्थ्य बिग्रिरहेको थियो; अनि उनले इतिहासको मञ्चबाट बिदा लिन लागेका थिए। शुरुमा १:२ पदमा दाऊदका नोकरहरूले उनलाई गरेको प्रस्ताव हामीलाई पूरा अनौठो, शङ्कापूर्ण र अनुचित भएको देखिन्छ। तर त्यस जमानामा दाऊदजस्तै रोगीसित यस प्रकारको व्यवहार ग्रहणयोग्य थियो। नैतिकताको हिसाबले यो कुनै शङ्कास्पद कार्य थिएन, र यस्तो कुराले कुनै अशान्ति, कुनै सार्वजनिक काण्ड मच्चाउँदैन-थियो। अनि एउटा कुरामा हामी सुनिश्चित हुन सक्छौंः दाऊद अबिशगकहाँ गएनन्। (१:४[ख] पदअनुसार यौनको हिसाबले उनले तिनलाई जानेनन्)। अनि १ राजाहरूको दुई अध्यायबाट के सम्भव देखिन्छ भने, अबिशगचाहिँ दाऊदकी वैधानिक पत्नी भएकी रहेछिन्; किनभने राजा सुलेमानले 'तिनलाई मलाई पत्नीको रूपमा दिनुहोस्' भन्ने अदोनियाहको अनुरोध सिंहासनको दाबी सम्झे (१ राजाहरू २:२१-२२)।

**१ राजाहरू १:५-१०:** कुरा स्पष्ट छः अदोनियाह, जो दाऊदको काहिँला छोरा थिए, अब उनको सबैभन्दा जेठा जीवित छोरा थिए (१ राजाहरू २:२२)। यसकारण तिनले आफूलाई सिंहासनको योग्य ठाने। किनकि अम्नोन र अब्शालोम मरेका थिए। अनि हुन सक्छ, किलाब पनि मरेका थिए (२ शमूएल ३:२-४)। अदोनियाहले आफ्ना बुबा मर्नुभन्दा अघि आफूलाई राजाको रूपमा घोषणा गरे; तिनले यसको निम्ति एउटा निक्कै ठूलो टोली तयार गरे; अनि तिनले योआब र अबियातारको समर्थन पाएका थिए। तिनी खूबै सुन्दर मानिस थिए, यसकारण तिनको समर्थन गर्ने अनुयायीगण पनि ठूलो हुन्थ्यो। १ राजाहरू १:६[क] पदबाट के अनुमान गर्न सकिन्छ भने, दाऊद लाड़प्यार गर्ने बुबा हुन्थे, र अदोनियाहचाहिँ पुलपुलिएका छोरा थिए। अनि जब अदोनियाहले एन-रोगेलको नजिकै धेरै पशुहरू बलि गरे, तब तिनले आफ्ना बुबाप्रति

विश्वासयोग्य हुनेहरूलाई, अर्थात् भविष्य-वक्ता नातान, बनायाह, दाऊदका शूरवीर योद्धाहरू र सुलेमानलाई बाहेक अरू सबै मानिसहरूलाई यस भोजमा निम्तो दिए।

**१ राजाहरू १ः११-३८ः** सुलेमानको जन्म हुनुभन्दा अघि परमेश्वरले दाऊदलाई 'सुलेमानचाहिँ तिमीपछि इस्राएलको राजा हुनेछ' भनेर भन्नुभएको थियो (१ इतिहास २२ः९-१०)। अनि परमप्रभुको यो वचन पूरा भएको देख्न पाऊँ भन्ने नातानको इच्छा थियो। अदोनियाहको यस धम्कीबाट आइरहेको कष्टको बारेमा चिन्तित भएको हुनाले तिनले निपुणताको साथ यो कुरा दाऊदकहाँ ल्याए र यस कुराप्रति उनको ध्यानाकर्षण गराए। यिनले के-के भन्नुपर्नेथियो, यस विषयमा नातानद्वारा अघिबाट सिकाइएकी बतशेबा बिरामी राजाको सामु हाजिर भइन्, र यिनले उनलाई यस षड्यन्त्रको बारेमा सूचित गरिन्। अनि यस बेलामा यिनले उनलाई 'तिम्रो छोरा सुलेमान मपछि राजा हुनेछ' भनेर उनले यिनलाई अघि गरेको प्रतिज्ञाको सम्झना गराइन्, (यद्यपि यस प्रतिज्ञाको विषयमा लेखिएको कुनै खास सन्दर्भ पाइँदैन)। 'विन्ती छ, हजुरले खुल्लमखुल्ला सुलेमानलाई आफ्नो उत्तराधिकारी राजाको रूपमा घोषणा गर्नुहोस्' भनेर यिनले आफ्नो अनुरोध टक्राउनेबित्तिकै नातान पनि त्यहाँ आइपुगे; अनि बतशेबा उनीहरूको उपस्थिति-बाट निस्किन्। तब नातानले राज्य हड़प गर्ने अदोनियाहको षड्यन्त्रको समाचार दोहोऱ्याए र यसको विषयमा राजाको राय के हो, सो जान्न चाहे। अनि जब दाऊदले बतशेबालाई बोलाए, तब नातान उनको उपस्थितिबाट निस्के। दाऊदले बतशेबालाई 'हो, सुलेमान साँच्चै मेरो उत्तराधिकारी राजा हुनेछ' भनेर आश्वासन दिए। त्यसपछि उनले पूजाहारी सादोक, भविष्यवक्ता नातान र बनायाहलाई 'सुलेमानलाई मेरो खच्चरमा सवारी गराएर तिनलाई तल गिहोनमा लैजाओ र तिनलाई त्यहाँ राजाको रूपमा अभिषेक गर' भन्ने आदेश दिए। गिहोनचाहिँ यरूशलेम शहरको पर्खालदेखि बाहिर, अलि पर अवस्थित भएको प्रख्यात मुहान हो।

### ख) १ राजाहरू १ः३९-५३ः गिहोनमा सुलेमानको राजा-अभिषेक

सर्वमान्य धारणाअनुसार सुलेमानले आफ्ना बुबा दाऊदसँग दुई वर्षसम्म सह-राज्य गरे रे। यसो हो भने, यसको लागि तिनको अभिषेक अघि कहीं भएको हुनुपरेको थियो। तब हालैमा यो राजा-अभिषेकको कार्य खास तिनको दोस्रो अभिषेक भयो होला। यस अभिषेक-कार्यद्वारा तिनलाई एकमात्र अधिकारयुक्त शासकको रूपमा मान्यता दिइयो। पूजाहारी सादोकद्वारा सुसम्पन्न गरिएको यस सार्वजनिक अभिषेक-कार्यले दाऊदको अनुयायीगणको बीचमा ठूलो आनन्द उत्पन्न गऱ्यो, तर अदोनियाह र यिनीसँग भोज खानेहरूको बीचमा ठूलो आतङ्क फैलायो। अनि जब अदोनियाहको दलले 'सुलेमान शाही सिंहासनमाथि बसिरहेका छन्, र दाऊदले यसको निम्ति परमप्रभुप्रति आफ्नो कृतज्ञता प्रकट गरेका छन्' भन्ने कुरा सुन्यो, तब तिनीहरूले अदोनियाहको युक्ति विफल भएको महसुस गरे। अदोनियाह भेट हुने पालतिर भागे, र त्यहाँ होमबलिको वेदीका सिङहरू समाते; किनकि यस कार्यद्वारा यिनले सजायबाट उम्कन खोजेका थिए। अनि यिनको सम्बन्धमा सुलेमानले यसरी फैसला गरेः 'ठिक्कै छ, अदोनियाह योग्य हुन् भने यिनी जोगिनेछन्, तर भावी दिनहरूमा यिनमा केही खराबी पाइयो भने यिनले अवश्य सजाय भोग्नेछन्।' त्यसपछि तिनले अदोनियाहलाई घर पठाए।

**ग) १ राजाहरू २ः१-११ः सुलेमानलाई दाऊदको अन्तिम आदेश**

यहाँ व्याख्याको कुरा आयो। मानौं, आफ्नो निर्वासित अवस्थामा दाऊदले यस अनुग्रहको युगमा तिरस्कार गरिनुभएको ख्रीष्ट येशूलाई चित्रण गर्छन् भने, सुलेमानले उहाँलाई हजार वर्षको राज्यको महिमामा शोभायमान् हुनुभएको राजाको रूपमा प्रकट गर्छन्। अनि जब ख्रीष्ट येशू आफ्नो राज्य स्थापना गर्न फेरि आउनुहुनेछ, तब उहाँको पहिलो कार्य यस प्रकारको हुनेछः उहाँले आफ्ना शत्रुहरूलाई नाश गर्नुहुनेछ र आफ्नो राज्यबाट उहाँलाई बेठीक लाग्ने सबै ठेस खुवाउने कुराहरू हटाउनुहुनेछ। अनि १ राजा-हरूको दुई अध्यायमा हामी ठीक यही कुरा चित्रण गरिएको पाउँछौं।

आफ्नो मृत्यु हुनुभन्दा ठीक अगाड़ि दाऊदले 'परमप्रभुप्रति आज्ञाकारी होऊ' भनेर सुलेमानलाई गम्भीर आदेश दिए र निम्न मानिसहरूसित उचित कारबाही गर्ने निर्देशन दिएः **क)** तिनले योआबसित उचित कारबाही गर्नु थियो; योआबले अब्नेर र अमासाको हत्या गरेको हुनाले तिनले यिनलाई मृत्युदण्ड दिनुपर्नेथियो। **ख)** बर्जिल्लैका छोराहरूसित उचित कारबाही यस प्रकारको थियोः दाऊद अब्शालोमबाट भाग्दाखेरि बर्जिल्लैले दाऊद-प्रति ठूलो दया देखाएको हुनाले सुलेमानले बर्जिल्लैका छोराहरूलाई पनि दया देखाउनु-पर्नेथियो। **ग)** अनि शिमीसित उचित कारबाही के थियो भने, तिनले त्यसलाई पनि मृत्युदण्ड दिनुपर्नेथियो; किनभने त्यसले दाऊदलाई सरापेको थियो। तर सुलेमानले यी तीन-जनासित कसरी कारबाही गर्नुहुनेथिए, सो उनले तिनको जिम्मामा छोड़िदिए।

चालीस वर्षको शासन गरेपछि दाऊदको मृत्यु भयो र यरूशलेममा उनको दफन गरियो।

# खण्ड २

# १ राजाहरू २ः१२-११ः४३ः

## राजा सुलेमानको सुनौलो शासनकाल

**क) १ राजाहरू २ः१२-४६ः सुलेमानका विरोधीहरू नामेट गरिएका**

**१ राजाहरू २ः१२-२५ः** सुलेमान सिंहासनमाथि विराजमान भए, र उनको राज्य खूब सुदृढ़ भयो। अदोनियाह सिंहासनबाट वञ्चित गरिएकोमा दुःखित थिए; तर तिनले मानिलिनुपर्‍यो, कि यो सिंहासनचाहिँ परमेश्‍वरको इच्छाअनुसार सुलेमानको अधिकार भएकै थियो (१ राजाहरू २ः१५[ख])। इमानदार भएर वा कपटी भएर तिनले बतशेबामार्फत राजा सुलेमानलाई 'मलाई दाऊदकी परिचारिका अबिशगलाई पत्नीको रूपमा दिनुहोस्' भन्ने विन्ती गरे। तर सुलेमानले अन्यथा सम्झे र यो तिनको विन्ती राज्यको माग गर्ने पहिलो कदमको रूपमा लिए; यसकारण उनले बनायाहलाई 'अदोनियाहलाई मृत्युदण्ड दिनू' भन्ने आदेश दिए।

**१ राजाहरू २ः२६-३४ः** त्यसपछि राजाले अबियातारलाई पूजाहारी-पदबाट अवकाश दिए; किनभने तिनले अदोनियाहलाई आफ्नो षड्यन्त्रमा साथ दिएका थिए। निस्सन्देह तिनलाई अवकाश दिने कारण यही थियो। यसरी प्रधान पूजाहारी एलीको घरानामाथि निर्धारित परमेश्‍वरको न्याय आंशिक रूपले पूरा भयो (१ शमूएल २ः३१-३५)। अनि

अब योआबले अबियातारको बरखास्तको विषयमा सुने, तब तिनी शरण पाउन होमबलिको वेदीका सिङहरूकहाँ भागे। अनि जब बनायाहले तिनलाई यो वेदी छोड्न आदेश दिए, तब योआबले 'यहाँ मर्छु' भन्ने दृढ़ संकल्प व्यक्त गरेर यो आदेश अस्वीकार गरे। तब बनायाहले तिनलाई तत्कालै मारिदिए, र तिनलाई उजाड़स्थानमा भएको तिनको घरमा गाड्न लगाए। अन्तमा अब्नेरको मृत्यु र अमासाको मृत्युको निम्ति तिनलाई उचित सजाय मिल्यो। परमेश्वरको व्यवस्थाको नियम भङ्ग गर्ने कसैलाई पनि परमेश्वरको वेदीले सुरक्षा दिँदैनथियो।

**१ राजाहरू २:३५:** बनायाह सेनापतिको रूपमा नियुक्त भए, र सादोक अबियातारको सट्टामा पूजाहारी भए। बनायाहले शाऊलको समयदेखि नै दाऊदको सेवा गर्दै आएका थिए। तिनी एक महान् शूरवीर थिए, जो दाऊदका अङ्गरक्षकहरूको कप्तान पनि थिए (२ शमूएल २०:२३)। तिनले नित्य देखाएको साहस प्रशंसनीय थियो, तर तिनको ठूलो साहसभन्दा दाऊदको घरानाप्रति देखाइएको तिनको अटल विश्वासयोग्यता अझ बढ़ी, अझै ठूलो थियो। दाऊदका महान् पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको सेवा गर्नेहरूलाई पनि उहाँप्रति देखाइएका तिनीहरूको साहस र विश्वासयोग्यताद्वारा प्रख्यात र सुपरिचित हुनुपर्छ।

**१ राजाहरू २:३६-४६:** सुलेमानले शिमीको विषयमा तुरुन्तै मृत्युदण्ड दिने आदेश दिएनन्। तर उनले त्यसलाई नजरबन्दमा राखे; त्यसले यरूशलेम शहर छोड़िजान पाउँदैनथियो। तर तीन वर्षपछि शिमीले यरूशलेम छोड्यो; किनभने त्यसका दुईजना दासहरू भागेर गातमा पुगेका थिए। यसकारण शिमी तिनीहरूलाई फर्काएर ल्याउन गातमा गयो। यसो गरेर त्यसले त्यो शपथ तोड्यो, जुन शपथ सुलेमानले विगत समयमा त्यसलाई खान लगाए। यसरी त्यसले सुलेमानप्रति आफ्नो अविश्वास प्रमाणित गर्‍यो; किनकि त्यसको विश्वासयोग्यता अघि दाऊदप्रति हुँदैनथिएन, अनि हालैमा सुलेमानप्रति पनि थिएन। जब त्यो गातबाट फर्क्यो, तब राजा सुलेमानले बनायाहलाई आदेश दिए, र तिनले त्यसलाई मृत्युदण्ड दिए।

यस प्रकारले सुलेमानले आफ्नो राज्य सुदृढ़ पारे; किनकि उनले ती सबैलाई हटाउनमा फूर्ति देखाए, जसको मन उनीसित ठीक थिएन। यही कारणले उनको शासनकाल शान्तिले पूर्ण भयो। अनि हे भाइ-बहिनीहरूहो, बुझ्नुहोस्ः त्यस ख्रीष्ट-विश्वासले मात्र परमेश्वरको शान्ति जान्दछ, जुन ख्रीष्ट-विश्वासीले आफ्नो जीवनबाट यी सबै कुराहरू हटाइदिन्छ, जुन कुराहरू ख्रीष्टको शासनको विरोधमा छन्।

### ख) १ राजाहरू ३ः सुलेमानको बुद्धि

**१ राजाहरू ३:१:** सुलेमानले ती फाराओकी छोरीलाई विवाह गरे, जुन फाराओले त्यस बेलामा मिस्र देशमा राज्य गर्थे। अनि हुन सक्छ, यस कुराले राजनीतिक गठबन्धनहरूमाथि उनको भरोसा भएको अवगुण देखाउँछ कि ? यो विवाह राजनीतिक हिसाबले उपयुक्त भएको थियो होला, तर आत्मिक हिसाबले विनाशकारी नै थियो, र व्यवस्थाद्वारा निषेध गरिएको थियो। यस समयदेखि सुलेमानको जनानखानामा विदेशी स्त्रीहरूको सङ्ख्या बढ़िरहेको थियो र अन्तमा सयौं भएका थिए। यस प्रकारले सुलेमानले धेरै विदेशी सरकारहरूसँग सम्बन्ध राखे, तर उनी परमप्रभुबाट टाढ़ा भए (१ राजाहरू ११:१-८)।

**१ राजाहरू ३:२-४:** परमप्रभुको आराधना गर्ने उच्च स्थानहरू प्रयोगमा आएको जानकारी यहाँ, यस ठाउँमा पाइन्छ। तर यो

चलन व्यवस्थाअनुसारको थिएन; किनभने परमेश्वरले तोकिदिनुभएको ठाउँमा मात्र इस्राएलीहरूले उहाँको आराधना गर्नुपर्नेथियो। तर के गर्ने? ख्रीष्टपूर्व १०५० सालमा पलिस्तीहरूले शीलो ध्वस्त पारे, र परमेश्वरको सन्दुक लगिएको थियो (१ शमूएल ४)। त्यस समयदेखि यता इस्राएलीहरूको बीचमा परमेश्वरको उपासना गर्ने निर्धारित ठावैं रहँदैनथियो। यसकारण होला, तिनीहरूले उच्च स्थानहरूमा गरिएको तिनीहरूको उपासनाको विषयमा परमेश्वरले तिनीहरूलाई छूट दिनुभयो होला। तर सुलेमानको मन्दिर बनाइसकेपछि पनि यी उच्च स्थानहरूको प्रयोग हुन्थ्यो, तर परमेश्वरको उपासना गर्ने स्थानहरूको रूपमा होइन, तर मूर्तिहरूका थानहरूको रूपमा मात्र। यस समयमा परमेश्वरको सन्दुक यरूशलेममा थियो; तर परमप्रभुको निवासस्थानरूपी भेट हुने पालचाहिँ गिबोनमा थियो, अर्थात् यरूशलेमदेखि लगभग छ माइल टाढ़ामा थियो (१ इतिहास २१:२९)। अनि त्यहाँ राजा सुलेमानले एक हजार होमबलि चढ़ाए। हुन सक्छ, यो घटना उनको शासनकालको शुरुमा भयो होला।

**१ राजाहरू ३:५-१५:** परमेश्वर गिबोनमा सुलेमानकहाँ देखा पर्नुभयो; अनि उहाँले 'तिम्रो सबैभन्दा ठूलो इच्छा के हो' भनेर उनलाई सोध्नुभयो। तब राजा सुलेमानले 'यस महान् कार्यको लागि मलाई समझशक्तिले पूर्ण हृदय दिनुहोस्, र मैले इस्राएली मानिसहरूलाई उचित न्याय र शासन गर्न सकूँ' भनेर अनुरोध गरे। उनले गरेको विन्तीले परमप्रभुलाई प्रसन्न तुल्यायो; अनि प्रार्थनाको उत्तरमा उनलाई ठूलो असाधारण समझशक्ति दिइयो, साथै धनसम्पत्ति, सम्मान र लामो आयु पनि दिइयो – सुलेमानको लामो आयु उनी आज्ञाकारी भई परमेश्वरका मार्गहरू हिँड़ेकोमा निर्भर गर्थ्यो। अनि वर्तमान समयमा? आज परमेश्वरले प्रभु येशू ख्रीष्टमा सबै मानिसहरूको निम्ति सबैभन्दा उत्तम वरदान उपलब्ध गर्नुभएको छ। 'प्रभु येशू ख्रीष्टमा ज्ञान र बुद्धिका सबै सम्पत्तिहरू लुकेका छन्' (कलस्सी २:३)। मानिसले यसभन्दा बढ़ी अरू के माग्न सक्ला, मलाई भन्नुहोस्!

**१ राजाहरू ३:१६-२८:** यस अध्यायको बाँकी भागमा राजा सुलेमानको बुद्धि कति महान् थियो, यसको उदाहरण पेश गरिन्छ। यो कहानी यस प्रकारको छः दुईजना वेश्याहरू थिए, जसले एउटा नव-बालकको विषयमा झगड़ा गरेका थिए। यी दुईजनामा एकजना त्यस नवबालककी आमा थिई। अनि जब सुलेमानले त्यस बालकलाई तरवारले दुई भाग पार्छु भन्ने धम्की दिए, तब त्यस बालककी साँचो आमा देखा परी। किनकि त्यस बालककी आमाले आफ्नो छोरालाई नपाए पनि त्यस बालकलाई बचाउने इच्छा प्रकट गरी। सुलेमानको यस प्रकारको बुद्धिले गर्दा सम्पूर्ण इस्राएलमा मानिसहरूले उनको असाध्यै डर र आदर गरे।

### ग) १ राजाहरू ४:१-१९: सुलेमानका प्रशासकहरू

यी पदहरूमा सुलेमानका उच्च पद-अधिकारीहरू अर्थात् मन्त्रिमण्डलका सदस्यहरूको सूचि दिइएको छ। **क)** सादोकका नाती अजर्याहचाहिँ तिनको सट्टामा प्रधान पूजाहारी भए। **ख)** एलिहोरेप र अहियाहचाहिँ राज्यका सचिवहरू थिए। **ग)** अनि यहोशापातचाहिँ अभिलेखक अथवा इतिहासकार थिए; **घ)** बनायाह सेनाको सेनापति थिए। **ङ)** सादोक र अबियातार पूजाहारीहरू थिए। **च)** अजर्याह कर्मचारीहरूमाथि अधिकारी थिए। **छ)** जाबूद सुलेमानका मित्र थिए। **ज)** अहिशार राजदरबारको प्रभारी थिए। **झ)** अदोनिरामचाहिँ

बेगारीमाथि अधिकारी थिए। १ राजाहरू ४:४ पदमा 'अबियातार' भन्ने नाम आयो, तर २:२७ पदअनुसार सुलेमानले तिनलाई खारेज गरेको कुरा लेखिएको छ। तब कुरा केकसो भएको थियो ? हुन सक्छ, उनले केही समयपछि मात्र तिनको बरखास्त गरे होलान्। अथवा यो पनि सम्भव देखिन्छ, कि अबियातारले अब पूजाहारीको काम नगर्दा केही समयसम्म 'पूजाहारी' भन्ने तिनको नाम रहेको थियो, कि कसो हो ? तर अबियातार नाम भएका दुईजना व्यक्ति भएको कुरा पनि सम्भव देखिन्छ (२ शमूएल ८:१५-१८)। यस सम्बन्धमा श्री माथ्यू पूलले निम्न टिप्पणी गरेका छन्ः

> 'कतिजनाको विचारमा, यहाँ, यस सूचिमा पेश गरिएका सुलेमानका प्रमुख अधिकारीहरू ती हुन्, जो अघि कुनै समयमा सेवारग थिए, हालैमा सेवारत हुँदैथिए र भविष्यमा सेवारत हुनेथिए। अनि यो तिनीहरूको विचार कहाँबाट आयो त ? तिनीहरूको त्यस धारणाले १ राजाहरू ४:११ र १५ पदहरू आफ्नो आधार बनाएको छ; किनकि यी दुईवटा पदहरूमा उल्लेख गरिएको छ, कि सुलेमानका दुईजना छोरीहरूको विवाह दुईजना भर्ती गरिएका अधिकारीहरूसँग भएको थियो। अनि यो कुरा निस्सन्देह त्यस बखतमा होइन, तर धेरै वर्षपछि मात्र सम्भव भएको थियो।' 2)

**१ राजाहरू ४:७-१९ः** सुलेमानले इस्राएल देश बाह्रवटा भागहरूमा विभाजन गरे र आफ्नो प्रजाबाट खानेकुरा सङ्कलन गर्न एक-एक जिल्लामाथि एक-एक राज्यपाललाई नियुक्त गरे। वर्षको एक महिना राजकीय टेबलको आपूर्ति गर्न अर्थात् त्यसको खाँचो पूरा गर्ने जिम्मेवारी देशको एक-एक भाग र त्यसको राज्यपालको कर्तव्य थियो। यस सूचिमा यहूदा-कुलको नाम उल्लेख गरिएको छैन।


### घ) १ राजाहरू ४:२०-३४ः सुलेमानको सारा वैभव

**१ राजाहरू ४:२०-२१ः** सुलेमानको अधीनस्थ राज्यको सिमाना उत्तरमा यूफ्रेटिस नदीसम्म, पश्चिममा पलिस्तीहरूको देशको सीमासम्म र दक्षिणमा मिस्र देशको सिमानासम्म पुग्यो (१ राजाहरू ४:२१ र २४)। यस क्षेत्रमा परेका धेरैजसो राज्यहरूले राजा सुलेमानलाई कर तिरे, तर यी राज्यहरू इस्राएलमा समावेश गरिएका थिएनन्। यसकारण यसो भन्न मिल्छः कनानी करार-अन्तर्गत प्रतिज्ञा गरिएका कति क्षेत्रहरू बाँकी रहे, जुन क्षेत्रहरू सुलेमानले शासन गरेको राज्यको भागभित्र परेनन् (उत्पत्ति १५:१८-२१)।

**१ राजाहरू ४:२२-२८ः** अब सुलेमानको राज्यको वैभव बयान गरिन्छः उनको खाद्यान्नको विशाल आपूर्ति, उनका हजारौं घोड़ाहरू आदि। तर यस कुराको विषयमा हामीले याद गर्नुपर्छः यत्रा विघ्न सुखहरू कायम राख्न जनताबाट निक्कै धेरै कर उठाउन आवश्यक थियो। अनि हामी यो कुरा पनि नभुलौंः सुलेमानले अति धेरै घोड़ाहरू थुपारेर परमेश्वरको आदेश उल्लङ्घन गरे (व्यवस्था १७:१६)। (तपाईंले १ राजाहरू ४:२६ पद र २ इतिहास ९:२५ पदको बीचको अमेलको बारेमा बुझ्न चाहनुभयो भने, दोस्रो इतिहासको पुस्तकको नौ अध्यायमा भएको टिप्पणी हेर्नुहोस्)।

**१ राजाहरू ४:२९-३४ः** राजाको बुद्धि फेरि यस खण्डको विषयवस्तु बनेको छ। उनी अरू सबैभन्दा बुद्धिमान् थिए। १ राजाहरू ४:३१ पदमा उल्लेख गरिएका बुद्धिमान् मानिसहरू सबै जेरहका छोराहरू थिए (१ इतिहास २:६); अनि माहोलचाहिँ केवल एउटा उपाधी थियो, जसको अर्थ नर्तक हो।

# सुलेमानको राज्य


EUPHRATES RIVER
Tiphsah
Possible limit of northern border, along the Euphrates River (1 Kin. 4:24).
Tadmor
THE GREAT SEA
PHOENICIA
Hiram of Tyre furnished materials and craftsmen to build the temple and royal palace in Jerusalem (1 Kin. 5).
Tyre
Hazor
Megiddo
Important defense outposts included the cities of Tadmor, Hazor, Megiddo, Beth Horon, Gezer, and Baalath (1 Kin. 9:15–19).
Gezer
Beth Horon
Baalath
Jerusalem
Thousands of laborers built the temple and Solomon's royal palace at Jerusalem (1 Kin. 5—7).
Gaza
DEAD SEA
RIVER OF EGYPT
Ezion Geber
Shipping fleet on the Red Sea for trade with nations to the south (1 Kin. 9:26–28).
Possible limit of southern border, in the vicinity of Gaza along the northern border of Egypt (1 Kin. 4:21, 24).
RED SEA

एतानचाहिँ भजन ८९ को लेखक थिए; अनि हेमानले भजन ८८ लेखे। यहाँ उल्लेख गरिएका अरू मानिसहरूको बारेमा हामीलाई केही थाहा छैन। सुलेमानले तीन हजार हितोपदेशहरू रचे, जसको सानो अंश हितोपदेशको पुस्तकमा संरक्षित भयो। उनका गीतहरू एक हजार पाँचवटा थिए, जुन गीत-हरूमध्ये उत्कृष्ट रचना श्रेष्ठगीत थियो। अनि १ राजाहरू ४:३३ पदको अर्थ के हो भने, विज्ञानका धेरै विभागहरूको सम्बन्धमा सुलेमानको व्यापक ज्ञानले गर्दा उनी आफ्नो बुद्धिको व्याख्या गर्न प्रकृतिबाट वस्तुगत पाठहरू प्रयोग गर्न पूरा सक्षम थिए। उनको बुद्धिको विषयमा सुन्न मानिसहरू धेरै टाढ़ा-टाढ़ाबाट उनीकहाँ आउने गर्थे।

## ङ) १ राजाहरू ५-७: सुलेमानको मन्दिर

### अ) १ राजाहरू ५: टायरका राजा हिराम-सँग सुलेमानको सम्झौता

**१ राजाहरू ५:१-१२:** हिराम टायरका अन्यजाति राजा थिए, र लेबानोनको विशाल काठका स्रोतहरू तिनको हातमा थिए। दाऊदसँग तिनको मित्रता ठूलो थियो; अनि अब तिनले सुलेमानलाई पनि त्यही मित्रता देखाउन चाहे। यसकारण यी दुईजनाको बीचमा सुनिश्चित गरियो, कि परमप्रभुको निम्ति एउटा मन्दिर बनाउन सुलेमानलाई जति काठको खाँचो परेको थियो, त्यति काठ तिनले उनको निम्ति उपलब्ध गराउनेथिए। सुलेमानले लेबानोनमा भइरहेको रूखहरू काट्‌ने काममा सहयोग गर्न आफ्ना कामदार-हरूलाई उत्तरमा पठाउनेथिए। त्यसपछि यी रूखका ठूला-ठूला मुड़ाहरू भूमध्यसागरमा लगिनेथिए, योप्पा शहरको नजिकैको एउटा निर्धारित बन्दरगाहमा यी देवदार-काठका मुड़ाहरू बेड़ाहरूको रूपमा तैरिनेथिए, र त्यसपछि समुद्रको किनारबाट ती मुड़ाहरू बोकी-बोकी देशभित्र यरूशलेममा लगिने-थिए। यत्रो काठको दामको भुक्तानीको रूपमा सुलेमानले हिरामको घरानालाई वर्षैपिच्छे खाद्यान्न उपलब्ध गराए।

**१ राजाहरू ५:१३-१८:** यस विशाल काठ काट्‌ने कार्यको लागि श्रमशक्ति प्राप्त गर्न सुलेमानले इस्राएलका तीस हजारजना मानिसहरूलाई भाड़ामा लिए, र तिनीहरूबाट हरेक महिना दस हजारजना आ-आफ्नो पालोमा लेबानोनमा जानु आवश्यक थियो। यी तीस हजारजना इस्राएलीहरूबाहेक मन्दिरको लागि ढुङ्गाहरू तयार गर्न राजासँग इस्राएल देशका ढुङ्गाखानीहरूमा काम गर्ने असी हजार कनानी कामदार र राजमिस्त्रीहरू थिए (१ राजाहरू ५:१५ पद २ इतिहास २:१७-१८ पदहरूसित तुलना गरेर हेर्नुहोस्), र सत्तरी हजार भारी बोक्ने भरियाहरू थिए।

> 'सुलेमानका विशाल-विशाल निर्माण-कार्यहरूको निम्ति श्रमको ठूलो शक्तिको खाँचो भएको थियो (यस विषयमा तपाईंले १ राजा-हरू ९:१५-२२ पदहरूको खण्डमा हेर्नुहोला), अनि यी श्रमीहरू प्रायः सबै अन्यजातिका मानिसहरू थिए। तर यो अझै पनि अपर्याप्त भयो; यसकारण इस्राएली मानिसहरूलाई बेगारीमा लगाउन उनलाई बाध्य पारियो (हुन सक्छ, यहूदाका मानिसहरू यस बेगारीबाट बाहेक थिए होलान्)। तर इस्राएली मानिसहरूले यो कुरा अन्यथा सम्झे; किनकि तिनीहरू उहिलेदेखि स्वाधीनता र आत्म-निर्भरतामा सुदृढ़ मानिस थिए। अनि यो कुरा राज्यको विभाजनको प्रमुख कारण बन्यो (१ राजाहरू १२:४)। सबै कामकुराहरूमा हामीलाई ईश्वरीय बुद्धि कति आवश्यक छ! रूखो भएर हामीले अरू मानिसहरूको रिस उठाउनुहुँदैन; हामीले अरूको भलाइ बेवास्ता गर्नुहुँदैन!'
>
> स्क्रिप्चर युनियनका दैनिक नोटहरू

(१ राजाहरूको पाँच अध्याय र २ इतिहासको दुई अध्यायको बीचमा जुन सङ्ख्यात्मक भिन्नताहरू छन्, ती सङ्ख्यात्मक भिन्नताहरूको विषयमा दिइएको स्पष्टीकरण तपाईंले २ इतिहास २ अध्यायअन्तर्गत पेश गरिएका टिप्पणी-हरूमा हेर्नुहोला)।

### आ) १ राजाहरू ६ः मन्दिरको विवरण र निर्माण

**१ राजाहरू ६:१ः** यस पहिलो पदमा भनिएको छः यस मन्दिरको निर्माण-कार्य मिस्र देशबाट प्रस्थान गरिएको चार सय असी वर्षपछि शुरु भएको थियो। अनि मानौं ख्रीष्टपूर्व ९६६-९६७ सालमा सुलेमानले यो निर्माण-कार्य शुरु गरे भने, इस्राएलीहरूको प्रस्थानको मिति ख्रीष्टपूर्व १४४६-१४४७ साल हुन जान्छ। तर पूरा निश्चयताको साथ यी मितिहरू तय गर्न सम्भव छैन। यस सम्बन्धमा बाइबलका विद्धान्हरूको बीचमा धेरै अमेल छ, र वादविवाद चल्दैछ। तर इस्राएलीहरूको प्रस्थानको मिति ख्रीष्टपूर्व १४४६ सालमा पार्दाखेरि अवश्य त्यसको वास्तविक समयको आसपासमा पुगिन्छ।

**१ राजाहरू ६:२-६ः** यस छैटौं अध्यायमा मन्दिरको ढाँचा र बनावटसित सम्बन्धित विवरणहरू दिइएका छन्। यी विवरणहरूमा कहिलेकाहीं प्राविधिक भाषा प्रयोग गरिएको छ; अनि कहिलेकाहीं यी विवरणहरू विस्तृत छन्; यसले गर्दा मन्दिरको सही प्रकार र खास रूप केकस्तो थियो, सो जान्न गाह्रो हुन्छ। तर यति हामी जान्दछौं, कि मन्दिरको बनावट यस प्रकारको थियोः मन्दिरचाहिँ नब्बे फिट लामो, तीस फिट चौड़ा र पैंतालीस फिट अग्लो थियो (१ राजाहरू ६:२)। अनि यस मन्दिरका दुईवटा कोठाहरू थिए। पहिलो कोठाको नाम 'पवित्रस्थान' थियो; अनि त्यस पवित्रस्थानको लमाइ साठी फिट थियो, त्यसको चौड़ाइ तीस फिट थियो र त्यसको उचाइ पैंतालीस फिट थियो (१ राजाहरू ६:२ र १७)। त्यस कोठाका भित्ताहरूमा, त्यसको छतनिर उज्यालोको निम्ति र धूवाँको निकासको निम्ति जालीदार झ्यालहरू लगाइएका थिए (१ राजाहरू ६:४)। दोस्रो कोठाचाहिँ महापवित्रस्थान थियो; यसको लमाइ तीस फिट, यसको चौड़ाइ तीस फिट र यसको उचाइ तीस फिट थियो। अनि पूर्वपट्टि त्यस भवनको सामु त्यसको दलान थियो; यस दलानले गर्दा त्यस भवनको लमाइमा तीस फिट थपियो; यस दलानको उचाइ पन्ध्र फिट थियो। मन्दिरको उत्तर, पश्चिम र दक्षिणपट्टि पूजाहारीहरूको निम्ति तीनवटा तलामा पार्श्व-कक्षहरू वा कोठाहरू थिए। यी कोठाहरू त्यस मन्दिरबाट अलग थिए, तर त्यसको पर्खालसित जोड़िए।

**१ राजाहरू ६:७-१०ः** यस मन्दिरको सबै काठ र त्यसका सबै ढुङ्गाहरू यरूशलेममा ल्याउनुभन्दा अघि आ-आफ्नो नापअनुसार तयार गरिए। यसकारण फलामका कुनै औजार नलगाईकन यसका सबै टुक्राहरू निर्माणस्थलमा एकसाथ गाँस्न र जोड्न सकियो (१ राजाहरू ६:७)। यसरी यो मन्दिर कुनै हल्लाखल्लाविना खड़ा गरियो। ठीक त्यस्तै वर्तमान समयमा कुनै हल्लाविना परमेश्वरको जीवित मन्दिर बनिरहेको हुन्छ। १ राजाहरू ६:८ र १० पदहरूले मन्दिरको भित्तापट्टि लगाइएका कोठाहरूकहाँ पुग्ने ढोका र सिँढ़ी बयान गर्छन्; अनि हरेक कोठाको उचाइ साढ़े सात फिट थियो। १ राजाहरू ६:९ पदले सारा मन्दिरमाथि लगाइएको छाना वर्णन गर्छ।

**१ राजाहरू ६:११-२२ः** यस निर्माण-कार्य जारी रहेको बेलामा परमप्रभुको कृपामा उहाँको यो वचन सुलेमानकहाँ आयोः 'तिमी मेरा आज्ञाहरूमा हिँड़ेर मप्रति आज्ञाकारी भएमा म दाऊदसित बाँधिएको करार

तिमीसित कायम राख्नेछु र यस मन्दिरमा इस्राएलीहरूको बीचमा वास गर्नेछु' (१ राजाहरू ६:११-१३)।

यस भवनको भित्री भागमा सुलेमानले भित्ताहरूको अस्तरको रूपमा देवदारका तख्ताहरू लगाए र ती तख्ताहरू सम्पूर्ण रूपमा निखुर सुनले मोहोरे; यसले गर्दा कुनै ढुङ्गा देखिँदैनथियो। यी ढुङ्गाहरू यति दक्षतापूर्वक र सठीक नापमा काटिएका थिए, कि यी ढुङ्गाहरू देखिँदैनथिए। यस विषयमा श्री सी. एच. स्पर्जनले निम्न आत्मिक पाठ प्रस्तुत गरेका छन्:

> 'यस मन्दिरको जगका ढुङ्गाहरू समेत उबड़खाबड़ थिएनन्, तर चिल्ला थिए, छाँटकाँट गरिएका र महँगा खालका थिए। यसो हो भने, आउनुहोस्, हामी यसबाट यो सिकौं: परमेश्वरको लागि गरिने सबै कामकुराहरू उहाँ असल र उत्तम भएको चाहनुहुन्छ। मानिसका आँखाहरूले देख्न सक्ने कुराको लागि उहाँ त्यति चासो राख्नुहुन्न; तर उहाँ आफ्नो आत्मिक मन्दिरमा ती जीवित ढुङ्गाहरूको शोभाबाट आनन्द लिनुहुन्छ, जुन ढुङ्गाहरूमाथिको ध्यान कसैले गर्दैन।' [3)]

**१ राजाहरू ६:२३-२८:** महापवित्र-स्थानमा परमेश्वरको सन्दुकको दुवै पट्टि सुनले मोहोरिएका दुईवटा काठका करूबहरू खड़ा थिए। ती करूबहरूका फैलिरहेका पखेटाहरू यताको पर्खालदेखि उताको पर्खालसम्म पुगेका थिए। याद रहोस्: यी दुईवटा करूबहरू कृपा-आसनमा रहेका करूबहरू थिएनन् (प्रस्थान २५:१८ र ३७:९)।

**१ राजाहरू ६:२९-३०:** यस मन्दिरभित्र सुनैसुनबाहेक अरू केही पनि देखिँदैनथियो।

**१ राजाहरू ६:३१-३५:** महापवित्र-स्थानभित्र पुग्ने प्रवेशद्वारचाहिँ दुईवटा जैतुन काठका पत्ताहरू भएको ढोका थियो, जुन पत्ताहरू खापामा गुमेर खोल्थे र बन्द हुन्थे, कि खप्टिएर राखिन्थे, कि देब्रे-दाहिने पट्टितिर ठेलिन्थे कि के हो? यस ढोकाको आकार-प्रकार १ राजाहरू ६:३१ र ३२ पदमा वर्णन गरिएको छ। पवित्रस्थानबाट महापवित्र-स्थानभित्र पस्ने प्रवेशद्वारपछि एउटा छेक्ने पर्दा झुन्डिएको थियो, जुन पर्दाद्वारा यी दुईवटा कोठाहरू पनि छुटिन्थे (२ इतिहास ३:१४)। अनि पवित्रस्थानको मूलढोकाको बारेमा १ राजाहरू ६:३३-३५ पदहरूमा वर्णन गरिएको छ।

**१ राजाहरू ६:३६:** यस मन्दिरको अगाड़ि पूजाहारीहरूको भित्री चोक थियो। त्यस भित्री चोक र बाहिरी चोकको बीचमा एउटा होचो पर्खाल थियो। यस पर्खालमा तीन लहर काटिएका ढुङ्गाहरू र एक लहर देवदार काठका बीमहरू थिए।

यस भित्री चोकमा विभिन्न बलिदानहरू चढ़ाउन एउटा ठूलो पित्तलको वेदी थियो, र पूजाहारीहरूका हातखुट्टाहरू धुन एउटा विशाल गोलो भाँड़ा थियो, साथै दसवटा ससाना बाटाहरू पनि थिए (१ राजाहरू ७)। अनि त्यो बाहिरी चोकचाहिँ इस्राएलका मानिसहरूको निम्ति थियो।

**१ राजाहरू ६:३७-३८:** सुलेमानको शासनकालको चौथो वर्षमा यस मन्दिरको निर्माण-कार्य शुरु भएको थियो र सात वर्षपछि समाप्त भयो।

### इ) १ राजाहरू ७:१-१२: अन्य भवनहरूका निर्माण-कार्यहरू

**१ राजाहरू ७:१:** अब यस पुस्तकको वृत्तान्त सुलेमानको राजभवन र राजकीय दरबारका अन्य भवनहरूको नर्माण-कार्यपट्टि जान्छ।

सुलेमानको राजभवन अर्थात् उनको राजकीय दरबार निर्माण गर्न तेह्र वर्ष लाग्यो। यो राजभवनचाहिँ परमप्रभुको मन्दिरको नजिकै, त्यसको दक्षिण-पूर्वमा अवस्थित

थियो, त्यसको भित्री चोकको पर्खालदेखि बाहिर अवस्थित थियो। कतिजनाको विचारमा, उनको राजभवन बनाउन परमप्रभुको मन्दिरको निर्माण-कार्यभन्दा छ वर्ष बढ़ी लागेको कुरामा सुलेमानको अहङ्कारको सङ्केत देखिन्छ, जसले परमेश्वरको महिमा गर्नुभन्दा आफ्नो स्वार्थ पूरा गर्ने चिन्ता गर्दथिए। यस विषयमा अर्को कुरा पनि सम्भव देखिन्छः परमेश्वरको निम्ति भएको सुलेमानको जोशले यस मन्दिरमा एउटा उचित निशान पाएको हुनाले यो मन्दिरको निर्माण-कार्य केवल सात वर्ष लागेको हुन सक्छ, र उनका हजारौं मजदूरहरूले उनको यस जोशमा ठूलो परिश्रमको साथ काम गर्ने प्रेरणा पाई ठूलो गतिमा परमप्रभुको निम्ति यो पवित्र मन्दिर निर्माण गरे होलान्।

**१ राजाहरू ७ः२-१२ः** लेबानोनको वनको भवनचाहिँ मूल-दरबारको दक्षिणी भागमा परेको थियो (१ राजा ७ः२-५)। त्यसको उत्कृष्ट विशेषताचाहिँ त्यसमा ठूलो सङ्ख्यामा प्रयोग गरिएका देवदारका खाँबाहरू थिए। अनि हुन सक्छ, यी देवदारका खाँबाहरूले गर्दा यस भवनले आफ्नो नाम पायो होला। यो भवन कुन कामको लागि प्रयोग गरिन्थ्यो, सो हामीलाई थाहा छैन; तर १ राजाहरू १०ः१७ पदबाट के अनुमान गरिन्छ भने, यो भवन एउटा शस्त्रगृह थियो। लेबानोनको वनको भवनको उत्तरमा त्यससँग जोड़िएको खाँबाहरूको दलान (वा हॉल) थियो (१ राजाहरू ७ः६)। अनि हुन सक्छ, हाम्रो विचारमा, त्यो दलानचाहिँ न्यायको दलानरूपी न्यायालयभित्र पस्ने प्रवेश पो थियो कि? (१ राजाहरू ७ः७)। अनि यस राजकीय दरबारको छेउमा फाराओकी छोरीको एउटा घर थियो, जुन घरचाहिँ रनिवासको रूपमा प्रयोग गरिएको थियो होला; यो सम्भव देखिन्छ (१ राजाहरू ७ः८)। यी सबै भवनहरू ठीक-ठीक नापअनुसार काटिएका बहुमूल्य ठूला-ठूला चारकुने ढुङ्गाहरूले बने। अनि ठूलो चोकको वरिपरिको पर्खालमा तीन लहर ढुङ्गाहरू र ती ढुङ्गाहरूमाथि एक लहर देवदार काठका बीमहरू थिए।

यी पदहरूको विषयमा अर्को दृष्टिकोण पनि छ। यस धारणाअनुसार लेबानोनको वनको भवन, खाँबाहरूको दलान र न्याय-आसन भएको दलान – यी सबै भवनहरू राजकीय दरबारको भागको रूपमा लिइन्छन्। अनि केवल फाराओकी छोरीको निम्ति बनाइएको दलानरूपी घरचाहिँ यस राजभवनको छेउमा थियो अरे।

### ई) १ राजाहरू ७ः१३-५१ः मन्दिरका सामग्रीहरू

**१ राजाहरू ७ः१३-१४ः** हुराम नामक व्यक्ति टायरको राजा हिराम थिएनन्; (किनकि हिब्रूमा र के.जे.वी.-संस्करणमा यस नामको हिज्जे 'हिराम' हो)। तिनी यहूदी वंशका मानिस थिए, जो टायरमा बस्थे र जो निपुण कारिगर थिए।

**१ राजाहरू ७ः१५-२२ः** अबचाहिँ यस मन्दिरको प्रवेशद्वारमा खड़ा भएका पित्तलका दुईवटा ठूला खाँबाहरूको वर्णन गरिएको छ। एउटा खाँबाको नाम 'याकीन' थियो, जसको अर्थ 'उहाँले स्थापना गर्नुहुनेछ' हो, अनि अर्को खाँवाको नाम 'बोअज' थियो, जसको अर्थ 'उहाँमा शक्ति छ' हो। अनि हरेक खाँबाको टुप्पामा कचौरारूपी अलङ्कारयुक्त शीर्ष थियो। यी खाँबाहरूको भौतिक विवरण यहाँ, यस खण्डमा दिइएको छ, तर यी खाँबाहरूको आत्मिक अर्थ के हो, सो हामीलाई बताइएको छैन। तब यसको विषयमा हामी एकजना भाइको राय सुनौं, जसले यसो भनेका छन्ः 'गलाती २ः९ पद-अनुसार वर्तमान समयमा परमेश्वरको जीवित

मन्दिरका खाँबाहरू पवित्र चरित्र भएका ख्रीष्ट-विश्वासीहरू हुन् ।' अनि जय पाउने-हरूको निम्ति प्रकाश ३:१२ पदमा प्रभु येशूको प्रतिज्ञा छः *'जसले जय पाउँछ, उसैलाई म मेरा परमेश्वरको मन्दिरमा एउटा खाँबा बनाउनेछु र ऊ कहिल्यै बाहिर निस्केर जानेछैन ।'* अनन्त-अनन्तसम्म उनीहरू स्वर्गमा परमेश्वरको मन्दिरमा खाँबाहरू हुनेछन् ।

**१ राजाहरू ७:२३-२६:** 'समुद्र' नामक पित्तलको ढालिएको विशाल भाँड़ाचाहिँ भित्री चोकमा खड़ा गरिएको विशाल टङ्की थियो । यो टङ्की एउटा विशाल बाटा सम्झिनुहोस्, जुनचाहिँ बाह्रवटा पित्तलका गोरुहरूमाथि खड़ा थियो । त्यो विशाल धातुको भाँड़ा दक्षिणमा मन्दिर र होमबलिको वेदीको बीचमा राखिएको थियो (२ इतिहास ४:१०) । यसमा पूजाहारीहरूका हातखुट्टा-हरू धुन पानी हालिएको थियो ।

**१ राजाहरू ७:२७-३९:** यस ठूला टङ्कीबाहेक त्यहाँ दसवटा ससाना बाटाहरू पनि थिए, जुनचाहिँ चार पाङ्ग्रे गाड़ाहरूमाथि अर्थात् चार-चार हाते आधारहरूमाथि राखिएका थिए । तर १ राजाहरू ८:६४ पदसम्म होमबलिको पित्तले वेदीको बारेमा केही लेखिएको थिएन, यद्यपि यो वेदी पनि यस भित्री चोकमा थियो ।

**१ राजाहरू ७:४०-४७:** हुरामले मन्दिरको सेवासँग सम्बन्धित टल्किरहेको पित्तलका सबै सरसामानहरूको निरीक्षण गरे, जसमध्ये मन्दिरका भाँड़ाकुँड़ाहरू, बेल्चाहरू र कचौराहरू पनि थिए । यी पित्तलका सरसामानहरू चिम्ट्याहा माटोमा ढालिएका थिए, जसरी आजको दिनमा अझ पनि गरिन्छ (१ राजाहरू ७:४६) ।

**१ राजाहरू ७:४८-५०:** अनि पवित्र-स्थानका सामानहरूमा मुख्यचाहिँ धूप चढ़ाउने सुनको वेदी, सुनको टेबल, भेटीका रोटीहरूको निम्ति दसवटा सुनका टेबलहरू (२ इतिहास ४:८), निखुर सुनका दसवटा सामदानहरू र अन्य सुनका सामग्रीहरू थिए ।

**१ राजाहरू ७:५१:** दाऊदले यस मन्दिरको लागि विस्तृत रूपले तयार गरेका थिए, तर उनलाई यो मन्दिर निर्माण गर्न दिइएको थिएन । सुलेमानले दाऊदद्वारा तयार गरिएका यी अमूल्य चीजहरू मन्दिरभित्र ल्याए र परमप्रभुको भवनका भण्डारहरूमा राखे, जहाँ ती अमूल्य चीजहरू सुरक्षित रहन्थे र विभिन्न कामहरूमा प्रयोग गरिन्थे ।

यस अध्याय र २ इतिहासको पुस्तकका २-४ अध्यायहरूको बीचमा भएका भिन्नता-हरूको बारेमा २ इतिहासको पुस्तकका टिप्पणीहरूमा छलफल गरिएको छ ।

### च) १ राजाहरू ८: मन्दिरको समर्पण

**१ राजाहरू ८:१-५:** यो मन्दिरको निर्माण-कार्य पूरा भएपछि अर्को चरण आयोः तिनीहरूले करारको सन्दुक दाऊदको शहरबाट, जसलाई सियोन पनि भनिन्छ, मोरियाको पर्वतमा अवस्थित भएको मन्दिरमा ल्याउनु थियो । दाऊदको शहरचाहिँ यरूशलेमको सुप्रख्यात भाग थियो । अनि हुन सक्छ, परमप्रभुको भवनको निर्माण-कार्य सिद्ध्याइसकेको एक वर्षपछि यसो गरिएको थियो (१ राजाहरू ८:२ पद ६:३७-३८ पदहरूसँग तुलना गर्नुहोस्) ।

झुपड़ीहरूको चाड़को ठीक अगाड़िको समयमा एउटा ठूलो राष्ट्रीय बिदा भयो; अनि पूजाहारीहरू र लेवीहरूले परमेश्वरको सन्दुक, भेट हुने पाल र पवित्र भाँड़ाकुँड़ा र सरसामानहरू यस नयाँ मन्दिरमा ल्याए । यस उपलक्ष्यमा तिनीहरूले ठूलो सङ्ख्यामा भेड़ाहरू र बहरहरू बलि चढ़ाए ।

**१ राजाहरू ८:६-९:** परमेश्वरको सन्दुक महापवित्रस्थानमा राखियो । त्यस सन्दुकका डण्डाहरूका टुप्पाहरू पवित्रस्थानबाट कसरी

देखिन्थ्यो, तर बाहिरबाट देखिँदैनथियो, त्यो हामीले बुझेका छैनौं। के.जे.वी.को अनुवादअनुसार ती डण्डाहरू हटाइएका थिएनन् (१ राजाहरू ८:८)। त्यस समयमा यस सन्दुकभित्र भएका एकमात्र वस्तुहरू यी ढुङ्गाका दुईवटा पाटीहरू थिए, जुन पाटी-हरूमाथि दस आज्ञाहरू लेखिएका थिए। मन्नाको भाँड़ो र हारूनको लहुरोलाई के भएको थियो, सो हामीलाई भनिएको छैन (हिब्रू ९:४)।

**१ राजाहरू ८:१०-११:** परमेश्वरको सन्दुकलाई यसको उचित स्थान दिनेबित्तिकै महिमाको बादलले परमप्रभुको मन्दिर भरियो। यस महिमाको बादलले चाहिँ परमेश्वरको उपस्थिति सङ्केत गर्छ। अनि परमेश्वरको सन्दुकचाहिँ ख्रीष्ट येशूको पूर्वचित्रण हो। तब पूजाहारीहरूले आफ्नो कर्तव्य पूरा गर्न सकेनन्; किनभने यो भवन परमप्रभुको महिमाले भरिएको थियो।

**१ राजाहरू ८:१२-१३:** अनि जब सबै काम सिद्धिएको थियो, तब सुलेमानले परमप्रभुलाई पुकार गरे। 'म निस्पट्ट अन्धकारमा वास गर्नेछु' भनेर परमेश्वरले भन्नुभएको थियो। अनि अब सुलेमानले उहाँको लागि एउटा महापवित्रस्थान भएको निवासस्थान बनाए, जुन महापवित्रस्थानमा परमेश्वरको महिमाबाहेक अरू कुनै प्रकाश थिएन।

हामीले मान्नुपर्छ, आफ्नो आत्मिक अन्तर्दृष्टिको साथ श्री माथ्यू हेनरीले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'सुलेमानले गर्न लागेको प्रार्थना सुन्न परमप्रभु पूरा तयार हुनुभएको थियो। उनको प्रार्थना सुन्नु मात्र कहाँ हो र? तर उहाँले यस निवासस्थानमा यस हेतुले वास गर्नुभयो, कि उहाँसँग प्रार्थना गर्ने उहाँका सबै जनहरूले त्यहाँ उहाँलाई आफ्ना विन्ती-प्रार्थनाहरू चढ़ाउन प्रोत्साहन पाऊन्। तर परमेश्वरको महिमा त्यहाँ एउटा बादल, अँ, एउटा कालो बादलको रूपमा देखा पर्‍यो। यसमा निम्न अर्थहरू छन्: **क)** पुरानो नियमको युगको भन्दा सुसमाचारको युगको ज्योति ठूलो छ; किनभने हामी नढाकिएको अनुहारले प्रभुको महिमा ऐनामा जस्तै देख्छौं। **ख)** परमेश्वरको भावी स्वर्गीय दर्शनको तुलनामा हाम्रो वर्तमान समयको अवस्था हामीले अन्धकार भन्नुपर्ला; किनभने स्वर्गमा मात्र उहाँको महिमा छरलङ्ग देखिनेछ र उहाँको महिमाको दर्शन हाम्रो स्वर्गको सुख हुनेछ। वर्तमान समयमा हामी परमेश्वरको विषयमा के पो जान्दछौं र? तर त्यस बेलामा हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं।'[4)]

**१ राजाहरू ८:१४-२१:** त्यसपछि राजा सुलेमानले आफ्नो अनुहार इस्राएलका मानिसहरूकहाँ फर्काए र तिनीहरूलाई आशीर्वाद दिए। उनले यस मन्दिरको सम्बन्धमा के देख्न सके भने, परमेश्वरले दाऊदलाई गर्नुभएको प्रतिज्ञा यस मन्दिरमा पूरा भएको थियो। अनि उनले करारको सन्दुकको निम्ति एउटा स्थायी वासस्थान पाएकोमा आफ्नो सन्तुष्टि व्यक्त गरे।

**१ राजाहरू ८:२२-२६:** यस मन्दिरको समर्पणको प्रार्थना १ राजा ८:२२-५३ पदहरूको खण्डमा उल्लेख गरिएको छ। परमेश्वरले मन्दिरको सम्बन्धमा दाऊदसँग गर्नुभएको प्रतिज्ञा पूरा गर्नुभयो; यसको निम्ति उनले परमेश्वरको प्रशंसा गरे। त्यसपछि उनको अनुरोध यस प्रकारको थियो: परमेश्वरले दाऊदसँग गर्नुभएको अर्को प्रतिज्ञा पूरा गरून् अर्थात् इस्राएलको सिंहासनमाथि बस्ने दाऊदको सन्तानको अभाव कहिल्यै नभएको होस्।

**१ राजाहरू ८:२७-३०:** सर्वोच्च स्वर्गमा नअटाउनुहुने महान् परमेश्वर पृथ्वीमा भएको कुनचाहिँ मन्दिरमा अटाउनुहुन्छ? यसो हो भने, यस पृथ्वीमा उहाँको निम्ति उपयुक्त स्थान नै छैन भन्ने कुरा सुलेमानले महसुस गरे;

यसो भए पनि परमप्रभुले यस मन्दिरलाई आफ्नो मान्यता दिऊन् र चाहे उनले, चाहे इस्राएलका मानिसहरूमध्ये कसैले उहाँलाई यस ठाउँमा पुकार गरेमा, उहाँले त्यो पुकार सुनिदिऊन् र क्षमा गरिदिऊन् भन्ने विन्ती गरे।

**१ राजाहरू ८ः३१-५३ः** त्यसपछि राजा सुलेमानले विभिन्न विशेष विषयहरूको सूचि पेश गरे, जुन विषयहरूको सम्बन्धमा उनले परमप्रभुको जवाफ झन् बढ़ी आवश्यक भएको सम्झेका थिए।

**क)** जुन मुद्दा-मामिलाहरूको सम्बन्धमा कुनै प्रत्यक्ष साक्षी नभएको हुनाले शपथ खाइन्छ, यी मुद्दा-मामिलाहरूको विषयमा उनको विन्ती थियोः परमेश्वरले दोषीहरूलाई दण्ड दिऊन् र निर्दोष हुनेहरूलाई निर्दोष ठहऱ्याएर उनीहरूलाई उनीहरूको उचित प्रतिफल दिऊन् (१ राजाहरू ८ः३१-३२)।

**ख)** उनको दोस्रो अनुरोध यस प्रकारको थियोः यस्तो समय आउँला, जब इस्राएली-हरूको बीचमा पाप भएको कारणले इस्राएलको सेनाको पराजय हुनेछ; त्यस समयमा परमेश्वरले तिनीहरूलाई, तिनीहरूले आफ्नो पाप मानिलिन्छन् भने, क्षमा गरून् र तिनीहरूलाई आफ्नो देशमा फर्काएर ल्याऊन् (१ राजाहरू ८ः३३-३४)।

**ग)** खड़ेरीको विषयमा उनको तेस्रो अन्तर्विन्ती यो थियोः उहाँका जनहरूले उहाँको सामु आफूलाई विनम्र पारेर उहाँको नाम पुकारे र आफ्नो पापदेखि फर्के भने, परमेश्वरले तिनीहरूलाई क्षमा गरेर तिनी-हरूको निम्ति पानीझरी पठाइदिऊन् (१ राजाहरू ८ः३५-३६)।

**घ)** अनिकाल, महामारी, सेप्प्याइ वा ढुसी होस्, अथवा कीरा-फट्याङ्ग्राहरूका विपत्तिहरू किन नहोऊन्, अथवा तिनीहरू शत्रुको घेराबन्दीमा परे वा तिनीहरूमाथि अरू कुनै आपद्‌विपद् आइपरेको खण्डमा परमेश्वरले यस मन्दिरमा उहाँलाई चढ़ाइएको जुनसुकै प्रार्थना र जुनसुकै विन्ती सुनून् र तिनीहरूका अपराधहरू क्षमा गरिदिऊन् (१ राजाहरू ८ः३७-४०)।

**ङ)** गैर-यहूदीको विषयमा उनको विन्ती यस प्रकारको थियोः यहूदीधर्म अपनाउने गैर-यहूदी मानिसले परमप्रभु परमेश्वरको नाममा प्रार्थना चढ़ायो भने, उहाँले प्रभुकहाँ फर्केको त्यस अन्यजाति मानिसलाई उसको प्रार्थनाको उत्तर दिऊन् (१ राजाहरू ८ः४१-४३)।

**च)** लड़ाइँको बेलामा इस्राएली सेनाले विजय प्राप्त गर्ने अपेक्षा प्रकट गरेर सुलेमानले के विन्ती गरे भने, परमप्रभुले विजयको माग गर्ने तिनीहरूका सबै विन्तीहरू-अनुसार तिनीहरूमाथि आफ्नो निगाह राखून् (१ राजाहरू ८ः४४-४५)।

**छ)** अब यस खण्डमा आएर सुलेमानले भविष्यवाणीको रूपमा बोल्दैथिए; किनकि उनले इस्राएली जाति आफ्नो पापको कारणले कैदमा लगिएको कल्पना गरे। परमप्रभुसँग उनको अन्तर्विन्ती थियोः तिनीहरूले गरेको पश्चात्तापको प्रार्थना उहाँले सुनून्, र तिनीहरूले तिनीहरूलाई कैद गरेर लैजाने-हरूबाट कृपादृष्टि पाऊन्; किनकि इस्राएली-हरू उहाँका जनहरू थिए, जसलाई उहाँले मिस्र देशबाट छुटकारा दिनुभएको थियो। यी पदहरूमा व्यक्त गरिएको भविष्यवाणी इस्राएलीहरू बाबेलमा कैद लगिएको समयमा र कोरेसको आदेशअनुसार तिनीहरू आफ्नो देशमा फर्केको समयमा पूरा भयो (१ राजाहरू ८ः४६-५३)।

**१ राजाहरू ८ः५४-६१ः** परमेश्वरलाई प्रार्थना चढ़ाइसकेपछि सुलेमानले मानिस-हरूलाई आशीर्वाद दिए; किनकि उनले ठूलो सोरले तिनीहरूको निम्ति परमेश्वरको नित्य उपस्थिति मागे र उहाँप्रति निरन्तर विश्वास-योग्य हुनको निम्ति, साथै यस पृथ्वीका सबै जातिहरूको बीचमा उहाँको साक्षी हुनको

निम्ति तिनीहरूले शक्ति पाऊन् भन्ने अन्तर्विन्ती चढ़ाए ।

'सुलेमानको आशीर्वादमा, साथै उनको बाँकी प्रार्थनामा पनि उनले महान् आत्मिक तथ्यहरूको निम्ति आफ्नो कृतज्ञता प्रकट गरेका छन्, जस्तैः **क)** १ राजाहरू ८:५६: परमेश्वर पूरा रूपले भरपर्दो हुनुहुन्छ। *'उहाँले प्रतिज्ञा गर्नुभएका उत्तम-उत्तम कुराहरूमध्ये एउटै कुरा पनि विफल भएको छैन।'* यो कस्तो अद्भुत गवाही हो ! **ख)** १ राजाहरू ८:५७: विगत समयमा उहाँले देखाउनुभएको व्यवहारले भविष्यमा उहाँको व्यवहार केकस्तो हुनेछ, सो सुनिश्चित गर्नेछ; किनकि परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ (हिब्रू १३:८); यसकारण जसरी उहाँले विगत समयमा आफ्ना जनहरूसित व्यवहार गर्नुभयो, त्यसरी नै उहाँ हामीसँग पनि व्यवहार गर्नुहुनेछ (यहोशू १:५)। **ग)** १ राजाहरू ८:५८: ख्रीष्ट येशूको योग्य चेला हुन हामीलाई परमेश्वरको सहायता आवश्यक पर्छ। यो कुरा यर्मियाले जानेको सत्यता थियो, र यसको मुख्य कारण पनि बताए (यर्मिया १०:२३ र १७:९)। मानिसको स्वतन्त्र इच्छा जगाउने प्रेरणात्मक उत्तेजक-शक्ति धरि परमेश्वरबाट आउँछ – कत्रो पारसपरिक अमेल ! ! यस सम्बन्धमा यूहन्ना १६:८-११ पदको खण्डमा पवित्र आत्माको क्रियाकलाप विचार गर्नुहोस् ! **घ)** १ राजाहरू ८:५९: हाम्रो दैनिक जीवनमा हामीलाई परमेश्वरको सहायताको आवश्यकता पर्छ, जसरी लेखिएको छः *'हरेक दिनको आवश्यकताअनुसार'*। परमेश्वरलाई धन्यवाद होस्ः उहाँ कहिल्यै उँग्नुहुन्न, न कतै निदाउनुहुन्छ (भजन १२१:४)। **ङ)** १ राजाहरू ८:६०: परमेश्वरका छोराछोरीहरूको निम्ति उहाँको हेरचाह र प्रबन्ध सुनिश्चित छ। तर तिनीहरूले उहाँको प्रचुर प्रबन्ध आफ्नो स्वार्थसिद्धिको लागि प्रयोग गर्नुहुँदैन; किनभने अरू मानिसहरूले पनि परमेश्वरलाई चिन्न आवश्यक छ। **च)** १ राजाहरू ८:६१: यी सबै कुराहरू ध्यानमा राखेर के हामी उहाँलाई हाम्रो सम्पूर्ण विश्वासयोग्यता र पूरा आज्ञाकारिता-भन्दा कम दिन सक्छौं ?'

स्क्रिप्चर युनियनका दैनिक नोटहरू

यो प्रार्थना २ इतिहासको पुस्तकको छ अध्यायमा पनि उल्लेख गरिएको छ; यसकारण तपाईंले त्यस खण्डमा पेश गरिएका टिप्पणीहरू पनि हेर्नुहोला। यी दुईवटा वर्णनहरूमा मुख्य भिन्नताहरू के-के छन् ? २ इतिहासमा सुलेमानले आफ्नो प्रार्थना तीनवटा अनुरोधहरूको साथ समाप्त गरे (२ इतिहास ६:४०-४२), जुन अनुरोधहरू १ राजाहरूको पुस्तकमा समावेश गरिएका छैनन्। अनि १ राजाहरूको पुस्तकमा सुलेमानले मानिसहरूलाई आशीर्वाद दिए (१ राजाहरू ८:५४-६१), जुन कुरा २ इतिहासको पुस्तकमा उल्लेख गरिएको छैन।

**१ राजाहरू ८:६२-६५:** यस शुभ उपलक्ष्यमा ठूलो सङ्ख्यामा बलिपशुहरू बलि गरिए, जसको मासु त्यहाँ भेला भएको ठूलो भीड़को निम्ति प्रयोग गरियो (१ राजाहरू ८:६५)। पित्तलको वेदी सबै होमबलिहरू, अन्नबलि र मेलबलिहरूको बोसो अटाउन सानो नभएको हुनाले सुलेमानले चोकको बीचमा एउटा ठाउँ पवित्र पारे, जहाँ तिनीहरूले होमबलिको वेदीमा नअटाउने बलिहरू परमप्रभुको निम्ति चढ़ाउन सके। यस महान् उत्सवका विशेषताहरूचाहिँ मानिसहरूको बीचमा ठूलो हर्ष र परमेश्वरलाई चढ़ाइएको उपासना र धन्यवाद-ज्ञापन थिए। यी हजारौं बलिपशुहरूमध्ये एउटा पनि पापबलि वा दोषबलिको रूपमा चढ़ाइएन।

त्यही समयमा सुलेमानले इस्राएलीहरूसँग झुपड़ीहरूको चाड़ मनाए; तिनीहरू उत्तरबाट दानको नजिकै अवस्थित भएको हमातको

सामुन्नेदेखि र दक्षिणबाट मिस्रको नदीदेखि आएका थिए। समर्पणको चाड़ र झुपड़ीहरूको चाड़ सात-सात दिन हुने गरी यो उत्सवचाहिँ जम्मा चौध दिन चलेको थियो।

**१ राजाहरू ८:६६:** तब मानिसहरू खुशी र आनन्दित हृदयको साथ आ-आफ्नो घर फर्के। २ इतिहास ७:९ पदले के बताउँछ भने, आठौं दिनमा एउटा महासभाको आयोजना भएको थियो भने, १ राजाहरू ८:६६ पदअनुसार आठौं दिनमा उनले मानिसहरूलाई बिदा गरे। श्री जोह्न हेलीले यी दुई विवरणहरू निम्नानुसार एकत्रित गरेका छन्ः

> 'झुपड़ीहरूको चाड़ त्यस महिनाको पन्ध्रौं दिनमा शुरु भयो र बाइसौं दिनमा अर्थात् आठौं दिनमा एउटा महासभाद्वारा समाप्त भयो (लेवी २३:३३-३९)। अनि त्यही दिनको महासभाको अन्तमा सुलेमानले मानिसहरूलाई बिदा गरिदिए; तर मानिसहरू भोलिपल्ट अर्थात् तेइसौं दिनमा मात्र घर गए (२ इतिहास ७:१०)।' [5)]

## छ) १ राजाहरू ९-१०: सुलेमानको कीर्ति

### अ) १ राजाहरू ९:१-९: उनको निम्ति परमेश्वरबाटको करार

**१ राजाहरू ९:१-५:** परमेश्वरले सुलेमानको प्रार्थनाको उत्तर दिनुभयो। हो, उहाँले यो मन्दिर आफ्नो घरको रूपमा अपनाउनुहुनेथियो र यहाँ आफ्नो नाम सदासर्वदाको लागि राख्नुहुनेथियो। तर सुलेमानको मन्दिर निक्कै समयदेखि छैन; यसको विषयमा कसो हो? यस विषयमा यो कुरा बुझ्नुहोस्ः जब प्रभु येशू आफ्नो विश्वव्यापी राज्य स्थापना गर्न फर्किआउनुहुनेछ, तब परमेश्वरले यरूशलेममा एउटा मन्दिरमा वास गर्नुहुनेछ। अनि अन्तराल समयमा परमेश्वरले ख्रीष्टविश्वासीको शरीररूपी मन्दिरमा र ख्रीष्ट येशूको मण्डलीमा वास गर्नुहुन्छ।

**१ राजाहरू ९:६-९:** सुलेमानको परिवारको सम्बन्धमा परमेश्वरले प्रतिज्ञा गर्नुभयोः सुलेमान र उनका छोराहरूले आज्ञाकारी भएमा उनका वंशकाहरूले सदा सिंहासनमाथि बस्न पाउनेथिए। तर उनीहरू जीवित परमेश्वरबाट टाढ़ा गए र मूर्तिपूजामा लागिपरे भने, उहाँले इस्राएलीहरूलाई निर्वासनमा पठाउनुहुनेथियो, यो मन्दिर नाश गर्नुहुनेथियो र इस्राएली जातिलाई अन्यजातिहरूको बीचमा उपमा र हाँसोको पात्र तुल्याउनुहुनेथियो। अनि यो मन्दिर भग्नावशेषको थुप्रो बन्नेथियो, यहाँसम्म कि परिदर्शकहरू त्यो देखेर अवाक हुनेथिए।

### आ) १ राजाहरू ९:१०-१४: टायरका राजा हिरामलाई उनले दिएका उपहारहरू

यस अनुच्छेदको सन्दर्भमा केही टिप्पणीकारहरूले के सुझाउ दिन्छन् भने, सुलेमानले आफ्ना विस्तृत निर्माण-कार्यहरू पूरा गर्न हिरामबाट एक सय बीस किक्कर सुन उधारो लिएका थिए (१ राजाहरू ९:१४), र बन्धकको रूपमा तिनलाई गालीलका बीसवटा शहरहरू दिएका थिए अरे। हिरामले सुलेमानलाई अघिको समयमा सहायता दिएको हुनाले सुलेमानलाई तिनीबाट ऋण लिन कुनै अप्ठ्यारो भएन (१ राजाहरू ९:११क)। तर जब हिरामले यी शहरहरूको निरीक्षण गरे, तब तिनी निक्कै असन्तुष्ट भए, र तिनले यी शहरहरूको नाम 'काबुल-भूमि' राखे, जुन काबुलको शब्दको अर्थ 'मन नपरेको', 'निकम्मा', 'घुरान' वा 'मैलाको थाक' हो। अनि २ इतिहास ८:२ पदबाट के बुझिन्छ भने, सुलेमानले आफ्नो ऋण चुक्ता गरेर यी शहरहरू दाम तिरेर छुटाए।

**इ) १ राजाहरू ९:१५-२५: उनका जनताहरू र बलिदानहरू**

**१ राजाहरू ९:१५-२३:** यस खण्डमा सुलेमानले आफ्ना निर्माण-कार्यहरूको निम्ति बेगार लिने कारण के थियो, सो कुरा बताइएको छ। हासोर, मगिद्दो र गेसेरचाहिँ तीनवटा शहरहरू थिए, जुन शहरहरू सुलेमानले आफ्ना रक्षा-शहरहरू बनाउने उद्देश्यले किल्लाबद्ध बनाए। **क)** हासोर शहरचाहिँ उत्तरमा अवस्थित थियो, र त्यस रक्षा-शहरले अन्य सेनाहरू उत्तरबाट कनान-देशभित्र पस्न दिँदैनथियो। **ख)** अनि मगिद्दोचाहिँ ?

> 'मदिद्दो शहरचाहिँ कनान देशको माध्य-प्रदेशको उत्तरमा अवस्थित भएको एउटा महत्त्वपूर्ण शहर थियो, जसले यिज्रेएलको समतल उपत्यकाको देखरेख गर्थ्यो। त्यसले महत्त्वपूर्ण व्यापार-मार्गहरूको दोबाटो ओगटेको थियो र तीमाथि प्रभुत्व गर्दैथियो; अनि दक्षिणको दिशाबाट यर्दनको उपत्यकाको रक्षा गर्न र उत्तरीय दिशाबाट माध्य-तराइको रक्षा गर्न त्यसले मुख्य भूमिका निभाउँथ्यो।' [6)]

**ग)** अनि गेसेरचाहिँ यरूशलेमको पश्चिममा, कनान देशको बीचबाट भूमध्यसागरको तटीय पलिस्ती देशकहाँ पुर्‍याउने मूलबाटोमा अवस्थित थियो।

९:२० पदमा सूचित गरिएका अन्य-जातिहरूका मानिसहरू सबैले बेगारीको काम गर्थे। तर इस्राएलीहरू बेगारीमा लगाइएनन्। सुलेमानका कामहरूमाथि पाँच सय पचास-जना निरीक्षकहरू नियुक्त भए।

**१ राजाहरू ९:२४:** सुलेमानले मिल्लो बनाउँदा खास के बनाए? मिल्लोचाहिँ यरूशलेमको विशेष गढ़ी थियो। अनि फाराओकी छोरीको भवन बनाएपछि यो काम शुरु गरियो।

**१ राजाहरू ९:२५:** सुलेमानले वर्षमा तीन पल्ट यहूदीहरूका प्रमुख चाड़हरूमा परमप्रभुको निम्ति बलिहरू चढ़ाउँथे, जस्तैः अखमिरी रोटीहरूको चाड़मा, हप्ताहरूको चाड़मा, अर्थात् पेन्टेकोष्टको चाड़मा र झुपड़ीहरूको चाड़मा (२ इतिहास ८:१३)।

**ई) १ राजाहरू ९:२६-२८: उनको नौसेना**

एलतको नजिकै अकाबा खाड़ीमा रहेको एस्योन-गेबेरमा राजा सुलेमानको पानी-जहाजहरूको बेड़ा थियो। हिरामले आफ्ना नाविक सेवकहरूमध्ये कतिजनालाई ओपीरमा जाने यस बेड़ाको साथमा पठाए। ओपीरको ठीक स्थान अज्ञात रहेको छ; कसैको विचारमा, ओपीरचाहिँ दक्षिणी अरबमा, अरू कसैको विचारमा भारतमा र फेरि अरूको विचारमा अफ्रिकामा परेको थियो रे। ती नाविकहरूले राजा सुलेमानको निम्ति चार सय बीस किक्कर अर्थात् लगभग १४,२८० के.जी. सुन ल्याए।

**उ) १ राजाहरू १०:१-१३: उनीसित शबाकी रानीको भेटघाट**

यस दसौं अध्यायको मुख्य उद्देश्यचाहिँ हामीलाई सुलेमानको महिमाको झलक दिनु हो। उनका पिउने गिलासहरूदेखि लिएर उनका पानीजहाजहरूसम्म, उनको हात्तीको दाँतले बनिएको सिंहासनदेखि लिएर उनका कलायुक्त रथहरूसम्म उनीसँग हृदयले चाह गर्न सक्ने सबै थोकहरू छँदैथिए, असाध्यै मात्रामा छँदैथिए, यसको प्रशस्तताले गर्दा हामीलाई रिँगटा लाग्ला। शबाकी रानी, ती ऐश्वर्यवती स्त्री सुलेमानको बुद्धि र उनको राज्यको वैभवले गर्दा पूरा आश्चर्यचकित र अवाक् भइन्। १ राजाहरू ३:११-१३ पदहरूमा परमप्रभुले सुलेमानलाई प्रतिज्ञा गर्नुभएको कुरा यसरी पूरा भएको थियो।